


Downloaded from http://www.dhamma.digital

# सम्यक् सम्बुद्ध

(ऐतिहासिक अद्वितीय व्यक्तित्वको जीवन दर्शन)

Dhamma.Digital

SUKHI HOTU NEPAL

सुखी होतु नेपाल

बुद्ध विहार-भृकुटीमण्डप

Downloaded from http://www.dhamma.digital

# सम्यक् सम्बुद्ध

## (ऐतिहासिक अद्वितीय व्यक्तित्वको जीवन दर्शन)


भावानुवादक तथा संकलन

**भदन्त सम्यक् सम्बोधि प्राणपुत्र**

सम्पादक तथा संयोजन

*कोण्डन्य*


Downloaded from http://www.dhamma.digital

# सम्यक् सम्बुद्ध

## (ऐतिहासिक अद्वितीय व्यक्तित्वको जीवन दर्शन)

महापण्डित राहुल सांकृत्यायनकृत बुद्धचर्यानुरूप

**भावानुवादक तथा संकलक**

*भदन्त सम्यक् सम्बोधि प्राणपुत्र*

**सम्पादक तथा संयोजन**

*कोण्डन्य*

**नेपालमा वितरण प्रबन्ध**

*उपासक भाइराजा(द्रब्यमानसिं) तुलाधर*
*उपासिका बसुन्धरा तुलाधर, लालदरवार*

**सहयोगीहरू**

*भिक्षु मंगल, भिक्षु वजिरबुद्धि, भिक्षु निग्रोध, फल समान शाक्य, राजु महर्जन, अंशुचन्द विनोदपुत्र*

**प्रकाशन प्रबन्ध**

*बुद्ध विहार भृकुटीमण्डप, काठमाडौं*

प्र
का
श
क

SUKHI HOTU NEPAL

**सुखी होतु नेपाल**
बुद्ध विहार-भृकुटीमण्डप

Downloaded from http://www.dhamma.digital

Sukhi Hotu BV Series 010/2547

Published By :

**Sukhi Hotu Nepal**

**Buddha Vihara Bhrikutimandapa**

**Phone : 4226702, 4482984**

**E-mail : sukhi@ntc.net.np**

© Sukhi Hotu Nepal

***Samyaka Sambuddha (Buddha, The Enlightened One) :***
**Mahapandit Rahul Sankrityayan**

*Compiled, Translation and Management by :*
**Ven. Samyak Sambodhi Pranputra**
**Ven. Kondanya**

*Support for distribution in Nepal by :*
**Bhairaja Tuladhar & Basundhara Tuladhar, Lal Darwar, KTM**

*Co-ordination :*
**Ven. Mangala, Ven. Vazira Buddhi, Ven. Nigrodha, Phals Man Shakya, Raju Maharjan, Anshuchanda Binodputra**

*Management for publication :*
**Buddha Vihara Bhrikutimandapa, KTM**

*Computer Layout :*
**Vikal Shakya, Modana Vishnu Dhita & Dilliram Gautam"Raju", Dipak Maharjan**

*Published by :*
**Sukhi Hotu Nepal**

*Printed for free distribution by :*

**The Corpotate Body of The Buddha Educational Foundation, Taiwan**

Published :B.E. 2547. B.S. 2060
: N.E. 1124. A.D. 2004

Printed for free distribution by
**The Corporate Body of the Buddha Educational Foundation**
11F., 55 Hang how South Road Sec 1, Taipei, Taiwan, R.O.C.
Tel: 886-2-23951198, Fax: 886-2-23913415
Email: overseas@budaedu.org
Website: http: // www.budaedu.org

**यो पुस्तक नि:शुल्क वितरणको लागि हो, विक्रीको लागि होइन ।**
**This book is strictly for free distribution, it is not to be sold.**

Printed in Taiwan

Downloaded from http://www.dhamma.digital

Sukhi Hotu BV Series 010/2547

प्रकाशक :

सुखी होतु नेपाल
बुद्ध विहार, भृकुटीमण्डप
फोन : ४२२६७०२, ४४८२९८४
E-mail : sukhi@ntc.net.np

© सुखी होतु नेपाल

मुद्रण : कर्पोरेट बडी अफ द बुद्ध एजुकेशनल फाउण्डेशन, टाइवान

कम्प्यूटर : विकल शाक्य, मोदना विष्णुधीता, डिल्लीराम गौतम 'राजु', दिपक महर्जन

प्रकाशन : बु. सं. २५४७, बि. सं. २०६०
ने. सं. ११२४, ई. सं. २००४

Printed for free distribution by
**The Corporate Body of the Buddha Educational Foundation**
11F., 55 Hang how South Road Sec 1, Taipei, Taiwan, R.O.C.
Tel: 886-2-23951198, Fax: 886-2-23913415
Email: overseas@budaedu.org
Website: http: // www.budaedu.org

**यो पुस्तक निःशुल्क वितरणको लागि हो, विक्रीको लागि होइन।**

**This book is strictly for free distribution, it is not to be sold.**
Printed in Taiwan

Downloaded from http://www.dhamma.digital

सम्यक् सम्बुद्ध

# प्रकाशकीय केही शब्द

**सम्यक् सम्बुद्ध** ग्रन्थ बौद्ध जगतमा ज्यादै महत्वपूर्ण पठनीय एवं संग्रहनीय ग्रन्थ होला भन्ने भावना हामीलाई लागेको छ । श्रद्धेय भिक्षु सम्यक् सम्बोधि प्राणपुत्रले भावानुवाद गर्नुभएको प्रस्तुत पुस्तक कति महत्वपूर्ण छ भन्ने कुरा यसै ग्रन्थका सम्पादक कोण्डन्य भन्तेद्वारा लिखित प्राक्कथानबाट स्पष्ट हुन्छ । सुखी होतु नेपालको दशौं प्रकाशन माला नेपाली बौद्धजन समक्ष टाइवानको The Corporate Body of the Buddha Eduational Foundation बाट निःशुल्क मुद्रण भएर आउँदा सर्व सुलभ तरिकाले जिज्ञासुहरुलाई उपलब्ध गराउन सक्ने विषय निश्चय पनि सबैको लागि नै सुखकर विषय हो ।

प्रस्तुत पुस्तकका भावानुवाद, संकलन, तथा सम्पादन गर्नुहुने भदन्त सम्यक् सम्बोधि प्राणपुत्र र कोण्डन्य भन्तेको अथक प्रयासको गुणानुस्मरण गर्दै उहाँहरुमा साधुवाद एवं आभार व्यक्त गर्दछु । साथै यस पुस्तकलाई टाइवानमा मुद्रण गर्न सहयोग गर्नेहरु भिक्षु मंगल, भिक्षु वजिरबुद्धिप्रति पनि साधुवाद व्यक्त गर्दछु । यसरी नै विशेषतः पुनःर्मुद्रण गर्न उदार दातृ संस्था The Corporate Body of the Buddha Eduational Foundation प्रति हार्दिक आभार प्रकट गर्दै उत्तरोत्तर उन्नति एवं प्रगतिको कामना गर्दछु । साथै नेपालमा वितरणार्थ आवश्यक सहयोग गर्ने भाइराजा उपासक तथा बसुन्धरा उपासिकालाई पनि हार्दिक शुभकामना । प्रत्यक्ष-अप्रत्यक्ष सहयोग गर्नेहरु सबैमा साधुवाद ।

अन्तमा सुखी होतु नेपालका सम्पूर्ण शुभ चिन्तकहरु प्रति हार्दिक शुभकामना व्यक्त गर्दछु ।

चिरं तिट्ठतु सद्धम्मो ।

भिक्षु निग्रोध
(सचिव)

सुखी होतु नेपाल, बुद्ध विहार भृकुटी मण्डप, काठमाडौं ।
म्ह पूजा, नेपाल सम्बत् ११२४

Downloaded from http://www.dhamma.digital

# मेरो भन्नु

यो पुस्तक महापण्डित राहुल सांस्कृत्यायनद्वारा संकलित 'बुद्धचर्या' को भावानुवाद हो । यसमा बुद्धजीवनी बारे विशेषगरी वर्षावास क्रमानुसार केही अभाव वा अनमेल देखिन्छ । विद्वानहरूले पालि त्रिपिटकसमेत अध्ययन गर्नुभएर सुधारिएको बुद्धचर्या वा बुद्धजीवनी लेख्न वा प्रस्तुत गर्न अनुरोध गर्दछु। पुस्तक प्रकाशनको दौरानमा सम्पादन एवं संयोजनको कार्यको लगत्तै विभिन्न कुराहरूको थपगर्दै जाने सोच अनुरूप भिक्षु कोण्डन्यको सामिप्यताले अरु कुराहरूलाई पनि गाभिने कार्यले पाठकवृन्द लाभान्वितनै हुने देखिन्छ। यस पुस्तक बारे सम्पादकद्वारा लिखित प्राक्कथानले अझबढी स्पष्ट पार्नेनै छ ।

हामीले यसपुस्तकको प्रकाशन दौरानमा बुद्धचर्याको भावानुवाद बाहेक अभाव देखिएका एतदग्ग प्राप्त भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूको संक्षिप्त चरित्र श्री रघुनासिंहद्वारा लिखित **बुद्धकथा**को आधारमा संक्षिप्त रूपमा संकलन-लेखनको कार्य पनि भएको छ । यसरीनै बुद्धकालीन व्यक्तित्वहरू भिक्षु अमृतानन्दद्वारा लिखित बुद्धकालीन पुस्तकलाई प्रयोग गरिएको छ भने बुद्धकालीन राज्यहरू भिक्षु जगदीश काश्यप र भिक्षु धर्मरक्षितद्वारा हिन्दीमा अनुवादित संयुक्तनिकायबाट लिइएको छ। कपिलवस्तुको इतिहास बारे बाबुकृष्ण रिजालद्वारा लिखित **एन आर्किएलोजि रिमेन्स अफ कपिलवस्तु, लुम्बिनी एण्ड देवदह**लाई विशेष प्रयोग गरिएको छ । अतः यस **सम्यक्सम्बुद्ध**को पुण्य सम्बद्ध उहाँहरूलाई पनि प्राप्त होस् भनी कामना गर्दछु । बुद्धचर्या पुस्तक उपलब्ध गराइदिनु हुने भिक्षु शुशील, बुद्धकथा, मज्झिमनिकाय, दीघनिकाय उपलब्ध गराइदिनुहुने भिक्षु श्रद्धानन्द, आवश्यक अन्य ग्रन्थका लागि बुद्ध विहार भृकुटीपण्डपलाई साधुवाद व्यक्त गर्न चाहन्छु ।

यो पुस्तक तयार गरुञ्जेल भोजन आदि दान गरेर मेरो जीवन रक्षा गर्ने ज्ञानोदय बुद्ध विहारका उपासिकाहरूप्रति विशेष कृतज्ञता प्रकट गर्दछु । साथै मोदना विष्णुधिता, विकल शाक्य, अंशुचन्द विनोदपुत्र, राजु गौतमलाई पनि सहयोगको लागि साधुवाद छ ।

सुखी होतु नेपालले यस पुस्तकको प्रकाशक भई ताइवानको The Corporate Body of Buddha Educational Foundation, Taiwan बाट निःशुल्क मुद्रण गर्ने कार्यमा ठूलो भूमिका निभाएको छ भने बुद्ध विहार भृकुटीमण्डपले प्रकाशन व्यवस्थाको लागि गर्नुभएकोमा हार्दिक साधुवाद व्यक्त गर्दछु ।

भद्न्त सम्यक्सम्बोधि प्राणपुत्र
अनआवासीय (घुमन्ते) भिक्षु
ज्ञानोदय बुद्ध विहार
बागलुङ, धवलागिरि

१६ औ वर्षावास
बुद्ध जन्म (जयन्ती) वर्ष २६२७
बुद्ध सम्वत २५४७
विक्रम सम्वत् २०६०

सम्यक् सम्बुद्ध

विषय सूचि

Downloaded from http://www.dhamma.digital

# प्राक्कथान

धर्म-दर्शन एवं साहित्यिक लेखन इतिहासमा महापण्डित राहुल सांकृत्यायनको नाम नसुन्ने कमै मात्र होलान् । उनका विभिन्न कृतिहरूमध्ये प्रसिद्ध कृतिमा गनिने "बुद्धचर्या" को आफ्नै महत्व र विशेषता रहेको कुरालाई जो कोहीले पनि स्वीकार्छ नै । उक्त ग्रन्थमा बुद्धको जीवनी, उनको उपदेश-दर्शनलाई काल क्रमिक तवरमा प्रणालीबद्ध गर्न हरसम्भव प्रयास गरिएको पाइन्छ । पालि-त्रिपिटकको अथाह समुद्रमा यत्रतत्र छरिएका बुद्धको जीवन-दर्शन तथा घटनावृत्तिलाई मालीले राम्रा-राम्रा फूल उनेर माला गांसेझै महापण्डित महोदयले संग्रह गर्नु भएको सो कृतिमा पालि-सूत्रहरूलाई शब्दसः अनुवाद गर्नुभएको छ । वस्तुतः कतिपय विद्वानहरूको स्वतन्त्र अनुवाद गरिनु राम्रो भन्ने मान्यताका बावजूद पनि त्रिपिटकमा उल्लेखित भौगोलिक, ऐतिहासिक, सामाजिक, राजनीतिक सामग्रीहरूलाई प्रस्तुत गर्ने क्रममा ऐतिहासिक मूल्य मान्यतालाई महत्व दिई जुन संग्रह गरिने कार्य गरिएको थियो, त्यसले ऐतिहासिक मूल्य बढाइदिएको अनुभूत सबैलाई गराइदिन्छ । उक्त ग्रन्थलाई पूर्णता दिन उहाँबाट अट्ठकथा पनि प्रयोग हुनाले अझबढी जीवन्तता दिनेकार्य भएको कुरालाई नकार्न सकिंदैन । स्वतन्त्र अनुवादको अवधारणाबाट पृथक रही अनुवाद संग्रह गरिएको सो पुस्तकका सूत्रहरू कुनै-कुनै धेरै लामा पनि छन्, त्यसैले बीच-बीचमा कुनैकुनै अंश छोडेर, पुनरुक्ति र सर्वथा अनावश्यकका लागि विशेष चिन्हको व्यवस्था गरेका छन् । सांकृत्यायनलाई लेखन क्षेत्रमा जति उत्कृष्ट मानिन्छ त्यतिनै उहाँको भाषा-शैली अनि शब्द छनौट एवं प्रयोग प्रकृयालाई क्लिष्ट पनि मानिन्छ, यो स्वाभाविक नै विषय हो किनभने उहाँको लेखनीमा संयुक्त वाक्य, बढी प्राविधिक तथा संस्कृत शब्दको प्रयोग आदिले साधारण पाठकलाई रिङ्ग्याइदिने हुन्छ तर उहाँको लेखन-योगदान विविध क्षेत्र अन्तर्गत बौद्ध जगतमा पनि अनुपम स्मरणीय व्यक्तित्वका एवं कृतित्वका रूपमा छाइरहने कुरामा कुनै दविधा छैन ।

त्रिपिटक अर्थात तिपिटक बौद्धहरूको आधार ग्रन्थ हो । त्रिपिटकलाई बुद्धधर्मको सर्वाधिक प्रमाणिक वाङ्मय ग्रन्थको रूपमा स्वीकारेरनै अगाडि बढिरहेको छ । कुरान, बाइबल, वेद



Downloaded from http://www.dhamma.digital

सरह बौद्धहरूले त्रिपिटकलाई देवरचित एवं स्वप्रमाणित रूपमा मान्दैनन् । प्राचीन ऐतिहासिक ग्रन्थका रूपमा परिचित त्रिपिटकलाई अर्थ्याउने क्रममा पिटकलाई बुद्धभाषा वा पालि (मागधी) शब्दको अर्थमा दालो-भाँडो भनी प्रचलित रहेको छ। त्यसो त मज्झिम निकायको चंकि-सुत्त र सुन्दक सुत्तमा उल्लेखित 'पिटक सम्पदाय' शब्दले धार्मिक वाङ्मयलाईनै इंगित गरेको छ। यसउसले अधिकांशतः पिटकलाई यौटा भाँडोको रूपमा अर्थ्याउने गरिरहेको कुरालाई धार्मिक वाङ्मययुक्त डालो भन्नु उपयुक्त एवं प्रासङ्गिक हुनेनै देखिन्छ । सुत्तपिटक, विनयपिटक र अभिधर्मपिटकलाई समग्र रूपमा त्रिपिटक भनिंदै आएको छ । थेरगाथा अनुसार त्रिपिटकमा ८४,०००/- धर्म शिक्षापद (धर्मस्कन्ध) समाहित छन्, जसमध्ये ८२,०००/- धर्मस्कन्ध स्वयं बुद्धद्वारा देशित तथा २,०००/- धर्मस्कन्ध उहाँकै शिष्य भिक्षुहरूबाट देशित उपदेश संग्रह हुन् । भनिन्छ, त्रिपिटकमा उल्यख्य जुन धर्मदर्शन तथा ज्ञानको विषय छ, ती ज्ञानहरू बाहेक अरुले हामीलाई बुद्धसित नजिक पुऱ्याउनै सक्दैन । जहाँसम्म बुद्धको व्यक्तित्वको सम्बन्ध छ, बुद्धधर्म र दर्शनको सवाल छ, त्यसको निकटतम जानकारी वा परिचायकनै त्रिपिटक ग्रन्थ हुनसक्छ । समग्र पिटक वा त्रिपिटकमा बुद्धको महान व्यक्तित्व, उनको जीवन-दर्शन, जीवनोपयोगी उपदेशलाई आजपनि जीवन्त रूपमा चिन्तन, मनन, मन्थन, धारण गर्नेजस्ता प्रकृया चलीरहेकै कुरा कहिंकसैबाट पनि लुकेको-छिपिएको छ भन्नु सरासर भ्रमको खेती गरे सरह हुन्छ, गलत सावित हुन्छ ।

Dhamma.Digital

बुद्धको महापरिनिर्वाण पछि सोही वर्षमा धर्मलाई निरन्तरता दिन जुन धर्म-संगायना (महाधिवेशन) गरियो, त्यसको सयवर्ष पछि दुतीय संगीति, परिनिर्वाणको झण्डै २३६ वर्ष पछि सम्राट अशोकको समयमा जुन तृतीय संगायना भयो, यसपछि बुद्धधर्म र दर्शनको क्षेत्रमा नौलो आयाम थपिने कार्यमा उर्जा मिलेझै बुद्धदर्शनलाई आचार्य परम्परानुरूप विभिन्न रूपमा पुनःब्याख्या गरिने परम्पराको थालनी समेत भयो । पालि बौद्ध वाङ्मयको इतिहासलाई फर्केर हेर्दा प्रथम शताब्दीको गोधुलिमा श्रीलंकाका राजा वट्टगामिनी अभयको शासनकालमा भएको चतुर्थ धर्म संगायनाको लगतै ई.पू. २९ तिर त्रिपिटकलाई लिपिबद्ध गर्नेजस्तो जुन महान अद्वितीय कार्य भए त्यसपछि त ई.सं. १८७१ मा आइपुग्दा मात्र बर्मा (म्यानमार) मा राजा मिण्डोनको शासनकालमा पाँचौ धर्मसंगायना हुनसक्यो । यसरीनै ई.सं. १९५४ मा बर्मामै छैटौं धर्मसंगायना भएको इतिहास छ । धर्मसंगायना परम्पराबाट अगाडि वढिरहेको त्रिपिटक अथाह बौद्ध वाङ्मय हो ।



Downloaded from http://www.dhamma.digital

त्रिपिटक अन्तर्गत पिटक, पिटक अन्तर्गत निकाय, निकाय अन्तर्गत सूत्रको प्रस्तुतीमा प्रसङ्ग र कालक्रम प्रणालीबद्ध रूपमा समेटिएका छैनन् भनेर अध्ययनार्थी एवं शोधार्थीहरूले भन्छन् भने त्यो आश्चर्यको विषय नहुन सक्छ । तर राहुल सांकृत्यायनले लंकामा त्रिपिटकाचार्य अध्ययन गर्ने दौरानमा बुद्ध-जीवनी र उनका उपदेशलाई जसरी सूत्रक्रम र कालक्रमलाई क्रमबद्ध गर्न जुन राम्रो प्रयास गरेका छन्, त्यो सर्वथा सह्राहनीयनै छ । वास्तवमा जसरी यो सहज कार्य होइन त्यसरीनै क्रमबद्ध गरिएकालाई सहीनै छ भन्न पनि असहजनै हुनसक्छ, जुन कुरालाई उनले स्वीकारेका पनि छन् । त्रिपिटिकको आरम्भ सुत्तपिटकबाट हुन्छ भने सुत्तपिटकको आरम्भ 'ब्रह्मजाल सूत्र' बाट हुन्छ । बुद्धत्व प्राप्ति पछि धर्मचक्र प्रवर्तन सूत्र देशना गरिएको कुरा प्रचलित छ । ब्रह्मजाल सुत्तपछिको सामञ्ञफल सुत्तको प्रकृतिहेर्दा उपदेश श्रवण गर्ने राजा अजातशत्रु राजगद्दीमा बसिसकेका थिए, जुन समय  बुद्धको महापरिनिर्वाण हुन केही वर्ष अगाडि मात्रै थिए । महापरिनिर्वाणको प्रसंगमा सारिपुत्रको सिंहनाद आश्चर्यपूर्ण चित्रण हो । यसरी अथाह वाङ्मय प्रसंगलाई मिलाउनाका खातिर सम्पूर्ण घटनाहरू तथा उपदेशलाई कालानुसार क्रमबद्ध गर्नु यथार्थतः कठीन कार्यनै हुन् । घटना र उपदेश प्रकृति अनुरूप राहुल सांकृत्यायनले प्रजापति गौतमीको प्रव्रज्या र भिक्षुणी शासनको प्रवेशलाई बुद्धत्वभन्दा पाँच वर्षपछि मानेका छन् । उनले मानेका कालक्रम अट्ठकथासँग बाभ्किन सक्छ, उनकै भनाइमा भन्ने हो भने मूल त्रिपिटक सामू अट्ठकथाको महत्व कमनै हुन्छ । मेहनतका साथ जुन सूत्रबद्धगरी तारतम्य मिलाउने उद्योग गरिएको छ, त्यसमा पाठकहरूको जिज्ञासा अभ्कै शान्त हुने देखिंदैन । सांकृत्यायन स्वयंलाई पनि कहिं-कहिं संदेह नभएको होइन । तरपनि छरिएर रहेका सुगन्धित वासनायुक्त आकर्षक फूलहरूलाई धागोमा उनिएभ्कै मेहनतका साथ उनिएको 'बुद्धचर्या' वास्तवमै सबैको लागि संग्रहनीय-पठनीय ग्रन्थको रूपमै यसले आफ्नै स्वपहिचान कायम गरिसकेको छ ।

नेपाल र ल्हासाका नेपाली बौद्धहरूकाबीच कुराकानी पश्चात् 'बुद्धचर्या' ग्रन्थको परिकल्पनामा दृढ निश्चय गरेका सांकृत्यायनले बि.सं. १९८८ मा पहिलो प्रकाशन गरेको सो महत्वपूर्ण ग्रन्थलाई नेपाली बौद्धहरूले संक्षिप्त त्रिपिटकको सारको रूपमा अद्यावधि अध्ययनको दौरानमा यसको सदुपयोग गर्दै आएका छन् । छ दशकको दौरानमा यस



Downloaded from http://www.dhamma.digital

कृतिलाई कयौंले नेपाल भाषामा वा नेपालीमा हुबहु भाषान्तरण गर्ने अभिसोच लिए होलान्, कयौंले अनुवाद प्रक्रियालाई थालनी गरेर बीचैमा थन्क्याए होलान्, कयौंले शोध ग्रन्थ एवं सन्दर्भ सामग्रीका रूपमा प्रयोगमा ल्याए हालान्, कयौंले यस्लाई बुद्धिष्ट ह्याण्ड बुकको रूपमा स्वीकारेर आफूसँगै सुरक्षितसाथ राखी गायकले रियाज गर्नेझै रियाज गरि रहेका होलान् भने एकताका त नेपालमा स्थविरवाद बुद्धधर्मको पुनर्जागरण इतिहासमा एक अग्रगन्य व्यक्तित्वका रूपमा सुपरिचित महाप्रज्ञाले बुद्धचर्यालाई नेपालभाषामा महत्वपूर्ण भाहरू गद्य र पद्यमा मिठासपूर्ण तवरमा मिहिनेतका साथ स्वयं आफ्नै स्वविवेकले निर्माण गरेको प्रेसबाट वि.सं १९९४ मा शुरु गरी १९९७ मा तीन वर्ष लगाएर हिमालय बौद्ध प्रचार प्रेस, कालिम्पोङ्बाट ४६४ पृष्ठको ८० प्रति पुस्तक प्रकाशित गरेको तथा त्यसलाई पुनः ३४६ पृष्ठमा दुतीय प्रकाशन वि.सं.२०३४ मा प्रकाशित गरेको कुरालाई यहाँ स्मरण गर्नैपर्ने हुन्छ। तर आज ती दौरानकै उतार चढावबीच बुद्धचर्यालाई नेपाली जगतमा पनि मूल रूपमा नभएपनि भावानुवादको रूपमा अध्ययन गर्ने सु-अवसर श्रद्धेय भिक्षु सम्यक् सम्बोधि प्राणपुत्रको अथक प्रयासबाट सम्भव भएको सुखकर विषय भएको छ। हुन त सम्पादनकै दौरानमा मात्र होइन पहिलेनै उहाँलाई मूलरूपमैं अनुवाद गरिने तर्फ सुसूचित गरेको थिएँ तर उहाँले वर्तमान परिवेशलाई ध्यानमा राखी भावानुवादलाईनै रोज्नुभएको जुन प्रकृया छ यो पनि राम्रो पक्षनै हो। संचारको क्षेत्रमा विद्युतीय उपकरण र प्रयोगले जुन क्रान्ति ल्याएको छ, त्यसले अध्ययन अनुसन्धानको प्रविधिमा समेत ठूलो प्रभाव पारेको छ, हर कुराहरू कम्प्यूटराइज्डको सोच र त्यसको प्रभावले त्रिपिटक समेत यौटा सिडीमा अट्ने भएको छ, संसारमै ठूलो पुस्तकालय-संग्रहालय भनी परिचितजन्य कुराहरू इन्साइक्लोपेडिया आदि समेत आज पामटप कम्प्यूटरमै हेर्ने प्रबन्ध भैसकेको छ। भौतिक प्रविधिको चरम विकासले आजको संसारलाई यौटा सानो प्रविधियुक्त यन्त्रमै सीमित तुल्याइदिएको प्रसङ्गलाई हेर्दा अब ठूल-ठूला पुस्तक पढ्ने जमाना गए, त्यो झ्याउ काम हो भन्नेहरू पनि गलत होइनन् जस्तो लाग्लान् किनकी नयाँ प्रविधिले त थोरै समयमा धेरै अध्ययन अध्यापन, जानकारी एवं वैज्ञानिक प्रणालीबद्ध रूपमा आवश्यक कुराहरू प्रदान गर्न सक्षम भएको छ।

बुद्धचर्याको मूलरूप भन्दा भावानुवाद पछि झण्डै दुइभाग कटौती भएको जो कोही हिन्दी ग्रन्थ पढिसकेकालाई भान हुनसक्छ। भावानुवादको क्रममा मूल मर्मलाई प्रकाश पारिएको



Downloaded from http://www.dhamma.digital

छ भने संक्षिप्त गर्ने प्रकृयालाई सजगतापूर्ण तवरमै उद्योग नगरिएको चाहिं होइन । बुद्धकालीन समयमा प्रसिद्ध ६२ मत-वाद विषयक दार्शनिक मूल्यमान्यता अनुरूप महत्वपूर्ण मानिने 'ब्रह्मजाल सूत्र' बुद्धचर्यामा समाहित गरिएका छैनन् । राहुलजीले सम्भवतः समयाभावले अनुवादगरी त्यस सूत्रलाई आबद्ध गर्न नसकेको हुँदा दुतीय संस्करणमा गाभिने जुन आशा गरेका थिए त्यो तृतीय संस्मरणमा पुग्दा समेत हुन नसकेको हुँदा भावानुवादकले यसलाई समेट्ने कुरै आएन । तर पनि सम्पादनको दौरानमा पुछारमैं भएपनि यस सूत्रलाई दुण्डबहादुर वज्राचार्यबाट अनुदित दीघनिकायको पृष्ठभूमिमा रही छवर्ष अगाडि संक्षेपमा स्वयंले पुनर्लेखन गरेकै 'ब्रह्मजाल सूत्र' लाई गाभ्ने कार्य गरेको छु ।

बुद्धचर्यालाईनै हेर्दा पाँच खण्डमा विभाजित क्रमशः आयुवर्ष भनी १-४३, ४३-४८, ४९-५५, ५५-७५, ७५-८० वर्षको उमेर अनुरूप सूत्र र घटनाक्रमलाई छुट्याइएको छ। खण्ड पाँचौमा भने महापरिनिर्वाण सूत्रको उल्लेख सँगसँगै धर्मसंगायनालाई क्रमबद्ध रूपमा प्रकाश पार्ने क्रममा प्रथम-संगीति, द्वितीय-संगीति, अशोक-राजा र तृतीय-संगीति, स्थविर-वाद-परम्परा, विदेशमा धर्म-प्रचार, ताम्रपर्णी द्वीपमा महेन्द्रदेखि त्रिपिटकको लेखबद्ध अवस्थासम्मलाई परिचयात्मक ढंगले प्रस्तुत गरिएको देखिन्छ। तर वुद्धलाई एक ऐतिहासिक अद्वितीय व्यक्तित्वको जीवन दर्शनको रूपमा **'बुद्धचर्या'** लाई **'सम्यक् सम्बुद्ध'** को रूपमा परिणत गरिएको छ भने यसमा बुद्धको जन्म देखि महापरिनिर्वाणको अवधिसम्मको पक्षलाई समेटिएको छ। त्यसो त यसमा बुद्धकालीन स्थान विशेष, व्यक्तिविशेषलाई परि चयात्मक एवं कथात्मक रूपमा चित्रण गरिने जुन कार्य भएको छ, यसबाट साधारण पाठक समेत बढी लाभान्वित हुनेछ भन्नुमा अत्युक्ति नहोला । ४३ औं वर्षावास अन्तर्गत धेरै कथाहरूलाई समेटिएको छ भने कतिपय कुराहरू प्रसङ्गवश थपघट गरिएका छन् । महापरिनिर्वाण पश्चात् बुद्धकालीन राज्यहरू, शाक्य जातिको उत्पत्ति, कपिलवस्तु र लुम्बिनीको ऐतिहासिक जानकारी, बुद्धकालीन परिव्राजक, ब्राह्मणहरू, राजपरिवार, गृहस्थीहरू, महिलाहरूलाई जानकारीमूलक दर्पणको रूपमा सम्पादनकै दौरानमा भावनुवादकको सहमतिमै गाभिने कार्य हुनाले पाठकवृन्द अझबढी लाभान्वित हुने देखिन्छ। यसका लागि म स्वयं पनि सन्दर्भ ग्रन्थका लेखक सम्पादकहरूप्रति आभार व्यक्त गर्दछु। कतिपय कुराहरूलाई अनुवाद साभार रूपमै समेत गाभिने कार्य भएको छ । हुन त सम्पादनको दौरानमा



Downloaded from http://www.dhamma.digital

**"सम्यक् सम्बुद्ध"**लाई प्राज्ञिक ढंगले सम्पादन-लेखन गर्ने प्रविधि (Acadamic Approch) लाई पछ्याउने मैले प्रयास गरेको थिएं तर बीचमै रोकिदिएं। टाइवानबाट छापिने कुरा मिल्ने वित्तिकै पाण्डुलिपि उता पठाउने कामकै हतार देखियो। कतिपय पादटिप्पणीलाई उल्लेख गरीनुपर्ने अनुच्छेद भित्रै गाभिएका छन्। हुन त आजकाल प्राज्ञिक प्रविधिलाई बढी जोड दिइन्छ तर सम्पूर्ण लेखन-पद्धति प्राज्ञिक ढंगबाटै संचालित भएको हुनुपर्छ भन्ने मान्यतालाई पनि कसरी प्राज्ञिक सोच भन्ने ? यो पनि सोचनीय विषय नै जस्तो अनुभूतिले सम्पादनकार्यमा राहत मिलेको छ। बुद्ध जन्मभूमि नेपाल अधिराजज्यमा बुद्धधर्म, दर्शन र संस्कृति अनि सभ्यतालाई समेटिएर प्रकाशन जगतमा विस्तारै भएपनि जुन सकारात्मक एवं रचनात्मक परिवर्तन प्रवाह देखिएको छ, निश्चय पनि यो राम्रो लाक्षणिक सुखकर विषय हो। हाल धर्मप्रति सतत् जागरूक, श्रद्धालुहरूबाट लेखेर, अनुवाद गरेर, प्रकाशक बनेर, सौजन्य भएर जुन चर्याहरू निरन्तर धार्मिक सेवावृत्तिले भरिएको छ, त्यसैले लेखक, अनुवादकहरू पारिश्रमिक वा Royalty विनानै सद्धर्मका लागि आफ्नो लेखन श्रमलाई धर्मदानमा परिणत गरिरहेको कुरा वस्तुतः ठूलो गौरव एवं प्रतिष्ठाको विषय हो। विगत ६ दशक देखि तेपालमा बुद्धधर्मको प्रकाशन इतिहासलाई फर्किहेर्दा एकपछि अर्कोगर्दै महत्वपूर्ण ग्रन्थ-कृतिहरू प्रकाशित भइरहेका छन्। पालि र संस्कृत भाषाका ग्रन्थहरू अनुदित हुँदैछन्, हिन्दी, अँग्रेजी, बर्मी, श्रीलंकाली, थाई भाषाका पुस्तकहरू अनुवाद भएका छन्। अनुवाद र लेखन क्षेत्रमा नेपाल भाषा र नेपालीलाई प्रयोग गरिंदै आएको देखिन्छ भने बौद्ध लेखन विधामा हामीले निष्ठानन्द वैद्य, धर्मादित्य धर्माचार्य, महाप्रज्ञा, भिक्षु अमृतानन्द, भिक्षु सुदर्शन, भिक्षु अश्वघोष, भिक्षु ज्ञानपूर्णिक, आचार्य भिक्षु कुमार काश्यप, अनागारिका धम्मवती, चित्तधर हृदय, पं. दिव्यवज्र वज्राचार्य, पं. हेमराज शाक्य, दुण्ड बहादुर वज्राचार्य, भुवनलाल प्रधान, रत्नकाजी वज्राचार्य, पं. हेराकाजी वज्राचार्य, बैकुण्ठ प्रसाद लाकौल, भिक्षु सम्यक् सम्बोधि प्राणपुत्र, आचार्य श्रीधर राणा, मिल बहादुर शाक्य, डा. नरेशमान वज्राचार्य, नारायण प्रसाद रिजाल आदि व्यत्तित्वहरूको योगदानलाई सबैले स्मरण गर्नेनै छन्।

भावानुवादकले मलाई कुनै तवरले पनि संशोधन, परिमार्जन र परिष्कृतरूपमा सम्पादन गर्न छेकबार नलगाउनाले वा पूर्ण रूपमा स्वतन्त्रताले गर्दा कुनै कठीनताको अनुभूति हुने कुरै भएन। धर्मलाई सुहाउँदोपाराले सक्दो प्रयास गरिनु सबैको कर्तव्य पनि हो। जसरी वुद्धचर्यालाई पाँचखण्डमा विभाजितगरी सम्वत्को कालक्रमलाई मिलाउने प्रयास गरिएको



Downloaded from http://www.dhamma.digital

छ त यसलाई यस ग्रन्थमा वर्षावासको क्रमिक रूप पनि प्रस्तुत गरीने कार्य भएको हुँदा पाठकलाई अझ सहज हुनेछ भन्ने विश्वास गर्न सकिन्छ। 'बुद्धचर्या' मा दिइएको कालक्रम अनुसारको बुद्ध सम्वत् र थाइलैण्ड, म्यानमार, श्रीलंका आदि देशहरूमा प्रचलित मान्यता अनुरूप ६० वर्षको अन्तर रहेको कुरालाई बिर्सिनु हुँदैन। स्पष्टतः एघारौं शताब्दीदेखि नै परम्परागत मान्यता अनुरूप बुद्धको जन्म ई.पू. ६२३ लाई मान्दै आएका छन् भने ऐतिहासिक रूपमा बुद्धको जन्म ई.पू. ५६३ लाई मानिन्छ। भावानुवादक पनि परम्परागत मान्यतालाईनै मान्नुहुन्छ भने राहुल सांकृत्यायनले ऐतिहासिक कालक्रमलाई मानी प्रस्तुत गर्न चाहेका सम्वत्लाई सम्पादनको क्रममा ऐतिहासिक मान्यतालाईनै बढावा दिने जुन कार्य भएको छ, म यस कुरामा भावानुवादकप्रति क्षमाप्रार्थी छु। नेपालमा प्रचलित बुद्ध सम्वत् पनि वस्तुतः ऐतिहासिक मान्यता अनुरूप ६० वर्ष बढी वा परम्परागत कालक्रममै आबद्ध छ तर पनि यो विषयमा केही खुलस्त पार्नु प्रासगिङ्गक होला।

परम्परागत रूपमा प्रचलित बुद्ध सम्बत् अनुसार बुद्धको जन्म ई.पू. ६२३ एवं निर्वाण इ.पू. ५४४/३ ठहरिन्छ भने यसै मान्यताकै हिसाबमा परिनिर्वाणको समयलाई गणनागरी बुद्ध सम्वत् भनिंदै आएका छन्। यसरी बुद्धको जन्म ई.पू. ६२३ भन्ने मान्यतालाई **Light of Buddha** मा E.J.Thomas, **Buddhism** मा T.W. Ris Davids, बुद्धको **अन्तिम वरस** र **बुद्धचर्या**मा राहुल सांकृत्यायनले स्वीकारेका छैनन् भने त्यसै मान्यतालाई बुद्ध सम्बन्धि ऐतिहासिक मितिमा भुवनलाल प्रधानले समर्थन गर्नुभएको छ। धार्मिक परम्परामा धर्ममा आस्था हुनु- श्रद्धानुरूप व्यवहार गरिनु स्वाभाविकनै हुन्। धार्मिक भावना र परम्पराकै बढी प्रभावले ऐतिहासिकतालाई जोड युक्त तवरमा चासो दिनेतर्फ अभिसोच अघिबढ्न आस्था-श्रद्धा तगारोझै उभिइरहने अनुभूत पनि धेरैलाई होलान्। तर दूर गामी रूपमा अघिबढ्ने क्रममा परम्परागत र ऐतिहासिक पक्षलाई हामीले छुट्याउन सक्नु हितकर विषयनै हुनेछ। यद्यपि हामीले परम्परागत मान्यतालाईनै निरन्तरता दिइरहेकै किन नहोस्।

श्रीलंकाकै आधिकारिक बौद्धग्रन्थ महावंश हिन्दीमा (१९४२, परिचय पृष्ठ ६ र ७) अनुवाद गर्ने भदन्त आनन्द कौशल्यायनले कसरी पहिले ऐतिहासिक मिति ई.पू. ५६३ र ई.पू. ४८३ मानिएका थिए र पछि एघारौं शताब्दीमा आएरमात्र हाल प्रचलित भइरहेको ई.पू. ६२३-५४४ मानियो भन्ने कुराको चर्चा जुन रूपमा गरिएको छ, निःसन्देह त्यसलाई सबलपक्ष



Downloaded from http://www.dhamma.digital

मान्न सकिन्छ। जसअनुरूप- "अशोकको राज्याभिषेक बुद्धको परिनिर्वाण भएर २८१ वर्ष पश्चात् भएको मानिन्छ भने राज्याभिषेकको समयमा अशोकले चारवर्ष त शासन गरिसकेकै थिए। यस हिसाबअनुसार अशोकको राज्यारम्भ बुद्धको परिनिर्वाणको २४१ वर्ष पछि मात्र भयो। बिन्दुसारको २८ वर्ष र चन्द्रगुप्तको २४ वर्ष राज्यकाललाई जोडेर २१४ घटाउँदा चन्द्रगुप्तको राज्यारम्भ बुद्ध-परिनिर्वाणको १६२ वर्ष पश्चात् भएको निश्चित हुन्छ। सिकन्दरको आक्रमण तिथिलाई निश्चित मानिन्छ भने त्यसैको आधारमा चन्द्रगुप्तको राज्य ३२१ ई.पू. मा भएको मानिन्छ। ३२१ ई.पु. + १६२ वर्ष = ४८३ ई.पू. मा बुद्धको परिनिर्वाण भयो। बुद्ध ८० वर्षसम्म बाँचे। त्यसैले रिस् डेविड्सको मत अनुसार जन्मतिथि ४८३ +८० =५६३ ई.पू. तथा निर्वाण तिथि ४८३ ई.पू. सिद्ध हुन्छ।" यसरी नै Epigraphic Ceylonese, p. 155 and onwards को कुरालाई उल्लेख गरे अनुसार- 'श्रीलंका, थाइलैण्ड र म्यानमार (सिंहल, स्याम, बर्मा) मा आजभोलि पनि जुन परिनिर्वाण तिथि मानिंदै आएको छ त्यसमा र यसमा ६० वर्षको अन्तर छ। प्रतीत हुन्छ कि प्राचीन कालमा ११ औं शताब्दीको आरम्भसम्म सिंहलमा ४८३ ई.पू. बाट गनिने बुद्धाब्द प्रयोग भयो, ११ औं शताब्दीको मध्यकालदेखि त्यस नयाँ सम्वत्को प्रादुर्भाव भयो जसको गिन्ती ५४४ ई.पू. देखि गरिए भने त्यही बुद्धाब्द अद्यावधि प्रयुक्त भइरहेको छ।" ऐतिहासिक अनुसन्धानले परम्परागत बुद्धाब्दमा ६० वर्ष बढी भएको तथ्यलाई स्वीकार्न सकेमा अन्य ऐतिहासिक उल्लेखको संगतिमा मिल्न आउने "बुद्धको व्यक्तित्व र विचार" मा राहुल सांकृत्यायनले आफ्नो मत प्रस्तुत गरेका छन्। वास्तवमा इतिहास र इतिहास लेखनसित सम्बद्ध व्यक्ति वा जोसुकैसित मात्र विशेष रूपले प्रयोजन भएको ६० वर्ष अगाडि र पछाडि हुनुबाट बुद्ध, बुद्धधर्म, बौद्ध दर्शन, सभ्यता एवं संस्कृतिमा कुनै असर पर्दैन।

**"सम्यक् सम्बुद्ध"** मा ग्रन्थ-सूचि, नामानुक्रमणी र शब्दानुक्रमणीलाई चटक्कै छोडिएकोमा सम्पादन पक्षनै जिम्मेवार छ। जहाँसम्म भाषा-शैलीको सवाल छ, यसमा धेरैनै कमी कमजोर नरहलान् भनी म भन्न सक्दिन। कतिपय त पेजमेकर प्रोग्राममा अलचेन्ज गर्ने प्रविधिलाई सदुपयोग गरिने क्रममा झन् दुरुपयोग हुनजाँदा गल्ती जानाजानी नसच्याइएका पनि छन्, भाषालाई सक्दो सरल गरिएकै छ, वस्तुतः यसमा जेजति कमीकमजोरी पाइएलान् ती सबै सम्पादन पक्षकै कमजोरी मान्नु होला, यो यथार्थता पनि हो। समयको अभाव अनि परदेशबाट ढुवानी बाहेक निःशुल्क मुद्रण गर्ने दातृसंस्थाको सामिप्यता पाउने



Downloaded from http://www.dhamma.digital

वित्तिकै हतार हतारमा पाण्डुलिपिलाई अन्तिम रूपदिन जुन चर्या गरिए, ती घडी पीडादायी हुँदोरहेछ । कतिपय कुराहरू देख्दादेख्दै पनि आ...भयो, किन फेरी खर्चहुनेगरी प्रिन्ट निकाल्ने जस्तो मानसिकता भूत सवारभैं निरन्तर पछिपछि लागीरहन्थ्योनै । भाषा-शैलीको सवालमा भने विद्वत जनलाई देखाउँ कि भन्ने सम्यक् सम्बोधि भन्तेसँग पनि सल्लाह नभएको, नहुने त होइन तर पनि विद्वतापूर्ण ढंगले गरिने त्यो काम एकातिर साह्रै ढिलो हुनसक्ने यथेष्ठ सम्भावना छ भने अर्कोतिर दातृसंस्था हतारिंदै हामीबाट विमुख होला भन्ने अर्को डर, वस्तुतः यसैलाई बाध्यता भनौं वा परिवन्द भनौं वा धर्म संकट भनौं खै के भनौं म अलमलमा परी रणभुल्लमा परेसरीको अनुभूतिसँगै प्रत्यक्ष अप्रत्यक्ष सबैको सहयोगबाट आज सम्यक् सम्बोधि भन्तेको हस्तेलाई हैंस्ते गरी यो महत्वपूर्ण **"सम्यक् सम्बुद्ध"** ग्रन्थ प्रकाशित भएको छ । यस पुस्तको प्रकाशन व्यवस्थापन गर्ने बुद्ध विहार भृकुटीमण्डप, नेपालमा वितरणार्थ प्रवन्ध सहयोग गर्ने दाता भाइराजा उपासक तथा वसुन्धरा उपासिका, प्रकाशकको भारबोक्ने सुखी होतु नेपाल, निःशुल्क पुनर्मुद्रण गर्ने टाइवानी दातृसंस्था The Corporate Body of The Buddha Educational Faundation, Taiwan, विविध रूपमा सहयोग गर्नेहरू विश्वशान्ति विहार परिवार, श्रद्धेय भिक्षु मंगल, भिक्षु वजिर बुद्धि, भिक्षु निग्रोध, फल समान शाक्य, राजु महर्जन, आँशु चन्द्र विनोदपुत्र, विकल शाक्य, मोदना विष्णुधिता र डिल्लीराम गौतम "राजु" आदि सवैलाई साधुवाद व्यक्त गर्दै पुनः श्रद्धेय सम्यक् सम्बोधि प्राणपुत्र भन्तेप्रति सविनयपूर्वक कृतज्ञता प्रकट गर्दछु ।

Dhamma.Digital

साधुवाद !

**- कोण्डन्य**

बुद्ध विहार भृकुटीमण्डप
दिनाङ्क २०६०/१०/२०



Downloaded from http://www.dhamma.digital

# श्रद्धेय भिक्षुहरु

प्रज्ञानन्द, शाक्यानन्द, धम्मालोक, अनिरुद्ध, अमृतानन्द, चुन्द, विवेकानन्द, रत्नज्योति, सुमंगल, सुदर्शन, मेधंकर आदि

**जसले नेपालमा बुद्धधर्म र दर्शनका लागि प्रव्रजित जीवनलाई अंगालेर गए**

**उहाँहरूमा**

Dhamma.Digital

*सश्रद्धा एवं सविनयपूर्ण*

# सादर समर्पण

Downloaded from http://www.dhamma.digital

# विषय सूची


| क्र.सं. | विषय | पाना संख्या |
|---|---|---|
| १. | **सम्यक्सम्बुद्ध** | १ |
| २. | **गृहस्थ जीवन** | ३ |
| | जन्म, बाल्यकाल, यौवन, चार निमित्त, अनुवादकद्वारा टिप्पणी, बुद्ध-जयन्ती/बुद्ध सम्बत | |
| ३. | **महाअभिनिष्क्रमण** | १३ |
| | गृहत्याग, तपश्या | |
| ४. | **अभिसम्बोधि** | १६ |
| | सुजाताको खीरदान, बोधिवृक्षमुनि | |
| ५. | **प्रथम वर्षावास** | २१ |
| | प्रथम धर्मप्रदेश, यशको प्रव्रज्या, चरथ भिक्खवे चारिकं, तीस भद्रवर्गीय, काश्यप दाजुभाइ, आदित्त परियाय सुत्त, राजा बिम्बिसार | |
| ६. | **दोश्रो वर्षावास** | २८ |
| | सारिपुत्र मौदगल्यायन, महाकाश्यप, महाकात्यायन, उपाध्याय, आचार्य शिल्पको कर्तव्य/उपसम्पदा, कपिलवस्तु गमन, उपालिहरूको प्रव्रज्या | |
| ७. | **तेस्रो वर्षावास** | ३९ |
| | नलकपान सुत्त, अम्बलट्ठिक राहुलोवाद सुत्त, जेतवन दान, नवकर्म, तितिर जातक | |
| ८. | **चौथो वर्षावास** | ४५ |
| | दक्षिणा विभंग सुत्त | |
| ९. | **५ औं वर्षावास** | ४१ |
| | पजापति पब्बज्जा सुत्त, पजापति सुत्त | |
| १०. | **६ औं वर्षावास** | ४९ |
| | यमक प्रातिहार्य | |
| ११. | **७ औं वर्षावास** | ५१ |
| | तावतिंस गमन | |




Downloaded from http://www.dhamma.digital

१२. **८ औं वर्षावास** ५३
६ शास्ताहरूको सर्वज्ञता, भिक्षुनियम
१३. **९ औं वर्षावास** ५५
भिक्षुसंघमा कलह
१४. **१० औं वर्षावास** ५७
पारिलेयक सुत्त
१५. **११ औं वर्षावास** ५९
असिबन्धक सुत्त, निर्ग्रन्थ सुत्त, पिण्ड सुत्त
१६. **१२ औं वर्षावास** ६१
मार्गन्दिय संवाद, सतिपट्ठान सुत्त, महानिदान सुत्त,
पतिपत्नी गुण, वेरञ्जक सुत्त, चिरस्थायी सद्धर्म
१७. **१३ औं वर्षावास** ७३
असंयमी भिक्षु, सुदिन्न कलन्दक पुत्र
१८. **१४ औं वर्षावास** ७४
सीह सुत्त, मेण्डक दीक्षा, बिम्बिसारद्वारा परीक्षा,
पोतलिय सुत्त, सेल सुत्त, रोजमल्ल, भिक्षु सुभद्र (हजाम),
चुल्ल हत्थिपदोम सुत्त, महा हत्थिपदोम सुत्त,
अस्सलायन सुत्त, महाराहुलोवाद सुत्त, अक्खण सुत्त,
पोट्ठपाद सुत्त
१९. **१५ औं वर्षावास** ९४
तेविज्ज सुत्त, अम्बट्ठ सुत्त, चंकि सुत्त,
चुल्ल दुक्खक्खन्ध सुत्त, कुटदन्त सुत्त, सोणदण्ड सुत्त,
महालि सुत्त, तेविज्ज वच्छगोत्त सुत्त, भरण्डु सुत्त,
शाक्य कोलिय विवाद, महानाम सुत्त, संघ सम्पत्ति,
कीटागिरि सुत्त, ३२ लक्षण
२०. **१६ औं वर्षावास** ११८
हत्थक सुत्त, सन्दक सुत्त
२१. **१७ औं वर्षावास** १२१
महासुकुलउदायी सुत्त, सिगालोवाद सुत्त,
चुल सुकुलउदायी सुत्त




Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

२२. **१८ औं वर्षावास** १३२
दिट्ठिवज्ज सुत्त, चूल अस्सपुर सुत्त, कजंगला सुत्त
२३. **१९ औं वर्षावास** १३५
इन्द्रिय भावना सुत्त, सम्बहुल सुत्त, उदायि सुत्त,
मेघिय सुत्त
२४. **२० औं वर्षावास** १३८
जीवक चरित्र
२५. **२१ औं वर्षावास** १४१
मैथुन पाराजिक, चोरी पाराजिक, त्रिचीवर विधान,
मनुष्यहत्या पाराजिक, उत्तर मनुष्य धर्म पाराजिक,
चीवर विषय, मिगारमाता चरित्र, आनन्द चरित्र,
चिञ्चा काण्ड, रोगी सेवक बुद्ध, पूर्वाराम निर्माण
२६. **२२ औं वर्षावास** १५४
देवदह सुत्त, कालम सुत्त, पूर्वाराम प्रथम वर्षावास,
हस्तक आलवक सुत्त
२७. **२३ औं वर्षावास** १५९
रट्ठपाल सुत्त, सुन्दरी परिव्राजिका
२८. **२४ औं वर्षावास** १६२
किसागौतमी सुत्त, धम्मिय सुत्त
२९. **२५ औं वर्षावास** १६४
अंगुलिमाल सुत्त
३०. **२६ औं वर्षावास** १६७
अट्ठपरायण सुत्त
३१. **२७ औं वर्षावास** १७०
सुनक सुत्त, दोण सुत्र, सहस्स भिक्खुणी सुत्त
३२. **२८ औं वर्षावास** १७३
सुन्दरिक भारद्वाज सुत्त, अत्तदीप सुत्त
३३. **२९ औं वर्षावास** १७५
उदान सुत्त, मल्लिका सुत्त
३४. **३० औं वर्षावास** १७६

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

सोण सुत्त, जटिल सुत्त
३५. **३१ औं वर्षावास** १७८
पियजातिक सुत्त, पुण्ण सुत्त
३६. **३२ औं वर्षावास** १८१
मखादेव सुत्त
३७. **३३ औं वर्षावास** १८२
सारिपुत्त सुत्त, थपति सुत्त
३८. **३४ औं वर्षावास** १८४
विशाखा सुत्त
३९. **३५ औं वर्षावास** १८५
पधानिय सुत्त
४०. **३६ औं वर्षावास** १८६
जरा सुत्त
४१. **३७ औं वर्षावास** १८७
बोधिराजकुमार सुत्त, बोधिराजकुमार चरित्र
४२. **३८ औं वर्षावास** १९१
कण्णत्थलक सुत्त
४३. **३९ औं वर्षावास** १९३
संघभेदक खन्धक
४४. **४० औं वर्षावास** १९६
विशाखा सुत्त, जटिल सुत्त
४५. **४१ औं वर्षावास** १९७
संगाम सुत्त, कोसल सुत्त, वाहीतिय सुत्त
४६. **४२ औं वर्षावास** १९९
चंकम सुत्त, उपालि सुत्त, अभय राजकुमार सुत्त,
अजातशत्रुचरित्र
४७. **४३ औं वर्षावास** २०४
सामञ्ञफल सुत्त, एतदग्ग बग्ग, लकुण्टक भद्दिय,
पिण्डोल भाराद्वाज, पूर्ण मैत्राणी पुत्र, चुल्लपन्थ/महापन्थ,
सुभूति, खदिरवनीय रेवत, कंखा रेवत, सोण कोटिविंस,



Downloaded from http://www.dhamma.digital

सीवली, वक्कलि, कुण्डधान, वंगीस, उपसेन, दर्भ मल्लपुत्र,
पिलिन्द वच्छ, वाहिय दारुचीरिय, कुमार काश्यप, महाकोट्ठित,
वक्कुल, शोभित, नन्दक, नन्द, महाकप्पिन, सागत, राध,
खेमा, पटाचारा, धम्मदिन्ना, नन्दा, कुण्डलकेसा,
भद्रा कपिलायानी, चित्र गृहपति, उग्ग गृहपति, नकुलपिता,
खुज्जुत्तरा उपासिका, उत्तरा नन्दमाता, सुप्रवासा, सुप्रिया,
कात्यायनी, कुररघरकी काली

४८. **४४ औं वर्षावास** २५१

धम्मचेतिय सुत्त, विडूडभ चरित्र, दीर्घकारायण चरित्र,
सामगाम सुत्त, संगीति परियाय सुत्त

४९. **४५ औं वर्षावास** २५९

सारिपुत्र परिनिर्वाण, मोद्गल्यायन परिनिर्वाण,
उक्काचेल सुत्त, महापरिनिब्बाण सुत्त

५०. **४६ औं वर्षावास** २६८

५१ **महापरिनिब्बाण** २७०

५२ **ब्रह्मजाल सूत्र** २७५

५२. **बुद्धकालीन राज्यहरू** २७८

५३. **शाक्यको उत्पत्ति, कपिलवस्तु राज्य र लुम्बिनी** २९८

५४. **बुद्धकालीन परिव्राजकहरू** ३१५

५५. **बुद्धकालीन ब्रह्मादिदेवहरू** ३१९

५६. **बुद्धकालीन ब्राह्मणहरू** ३२२

५७. **बुद्धकालीन राजपरिवाहरू** ३२५

५८. **बुद्धकालीन गृहस्थीहरू** ३२७

५९. **बुद्धकालीन महिलाहरू** ३३१

६०. **सन्दर्भ ग्रन्थहरू** ३३५



Downloaded from http://www.dhamma.digital

# सम्यक् सम्बुद्ध

## (एक अद्वितीय आदर्श व्यक्तित्व)

सम्यक् सम्बुद्ध यस्तो व्यक्तित्व भएको महान् हुनुहुन्थ्यो कि त्यस्तो व्यक्तित्व आजसम्म जन्माउन सकेको छैन यस धरतीले, जुन धरतीलाई आफ्नो पारमिता पुरा गरेको साक्षी राखेर बोधिमण्डपमा बसेर मारलाई भगाएर पठाउनुभएको थियो। त्यसैले धन्य छ यो धरती !

आजकाल सम्यक् सम्बुद्धको तुलनामा 'सम्यक् सम्बुद्धसरह हौं' भन्ने वा 'सम्यक् सम्बुद्धभन्दा पनि महान् हौं' भन्ने धर्म गुरुको पनि कमी छैन। बुद्धकालीन अवस्थामा पनि उहाँको हानि चाहनेहरूको कमी थिएन। तापनि सम्यक् सम्बुद्धको व्यक्तित्वको अगाडि कोही टिक्न सकेनन्। उहाँको व्यक्तित्वलाई यसप्रकार प्रशंसा गरिन्थ्यो। जस्तै-

मेण्डक गृहपतिले भगवान्को बारेमा 'उहाँ भगवान् अर्हत सम्यक्सम्बुद्ध, विद्याचरणसम्पन्न, सुगत, लोकविज्ञ, अद्वितीय पुरुषदम्य सारथी, देवमनुष्यका शास्ता, बुद्ध, भगवान् हुनुहुन्छ। उहाँ देवमार ब्रह्मासहित यस लोकमा, श्रमण ब्राह्मणसहित देवमनुष्य सहित प्रजालाई स्वयं साक्षात्कार गर्नुभएको अद्वितीय व्यक्तित्व हुन्। उहाँ आदि कल्याण, मध्यकल्याण, अवसानकल्याण, अर्थसहित, धर्मको उपदेश गर्नुहुन्छ। केवल परिपूर्ण, परिशुद्ध, ब्रह्मचर्यको प्रकाश गर्नुहुन्छ। यसप्रकारका अर्हतहरूको दर्शन गर्नु उत्तम हुन्छ' भन्ने ख्याति सुनेर भगवान्लाई भेट्न गयो।

राजा प्रसेनजितले भन्नुभयो- 'आश्चर्य भन्ते ! जसलाई हामी शस्त्र दण्डले दमन गर्न सक्दैनौं। त्यस्तालाई पनि अशस्त्रले, अदण्डले दमन गरेर अदान्तलाई दान्त, अपरिनिवृत्तलाई पनि परिनिवृत्त गराउनु हुन्छ।'

भगवान् बुद्धकै भाषामा 'उदायी यदि अल्पहारी कै कारणले मेरो प्रशंसा गरेका हौ भने मेरा श्रावकहरू मभन्दा बढी अल्पहारी छन्। 'यदि चीवरमा सन्तोषकै कारणले मेरो प्रशंसा गरेका हौ भने मेरा श्रावकहरू मभन्दा बढी सन्तोषी छन्। यदि पिण्डपातमा सन्तोषकै कारणले मेरो प्रशंसा गरेका हौ भने मेरा श्रावकहरू मभन्दा बढी सन्तोषी छन्। यदि एकान्तवासमा सन्तोषकै कारणले मेरो प्रशंसा गरेका हौ भने मेरा श्रावकहरू मभन्दा बढी सन्तोषी छन्। यदि शयनासनमा सन्तोषकै कारणले मेरो प्रशंसा गरेको हौ भने मेरा श्रावकहरू मभन्दा बढी सन्तोषी छन्।'



Downloaded from http://www.dhamma.digital

'अन्य ५ धर्म छन् जसले श्रावकहरू मेरो प्रशंसा गर्दछन्-

१) शील- श्रमण गौतम शीलवान, परम शीलस्कन्धयुक्त छ।

२) ज्ञानदर्शन- श्रमण गौतम जानेर नै भन्नुहुन्छ, नजानेर होइन। अनुभव गरेर नै भन्नुहुन्छ अनुभव नगरी होइन। कारणसहित भन्नुहुन्छ, अकारणले होइन।

३) प्रज्ञा- श्रमण गौतम परम ज्ञानस्कन्धयुक्त हुनुहुन्छ। उहाँको लागि भविष्यको वादविवादको मार्गलाई देखेर विरोधी वादलाई खण्डन गर्न नसक्ने हुनुहुन्छ।

४) दुःख आर्यसत्य- श्रावक आएर चार आर्यसत्य बारे सोध्छन्, सोधेअनुसार प्रकाशपारी उनीहरूलाई सन्तोष गराउंनुहुन्छ।

५) प्रतिपद- सैंतीस वोधिपक्षिय धर्म बताएअनुसार अभ्यास गरेर अभिज्ञा पारमिता प्राप्त भएर विहार गर्नुहुन्छ।'

'भिक्षुहरू, जबसम्म यी चार आर्यसत्य, प्रत्येक आर्यसत्यको तीन प्रकारले बाह्रआकारको यथार्थ ज्ञान दर्शन गरी विशुद्ध भईन तबसम्म मैले दावा गरिन- सदेव लोकमा, मार ब्रह्महरूमा, श्रमण ब्राह्मण प्रजामा देवमनुष्यहरूमा, अनुत्तर सम्यक् सम्बोधि प्राप्त गरिलिएं।' जब यी प्रत्येक आर्यसत्यको तीनप्रकारले बाह्र आकारको यथार्थ ज्ञानदर्शन गरी विशुद्ध भएँ तब मात्र मैले दावा गरें- सदेव लोकमा, मार ब्रह्महरूमा, श्रमण ब्राह्मण प्रजामा देवमनुष्यहरूमा, अनुत्तर सम्यक् सम्बोधि प्राप्त गरिलिएं। मेरो विमुक्ति अचल छ। यो अन्तिम जन्म हो। फेरि यहाँ पुनर्भव हुने छैन।'

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# १. गृहस्थ जीवन

**(बुद्ध सम्बतपूर्व ८० - वि.स.पूर्व ५०६, इ.पू. ५६३)**

## जन्म

जातक अट्ठकथाअनुसार बोधिसत्वले जन्मको लागि विचार गऱ्यो- 'जम्बुद्वीप दशहजार योजन छ । त्यसमध्ये पूर्वदिशामा कजंगल प्रदेश, मध्यममा सललवती नदी, दक्षिण दिशामा सेतकण्णिक गाउँ, पश्चिम दिशामा थुन गाउँ, उत्तर दिशामा उशीरध्वज पर्वत भएको मध्यदेश जहाँ पहिलेका बुद्ध, प्रत्येक बुद्ध, भगवान्हरू जन्म ग्रहण गर्छन्, त्यसैले यस क्षेत्रको कपिलवस्तु नगरमा जन्म लिनेछु । मेरो बाबा सुद्धोदन र आमा मायादेवी हुनेछिन् र क्षत्रिय कुलमा जन्म लिनेछु ।'

त्यस समयमा कपिलवस्तुमा आषाढ पूर्णिमाको उत्सव मनाइरहेका थिए। महामाया देवी पनि त्यस दिन उपोसथ व्रत पालन गरेर सुअलंकृत शयनागारमा गएर आराम गर्दा यसरी सपना देखिन् ।

बोधिसत्व श्वेतहाथीले सूंढमा श्वेतकमल लिएर मधुर नाद गर्दै महामाया देवकिो खाटलाई तीनपल्ट प्रदक्षिणा गरेर दाहिने काखीबाट प्रवेश गऱ्यो । यसप्रकार बोधिसत्वले उत्तराषाढ नक्षत्रको दिन गर्भप्रवेश गऱ्यो ।

भोलिपल्ट रानीले सपनाको कुरा राजालाई सुनांइन्। राजाले पनि ६४ ब्राह्मणहरूलाई बोलाएर सुभोजन गराइसकेर सपनाको बारेमा सोध्यो । ब्राह्मणहरूले पनि सपनाको अर्थ लगाउँदै एक सत्पुरुषले गर्भवास गरेको शुभ समाचार सुनाउँ ।

बोधिसत्वले गर्भप्रवेश गरेदेखि रानीलाई कामराग उत्पन्न भएन । उसको लाभ सत्कार र यशकीर्ति बढ्दै गयो। दश महिना गर्भधारण गरेर माइती जाने इच्छा गरी राजा सुद्धोदनसंग अनुमति मागिन्। राजाले पनि सहर्ष स्वीकार गर्दै माइती जाने व्यवस्था गरिदियो ।

रानीको माइती देवदह र कपिलवस्तुको बीचमा लुम्बिनी नामक रमणीय वन थियो । माइती जाँदा लुम्बिनी पुग्दा रानीलाई आराम गर्ने इच्छा लागेर रथबाट ओर्लिन् । शालवनको सुन्दर दृश्य देखेर शालवृक्षको हाँगा समात्न खोज्दा नै रानीलाई अचानक प्रसव वेदना सुरु भयो । परिचारिकाहरूले थाहा पाएर तुरुन्त प्रसवको लागि व्यवस्था गरिदिए ।



Downloaded from http://www.dhamma.digital

महामाया देवीले त्यहीं नै बोधिसत्वलाई जन्म दिइन्। त्यो शुभदिन वैशाख पूर्णिमा थियो र बुद्ध सम्बतपूर्व ८० वर्ष थियो। पछि बोधिसत्वलाई कपिलवस्तुमा ल्याइयो। जुन दिन बोधिसत्वको जन्म भयो त्यसै दिन यशोधरा छन्न, कालउदायी, आजानीय हाथी, कन्थक घोडा, महाबोधिवृक्ष र अमूल्य रत्नले भरिएको चारवटा ठूला घैंटा पनि उत्पन्न भएका थिए।

## बाल्यकाल

त्यस समय राजा सुद्धोदनको राजमहलमा कालदेवल नामक प्रतापी ऋषि देवताहरूबाट बोधिसत्वको जन्म भएको खबर सुनेंर, हेर्न भनी राजदरवारमा आइपुग्यो। कालदेवलको अनुरोधमा बालक बोधिसत्वलाई ऋषिको सन्मुख उपस्थित गराईयो। ऋषिले बोधिसत्वलाई उठेर वन्दना गऱ्यो। राजाले यो आश्चर्यलाई देखेर राजाले पनि पहिलोपल्ट छोरालाई वन्दना गऱ्यो।

बालक देखेर ऋषि कालदेवल एकपल्ट खुसी भयो, अर्को पल्ट दुःखीत भयो। यसरी एकपल्ट खुसी भएको र एकपल्ट दुःखीत भएको कारण राजाले सोध्यो- 'भन्ते, के हाम्रो आर्यपुत्रलाई कुनै संकट आइपर्ने त छैन ?'

'यसको संकट छैन।'

त्यसो भए तपाई किन रुनु भएको त ?

'यो बालक अवश्य बुद्ध हुनेछ भन्ने थाहा भएर खुसी भएको हो तर त्यसबेला कालदेवल ऋषि जीवित नहुने हुनाले महापुरुषको दर्शन गर्न नपाइने भएकोले रुएको' कुरा सुनांयो।

पछि कालदेवल ऋषिले 'आफू त बुद्धको दर्शन गर्न नपाइने भयो। आफ्नो परिवारमा कसले दर्शन गर्न पाउला ?' भनी विचार गरी हेर्दा भाञ्जा नालकले दर्शन गर्न पाइने भनी थाहा पाएर नालकलाई बुद्धको नाममा प्रव्रजित गर्न प्रेरणा दियो- 'तात् ! महाराज सुद्धोदनको कुलमा पुत्ररत्न उत्पन्न भएको छ। ऊ बुद्धअंकुर हो। पैंतीस वर्षपछि बुद्ध हुने छ, तिमीले देख्न पाउने छौ। आज नै प्रव्रजित होऊ।'

'म सत्तासी करोड धन भएको कुलमा उत्पन्न भएको छोरा हुँ। तर मेरो मामाले अनर्थमा लगाइरहनु भएको छैन होला' भनी मामाको कुरामा विश्वास गऱ्यो। नालक पनि 'जो लोकमा उत्तम पुरुष छ, उसैको नाममा मेरो यो प्रव्रज्या हो' भनेर प्रव्रजित भयो। पछि बोधिसत्वले बुद्धत्व प्राप्त गरेपछि आएर उहाँबाट प्रव्रज्या, उपसम्पदा ग्रहण गरेर नालकोपदेश सुनेंर निर्वाण प्राप्त गरेर हिमालयमा गएर परिनिर्वाण हुनुभयो।

बोधिसत्वको न्वारानको दिन राजाले फेरी एकसयआठ ब्राह्मणहरूलाई बोलाई सुभोजन गराइसकेर बालकको लक्षण सोध्यो। त्यसबेला ती ब्राह्मणहरूमध्ये राम, धज,



Downloaded from http://www.dhamma.digital

मन्त्री लखन, भोज, सुयाम, सुदत्त, द्विज, कोन्डञ्ञ आठ जना धुरन्धर विद्वान ब्राह्मणहरू पनि थिए । त्यसमध्ये कोण्डञ्ञबाहेक सातजना ब्राह्मणहरूले घोषणा गरे 'गृहस्थमा बसे चक्रवर्ती राजा हुने र गृहत्यागी भए बुद्ध हुने ।' तर सबैभन्दा कान्छो कोण्डञ्ञले भने एउटा औंला ठाडो पारेर 'बोधिसत्व गृहत्यागी नै भएर सर्वज्ञ बुद्ध हुने' घोषणा गऱ्यो । बालकले सर्व अर्थ सिद्ध गर्न सक्ने अर्थमा सिद्धार्थ नामाकरण गरियो । सातौं दिनमा महामाया देवीको मृत्यु भयो । राजाले बोधिसत्वको लागि धाइहरूलाई नियुक्त गरी विशेष व्यवस्था सहित प्रजापति गौतमीलाई सुम्पिदियो ।

एक दिन कपिलवस्तुमा खेती गर्ने उत्सव थियो । त्यस उत्सवमा राजाले पनि हलो चलाएर खेती गर्नुपर्दथ्यो । राजाले खेती गरेको हेर्न सबै जम्मा हुन्थे । धाइहरू पनि बालक सिद्धार्थलाई लिएर खेतमा गए । एउटा जामुनको रुखमुनि बालकलाई राखेर धाइहरू राजाले हलो चलाएको हेर्न गए । हेर्दाहेर्दै मक्ख परी बसिरहे । आउँदा ढिलो भयो । फर्केर आएर हेर्छन् त बालक सिद्धार्थ पलेटी कसी ध्यानमग्न छ । अर्को आश्चर्य- छाडेर गएको समयको जामुनको छायाँ सिद्धार्थमाथि जस्ताको तस्तै छ तर अन्य रुखहरूको छायाँ टाढा पुगिसकेको छ । यो कुरा सुनेंर राजा हेर्न आउँदा आश्चर्य मानेर राजा सुद्धोदनले दोश्रोपल्ट छोरालाई वन्दना गऱ्यो ।

## यौवन

क्रमशः बोधिसत्व सोह्र वर्षको भयो । बोधिसत्वको लागि तीन महल बनाइयो-नौ तले, सात तले र पाँच तले । दरवारमा खाद्य सामाग्री, नाचगान वाद्यवादनसहितको सम्पूर्ण सुविधा पुऱ्याइदियो । बोधिसत्वको १६ वर्षमा यशोधरासंग विवाह भयो । बोधिसत्व त्यसै दरवारहरूमा सुखभोगमा लिप्त भइबस्यो । यो देखेर जनताले भन्न थाले- 'राजकुमार सुखभोगमा लिप्त भइबसेको छ, शिल्पविद्या केही पनि सिक्दैन ।' यो कुरा सुनेंर बोधिसत्वले शिल्पविद्याको प्रदर्शन गर्ने अठोट गरेर राजालाई बतायो । बोधिसत्वले पनि सातौं दिनमा अक्षणवेध, बालवेध आदि बाह्र प्रकारका धनुर्विद्या प्रदर्शन गरेर जनतालाई सन्तुष्ट पाऱ्यो ।

एक दिन बगैंचा घुम्न जाँदा बाटोमा दाँत झरेको, केस सेतै फुलेको हिंड्न पनि नसक्ने अति वृद्धलाई देख्यो । त्यस्तो अचम्भीत दृश्य देखेर सोध्यो ।

सारथीले 'त्यो वृद्ध हो र यो जन्मपछि वृद्धत्व स्वतः आउंछ' भनेर सुनांयो ।

तब विरक्त भएर दरवार फर्कियो । फेरि एक दिन बगैंचा घुम्न जाँदा अती रोगी पीढित व्यक्तिलाई देख्यो । फेरि एक दिन लगिरहेको लाशलाई देख्यो । यी सबका जवाफ पनि 'जन्मसंगै आउने प्रकृति स्वभाव हो' भनी थाहा पायो र विरक्त हुँदै दरवार फर्कियो । तर एक दिन एक शान्त संयमित भएर हिंडिरहेको प्रव्रजितलाई देख्यो । सारथीले प्रव्रजितको



Downloaded from http://www.dhamma.digital

गुण बखान गर्दा सिद्धार्थलाई प्रव्रजित भएर जाने प्रेरणा प्राप्त भयो ।

प्रव्रजित हुने विचार गरी प्रफुल्लित भएको सिद्धार्थलाई यशोधराले छोरा जन्माएको खबर सुनाउँन ल्यायो । प्रव्रजित भएर जाने विचार आउँदा बाधा आयो भन्ने मनसायले 'राहु आयो' भनी उद्‌गार प्रकट गर्‍यो । यही कुरा राजालाई सुनाउँदा सुद्धोदनले आफ्नो नातीको नाम राहुल राख्यो । बोधिसत्व त्यसपछि नगर घुम्दा किसागौतमी क्षत्रिय कन्याले सिद्धार्थको यौवन रूपलावण्य देखेर प्रशंसा गरिन् ।

परम शान्त आमा उसको परम शान्त बाबा उसको ।
परम शान्ति स्वास्नी उसको जसको लोग्ने हुन्छ यस्तो ॥

कामतृष्णाको कारणले गरेको प्रशंसालाई सिद्धार्थले सोच्यो- 'उनले शान्तिको कुरा गर्दैछ । राग द्वेष मोह अग्नि शान्त भएपछि मात्र वास्तविक शान्ति प्राप्त हुन्छ । त्यसैले म अवश्य शान्तिको खोजी गर्नेछु ।' गृहत्याग गर्ने प्रेरणा दियो भनेर अमूल्य मोतीहार उपहार दियो । तर किसागौतमीले सोचिन्- 'सिद्धार्थ कुमार मेरो प्रेममा फस्यो ।'

## चार निमित्त - अनुवादकको एक टिप्पणी

सम्यक् सम्बुद्धको जीवनीमा गृहत्याग गर्नअघि सिद्धार्थ गौतमले चार निमित्त देख्यो भन्ने विषयमा मत भिन्नता पाइन्छ । विशेषगरी डा.अम्बेडकरले 'भगवान् बुद्ध र उहाँको धर्म' पुस्तकमा यसको आलोचना गर्नुभएको छ । त्यस विषयमा विवेचना गर्न आवश्यक भएको छ ।

२८ वर्ष पुगेको युवकले बूढा, रोगी र लाश भनेको थाहा नपाएर 'त्यो के हो ?' भनी सोध्नु यो सम्भव छैन भन्ने तर्क एकतर्फबाट सही छ । यसको विकल्पमा डा. अम्बेडकरले रोहिणी नदीको कारणले सिद्धार्थ गौतमले गृहत्याग गरेको भन्ने प्रमाण दिनुभयो त्यसमा बुद्धिमता देखाएझैं लाग्दैन ।

रोहिणी नदीको विवाद शायद सानो स्तरमा सिद्धार्थ गौतमको गृहस्थकालमा पनि भएको होला । तर त्यसको विवाद बढेर युद्ध गर्ने अवस्था १५ औं वर्षावास अर्थात गृहत्यागको २१ वर्षपछि भयो । जसको समाधान सम्यक् सम्बुद्धको उपस्थितिमा रोहिणी नदीमा भयो । यदि रोहिणी नदीको विवादले शाक्य कोलियबीच युद्ध हुन खोज्दा सिद्धार्थ गौतमले त्यसको विरोध गर्दा देशनिकाला स्वरूप गृहत्याग गरेको सही हो भने २१ वर्षपछि मात्र किन युद्ध गर्नुपर्‍यो ? त्यस समय युद्ध किन भएन ? त्यसैले रोहिणी विवादको कारणले सिद्धार्थ गौतमले गृहत्याग गरेको अवश्य नै होइन ।

अर्को तर्क- सिद्धार्थ गौतमले गृहत्याग गर्ने निर्णय लिएपछि यशोधरालाई आफ्नो निर्णय सुनाउँदा यशोधराले- 'हजूरको निर्णय ठीक छ । हजुरलाई मेरो अनुमति छ समर्थन दुबै



Downloaded from http://www.dhamma.digital

प्राप्त छ। म पनि हजूरसंगै प्रव्रजित हुने थिएं। तर मलाई राहुलको पोषण गर्नु छ।' (पृष्ठ २८)

यसरी प्रशंसा र प्रेरणा दिने यशोधराले जब सिद्धार्थ गौतमले गृहत्याग गऱ्यो तब कसरी यसप्रकार अभिव्यक्ति गर्न सकिन् ?

१/२१/१७- 'मलाई उहाँले छाडेर जानुभयो। विधवा बनाएर जानुभयो। मलाई आफ्नो नयाँ जीवनको संगिनी बनाउन सक्नुहुन्थ्यो। १/२१/१६- उहाँको विशाल आँखाहरू भएको तेजश्वी अनुहार हेर्न योग्य नभए पनि के विचरा राहुललाई आफ्नो पिताको काखमा बस्ने अधिकार पनि थिएन ? १/२१/१७- त्यस वीरको कोमल सौन्दर्यभित्र भएको हृदय कति कठोर र कति निर्दयी हुंदोरहेछ ? तोते बोली बोलेर शत्रुलाई समेत मुग्ध पार्ने यस्तो बालकलाई छाडेर जानसक्ने त्यस्तो अरु को छ होला ?'

त्यसैले यशोधरालाई सिद्धार्थ गौतमको प्रव्रज्या बारे सहमति थिएन भन्नुको अर्थ रोहिणी विवाद अनुसार अनुमति लिएर सार्वजनिकरूपमा गृहत्याग गरेको हो भन्ने तर्क सही छैन।

'वृद्धलाई नदेखेको होला र ?' भन्ने शंकाको समाधानको रूपमा मात्र रोहिणी विवादलाई प्रस्तुत गरेको हुनसक्छ, चाहे तथ्य होस् या नहोस् ? यस्तै काल्पनिक असत्य अभिव्यक्ति पुनर्जन्म बारे पनि छ।

सम्यक् शिक्षामा आत्मा मान्दैन। त्यसैले पुनर्जन्मको मतलव आत्माले पुनर्जन्म लिन्छ त्यसैले त्यो गलत हो भन्ने प्रमाणको लागि यसप्रकार तर्क पेश गर्नुभएको छ (पेज २४१)। भगवान् बुद्धका अनुसार चार भौतिक पदार्थहरू चार महाभूतहरू छन्। जसबाट हाम्रो शरीरको रचना हुन्छ- पृथ्वी, जल, अग्नि, वायु। शरीरको रचना मृत्युपछि ...आकाशमा जतिपनि समान भौतिक पदार्थहरू सामूहिकरूपमा विद्यमान छन्, तिनीहरू त्यसमा मिल्न जान्छन्। यस विद्यमान (उडिरहेका) राशिमध्येबाट जब चारवटै महाभूतहरूको पुनर्मिलन हुन्छ, त्यसपछि पुनर्जन्म हुन्छ।'

यसको प्रमाणको लागि बाबा अम्बेडकरले आयुष्मान् सारिपुत्र र आयुष्मान् महाकोट्ठितबीचको संवादलाई प्रस्तुत गर्नुभएको छ, जसको अन्तमा आयुष्मान् महाकोट्ठितले सोध्नुभयो- 'मृत देहमा र संज्ञा तथा वेदना निरोध गरिसकेको भिक्षुमा के अन्तर हुन्छ ?'

सारिपुत्रको जवाफ- 'मृतदेहमा शरीर, वाणी र मनको क्रियामात्र शान्त हुन जाने नभै चेतना (जीवित इन्द्रिय) रहँदैन, उष्णता रहदैन र इन्द्रियहरूको पनि मुलोच्छेद हुनजान्छ। अर्कोतिर ध्यानी भिक्षुको चेतन रहिरहन्छ, उष्णता र इन्द्रियहरू पनि रहिरहन्छ। तर श्वास प्रश्वास बन्द हुनजान्छ। इन्द्रियहरूको वितर्क, विचार, संज्ञा आदि क्रियाहरू शान्त हुनजान्छ।

डा. अम्बेडकरले शंका गरी भन्नुभएको छ- 'यस संवादमा केवल एउटा व्याख्याको



Downloaded from http://www.dhamma.digital

कमी छ। महाकोट्ठितले सारिपुत्रसंग 'उष्णता के हो ?' भन्ने प्रश्न गर्नुपर्दथ्यो ।'

डा. अम्बेडकरले यदि अभिधम्म अध्ययन गर्नुभएको भए उष्णता कबलिंकार आहार सेवन गरेको कारणबाट उत्पन्न हुन्छ भन्ने थाहा पाउनुहुन्थ्यो र आयुष्मान् महाकोट्ठितको प्रज्ञाप्रति शंका गर्नुपर्ने थिएन ।

पुनर्जन्मलाई विरोध गर्न नभएर, प्रमाणको लागि प्रतीत्य समुत्पाद सिद्धान्त विरुद्ध काल्पनिक चार महाभूत प्रस्तुत गर्नुभएको हो। उहाँले अविद्याको कारण संस्कार र संस्कारको कारणले विज्ञान भन्ने प्रतीत्य समुत्पादको अंगहरूलाई चटक्कै बिर्सिदिनुभयो। अविद्या पनि मानसिक स्वभाव हो र संस्कार पनि। संस्कारमा अपुण्याभिसंस्कार, पुण्याभिसंस्कार र आनेञ्जाभिसंस्कारको कारणले विज्ञान अर्थात प्रथम पुनर्जन्म चित्त बन्दछ। अझ स्पष्ट भन्ने हो भने रज र वीर्यको मिलन हुंदा प्रथम विज्ञान चित्त वा गन्धर्व वा संस्कारले प्रभावित चित्तको प्रादुर्भावले मात्र गर्भवास हुन्छ। त्यस गर्भवास बस्ने पाठेघरमा कुनै बाह्य चार महाभूत प्रवेश गर्ने अवसर छैन। त्यसैले मृत व्यक्तिको मरणपछि चार महाभूतहरू हावामा अन्य महाभूतसंग मिसिएर, त्यही मिसिएको महाभूतहरूमध्ये कुनैसंग मिलेर पुनर्जन्म भयो भन्नु हाँस्यास्पद कुरा मात्र हो। अर्थात 'खरायोको सिंग उम्रेर आयो' भनी प्रमाण गर्न खोज्नेझैं मात्र हो।

यसबाट के प्रमाणित हुन्छ भने डा. अम्बेडकरलाई शंका लागेको कुरामा आफ्नो अध्यधिक तीक्ष्ण बुद्धिको आधारमा एक मनगढन्ते सिद्धान्त प्रस्तुत गर्न सक्नुहुन्छ। चाहे त्यो यथार्थदेखि कौशौं टाढा किन नहोस्। यदि डा. अम्बेडरको पुनर्जन्मको लागि चारमहाभूत सिद्धान्तलाई स्वीकार गर्ने हो भने अभिधम्मको चित्त चेतसिक रूप निर्बाण पूर्णतया असत्य हुनजान्छ।

डा. अम्बेडरको चार निमित्त बारे गरेको शंका पूर्णतया गलत भन्न खोजिएको होइन। त्यसलाई विभज्जवादी भएर विश्लेषण गरी हेर्ने आवश्यकतालाई जोड दिन खोजिएको मात्र हो।

चीनिया यात्री ह्वेनसाङले आफ्नो यात्राक्रममा कपिलवस्तुमा सिद्धार्थ गौतमले चार निमित्त देखेको स्थानमा चैत्य आदि चिन्ह पाएको उल्लेख गरेको छ। यो प्रगति चीनिया यात्रीको यात्राभन्दा पहिले नै काल्पनिक तथ्यहरूलाई थपथाप गरिसकेको थियो कि ? वा चारनिमित्त यथार्थ नै हो त्यसबारे अनुसन्धान गर्नु बाकी नै छ।

विशेषगरी आफ्ना बाबाहरू बृद्ध देख्दा देख्दै पनि कसरी 'त्यो को हो ?' भनेर अनजान भएर प्रश्न गर्‍यो ? भन्ने शंकालाई यसरी जवाफ दिन सकिन्छ।

प्रत्येक एक रूप कलाप उत्पन्न हुंदा १७ वटा चित्तहरू उत्पन्न हुन्छन्। त्यसमा



Downloaded from http://www.dhamma.digital

कमीतमा तीन वटा सुताहा (भवंग) चित्त र ७ वटा कर्म बनाउने दौडाहा (जवन) चित्त हुन्छ। यो दौडाहा चित्त बन्नअघि जुन निर्णय गर्न चित्तहरू (सन्तीरण, सम्प्रतिच्छन्, वोट्ठवन) छन् केही गरी प्रज्ञारहित भएमा जानकारी गलत वा यथार्थ विपरित हुनसक्छ।

१) **पहिलो उदाहरण-** अविद्यावश गलत हुन पुगेमा मोहसहित (प्रज्ञारहित) चित्त हुन्छन्। जस्तै- सुतेको अवस्थामा कुनै आवाज आएर सुनिए तापनि सही निर्णय दिन नसक्दा मुसालाई भूत भन्न सकिन्छ। अर्थात सही जानकारी वा निर्णय नहुन सक्छ। जसले आलम्बनप्रति सही जानकारी दिँदैन।

२) **दोश्रो उदाहरण-** रूप (आलम्बन) पनि प्रतिक्षण अरबौंमा ग्रहण गर्दा तीव्र गतिले उत्पन्न हुने चित्तहरूले एकपछि अर्को रूपलाई ग्रहण गर्न सक्दैन। जुन आलम्बन ग्रहण गरिएको छैन त्यसबारे चक्षुविज्ञान आदि चित्तहरू उत्पन्न नै हुँदैन। फलस्वरूप ती ग्रहण नगरिएका आलम्बनको जानकारी हुँदैन। केही गरी ग्रहण गरिएकै भए तापनि त्यसप्रति प्रबल पूर्वसंस्कारले काम नगरेमा देखेको मात्र हुन्छ, पूर्ण जानकारी वा प्रतिक्रिया गर्ने जानकारी हुँदैन, जसले ग्रहण गरिएको आलम्बन वास्तवमा 'के हो ?' भन्न सकिँदैन। जस्तै- बजारमा जाँदा वा कसैको कोठामा जाँदा आँखा खोलेर नै गइन्छ। तर उसलाई बजारभरिका सारा मानिसहरू वा कोठाका सारा सामानहरू 'एकपछि अर्को भन' भन्दा भन्न सक्दैन। केही गरी उसलाई त्यो, त्यो मानिस पनि थियो वा त्यो त्यो वस्तु पनि थियो भन्दा 'मैले देखिनं' भन्न सक्छ र भन्छ पनि। अर्थात आँखा खोल्दा पनि कल्पना आदि काम गर्दा हाम्रो सारा चित्तहरू चक्षुप्रसाद (आँखा) बाट काम गर्दैन र फलस्वरूप अन्य कल्पना आदि आलम्बनमा मन गएको कारणले देखिनुपर्ने बाह्य दृश्य (रूप आलम्बन) लाई ग्रहण गर्दैन र देख्दैन। नदेखेको विषयलाई सम्झेर भन्न सक्दैन किनकि नदेखेको विषयको संस्कार नै बसेको हुँदैन।

३) **तेश्रो उदाहरण-** साधारणरूपमा ग्रहण गरिने आलम्बन र प्रज्ञा सम्प्रयुक्त भएर गरिने आलम्बन अर्थात बोध हुने गरी ग्रहण गरिएको आलम्बनको अर्कै मानसिक प्रतिक्रिया वा जानकारी हुन्छ। जस्तै- साधारण रूपमा जानिएको विषयलाई पनि प्रज्ञायुक्त (ज्ञानसम्प्रयुक्त) भएर बुझ्दा त्यहाँ अर्कै विषयहरू देखिन्छन्। यथार्थता झल्किन्छ। उदाहरणको लागि सिनेमा हेरेर, उपन्यास पढेर 'प्रेमको परिभाषा र व्याख्यान गर्नसक्नेले पनि आफू प्रेम गर्न पुग्दा 'के यही प्रेम हो ? भनेर सोच्न सक्छ।

**अर्को उदाहरण-** असिबन्धकपुत्र, उपालि, अभयराजकुमारहरू मूर्ख होइनन्। तर निर्ग्रन्थनाथपुत्रको अनुयायी हुञ्जेलसम्म अर्कै धारणा थियो। त्यसबेलासम्म उनीहरू आफूलाई विद्वान र सम्यक् सम्बुद्धलाई मूर्ख नै सम्झिन्थे। तर जब सम्यक् सम्बुद्धको



Downloaded from http://www.dhamma.digital

धर्मदेशना सुन्यो । तब उनीहरूमा बोधिज्ञान जाग्दा, स्वयम्भूको आँखा खोलिंदा विवेक अर्कै भयो । पहिले सोचेभ्कैं भएन । तब आफ्नो पुरानो ज्ञान मूर्खता र सम्यक् सम्बुद्धमा अपार ज्ञान र महान्ता देख्यो । अर्थात 'हो त नी' भनेर नयाँ ज्ञान जाग्दा पहिले देखिएको विषयलाई अहिले अर्कै रूपमा देख्न सकिन्छ ।

## अनुवादकको अनुभव

आयुष्मान् बुद्धघोष महास्थविर (हालको संघ उपनायक) संग मेरो धेरै सम्पर्क भैसकेको थियो । उहाँ मभन्दा धेरै बूढा हुनुहुन्छ । तर मलाई बूढा हुनुको वैराग्य वा कुरूपता कहिले महसुस भएन । एकदिन एक उपासकको घरमा माथि छतमा राखेर भोजन गराउँदा उहाँले खाना खाइसकेपछि, जडान गरेको कृत्रिम दाँत निकालेर सफा गर्न थाल्नुभयो । त्यसबेला दाँत नभएको मुख चाउरी परेको बुद्धघोष महास्थविरलाई देख्दा 'के बूढा हुंदा यस्तो कुरूप र विकृत अवस्था हुन्छ ?' भन्ने शंका र संवेग उत्पन्न भयो । किनकि त्यसबेला त्यस घटनाले जुन बोध भयो, त्यस्तो बोध अरुबेला अगाडि वा पछाडि भएको छैन । यसभन्दा अगाडि पनि धेरै बूढाहरू देखिसकें र पछि पनि धेरै बूढाहरू देखिसकें । तर 'त्यसरी संवेग उत्पन्न हुने अवस्था हुन्छ' भन्ने ज्ञान कहिले पनि जागेन ।

उपरोक्त तर्क गर्नुको अर्थ, 'के सिद्धार्थले पनि पहिले पहिले देखेका बाबा आदि बृद्धहरूलाई साधारण आँखाले र चार निमित्त देख्दा संवेग (वैराग्य) को आँखाले हेरेकोले फरक परेको त होइन ? भन्ने शंका गर्ने ठाउँ छ । त्यसैले चार निमित्त देखेको हुँदै होइन भन्नुको सट्टा किन चार निमित्त देखेर वैराग आउंछ त्यसको खोजी गर्न आवश्यक छ । किनकि चार निमित्तहरू त हामी पनि प्रत्येक दिनजस्तो देख्छौं । यदि सिद्धार्थ गौतमको चार निमित्त ग्रहण गर्ने कारणलाई हामीमा पनि विकास गर्न सक्यौं भने हामी गृहत्यागी भएर अनुपम ब्रह्मचर्य वासलाई छिटै साक्षात्कार गर्न सक्छौं ।

शायद डा. अम्बेडकरले अभिधम्म वा चित्तको अध्ययन गर्ने वा ध्यान अभ्यास नगरेर हो कि ? वा चार निमित्तलाई ग्रहण गरेमा गृहत्यागी भएर जानुपर्ने डरले चार निमित्त कसैले पनि ग्रहण नगरोस् भन्न मनसायले चार निमित्तको विरोध गरेको हो कि ? प्रत्यक्ष निर्णय नगरेर, खोजी गर्न आवश्यक छ । किनकि सिद्धार्थले जस्तै आजकालका उपासक उपासिकाहरू दिनहुंजस्तै देखिने चारनिमित्तलाई ग्रहण गरेकोभए बुद्धजन्मभूमिमा चारपाँच हजारभन्दा कम भिक्षु अनागारिकाहरू हुने थिएनन् । प्रव्रजित भएर अनुपम ब्रह्मचर्य साक्षात्कार गर्नेहरूको कमी हुने थिएन । तर यी नहुनुको अर्थ हामीमा चार निमित्त ग्रहण गर्ने स्वंयम्भूको आँखा नै छैन । सम्यक् सम्बुद्धअनुसार तृष्णामा भुलेर मक्ख परिबसेका छौं ।



Downloaded from http://www.dhamma.digital

## बुद्धजयन्ती र बुद्ध सम्बत्

सम्यक् सम्बुद्धको महापरिनिर्वाण भएपछि उहाँको स्मरणमा प्रत्येक वर्ष एक वर्ष बित्यो, दुइ वर्ष बित्यो भन्दै बौद्धहरूले श्रद्धापूर्वक वर्ष गन्ती गर्न थाले । त्यहीं कालगन्ती पछि गएर बुद्ध सम्बत भनेर स्वीकार गरियो । त्यसैले बुद्ध सम्बत् भनेको बुद्धको मृत्यु भएको कालगन्ती मात्र हो । त्यसैले यो बुद्धजयन्ती (बुद्ध जन्म वर्ष) होइन ।

जयन्ती भनेको जन्मदिनमा मनाइने कार्यक्रम हो, जुन जीवित व्यक्तिको भए जन्मउत्सव र मृत्त व्यक्तिको भए जन्मजयन्ती भनिन्छ । त्यसैले बुद्धजयन्ती मनाउँदा बुद्ध सम्बत्मा उहाँको ८० वर्षको आयु थपेर अर्थात बु.स.२५४८ मा ८० थप्दा २६२८ वर्ष नै बुद्धजयन्ती हुने हुनाले २६२८ औं बुद्धजयन्ती भनी मनाउनुपर्दछ । कसैकसैले २५४८ औं बुद्धपूर्णिमा वा वैशाखपूर्णिमा पनि भन्दछन् । तर यो पनि गलत नै हो । किनकि २५४८ वर्ष परिनिर्वाण (मृत्यु) वर्ष मात्र भएकोले त्यसभन्दा अगाडिको जन्मको हिसावले ८० वटा र ज्ञान प्राप्तको हिसावले ४५ वटा वैशाख पूर्णिमाहरू छुट्ने हुन्छ । त्यसैले २६२८ औं बुद्धजयन्ती वा बुद्ध पूर्णिमा वा वैशाख पूर्णिमा भनी मनाउनुपर्दछ ।

बुद्ध सम्बत् र बुद्धजयन्तीमा भ्रम परेको मूलकारण त्रिसंयोग हो । किनकि जन्म, बोधिलाभ, परिनिर्वाण भएको तिथि वैशाखपूर्णिमा हो । एउटै तिथि परेकोले मानिसहरू भ्रममा परेर एकैदिन जन्म, बुद्धत्वलाभ र मृत्यु भएका ठानिरहेका छन् । वैशाखपूर्णिमा तिथि भए तापनि जन्म र मृत्युको बीच ८० वटा वैशाखपूर्णिमा र बोधिलाभ र मृत्युबीच ४५ वटा वैशाखपूर्णिमा फरक पर्दछन् । त्यसैले विहान जन्म, दिउँसो बोधिलाभ र साँझमा मृत्यु भयो भन्ने त्रिसंयोगको अर्थ लाग्ने गरी जन्म पनि २५४८ बोधिलाभ पनि २५४८ र मृत्यु वा बुद्ध सम्बत् पनि २५४८ भनी भ्रममा परेका छन् । अतः यो भ्रमलाई सुल्झाएर बुद्धजयन्ती र बुद्ध सम्बत् एउटै नभएर ८० वर्षको फरक घटना हो भनेर इतिहासलाई स्वीकार गर्नुपर्दछ ।

सत्यलाई दुइप्रकारको व्यक्तिले स्वीकार गर्दैन -

१. अज्ञानताको कारणले मूर्खले सत्यलाई स्वीकार गर्दैन ।

२. आफ्नो कमजोरी हटाउन नसकेर बुझ पचाउने कारणले पाखण्डीले सत्यलाई स्वीकार गर्दैन ।

त्यसैले इतिहास थाहा नपाएसम्म हामी मूर्खसम्म बनौं तर इतिहास थाहा पाएर पनि परम्परा तोड्न नसक्ने कमजोरीलाई कायम गरेर २५४८ औं बुद्धजयन्ती मनाएर बुझ पचाउने पाखण्डी नबनौ । अतः इतिहास स्वीकार गरेर एकपल्ट भएको परम्परागत



Downloaded from http://www.dhamma.digital

गल्तीलाई सुधार गरौं र २६२८ औं बुद्धजयन्ती भनी काल गिन्तिअनुसार पनि लुम्बिनीलाई राष्ट्रको गौरव मान्ने र लुम्बिनी दिवसलाई गौरवपूर्वक मान्ने बानी बसालौं । यसरी मान्नु प्रत्येक बौद्धहरूको, विशेषगरी बुद्धजन्मभूमि नेपालका बौद्धहरूको, सम्मान र प्रतिष्ठानै हुनेछ ।

*( बुद्ध सम्बत्का बारे प्राक्कथानमा पनि अध्ययन गर्नुभए अझबढी जानकारी प्राप्त हुने देखिन्छ । -सं.)*



Downloaded from http://www.dhamma.digital

# महाअभिनिष्क्रमण

**(२९ वर्ष - बुद्ध सम्बतपूर्व ५१, बि.सं. पूर्व ४७७, इ.पू. ५३४))**

## गृहत्याग

जुन दिन गृहत्याग गर्ने हो त्यस दिन बोधिसत्व जीवन बारे सोचिरहेको थियो । सिद्धार्थलाई प्रभावित पार्न धेरै नर्तकीहरू आकर्षित ढंगले नाच्दै गाउँदै थिए। सोच्दा सोच्दै सिद्धार्थ सुत्यो । सुतेको देखेर नर्तकीहरूले सोचे- 'जसको लागि नाच्ने गाँउने हो ऊ नै सुतिसकेपछि हामी किन नाच्ने गाउँने ?' तब उनीहरू पनि थाकेकोले त्यहीं सुते । पछि सिद्धार्थलाई निद्रा खुल्यो र देख्दछ त विभत्सरूपमा युवतीहरू लडिरहेका छन् । कसैको लुगा ठाउँमा छैन । कसैको सिंघान, कसैको र्‍याल आदि निस्किरहेको छ । मानौं त्यहाँ मुर्दाहरू मात्र छन् । यस दृश्यले सिद्धार्थमा झन वैराग्य जगायो र गएर छन्दकलाई घोडा तयार गर्न लगायो ।

गृहत्याग गर्नअघि छोरालाई हेर्न राहुलमाताको कोठामा प्रवेश गर्दा राहुल आमाको हातलाई सिरानी बनाएर सुतिरहेको थियो । छोरालाई छुन गए यशोधरा ब्युझिन सक्ने शंकाले 'बुद्ध भएपछि भेट्न आउने' विचार गरी त्यहाँबाट हिंड्यो । त्यसबेला राहुल मात्र सातदिनको थियो ।

महलबाट बाहिर निस्केर कन्थक घोडा चढेर गृहत्यागको लागि प्रस्थान गर्‍यो । साथमा छन्दक सारथी पनि साथ लग्यो । दरबारबाट निस्कने बेला वशवर्ती मार आएर 'आजको सातौं दिनमा तिम्रो चक्रवर्तीको लागि चक्ररत्न प्रादुर्भाव हुन्छ। सात जम्बुद्वीपमा राज्य गर्नेछौ । त्यसैले गृहत्याग नगर' भनी लोभ्याउन खोज्यो ।

'मलाई पनि चक्ररत्न प्रादुर्भाव हुने थाहा छ। तर मलाई राज्यभन्दा बुद्धत्व प्यारो छ' यति भनेर गृहत्याग नै गर्‍यो । यो दिन सिद्धार्थ कुमारको २८ वर्ष पुरा भएपछिको आषाढ पूर्णिमाको रात थियो ।

राज्यसीमा पार गरेर जाँदा बाटोमा एक नदी आयो । त्यस नदीको नाम 'अनोमा' भनी सुन्दा 'त्यसो भए मेरो गृहत्याग पनि अनोम (उत्तम) हुनेछ' भनी कन्थक घोडालाई ईशारा गर्नासाथ कन्थकले उफ्रिएर नदी पार गर्‍यो । नदीपार तरेर सिद्धार्थले आफ्नो राजकीय पोशाक गहना उतारेर छन्दकलाई दिंदै कन्थकसहित दरबार फर्किन र गृहत्यागको समाचार सुनाउँन भन्यो । आफैले देब्रेहातले केश समातेर दाहिने हातले तरवार समातेर केश काट्यो । मात्र दुइ अंगुल केश बाकी रह्यो जुन घुँघुरिएर बस्यो र पछि फेरि केश



Downloaded from http://www.dhamma.digital

काट्नुपर्ने गरी बढेन ।

सिद्धार्थले काटिएको केशलाई हावामा फ्यालिदियो र भन्यो 'यदि म बुद्ध हुनेछु भने केश हावामा नै अल्झिरहोस् । साँच्चै नै केश हावामा नै अल्झिरह्यो । पछि देवराज इन्द्रले लिएर गएर तावतिंस देवलोकमा चूडामणि चैत्यको स्थापना गऱ्यो ।

त्यही समय पूर्वजन्मको मित्र घटिकार हालको ब्रह्मा आएर प्रव्रजित भेष दियो । त्यहीं प्रव्रजित भेषमा बुद्धत्व प्राप्तिको लागि प्रस्थान गऱ्यो । सिद्धार्थसंगको विछोड सहन नसकेर कन्थकको बाटैमा मृत्यु भयो र छन्दक एक्लै कपिलवस्तु फर्कियो ।

## तपश्या

गृहत्याग गरेर अनुप्रिया नगरको आँप बगैचामा एक हप्ता बिताएर राजगृह पुग्यो । राजगृहमा भिक्षा माग्दा आर्श्चयले सबैले हेर्दथे । यो कुरा सुनेंर राजा बिबिम्सारले पनि देखेर 'को रहेछ ?' भनी पत्ता लगाएन गुप्तचर पठायो र भन्यो 'यदि अमनुष्य भएमा नगर बाहिर अन्तरधान हुनेछ, देवता भएमा आकाशमा उडेर जानेछ, यदि नाग भएमा पृथ्वीभित्र प्रवेश गर्नेछ र यदि मानिस नै भएमा प्राप्त आहारालाई भोजन गर्ने छ ।'

सिद्धार्थले पनि प्राप्त भोजनलाई पाण्डव पर्वतको फेदमा बसेर खान सुरु गऱ्यो । तर वान्ता होलाजस्तो भएर खान सकेन । तब आफैलाई उपदेश दिंदै भन्यो- 'तिमीले के सोचेर गृहत्याग गऱ्यौ ? राजदरवारको सुखसयलमा भुल्दाखेरि एकजना प्रव्रजित देखेर 'यही नै शान्तिको मार्ग हो' भनेर गृहत्याग गरेका होइनौ ?' यसरी विचार गर्दै आफैलाई सम्झाउँदै खाना खायो । यही कुरा गुप्तचरले राजा बिम्बिसारलाई बतायो । तब राजा तुरुन्त भेट्न सिद्धार्थकाहाँ आएर राज्य ऐश्वर्य प्रदान गऱ्यो । तब सिद्धार्थले भन्यो- म वस्तुकामनाले प्रव्रजित भएको होइन, बुद्धत्व प्राप्तको लागि आएको हुँ ।

राजा बिम्बिसारले 'जब तपाईं बुद्ध हुनुहुनेछ तब तपाईं पहिला यस राज्यमा आउनुहोस्' भनी अनुरोध गऱ्यो ।

राजगृहबाट हिंडेर आलारकालम र उदक रामपुत्रकाहाँ ध्यानाभ्यास सिक्यो । थोरै समयमा ध्यानलाभ गरेर यो मेरो ज्ञानको मार्ग होइन भनी उरुवेलको जंगलमा गई तपश्या सुरु गऱ्यो ।

त्यसै समयमा कपिलवस्तुका पाँचजना ब्राह्मणहरू प्रव्रजित भएर त्यहाँ आइपुगे । यिनीहरूमा प्रमुख कोण्डञ्ञ थियो । एउटा औंला ठहऱ्यार 'बुद्ध नै हुन्छ' भनी भविष्यवाणी गर्ने कोण्डञ्ञले जब सिद्धार्थ गौतमले गृहत्याग गरेपछि 'मैले भनेको पुरा भयो' भनी प्रशन्न भएर आफ्ना पुराना सातजना साथीहरू, जो त्यसबेला मृत्यु भइसकेका थिए, का छोराहरूलाई सिद्धार्थले प्राप्त गर्ने परमज्ञानको उपदेश सुनी ज्ञानलाभ गर्न गृहत्यागको सल्लाह दिंदा चार



Downloaded from http://www.dhamma.digital

जनाको छोराहरूले स्वीकार गर्दा चारजना युवकहरूलाई लिएर सिद्धार्थको नाउँमा प्रव्रजित भएर सिद्धार्थलाई खोज्दै त्यहाँ आएका थिए र सिद्धार्थको श्रद्धापूर्वक सेवा गर्दै रहे ।

सिद्धार्थले ६ वर्षसम्म दुष्कर तपश्या गरे । सुरुमा तिल चामल ग्रहण गऱ्यो, पछि त्यो पनि छोडिदियो । निराहारले दुब्लाउँदै गयो । शरीर हाडछाला भएर कालो भयो । एकपल्ट श्वासरहित ध्यान गर्दागर्दै बेहोश भएर लड्यो । तब देवताहरूले कसैले 'श्रमण गौतम मरे' भने कसैले 'होइन ज्ञानलाभ गरेर ध्यानसुखमा पल्टिरहेछ' भने । तर सिद्धार्थलाई भने यस दुष्कर तपश्याबाट ज्ञानलाभ गर्न नसक्ने विवेक उत्पत्ति भयो । विस्तार विस्तार भिक्षा मागेर भोजन गर्न सुरु गऱ्यो ।

'६ वर्षसम्म तपश्या गरेर पनि बुद्धत्व लाभ भएन । अब भोजन ग्रहण गर्न थाल्यो । ऊ लालची र तपभ्रष्ट भयो । अब उसको सेवा गरेर हामीलाई लाभ छैन' भनी सोचेर पञ्चवर्गीय भिक्षुहरू सिद्धार्थलाई छाडेर ऋषिपतन मृगदावमा गए ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# अभिसम्बोधि

**(वर्ष ३५- बु.स. पूर्व ३५, बि.स. पूर्व ४७१, इ.पू. ५२८)**

## सुजाताको खीरदान

त्यस समय उरुवेलको सेनानी गाउँको मुखियाकी छोरी सुजाता थिइन् । उसले यौवन अवस्थामा वरको बोटसंग प्रार्थना गरेकी थिइन्- 'यदि समानकूलसंग विवाह भएर पहिलो बच्चा छोरा नै भएमा म प्रत्येकवर्ष खीरदान गर्नेछु।' यो प्रार्थना पुरा भएकोले हरेक वर्ष वैशाखपूर्णिमाका दिन आएर वरको बोटमा सफासुग्घर गराएर भक्तिपूर्वक पूजादान गर्थिन् ।

यसपल्ट वैशाख पूर्णिमा पनि आफ्नी दासी पूर्णालाई वरको बोटमा सफा सुग्घर गर्न पठाइन् । पूर्णदासी जाँदा त्यस वरको बोटमुनि सिद्धार्थ गौतमलाई ध्यानमा रत देखेर 'साक्षात वरदेवता खीरदान स्वीकार गर्न आफै प्रकट भए' भनी दौडेर समाचार सुनाउँन गइन् । यो सुनेंर सुजाता खुशी भएर उसलाई छोरी समान बनाइन् र खीरलिएर वरको बोटमुनि आइन् । खीरदान गर्दै भनिन् 'जसरी मेरो मनोरथ पूर्ण भयो त्यसरी तपाईंको मनोरथ पूर्ण होस् ।'

प्राप्त खीर लिएर नेरञ्जना नदी किनारमा गएर भोजन गऱ्यो । साँझ बोधिवृक्षमुनि पुगेर सोत्थिय नामक घाँसीले दिएको आठमुठी घाँसलाई आसन बनाएर पूर्वतिर मुख गरेर ध्यान गर्न सुरु गऱ्यो । ध्यान सुरुगर्दा अधिष्ठान गऱ्यो 'चाहे मेरो छाला, नसा, हड्डी मात्र बाकी रहोस्, चाहे मेरो शरीर, मासु रगत सुकोस् तर म सम्यक् सम्बोधि प्राप्त नगरेसम्म यस आसनबाट उठ्ने छैन ।'

यसप्रकार अधिष्ठान गरेर ध्यानमा बसेको सिद्धार्थलाई ध्यानबाट च्यूत गर्न सैन्यसहित मार आइपुग्यो । मारहरूबाट रक्षित हुन 'मेरा पारमिताबाहेक अरु मेरो नातेदार, रक्षक कोही पनि छैन ।' भनी आफ्नो पारमिताहरूको स्मरण गर्दै बस्यो ।

मारले ध्यानमा बाधा दिन अनेक उपाय गरे-वायु, वर्षा, ढुङ्गामूढा, हतियार, बालुवा, आगो, हिलो आदिको वर्षा गरे, अन्धकार बनायो तैपनि केही गर्न सकेन । तब मारले 'सिद्धार्थ उठ, यो तिम्रो आसन होइन' भन्यो ।

सिद्धार्थले 'मार ! तिमी न दश पारमिता, न दश उपपारमिता, न दश परमार्थ पारमिता पुरा गरेको छौं, न तिमीले ५ महान त्याग गरेको छौ, न आफन्तको हित, न लोकको हित, ज्ञानको आचरणको लागि काम गरेका छौ । यो मेरै आसन हो, मैले पारमिताहरू पुरा गरेर प्राप्त गरेको हुँ' भनी ठाडो जवाफ दियो ।



Downloaded from http://www.dhamma.digital

'यसको साक्षीको छ ?' भनी मारले सोध्यो ।

तब दाहिने हात सारेर पृथ्वीलाई देखाएर 'यही पृथ्वी साक्षी छ' भनी देखायो । तब सत्यको प्रभावले मारसेनाहरू भागाभाग भए ।

त्यस रात मारविजय गरेर ध्यानाभ्यास गर्दै प्रथम याम (६ देखि १० बजे) मा पूर्वजन्मको ज्ञान (पुब्बेनिवास ज्ञान) मध्यम याम (१० देखि २ बजे) मा दिव्यचक्षु र अन्तिम याम (२ देखि ६ बजे) मा आस्रवक्षय ज्ञान प्राप्त गरेर सारा क्लेशलाई विध्वंस गर्दै बुद्धत्व प्राप्त गरेर सम्यक् सम्बुद्ध हुनुभयो । त्यसदिन उहाँ ३५ वर्ष पुरा हुनुभएको थियो । बुद्धत्व प्राप्तिपछि प्रसन्नता प्रकट गर्दै उदान भन्नुभयो-

**अनेक जन्म लिइयो दौडिँदै एकपछि अर्को,**
**गृहकारकलाई खोजिदै दुःख जन्म भयो बारबार ।**
**हेर त्व गृहकारक तिमीले फेरि घर बनाउन सक्दैनौ ।।**
**सारा तिम्रा सामग्रीहरू भाँचिदिएं धुरी चूर्ण गरिसकें ।**
**संस्काररहित चित्त भयो तृष्णा विनाश भइसक्यो ।।**

## बोधिवृक्षमुनि

### पहिलो सप्ताह

भगवान् बुद्धले पहिलो सप्ताह बुद्धत्व प्राप्त गर्नुभएको आसनमा नै बस्नुभई सात दिनसम्म समापत्ति ध्यान गरी विमुक्ति सुख अनुभव गर्नुभयो । रातभरि प्रतीत्य समुत्पादको अनुलोम (सुल्टाचक्र) र प्रतिलोम (उल्टाचक्र) ले मनन गर्नुभयो । त्यस ठाउँलाई 'बोधिपल्लंक' भनिन्छ । यसरी नै पहिलो हप्ता बिताउनुभयो ।

### दोश्रो सप्ताह

अनि उहाँ बोधिवृक्षबाट अलिकति टाढा पूर्वोत्तर दिशामा उभिनुभयो । बोधिवृक्षलाई हेर्नुभई 'यो रुखमुनि बसी मैले सर्वज्ञता ज्ञान प्राप्त गरें, त्यसकारण यो रुखले मलाई धेरै उपकार गऱ्यो ।' यसरी कृतज्ञ गुण थाहाहुनुपर्छ भन्ने आदर्श देखाउनु भई एक सप्ताहसम्म आँखा झिमिक्कसम्म नगरी बोधिवृक्षलाई हेरिरहनुभयो । यसलाई नेत्र-पूजा भनिन्छ । त्यस ठाउँलाई 'अनिमिस चैत्य' भनिन्छ ।

### तेश्रो सप्ताह

भगवान् बुद्धले सात दिनसम्म बोधिवृक्षलाई हेरिरहनुभएको ठाउँ र बोधिज्ञान प्राप्त गर्नुभएको बोधिवृक्षको माझमा रहेको ठाउँमा सात दिनसम्म चंक्रमण गर्नुभयो । त्यो ठाउँलाई 'चंक्रमणस्थान' भनिन्छ ।



Downloaded from http://www.dhamma.digital

## चौथो सप्ताह

तेश्रो सप्ताहपछि उहाँ उट्ठुनुभएर बोधिवृक्षको पश्चिमोत्तर दिशातर्फ जानुभयो। त्यहाँ देवताहरूले बनाइदिएको रत्नमय कुटीमा बस्नुभयो। त्यहाँ पनि उहाँले आफुले प्राप्त गर्नुभएको धर्म गम्भीरतापूवर्क चिन्तन गर्नुभई सात दिनसम्म विमुक्ति सुख अनुभव गर्नुभयो। त्यो ठाउँलाई 'रत्नाघर' भनिन्छ।

## पाँचौ सप्ताह

चौथौं सप्ताह बितेपछि वोधिमण्डपबाट उठ्नुभएर अजपाल नामक वरको बोटमुनि पाँचौं सप्ताह पनि विमुक्तिसुखको आनन्द लिएर बिताउनुभयो। त्यस समय एक अभिमानी ब्राह्मणले 'ब्राह्मण कस्तो हुन्छ ? ब्राह्मण बनाउने कुन धर्म हो ?' भनी उठीउठी प्रश्न गऱ्यो। जवाफमा भगवान् बुद्धले भन्नुभयो- 'जो पाप नाश गरिसकेको, अभिमानले अरुलाई हप्की डप्की नगर्ने, मलरहित, निर्वाणपदमा पुगिसकेको ब्रह्मचारी ब्रह्मवादीलाई ब्राह्मण भनिन्छ।'

## छैठौं सप्ताह

पाँचौ सप्ताह बितेर अजपाल वरको बोटबाट उठ्नुभएर मुचलिन्द बोटमुनि छैठौं सप्ताहभर विमुक्ति सुखको आनन्द लिंदै बस्नुभयो। त्यस समय घनघोर आंधीवर्षा भयो। तब मुचलिन्द नागराज आएर भगवान्को आफ्नो फणले भगवान् बुद्धलाई छाताजस्तै ओडायो र रक्षा, सेवा गऱ्यो। आंधीवेरी आउन बन्द भएपछि मुचलिन्द नागराजले मनुष्यको भेषमा भगवान बुद्धको अगाडि प्रस्तुत भयो।

Dhamma.Digital

## सातौं सप्ताह

छैठौं सप्ताहपछि मुचलिन्द वृक्षबाट उठ्नुभएर राजायतन वृक्षमुनि गएर सातौं सप्ताहभर विमुक्तिसुखको आनन्द लिएर बस्नुभयो। त्यस समय तपस्सु र भल्लुक नामक दुइ दाजुभाइ व्यापारी त्यहाँ आइपुगे र भगवान् बुद्धलाई मह र सत्तु दान गरे। ती दुइ दाजुभाइ बुद्ध र धर्मको शरण गएर द्वेवाचिक उपासक भए। विदा हुंदा एक मुट्ठी केश लिएर गयो र आफ्नो देशमा लगेर चैत्य बनायो। आजकाल त्यो केश राखेर बनाएको चैत्य नै म्यानमारको स्वेड्गों चैत्य हो भनिन्छ।

सातौं सप्ताहपछि त्यहाँबाट उठ्नुभएर फेरि अजपाल वृक्षमुनि आउनुभयो। तब एकान्तमा उहाँलाई वितर्क उत्पन्न भयो- 'मैले गंभीर, दुर्दर्शन, दुर्ज्ञेय, शान्त, उत्तम, तर्कले अप्राप्य, निपुण, विद्वानहरूद्वारा जान्नयोग्य धर्मलाई प्राप्त गरेको छुं। यी जनता कामतृष्णामा रत, कामतृष्णामा आनन्द मान्नेहरूले, यो जुन कार्यकारणरूपी प्रतीत्य समुत्पाद धर्म



Downloaded from http://www.dhamma.digital

दुर्दर्शनीय छ, जुन सबै संस्कारको उपशमन गरेर, सबै मन्त्रहरूको त्याग गरेर, तृष्णाक्षय, विराग, निरोध र निर्वाण छ, बुझ्न सक्ने छैन । यदि मैले धर्मदेशना गरेमा र अरुले बुझ्न नसकेमा पीढामात्र हुनेछ ।' यसप्रकार विचार गर्नुहुँदा उहाँको धर्मप्रचार गर्नेमा उत्सुकता कमी हुन गयो ।

तब सहम्पत्ति ब्रह्माले भगवान् बुद्धकाहाँ आएर अनुरोध गऱ्यो- 'भन्ते, भगवान् ! धर्मोपदेश गर्नुहोस्, सुगत धर्मोपदेश गर्नुहोस् । संसारमा अल्पमल भएका प्राणीहरू पनि छन् । धर्म सुन्न नपाउँदा नाश भएर जानेछन् । उनीहरू धर्मको रुची राख्दछन् ।'

सहम्पत्ति ब्रह्माको भावना बुझ्नुभएर बुद्धचक्षुले हेर्नुभयो र पाउनुभयो 'यस संसारमा अल्पमल र तीक्ष्णबुद्धि भएकाहरू, जो परलोक तथा अकुशलदेखि डराएर सत्यको खोजी गरिरहेकाहरू । तब भगवान् बुद्धले सहम्पत्ति ब्रह्मालाई भन्नुभयो- 'उसको लागि अमृतद्वार बन्द भयो, जोसंग सुन्ने कान भएर पनि श्रद्धालाई त्यागिदिन्छ । हे ब्रह्मा पीढाको विचार गरेर मैले मनुष्यको यस निपुण, उत्तम, धर्मलाई प्रचार नगर्ने विचार गरेको थिएं ।'

सहम्पत्ति ब्रह्माले 'भगवान्ले धर्मोपदेशको लागि मेरो कुरा स्वीकार गर्नुभयो' भनी जानेर अभिवादन गरेर अन्तरधान भयो ।

तब भगवान् बुद्धले 'अब म कसलाई पहिले धर्मदेशना गरुँ ? भनी विचार गर्नुहुँदा आलारकालम र उदक रामपुत्रको सम्झना भयो । एक देवताले 'आलारकालम मरेको एक हप्ता भएको र उदक रामपुत्र हिजो राती मरेको' समाचार सुनांयो । त्यसपछि उहाँलाई पञ्चवर्गीय भिक्षुहरूको सम्झना आयो, जसले ६ वर्ष तपश्या गर्दा अमृतको चाहना गर्दै सेवा गरेका थिए । उनीहरू 'ऋषिपतन मृगदावमा छन्' भनी थाहा पाउनुभएर उतैतिर प्रस्थान गर्नुभयो ।

वर्तमान बोधगयादेखि सारनाथसम्मको पैदलयात्रा गर्नुहुँदा बाटोमा उपक परिव्राजकसंग भेट भयो । उपकले सोध्यो- 'आयुष्मान् तिम्रो इन्द्रियहरू प्रसन्न छन्, छविवर्ण (कान्ति) परिसुद्ध र उज्ज्वल छ । तिमीले कसलाई गुरु मानेर प्रव्रजित भयौ ? तिम्रो गुरु को हो ? तिमी कसको धर्मलाई मान्दछौ ?'

भगवान् बुद्धले भन्नुभयो- 'म सबैलाई पराजति गर्ने, सबैलाई जान्ने, सबै धर्मदेखि निर्लिप्त छुँ । सर्वव्यापी, तृष्णाक्षय भएर विमुक्त छुँ । म आफैले जानेर उपदेश गर्नेछु ।' साथै यो पनि भन्नुभयो-

मेरो आचार्य छैन, मेरो सदृश कोही छैनन् ।
देवतासहित सारा लोकमा मेरो समान पुरुष छैन ॥
म संसारमा अर्हत हुँ, अपूर्व शास्ता हुँ ।



Downloaded from http://www.dhamma.digital

म सम्यक् सम्बुद्ध शीतल तथा निर्वाणप्राप्त हुँ ॥
धर्मचक्र प्रवर्तन गर्नको लागि काशीनगरमा जाँदैछु ।
त्यहाँ अन्ध भएको लोकमा अमृत विगुल बजाउनेछु ॥

'आयुष्मान्, तिमीले जसरी दावा गर्दैछौ, त्यसले त तिमी अनन्त जिन हुनसक्छौ ।' उपकले शंका गऱ्यो ।

'मेरोजस्तै सत्व नै जिन हुन्छन्, जसको आस्रव नष्ट भइसकेको छ । मैले पाप धर्मलाई जितिसकेको छु । यसैले हे उपक, म जिन हुँ ।' भनी भगवान् बुद्धले सिंहनाद गर्नुभयो ।

यसरी भगवान्ले भन्नुहुँदा 'होला नि आवुसो ।' भनी टाउको हल्लाउँदै उपक एकछेउ लागिगयो ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# प्रथम वर्षावास

## सारनाथमा

**(वर्ष ३५- बु.स.पूर्व ४५,)**

### प्रथम धर्मोपदेश

भगवान् बुद्ध चारिका गर्नुहुँदै मृगदाव पुग्नुभयो । पञ्चवर्गीयहरूले उहाँलाई देख्नासाथ 'साधना भ्रष्ट, लालची सिद्धार्थ आयो, अब हामी पहिलेजस्तै अभिवादन सेवा नगरौं' भनी सल्लाह गऱ्यो । तर भगवान् बुद्ध नगिच आउनासाथ कोही पनि चुप लागी बस्नसकेन । कसैले आसन तयार गऱ्यो, कसैले खुट्टा धुन पानी ल्यायो, कसैले भगवान्‌को पात्रचीवर लियो ।

भगवान् आसनमा बस्नुभएर भन्नुभयो- भिक्षुहरू तथागतलाई 'आवुसो गौतम ! नामले सम्बोधन गर्नुहुँदैन । तथागत अर्हत सम्यक् सम्बुद्ध भइसक्यो । अब ध्यान दिएर सुनं । मैले पाएको अमृतलाई म उपदेश दिनेछु । उपदेशानुसार आचरण गरेमा, जसको लागि कुलपुत्रहरू गृहत्याग गर्छन् त्यो अनुपम फल यसै जन्ममा तुरुन्त आफैले साक्षात्कार गर्न सक्दछ ।'

तर पञ्चवर्गीय भिक्षुहरूले विश्वास गरेनन् र भन्यो- 'आवुसो गौतम' त्यस दुष्करचर्यामा त तिमीले ज्ञानदर्शन गर्न सकेनौ भने अहिले बाहुलिक, पथभ्रष्ट बाहुल्यपर ायण भएर कसरी ज्ञानलाभ गर्न सक्छौ ?'

भगवान् बुद्धले २/३ पल्ट सम्झाउन खोज्नुभयो तर पञ्चवर्गीयहरूले विश्वास नै गरेन । तब भगवान्‌ले भन्नुभयो- 'भिक्षुहरू ! के यसभन्दा पहिले कहिले मैले यसो भनेको छु ?' सिद्धार्थ गौतम झूठो बोल्दैन भन्ने विचारले पञ्चवर्गीयहरूले भगवान्‌को उपदेश सुन्न तयार भयो ।

संयुक्तनिकाय (५५/२/१) अनुसार यस्तो मैले सुनें- 'भिक्षुहरू, यी दुइ अन्तहरू सेवनयोग्य छैनन् । १) जुन यो हीन, गाउँले, पृथग्जन, अनर्थ अनर्थकारीहरू काममा कामसुखलिप्त (**कामेसु कामसुखल्लिकानुयोगो**) हुनेछ । २) जुन दुःख, अनार्थ, अनर्थकारीयुक्त आत्मपीढा (**अत्तकिलमथानुयोगो**) छ । यी दुबैको परकाष्ठाहरूलाई जानेर तथागतले मध्यममार्ग पत्ता लगाउनुभएको छ, जुन आँखा खोल्ने, ज्ञानदिने, शान्तिको लागि, अभिज्ञाको लागि, सम्बोधिको लागि, निर्वाणको लागि हो । त्यो यही आर्य अष्टाङ्गिक मार्ग हो, जस्तै- सम्यक्-दृष्टि, सम्यक्-संकल्प, सम्यक्-वचन, सम्यक्-कर्मान्त, सम्यक्-आजीविका, सम्यक्-व्यायाम, सम्यक्-स्मृति, सम्यक्-समाधि ।'



Downloaded from http://www.dhamma.digital

'भिक्षुहरू ! १) यो दुःख आर्यसत्य हो- जन्म पनि दुःख, जरा पनि दुःख, व्याधि पनि दुःख, मरण पनि दुःख, अप्रियसंग मिलन हुनु दुःख, प्रियहरूसंग बिछ्रोड हुनु दुःख, जुन इच्छित पाईंदैन त्यो पनि दुःख, संक्षिप्तमा पञ्च उपादनस्कन्ध नै दुःख जस्तै- रूपस्कन्ध, वेदनास्कन्ध, संज्ञास्कन्ध, संस्कारस्कन्ध, विज्ञानस्कन्ध ।

तृष्णा नै दुःखसमुदय आर्यसत्य, जुन तृष्णाहरूले पुनर्भव गराउँछ, आशक्ति र ागयुक्त जहींतहीं आसक्त, जस्तै- कामतृष्णा, भवतृष्णा, विभवतृष्णा ।

निर्वाण नै दुःख निरोध आर्यसत्य, जुन काम भव विभव तृष्णाका, अशेष वैराग निरोध त्याग, प्रतिनिशर्ग मुक्ति अनाशक्त हुन्छन् ।

दुःखनिरोधगामि मार्ग आर्यसत्य, यही नै आर्य अष्टाङ्गिक मार्ग । जस्तै- सम्यक्-दृष्टि, सम्यक्-संकल्प, सम्यक्-वचन, सम्यक्-कर्मान्त, सम्यक्-आजीविका, सम्यक्-व्यायाम, सम्यक्-स्मृति, सम्यक्-समाधि ।

'यो दुःख आर्यसत्य हो र यो दुःख आर्य सत्य परिज्ञेय छ, यो परिज्ञात छ भनेर भिक्षुहरू यो मलाई पहिले कहिले नसुनेंको धर्ममा आँखा उत्पन्न भयो, ज्ञान उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक उत्पन्न भयो ।'

'यो दुःख समुदय आर्यसत्य हो र यो प्रहाणयोग्य छ, यो प्रहीण भयो भनेर भिक्षुहरू यो मलाई पहिले कहिले नसुनेंको धर्ममा आँखा उत्पन्न भयो, ज्ञान उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक उत्पन्न भयो ।'

'यो दुःख निरोध आर्यसत्य हो र यो साक्षात्कारयोग्य छ, यो साक्षात्कार गरियो भनेर भिक्षुहरू यो मलाई पहिले कहिले नसुनेंको धर्ममा आँखा उत्पन्न भयो, ज्ञान उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक उत्पन्न भयो ।'

'यो दुःख निरोधगामिनी प्रतिपदा आर्यसत्य हो र यो भावनायोग्य छ, यो भावनापूर्ण भयो भनेर भिक्षुहरू यो मलाई पहिले कहिले नसुनेंको धर्ममा आँखा उत्पन्न भयो, ज्ञान उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक उत्पन्न भयो ।'

'भिक्षुहरू, जबसम्म यी चार आर्यसत्य, प्रत्येक आर्यसत्यको तीन प्रकारले बाह्रआकारको यथार्थ ज्ञान दर्शन गरी विशुद्ध भईन तबसम्म मैले दावा गरिनं- सदेव लोकमा, मार ब्रह्मेहरूमा, श्रमण ब्राह्मण प्रजामा देवमनुष्यहरूमा, अनुत्तर सम्यक् सम्बोधि प्राप्त गरिलिएं ।' जब यी प्रत्येक आर्यसत्यको तीनप्रकारले बाह्र आकारको यथार्थ ज्ञानदर्शन गरी विशुद्ध भएँ तब मात्र मैले दावा गरें- सदेव लोकमा, मार ब्रह्महरूमा, श्रमण ब्राह्मण प्रजामा देवमनुष्यहरूमा, अनुत्तर सम्यक् सम्बोधि प्राप्त गरिलिएं । मेरो विमुक्ति अचल छ । यो अन्तिम जन्म हो । फेरि यहाँ पुनर्भव हुने छैन ।'



Downloaded from http://www.dhamma.digital

भगवान्‌ले यसरी भन्नुभएको वचनलाई पञ्चवर्गीय भिक्षुहरूले अभिनन्दन गरे । यस व्याख्यान गरिएको समय आयुष्मान् कोण्डञ्ञलाई 'जेजति समुदयधर्म छन् ती सबै निरोधधर्म छन्' भनी विरज विमल धर्मचक्षु उत्पन्न भयो । तब भगवान्‌ले भन्नुभयो- 'अहा ! कोण्डञ्ञले जान्यो । कोण्डञ्ञले जान्यो ।' यसैले आयुष्मान् कोण्डञ्ञको नाम आज्ञात (अञ्ञा) कोण्डञ्ञ रह्यो ।

तब दृष्टधर्म, संशयरहित, विवादरहित, शास्ताको शासनमा विशारद, स्वतन्त्र भएर आयुष्मान् आज्ञात कोण्डञ्ञले भगवान्‌संग भन्नुभयो- 'भन्ते, भगवान्‌संग मलाई प्रव्रज्या प्राप्त होस्, उपसम्पदा प्राप्त होस् ।' भगवान् बुद्धले पनि 'एहि भिक्खवे ...भिक्षु आऊ ! धर्म सुआख्यात छ, राम्ररी दुःखको क्षयको लागि ब्रह्मचर्य पालन गर ।' भन्नुभएर प्रव्रज्या उपसम्पदा गरिदिनुभयो । त्यसबेला सन्यासीभेष अलप भएर आफै चीवर पात्रसहित भिक्षुभेषमा परिवर्तन भयो । कुनै अन्य चीवर पात्र खोज्नुपरेन ।

यसरी नै पञ्चवर्गीय भिक्षुहरूमध्ये वप्प, भद्दिय, महान्‌ाम र अस्सजि भिक्षुहरू एकपछि अर्को गरी प्रत्येक दिन क्रमशः एकएक जनालाई विरज विमल धर्मचक्षु प्राप्त भयो र भगवान्‌संग प्रव्रज्या उपसम्पदा माग्दा भगवान् बुद्धले उपरोक्त 'एहि भिक्खवे (भिक्षु आऊ)' वचनले नै प्रव्रज्या उपसम्पदा दिलाउनुभयो ।

यसप्रकार विश्वमा ६ जना अर्हतहरू भए भने पहिलोपल्ट संघको स्थापना भयो ।

## यशको प्रव्रज्या

त्यस समय यश नामक वाराणसीको अति धनी कुलपुत्र थियो । उसको तीन दरबार थियो, एक हेमन्तको लागि, एक गृष्मको लागि र एक वर्षाको लागि । ऊ प्रत्येक चार महिना एउटा दरबारमा स्त्रीहरूसंग मात्र जीवन बिताउँदथ्यो । यसप्रकार भोगविलासमा लुब्ध यशको एकदिन अचानक वैराग्य जाग्यो र 'हा ! संतप्त, हा पीढित' भन्दै एक विहानै घरबाट बाहिर निस्केर ऋषिपतन मृगदाव पुग्यो ।

त्यस समय भगवान् झिसमिसेमा उठ्नुभएर चंक्रमण गर्दै हुनुहुन्थ्यो । भगवान् बुद्धले यशलाई देख्नुभएर एक आसनमा बस्नुभयो । यशले पनि भगवान्‌नगिच पुगेर 'हा, संतप्त, हा पीढित' भन्यो । तब भगवान्‌ले 'यश यो असंतप्त छ, यो अपीढित छ । आऊ, म तिमीलाई धर्म उपदेश दिन्छु ।' भन्नुभयो । यशले पनि श्रद्धापूर्वक सुनौलो जुत्ता फुकालेर पञ्चांग दण्डवत गरेर धर्मदेशना सुन्यो र सुनेंर 'जेजति समुदयधर्म छन्, ती सबै निरोधधर्म हुन्' भनी धर्मचक्षु उत्पन्न भयो ।

उता यशलाई कोठामा नदेखेर जुत्ताको चिन्ह हेर्दै आमाबाबा यशलाई खोज्दैखोज्दै मृगदावमा भगवान्‌काहाँ आइपुगे । भगवान्‌ले यशलाई आमाबाबाले नदेख्ने गरी ऋद्धिबलले



Downloaded from http://www.dhamma.digital

छोपिदिनुभयो । यशका आमाबाबा त्यहीं आएर 'यशलाई देख्नुभएको छ ?' भनी सोधे ।

'गृहपति ! बस । यहीं बस्दाबस्दै यश कुलपुत्रलाई तिमीले देख्ने छौ ।' भगवान्ले दुबैलाई धर्मदेशना सुनाउँनुहुंदा दुबैमा धर्मचक्षु उत्पन्न भएर सोतापन्न भए । आमाबाबालाई दिएको धर्मदेशना सुनेंर यश क्लेशमुक्त भएर अरहन्त हुनुभयो । दुबैले पछि बुद्ध, धर्म र संघको जीवनपर्यन्त शरण गएको उपासकत्व उपासिकात्व ग्रहण गरे । यसरी प्रथम त्रैवाचिक उपासक उपासिका बने । तब मात्र यशलाई देख्ने बनाउनुभयो । छोरालाई देखेर प्रसन्न भएको आमाबाबाहरूले छोरालाई भन्यो- 'तात ! यश ! तिम्री आमा पिट्दै रुवावासी गर्दै शोकमा परेकी छिन् । आमालाई जीवन दान देऊ ।'

'गृहपति ! अब यश कुलपुत्र पहिलेजस्तै गृहस्थ अवस्थामाजस्तै हीन स्थितिमा बसेर कामोभोग गर्न सक्दैन' भगवान्ले भन्नुभयो ।

'लाभ छ भन्ते ! यश कुलपुत्रलाई । सुलाभ गऱ्यो भन्ते ! यश कुलपुत्रले चित्त अलिप्त भएर आस्रवक्षयले मुक्त भयो । भन्ते ! भगवान् यशलाई अनुगामी भिक्षु बनाउनुभएर मेरो आजको भोजन स्वीकार गर्नुहोस् ।' अरहन्त भइसकेको र गृहस्थ बन्न नसक्ने थाहा पाएपछि भिक्षु बन्न अनुमति प्रदान गरी भोलिको लागि भोजन निमन्त्रणा दिएर गए ।

यशको प्रव्रज्या उपसम्पदा भएको खबर चारैतिर फैलियो । यशका चार जना अभिन्न मित्रहरू विमल, सुबाहु, पूर्णजित गवम्पति, 'यशको प्रव्रज्या साधारण होइन होला' भनी सोचेर भगवान्काहाँ आएर धर्मदेशना सुनेंर उनीहरू पनि अरहन्त भए । यसरी नै फेरि अन्य ५० जना साथीहरूले सुनें । उनीहरू पनि आएर भगवान्को धर्म सुनें र अन्तमा अरहन्त भए । भिक्षु भए । यसप्रकार त्यस समयसम्म संसारमा ६१ जना अरहन्त भइसकेका थिए ।

### चरथ भिक्खवे चारिकं

भगवान्ले भन्नुभयो- 'भिक्षुहरू, जतिपनि दिव्य र मानुषिक बन्धन छन्, म ती सबैबाट मुक्त छु । तिमीहरू पनि मुक्त होऊ । बहुजन हितको लागि, बहुजन सुखको लागि, लोकमाथि अनुकम्पा राखी, देवमनुष्यको प्रयोजनको लागि, हितको लागि सुखको लागि चारिका गर । एकसाथ दुइजना नजाओ । आदिमा कल्याणकारी, मध्यमा कल्याणकारी, अन्तमा कल्याणकारी यस धर्मको उपदेश गर । अर्थसहित व्यञ्जनसहित, मात्र परिपूर्ण, परिसुद्ध, ब्रह्मचर्यको प्रकाश गर । अल्पदोष भएका प्राणी पनि छन्, धर्मश्रवण गर्न नपाउनाले उनीहरूको हानि हुनेछ । मात्र सुन्दैमा धर्मलाई बोध गर्नेछ । म जहाँ उरुवेल छ, सेनानी गाउँ छ त्यहाँ धर्मदेशनाको लागि जानेछु ।'



Downloaded from http://www.dhamma.digital

### तीस भद्रवर्गीय

भगवान् बुद्ध चारिका गर्नुहुँदै उरुवेल जंगलमा एक रुखमुनि बस्नुभयो। त्यस समय तीस जना युवाहरू आफ्नी स्त्रीसंग वनविहारको लागि आएका थिए । उनीहरूमध्ये एकजनाको स्त्री नभएकोले एक वेश्यालाई भाडामा ल्याएको थियो। सारा युवक युवतीहरू नशामा मोजमस्तीमा भुलेको बेला त्यस वेश्याले सबैको गहना सम्पत्ति लिएर भागेर गईन्। पछि थाहा पाएर ती ३० जना युवकहरू त्यस वेश्यालाई खोज्दै जाँदा भगवान् बुद्धलाई देखेर 'त्यस वेश्या स्त्रीलाई देख्नुभयो' भनेर सोधे।

भगवान्ले सोध्नुभयो- 'स्त्रीलाई खोज्नु र आफूलाई खोज्नुमा कुन उत्तम हुन्छ ?'

ती राजकुमारहरूले जवाफ दिए 'आफूलाई खोज्नु उत्तम हुन्छ।'

'त्यसो भए बस, सुनं भनी भगवान्ले भन्नुभएर उनीहरूलाई धर्मदेशना गर्नुभयो। धर्मदेशनापश्चात् उनीहरूको पनि धर्मचक्षु उत्पन्न भएर कोही स्रोतापन्न भए, कोही सकृदागामी त कोही अनागामी । तब उनीहरूले त्यहीं प्रव्रज्या उपसम्पदा मागे र सोअनुसार उनीहरूको उपसम्पदा भयो। उनीहरू ३० जना भएकोले उनीहरूलाई तीस भद्रवर्गीय भिक्षुहरू भनी जानिन थालियो।

### काश्यप दाजुभाइ

त्यहाँबाट चारिका गर्नुहुँदै भगवान् उरुवेलमा वास गर्ने काश्यप काहाँ जानुभयो। काश्यपका तीन दाजुभाइहरू थिए। जेठो उरुवेल काश्यप, उसका ५०० शिल्पहरू थिए। माहिलो नदी काश्यप, उसका ३०० शिल्पहरू थिए। कान्छो गया काश्यप, उसका २०० शिल्पहरू थिए।

उरुवेल काश्यपसंग 'यदि तिमीलाई अप्ठ्यारो पर्दैन भने अग्निशालामा एक रात बास बसुं ?' भनी बास बस्नको लागि भन्नुभयो।

उरुवेल काश्यपले 'मलाई त अप्ठ्यारो छैन। तर यहाँ एक चण्ड विषधारी नागराज छ' भन्यो।

भगवान् बुद्धले 'मलाई हानि पुऱ्याउँदैन, बास बस्ने अनुमति मात्र देऊ' भन्नुभयो। अनुमति पाएपछि त्यहीं बास बस्नुभयो।

अग्निशालामा बास बस्दा नागराज अति क्रुद्ध भएर भगवान्लाई पहिले धूँवाले पछि आगोको फुंकारले आक्रमण गऱ्यो। भगवान् बुद्धले पनि आफ्नो ऋद्धिबलले धूँवा र आगोको प्रतिआक्रमण गरेर नागराजलाई हराइदिनुभयो। भोलिपल्ट भगवान् बुद्धबाट नागराज शक्तिहीन भएर पराजय भएको देखेर, 'उहाँ शक्तिशाली श्रमण हुनुहुन्छ' भनी सोचेर भगवान् बुद्धलाई त्यहीं बास गर्न उरुवेल काश्यपले निमन्त्रणा दिंदै भन्यो- 'महाश्रमण यहीं



Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

विहार गर । म नित्य भोजनले तिम्रो सेवा गरुंला ।'

त्यससमय एक विशेष महायज्ञ भएको थियो । उरुवेल काश्यपले विचार गऱ्यो- 'यदि श्रमण गौतमको ऋद्धिशक्ति, महायज्ञ हेर्न आउने गृहस्थहरूले देखेमा उसैको लाभसत्कार बढ्ने छ, मेरो घट्ने छ । त्यसैले महायज्ञ अवधिभरि श्रमण गौतम यहाँबाट गएपनि हुन्थ्यो ।'

उरुवेल काश्यपको मनको कुरा बुझ्नुभएर भगवान् बुद्ध उत्तरकुरुमा भिक्षामाग्नुभएर अनवतप्त (मानसरोवर) मा भोजन गर्न जानुभयो ।

फर्केर आउनुहुँदा उरुवेल काश्यपले अभिनय गर्दै, 'भोजनको समयमा किन नआनुभएको ? भोजनको भाग राखिदिएका थियौं' भन्यो ।

'तिम्रो मनको कुरा बुझेर' भनी भगवान्ले भन्नुभयो । भगवान् बुद्धमा मनको कुरा बुझ्ने शक्ति रहेछ भनेर थाहा पायो । तर 'मजस्तो अर्हत भने होइन' भनी बस्यो ।

एकपल्ट भगवान् बुद्धलाई पांशकुल चीवर प्राप्त भयो । 'त्यो कहाँ धुने' भनी विचार गर्नुहुँदा देवराज इन्द्रले थाहा पाएर पोखरी तयार गरिदियो । उरुवेल काश्यपले भगवान्को प्रभाव देखेर 'श्रमण गौतम दिव्यशक्तिधारी त हो तर मजस्तो अर्हत होइन' भन्दै बस्यो । एकपल्ट घनघोर वर्षा भयो । भगवान् बस्नुभएको क्षेत्र पानीमा डुब्यो ।

तब भगवान्ले दिव्यशक्तिले पानी हटाउनुभएर चक्रमण गर्नुभयो । यो देखेर उरुवेल काश्यपले पहिलेजस्तै विचार गऱ्यो । तब भगवान्ले 'यो मूर्ख यसरी नै विचार गरि रहन्छ' भनी सोच्नुभएर संवेग उत्पन्न गराउन भन्नुभयो- 'काश्यप ! न तिमी अर्हत हौ, न तिमी अर्हतमार्गमा आरुढ छौ । अर्हत हुने वा अर्हतमार्गमा आरुढ हुने ज्ञानसम्म तिमीलाई थाहा छैन ।'

यसो भन्नुहुँदा उरुवेल काश्यपले गल्ती स्वीकार्दै भगवान्संग प्रव्रज्या उपसम्पदाको अनुरोध गऱ्यो । ५०० शिष्यहरूसहित उरुवेल काश्यप भिक्षु बन्यो र आफ्ना सारा यज्ञ सामाग्रीहरू नदीमा बहाइदियो ।

दाजुको यज्ञ सामाग्री नदीमा बहाइल्याएको देखेर माहिलो भाइ नदी काश्यप दाजुलाई भेट्न आयो । सारा कुरा बुझेपछि ऊ पनि ३०० शिष्यहरूसहित भिक्षु बन्यो । यसैगरी कान्छो गयाकाश्यप पनि दाजुहरूसंगै २०० शिष्यहरूसहित भिक्षु बन्यो । यसप्रकार १,००३ जटिलहरू भिक्षु बने ।

### आदित्त परियाय सुत्त

संयुक्त निकाय (४३/३/६) अनुसार यस्तो मैले सुनें- एकसमय भगवान् गयासीसमा विहार गर्नुहुँदा सारा भिक्षुहरूलाई एकत्रित गर्नुभएर उपदेश दिनुभयो- 'जलिरहेछ । यी संस्पर्शबाट उत्पन्न वेदनाहरू पनि जलिरहेछ । राग अग्नि, द्वेष अग्नि, मोह अग्नि जलिरहेछ ।



Downloaded from http://www.dhamma.digital

जन्म, जरा, मरण, शोक विलाप, दुःख, दौर्मनश्य, डाह छटपटी जलिरहेछ ।

यसरी देख्ने आर्यश्रावकले चक्षुआदि सम्पूर्ण विषयमा निर्वेद प्राप्त हुन्छ । निर्वेद प्राप्त भएर विरक्त हुन्छ । विरक्त भएर 'विरक्त भएँ' भनी जान्दछ । उसले जान्दछ जन्म क्षीणभयो, ब्रह्मचर्य पुराभयो, कर्तव्य पुराभयो, यहाँ गर्नुपर्ने केही बाकी छैन ।'

यसरी भनिएको देशना सुनेंर ती भिक्षुहरूको चित्त अलिप्त भएर अर्हत भए ।

### राजा बिम्बिसार

महावग्ग (१/१७) अनुसार यस्तो मैले सुनें- भगवान् ती हजार भिक्षुहरूलाई साथ लिनुभएर गयासीसदेखि राजगृह प्रस्थान गर्नुभयो र राजगृहबाहिर यट्ठिवनको सुप्रतिष्ठित चैत्यमा विहार गर्नुभयो ।

राजा बिम्बिसारले भगवान् बुद्ध आउनुभएको सुनेंर परिवार, भारदारसहित भेट्न आयो । भेट्न आउँदा काश्यप दाजुभाइ पनि देख्दा 'भगवान् बुद्ध काश्यपको शिल्प हो कि काश्यप भगवान् बुद्धको शिल्प हो ?' बुझ्न नसकेर असमञ्जसमा पऱ्यो । त्यो कुरा बुझ्नुभएर भगवान् बुद्धले उरुवेल काश्यपलाई सोध्नुभयो 'के देखेर उरुवेल काश्यपले आफ्नो तपश्या छोड्यौ ?'

सबैको अगाडि भगवान् बुद्धलाई वन्दना गरेर उरुवेल काश्यपले भन्यो- 'तपाईको उपदेश सुनेंर आगोलाई पूज्नुमा कुनै सार नभएको बुझ्ेर आफ्नो तपश्या छोडिदिएं । रागादि अग्निरहित अलग भएको निर्वाण पदलाई देखेर म भिक्षु बनें ।'

राजा बिम्बिसारसहित साराले बुझे काश्यपहरू नै भगवान् बुद्धको शिल्प हुन । त्यहीं समयमा भगवान् बुद्धबाट उपदेश सुनेंर राजा बिम्बिसार स्रोतापन्न भयो । तब राजाले भन्यो -

'भन्ते ! कुमार अवस्थामा मेरो पाँच इच्छाहरू थियो जुन अहिल पुरा भयो-

१) म राजा बन्न सकुं ।

२) मेरो राज्यमा सम्यक् सम्बुद्ध आवोस् ।

३) म उहाँको उपासना गर्न पाउँ ।

४) उहाँले मलाई धर्मोपदेश गरोस् ।

५) उहाँ भगवान्लाई म जान्न सकुं ।'

अन्तमा राजा बिम्बिसारले भोलिपल्ट बुद्धप्रमुख भिक्षुसंघलाई भोजन निमन्त्रणा दिएर गयो । भोलिपल्ट भोजन समाप्त भएर वेलुवन दान गऱ्यो । त्यसबेलासम्म विहार दान लिने प्रचलन थिएन । भगवान् बुद्धले विहार दान लिने अनुमति दिनुभयो । भिक्षुसंघलाई दान दिएको प्रथम विहार नै वेलुवन विहार थियो ।



Downloaded from http://www.dhamma.digital

# दोस्रो वर्षावास
## राजगृहमा
(३६ वर्ष - बु.स.पूर्व ४४)

### सारिपुत्र र मौद्गल्यायन

विनय महावग्ग (१/१८) अनुसार यस्तो मैले सुनें- त्यस समयमा राजगृहमा सञ्जय नामक परिव्राजक अढाइसय शिल्पहरूसहित बस्दथ्यो। सारिपुत्र र मौद्गल्यायन पनि त्यहीं ब्रह्मचर्य पालन गर्दथे। उनीहरूमा एउटा प्रतिज्ञा थियो। 'जसले पहिले अमृत (ज्ञान) प्राप्त गर्छ उसले अर्कोलाई बताउनुपर्नेछ।'

एकदिन भिक्षु अस्सजि राम्ररी ढाकिएर पात्र चीवर लिएर, दायाँ बायाँ नहेरी, शान्त संयमित ढंगले आँखा निहुराई भिक्षाटनमा आउनुभएको सारिपुत्रले देख्यो। तब संसारमा अर्हत हुनेहरूमध्ये उहाँ पनि अवश्य एक जना हुनुपर्छ भन्ने विचार गरी पछि लाग्यो। भिक्षु अस्सजि पनि भिक्षा मागि सकेर एकान्तमा जानुभई भिक्षा भोजन गर्नुभयो।

भोजन गरिसक्नुभएको भिक्षु अस्सजिसंग सारिपुत्रले सोध्यो- 'आवुसो ! तिम्रो इन्द्रिय प्रसन्न छ छविवर्ण परिसुद्ध तथा उज्ज्वल छ। तिम्रो गुरु को हो ? तिम्रो गुरुको धर्म के हो ?'

'आवुसो ! शाक्यकुलबाट प्रव्रजित भएको जो महाश्रवण छ उहाँ नै मेरो गुरु हो। म भरखरै प्रव्रजित भएको हुँ त्यसैले विस्तृतमा उहाँको धर्म बताउन सक्दिन' भनी जवाफ दिनुभयो आयुष्मान् अस्सजिले।

सारिपुत्रले भन्यो-'चाहे छोटकरीमा भएपनि भन्नुहोस् अर्थ मात्र भएपनि बताउनुहोस्। अर्थ कै आवश्यकता छ, व्याख्यानको के मतलब ?' तब उहाँले भन्नुभयो, उहाँको धर्म हो-

**ये धम्मा हेतुप्पभवा तेसं हेतु तथागतो आह।**
**तेसं च यो निरोधो एवं वादी महासमणो॥**

(जुन धर्म हेतुद्वारा उत्पन्न हुन्छ त्यसको हेतु तथागत भन्नुहुन्छ। साथै त्यस हेतुको निरोध पनि बताउनुहुने यस्ता वादी महाश्रमण हुनुहुन्छ।)

तब सारिपुत्रलाई यो संक्षिप्त धर्म परियाय सुन्ने बित्तिकै 'जति पनि समुदय धर्म छन् ती सबै निरोध धर्म हुन्' भनी विरज विमल धर्मचक्षु उत्पन्न भयो र स्रोतापन्न हुनुभयो।

यही कुरा सारिपुत्र जानुभएर मौद्गल्यायनलाई सुनाउनुभयो। मौद्गल्यायनले पनि विरज विमल धर्म प्राप्त गर्नुभयो। तब दुबै जनाले भगवान्काहाँ जाने निर्णय गर्नुभएर



Downloaded from http://www.dhamma.digital

अढाइसय परिव्राजकहरूलाई सुनाउँनुभयो । उनीहरू पनि 'संगै आउने भनेपछि' गएर सञ्जय परिव्राजकलाई सूचित गर्न जानुभयो ।

सञ्जय परिव्राजकले 'हामी तीनै जनाले मिलेर गणको नेतृत्व गरौंला त्यहाँ नजाऊ' भनी फकायो ।

तर सारिपुत्र मौद्गल्यायन मान्नुभएन र अन्तमा भगवान्काहाँ जानुभयो । उहाँहरू जानुभएपछि सञ्जय परिव्राजकको रगत वमन गरी मृत्यु भयो ।

सारिपुत्र मौद्गल्यायन अढाइसय परिव्राजकसहित भगवान्काहाँ जानुहुँदा टाढैबाट देख्नुभएको भगवान्ले भिक्षुसंघलाई भन्नुभयो- 'भिक्षुहरू यी दुइ मित्र कोलित (सारिपुत्र) र उपतिस्स (मौद्गल्यायन) आउँदैछन् । यी मेरा अग्रसावक हुनेछन् ।'

उनीहरूले पनि भगवान्लाई वन्दना गर्नुभएर 'भन्ते ! हामीलाई भगवान्काहाँ प्रव्रज्या, उपसम्पदा प्राप्तहोस्' भनी अनुरोध गरे । भगवान्ले पनि भन्नुभयो- 'भिक्षुहरू आऊ, धर्म सुआख्यात छ । राम्ररी दुःखको क्षयको लागि ब्रह्मचर्य पालन गर ।'

यही वाक्यले उहाँहरूको उपसम्पदा भयो ।

### महाकाश्यप

थेरगाथा अट्ठकथा (३०) अनुसार यस्तो मैले सुनें- मगध देशको महातिष्य नामक ब्राह्मण गाउँको मुखिया कपिल ब्राह्मणको पिप्पलि नामक छोरा थियो । त्यसैगरी मद्रदेशको सागल नगरमा कौशिक गोत्र ब्राह्मणको परिवारमा भद्रा कपिलायानीको जन्म भयो । दुबै क्रमशः २० र १६ वर्ष पुगे । पछि पिप्पलिलाई विवाहको लागि कर गर्न थाले । पिप्पलि विवाहको शब्द पनि सुन्न चाहँदैन थियो । 'जबसम्म तपाईंहरू बाँच्नुहुन्छ तबसम्म सेवा गरुँला त्यसपछि प्रव्रजित भएर जाउँला' भनी जवाफ दिन्थ्यो । तापनि आमाबाबाले बारबार विवाहको लागि कर गर्न छाडेन । अन्तमा आमाबाबाको मन शान्त गर्न नयाँ उपाय सोचेर अति नै सुन्दरी सुवर्णमूर्ति बनाएर त्यसलाई सुन्दर पहिरनले सजाएर श्रृंगार गरायो र आमालाई भन्यो- 'यस्ती सुन्दरी स्त्री नै पाए म विवाह गर्नेछु ।'

आमाले सम्झिन्- 'अवश्य नै मेरो छोरा पुण्यवान हुनुपर्छ । पूर्वजन्ममा उसले अति नै महान् दानादि पुण्य कर्म गरेको होला । उसलाई साथ दिने यस्ती सुन्दरी पनि थिइन् होली । त्यसैले ती सुन्दरी काहाँ जन्म लिइन् ? खोज्न पठाउँनुपऱ्यो' भनी ब्राह्मणहरूलाई बोलाएर यस्ती सुन्दरी स्त्री खोजेर ल्याउनुपऱ्यो' भनी खर्च दिएर पठाइन् ।

ती ब्राह्मणहरू पनि सुन्दर स्त्रीको खोजी गर्दै सुन्दरीहरूको नगर मानिने सागलनगरमा पुगे । सुवर्ण प्रतिमाजस्तै सुन्दरी पत्ता लगाएन उनीहरू नुहाउने घाटको बीचमा त्यो प्रतिमा राखेर एकातिर लुकेर बसिरहे । त्यसै बेला भद्राकपिलायानीलाई नुहाइ सकेर अलंकृत



Downloaded from http://www.dhamma.digital

पालकीमा राखेर आफू नुहाउन भनी दासी घाटतिर आइरहेकी थिइन् । त्यो सुन्दर प्रतिमा देखेर आफ्नी मालिक्नी सम्फेर- 'कस्ती अनुशासनहीन रहिछे, यति छिटो आएर यहाँ उभिर हेकी' भनेर पिठ्यूँमा पिटिन् । तर जब त्यो प्रतिमामात्र हो भनी थाहा पाएपछि भनिन्- 'मैले त आर्यपुत्री भनेर सम्फेकी त यो त मेरी आर्य पुत्रीको लुगा लिएर हिंडने केटीजस्ती पनि सुन्दरी छैन ।'

यो कुरा सुनेर चेवा लिएर बसेका ब्राह्मणहरूले उसलाई घेरा हालेर सारा कुरा सोधे, सुने । सारा कुरा बुझिसकेपछि ती ब्राह्मणहरू कपिलायानीको बाबालाई भेटेर आफूहरू आएको उद्देश्य बताएर अन्तमा सबै कुरा मिलेपछि विवाहको टुङ्गो लगाएर मगधमा समाचार पठाए ।

विवाहको लागि भनेअनुसारकी सुन्दरी पाइयो भन्ने थाहा पाएपछि विवाह गर्न मन नलागेको पिप्पलिले गोप्य चिट्ठी लेख्यो- 'भद्रा, मेरो प्रव्रजित हुने इच्छा छ । त्यसैले तिमीले आफ्नो जातीगोत्र खोजेर विवाह गर । पछि दुःख पाउन नपरोस् ।'

यसरी नै उता भद्रा कपिलायानीको पनि आफ्नो इच्छाविरुद्ध विवाह हुने थाहा पाएपछि गोप्य चिट्ठी लेखिन्- 'आर्यपुत्र, मेरो प्रव्रजित हुने इच्छा छ । तपाईको जातिगोत्र खोजेर विवाह गर्नुहोस् पछि दुःख पाउन नपरोस् ।'

तर यी दुबै चिट्ठीवाहकहरू बाटामा भेट भए । 'किन आएको ?' भनी सोधपुछ गर्दा भद्रा कपिलायानी र पिप्पलिको चिट्ठी पुऱ्याउने भनेर थाहा पाएपछि 'के लेखेछन् त विवाहपूर्व ?' भनी बुझ्न चिट्ठी खोली हेर्दा विवाह नगर्ने समाचार देखेर दुबैले ती चिट्ठी फ्यालेर नयाँ प्रेमपत्र लेखेर पुऱ्याइदिए र अन्तमा दुबैको विवाह भयो ।

विवाह भएपछि दुबैले फूलको माला उन्न लगाए । राती दुबैले आ-आफ्ना मालाहरू कतै अर्कोको शरीर स्पर्श गर्न नपरोस भनेर सुत्ने खाटको माझमा साँझ लगाए । प्रत्येक दिन यसरी नै दुबैको ब्रह्मचर्य पालन भइरह्यो । आमाबाबाको मृत्युपछि पिप्पलि र कपिलायानीले गृहस्थ जीवन सम्हाल्न पऱ्यो । पिप्पलि एकदिन खेत घुम्न जाँदा चराले खेतका कीराहरू खाएको देख्दा 'यो पाप कसलाई लाग्दछ' भनी सोध्यो ।

'तपाईंलाई, किनकि यी सारा खेतको मालिक तपाई हुनुहुन्छ' भन्यो । यो जवाफ सुनेर वैराग्य उत्पन्न गऱ्यो ।

उता कपिलायानीले पनि घडामा राखेको तील सुकाउन लाग्दा तीलका कीराहरूलाई चराले खाँदै गरेको देख्दा सोधिन्- 'यस्को पाप कसलाई लाग्छ ?'

'तपाईंलाई नै, किनकि यी सारा भण्डारका मालिक तपाईं नै हुनुहुन्छ ।' यो सुनेर कपिलायानीलाई पनि वैराग्य उत्पन्न भयो ।



Downloaded from http://www.dhamma.digital

राती भोजन समाप्त गरी दुबै जना एकान्तमा गएर आ-आफ्ना मनका कुरा गरे। प्रव्रजित हुने इच्छा सुनेर दुबै प्रसन्न भएर भोलिपल्ट बजारबाट चीवर वस्त्र र माटोको भिक्षापात्र मगाएर एक अर्कोले केश मुण्डन गराएर- 'यस संसारमा जो अर्हत छ उसैको नाममा यो प्रव्रजित भयो' भनी प्रव्रजित भए। पात्रलाई झोलामा राखेर घर बाहिर जाँदा कसैले पनि चिनेनन्। तर धेरै टाढा दासग्राममा भने उनीहरूको हाउभाउले चिने। दासदासीहरूले रोक्न खोजे तर रोक्न सकेनन्।

यसरी पिप्पलि र कपिलायानी सत्तासी करोडभन्दा बढी सम्पत्तिलाई त्यागेर प्रव्रजित भई गए। बाटोमा पिप्पलिलाई अनौठो विचार आयो। 'यस सारा जम्बुद्वीप मूल्य बराबरको सुन्दरी स्त्री भद्रा कपिलायानी मेरो पछिपछि आउँदैछिन्। अरुले देख्दा प्रव्रजित भएर पनि स्त्रीबाट अलग हुन सकेन भनी गलत विचार उत्पन्न हुनेछ र उसलाई अपुण्य हुनेछ। त्यसैले संगसंगै हिंड्नु उचित छैन' भनी पिप्पलिले आफ्नो मनको कुरा सुनायो। भद्रा कपिलायानीले पनि 'हो आर्य, प्रव्रजितको लागि स्त्री बाधक हुन्छ' भनी पिप्पलिलाई तीनपल्ट प्रदक्षिणा गरी चार स्थानमा पञ्चाङ्ग वन्दना गरी, दुबै हात जोडी 'लाखौं कल्पदेखि चलिआएको सम्बन्ध आज छुट्दैछ' भनी 'तपाईं दक्षिण जातिको हुनुहुन्छ, त्यसैले दक्षिण बाटो जानुहोस्, स्त्री जाति वाम जातिको हुन्छ त्यसैले म वाम बाटो भएर जानेछु' भनी छुट्टिएर गइन्।

सम्यक् सम्बुद्धले वेलुवन गन्धकुटीमा यी सारा कुरा थाहा पाउनुभएर 'पिप्पलि र भद्रा कपिलायानी अपार सम्पत्तिलाई त्यागेर प्रव्रजित भएका छन्। मैले उनीहरूको उपकार गर्नुपर्छ' भनी सोच्नुभएर पिप्पलि आउने मार्गमा पौने योजनअगाडि जानुभई पिप्पलिलाई पर्खेर बस्नुभयो। पिप्पलिले उहाँलाई देख्नासाथ चिनेर निहुरिएर वन्दना गर्दै 'भगवान् तपाईं मेरो शास्ता हुनुहुन्छ, म तपाईंको शिष्य हुँ' भन्यो। भगवान्ले त्यहीं नै उपसम्पदा दिनुभएर त्यहाँबाट हिंड्नुभयो। भगवान् ३२ लक्षणले युक्त हुनुहुन्थ्यो भने महाकाश्यप ७ लक्षणले युक्त।

पछिपछि हिंडेको महाकाश्यपले भगवान्ले एक ठाउँमा बाटो छाडेर कुनै रुखमुनि बस्ने संकेत गर्नुभएको देखेर आफ्नो रेशमी संघाटी बिछ्याइदिनुभयो। भगवान्ले त्यो रेशमी संघाटी 'नरम' छ भनी प्रशंसा गरेको सुनेंर त्यो संघाटी भगवान्लाई नै चढायो। भगवान्ले पनि 'तब तिमी के लगाउँछौ' भनी सोध्नुभयो।

'भगवान्को चीवर पाए लगाउँने छु' भनी जवाफ दिनुभयो। भगवान्ले भन्नुभयो- 'काश्यप, के तिमी लगाउँदा लगाउँदा जीर्ण भइसकेको यो चीवर लगाउँन सक्छौ ? यो बुद्धहरूको चीवर हो। थोरै गुण हुनेहरूले धारण गर्न सक्दैनन्। समर्थ, धर्मको अनुशासन गर्ने, जन्मभर पांशुकुलधारण गर्नेलाई मात्र योग्य छ।'



Downloaded from http://www.dhamma.digital

महाकाश्यप भन्तेले पनि भगवान्‌संग चीवर साट्नुभएर भगवान्‌संग तेरह धुतांग धर्मसमेत पालन गर्नुहुँदै सात दिनसम्म पृथग्जन भई आठौं दिन प्रतिसम्भिदा ज्ञानसहित अर्हत्व प्राप्त गर्नुभयो ।

## महाकात्यायन

अंगुत्तरनिकाय अट्ठकथा (१/१/१०) अनुसार यस्तो मैले सुनें-उज्जैन नगरमा पुरोहित परिवारमा जन्म भएर तीनै वेदमा पारंगत भएर बाबाको मृत्युपछि पुरोहित पद पाएपछि गोत्रको नामले कात्यायन भनी प्रख्यात भयो । एकदिन राजा चन्द्रप्रद्योतले सभामा भन्यो- 'लोकमा बुद्ध उत्पन्न भएको छ, जसले उहाँलाई ल्याउन सक्छ, उसले ल्याओस् ।'

'अरुले सक्दैन पुरोहित कात्यायन अति विद्वान हुनुहुन्छ, उहाँले मात्र ल्याउन सक्नुहुन्छ । त्यसैले उहाँलाई नै पठाउँनु होस्' भनी सबैले भने ।

राजाले पुरोहित कात्यायनलाई बुद्धलाई बोलाइल्याउने जिम्मा दिंदा 'यदि प्रव्रजित हुने अनुमति दिएमा ल्याउने छु' भनी शर्त राख्यो र सात जना अन्य साथीहरूसहित बुद्धकाहाँ गयो । बुद्धलाई भेट्दा भगवान्‌को उपदेश सुनेर आठै जनाले प्रतिसम्भिदा ज्ञानसहित अर्हत्व प्राप्त गर्नुभयो । तब भगवान्‌ले 'भिक्षुहरू आऊ ।' भनी हात पसार्दा त्यसै बेला केश दाह्री मुण्डन भएर चीवरधारी भिक्षु हुनुभयो । पछि आयुष्मान् कात्यायनले भगवान्‌लाई उज्जैन जान विन्ती गर्नुभयो ।

तर भगवान्‌ले 'तिमी गए पनि राजा प्रसन्न नै हुनेछ' भनी आफू नजाने कुरा बताउनुभयो ।

बुद्धले विनाकारण केही भन्नुहुन्न भनी विचार गर्नुभएर सातजना अर्हत भिक्षुहरूसहित भगवान्‌लाई वन्दना गरेर उज्जैनतर्फ लाग्नुभयो ।

बाटामा तेलप्पुनाली नामक गाउँमा भिक्षाटन गर्दै हुनुहुन्थ्यो । त्यहाँ पहिला धनी तर अहिले एक गरीब भएकी अती सुन्दरी युवतीले देखिन् । उसले उहाँहरूलाई श्रद्धापूर्वक भिक्षादान गराउन घरमा डाकेर ल्याइन् । पहिला एक समयमा आफ्नो लामो केशलाई, केश राम्रो नभएकी एक जना धनी सेठकी छोरीले किन्न मागेकी थिइन् तर मानेकी थिइनन् । आज भिक्षुहरू भोकै पर्ने देखेर आफूसंग पैसा नभएकोले त्यहीं केश काटेर त्यस केटीलाई बेच्नको लागि एक जना धाईलाई पठाइन् । धनी युवतीले पहिला सयौं कार्षापण तिर्न तयार भए तापनि अहिले आफ्नो हात माथि पर्दा जम्मा आठ कार्षापण मात्र दिएर पठाइन् । त्यस पैसाबाट सात कार्षापणको भोजन तयार गरेर सेविका धाई मार्फत दान गर्न लगाईन् ।

कात्यायन स्थविरले 'दाता खोइ त ?' भन्नुभयो ।

'भित्र छ' भन्यो ।



Downloaded from http://www.dhamma.digital

यो सुन्नुभएर 'बोलाएर ल्याऊ' भनी भन्नुभयो ।

धाई भित्र गएर बोलाउँदा ती युवतीले 'अवश्य पनि विनाकारण बोलाउनु भएन होला' भनी सोचेर श्रद्धापूर्वक आएर वन्दना गरिन् । फलस्वरूप राम्रो खेतमा असल फल दिएझैं त्यस युवतीको केश पहिलेजस्तै भयो । स्थविरहरू पनि युवतीलाई देखाउँदै उडेर आकाश मार्गबाट उज्जैन राज बगैंचामा पुगेर आराम गर्नुभयो ।

स्थविरहरू आइपुगेको खबर सुन्नासाथ राजा चन्द्रप्रद्योत भेट्न आयो। भलाकुसारी गर्दा बाटोमा भएको घटना स्थविरले सुनाउँनुभयो । तब त्यस युवतीलाई बोलाएर राजाले रानी बनाइराख्यो । पछि छोरा जन्मिदा गोपाल कुमार राखियो । छोराको कारणले उसको नाम गोपालमाता रहन गयो । भिक्षुहरूको लागि राजाले काँचन वनमा विहार बनाइदियो । केही दिनसम्म धर्मोपदेश गर्नुभएर उहाँहरू पुनः शास्ताकाहाँ फर्किनुभयो ।

## उपाध्याय शिष्यको कर्तव्य / उपसम्पदा

महावग्ग (१) अनुसार यस्तो मैले सुनें- त्यसबेला मगधका धनीकुलका कुलपुत्रहरू पनि भिक्षु हुन्थे । तब मानिसहरूले आलोचना गर्न थाले 'श्रमण गौतमले निसन्तान बनाउने भए, विधवा बनाउने भए, कुलनाश गराउने भए' भन्दै निम्न गाथामा भिक्षुहरूलाई कुरा सुनाउँथे- 'महाश्रमण मगधको गिरीब्रजमा आएको छ, सञ्जयको सबै शिल्पहरूलाई लग्यो, अब कसलाई लाने हो ?'

भगवान्ले यो कुरा सुन्नुभएर भन्नुभयो- भिक्षुहरू यो कुरा सात दिन भन्दा बढी टिक्ने छैन । तिमीहरूले पनि यसरी जवाफ दिनु- 'महावीर तथागत सत्य धर्म मार्गबाट लानुहुन्छ । धार्मिक उपायबाट लगेकोलाई विद्वानहरूलाई किन चिन्ता ?'

तब सबैले बुझे 'शाक्यपुत्रीय श्रमण धार्मिकरूपले लानुहुन्छ, अधार्मिकरूपले होइन ।' त्यो आलोचना पनि सातदिनभन्दा बढी टिकेन ।

त्यस समयमा भिक्षुहरू उपाध्यायविना रहन्थे । त्यसैले ठीकढंगले शिक्षा सिक्नु पाउँदैनथे । ठीकढंगले चीवर लाउँदैनथे, ठीकढंगले भिक्षा माग्दैनथे, ठीकढंगले भोजन गर्दैनथे, जसले गर्दा उनीहरूको आलोचना हुन्थ्यो । तब भगवान्ले भिक्षुहरूलाई भन्नुभयो- 'भिक्षुहरू म उपाध्याय हुने अनुज्ञा दिन्छु । उपाध्यायले शिल्पप्रति पुत्रबुद्धि र शिल्पले उपाध्यायप्रति पिताबुद्धि राख्नुपर्दछ । उपाध्याय ग्रहण गर्दा भिक्षुले उत्तरासंगलाई एउटा काँधमा राखेर वन्दना गरेर, उकडुं बसेर हात जोडेर तीनपल्ट भन्नुपर्दछ- 'भन्ते, मेरो उपाध्याय हनुहोस् ।'

शिल्पले उपाध्यायप्रति गर्नुपर्ने कर्तव्य- समयमा उठेर, जुत्ता फूकालेर, दतिबन दिनुपर्छ । पानीको व्यवस्था गरिदिनुपर्छ । भोजनको व्यवस्था गरिदिनुपर्छ । आसन



Downloaded from http://www.dhamma.digital

बिछ्याइदिनुपर्छ । सफा सुग्घर गर्नुपर्छ । बाहिर जानुपर्छ । चीवर तयार गरिदिनुपर्छ, यदि अनुचर चाहिन्छ भने शरीर ढाक्ने पारुम्पन गरी चीवर लाउनुपर्छ । धेरै टाढा, धेरै नगिच नबसी पछिपछि हिंड्नुपर्छ । उपाध्याय बोल्दा विचमा बोल्नु हुँदैन । तर दोषयुक्त बोलेमा सचेत गराउनुपर्छ । फर्केर आएर खुट्टा धुने पानी, आसन आदिको व्यवस्था गरिदिनुपर्छ । नुहाउनको लागि पानी आदि व्यवस्था गरिदिनुपर्छ । उपाध्याय बस्ने विहारको सफा सुग्घर गर्नुपर्छ । चर्पी, भान्छाघर, सुत्ने कोठा, सुत्ने ओछ्यान, खाट आदि सबैको सफा सुग्घर गर्नुपर्छ । सबै सामान यथास्थानमा राख्नुपर्छ । जाडो, गर्मी मौसमअनुसार कोठाको झ्याल ढोकाको व्यवस्था गर्नुपर्छ ।

यसै गरी उपाध्यायले शिल्पप्रति गर्नुपर्ने कर्तव्य- शिल्पप्रति अनुकम्पा राख्नुपर्छ, उपदेश दिनुपर्छ । चीवर आदि छैन भने दिनुपर्छ । विमारी भएमा दतिवन, औषधी आदि सेवा गर्नुपर्छ, कोठा आदि सफा गरिदिनुपर्छ ।

फेरि उपाध्याय कतै जाँदा वा विचार बदलिंदा वा मर्दा आचार्य नभएकोले शिल्पहरूले अनुशासनहीन तरिकाले भिक्षा जाने आदि गर्न थाले । तब भगवान्ले आचार्य बन्ने अनुमति दिनुभयो ।

एक दिन ब्राह्मण राधले प्रव्रज्या माग्यो । तर कसैले पनि बनाएन । तब भगवान्ले भिक्षुहरूलाई सोध्नुभयो- 'यस ब्राह्मणले गरेको उपकार कसैलाई थाहा छ ?'

आयुष्मान् सारिपुत्रले- 'एकपल्ट राजगिरिमा भिक्षा गर्दा एक पन्यु भात दिन लगाएको थियो' भनी भन्नुभयो ।

तब सत्पुरुष कृतज्ञ हुन्छ भन्नुभएर साधुकार दिनुहुँदै भगवान्ले 'राधलाई प्रव्रजित गर्नु' भनी भन्नुभयो र फेरि भन्नुभयो-

'भिक्षुहरू मैले शरणगमनबाट उपसम्पदा गर्ने अनुज्ञा दिएको थिएं त्यसलाई हटाएर चार ज्ञप्तियुक्त उपसम्पदाको अनुमति दिन्छु । उपसम्पदा गर्ने बेला योग्य भिक्षुले संघलाई ज्ञापन गर्नुपर्छ-

१) 'भन्ते संघ मेरो कुरा सुन्नुहोस्, फलाना आवुसो उपसम्पदापेक्षी छ । यदि संघ उचित सम्झेमा, संघले फलानालाई फलानाको उपाध्यायत्वमा उपसम्पन्न गरोस् । यो ज्ञप्ति हो ।'

२) 'भन्ते ! संघ मेरो कुरा सुन्नुहोस्, फलाना आवुसो उपसम्पदापेक्षी छ । संघ फलानालाई फलानाको उपाध्यायत्वमा उपसम्पन्न गर्दछ । जो आयुष्मान्हरूलाई फलानाको उपसम्पदा फलानाको उपाध्यायत्वमा स्वीकार छ ऊ चुप बसोस्, जसलाई स्वीकार छैन ऊ बोलोस् ।'



Downloaded from http://www.dhamma.digital

३) 'दोश्रोपल्ट पनि भन्दछु...ऊ बोलोस् ।'

४) 'तेश्रोपल्ट पनि भन्दछु...ऊ बोलोस् ।'

'संघलाई स्वीकार छ, त्यसैले चुप छ, यस्तो सम्झन्छु ।'

## कपिलवस्तु गमन

जातक निदान (४) अनुसार यस्तो मैले सुनें- तथागत वेलुवनमा रहनुहुँदा राजा सुद्धोदनले आफ्नो छोराको प्रशंसा सुनेंर भेट्ने मनसायले हजार मानिसलाई बुद्धलाई बोलाउन पठायो । उनीहरू पनि साठी योजन मार्ग गएर भगवान्‌ले उपदेश दिइरहनुभएको समय पुगेर उपदेश सुन्दासुन्दै अरहन्त भए । भगवान्‌ले पनि 'भिक्षुहरू आऊ' भनी सम्बोधन गर्नुहुँदै उपसम्पदा दिनुभयो । तर उनीहरूले राजाको सन्देश सुनाउँनन् ।

यसरी राजाले भगवान्‌लाई बोलाउन हजार हजारको संख्यामा नौंचोटी पठायो । उनीहरू सबै पहिलेजस्तै धर्मदेशना सुन्दै अरहन्त हुँदै उपसम्पदा प्राप्त गरिबसे । कसैले पनि राजाको सन्देश सुनाउँनन् । यो देखेर विश्वासीलो काल उदायीलाई हजार मानिससहित बोलाएर ल्याउन आदेश दिइयो । अमात्य काल उदायी भगवान्‌को बाल्यसखा थियो । ऊ पनि गएर पहिलेजस्तै धर्मदेशना सुन्दै अरहन्त भयो र उपसम्पदा प्राप्त गर्नुभयो ।

काल उदायी उपसम्पदा हुनुभएको ६/७ दिनपछि फाल्गुण पूर्णिमामा वसन्त आगमनको प्रशंसा सुनाउँदै- 'न धेरै शीत छ, न धेरै उष्ण, न अन्नको धेरै समस्या छ। हरियाली छ । महामुनि यो जाने समय हो ।'

'उदायी, के हो यो जुन मधुरस्वरले यात्राको प्रशंसा गरिरहेछौं ?'

'भन्ते ! तपाइको बाबा सुद्धोदन महाराज तपाईलाई भेट्न चाहन्छ। आफन्तहरूको संग्रह गर्नुहोस्' भनी भगवान्‌लाई राजा सुद्धोदनले भेट्न चाहेको कुरा सुनाउँनुभयो ।

भगवान्‌ले पनि स्वीकार गर्दै भन्नुभयो- 'उदायी ! हुन्छ म आफन्तको संग्रह गर्नेछु । भिक्षु संघलाई भन कि यात्राको व्रत पुरा गर ।' यसरी भगवान् अंग मगधका दश हजार र कपिलवस्तुका दश हजार अर्हत भिक्षुहरूलाई आफ्नो साथमा लिनुभएर कपिलवस्तुको लागि प्रस्थान गर्नुभयो । कपिलवस्तु दुइ महिनामा पुग्ने उद्देश्य लिएर दिनको एक योजन मात्र हिंड्नुहुन्थ्यो ।

कपिलवस्तुमा शाक्यहरूले भगवान्‌को लागि न्यग्रोध वनमा तयारी गरायो । अगाडि अगाडि स-साना केटाकेटीहरू त्यसपछि राजकुमा राजकुमारीहरू र अन्तमा ठूलाहरू गन्ध पुष्प आदि लिएर भगवान्‌को स्वागत गरे । भोलिपल्ट भगवान् भिक्षाटनको लागि कपिलवस्तु नगरमा प्रवेश गर्नुभएर एक छेऊदेखि भिक्षाटन गर्नुभयो । भगवान्‌को भिक्षाटन दृश्य हेर्न झ्याल, ढोका, छतबाट मानिसहरू ओइरो लागे ।



Downloaded from http://www.dhamma.digital

राहुलमाता पनि 'पहिला यसै ठाउँमा ठाँटबाँटले घुम्नु हुने अहिले केश दाह्री खौरेर भिक्षापात्र हातमा लिएर भिक्षाटन माग्दै हिंड्नुभएको छ' भनी सोच्दै ससुरालाई गएर भनिन् 'तपाईंको छोरा भिक्षा माग्दै हुनुहुन्छ ।' यो कुरा सुनेर राजा हतासिँदै दौडिँदै गएर भगवान्लाई भन्यो- 'किन हामीलाई लाजमर्दो पार्नुहुन्छ, के हामीले यतिका भिक्षुलाई खुवाउन सक्दैनौं र ?'

'महाराज यो हाम्रो वंश परम्परा हो ।'

'हाम्रो क्षत्रिय वंशमा आजसम्म कसैले पनि भिक्षा मागेको छैन ।'

'यो हाम्रो बुद्धवंश परम्परा हो ।'

पछि भोजनपश्चात् राजदरवारमा जानुहुँदा राहुलमाताबाहेक अरु आएर वन्दना गरे । राहुलमाताले भनिन् 'यदि ममा गुण छ भने उहाँ आफै यहाँ आउनुहुनेछ ।'

भगवान् पनि सारिपुत्र र मौद्गल्यायन अग्रस्रावकहरूलाई लिनुभएर राहुलमाता भेट्न जानुभयो र 'राजकुमारीलाई यथारुचि वन्दना गर्न दिनु' भन्नुभयो ।

राहुलमाताले पनि भगवान्को दुबै खुट्टामा टाउको राखेर आँशु झार्दै वन्दना गरिन् । राजाले राहुलमाताको प्रशंसा गर्दै भन्यो- 'भन्ते ! मेरी छोरी तपाईले काषायवस्त्र लगाएको सुनेर उसले पनि काषायवस्त्र धारण गरिन् । एक छाक खाने सुनेर एक छाक खान थालिन्, अग्लो ओछ्यान छाडेर होचो खाटमा सुत्न थालिनर, श्रृंगार गहना त्यागिन् ।'

तेस्रो दिन राजकुमार नन्दको अभिषेक, गृहप्रवेश र विवाह गरी तीन मंगल हुने दिनमा भगवान् भिक्षाको लागि प्रवेश गरेर नन्दकुमारलाई हातमा भिक्षापात्र थमाएर बाहिर हिंड्नुभयो । भगवान्प्रति गौरव राखेर नन्दकुमारले 'भन्ते ! पात्र लिनुहोस्' भन्न सकेन र पछिपछि हिंड्यो । सीढीमा, राज आँगनमा, मूलद्वारमा 'अब लिनु होला, अब लिनु होला' भन्दै सोच्दै भगवान्को पछिपछि लागिरह्यो ।

यो दृश्य देखेर कसैले ऊसंग विवाह गर्न तयार भएकी जनपद कल्याणीलाई सुनायो- 'भगवान्ले नन्दराजालाई लानुभयो अब तिमीलाई विधवा बनाउने छ ।' तब नुहाउँदै गरेकी जनपद कल्याणीले दौडेर झ्यालबाट गइरहेको नन्दकुमारलाई देखेर 'आर्यपुत्र छिटो आउनु होस्' भनिन् । आवाज सुनेर फर्केर हेर्दा जनपदकल्याणीका दृश्य र त्यो आवाज नन्दकुमारको भित्री हृदयमा काँडा बिजेझैं भयो, बिर्सन नसक्ने भयो, झल्झल्ती सम्झना आइरह्यो ।

न्यग्रोधाराममा पुगेर भगवान्ले- 'नन्द ! प्रव्रजित हुन्छौ ?' भनी सोध्नुभयो ।

नन्दकुमारले गौरवले गर्दा 'हुन्न' भन्न नसकेर 'हुन्छ' भन्यो । तब नन्दकुमारलाई प्रव्रजित गराउनुभयो ।



Downloaded from http://www.dhamma.digital

सातौं दिन राहुलमाताले राहुललाई अलंकृत गरेर भगवान्लाई देखाएर 'छोरा, बीस हजार श्रमणहरूको मध्यमा सुवर्णवर्ण तिम्रो बाबा हुनुहुन्छ। उहाँसंग धेरै सम्पत्ति थियो त्यो अहिले देखिँदैन । अंश माग्न जाऊ ।'

तब सानो राहुलकुमार पनि 'श्रमण ! तपाईको छाँया सुखमय छ' भन्दै भगवान्को पछि लाग्दै 'श्रमण ! मलाई अंश देऊ' भन्दै गयो। तब भगवान्ले सारिपुत्रलाई राहुल कुमारलाई प्रव्रजित गर्ने आदेश दिनुभयो । त्यसै प्रसंगमा तीन शरणगमनसहित श्रामणेर गर्न अनुमति दिनुभयो । महामौद्गल्यायन स्थविरले कुमारलाई केश काट्नुभएर त्रिशरण दिनुभयो भने महाकाश्यपले उपदेश दिनुभएर आचार्य हुनुभयो । सारिपुत्र स्थविर उपाध्याय हुनुभयो ।

यो कुरा सुनेंर राजा सुद्धोदनले भगवान्संग भन्यो 'भगवान् प्रव्रजित हुंदा मलाई धेरै दु:ख भएको थियो । त्यसरी नै नन्द प्रव्रजित हुंदा पनि । राहुल प्रव्रजित हुंदा अत्यधिक दु:ख भयो । पुत्रप्रेमले मेरो छाला छेडिरहेको छ, छाला छेडेर मासु, मासु छेडेर नसा, नसा छेडेर हड्डी छेडिरहेको छ। भन्ते ! राम्रो हुने थियो कि आमाबाबाको अनुमतिबिना कसैलाई प्रव्रजित नगरिदिनुभए ।'

पछि भगवान्ले भिक्षुहरूलाई सम्बोधन गर्नुहुँदै 'आमाबाबाको अनुज्ञाविना प्रव्रजित नगर्ने र गरेमा दुक्कटको दोष लाग्ने छ' भनी नियम बनाउनुभयो ।

### उपालिहरूको प्रव्रज्या

अंगुत्तरनिकाय अर्थकथा (१/१/५) अनुसार यस्तो मैले सुनें-त्यसपछि भगवान् चारिका गर्नुहुँदै मल्ल देशको अनुप्रिया आम्रवनमा पुग्नुभयो। त्यहाँ युवकहरू प्रव्रजित हुँदै थिए । त्यस समय महान्ाम र अनिरुद्ध दुइ दाजुभाइ थिए । तब महान्ामले 'कुलीन शाक्यहरू प्रव्रजित हुँदै छन्। त्यसैले दुइ भाइहरूमा एक जना प्रव्रजित हुनुपर्‍यो' भनी भाइ अनिरुद्धलाई सोध्न गयो ।

अनिरुद्धले 'म सुकुमार छुं प्रव्रजित हुन सक्दिन' भनी जवाफ दियो । 'त्यसो भए घरबार तिमीले सम्हाल म प्रव्रजित हुन्छु' भनी महान्ामले भनेर घरबार बारे शिक्षा दियो । 'पहिला खेत जोताउनुपर्छ, वीउ छर्नुपर्छ, पानी पटाउनुपर्छ, गोडमेल गर्नुपर्छ, बाली पाक्न लाउनुपर्छ, बाली काट्नुपर्छ, वाली एक ताँतीमा राख्नुपर्छ, छाट्नुपर्छ, दाँई गर्नुपर्छ, धान र भुस छुट्याउनुपर्छ, पराल छुट्याएर कुन्यु बनाउनुपर्छ, धान कुटाउनुपर्छ, धान फटकार्नुपर्छ, चामल थन्क्याउनुपर्छ । यसै गरी प्रत्येक वर्ष काम गर्नुपर्छ ।

'यो काम कहिले खत्तम हुन्छ र पञ्चकामगुणमा भुल्न पाइन्छ ?'

'यो काम कहिले खत्तम हुँदैन। कामको अन्त हुँदैन। यही काम गर्दै बाबा बाजे मरेर गए'

तब अनिरुद्धले 'त्यसो भए तपाईं नै घर सम्हाल्नुहोस्, म प्रव्रजित हुन्छु' भनी भन्यो ।



Downloaded from http://www.dhamma.digital

तर आमाले अनुमति दिएन । कर गरेपछि 'भद्दिय राजा प्रव्रजित भएमा तिमी प्रव्रजित हुनु' भनी शर्त राखिदिइन् ।

अनिरुद्ध भद्दियकहाँ गएर सबै कुरा बताएर प्रव्रजित हुन भन्यो । तब भद्दिय प्रव्रजित हुन तयार भयो तर सात वर्ष पर्खिन भन्यो । अनिरुद्धले सात वर्ष पर्खन वाचा मानेन । ७ वर्ष नभए ६ वर्ष, ५ वर्ष, ४ वर्ष, ३ वर्ष, २ वर्ष, १ वर्ष, ६ महिना, ३ महिना, १ महिना, १५ दिन गर्दै अन्तमा सात दिन मात्र पर्खिने बाचा स्वीकार गऱ्यो । सात दिनपछि भद्दिय, अनुरुद्ध, आनन्द, भृगु, किमीबल, देवदत्तहरू उपालि हजामको साथमा लिएर प्रव्रजित हुन हिंडे ।

बाटोमा आफ्ना सारा गहनाहरू पोको पारेर उपालिलाई दिंदै 'तिमी घर फर्क, यी सारा गहना तिम्रो भयो' भनी फर्काइदिए ।

उपालि केही पर गएर विचार गऱ्यो "यी राजकुमार त प्रव्रजित भए भने मलाई गहनाको के वास्ता ? फेरि शाक्यहरू रिसाहा हुन्छन् । 'राजकुमारहरूलाई मारेर गहना लिएर आयो' भनी मलाई मार्न सक्छन् । त्यसैले म पनि प्रव्रजित हुन्छु" भनी गहनाको पोको एउटा रुखमा बाँधेर 'जसलाई चाहिन्छ उसले लानू' भनी सूचना टाँसेर ऊ पनि पछिपछि लाग्यो ।

भगवान्कहाँ पुगेर 'शाक्यहरू घमण्डी हुन्छन् । यो घमण्ड तोड्न आफ्नै हजामलाई पहिला प्रव्रजित गरेमा ऊ जेठो हुनेछ र हामीले उसलाई वन्दना गर्दा घमण्ड तोडिनेछ । त्यसैले सबैभन्दा पहिला उपालिलाई प्रव्रजित गरिदिनु होस्' भनी अनुरोध गरे । भगवान्ले पनि उपालि हजामलाई नै पहिला प्रव्रजित गरिदिनुभयो । प्रव्रज्याको वर्षभरिमा नै भद्दियले अरहत्वसहित तीन विद्या, अनुरुद्धले दिव्यचक्षु, आनन्दले स्रोतापत्ति फलको र देवदत्तले पृथग्जन ऋद्धिशक्ति प्राप्त गरे ।

त्यस समय भद्दिय जंगलमा रहनुहुँदा पनि, रुखमुनि रहनुहुँदा पनि, जहिले पनि 'अहो सुख ! अहो सुख !' भन्नुहुन्थ्यो ।

यो सुनेंर अन्य भिक्षुहरूले भगवान्कहाँ गएर 'भद्दियले मन नपरी नपरी ब्रह्मचर्य पालन गरिरहेछ । उसलाई पुरानै राज्य सुख सम्भना आइरहेछ' भनी सुनाए ।

भगवान्ले भद्दियलाई बोलाउनुभएर सबैको अगाडि भद्दियसंग कारण सोध्नुभयो । भद्दियले भन्नुभयो- 'पहिले म राजा थिएं । भित्रबाहिर चारैतिर सुरक्षा प्रबन्ध हुँदा पनि मलाई त्राश नै हुन्थ्यो । अहिले म एक्लै जंगलमा हिंड्दा पनि त्राशरहित भएर हिंड्छु । त्यसलाई देखेर 'अहो सुख' भनेको हुँ ।'



Downloaded from http://www.dhamma.digital

# तेश्रो वर्षावास

## राजगृह वेलुवनमा

**(वर्ष ३७-बु.स.पूर्व ४३)**

**नलकपान सुत्त**

मज्झिमनिकाय (२/२/८) अनुसार यस्तो मैले सुनें- एक समय भगवान् कोशल राज्यको नलकपानको पलासवनमा विहार गर्नुहुन्थ्यो । त्यसबेला आयुष्मान्हरू अनिरुद्ध, नन्दिय, किमीवल, भृगु, कुण्डधान, रेवत, आनन्द र अन्य कुलपुत्रहरूसहित हुनुभएको भिक्षुसंघलाई सम्बोधन गर्दै सोध्नुभयो- 'भिक्षुहरू ! श्रद्धापूर्वक प्रव्रजित भएर के तिमीहरू ब्रह्मचर्यमा प्रशन्न त छौ ?'

तर कसैले पनि जवाफ दिएनन् । तब भगवान्ले एकएक जनासंग सोध्नुहुँदै अनिरुद्धसंग सोध्नुभयो । अनिरुद्धले 'छुँ भन्ते' भनी भन्नुभयो । भगवान्ले साधुकार दिनुहुँदै भन्नुभयो- 'तिमीहरूजस्ता युवाअवस्थामा कामभोगलाई त्यागेर राजा वा चोरको डरले नभएर, ऋणले पीढित नभएर, भयले पीढित नभएर, अस्वेच्छाले नभएर, बरु जन्म, जरा, मरण, शोक, रुनु, दुःख, दौर्मनश्यतामा फसेका छौं, बाँधिएका छौं भनी सोचेर श्रद्धापूर्वक प्रव्रजित भएकाहरू ब्रह्मचर्यमा प्रसन्न नै हुनुपर्छ । यस्ता प्रव्रजितहरूले कामभोगबाट अलग हुनुपर्छ । मानिसलाई तबसम्म विवेक प्रीति सुख प्राप्त हुँदैन जबसम्म उसको मनमा अभिध्या (अत्यधिक लोभ), व्यापाद (क्रोध) उद्दच्च कुक्कुच्च (चञ्चलता र पच्छ्यताप) विचिकिच्छा (शंका), अरति (असन्तोष), नन्दी (आलश्य) रहन्छ । जब यी विकारहरूले छाड्छ तब मात्र उसको मनमा विवेक प्रीति सुख प्राप्त हुन्छ ।

'अनिरुद्ध, तिमी के सोच्छौ, के तथागतको आस्रव नष्ट भएको छैन, आवागमन युक्त छ, दुःख फलोत्पादक छ जुन जरामरण युक्त छ ? त्यसैले जानेर एकको सेवन गर्दछ, एकलाई स्वीकार गर्दछ, एकलाई त्याग गर्दछ, एकलाई हटाउँदछ ।'

'होइन भन्ते ! हामीलाई त्यस्तो लाग्दैन । बरु भगवान् यी सबैबाट मुक्त हुनुहुन्छ भने विश्वास छ । त्यसैले जानेर एकको सेवन गर्नुहुन्छ, एकलाई स्वीकार गर्नुहुन्छ, एकलाई त्याग गर्नुहुन्छ, एकलाई हटाउनुहुन्छ ।

त्यहाँबाट चारिका गर्नुहुँदै कपिलवस्तु जानुभएर राजा सुद्धोदनलाई अनागामी फलमा प्रतिष्ठित गर्नुभएर फर्केर आउनुभई राजगृहमा सीतबनमा विहार गर्नुभयो ।



Downloaded from http://www.dhamma.digital

## अम्बलट्ठिक राहुलोवाद सुत्त

मज्झिमनिकाय (२/२/१) अनुसार यस्तो मैले सुनें- एक समय भगवान् र ाजगृहको वेलुवन कलन्दक (लोखर्के) निवापमा विहार गर्नुहुन्थ्यो । त्यसबेला राहुल अम्बलट्ठिकामा विहार गर्दथ्यो। तब भगवान् साँझमा त्यहाँ जानुभएर आसनमा बस्नुभएपछि खुट्टा धुनुभएको लोटामा अलिकता पानी बचाउनुभएर सोध्नुभयो- 'राहुल, लोटामा बचेको थोरै पानी देख्दछौं ?'

राहुलले 'हो, भन्ते' भनी जवाफ दियो ।

तब भगवान्ले राहुललाई भन्नुभयो- 'राहुल, लोटामा थोरै पानी बचेझैं, उसको श्रमणत्व पनि थोरै हुन्छ, जो जानीजानी झुठो बोल्छ। फेरि बाकिरहेको पानी फ्याल्नुभएर भन्नुभयो- 'राहुल, लोटामा थोरै पानी बचेझैं, उसको श्रमणत्व पनि थोरै हुन्छ, जो जानीजानी झुठो बोल्नमा लाज मान्दैन। पछि लोटालाई घोप्ट्याएर भन्नुभयो- 'घोप्ट्याएको लोटाजस्तै उसको श्रमणत्व पनि त्यस्तै हो जो जानीजानी झूठो बोल्छ, झूठो बोल्नमा लाज मान्दैन ।'

'जसरी लामो दाँतयुक्त, विशाल शरीर, सुन्दर जातिको, संग्राममा जाने, राजाको हातीले युद्धमा जाँदा अगाडिको खुट्टाले, पछाडिको खुट्टाले, अगाडिको शरीरको भागले, पछाडिको शरीरको भागले, टाउकोले, कायले, दाँतले, पुच्छरले पनि काम गर्छ तर सूँडले काम लिंदैन भने माउतेले हात्तीलाई विश्वासहीन सम्झिन्छ। तर त्यस हात्तीले सूँडले पनि काम लिएमा माउतेले विश्वासपात्र ठान्दछ । यसरी नै राहुल जसले जानीजानी झूठ बोल्नमा लाज मान्दैन, उसले नगर्ने पाप केही हुँदैन । त्यसैले ख्यालठट्ठामा पनि म झूठ बोलिंदन भनी सिक्नुपर्दछ ।'

भगवान्ले राहुललाई सोध्नुभयो- 'राहुल, ऐना के कामको लागि हो ?'

राहुलले 'अनुहार हेर्नको लागि हो' भनी जवाफ दियो ।

तब भगवान् ले भन्नुभयो-'जसरी ऐना अनुहार हेर्नको लागि हो। त्यसै गरी विचार गर्दै काय, वाक, चित्तले काम गर्नुपर्छ। काम गर्नअघि विचार गर्नुपर्छ- जुन म यो कायले काम गर्दैछु के त्यो मेरो लागि, अर्काको लागि वा दुबैको लागि पीढादायक त छैन ? या अकुशल कर्म दुःखयुक्त त होइन ? यसरी विचार गर्दा अकुशल भएमा त्यसलाई त्यागिदिनुपर्छ। यदि कुशल भएमा त्यो काम गर्नुपर्छ ।'

'काम गरिरहँदा पनि विचार गर्नुपर्छ । कुशल भएमा गर्नुपर्छ, अकुशल भएमा त्यागिदिनुपर्छ । काम गरिसकेपछि पनि विचार गर्नुपर्छ । अकुशल भएमा शास्ताकहाँ, विज्ञहरूकाहाँ गएर बताउनुपर्छ र भविष्यको लागि संयम गर्नुपर्छ । यसरी नै वाचिक



Downloaded from http://www.dhamma.digital

कर्ममा, मनोकर्ममा पनि विचार गर्नुपर्छ । यसरी दिनरात प्रत्यवेक्षण गर्दै काम गर्नेको कुशल धर्म उत्पत्ति हुन्छ र प्रीति प्रमोदित हुन्छ । जो कुनै श्रमण ब्राह्मणहरूले अतीत कालको वर्तमान कालको, भविष्य कालको कर्महरू प्रतिशोधन गरे, यसै तरिकाले गरे । त्यसैले तिमीले पनि 'प्रत्यवेक्षण गरेर कर्म गर्ने छु' भनी सिक्नुपर्दछ ।'

**जेतवन दान**

संयुक्तनिकाय (११/१/८) अनुसार यस्तो मैले सुनें- भगवान् राजगृहको सीतबनमा विहार गर्नुहुन्थ्यो । त्यस समय अनाथपिण्डिक गृहपति कामले राजगृहमा आउँदा आफ्नो साला राजगृह श्रेष्ठीलाई भेट्न जाँदा संघसहित बुद्धलाई भोलिको लागि भोजन तयार गर्न आफ्ना मानिसहरूलाई काम अह्राउँदै थियो । 'पहिला म आउँदा सारा काम छाडेर मेरै स्वागत सत्कारको लागि आउँदथ्यो । तर आज वास्ता पनि नगरी नोकर दाससंग मिलेर भोजनको लागि आदेश दिइरहेछ' भनी अचम्म मानेर अनाथपिण्डिकले 'किन यस्तो भव्य भोजनको तयारी ? के विवाह व्रतबन्ध छ कि ? या महायज्ञ छ कि ? या भारदार कर्मचारीसहित राजा बिम्बिसार भोलिको लागि निमन्त्रित गरिएको छ कि ? भनी सोध्यो ।

'होइन, यी केही पनि होइन, मात्र भोलि बुद्धप्रमुख भिक्षुसंघलाई भोजन प्रदान गरिनेछ' भनी सालाले जवाफ दियो ।

सुनेंको कुरामा विश्वास नभएर 'के बुद्ध भन्यौ ?' भनी तीनपल्टसम्म सोध्यो । बुद्धशब्द सुनेंर प्रसन्न भएर बुद्धको दर्शन गर्न जान तयार भयो ।

'यो समय बुद्धदर्शन गर्ने, समय होइन'

'त्यसो भए भोलि जान्छु भनी विचार गरी सुत्यो । 'उज्यालो भयो होला' भन्दै राती नै तीनपल्ट बिउँझियो । अन्तमा 'उज्यालो भयो' भनी बिउँझिएर शिवथिकद्वारकहाँ गयो । अमनुष्यहरूले मूल प्रवेशद्वार खोलिदिएर अनाथपिण्डिको झिसमिसेमा नै भयत्राससहित सीतवनमा पुग्यो ।

उता भगवान्ले यो कुरा थाहा पाउनुभएर स्वागतार्थ बस्नुभयो । अनाथपिण्डिकलाई देखेर 'सुदत्त आऊ' भनी नामले सम्बोधन गर्नुभयो । अनाथपिण्डिक पनि 'आफ्नो नामले बोलायो' भनी हर्षले गद्गद् भएर भगवान्लाई वन्दना गरेर 'सुखपूर्वक सुत्नुभयो' भनी सोध्यो । भगवान्ले भन्नुभयो-

निर्वाण प्राप्त ब्राह्मण सर्वदा सुखले सुत्दछ ।
शीतल भएको दोषरहित जो काम वासनामा लिप्त हुँदैन ॥
सारा आशक्तिलाई खण्डित गरी हृदयबाट डरलाई हटाएर ।
चित्तको शान्ति प्राप्त गरी उपशान्त हुने सुखपूर्वक सुत्दछ ॥



Downloaded from http://www.dhamma.digital

पछि भगवान्ले आनुपूर्वि कथा भन्नुभएपछि 'जेजति उत्पन्न धर्म छन् ती सबै निरोध धर्म हुन्' भनी ज्ञानचक्षु उत्पन्न भएर स्रोतापन्न भयो । तब अनाथपिण्डिकले भन्यो- 'आश्चर्य भन्ते ! आश्चर्य भन्ते ! जसरी घोप्ट्याएकोलाई सीधा गरिदियोस्, छोपेकोलाई उघारिदियोस्, भुलेकोलाई बाटो देखाइदियोस्, अन्धकारमा प्रदीप बालिदियोस्, जसले गर्दा आँखा हुनेले रूप देखोस्, त्यसरी नै भगवान्ले अनेकप्रकारले धर्मलाई प्रकाशित गरिदिनुभयो, म भगवान्को शरण जान्छु, धर्म र भिक्षुसंघको पनि । आजदेखि मलाई भगवान्ले अञ्जलिबद्ध शरणमा आएको उपासक ग्रहण गर्नुहोस् । भगवान्ले भोलिको लागि मेरो भोजन निमन्त्रणा स्वीकार गर्नुहोस् ।'

भोलिपल्ट भोजन दान गरिसकेपछि एक छेउ बसेर अनाथपिण्डिकले भगवान् भिक्षुसंघसहित श्रावस्तीमा वर्षावास बस्न अनुरोध गऱ्यो ।

भगवान्ले 'एकान्तवासमा तथागत अभिरमण गर्दछ' भन्नुहुँदै वर्षावासको अनुरोध स्वीकार गर्नुभयो ।

यो थाहा पाएर अनाथपिण्डिक श्रावस्ती फर्किंदा बाटोमा भेटेभेटेको लागि 'विहार बनाऊ यो मार्ग भएर बुद्ध आउनु हुनेछ' भन्दै हिंड्यो । मानिसहरू पनि बुद्ध शब्द सुनेंर विहार बनाउन लागे ।

'यस्तो ठाउँ जुन गाउँको नगिच पनि हुँदैन, टाढा पनि हुँदैन, चाहनेहरू आउनजानमा सुविधाजनक, मानिसहरू पुग्न योग्य, दिनमा कम भीडभाड, राती अल्पशब्द, मानिसको हावारहित, मानिसहरूबाट टाढा, एकान्त ध्यानको लागि योग्य होस्' भनी श्रावस्ती पुगेर एकान्तवास योग्य जमिन खोज्दा जेत राजकुमारको आम्रवन उचित देख्यो । जेत राजकुमार लाई जमिन बेच्न अनुरोध गऱ्यो तर जेतराजकुमार मानेन । तै पनि अनाथपिण्डिकले जिद्दि गरिरह्यो । अन्तमा कोटिसन्थार (सुनं बिछ्याए) ले पनि जमिन विक्री योग्य छैन' भन्यो । यो सुनेंर 'जमिन मेरो भयो, किनकि जमिनको मूल्य तोकियो' भनी अनाथपिण्डिकले भन्यो ।

पछि न्यायाधीशसंग सोध्दा 'कोटीसन्थार' भनेकोले मूल्य तोकिएको र त्यसअनुसार सुनं बिछ्याएमा विक्री गर्नुपर्ने रहस्य थाहा पायो । अनाथपिण्डिकले पनि गाडामा सुनं ल्याउँदै बिछ्याउन थाल्यो । यसरी आम्रवनमा असर्फिले बिछ्याउँदै गरेको देखेर जेत राजकुमारले 'यो अवश्य विशेष कामको लागि नै होला जुन सेठले सुनं बिछ्याउँदै छ' भनी सुनं बिछ्याउन नभ्याएको एक टुक्रा जमिन जेत राजकुमारले नै दान गऱ्यो । त्यहाँ भव्य विहार तयार गरियो र जेत राजकुमारको सम्मानमा त्यसविहारको नाम पनि जेतवन विहार राखियो ।

### नवकर्म

उता भगवान् राजगृहबाट चारिका गर्नुहुँदै वैशाली पुग्नुभयो । वैशालीमा महावन



Downloaded from http://www.dhamma.digital

कुटागारशालामा विहार गर्नुभयो। त्यस समयमा मानिसहरू भिक्षुहरूको लागि भिक्षुनिवास निर्माण (नवकर्म) गर्दथ्यो। जो भिक्षुहरू नवकर्मको देखरेख गर्दथ्यो उनीहरूलाई पनि चीवर आदि लाभ सत्कार प्राप्त हुन्थ्यो। तब एकजना गरीब जुलाहाले नवकर्म सुरु गऱ्यो। तर उसको घर भत्किने मात्र गऱ्यो। तब त्यस गरीब जुलाहाले भन्यो- 'मेरो घरमा कोही देखरेख गर्न आउँदैन किनकि म चीवर आदि दान दिन नसक्ने गरीब छुँ। यो कुरा भगवान्काहाँ पनि पुग्यो र भगवान्ले भन्नुभयो- 'भिक्षुहरू ! नवकर्म दिने अनुज्ञा दिन्छु। नवकर्मीक (विहार बनाउने) निरीक्षक भिक्षुलाई विहार छिटो बनु होस् त्यसको विचार राख्नुपर्दछ। बिग्रेको मरमत गर्नुपर्छ। नवकर्मीक भिक्षु दिंदा यसरी प्रार्थना गर्नुपर्छ।

एक चतुर भिक्षुद्वारा संघ ज्ञापित गर्नुपर्छ- 'भन्ते संघ ! मेरो सुन्नुहोस। यदि संघको मन परेमा फलाना गृहपतिको विहार बनाउन फलाना भिक्षुलाई खटाइएको छ। यो ज्ञप्ति (निवेदन) हो।'

'भन्ते ! संघ मेरो कुरा सुन्नुहोस्। फलाना गृहपतिको विहार बनाउन फलाना भिक्षुलाई खटाइएको छ। जो आयुष्मान्लाई मान्य छ ऊ चुप बसोस् जसलाई मान्य छैन ऊ बोलोस्।

दोश्रोपल्ट, 'भन्ते ! संघ मेरो...ऊ बोलोस्।

तेस्रोपल्ट, 'भन्ते ! संघ मेरो...ऊ बोलोस्।

संघले नवकर्मीक फलानालाई नियुक्त गरेको यस संघलाई मान्य छ त्यसैले चुप छन् यसरी म सम्झिन्छु।'

फेरी वैशालीबाट चारिका गर्नुहुँदै श्रावस्तीतिर लाग्नुभयो। त्यस बेला ६ वर्गीय भिक्षुहरू बुद्धप्रमुख भिक्षुसंघभन्दा अगाडि गएर विहार कब्जा गरेर विहारका सामानहरू 'यो हाम्रो उपाध्यायको लागि, यो हाम्रो आचार्यको लागि, यो हाम्रो लागि' भन्दै ओछ्यान, खाट, सिरानी आदि लिन्थे। सारिपुत्रलगायत बुद्धप्रमुख भिक्षुहरू पुग्दा ओछ्यान आदि पुग्दैनथ्यो, पाउँदैनथ्यो। त्यसैले सारिपुत्र स्थविर रुखमुनि बस्नुभयो। यो कुरा थाहा पाउनुभएर भगवान् बुद्धले ६ वर्गीय भिक्षुहरूलाई- 'यो अप्रसन्न हुनेलाई अझ अप्रसन्न गराउने र प्रशन्न हुनेलाई अप्रसन्न गराउने काम हो' भनी धिक्कार्नु भयो।

तब भगवान्ले धार्मिक कथा सुनाउँनुभएर 'प्रथम आसन आदि कसलाई योग्य छ' भनी सोध्नुभयो। कसैले 'क्षत्रिय कुलबाट प्रव्रजित भएको, कसैले ब्राह्मण कुलबाट, गृहपति कुलबाट, सौत्रान्तिक, विनयघर, धर्मकथिक, स्रोतापन्न, सकृदागामी, अनागामी, अरहन्त आदिलाई दिन योग्य छ' भने। यसै सन्दर्भमा भगवान्ले तित्तिर जातक भन्नुभयो-

## तितिर जातक

पूर्वकालमा एउटा ठूलो वरको बोटमा तित्रा, बाँदर र हाथी मित्र भएर बसेका थिए।



Downloaded from http://www.dhamma.digital

एक अर्कोलाई अगौरव गर्दै असहयोग गर्दै बस्दथे । तब उनीहरूका बीचमा 'को जेठो होला ? जसले गर्दा ठूलाप्रति आदरसम्मान गर्न सकौं' भनी विचार उत्पत्ति भयो र एक अर्कालाई सोधे 'तिमीलाई कुनचाहिं पुरानो कुरा याद छ ?'

हात्तीले भन्यो- 'जब म बच्चा थिएँ यो बरको बोट सानो थियो र म नाघेर जानसक्थे ।' बाँदरले भन्यो- 'जब म सानो थिएं तब म सुतेर यस बरको बोटको अंकुरलाई खान्थे ।' तित्राले भन्यो- 'पर एउटा ठूलो बरको बोट थियो । त्यसको फल खाएर विष्टा गर्दा यो बोट उम्रेर आएको थियो । त्यस बेला म तन्देरी थिएँ ।'

यसरी भन्दा तित्रा नै सबैभन्दा जेठो ठहरियो र तित्रालाई गौरव गरी राखी तित्राबाट पञ्चशील ग्रहण गरी एक आपसमा मिलेर बस्न थाले ।

'भिक्षुहरू ! पशुपंक्षीहरू ठूलाप्रति गौरव गरेर बस्दछन् भने भिक्षुहरूमा एक अर्कालाई गौरव नगर्नु शोभा दिंदैन' भन्नुहुंदै 'बृद्धपनअनुसार गौरव राख्नुपर्छ । त्यसको लागि जो पहिले उपसम्पन्न हुन्छ ऊ जेठो हुन्छ । जेठोले सानोलाई वन्दना गर्नु हुँदैन । अनुपसम्पन्न (श्रामणेर) लाई वन्दना गर्नु हुँदैन ।

तीन वन्दनीय छन्- क) कान्छो उपसम्पन्नको लागि ऊभन्दा जेठो उपसम्पन्न । ख) नाना सहवासीहरूको लागि वृद्धत्तर धम्मवादी । ग) देवमार ब्रह्मासहित सारा लोकको लागि तथागत अर्हत सम्यक् सम्बुद्ध वन्दनीय छ ।

चारिका गर्नुहुँदै श्रावस्तीमा अनाथपिण्डकको जेतवन विहारमा गर्नुभयो । एकदिन अनाथपिण्डकले भोजन दान गरिसकेपछि एक छेउ बसेर 'जेतवन विहारलाई के गरुं' भनी सोध्यो ।

'आगत अनागत चातुर्दिश संघको लागि दान गर' भनी भगवान्ले भन्नुभयो र अनाथपिण्डकले पनि त्यसरी नै दान गऱ्यो ।



Downloaded from http://www.dhamma.digital

# चौथो वर्षावास

## राजगृह वेलुवनमा

**(वर्ष ३८ - बु.स.पूर्व ४२)**

### दक्षिणा विभंग सुत्त

मज्झिमनिकाय (३/४/१२) अनुसार यस्तो मैले सुनें- एक समय भगवान् कपिलवस्तुको न्यग्रोधाराममा विहार गर्नुहुन्थ्यो । तब महाप्रजापति गौतमी एक जोडा दोसल्ला लिएर भगवान्लाई दान दिन आइन् । 'भन्ते ! आफैले कातेको, आफैले बुनेको, मेरो यो नयाँ दोसल्ला जोडा भगवान्को लागि अर्पण गरेकी छु । अनुकम्पा गर्नुभएर स्वीकार गर्नुहोस ।'

भगवान्ले 'गौतमी यसलाई संघलाई दिनु । संघलाई दिनाले म पनि पूजित हुन्छु, र संघ पनि पूजित हुन्छ' भनी अह्राउनुभयो ।

तर प्रजापति गौतमी आफ्नै जिद्दिमा अडिरहिन् ।

तब आयुष्मान् आनन्दले भन्नुभयो- 'भन्ते ! महाप्रजापति गौतमी तपाईको अभिभाविका, क्षीरदायिका कान्छीआमा अति उपकारी छिन् । तपाईकी आमा बित्नुभएपछि उहाँले नै दूध पिलाइन् । तपाईकै कारणले बुद्ध, धम्म संघको सरणमा आएकी छिन्, शील पालन गर्छिन्, त्रिरत्नमा अगाध श्रद्धा राख्छिन्, आर्यकान्त शीलमा (मार्गफलमा) प्रतिष्ठित भइन् । त्यसैले दोसल्ला स्वीकार गर्नुहोस् ।'

यसै सन्दर्भमा बुद्धले भन्नुभयो- 'आनन्द एक व्यक्तिले अर्को व्यक्तिलाई गरेको उपकारको बदलामा नमस्कार सेवा, भोजन कपडा सयनासन, औषधी, आदि दिँदैमा सही प्रत्युकार गरको हुँदैन । सही प्रत्युपकार तब हुन्छ, जब ऊ दु:शीलबाट शीलवान हुन्छ र दु:खबाट टाढिएर बस्छ ।' निजी तवरमा दिइने १४ प्रकारका पुद्गल दक्षिणा हुन्छन्-

१) तथागत सम्यक् सम्बुद्धलाई दिइएको दान ।

२) प्रत्येक बुद्ध ।

३) अर्हत ।

४) अर्हतमार्गमा लागेको ।

५) अनागामी

६) अनागामीमार्गमा लागेको ।



Downloaded from http://www.dhamma.digital

७) सकृदागामी ।

८) सकृदागामी मार्गमा लागेको ।

९) स्रोतापन्न ।

१०) स्रोतापन्नमार्गमा लागेको ।

११) गाउँ बाहिरको वीतरागी ।

१२) शीलवान पृथग्जन ।

१३) दुःशील पृथग्जन ।

१४) पशंपक्षी ।

पशुपंक्षीलाई दान दिएकोमा सयगुणा दक्षिणाको आशा गर्न सकिन्छ । दुःशील पृथग्जनको हजारगुणा, शीलवान पृथग्जनको एकसय हजार, गाउँ बाहिरको वीतरागी सयहजार करोड, स्रोतापत्तिमार्गको असंख्य, अप्रमेय दक्षिणाको आशा गर्नुपर्दछ भने स्रोतापत्तिफल प्राप्त, सकृदागामी, अनागामी, अर्हत, प्रत्येकबुद्ध, सम्यक् सम्बुद्धलाई दिएको दानको दक्षिणाको त के कुरा गर्ने ?

आनन्द, यसै गरी सात संघदान हुन्छन्-

१) बुद्ध जीवितकालमा बुद्धप्रमुख दुबै संघदान ।

२) परिनिर्वाणपछि दुबै संघदान ।

३) भिक्षु संघदान ।

४) भिक्षुणी संघदान ।

५) संख्या सीमित गरी मागेको भिक्षु भिक्षुणी संघदान ।

६) सीमित भिक्षु संख्या भएको भिक्षु संघदान ।

७) सीमित भिक्षुणी संख्या भएको भिक्षुणी संघदान ।

भविष्यमा भिक्षुहरू दुःशील पनि हुनेछन् । उनीहरूलाई पनि संघदान दिने छन् । तैपनि संघलाई दिएको दान असंख्येय अप्रमेय नै हुनेछ। कुनै पनि पुद्गल दानभन्दा अधिक फलदायक भन्दछु ।

आनन्द, यी चार दक्षिणा विशुद्धि हुन्-

१) दायक शीलवान हुन्छ र प्रतिग्राहक दुःशील भएमा दान दायकबाट शुद्ध हुन्छ ।

२) दायक दुःशील हुन्छ र प्रतिग्राहक शीलवान भएमा दान प्रतिग्राहकबाट शुद्ध हुन्छ ।

३) दायक र प्रतिग्राहक दुबै शीलवान भएका दुबैबाट दान शुद्ध हुन्छ ।

४) दायक र प्रतिग्राहक दुबै दुःशील भएमा दुबैबाट दान अशुद्ध हुन्छ ।



Downloaded from http://www.dhamma.digital

# ५ औं वर्षावास

## वैशाली महावन कुटागारशाला

**(वर्ष ३९–बु.स.पूर्व ४१)**

### प्रजापती प्रव्रज्या सुत्त

अंगुत्तरनिकाय (८/२/१/१) अनुसार यस्तो मैले सुनें- एक समय भगवान् कपिलवस्तुको न्यग्रोधाराममा विहार गर्नुहुन्थ्यो । तब प्रजापति गौतमीले महिलाहरूलाई पनि भिक्षुणी बन्नको लागि अनुमति मागिन् । भगवान्ले अनुमति दिनुभएन । त्यसपछि भगवान् कपिलवस्तुबाट चारिका गर्नुहुँदै वैशालीको महावन कुटागारशालामा विहार गर्नुभयो । तब प्रजापति गौतमी आफैले केश कटाएर, काषाय वस्त्र धारण गरी अन्य धेरै शाक्य महिलाहरूसहित आइपुगिन् । विहारबाहिर धूलो शरीर, फुलेको खुट्टा, दुःखी प्रजापति गौतमीलाई देख्नुभएर आयुष्मान् आनन्दले 'किन यहाँ उभिएको ?' भनी सोध्नुभयो ।

'महिलाहरूलाई प्रव्रजित हुने अनुज्ञा भगवान्ले दिनुभएन ।'

यो सुनेंर भगवान्कहाँ गएर भन्नुभयो- 'प्रजापति गौतमी फुलेको खुट्टा, धूलो शरीर, दुःखी मन र आँखाभरि आँशु लिएर भगवान्बाट प्रव्रज्या पाउन बाहिर उभिरहेकी छिन् । भगवान्को धर्ममा महिलाहरूले पनि प्रव्रज्या प्राप्त होस् । तर भगवान्ले फेरि पनि आज्ञा दिनुभएन । तब आयुष्मान् आनन्दले दोश्रो तरिकाले सोध्नुभयो- 'भन्ते ! के तथागत विनय धर्ममा महिलाहरूले प्रव्रजित भएर मार्गफल प्राप्त गर्न सक्छन् कि सक्दैनन् ?'
भगवान्ले 'सक्छ' भन्नुभयो ।

त्यसोभए किन तपाईकी अभिभाविका, पोषिका, क्षीरदायिका, कान्छीआमालाई प्रव्रज्या प्राप्त हुनसक्दैन ?'

अन्तमा भगवान् बुद्धले अनुमति दिंदै भन्नुभयो- 'यदि प्रजापति गौतमीले आठ गरुधर्मलाई स्वीकार गर्दछ भने उसको उपसम्पदा हुन्छ ।'

### आठ गरुधर्म

१) जतिसुकै उमेरको भिक्षुणीले पनि भरखरको उपसम्पन्न भिक्षुलाई वन्दना गर्नुपर्छ ।

२) भिक्षुलाई धर्मश्रवणार्थ बोलाउनुपर्छ ।

३) प्रत्येक १५ दिनमा भिक्षुसंघको पर्येषण गर्नुपर्छ ।



Downloaded from http://www.dhamma.digital

४) वर्षावासपछि भिक्षुणीलाई दुबै संघसंग प्रवारणा गर्नुपर्छ ।

५) गरुधर्म स्वीकार गरेको भिक्षुणीलाई दुबै संघमा पक्षमानत्ता गर्नुपर्छ ।

६) भिक्षुणीले भिक्षुलाई गाली गर्नु हुँदैन ।

७) भिक्षुणीहरूले भिक्षुहरूलाई केही पनि भन्न पाउँदैन ।

८) भिक्षुले भने भिक्षुणीलाई भन्न पाउँदछ ।

यही कुरा आयुष्मान् आनन्दले प्रजापति गौतमीलाई बताउनुहुँदा प्रजापति गौतमीले 'जसरी भरखर नुहाएकी युवतीले फूलको माला, मोतीको माला दुबै हातमा लिएर प्रशन्न भएर गौरवसाथ आफ्नो शीरमा राख्दछ त्यसैगरी म यी आठ गरुधर्मलाई स्वीकार्दछु' भनेर उपसम्पन्न (भिक्षुणी) भइन् ।

त्यसैबेला भगवान्ले भन्नुभयो- 'महिलाहरूले प्रव्रज्या नपाएको भए ब्रह्मचर्य चिरस्थायी हुने थियो । सद्धर्म हजार वर्षसम्म टिक्ने थियो । तर अब चिरस्थायी हुने छैन पाँच सय वर्षसम्म रहनेछ । जसरी धेरै महिला भएको र थोरै पुरुष भएको घरमा चोरद्वारा दु:ख दिन्छ, जसरी सेतोरोग लागेको धानवाली चिरस्थायी हुँदैन, जसरी रातोरोग लागेको उखु चिरस्थायी हुँदैन, त्यसरी नै महिला प्रव्रजित भएकोले सद्धर्म चिरस्थायी हुँदैन । तर जसरी पानी रोक्न बाँध बाँध्दछ त्यसरी नै आठ गरुधर्म स्थापित गरिदिएको छुं ।'

## प्रजापति सुत्त

अंगुत्तरनिकाय (२/८/१/३) अनुसार यस्तो मैले सुनें- एक समय भगवान् वैशालीको महावनको कुटागार शालामा विहार गर्नुहुन्थ्यो । त्यहाँ प्रजापति गौतमीले भन्नुभयो- 'भगवान्! संक्षेपमा धर्मोपदेश गर्नुहोस्, जसलाई सुनेंर म प्रमादरहित आत्मसंयमी भएर विहार गर्नसकुं ।'

'जुन धर्म सरागको लागि, संयोगको लागि, संग्रह गर्नको लागि, कामना बढाउने, असन्तोष बढाउने, भीड बढाउने, अनउद्योगीको लागि भएमा त्यो न धर्म हो, न विनय हो, न शास्ताको उपदेश हो । जुन धर्म विरागको लागि, वियोगको लागि, कामना घटाउने, सन्तोषको लागि, एकान्तको लागि, उद्योगको लागि हो सुभरताको लागि हो त्यही धर्म हो, विनय हो, शास्ताको उपदेश हो ।'



Downloaded from http://www.dhamma.digital

# ६ औं वर्षावास

## मंकुलपर्वतमा

**(वर्ष ४० – बु.स.पूर्व ४०)**

### यमक प्रातिहार्य

अंगुत्तरनिकाय (२/४/५) अनुसार यस्तो मैले सुनें- एक समय भगवान मंकुल पर्वतमा विहार गर्नुहुन्थ्यो। राजगृहको श्रेष्ठीलाई चन्दनसारको काठ प्राप्त भयो। त्यसबाट पात्र बनाएर, पात्रमा खीर राखेर बाँसको टुप्पामा बाँध्न लगाएर, 'जो श्रमण ब्राह्मण अर्हत या ऋद्धिमान हुनुहुन्छ, उसले यो पात्र उतारेर भोजन गरोस्' भनी सूचना दियो। त्यो पात्र माग्न पूर्णकाश्यप, मक्खली गोसाल अजित केशकम्बली, प्रकुध कात्यायन, सञ्जय वेलट्ठिपुत्त, निर्ग्रन्थ नाथपुत्रहरू श्रेष्ठीकहाँ गएर 'म अरहन्त हुँ, पात्र मलाई देऊ' भनी माग्दा 'पात्र दिएकै छ, लिएर जानुस' भनी जवाफ दियो। तर बाँसको टुप्पाबाट पात्र कसैले पनि झार्न सकेन।

त्यस समय आयुष्मान् मौद्गल्यायन, आयुष्मान् पिण्डोल भारद्वाज भिक्षाको लागि आउनुभयो। दुबैको सल्लाहबाट आयुष्मान् पिण्डोल भारद्वाजले ऋद्धिशक्तिले उडेर पात्र लिएर भोजन गर्नुभयो। यो सुनेंर मानिसहरू उहाँको पछि लाग्दै हल्ला गर्दै हिंडे। यो सुनेंर भगवान्ले धिक्कार्नु हुंदै ऋद्धिप्रातिहार्य देखाउन निषेध गर्नुभयो। त्यसैगरी फलाम र माटोको पात्रबाहेक अन्य पात्रहरू ग्रहण गर्नु पनि निषेध गर्नुभयो र त्यो पात्र कुटाएर धूलो पार्न लगाएनुभयो।

ऋद्धिप्रातिहार्य देखाउन नपाउने नियम बनाएको सुनेंर अन्य मतावलम्बी (तैर्थीय) हरूले मौका छोपेर भन्न थाले- 'आफ्नो गुणको रक्षा गर्न मात्र काठको पात्रको लागि ऋद्धि प्रदर्शन नगरेका हौं। श्रमण गौतमका भिक्षुहरू जाबो काठको लागि पनि ऋद्धिप्रदर्शन गर्दछन्। अब हामी श्रमण गौतमसंग दिव्यशक्ति प्रदर्शन गर्नेछौं।'

यो सुनेंर राजा बिम्बिसारले भगवान्संग सोध्यो- 'के तपाईं दिव्य शक्ति प्रदर्शन गर्नुहुन्छ ?'

'गर्छु।'

'कसरी, तपाईले त दिव्यशक्ति प्रदर्शन गर्न नपाइने नियम बनाउनु भएको छ।'

'त्यो भिक्षुहरूको लागि हो, मेरो लागि होइन। जसरी तपाईंको बगैंचामा फलफूल



Downloaded from http://www.dhamma.digital

खान नपाइने नियम तपाईको राजकर्मचारीहरूको लागि मात्र हो । तपाईंले जहिले गएर पनि फल खान सक्नुहुन्छ । त्यसरी नै म शक्ति प्रदर्शन गर्न सक्दछु ।'

राजाले 'कहिले दिव्यशक्ति प्रदर्शन गर्नुहुन्छ' भनी सोधेको प्रश्नअनुसार 'चार महिनापछि आषाढ पूर्णिमाको दिन श्रावस्तीमा दिव्यशक्ति प्रदर्शन गर्ने' घोषणा गर्नुभयो । भगवान् पनि चारिका गर्नुहुँदै श्रावस्ती पुग्नुभयो ।

राजा प्रसेनजितले 'प्रदर्शन कहाँ गर्नुहुन्छ ?' भनी सोध्नुहुँदा 'गण्डम्ब आँपको बोटमुनि' भन्नुभयो ।

यो सुनेंर तीर्थियहरू त्यस क्षेत्रका सारा आँपको बोटहरूको नामोनिसान मेटाइदियो । आषाढ पूर्णिमाको दिन राजाको उद्यान पाले गण्डवले एउटा अशल आँप पाएर भगवान्लाई चढाउन ल्यायो । भगवान्ले त्यस आँपको रस पिउनुभएर आँपको वीउलाई माटोमा गाडिदिनुभयो । यसबाट तत्क्षण बोट उम्रिएर आएर हेर्दाहेर्दै महान् आँपको बोट बन्न गयो । गण्डवको नाममा त्यस आँपको रुखलाई गण्डब रुख भनियो । यो आश्चर्यचकित दृश्य देखेर सारा मानिसहरूले पहिले आँपको रुख नाश गर्ने अन्य मतावलम्बीहरूलाई खेद्न थाले । त्यसमध्ये पूर्णकाश्यप लज्जित भएर घाँटीमा हलो बाँधेर नदीमा डुबेर आत्महत्या गऱ्यो र घोर अवीचि नरकमा उत्पन्न भयो ।

शक्रले आकाशमा रन्नमय चक्रमण स्थल बनाउनुभयो । भगवान् पनि त्यहाँ आउनुभएर बस्नुभयो । रत्नमय चक्रमणको वरिपरी टाढा टाढासम्म मानिसहरू यमक प्रातिहार्य हेर्न आएका थिए ।

भगवान् बुद्धले यमक प्रातिहार्य देखाउनुहुँदा भगवान्को माथिल्लो शरीरबाट अग्निपुञ्ज निस्कन्थ्यो भने तल्लो शरीरबाट पानीधारा । तल्ला शरीरबाट अग्निपुञ्ज माथिल्लो शरीरबाट पानीधारा । अगाडिको शरीरबाट अग्निपुञ्ज, पछाडिको शरीरबाट पानीधारा । पछाडिबाट अग्निपुञ्ज, अगाडिबाट पानीधारा । दाहिने आँखाबाट आगो, देब्रे आँखाबाट पानी । देब्रे आँखाबाट अग्नि, दाहिने आँखाबाट पानी । दाहिने कानबाट आगो, देब्रे कानबाट पानी । देब्रे कानबाट आगो, दाहिने कानबाट पानी । यसैगरी दाहिने, देब्रे नाकको प्वालबाट, काँधबाट, हातबाट, काखी, खुट्टा, औंलाहरू, औंलाहरूको बीच, रौं, एक एकबाट रौंकूपहरूबाट आगो र पानी निस्कन्थ्यो । साथै नीलो, पहेंलो, रातो, सेतो, कलेजी, प्रभास्वर रंगको हुन्थ्यो । भगवान्ले निर्मितबुद्ध उत्पन्न गर्नुभयो । भगवान् हिंडडुल गर्दा निर्मितबुद्ध बस्दथ्यो । भगवान् बस्नुहुँदा निर्मितबुद्ध हिंड्दथ्यो । यसैगरी बस्ने, सुत्ने, ठीक उल्टा काम हुन्थ्यो ।

यो प्रातिहार्य भगवान्को तेजो कसिण ध्यानको कारणले आगो र आपो कसिणध्यानको कारणले पानी उत्पन्न हुन्थ्यो ।



Downloaded from http://www.dhamma.digital

# ७ औं वर्षावास

## तावतिंस देवलोकमा

**(वर्ष ४१ - बु.स.पूर्व ३९)**

### तावतिंस गमन

यमक प्रातिहार्यपछि दाहिने खुट्टा युगन्धर पर्वतको शिखरमा, बायाँ खुट्टा सुमेरु पर्वतको शिरानमा राख्नुभयो । त्यसपछि तेश्रो कदम तावतिंस देवलोकको पाण्डुकम्बलमा राख्नुभयो । त्यसमा संघाटी बिछ्याएर  बस्नुभयो । भगवान् बुद्ध जानुभएपछि जनसभामा कौतुहल फैलियो- 'भगवान् काहाँ जानुभयो होला ?'

'भगवान् तावतिंस देवलोकमा जानुभएर पाण्डुकम्बल शिलामा वर्षावास बस्नुहुँदै आमालाई अभिधर्म पिटकको उपदेश दिंदै हुनुहुन्छ । उहाँ वर्षावासपछि मात्र फर्किनुहुन्छ ।' भनी आयुष्मान् अनिरुद्धले भन्नुभयो ।

यो सुनेंर मानिसहरू 'त्यसो भए हामी भगवान्लाई यहीं नै पर्खिनेछौं' भन्दै तीन महिनासम्म त्यहीं बसे । उनीहरूलाई भोजनको व्यवस्था चुल्ल अनाथपिण्डिकले गरिदियो भने धर्मदेशना मौद्गल्यायन स्थविरबाट गरिदिनु भयो ।

भगवान् बुद्धले पाण्डुकम्बलमा बसेर तुषिता देवलोकबाट आएको पूर्वआमालाई अभिधर्म पिटकबारे देशना गर्नुहुन्थ्यो । भिक्षाटनको समयमा निर्मितबुद्ध बनाई उसैद्वारा देशना गराउनुहुन्थ्यो । भिक्षाटन गर्न हिमवान (हिमवन्त वा हिमालय) मा जानुभएर नागलताको दतिबन गर्नुभई अनवतप्त दह (मानसरोवर) मा मुख धुनु भई उत्तरकुरुमा भिक्षाटन गर्नुभई, महाशाल मालकमा जानुभई भोजन गर्नुहुन्थ्यो । सारिपुत्र स्थविर जानुहुँदा- 'आज मैले यती धर्मदेशना गरें, तिमीले आफ्नै शिल्पहरूलाई पढाउनु' भन्नुहुन्थ्यो । वर्षावासको समाप्तिसम्म महामाया देवपुत्र स्रोतापन्न हुनुभयो र अस्सी करोड हजार प्राणीहरूलाई धर्मलाभ भयो ।

वर्षावास समाप्त हुनलाग्दा मानिसहरू 'अब भगवान् कहिले फर्कनुहुन्छ ?' भनी सोधें ।

मौद्गल्यायान स्थविरले भगवान्संग नै सोध्नुपर्छ भनी परिषदले देख्ने गरी अधिष्ठान गर्नुहुँदै पृथ्वीमा पसेर भित्रभित्र सुमेरु पर्वतबाट निस्कनुभएर पाण्डुकम्बल पुग्नुभयो र  सोध्नुभयो ।

भगवान्ले 'सातौं दिनमा संकाश्य नगरको द्वारमा उत्रने छुं'  भन्नुभयो ।



Downloaded from http://www.dhamma.digital

भगवान्‌को फिर्ति सवारिको लागि शक्रले सीढी बनायो। यसको पुच्छर संकाश्य नगरको द्वारमा अडिएको थियो र शीर सुमेरुको शिखरमा। दाहिने सुवर्ण सीढी देवताहरूको लागि, बायाँ रजत सीढी महाब्रह्माको लागि र बीचको मणिमय सीढी भगवान्‌को लागि थियो। भगवान् सीढीबाट उत्रनुअघि चारैतिर हेर्नुभई अधिष्ठान गर्दा सारा ब्रह्माण्ड एक आँगनजस्तै भयो। जसमा मनुष्य देवता ब्रह्माहरू एक अर्कालाई देख्न सक्दथे। ६ वर्ण रश्मी फैलाउनु हुँदै उत्रनुहुँदा पञ्चशिखा गन्धवपुत्रले वीणा बजाउँदै दाहिनेतर्फ, मातली संग्राहक बायाँतर्फ, पुष्पगन्धद्वारा पूजा गर्दै, महाब्रह्माद्वारा छाता ओडाउँदै र सुयाम देवपुत्रले पंखा हम्काउँदै संगसंगै आएका थिए। यस्तो अद्‌भूत वातावरण देखेर ‘म पनि बुद्ध हुन्छु’ भनी इच्छा नगर्ने मानिसहरू त्यहाँ कोही पनि थिएनन्।

शंकाश्यद्वारमा सारिपुत्र स्थविरले स्वागत गर्दै वन्दना गर्नुभयो। भगवान्‌ले धर्मदेशना गर्नुहुन्थ्यो। ५०० भिक्षुहरू अरहन्त भए र तीन करोड प्राणीहरूलाई धर्मलाभ भयो। जुन ठाउँमा भगवान् उत्रनुभयो त्यस ठाउँलाई ‘अचल चैत्य’ भनियो।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# ८ औं वर्षावास

## सुंसमारगिरि भेसकलावनमा

**(वर्ष ४२ - बु.स.पूर्व ३८)**

### ६ शास्ताहरूको सर्वज्ञता

संयुक्तनिकाय (३/१/१) अनुसार यस्तो मैले सुनें- भगवान् श्रावस्तीको अनाथपिण्डिकको जेतवन विहारमा बस्नुहुँदा राजा प्रसेनजितले भन्यो- 'पूर्ण काश्यप, मक्खली गोसाल, निर्ग्रन्थनाथपुत्र, संजय वेलट्ठिपुत्र, प्रकुध कात्यायन, अजित केशकम्बलीजस्ता गणपतिहरूले त अनुत्तर सम्यक् सम्बोधि ज्ञान प्राप्त गरिसकें भन्दैनन् भने तपाईं तन्देरी र प्रव्रज्यामा नयाँ हुनुभएको श्रमण गौतमले कसरी दावा गर्नुहुन्छ ?'

'महाराज, चार व्यक्तिहरूलाई सानो भनेर अपमान गर्नुहुँदैन-

१) कुलीन, उत्तम, यशश्वी, क्षत्रियलाई सानो भनेर अपमान गर्नु हुँदैन। पछि गएर राज्य प्राप्त गरेपछि बदला लिनसक्छ।

२) सांपलाई सानो भनेर अपमान गर्नु हुँदैन। नानाप्रकारको विषययुक्त साँपले डसेर बालक, युवा, वृद्धाहरूलाई दुःख दिनसक्छ।

३) आगोलाई सानो भनेर हेलचक्राईं गर्नु हुँदैन। छ्याकन पाएमा आगो लगाउन सक्छ र जंगल शहर पनि सखाप गर्न सक्छ। जलेको बन केही समयपछि हरियाली पनि हुनसक्छ। तर शीलसम्पन्न भिक्षुले आफ्नो तेजले जलाइएको अभागीले पुत्र, पशु, सम्पत्ति केही पनि पाउँदैनन्, निसन्तान, निर्धन, काटिएको मूढोजस्तै हुनुपर्छ। त्यसैले-

४) शील सम्पन्न भिक्षुलाई सानो भनेर अपमान गर्नु हुँदैन।

त्यस समय पूर्ण काश्यप आदि आचार्यहरूले 'हामी बुद्ध हौं, सर्वज्ञ हौं' भनी प्रचार गर्थे। त्यसको सूचना पाएर उनीहरूलाई दरवारमा निमन्त्रणा गऱ्यो। पहिले डरले जाँदै गएनन्। पछि आफ्ना भक्तहरूको मन राख्न दरबारमा गए। राजाले आसन बिछ्याएर 'बस्नुहोस्' भन्दा बहुमूल्य आसनमा बस्न डराएर भुईंमा बसे। तब 'यिनीहरूमा शुक्लधर्म छैन' भनी बुझेर भोजन नै नगराइकन राजा प्रसेनजितले- 'तिमीहरू बुद्ध हौ वा होइनौ ?' भनी प्रश्न गऱ्यो।

'यदि बुद्ध हुँ भनेमा बुद्ध विषयमा प्रश्न गर्नेछ र जवाफ दिन नसकेमा, तिमीहरू 'हामी बुद्ध हौं' भनेर लोकलाई ठगी हिंड्छौ' भनेर मरणतुल्य सजाय पनि दिन सक्छ,



Downloaded from http://www.dhamma.digital

त्यसैले झूठो बोलेमा सजाय पाइन्छ भन्ने डरले 'हामी बुद्ध होइनौं' भन्यौ ।

पछि भक्तहरूले सोध्यो 'के राजाले प्रश्न गरेर सम्मान गऱ्यो ?' तब उनीहरूले भने 'हामी बुद्ध हौं' भन्यौं भने राजाले बुद्धप्रति ज्ञान नभएर अपमान गरेमा राजालाई घोर अनर्थ हुने भएकोले हामीले राजाप्रति अनुकम्पा राखेर 'बुद्ध होइनौ' भन्यौ । तर वास्तवमा त हामी बुद्ध नै हौं ।'

**भिक्षु नियम**

त्यस बेला ६ वर्गीय भिक्षुहरूको कारणबाट भगवान्ले केही नियमहरू बनाउनुभयो-

१) नुहाउँदा रुखमा शरीर रगड्नु हुँदैन ।

२) चुरा आदि गहनाहरू धारण गर्नु हुँदैन ।

३) दुइ महिना या दुइ औंलाभन्दा बढी केश पाल्नु हुँदैन ।

४) ऐना आदिमा अनुहार हेर्नु हुँदैन । तर विमारीले हेर्न पाउने छ ।

५) नृत्य, गीत, वाद्यवादन, तमासा हेर्नु, सुन्नु हुँदैन ।

६) गीतको लयमा धर्म पाठ गर्नु हुँदैन । यसमा ५ प्रकारका खराबी छ-

क) आफैलाई राग हुन्छ ।

ख) अरुलाई राग हुन्छ ।

ग) गृहस्थ पनि खिन्न हुन्छन् ।

घ) समाधी भंग हुन्छ ।

ङ) भावी सन्ततीले त्यहीं अनुगमन गर्छ ।

७) मकसकुटी बनाउन पाइनेछ ।

८) चक्रमण, नुहाउने कोठाको व्यवस्था गर्न पाइनेछ ।



Downloaded from http://www.dhamma.digital

# ९ औं वर्षावास

## कौशाम्बीमा

**(वर्ष ४३ – बु.स.पूर्व ३७)**

### भिक्षुसंघमा कलह

महावग्ग (१०) अनुसार यस्तो मैले सुनें- एक समय भगवान् कौशाम्बीको घोषितारामा विहार गर्नुहुन्थ्यो। त्यसबेला एक सौत्रान्तिक (सूत्रपाठ गर्ने) भिक्षुले चर्पीमा जाँदा लोटालाई पानीसहित ठाढोमुख गरी बाहिर आयो। अर्को विनयधर (विनय पाठ गर्ने) भिक्षुले त्यो देखेर 'लोटा घोप्ट्याएर राख्नुपर्छ नत्र दोष हुन्छ। तर अनजानमा गरेको हो भने दोष छैन' भनी सम्झायो। तर आफ्ना शिल्पहरूलाई 'त्यो भिक्षु दोष अदोष पनि जादैन रहेछ' भनी भन्यो। शिल्पहरू गएर सौत्रान्तिकका शिल्पहरूलाई 'तिम्रा गुरु त दोष अदोष पनि जान्दैन रहेछ' भनी गिज्यायो।

यो कुरा सुनेंर सौत्रान्तिक भिक्षु 'अघि भन्दाचाहिं दोष छैन भन्ने अहिले दोषी भन्ने, त्यो विनयधर भिक्षु त झूठावादी रहेछ' भनी आलोचना गऱ्यो। यसमा वाद विवाद हुँदै कलह बढ्न गयो।

यो कुरा सुन्नुभएर भगवान्ले आई सम्झाउनुभयो। तर ती भिक्षुहरूले 'यो समस्या हामी नै समाधान गर्छौं, तपाईं सुखपूर्वक विहार गर्नुहोस्' भनी जवाफ दिए।

तब भगवान् दिक्क मान्नुभएर त्यहाँबाट आयुष्मान् भृगु बस्नुभएको बालक लोणकार गाउँमा जानुभयो। त्यहाँ आयुष्मान् भृगुसंग केहीबेर भलाकुसारी गर्नुभएर त्यहाँबाट प्राचीनवंश जंगलमा जानुभयो जहाँ आयुष्मान् अनिरुद्ध, नन्दिय र किमीबलहरू विहार गर्नुहुन्थ्यो। जंगलमा प्रवेश गर्नअघि जंगल पालेले भगवान्लाई रोक्न खोज्यो, आयुष्मान् अनिरुद्धले 'उहाँ हाम्रो शास्ता हुनुहुन्छ' भनेपछि छोडिदियो। भगवान्ले भलाकुसारी गरिसक्नुभएपछि 'कसरी तिमीहरूले एक आपसमा प्रमादरहित भएर आलश्यरहित भएर एक चित्त भएर विहार गर्छौं' भनी सोध्नुभयो।

उहाँहरूले भन्नुभयो- 'विहार गर्छौं भन्ते। मलाई विचार आउंछ यो मेरो लाभ हो किनकि यस्ता सब्रह्मचारीसंग विहार गर्न पाएं। मेरो भित्री बाहिरी दुबै मनोकर्म, वचीकर्म, कायकर्म सबै मित्रतापूर्ण हुन्छ। म आफ्नो मनलाई हटाएर उनीहरूकै मतको अनवर्तन गर्छु। हाम्रो शरीर अलग छ तर मन एउटै हुन्छ। काम गर्दा पनि जो पहिला भिक्षाबाट फर्किन्छ उसले



Downloaded from http://www.dhamma.digital

वडारकुडार गर्ने, पानी, आसनको व्यवस्था गर्ने गर्छौं । जो पछि फर्किन्छ उसले बचेको खानालाई एक स्थानमा फ्याक्ने, आसन उठाउँन, पानीको भाँडाहरू ठाउँमा राखिदिने, सफा सुग्घर गर्ने गर्छौं । यदि आफैले गर्न नसकेमा इशाराले अरुको सहयोग माग्छौं । आपसमा तेरो मेरो काम भनी वाकयुद्ध गर्दैनौं । पाचौं दिन धर्मकथा भन्छौं ।'

साधुकार दिनुहुंदै भगवान्ले 'के तिमीलाई उत्तर मनुष्यधर्म अलमरिय ज्ञानदर्शन विशेष अनुकूल विहार प्राप्त हुन्छ' भनी सोध्नुहुँदा 'अवभास र रूपहरूको दर्शन हुन्छ तर छिट्टै अन्तरधान हुन्छ । त्यसको कारण थाहा पाएको छैन' भनी आयुष्मान् अनिरुद्धले भन्नुभयो ।

भगवान्ले पनि 'सम्बोधिपूर्व मलाई पनि यस्तै हुन्थ्यो' भनी भन्नुहुंदै त्यसको कारण खोजी गर्दा विचिकिच्छा, अमनसिकार, थिनमिद्ध छम्भितत्त, उत्पीढा, दुट्ठल्ल, अति आरब्धवीर्य, अति लीनवीर्य, अभिजप्प, नानात्वप्रज्ञा अतिनिधायितत्व भएको पाएँ । पछि यी सब चित्तको उपक्लेश जानेर त्यागेर अभ्यास गर्दा समाधि लाभ भएर ज्ञानदर्शन भयो । विमुक्ति भयो । यो अन्तिम जन्म हो, फेरि पुनर्भव छैन भनी थाहा भयो ।'

भगवान्का यस भाषणलाई आयुष्मान् अनिरुद्धले अभिनन्दन गर्नुभयो ।



Downloaded from http://www.dhamma.digital

# १० औं वर्षावास

## पारिलेयकमा

**(वर्ष ४४ - बु.स.पूर्व ३६)**

### पारिलेयक सुत्त

उदान (४/५) अनुसार यस्तो मैले सुनें- त्यसपछि भगवान् पारिलेयक वनमा एक्लै प्रवेश गर्नुभयो र रक्षितबनखण्डको भद्रशालमुनि विहार गर्नुभयो । त्यसैबेला त्यस जंगलमा रहने हस्तिराज पनि आफ्नो झुण्डदेखि विरक्तिएर त्यसै भद्रशाल वृक्षमुनि आइपुग्यो । भगवान् र हस्तिराज दुबै त्यहाँ एकान्तवास गरे । हस्तिराजले भगवान्‌को लागि आसन बनाउन घाँसहरू उखेलिदिन्थ्यो, सूंढले पानी ल्याएर पानीको व्यवस्था गरिदिन्थ्यो ।

भगवान् जानुभएपछि एक भिक्षु आयुष्मान् आनन्दकहाँ गएर सबै कुरा बताएर भगवान्‌लाई फर्काइल्याउने कुरा गऱ्यो । तब आयुष्मान् आनन्द भिक्षुसंघसहित पारिलेयक वनमा गई भेट गर्नुभयो । त्यहाँ भगवान्‌संग एक भिक्षुले 'के जान्नाले आस्रवको क्षय हुन्छ ?' भनी प्रश्न गऱ्यो ।

जवाफमा भगवान्‌ले- 'रूप, वेदना, संज्ञा, संस्कार र विज्ञानलाई अनित्य संस्कृत प्रतीत्य समुत्पन्न भनी जान्दछ तब आश्रवक्षय हुन्छ' भनी बताउनुभयो । त्यसपछि भगवान् पारिलेयक वनबाट चारिका गर्नुहुँदै श्रावस्ती पुग्नुभयो ।

तब कौशाम्बीका उपासक उपासिकाहरूले 'यिनै भिक्षुहरूले गर्दा भगवान् यहाँबाट जानुभयो । 'अब हामी यिनीहरूलाई सत्कार दान, सेवा केही पनि नगर्ने' भनी निषेध गरिदिए ।

तब ती भिक्षुहरू भगवान्‌काहाँ गएर क्षमायाचना गर्न गए । आयुष्मान् सारिपुत्रले कौशाम्बी भिक्षुहरू आउँदैछन् भनी सुन्नुभएर 'उनीहरूसंग कस्तो व्यवहार गर्नुपर्छ' भनी भगवान्‌संग सोध्नुभयो ।

तब भगवान्‌ले भन्नुभयो- अठारप्रकारका अधर्मवादी भिक्षुहरू हुन्छन्-

१) अधर्मलाई धर्म मान्ने ।

२) धर्मलाई अधर्ममान्ने ।

३) अविनयलाई विनय मान्ने ।

४) विनयलाई अविनय मान्ने ।

५) तथागतद्वारा अभाषितलाई भाषित मान्ने ।



Downloaded from http://www.dhamma.digital

६) भाषितलाई अभाषित मान्ने ।

७) तथागतद्वारा आचरितलाई अनाचरित मान्ने ।

८) अनाचरितलाई आचरित मान्ने ।

९) अप्रज्ञप्तलाई प्रज्ञप्त मान्ने ।

१०) प्रज्ञप्तलाई अप्रज्ञप्त मान्ने ।

११) अनापत्तिलाई आपत्ति मान्ने ।

१२) आपत्तिलाई अनापत्ति मान्ने ।

१३) सानो आपत्तिलाई ठूलो आपत्ति मान्ने ।

१४) ठूलो आपत्तिलाई सानो आपत्ति मान्ने ।

१५) सअवशेष (अपूर्ण) आपत्तिलाई अनवशेष मान्ने ।

१६) अनवशेष आपत्तिलाई सअवशेष आपत्ति मान्ने ।

१७) दुट्ठुल्ल (पाराजिक, संघादिसेस) आपत्तिलाई अदुट्ठुल्ल आपत्ति मान्ने ।

१८) अदुट्ठुल्ल आपत्तिलाई दुट्ठुल्ल आपत्ति मान्ने ।

यसको विपरित १८ प्रकारका धर्मवादी भिक्षु हुन्छन् । त्यसैले धर्मानुसार व्यवहार गर ।'

त्यसैगरी अन्य भिक्षुहरूले पनि सुनें । प्रजापति गौतमीले पनि सुनेंर 'उनीहरूसंग कसरी व्यवहार गरुँ' भनी सोध्नुहुँदा 'दुबैतर्फबाट धर्मका कुरा सुनं । जो धर्मवादी छ, उसबाट भिक्षुणी संघले अपेक्षा गर्नुपर्दछ । अनाथपिण्डिकलाई भगवान्ले भन्नुभयो- 'दुबैलाई दान गर, दुबैको धर्म सुनं । जो धर्मवादी छ उसलाई पन पराउनू ।'

पछि कौशाम्बी भिक्षुहरू आइपुग्दा आयुष्मान् सारिपुत्रले सोध्नुहुँदा- 'अलग आसन दिनु, नभएमा बनाएर दिनु तर बृद्ध भिक्षुहरूको आसन नहटाउनु, हटाएमा दुक्कट आपत्ति हुनेछ । भोजन आदि समान वितरण गर्नु ।' अन्तमा भिक्षुहरूमा आपसमा मेल भयो ।



Downloaded from http://www.dhamma.digital

# ११ औं वर्षावास

## नाला ब्राह्मणग्राममा

**(वर्ष ४५ - बु.स.पूर्व ३५)**

### असिबन्धकपुत्र सुत्त

संयुक्तनिकाय (४०/१/१०) अनुसार यस्तो मैले सुनें- एक समय भगवान् चारिका गर्नुहुँदै नालन्दामा प्रावारिक सेठको आँप वगैचामा विहार गर्नुहुन्थ्यो । त्यसबेला नालन्दामा दुर्भिक्ष भइरहेको थियो । अकाल र महामारी फैलिएको थियो । त्यसैबेला धेरै शिल्पहरूसहित निर्ग्रन्थनाथपुत्र (महावीर) पनि त्यहीं नै बास गर्दथ्यो ।

तब उसको एक उपासक असिबन्धकपुत्रलाई महावीरले 'भगवान् बुद्धसंग वाद गर्न जानु' भनी उक्सायो । वाद गर्दा कसरी वाद गर्ने भन्दा- 'तपाईं अनेक प्रकारले अनुकम्पा, दयाको व्याख्यान गर्नुहुन्छ होइन ?' भनी सोध्नु । तब 'हो' भनी जबाब दिनेछ । फेरि सोध्नु 'त्यसो भए यस्तो दुर्भिक्ष भएको अकाल, महामारी भएको ठाउँमा किन चारिका गरी, भिक्षाटन गरी जनतालाई सताउन आउनुभएको छ, दु:ख दिन आउनुभएको छ ?' त्यसरी सोध्दा 'श्रमण गौतम न निल्न सक्छ न ओकल्न सक्छ ।'

यसरी सिकाएर पठाउँको असिबन्धकपुत्र भगवान्संग त्यसरी नै प्रश्न गऱ्यो । तब भगवान्ले भन्नुभयो- 'आजभन्दा एकानब्बे (९१) असंख्य कल्प अघिको स्मरण गर्दा एक कुल पनि जान्दिन जो पाकेको भिक्षा दिनाले दु:खीत भएको छ । बरु जो धनाढ्य महाधनसम्पन्न, भोगी छन् ती सब दानकै फलले भएका हुन, सत्यले नै भएका छन्, श्रमण भएकोले भएका छन् । कुलहरूको नाश आठ कारणले हुन्छन्-

१) राजा, २) चोर , ३) आगो, ४) पानी, ५) राखिएको सम्पत्ति हराउनाले, ६) बाली नष्ट हुनाले, ७) कुलमा कुलंगार उत्पन्न हुनाले, ८) सारा वस्तु अनित्य हुनाले ।'

यति सुनेंर असिबन्धकपुत्रले बुद्ध धर्म संघको शरण गई उपासकत्व ग्रहण गऱ्यो ।

### निग्रन्थिसुत्त

संयुक्तनिकाय (४०/१/७) अनुसार यस्तो मैले सुनें- एक दिन फेरि असिबन्धकपुत्र भगवान्लाई भेट्न जाँदा ऊसंग भगवान्ले सोध्नुभयो- 'निर्ग्रन्थनाथपुत्रले कसरी शिक्षा दिन्छ ?'

असिबन्धकपुत्रले भन्यो- 'जसले प्राणीहिंसा, चोरी, काममिथ्याचार गर्छ, भूठो बोल्छ ऊ दुर्गतिमा उत्पन्न हुन्छ । जो जसरी धेरै आचरण गर्छ त्यही हिसावले फल भोगदछ ।'



Downloaded from http://www.dhamma.digital

'त्यसो भए यस संसारमा कोही पनि दुर्गतिगामी हुँदैन । किनकि मानिसहरूको हिंसा गर्ने समयभन्दा र हिंसा नगरेको समय बढी हुन्छ। चोरी, काम मिथ्याचार, मुसावादा गर्ने भन्दा चोरी, काम मिथ्याचार, मुसावादा नगरेको समय बढी हुन्छ। जसजसको यस्तो विचार हुन्छ 'जसले प्राणीहिंसा, चोरी, काम मिथ्याचार, मुसावादा गर्छ ऊ नरकगामी हुन्छ। मैले यस्तौं गरेको छु, त्यसैल म नरकगामी हुन्छु' भनी विचार गर्दै, यदि त्यो विचार त्याग नगरेमा, सन्तप्त हुँदै नरकगामी हुन्छ ।

'सम्यक् सम्बुद्धले प्राणीहिंसा आदिको निन्दा गर्नुहुन्छ, प्राणीहिंसा आदिबाट अलग हुने प्रेरणा दिनुहुन्छ। तर मैले प्राणी हिंसा आदि गरेको छुं। अब म प्राणीहिंसा आदिबाट अलग भएर बस्ने छुं' भनी श्रद्धालु श्रावकहरू प्राणीहिंसा आदिबाट अलग्गिएर बस्दछ । यसप्रकार ऊ सबैप्रति मैत्री, करुणा, मुदिता, उपेक्षा, भावना गर्दै बस्दछ।' भनी भगवान्ले भन्नु भएपछि असिबन्धकपुत्रले भगवान्को भाषणलाई अभिनन्द गऱ्यो ।

## पिण्ड सुत्त

संयुक्तनिकाय (४/२/८) अनुसार यस्तो मैले सुनें- एक समय भगवान् मगधको पञ्चशाला ब्राह्मण गाउँमा विहार गर्नुहुन्थ्यो । त्यस गाउँमा कुमारीहरूको पर्व थियो । उनीहरूलाई मारले सताएको कारणले भिक्षाटनमा आउनुभएको भगवान्लाई भिक्षा दिन सकेन र भगवान् त्यसै खाली पात्र लिएर फर्किएर आउनुपऱ्यो । तब मारले 'फेरि जानुभएमा भिक्षा पाउनुहुनेछ' भनी व्यङ्ग गऱ्यो। तब भगवान्ले भन्नुभयो- 'अहो हामीसंग केही नभए तापनि सुखपूर्वक बाँच्दछौ, आभास्वर देवताहरूजस्तै प्रीतिरूपी भोजन गर्दछौं।'

मारले 'भगवान्ले मलाई चिन्यो' भनी त्यहीं अन्तरधान भयो ।



Downloaded from http://www.dhamma.digital

# १२ औं वर्षावास

## वेरञ्जामा

**(वर्ष ४६-बु.स.पूर्व ३४)**

### मागंदिय संवाद

सुत्तनिपात अट्ठकथा (४/९) अनुसार यस्तो मैले सुनें- एक समय कम्मासदम्म निगमवासी मागंदिय ब्राह्मणलाई स्त्रीसहित मार्गफल प्राप्तिको भविष्य देख्नुभएर त्यहाँ जानुभई कम्मासदम्मनगिच जंगलमा गएर बस्नुभयो । मागंदिय ब्राह्मण पनि त्यहीं नै पुग्यो। भगवान्को तेजस्वी वर्ण देखेर प्रशन्न भएर आफ्नी सुन्दरी तरुनी छोरीको लागि योग्य वर पाइयो भनी सम्झेर दौडिएर ब्राह्मणीलाई भनेर छोरीलाई अलंकृत गरेर भगवान्काहाँ फर्किएर आयो । तर त्यसबेला भगवान् भिक्षाको लागि गइसक्नुभएको थियो ।

भगवान्लाई त्यहाँ नदेखेर ब्राह्मणले भगवान्को पाइतलाको चिन्ह मात्र देखायो। ब्राह्मणीले पाइतलाको चिंन्ह हेरेर भनिन् 'विवाह हुन सक्दैन, किनकि रागीको पाइतला कुक्रुक्क परेको हुन्छ। क्रोधीको पाइतला फूलेको हुन्छ, मोहीको पाइतला दबिएको हुन्छ र मुक्त व्यक्तिको पाइताला यस्तै हुन्छ।' यसै बेला भगवान् आइपुग्नुभयो। कमण्डलु हातमा लिएर बायाँहातले छोरी लिएर कन्यादान स्वीकार गर्न भगवान्लाई भन्दा भगवान्ले भन्नुभयो- 'मार कन्याहरू तृष्णा, अरति, रागलाई देखेर पनि मैथुनको विचार आएन भने यो मलमुत्रले भरिएको मनुष्यलाई खुट्टाले पनि छुन चाहंदिन।'

'राजाहरूले प्रार्थना गरेको स्त्रीरत्न चाहंदैनौ भने आफ्नो मत के भन्छौ ?' भनी मागन्दियले प्रश्न गऱ्यो ।

भगवान् बुद्धले भन्नुभयो- 'धर्मलाई अन्वेषण गर्दै मलाई 'मैले यस्तो भन्छु' भन्ने धारणा हुँदैन। वादविवादमा नपरेर आत्मशान्तिलाई नै हेरें। मैले न दृष्टिले, न श्रुतिले, न ज्ञानले, न शीलले, न व्रतशुद्धिले, न अदृष्टिले, न श्रुतिले, न अज्ञानले, न अशीलले न अव्रतशुद्धिले जाने। किनकि यी सारा मोहयुक्त छन्। सत्य असत्य त्यागेर जसको समविषम हुँदैन उसले कोसंग विवाद गर्छ ? जसरी पानीमा उम्रेको कमल पानीप्रति आसक्त हुँदैन, त्यसैगरी कामगुणले शून्य पुनर्भव नभएको मुनिले काय र लोकमा लिप्त हुँदैन, दृष्टि र मतको दास हुँदैन। तृष्णादि परायण हुँदैन। संज्ञाले मुक्तलाई ग्रन्थी हुँदैन। प्रज्ञाविमुक्तलाई



Downloaded from http://www.dhamma.digital

मोह हुँदैन । जसले संज्ञा र दृष्टिलाई ग्रहण गर्छ ऊ लोकमा धक्का खाँदै हिंड्छ । जुनलोकमा प्रिय, सातरूप दृश्य, आलम्बन, आयतन, विज्ञान, संज्ञा, वेदना, संस्कार, रूप, छन्, त्यहीं तृष्णा उत्पत्ति हुन्छ । जहाँ प्रिय सात रूप छ त्यसलाई छाड्नाले तृष्णा निरोध हुन्छ ।'

भगवान्को देशना सुनेंर मागन्दिय ब्राह्मण र ब्राह्मणी दुबै अनागामी फल प्राप्त गरे । तर आफूलाई 'मलपुत्रले भरिएको' भनी सुनेंर सौन्दर्यकी अभिमानी छोरी मागन्दीले भने भगवान्प्रति द्वेषभाव राखिन् ।

## सतिपट्ठान सुत्त

कुरुवासीहरू सदा स्वस्थ्य हुन्थे । त्यहाँका बासिन्दाहरू गम्भीर प्रज्ञायुक्त देशनालाई ग्रहण गर्न समर्थ थिए । त्यसैले सतिपट्ठानजस्ता गम्भीर देशनाहरू भगवान्ले कुरुँदेशमा गर्नुभयो । सतिपट्ठान ध्यान त्यहाँका वासीहरूले सबैले अभ्यास गर्दथे । दासदासीहरूले पनि गर्दथे । यदि कुनै दास वा दासीले 'मैले कुनै पनि ध्यान विधि अभ्यास गरेको छैन' भन्यो भने अर्को दास वा दासीले 'धिक्कार छ तिम्रो जीवनलाई, जीउँदै मरेछौ । अबदेखि होश पुऱ्याउनु र कुनै एउटा विधि अभ्यास गर्नु' भनी सल्लाह दिन्थे ।

दीघनिकाय (२/२२) अनुसार यस्तो मैले सुनें एक समय भगवान् कम्मासदम्म, नामक कुरुहरूको निगममा विहार गर्नुहुन्थ्यो । त्यहाँ भगवान्ले भिक्षुहरूलाई, 'भिक्षुहरू' भनी आमन्त्रण गर्नुभयो । 'भदन्त' भनी ती भिक्षुहरूले, भगवान्लाई जवाफ दिए । भगवान्ले यसो भन्नुभयो ।

भिक्षुहरू यो एउटा मात्र मार्ग हो - सत्वहरूका विशुद्धिको लागि, शोक परिदेव समतिक्रमणको लागि, दुःख दौर्मनश्य शान्त गर्नको लागि, आर्यमार्ग प्राप्त गर्नको लागि, निर्वाण साक्षात्कार गर्नको लागि, जुन यी चार सतिपट्ठानहरू ।

कुनकुन चार ?

भिक्षुहरू यहाँ भिक्षुले-कायमा कायानुपश्यी भएर, वेदनामा वेदनानुपश्यी भएर, चित्तमा चित्तानुपश्यी भएर, धम्ममा धम्मानुपश्यी भएर, स्कन्धमा आतप्त सम्प्रज्ञ स्मृतिवान् भएर लोभ क्रोध हटाई बस्दछ ।

### कायानुपस्सना

भिक्षु, कसरी भिक्षुले कायमा कायानुपश्यी भएर विहार गर्दछ ।

### आनापान

भिक्षुहरू, यहाँ भिक्षु जंगलमा गएर वा, रुखमुनि गएर वा शून्यागार (गुफा) मा



Downloaded from http://www.dhamma.digital

गएर, पलेटि कसेर शरीर सिधा राखेर, स्मृतिसम्मुख उपस्थित गर्दछ । स्मृतिपूर्वक आश्वास गर्दछ, स्मृतिपूर्वक प्रश्वास गर्दछ। दीर्घ आश्वास गर्दा दीर्घ आश्वास गर्दैछु भनी जान्दछ। दीर्घ प्रश्वास गर्दा दीर्घ प्रश्वास गर्दैछु भनी जान्दछ। छोटो आश्वास गर्दा छोटो आश्वास गर्दैछु भनी जान्दछ। छोटो प्रश्वास गर्दा छोटो प्रश्वास गर्दैछु भनी जान्दछ। सबै काय प्रतिसंवेदित भएर आश्वास गरुँला भनी सिक्दछ । सबै काय प्रतिसंवेदित भएर प्रश्वास गरुँला भनी सिक्दछ । कायसंस्कार शान्त पार्दै आश्वास गरुँला भनी सिक्दछ । कायसंस्कार शान्त पार्दै प्रश्वास गरुँला भनी सिक्दछ ।

## इरियापथ

भिक्षुहरू, फेरि भिक्षुले हिंड्दा हिंड्दैछु भनी जान्दछ उठ्दा उठ्दैछु भनी जान्दछ, बस्दा बस्दैछु भनी जान्दछ पल्टिंदा पल्टिंदैछुं भनी जान्दछ । जस्तोजस्तो शरीर रहन्छ, त्यसैत्यसै गरी जान्दछ ।

## सम्पजञ्ञ

भिक्षुहरू, फेरि भिक्षुले अगाडि हिंड्दा, पछाडि सर्दा सम्प्रजानकार हुन्छ । सिधा हेर्दा छड्के हेर्दा सम्प्रजानकार हुन्छ। संघाटी पात्र चीवर  धारण गर्दा सम्प्रजानकार हुन्छ। खाँदा पिउँदा चपाउँदा चाट्दा सम्प्रजानकार हुन्छ । दिसा पिसाप कर्ममा सम्प्रजानकार हुन्छ । हिंड्दा उभिंदा बस्दा सुत्दा जागृत रहँदा, बोल्दा चुपलाग्दा सम्प्रजानकार हुन्छ ।

## पटिकूल मनसिकार

भिक्षुहरू, फेरि भिक्षुले यस शरीरलाई, तल पाइतालादेखि माथि केशसम्म छाला परियन्त नानाप्रकारले असुचिले प्रत्यवेक्षण गर्दछ ।

छन् यस शरीरमा केश रौं नङ दाँत छाला मासु नसा हड्डी मासी मृगौला मुटु कलेजो झिल्ली फियो फोक्सो ठूलोआन्द्रा सानोआन्द्रा लादी मल गिदि पित्त खकार पिप रगत पसिना मेद आँशु बोसो थूक सिंघान तेल पिसाप ।

## धातु मनसिकार

भिक्षुहरू, फेरि भिक्षुले यस शरीरलाई यथास्थित यथाप्रणिहित धातुद्वारा प्रत्यवेक्षण गर्दछ। छन् यस शरीरमा पृथ्वीधातु, जलधातु, अग्निधातु, वायुधातु ।

## सिवथिक

भिक्षुहरू, फेरि भिक्षुले यसरी हेर्दछ, शरीरलाई श्मशानमा फ्यालिराखेको एक दिने लाश, दुइ दिने लाश, तीन दिने लाश, फुलेको लाश, निलो भएको लाश, पिप बहेको लाश ।



Downloaded from http://www.dhamma.digital

कागहरूले खाएको, चिलहरूले खाएको, गिद्धहरूले खाएको, बाजहरूले खाएको, कुकुरहरूले खाएको, बाघहरूले खाएको, चितुवाहरूले खाएको, श्यालहरूले खाएको, विविध प्राणीजातिहरूले खाएको ।

शंखजस्तै अस्थिपञ्जर रगत मासुसहितको नसाहरूले बाँधिएको । शंखजस्तै अस्थिपञ्जर मासुरहित रगत नसाहरूले बाँधिएको । शंखजस्तै अस्थिपञ्जर रगत मासुरहित नसाहरूले बाँधिएको ।

हड्डीहरू नजोडिएर दिशा विदिशा छरिएको, एकातिरको हातको हड्डी, एकातिरको खुट्टाको हड्डी, एकातिरको कुर्कुच्चाको हड्डी, एकातिरको खुट्टाको हड्डी, एकातिरको तिघ्राको हड्डी, एकातिरको चाकको हड्डी एकातिरको करङ्को हड्डी, एकातिरको ढाडको हड्डी, एकातिरको कुमको हड्डी, एकातिरको घाँटिको हड्डी, एकातिरको चिउँडोको हड्डी, एकातिर को दाँतको हड्डी, एकातिरको टाउकोको हड्डी ।

शंखजस्तै सेतो भएका हड्डीहरू । एक वर्ष नाघेको पुरानो समूहसमुह भएका हड्डीहरू, कुहिएर धूलो भएका हड्डीहरू ।

ऊ यस शरीरलाई तुलना, गर्दछ- यो शरीर पनि यस्तै धर्मको, यस्तै हुने, यसलाई काट्न नसकिने रहेछ ।

यसरी भित्री वा बाहिरी वा भित्री बाहिरी, कायमा कायानुपश्यी भई विहार गर्दछ । उत्पत्ति धम्मानुपश्यी भएर वा विनाश धम्मानुपश्यी भएर वा उत्पत्ति विनाश धम्मानुपश्यी भएर कायमा विहार गर्दछ ।

काय मात्र छ भनी उसको स्मृति प्रत्युपस्थित हुन्छ । मात्र ज्ञान वृद्धिको लागि प्रतिस्मृतिको लागि अनिश्रित भएर विहार गर्दछ । न कुनै लोकमा उपादानयुक्त हुन्छ ।

### वेदनानुपस्सना

भिक्षुहरू, कसरी भिक्षुले वेदनामा, वेदनानुपश्यी भई विहार गर्दछ ?

भिक्षुहरू यहाँ भिक्षुले सुखवेदना अनुभूति गर्दै, सुखवेदना अनुभूति गर्दैछु भनी जान्दछ। दुःखवेदना अनुभूति गर्दै दुःखवेदना अनुभूति गर्दैछु भनी जान्दछ। उपेक्षा (अदुक्खमसुख) वेदना अनुभूति गर्दै उपेक्षावेदना अनुभूति गर्दैछु भनी जान्दछ ।

सामिष (भौतिक वा बाह्य कारणबाट उत्पन्न) सुखवेदना अनुभूति गर्दै, सामिष सुखवेदना अनुभूति गर्दैछु भनी जान्दछ। निरामिष (मानसिक वा भित्री कारणले उत्पन्न) सुखवेदना अनुभूति गर्दै, निरामिष सुखवेदना अनुभूति गर्दैछु भनी जान्दछ ।

सामिष दुःखवेदना अनुभूति गर्दै सामिष दुःखवेदना अनुभूति गर्दैछु भनी जान्दछ। निरामिष दुःखवेदना अनुभूति गर्दै निरामिष दुःखवेदना अनुभूति गर्दैछु भनी जान्दछ ।



Downloaded from http://www.dhamma.digital

सामिष उपेक्षावेदना अनुभूति गर्दै, सामिष उपेक्षावेदना अनुभूति गर्दैछु भनी जान्दछ। निरामिष उपेक्षावेदना अनुभूति गर्दै, निरामिष उपेक्षावेदना अनुभूति गर्दैछु भनी जान्दछ।

यसरी भित्री वा बाहिरी वा भित्री बाहिरी वेदनाहरूमा वेदनानुपश्यी भएर विहार गर्दछ। उत्पन्न धम्मानुपश्यी भएर वा विनाश धम्मानुपश्यी भएर वा उत्पन्न विनाश धम्मानुपश्यी भएर वेदनाहरूमा विहार गर्दछ।

वेदनाहरू मात्र छन् भनी उसको स्मृति प्रत्युपस्थित हुन्छ। मात्र ज्ञान वृद्धिको लागि प्रतिस्मृतिको लागि अनिश्रित भएर विहार गर्दछ। न कुनै लोकमा उपादानयुक्त हुन्छ।

## चित्तानुपस्सना

भिक्षुहरू, कसरी भिक्षुले चित्तमा, चित्तानुपश्यी भई विहार गर्दछ ?

भिक्षुहरू, यहाँ भिक्षुले सराग चित्तलाई सराग चित्त भनी जान्दछ। वीतराग चित्तलाई वीतराग चित्त भनी जान्दछ। सद्वेष चित्तलाई सद्वेष चित्त भनी जान्दछ। वीतद्वेष चित्तलाई वीतद्वेष चित्त भनी जान्दछ। समोह चित्तलाई समोह चित्त भनी जान्दछ। वीतमोह चित्तलाई वीतमोह चित्त भनी जान्दछ। संक्षिप्त (निरुत्साहित) चित्तलाई संक्षिप्त चित्त भनी जान्दछ। विक्षिप्त चित्तलाई विक्षिप्त चित्त भनी जान्दछ। महग्गत (ध्यान) चित्तलाई महग्गत चित्त भनी जान्दछ। अमहग्गत चित्तलाई अमहग्गत चित्त भनी जान्दछ। सउत्तर (कामचित्त) चित्तलाई सउत्तर चित्त भनी जान्दछ। अनुत्तर चित्तलाई अनुत्तर चित्त भनी जान्दछ। समाहित (समाधि) चित्तलाई समाहित चित्त भनी जान्दछ। असमाहित चित्तलाई असमाहित चित्त भनी जान्दछ। विमुक्त चित्तलाई विमुक्त चित्त भनी जान्दछ। अविमुक्त चित्तलाई अविमुक्त चित्त भनी जान्दछ।

यसरी भित्री वा बाहिरी वा भित्री बाहिरी चित्तमा चित्तानुपश्यी भई विहार गर्दछ। उत्पन्न धम्मानुपश्यी भएर वा विनाश धम्मानुपश्यी भएर वा उत्पन्न विनाश धम्मानुपश्यी भएर चित्तमा विहार गर्दछ।

चित्तहरू मात्र छन् भनी उसको स्मृति प्रत्युपस्थित हुन्छ। मात्र ज्ञान वृद्धिको लागि प्रतिस्मृतिको लागि अनिश्रित भएर विहार गर्दछ। न कुनै लोकमा उपादानयुक्त हुन्छ।

## धम्मानुपस्सना

भिक्षुहरू, कसरी भिक्षुले धम्महरूमा, धम्मानुपश्यी भई विहार गर्दछ ?

## नीवरण

भिक्षुहरू यहाँ भिक्षुले भएको भित्री नीवरण (**कामराग, द्वेष, आलश्य, चञ्चलपन,**



Downloaded from http://www.dhamma.digital

**पश्चाताप, शंका**) लाई ममा भित्री नीवरण छ भनी जान्दछ। नभएको भित्री नीवरणलाई ममा भित्री नीवरण छैन भनी जान्दछ। जब अनुत्पन्न नीवरण उत्पन्न हुन्छ त्यसलाई पनि जान्दछ । जब उत्पन्न निवरण प्रहाण हुन्छ, त्यसलाई पनि जान्दछ । जब प्रहाण भएको निवरण भविष्यमा उत्पन्न हुँदैन त्यसलाई पनि जान्दछ ।

## खन्ध

यी स्कन्ध (**रूप, वेदना, संज्ञा, संस्कार, विज्ञान**) हुन्, यी स्कन्धका कारण हुन्। यी स्कन्धका शान्त अवस्था हुन् ।

## आयतन

भित्री आयतन (**आँखा, कान, नाक, जिब्रो, शरीर**) लाई जान्दछ । बाहिरी आयतन (**रूप, शब्द, गन्ध, रस, स्पर्श**) हरूमा जान्दछ । जब ती दुबैको संयोगले संयोजन, (**कामराग, भव, प्रतिघात, अहंकार, मिथ्यादृष्टि, शंका, कर्मकाण्ड व्रताचार, ईर्ष्या, कन्जुसी, अविद्या**) उत्पन्न हुन्छ त्यसलाई पनि जान्दछ । जब अनुत्पन्न संयोजन उत्पन्न, हुन्छ त्यसलाई पनि जान्दछ। जब उत्पन्न संयोजन प्रहाण हुन्छ, त्यसलाई पनि जान्दछ । जब प्रहाण भएको संयोजन फेरि उत्पन्न हुँदैन त्यसलाई पनि जान्दछ ।

## बोज्झंग

भएको भित्री सम्बोध्यंग (**स्मृति, धर्मविचय, वीर्य, प्रीति, प्रश्रब्धि, समाधि, उपेक्षा**) लाई ममा भित्री सम्बोध्यंग छ भनी जान्दछ। नभएको भित्री सम्बोध्यंगलाई ममा भित्री सम्बोध्यंग छैन भनी जान्दछ। जब अनुत्पन्न सम्बोध्यंग उत्पन्न हुन्छ त्यसलाई पनि जान्दछ। जब उत्पन्न सम्बोध्यंगको भावना परिपूर्ण हुन्छ त्यसलाई पनि जान्दछ।

## सच्च

यो दुःख हो भनी यथाभूत जान्दछ। यो दुःखसमुदय हो भनी यथाभूत जान्दछ। यो दुःखनिरोध हो भनी यथाभूत जान्दछ। यो दुःखनिरोधगामिनी मार्ग हो भनी यथाभूत जान्दछ।

के हो दुःख आर्यसत्य ? जन्म पनि दुःख, जरा पनि दुःख, व्याधि पनि दुःख, मरण पनि दुःख, अप्रियसंग मिलन हुनु दुःख, प्रियहरूसंग बिछोड हुनु दुःख, जुन इच्छित पाईंदैन त्यो पनि दुःख, संक्षिप्तमा पञ्च उपादनस्कन्ध नै दुःख जस्तै- रूपस्कन्ध, वेदनास्कन्ध, संज्ञास्कन्ध, संस्कारस्कन्ध, विज्ञानस्कन्ध ।

के हो दुःख समुदय आर्यसत्य ? जुन तृष्णाहरूले पुनर्भव गराउँछ, आशक्ति रागयुक्त जहींतहीं आसक्त जस्तै- कामतृष्णा, भवतृष्णा, विभवतृष्णा ।



Downloaded from http://www.dhamma.digital

के हो दुःख निरोध आर्यसत्य ? जुन काम भव विभव तृष्णाका अशेष वैराग, निरोध, त्याग, प्रतिनिशर्ग, मुक्ति अनाशक्त हुन्छन् ।

के हो दुःखनिरोधगामी मार्ग आर्यसत्य ? यही नै आर्य अष्टाङ्गिक मार्ग । जस्तै- सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् वचन, सम्यक् कर्मान्त, सम्यक् जीविका, सम्यक् व्यायाम, सम्यक् स्मृति, सम्यक् समाधि ।

'के हो जन्म ? त्यस त्यस सत्वको त्यस त्यस योनिहरूमा जन्म हुनु, स्कन्ध प्राप्त गर्नु, प्रादुर्भाव हुनु, आयतनको लाभ हुनु जन्म हो ।'

'के हो जरा ? त्यस प्राणीहरूको जरा जीर्णता प्राप्त हुनु, दाँत झर्नु, केश फूल्नु, छाला चाउरी पर्नु, आयु समाप्त हुँदै जानु, इन्द्रियहरू कमजोर हुनु जरा हो ।'

'के हो मरण ? त्यस प्राणीको योनिबाट च्यूत हुनु, भेद हुनु अन्तरधान हुनु, मृत्यु हुनु, काल गर्नु, स्कन्धलाई त्याग गर्नु मरण हो ।'

'के हो विलाप ? ती दुःख धर्ममा लिप्त पुरुषको रुनु, छाति पिट्नु, परिदेविता, आदेविता हुनु विलाप हो ।'

'के हो दुःख ? जुन कायसम्बन्धि असात दुःख, पीढा, प्रतिकूल वेदना छ त्यो दुःख हो ।'

'के हो दौर्मनश्य ? जुन मानसिक दुःख, मानसिक असात,अप्रतिकूलताबाट उत्पन्न मानसिक दुःख छ त्यो दौर्मनश्य हो ।'

'के हो डाह छटपटि ? जुन ती दुःख धर्ममा लिप्त प्राणीको डाह छटपटि हुनु, भूँईमा लडिबूडि खेल्नु, असह्य पीढा हुनु हो त्यो डाह हो ।'

'के हो जुन इच्छित नपाउनु त्यो पनि दुःख ? जुन इच्छा गर्दा प्राप्त हुँदैन त्यो पनि दुःख हो । जस्तै : जरा नहोस् भनी इच्छा गर्छ तर त्यो प्राप्त हुन्छ । त्यसगरी व्याधि, मरण, शोक परिदेव, दुःख, दौर्मनश्य, उपायास नहोस् भनी इच्छा गरे पनि प्राप्त हुन्छ ।'

यसरी भित्री वा बाहिरी वा भित्री बाहिरी धम्महरूमा धम्मानुपश्यी भई विहार गर्दछ । उत्पन्न धम्मानुपश्यी भएर वा विनाश धम्मानुपश्यी भएर, वा उत्पन्न विनाश धम्मानुपश्यी भएर धम्महरूमा विहार गर्दछ ।

धम्महरू मात्र छन् भनी उसको स्मृति प्रत्युपस्थित हुन्छ । मात्र ज्ञान वृद्धिको लागि, प्रतिस्मृतिको लागि, अनिश्रित भएर विहार गर्दछ । न कुनै लोकमा उपादानयुक्त हुन्छ ।

जो कसैले यी चार स्मृति प्रस्थानको सात वर्ष वा सप्ताहमा अभ्यास गर्दछ उसले अनागामी वा अरहत फल प्राप्त गर्दछ ।

भिक्षुहरूले सन्तुष्ठ भएर भगवान्को भाषणलाई अभिनन्दन गरे ।



Downloaded from http://www.dhamma.digital

## महानिदान सुत्त

दीघनिकाय (२/१५) अनुसार एक समय भगवान् कुरुँदेशको कम्मासधम्ममा विहार गर्नुहुँदा आयुष्मान् आनन्दले भन्नुभयो- 'कति गम्भीर छ र गम्भीरजस्तै देखिन्छ प्रतीत्य समुत्पाद, तापनी मलाई स्पष्ट जानकारी हुन्छ ।'

तब भगवान्ले भन्नुभयो- 'त्यसो नभन आनन्द, प्रतीत्य समुत्पाद अति नै गम्भीर छ जुन नजानेसम्म, प्रतिवेध नगरेसम्म प्राणीहरू डोरीको गाँठोजस्तै, दुर्गती प्राप्त गर्दै भवसागरबाट पार तर्न सक्दैन ।'

'जरामरणको कारण जन्म, जन्मको कारण भव, भवको कारण उपादान, उपादानको कारण तृष्णा, तृष्णाको कारण वेदना, वेदनाको कारण स्पर्श, स्पर्शको कारण ६ आयतन, ६ आयतनको कारण नामरूप, नामरूपको कारण विज्ञान । यसप्रकार सबै सकारण छन् अकारण छैन ।'

'यदि जन्म नभएको भए ब्रह्मा, देव, मनुष्य, कीट पतंग आदि प्राणीहरू हुने थिएनन् र उनीहरूको जरामरण पनि हुने थिएन । भव नभएको भए कामभव, रूपभव, अरूपभव हुने थिएन । उपादान नभएको भए काम उपादान, दृष्टि उपादान, शीलव्रत उपादान, आत्मवाद उपादान हुने थिएन । तृष्णा नभएको भए रूपतृष्णा, शब्दतृष्णा, गन्धतृष्णा, रसतृष्णा, स्पर्शतृष्णा, धर्मतृष्णा हुने थिएन । वेदना नभएको भए चक्षुस्पर्श (बाट उत्पन्न) वेदना, श्रोतस्पर्श वेदना, घ्राणस्पर्श वेदना, जिह्वास्पर्श वेदना, कायस्पर्श वेदना, मनस्पर्श वेदना हुने थिएन ।'

'वेदनाकै कारणले तृष्णा, तृष्णाकै कारणले खोजी, खोजीको कारण लाभ, लाभको कारणले विनिश्चय, विनिश्चयको कारणले छन्दराग, छन्दरागको कारणले अध्यवसान, अध्यवसानको कारणले परिग्रह, परिग्रहको कारणले मात्सर्य, मात्सर्यको कारणले आरक्षा, आरक्षाको कारणले दण्ड, शस्त्रग्रहण, कलह, पापकर्महरू हुन्छन् ।'

'यदि नामरूप नभएको भए अधिवचन सस्पर्श र प्रतिघ संस्पर्श हुने थिएन । यदि विञ्ञाण आमाको गर्भमा प्रवेश नगरेको भए नामरूप संचित हुने थिएन । सानै उमेरमा पनि विञ्ञाण नष्ट भएमा शरीरको वृद्धि हुने थिएन ।'

'त्यसैले विञ्ञाणको कारणले नामरूप हुँदै विञ्ञाणसहित जन्मन्छ, बूढा हुन्छ, मृत्यु हुन्छ । त्यसैले अधिवचन (नामसंज्ञा) निरुक्ति (भाषा) व्यवहार, प्रज्ञा विषय आदि जान्नको लागि मार्ग वर्तमान हुन्छ ।'

'आत्मालाई मान्नेहरू 'मेरो आत्मा रूपधारी र क्षुद्र छ, रूपवान, अनन्त छ, रूपरहित अणु छ र अरूप अनन्त' छ भनी मान्दछन् । आत्मालाई नमान्नेहरू 'आत्मा रूपवान अणु



Downloaded from http://www.dhamma.digital

छ। रूपवान अनन्त छ, रूपरहित अणु छ, रूपरहित अनन्त' छ भनी मान्दैनन्। आत्मदर्शीले वेदना मेरो आत्मा हो। वेदना आत्मा होइन तर प्रतिसंवेदन मेरो आत्मा हो, न वेदना मेरो आत्मा हो न प्रतिसंवेदना मेरो आत्मा हो, मेरो आत्मा वेदित हुन्छ र वेदना क्षयवाला मेरो आत्मा हो भनी मान्दछ।'

'वेदनालाई आत्मा मान्नेलाई सोध्नुपर्छ, 'सुख, दुःख, उपेक्षा वेदनाहरू जुन प्रतीत्य समुत्पन्न, वयधर्मी, नाशवानहरूमध्ये कसलाई आत्मा मान्दछौ ? र वेदनाहरू नाश हुँदा के आत्मा पनि नाश भएको मान्दछौ ? वेदनाहरू नाशवान हुंदाहुँदै पनि वेदनालाई आत्मा मान्नु त्यो ठीक होइन। वेदनालाई आत्मा नमान्नेलाई सोध्नुपर्दछ- 'यदि वेदनाहरू सारा सर्वथा निरुद्ध भएमा, जुन वेदना नहुनाले निरोध हुनाले के त्यहाँ 'म हुँ' भावना हुनसक्छ ?' त्यसैले यो पनि ठीक होइन। तर भिक्षुहरूले वेदनालाई प्रतिसंवेदनालाई नै आत्मा मान्दैनन्। त्यसैले म मेरो भनी ग्रहण गर्दैनन् र ग्रहण नगर्दै परिनिर्वाण प्राप्त गर्दछन्। त्यसरी विमुक्त भिक्षुलाई 'परिनिर्वाणपछि तथागत हुन्छ वा परिनिर्वाणपछि तथागत हुँदैन वा परिनिर्वाणपछि हुन्छ पनि हुँदैन पनि' यस्तो विचार हुँदैन।'

'विज्ञानको सात स्थितिहरू :

१) नानाकाय नानासंज्ञायुक्त जस्तै- मनुष्य देवताहरू, पिशाच।

२) नानाकाय एक संज्ञा, जस्तै- प्रथम ध्यानयुक्त ब्रह्मा।

३) एक काय नाना संज्ञा, जस्तै- आभास्सर देवता।

४) एक काय एक संज्ञा, जस्तै- शुभकीर्ण देवता।

५) आकाशानन्त्यायतनलाई प्राप्त।

६) विज्ञानन्त्यायतनलाई प्राप्त।

७) आकिञ्चन्यायतनलाई प्राप्त।

दुइ आयतनहरू-

१) असंज्ञिसत्व आयतन।

२) नैवसंज्ञानासंज्ञा आयतन सत्व।

जसले यी विज्ञान स्थितिलाई जान्दछ, उत्पत्ति विनाश आश्वाद, परिणाम, निस्सरणलाई जान्दछ, तब त्यस जानकारले त्यस विज्ञानस्थितिप्रति अभिनन्दन (आशक्ति) गर्नु ठीक हुँदैन।'

'आठ विमोक्ष छन्-

१) एक रूपवानले अर्को रूपवानलाई देख्नु।

२) अध्यात्ममा रूपरहित संज्ञाले बाहिरी रूपलाई देख्नु।

३) 'शुभ छ' यसबाट अधिमुक्त हुनु।



Downloaded from http://www.dhamma.digital

४) आकाशानन्त्यायतनलाई प्राप्त गर्नु ।

५) विज्ञानन्त्यायतनलाई प्राप्त गर्नु ।

६) आकिञ्चन्यायतनलाई प्राप्त गर्नु ।

७) नैवसंज्ञानासंज्ञायतनलाई प्राप्त गर्नु ।

८) संज्ञाको अनुभवको विरोधलाई प्राप्त गर्नु ।'

'जब भिक्षुले यी आठ विमोक्षलाई अनुलोमले (सुल्टा तरिकाले) प्रतिलोमले (उल्टा तरिकाले) वा दुबै तरिकाले पनि प्राप्त गर्छ, जहाँ, जति चाहन्छ प्राप्त गर्छ, उठ्छ, बस्छ, आस्रवक्षय गरी चित्त विमुक्ति, प्रज्ञा विमुक्ति प्राप्त गरी विहार गर्छ, उसलाई उभतोभाग विमुक्त भनिन्छ । यो भन्दा अर्को उत्तम दोस्रो उभतोभाग विमुक्ति छैन ।'

अन्तमा आयुष्मान् आनन्दले भगवान्को भाषणलाई अभिनन्दन गर्नुभयो ।

## पति पत्नी गुण

अंगुत्तरनिकाय (४/२/१/३) अनुसार यस्तो मैले सुनें- एक समय भगवान् मथुरा र वेरञ्जाको बीच मार्गमा जाँदै हुनुहुन्थ्यो । त्यसबेला धेरै गृहस्थहरू पनि जाँदै थिए । एक छेउको रुखमुनि बस्नुभएर भगवान्ले ती गृहस्थलाई भन्नुभयो-

चार प्रकारका संवास छन् -

१) जब पति पत्नी दुबै दश पापधर्मी, कञ्जुसी, श्रमण ब्राह्मणलाई दुर्बचन बोल्ने हुन्छ उनीहरूलाई लाशसंग लाशको सहवास भनिन्छ ।

२) जब पत्नी पापधर्मी, कञ्जुस आदि हुन्छ तर पती दश कुशलधर्मी, त्यागी, श्रमण ब्राह्मणलाई दुर्बचन नबोल्ने हुन्छ । तब उनीहरूलाई लाशको देवसंग सहवास गरेको भनिन्छ ।

३) जब पति पत्नी दुबै दश कुशलधर्मी, त्यागी हुन्छ तब देवको देवीसंग सहवास गरेको भनिन्छ ।

४) जब पति दश पापधर्मी, कञ्जुस आदि हुन्छ तर पत्नी दश कुशलधर्मी, त्यागी हुन्छ तब लाशको देवीसंग सहवास गरेको भनिन्छ ।

## वेरञ्जक सुत्त

अंगुत्तरनिकाय (८/१/२/१) अनुसार यस्तो मैले सुनें- एक समय भगवान् वेरञ्जामा नलेरु सुचिमन्द रुखमुनि विहार गर्नुहुन्थ्यो । वेरञ्जा ब्राह्मणले भगवान्संग सोध्यो- 'तपाईं आफूभन्दा ठूला, वृद्धालाई अभिवादन गर्नुहुन्न, के यो सत्य हो ?'

'देवमारसहित सारा लोकमा म कसैलाई देख्दिन जसलाई म अभिवादन गरुं, आसनको लागि भनुं ? यदि मैले कसैलाई भनेमा उसको टाउको पनि खस्न सक्दछ ।'



Downloaded from http://www.dhamma.digital

'जुन पञ्चकामरसबाट मुक्त भइसकेको तथागतलाई अरस भनिन्छ । जुन पञ्चकामभोगबाट मुक्त भएकोले तथागतलाई निर्भोग भनिन्छ। 'मन वचन शरीरबाट गरिने पाप नगर्नु' भन्नाले नै तथागतलाई अक्रियवादी भनिन्छ । 'राग, द्वेष, मोह आदिको उच्छेद गर्नु' भन्नाले नै तथागतलाई उच्छेदवादी भनिन्छ। कायिक, वाचिक, मनो दुराचारलाई घृणा गर्नाले तथागतलाई जुगुप्सु भनिन्छ । राग देष मोहलाई हटाउने (विनयन) उपदेश दिनाले तथागतलाई वैनयिक भनिन्छ । पापधर्मलाई तपाउनाले, नाश गर्नाले तथागतलाई तपश्वी भनिन्छ । पुनर्जन्म नष्ट भएकोले तथागतलाई अपगर्भ भनिन्छ ।'

'ब्राह्मण, यदि ओथ्रा दिइएको आठदश कुखाको अण्डामध्येबाट जुन चुच्चाले, नङले अण्डा फोडेर पहिले बाहिर निस्कन्छ, त्यसलाई जेठो भनिन्छ। त्यसरी नै तथागतले अविद्यारूपी अण्डालाई फोडेर सबैभन्दा पहिले अनुत्तर सम्यक् सम्बोधि प्राप्त गर्नुभयो, त्यसैले ब्राह्मण म नै ज्येष्ठ हुँ। तथागतले नै सर्वप्रथम सम्यक् सम्बोधि लाभ गर्नुभयो चार आर्यसत्य बोध गर्नुभयो, आश्रवक्षय गर्नुभयो, त्यसैले तथागत नै सबैभन्दा जेष्ठ छुं।'

अन्तमा वेरञ्जा ब्राह्मणले 'तपाईं गौतम ज्येष्ठ हुनुहुन्छ' भनी स्वीकार गर्दै उपासकत्व धारण गऱ्यो ।

पाराजिका (१) अनुसार भगवान् बुद्ध वेरञ्जा ब्राह्मणको वर्षावासको निमन्त्रणा स्वीकार गर्नुभएर वेरञ्जामा वर्षावास बस्नुभयो । तर त्यसबेला वेरञ्जामा दुर्भिक्ष परेको थियो । त्यसैले भोजन प्राप्त नहुंदा वर्षावास बसिरहेको पांचसय घोडाको व्यापारीले घोडाको दाना दिएको दान प्राप्त गरेर त्यसैलाई कुटेर भिक्षुहरू खान्थे। आयुष्मान् आनन्दले घोडा दाना पिसेर भगवान्लाई दिनको लागि ओखलीमा पिस्नुहुँदा ओखलीको आवाज सुन्नुभएर थाहा पाएपनि भगवान्ले आयुष्मान् आनन्दसंग सोध्नुभयो- 'आनन्द के त्यो ओखलको शब्द हो ?' आयुष्मान् आनन्दले सबै कुरा बताउनुभयो। तब भगवान्ले साधुकार दिनुहुंदै भन्नुभयो- 'तिमीले सत्पुरुषलाई जित्यौं। भविष्यका जनता त पुलाउ चाहने छ।'

## चिरस्थायी सद्धर्म

एक दिन आयुष्मान् सारिपुत्रले सोध्नुभयो- 'भगवान् पहिलेका बुद्धहरूमध्ये कसकसको शासन चिरस्थायी भयो, कसको भएन ?'

'विपश्वी, शीखी, विश्वभू बुद्धको शासन चिरस्थायी भएन किनकि उहाँहरूले विस्तृत धर्मदेशना गर्नुभएन, भिक्षुविनय बनाउनुभएन। भगवान्को परिनिर्वाणपछि अरुले शासन चलाउन सकेन। जसरी धागोमा नउनिएको फूलहरू तख्तामा राख्दा हावा आउँदा उडाएर लान्छ, छरपुष्ट पारिदिन्छ । त्यसरी नै उहाँ तथागतहरूको परिनिर्वाणपछि धर्म चिरस्थायी भएन, नाश भएर गयो ।



Downloaded from http://www.dhamma.digital

ककुसन्ध, कोणागमन, काश्यप बुद्धको शासन चिरस्थायी भयो। किनकि उहाँहरूले विस्तृत धर्मदेशना गर्नुभयो । भिक्षुविनय बनाउनुभयो । उहाँहरूको परिनिर्वणपछि अरुले शासन स्थापित गऱ्यो । जसरी धागोमा उनिएको मालाको फूललाई हावाले छरपुष्ट पार्न सक्दैन, त्यसरी नै उहाँहरूको धर्म परिनिर्वाणपछि पनि शासन चिस्थायी भयो ।

तब आयुष्मान् सारिपुत्रले 'यही समय हो भगवान् भिक्षुविनय बनाउनुहोस्, प्रातिमोक्ष उद्देश गर्नुहोस्, जसले कि यो ब्रह्मचर्य अध्वनीय चिरस्थायी होस्' भनी अनुरोध गर्नुभयो ।

भगवान्ले भन्नुभयो- 'पर्ख, सारिपुत्र पर्ख ! शास्ताले तबसम्म शिक्षापद विधान गर्ने छैन, प्रातिमोक्ष उद्देश्य गर्ने छैन, जबसम्म कि संघमा कोही आस्रवसहित धर्मको प्रादुर्भाव हुनेछैन । जब आस्रवसहित धर्मको प्रादुर्भाव हुनेछ, जब संघ रत्तञ्ञूमहत्त (रक्तज्ञमहत्व) प्राप्त हुनेछ । तब त्यस आस्रव धर्मको प्रतिघातको लागि शिक्षापद विधान गर्ने छ, प्रातिमोक्ष उद्देश्य गर्ने छ । अहिले ५०० भिक्षुहरूमा पनि अति कनिष्ठ नै स्रोतापन्न छ, दुर्गतिदेखि टाढा, स्थिर सम्बोधि परायण छ ।'

भगवान् आयुष्मान् आनन्दसंग वेरञ्जा ब्राह्मणलाई भेट्न जानुभयो र भन्नुभयो- 'ब्राह्मण, तिम्रो निमन्त्रणामा हामीले वर्षावास बितायौं । अब हामी चारिका गर्न जान्छौ ।'

'वर्षावासको निमन्त्रणा दिएर पनि गृहस्थ जीवन अति नै काम धन्दामा व्यस्त भएकोले दिनुपर्ने धर्मानुसार पनि दिन सकिन ।' भनी गल्ती स्वीकार गर्दै वेरञ्जा ब्राह्मणले भोजनको लागि निमन्त्रणा दियो- 'भोलिको लागि भोजन निमन्त्रणा स्वीकार गर्नुहोस् ।' भोलिपल्ट भोजनपश्चात् भगवान् बुद्धलाई संघाटी, उत्तरासंग र अन्तरवासक त्रिचीवर दान गऱ्यो भने अन्य भिक्षुहरूलाई एकएक चीवर दान गऱ्यो । वेरञ्ज ब्राह्मणलाई धर्मदेशना गर्नुभएर भगवान् पनि भिक्षुसंघसहित चारिका गर्नुहुँदै वैशाली पुग्नुभयो ।



Downloaded from http://www.dhamma.digital

# १३ औं वर्षावास

## चालियपर्वतमा

**(वर्ष ४७ - बु.स. पूर्व ३३)**

### असंयमी भिक्षु

अंगुत्तरनिकाय (३/३/६) अनुसार यस्तो मैले सुनें - एक समय भगवान् ऋषिपतन मृगदावमा विहार गर्नुहुन्थ्यो । गोयोगप्लक्षमा भिक्षाटन गर्नुहुँदा एक, असंयमी भिक्षुलाई भन्नुभयो- 'भिक्षु तिमी जूठो नबन, दूर्गन्धयुक्त झिंगाहरू तिमी माथि न भन्किउन् ।' यो सुनेंर त्यो भिक्षुमा संवेग उत्पन्न भयो ।

अर्को भिक्षुले 'जूठो, दूर्गन्ध, झिंगाको अर्थ के हो ?' भनी सोध्यो ।

भगवान्‌ले भन्नुभयो- 'अभिध्या जूठो हो, व्यापाद दुर्गन्ध हो पाप वितर्क झिंगा हो ।'

### सुदिन्न कलन्दकपुत्त

विनय पाराजिका (१) अनुसार यस्तो मैले सुनें- एक समय भगवान् वैशालीमा धर्मदेशना गर्दै हुनुहुन्थ्यो । त्यसबेला कलन्दक गाउँको सुदिन्न कलन्दकपुत्र वैशालीमा आउँदा भगवान्‌को उपदेश सुनेंर प्रव्रजित हुने इच्छा भयो । भगवान्‌लाई अनुरोध गर्दा आमाबाबाको अनुज्ञा चाहिन्छ भन्दा अनुज्ञा माग्दा आमाबाबाले अनुज्ञा दिएन ।

तब आगनमा नाँगो सुतेर 'कि त मलाई अनुज्ञा देऊ, कि त मेरो यहीं मृत्यु हुन्छ' भन्यो । अन्तमा छोराको इच्छालाई बदल्न नसकेर मरेको हेर्नुभन्दा प्रव्रजित भए पनि बाँचेको हेर्न पाइन्छ भनी अनुमति दियो । अनुमति लिएर सुदिन्न कलन्दकपुत्र भगवान्‌काहाँ गई प्रव्रज्या उपसम्पदा प्राप्त गरी केही समयपछि वज्जी देशमा आरण्यक, पिण्डपातिक पांशुकुलिक र सपदानचारी धुतांगधारी भएर रहन थाल्यो ।



Downloaded from http://www.dhamma.digital

# १४ औं वर्षावास

## जेतवनमा

**(वर्ष ४८ – बु.स.पूर्व ३२)**

**सीहसुत्त**

अंगुत्तरनिकाय (८/१/२/२) अनुसार यस्तो मैले सुनें- एक समय भगवान् वैशालीको महावनको कुटागारशालामा विहार गर्नुहुन्थ्यो । लिच्छवीहरू आफ्नो संस्थागार (संसद भवन) मा जम्मा भएर सम्यक् सम्बुद्धको प्रशंसा गर्दै थिए । त्यो सुनेंर निर्ग्रन्थ श्रावक सिंह सेनापतिलाई बुद्धको दर्शन गर्न जाने इच्छा भयो ।

अनुमति माग्न आफ्नो गुरु निर्ग्रन्थनाथपुत्रकाहाँ जाँदा 'तिमी क्रियावादी, श्रमण गौतम अक्रियावादी' भनेर अनुमति दिएन । यसरी नै दोश्रो तेश्रो पल्ट पनि अनुमति माग्दा अनुमति नदिएपछि अन्तमा गुरुलाई नसोधिकन आफै बुद्धलाई भेट्न गयो ।

भगवान्लाई भेटेर सिंह सेनापतिले सोध्यो- 'के तपाईंलाई अक्रियावादी भनेको सही हो ? के उनीहरूले ठीक भन्छन् ? भगवान्को निन्दा त गरेका छैनन् ? धर्मानुसार नै धर्मलाई भनेको छ ? कतै सहधार्मिक वादानुवाद निन्दित त भएको छैन ? म भगवान्लाई निन्दा गर्न चाहन्न ।'

'म काय, वचन र मन दुश्चरित्र र अन्य पापकर्महरू नगर्न उपदेश दिन्छु त्यसैले अक्रियवादी हुँ । म काय वचन र मनद्वारा सुचरित्र गर्ने उपदेश दिन्छु त्यसैले क्रियावादी हुँ । 'राग, द्वेष, मोह आदिको उच्छेद गर्नु' भन्नाले नै तथागतलाई उच्छेदवादी भनिन्छ । कायिक, वाचिक, मनो दुराचारलाई घृणा गर्नाले तथागतलाई जुगुप्सु भनिन्छ । राग देष मोहलाई हटाउने (विनयन) उपदेश दिनाले तथागतलाई वैनयिक भनिन्छ । पापधर्मलाई तपाउनाले, नाश गर्नाले तथागतलाई तपश्वी भनिन्छ । पुनर्जन्म नष्ट भएकोले तथागतलाई अपगर्भ भनिन्छ ।' म आश्वासको लागि धर्मदेशना गर्दछु, आश्वासद्वारा नै श्रावकहरूलाई लान्छु । त्यसैले मलाई आश्वासन्त भन्दछन् ।'

यो सुनेंर प्रशन्न भएर सिंह सेनापतिले उपासकत्व ग्रहण गऱ्यो । तब भगवान्ले भन्नुभयो- 'तिमीजस्तो सम्भ्रान्त व्यक्तिले सोचविचार गरी निर्णय लिनु राम्रो हुन्छ ।'

यस भनाइले अझ प्रसन्न भयो 'भन्ते अन्य मतावलम्बीले मलाई पाएर, सारा वैशालीमा ध्वजापताका उडाउँदै- 'सिंह सेनापति हाम्रो श्रावक भयो' भनी प्रचार गर्थे । तर



Downloaded from http://www.dhamma.digital

भगवान्ले मलाई भन्नुहुन्छ 'सोचेर निर्णय गर।' तब सिंह सेनापति दोश्रोपल्ट पनि बुद्ध धर्म संघको शरण गयो।

फेरि भगवान्ले भन्नुभयो- 'सिंह ! तिम्रो घर दीर्घकालदेखि निर्ग्रन्थहरूको लागि कुँवाजस्तै भएको छ। त्यसैले उनीहरूलाई भिक्षा दिन नछाड्नु।'

यस वचनले झन नै प्रसन्न भयो। मैले सुनेंको थिएं भन्ते ! 'कि श्रमण गौतम यस्तो भन्दछ- 'मलाई नै दान दिनुपर्छ, अरुलाई दान दिनु हुँदैन। भन्ते ! भगवान् त मलाई निर्ग्रन्थहरूलाई पनि दान दिनको लागि भन्नुहुन्छ। हामी पनि यसलाई युक्त सम्झन्छौं।' प्रसन्न भएर तेस्रोपल्ट त्रिरत्नको शरणमा गयो।

तब भगवान्ले आनुपूर्वि कथा सुनाउँनुभयो, जस्तै- दानकथा, शीलकथा, स्वर्गकथा, कामभोगको दोषकथा, अपकार र क्लेश र नैष्क्रम्यताको महात्म्यकथा। जब भगवान्ले सिंह सेनापतिको चित्त अरोग, मृदु, अनावरण, उदग्र, प्रसन्न भएको थाहा पाउनुभयो तब अन्तमा चार आर्यसत्य देशना गर्नुभयो। सिंह सेनापतिलाई 'जति पनि समुदय धर्म छन् ती सब निरोध धर्म छन्।' भनी बोध भयो र स्रोतापन्न भयो। भगवान्को धर्ममा दृष्टधर्म प्राप्त, धर्मविदित, संदेहरहित, वादविवादरहित, विशारद प्राप्त, शास्ताको प्रति स्वतन्त्र भएर भिक्षुसंघसहित भोलिको लागि भोजन निमन्त्रणा दिएर गयो। भोजनको लागि बजारमा तयारी मासु खोज्न पठायो। भोलिपल्ट मासुसहित प्रणीत भोजन दान गर्दा बाहिर धेरै जसो निर्ग्रन्थ श्रावकहरू एक सडकदेखि अर्को सडकमा 'सिंह सेनापतिले पशुहिंसा गरेर भोजन दान गऱ्यो र श्रमण गौतम जानिजानी मासुयुक्त आहार ग्रहण गर्दैछ' भनी कराउन थाले।

जब कोही आएर यसको जानकारी सिंह सेनापतिलाई दियो तब भन्यो- 'जान देऊ आर्य ! चिरकालदेखि यिनीहरू बुद्ध, धम्म संघको निन्दा चाहनेहरू हुन्। भगवान्को असत, तुच्छ, मिथ्या, अभूत (नभएको) निन्दा गर्न लाजै मान्दैनन्। म आफ्नो प्राण रक्षाको लागि त प्राणीहिंसा गर्दिन।'

### मेण्डक दीक्षा

महावग्ग (६) अनुसार वैशालीबाट महाभिक्षुसंघसहित चारिका गर्नुहुँदै भद्दियाको जातिया वनमा विहार गर्नुहुन्थ्यो।

बाटोमा अन्य मतावलम्बीहरूले 'तिमी क्रियावादी भएर पनि अक्रियावादी श्रमण गौतमको दर्शनका लागि जान्छौ ?' भनी रोक्न खोज्यो।

'अवश्य पनि उहाँ भगवान् सम्यक् सम्बुद्ध हुनुहुन्छ त्यसैले यी अन्य मतावलम्बीहरू उहाँको निन्दा गर्दैछन्' भनी मेण्डक गृहपतिलाई उहाँप्रति अझ विश्वास जाग्यो।

भगवान्काहाँ पुगेर भगवान्को आनुपूर्विक कथा उपदेश सुनेंर मेण्डक सेठलाई



Downloaded from http://www.dhamma.digital

धर्मचक्षु प्राप्त भयो र त्रिरत्नको शरण गएर भोलिको लागि भोजन निमन्त्रणा दियो । भोलिपल्ट भोजनदानपश्चात् प्रसन्न भएको मेण्डक सेठले भन्यो- 'जबसम्म भगवान् भद्दियामा विहार गर्नुहुन्छ तबसम्म म बुद्धप्रमुख भिक्षुसंघलाई ध्रुवभक्त भएर सदाको लागि सेवा (अर्थात भोजनदान) गर्ने छुं ।'

धम्मपद अट्ठकथा (४/८) अनुसार विशाखा अंगदेशको भद्दिया नगरको मेण्डक श्रेष्ठीकी छोरा धनञ्जय श्रेष्ठीको धर्मपत्नी सुमनादेवीको कोखबाट जन्म भयो । ऊ सात वर्षको हुंदा भगवान्को दर्शन गरेर आफ्ना पांचसय सखीहरूसहित श्रोतापन्न भइन् । त्यसै समय मेण्डक सेठ पनि भगवान्को धर्मदेशना सुनेंर स्रोतापति फलमा प्रतिष्ठित भयो । भोलिको लागि भोजन निमन्त्रणा दिएर गयो र भोलिपल्ट मेण्डक सेठले पनि भगवान्लाई आठ महिनासम्म महादान दियो ।

राजा बिम्बिसारको राज्यमा पांच महाभोगीहरू थिए । १.जोतिय २.जटिल ३.मेण्डक ४.पुण्णक ५.काकबलिय । मेण्डक श्रेष्ठीको घर पांच महापुण्यवान थिए । १.मेण्डक सेठ २.मेण्डक सेठका धर्मपत्नी चन्द्रप्रभा ३.छोरा धनञ्चय ४.बुहारी सुमनादेवी ५.दास पुरण ।

## बिम्बिसारद्धारा परीक्षा

महावग्ग (६/६/१) अनुसार मगध राजा बिम्बिसारले मेण्डक सेठ र उनके परि वारको दिव्यबलबारे सुनेंर एकमहामात्यलाई 'हो होइन बुझेर आउनु, तिमी गए पनि म गएझैं हुन्छ' भनी बुझ्न पठायो । महामात्य गएर मेण्डक सेठसंग 'राजाले भनेको' भनी दिव्यबल देखाउनको लागि अनुरोध गऱ्यो । तब मेण्डक सेठले नुहाएर भण्डार सफा गर्न लगाएर, ढोकामा बस्दा आकाशबाट अन्न वर्षिएर भण्डारकोठा भरियो ।

सेठानी चन्द्रप्रभाले एक भाँडोमा खाना र अर्को भाँडोमा दाल पकाएर महामात्यको चतुरंगी सेनालाई खाना खुवाइरहिन्, । जबसम्म ऊ उठिनन् तबसम्म खाना समाप्त भएन ।

छोरा धनञ्जयले एक हजारको थैला लगेर चतुरंगी सेनाको छ महिनाको तलब दियो । तर हातले थैला पक्रेसम्म पैसा खतम भएन ।

बुहारी सुमनादेवीले एक टोकरीमा अन्न ल्याएर चतुरंगी सेनालाई ६ महिनाको लागि रशद पुऱ्याइदिइन् । जबसम्म उनी उठिनन् अन्न समाप्त भएन ।

दास पुरणको दिव्यबल भने खेत जोत्दा एकचोटीमा सातहल जोताई हुन्थ्यो । 'उसको दिव्यबल खेतमा गएर हेर्नुपर्छ' भन्दा महामात्यले चित्त बुझाएर नहेरी नै फर्कियो र सारा कुरा राजालाई सुनांयो ।

मेण्डक श्रेष्ठीलाई केही पनि नभनी भगवान् साढे बाह्रसय महा भिक्षुसंघसहित चारिका गर्दै अंगुतरापतर्फ प्रस्थान गर्नुभयो । यो थाहा पाएर मेण्डक सेठले पनि आफ्ना



Downloaded from http://www.dhamma.digital

दास दासीसहित साढे बाह्रसय दूधदिने गाइहरू लिएर भगवान्काहाँ अवश्य पुगेर भोजन निमन्त्रणा दिएर प्रत्येक भिक्षुको अगाडि एउटा गाइबाट दूध दुधाएर दूध दान दिन आदेश दियो । त्यस क्षणदेखि भिक्षुहरूले तातो दूधधारबाट दूध पिउन पाउने अनुज्ञा भगवान्ले दिनुभयो । त्यसै क्रममा भगवान्ले बाटोमा लान पञ्चगोरस- दूध, दही, मोही, नौनी, घीउ लाने र मरभूमिमार्गमा जान पाथेय लिन अनुमति दिनुभयो । तर सुनंचांदीको उपभोग भने कुनै पनि हालतमा नपाउने गरी निषेध गर्नुभयो ।

## पोतलिय सुत्त

मज्झिमनिकाय (२/१/४) अनुसार यस्तो मैले सुनें- एक समय भगवान् अंगुत्तरापको आपण नामक निगममा विहार गर्नुहुन्थ्यो । त्यहाँ पोतलिय गृहपति भगवान् भएको ठाउँमा पुगेर उभिरह्यो । भगवान्ले 'गृहपति, आसना छ बस' भन्नुभयो ।

'गृहपति भन्यो' भनेर पोतलिक गृहपति रिसायो र भन्यो 'हे गौतम, तिमीले मलाई गृहपति भनेर भन्न मिल्दैन किनकि मैले सारा व्यवसाय छाडेर सम्पत्ति छोराहरूलाई दिइसकें, व्यवहार उच्छेद गरिसकें । मात्र खानपिनको वास्ता राख्दछु ।'

'गृहपति ! तिमी जुन प्रकारको व्यवहार उच्छेद भन्छौ त्यस्तो आर्य विनयमा हुँदैन ।'

'भन्ते ! भगवान् राम्रो हुनेछ यदि मलाई विस्तृतमा संझाउनु भएमा' भनी पोतलिय गृहपतिले अनुरोध गऱ्यो ।

तब भगवान् बुद्धले भन्नुभयो- 'आर्य विनयमा व्यवहार उच्छेद भनेको १) अहिंसाको लागि हिंसा छोडिदिनु हो । यस्तै क्रमशः २) अचोरीको लागि चोरी ३) सत्यको लागि झूठो वचन, ४) अचुक्लिको लागि चुक्लि वचन ५) निर्लोभको लागि परसम्पत्ति लोभ, ६) अनिन्दाको लागि निन्दा ७) अक्रोध (मैत्री) को लागि क्रोध ८) अनतिमानको लागि अतिमान छाडनुपर्छ ।

'भन्ते ! भगवान् जुन संक्षिप्तमा बताउनु भएको छ त्यसलाई अनुकम्पा गरेर विस्तृतमा बताइदिनु होस् ।' पोतलिय गृहपतिले नम्र भएर अनुरोध गऱ्यो ।

भगवान्ले भन्नुभयो- 'अहिंसाको लागि हिंसा छाड्नुपर्छ को अर्थ हो- आर्यश्रावकले सोच्दछ 'जुन प्राणीहिंसा छाड्नेमा लागेको छुं, त्यहीं प्राणीहिंसक भइयो । अब मेरो मनले मलाई धिक्कार्छ, विज्ञजनहरूले पनि धिक्कार्छ । यसै कारण दुर्गतिमा जानुपर्छ । यही संयोजन, नीवरण हो । यसैबाट जलन आश्रव उत्पन्न हुन्छन् । प्राणीहिंसाबाट विरत रहेमा यी केही पनि हुँदैनन् । त्यसैले प्राणीहिंसा छाड्नुपर्छ ।' यसरी नै अन्यलाई सम्झिनुपर्छ । गृहपति ! यी आठ संक्षिप्तलाई विस्तृतमा विभाजति धर्म, आर्यविनयमा व्यवहार उच्छेद गर्दछ । तर सर्वथा सबै व्यवहार उच्छेद हुँदैन ।



Downloaded from http://www.dhamma.digital

'भन्ते ! कसरी आर्यविनयमा सर्वथा सबै व्यवहार उच्छेद हुन्छ, बताइदिनु होस्' पोतलिय गृहपतिले अनुरोध गऱ्यो ।

भगवान्ले भन्नुभयो- 'सर्वथा व्यवहार उच्छेद भन्ने हो भने-

१) जसरी रगतमा मुसिएको मासुरहित हड्डी चपाउनाले कुकुरलाई दिक्दारी मात्र हुन्छ, त्यसरी नै कामभोग पनि त्यस्तै मासुरहित हड्डीसमान दुःखदायी छ ।'

२) 'जसरी गिद्ध काग आदिले मासुको टुक्रा खाँदा जबसम्म उसले त्यो टुक्रा छाड्दैन तबसम्म अर्कोले लखेटेर सताउंछ, त्यसरी नै कामभोग पनि त्यस्तै मासुको टुक्रासमान दुःखदायी छ ।'

३) 'जसरी परालको मूस्लो बालेर हावा आएतिर फर्केर हिंडेमा हावाले गर्दा उसैलाई आगोले दुःख दिन्छ, त्यसरी नै कामभोग पनि परालमुस्लो समान दुःखदायी छ ।'

४) 'जसरी आगोको खाल्डोमा मन नपरी खसालिदिएमा दुःख आउंछ, त्यसरी नै कामभोग पनि त्यस्तै आगोको खाल्डोसमान दुःखदायी छ ।'

५) 'जसरी अति सुन्दर सपना देख्दा विपनामा पाउँदैन, त्यसरी नै कामभोग पनि त्यस्तै अति सुन्दर सपनासमान दुःखदायी छ ।'

६) 'जसरी मागेको गहना, पोशाक आदि लगाएर बजारमा जाँदा असलि मालिकले देखेर माग्न आएमा दुःख हुन्छ, त्यसरी नै कामभोग पनि त्यस्तै मागिएको गहनापोशाकसमान दुःखदायी छ ।'

७) 'जसरी एउटा फल खान चाहने मानिस फल टिप्न रुखमाथि चढ्छ तर अर्को रुख चढ्न नसक्ने मानिसले फल काट्न बञ्चरोले रुख ढाल्दछ र ऊ छिटो उत्रेर आएन भने दुःख हुन्छ, त्यसरी नै कामभोग पनि त्यस्तै फल लागेको रुख समान दुःखदायी छ ।'

'यसप्रकार सांसारिक भोगलाई विभिन्न प्रकारले दुःखको कारण मानिएको छ । यसमा धेरै कमजोरी छन् । अतः यसलाई यथार्थले जानेर, प्रज्ञाले देखेर जुन एकान्तयुक्त एकान्तमा लाग्ने उपेक्षा छ, जसको लोकमा भोगको उपादान सर्वदा नष्ट हुन्छ, त्यस उपेक्षाको भावना गर्दछ । जसले त्यसलाई उछिन्न गर्छ, एकान्तवास गर्दछ, उसैले पूर्वजन्म स्मरण ज्ञान, दिव्यचक्षु ज्ञान, अनास्रव चित्त विमुक्ति ज्ञान प्राप्त गर्न सक्दछ । यसरी नै आर्यविनयमा व्यवहार उच्छेद हुनजान्छ । के तिमीले यसरी व्यवहार उच्छेद गरेका छौ ?'

'कहाँ म र कहाँ आर्यविनयको व्यवहार उच्छेद ? पहिले अनाजानीय (नीच) अन्य मतावलम्बीलाई आजानीय (उच्च) सम्झिन्थ्यौं । अनाजानीय पाहुनालाई आजानीय भोजन गराउथ्यौं । अनाजानीयलाई आजानीय स्थानमा स्थापित गर्दथ्यौं । आजानीय भिक्षुहरूलाई अनाजानीय सम्झिन्थ्यौं । आजानीय पाहुनालाई अनाजानीय भोजन गराउथ्यौं । आजानीय



Downloaded from http://www.dhamma.digital

पाहुनालाई अनाजानीय स्थानमा स्थापित गर्दथ्यौं । अब हामी अनाजानीय अन्य मतावलम्बीहरूलाई अनाजानीय भनी चिन्नेछौं, अनाजानीय भोजन दिनेछौं, अनाजानीय स्थानमा स्थापित गर्नेछौं । हामी आजानीय भिक्षुहरूलाई आजानीय भनी चिन्नेछौं, आजानीय भोजन गराउनेछौं, आजानीय स्थानमा स्थापित गराउनेछौं । अहो भन्ते ! भगवान्ले मलाई श्रमणहरूमा श्रमणप्रेम श्रमण-प्रसन्नता, श्रमण-गौरव उत्पन्न गराइदिनुभयो । यसरी पोतलिय ब्राह्मणले गल्ती महसुस गरेर भगवान्को धम्मको संघको सरणमा गयो ।

## सेल सुत्त

मज्झिमनिकाय (२/५/३) अनुसार यस्तो मैले सुनें- एक समय भगवान् १२५० भिक्षुहरूको भिक्षु महासंघसहित अंगुतरापमा चारिका गर्नुहुँदै आपण निगममा विहार गर्नुहुन्थ्यो । केणिय जटिल (जटाधारी सन्यासी) ले भगवान्को उपदेश सुनेंर प्रशन्न भएर भिक्षुसंघसहित भगवान्लाई भोलिको लागि भोजन निमन्त्रणा दिएर गयो ।

केणिय जटिल गएर आफ्नो इष्टमित्र नातेदारलाई भन्यो- 'मैले भिक्षुसंघसहित श्रमण गौतमलाई भोलिको लागि निमन्त्रणा दिएको छु । तपाईंहरू आएर सेवा गर्नुहोस् ।'

'हुन्छ' भनी सबैले सेवा गर्दै कसैले चूलो बनाए, कसैले दाउरा काट्न थाले, कसैले भाडा सफा गर्न थाले, कसैले पानी भर्न थाले, कसैले आसन बिछ्याउन थाले । केणिय जटिल स्वयं मण्डप सजाउन थाल्यो । त्यसरी भोजनको लागि तयारी गरिरहेको बेला शैल, ब्राह्मण घुम्दै केणिय जटिलकाहाँ पुग्यो । आपणको तीन वेदमा पारंगत, कवि, व्याकरण लोकायत शास्त्र तथा महापुरुष लक्षण (सामुदिक शास्त्र) मा निपुण शैल ब्राह्मण केणिय जटिलप्रति श्रद्धा राख्दथ्यो । केणिय जटिलकाहाँ भोजनको तयारी देखेर सोध्यो ? 'के यहाँ विवाह, व्रतबन्ध, महायज्ञ छ वा राजा बिम्बिसारको सवारी छ ?'

'त्यस्तो केही पनि छैन' मात्र भोलिको भोजन लागि १२५० भिक्षुहरूसहित शाक्यकुलबाट प्रव्रजित शाक्यपुत्र श्रमण गौतम आउँदै हुनुहुन्छ । जसको 'उहाँ भगवान् अर्हत...दर्शन गर्नु उत्तम हुन्छ' ख्याति फैलिरहेको छ ।

जब शैल ब्राह्मणले 'भगवान् बुद्ध' भनी शब्द सुन्यो, शब्द सुन्नासाथ विश्वास नगरेर तीन पल्टसम्म दोहऱ्याई- 'के तिमीले बुद्ध भन्यौ' भनी सोध्यो ।

केणिय जटिलले पनि 'हो बुद्ध भनिरहेछु' भनी तीनपल्ट दोहऱ्याएर त्यही जवाफ दियो ।

अन्तमा अति प्रसन्न भएर शैल ब्राह्मणले भन्यो- 'बुद्धको शब्द सुन्नमा पनि लोकमा दुर्लभ छ । हाम्रो मन्त्रअनुसार महापुरुषको बत्तीस लक्षण बताइएका छन् । जसले



Downloaded from http://www.dhamma.digital

युक्त महापुरुषको दुइ गति नै हुन्छ- १) घरमा वास गरे धर्मराज चक्रवर्ती राजा हुन्छ। २) घर त्यागे अर्हत सम्यक् सम्बुद्ध हुन्छ। 'हे केणिय ! उहाँ गौतम अर्हत सम्यक् सम्बुद्ध यस समय कहाँ हुनुहुन्छ ?'

केणिय जटिलको इशाराअनुसार नीलवनतिर प्रस्थान गर्‍यो। बाटोमा आफ्ना ३०० शिल्पहरूलाई भन्यो- 'तपाईहरू निःशब्द भएर आउनु होस्। सिंहजस्तै उहाँ भगवान् एकान्त विचरण गर्ने दुर्लभ हुनुहुन्छ। जब म श्रमण गौतमसंग कुराकानी गर्छु, तपाईंहरू बीचमा कुरा नउठाउँनु होस्। म बोलुञ्जेलसम्म चुप लाग्नु होस्।'

भगवान्‌बुद्धलाई भेटेर अभिवादन सम्मोदन गरी एक छेउ बसेर शैलब्राह्मण लक्षण शास्त्रमा निपूण भएकोले ३२ लक्षणको खोजी गर्नथाल्यो। दुइ लक्षणबाहेक सबै पायो। शैलब्राह्मणको चित्तको कुरा जानेर भगवान्‌ले योगबलले झिल्लीले ढाकिएको गुह्येन्द्रिय र अति लामा जिब्रोलाई शैलब्राह्मणले मात्र देख्ने गरी दर्शन गराइदिनुभयो। तब सम्यक् सम्बुद्ध नै हो भनी निश्चिन्त भएर बुद्धको प्रशंसा गर्दै भने 'तपाईंजस्तै ३२ लक्षण युक्त प्रतापी पुरुष त चक्रवर्ती राजा हुनसक्नुहुन्छ।'

'म राजा हुँ, अनुपमचक्र धर्मराजा हुँ।'

'कसरी तपाईं राजा हुनुभयो ? सेनापति को हो ? धर्मचक्रलाई कसले अनुचालन गर्दछ ?'

'मेरो धर्मचक्रलाई अनुजात सारिपुत्रले अनुचालिन गर्दछ। ब्राह्मण म बुद्ध हुँ। मेरो विषयको सशंय हटाऊन दुर्लभ ब्रह्मभूत, मारेसाना प्रमर्दक, अद्वितीय सम्यक् सम्बुद्धको दर्शन पाएर कृष्ण अभिजातक (दुर्गुणयुक्त) पनि सन्तुष्ठ हुन्छ।

तब बुद्धको मुखबाट नै बुद्ध भन्न लगाएर प्रशन्न भएर आफ्ना ब्राह्मण ३०० शिल्पहरूसहित शैल ब्राह्मणले प्रव्रज्या उपसम्पदा ग्रहण गर्‍यो। आयुष्मान् शैल परिषदसहित एकान्तमा प्रमादरहित, उद्योगयुक्त, आत्मनिग्रही भएर विहार गर्दै केही दिनमा नै, जसको लागि कुलपुत्र गहृत्याग गर्छन्, त्यस अनुपम ब्रह्मचर्यको अन्तलाई यसै जन्ममा साक्षात्कार गर्नुभयो। 'जन्म क्षय भयो, ब्रह्मचर्य वास पुराभयो, करणीय गरिसकें अब केही गर्नु छैन।' भनी जान्नुभयो। परिषदसहित अर्हत हुनुभयो। तब भगवान् बुद्धलाई भेटेर भन्नुभयो-

हे चक्षुमान ! आजभन्दा आठदिनअघि तपाईंको शरणमा आएं।
हे भगवान् ! तपाईंको शासनमा सातौं रातमा शान्त भएं॥
तपाईं नै बुद्ध हौ, तपाईं नै शास्ता तपाईं नै मारविजयी मुनि।
तपाईं अनुशयलाई छिन्न गरी उत्तीर्ण हुनुहुन्छ, प्रजालाई तार्दै॥
उपधि हटिसकेको छ, आस्रव तपाईंको नष्ट भइसकेको छ।
सिंहसमान भवको भिषणतारहित, उपादानरहित हुनुहुन्छ॥



Downloaded from http://www.dhamma.digital

यी तीनसय भिक्षुहरू हात जोडी उभिएका छन् ।
हे वीर ! खुट्टा फैलाउनु होस्, नागलाई वन्दना गर्दछौं ॥

भोलिपल्ट केणिय जटिलको भोजन ग्रहण गर्नुभएर निम्न गाथाद्वारा अनुमोदन गर्नुभयो ।

यज्ञमा प्रमुख अग्नि होत्र हो, छन्दमा मुख्य सावित्री हो ।
मनुष्यमा मुख्य राजा हो, नदीहरूमा मुख्य सागर हो ।
नक्षत्रमा मुख्य चन्द्रमा हो, तपाउनेहरूमा मुख्य सूर्य हो ।
इच्छितहरूमा मुख्य पुण्य हो, पूजायोग्यमा मुख्य भिक्षुसंघ हो ।

महावग्ग (६/६/६) अनुसार यस्तो मैले सुनें- प्रसन्न भएको केणिय जटिलले एक दिन दिउँसोको लागि 'के लिएर जाने ?' भनी विचार गर्‍यो । जुन यी ब्राह्मणहरूको पूर्वका ऋषिहरू, मन्त्र रच्नेहरू, मन्त्र प्रवचन गर्दथे, जसको पुरानो मन्त्रपदलाई, गीतलाई, भनिएकोलाई, समीहितलाई, आजकाल ब्राह्मण अनुगान गर्दछन्, अनुभाषण गर्दछन्, भाषितलाई भाषण गर्दछन्, वन्चन गरेकोलाई नै वाचन गर्दछन्, जस्तै- अट्ठक, वामक, वामदेव, विश्वामित्र, यमदग्नि, अंगिरा, भारद्वाज, वसिष्ठ, कश्यप, भृगु, उनीहरू रातको खाना खादैनन् । विकाल भोजन गर्दैनन् । त्यसैले दिउंसो पेयवस्तु पिउंदछन् । श्रमण गौतम पनि विकाल भोजन गर्नुहुन्न । उहाँले पनि पेयवस्तु पिउन सक्नुहुन्छ । यति विचार गरी केणिय जटिलले विभिन्न फलफूलहरूको रस तयार गरी दान दिन गयो । तर भिक्षुहरूले स्वीकार गरेन ।

तब भगवान्ले आठ प्रकारका रस लिने अनुज्ञा दिनुभयो । ती हुन्- १) जामुन २) नरिवल ३) केरा ४) आँप ५) मधु ६) अंगुर ७) सालुक (कमलको गानो) ८) फारुसक । पछि गएर खाद्यान्नको रसबाहेक सबै फलरस, ढाकपत्रबाहेक सबै पत्ररस र महुवाको फूलको रसबाहेक सबै फूलको रस पिउने अनुज्ञा दिनुभयो ।

## रोजमल्ल

महावग्ग (६/६/७) अनुसार यस्तो मैले सुनें- भगवान् पनि आपणबाट चारिका गर्नुहुँदै भिक्षुसंघसहित कुशीनारा पुग्नुभयो । कुशीनारामा जसले भगवान्को दर्शनमा जादैन उसलाई पाँचसय जरिमाना सुनाउँको हुनाले आयुष्मान् आनन्दको मित्र रोजमल्ल पनि भगवान्को दर्शन गरिसकेर आनन्दलाई भन्यो- 'मैले भगवान् बुद्धको सम्मानले दर्शन गरिनं, मात्र दण्डको डरले दर्शन गरें ।'

तब आयुष्मान् आनन्दले भगवान्लाई भन्नुभयो- 'भन्ते ! रोजमल्ल विभवसम्पन्न



Downloaded from http://www.dhamma.digital

पुरुष हो तर उसको सम्मान छैन । जसरी गर्दा ऊ धर्म विनयमा, धर्म विनयप्रति प्रसन्न हुन्छ, त्यसो गर्नुहोस् ।'

भगवान्ले उसप्रति मैत्री भावना फैलाएर आसनबाट उठेर विहार भित्र प्रवेश गर्नुभयो ।

तब मैत्रीको प्रभावले जसरी बाछाले गाईलाई खोज्छ त्यसरी नै भगवान्लाई खोज्दै हिंड्न थाल्यो । 'भन्ते ! यस समय उहाँ अर्हत सम्यक् सम्बुद्ध कहाँ विहार गर्दै हुनुहुन्छ ? म उहाँको दर्शन गर्न चाहन्छु ।'

'आवुसो । रोज, निशब्द भएर विस्तार उ परको बन्द ढोका छ त्यहाँ गएर खोकेर सिक्री खटखटाउनु भगवान्ले ढोका खोल्नुहुनेछ ।'

भगवान्लाई अभिवादन गरी एक छेउ बसेको रोजमल्ललाई भगवान्ले पछि आनुपूर्विकथा सुनाउँनुभएर 'जेजति उत्पन्न हुन्छन्, ती सब विनाश हुन्छन्' भनी ज्ञान जगाइदिनुभयो ।

तब प्रशन्न भएर भगवान्लाई अनुरोध गऱ्यो- 'भन्ते ! भिक्षुहरूले मेरै भोजन, चीवर आदि दान स्वीकार गरोस् अरुको होइन ।'

सधैं तिमीजस्ता व्यक्तिहरू आएर यस्तै भन्छन्- 'भन्ते मेरै दान स्वीकार गर्नुहोस्, अरुको होइन ।' भनी भगवान्ले सम्झाउनुभयो- 'रोज, तिमीजस्तो जसलाई अपूर्ण ज्ञानदर्शन भएको छ, उसले यस्तै भन्छ- 'मेरै भोजन, मेरै चीवर आदि दान स्वीकार गरोस् अरुको होइन । म तिम्रो पनि स्वीकार गर्छु, अरुको पनि स्वीकार गर्छु ।'

त्यस समयमा कुसीनारामा भगवान्लाई भोजन गराउन ताँती लाग्थ्यो । रोजमल्ल पनि भोजन गराउने ठाउँमा गएर हेर्दथ्यो । उसले डाक (शाग) र खाद्यपीण (अचार) नदेख्दा भगवान्संग शाग र अचार दान गर्ने अनुमति माग्यो र भगवान्ले पनि अनुमति दिनुभयो ।

### भिक्षु सुभद्र (हजाम)

महावग्ग (६/६/८) अनुसार यस्तो मैले सुनें- भगवान् कुशीनाराबाट चारिका गर्नुहुँदै आतुमा पुग्नुभयो । त्यहाँ एक वृद्धहजाम प्रव्रजित भएको थियो, जसको दुइ छोराहरू थिए । त्यस वृद्ध भिक्षुले भगवान्को लागि भोजन गराउन आफ्ना छोराहरूलाई गाउँघरमा भोजन सामाग्री जम्मा गराउन केश काट्ने काम गराउन पठायो । गाउँमा केश नकाट्नुपर्नेले पनि केश काटेर भोजन सामाग्री दान गऱ्यो, आवश्यक भन्दा बढी पनि दिन्थ्यो । भगवान्लाई भोलिपल्ट भोजन गर्न अनुरोध गऱ्यो । भगवान्ले 'यत्तिका सामान कहाँबाट ल्याएको' भनी सोध्नुहुँदा सबै कुरा बतायो । तब भगवान्ले धिक्कार्दै भन्नुभयो- 'मोघ पुरुष,



Downloaded from http://www.dhamma.digital

यो तिम्रो काम अनुचित, अप्रतिरूप, श्रमणकर्तव्यको विरुद्ध, अविहित, अकरणीय छ । कसरी तिमीले भिक्षु भएर संग्रह गर्ने काम गरायौ ?'

त्यसै समय भिक्षुहरूलाई आमन्त्रित गर्नुभएर भन्नुभयो -'भिक्षुहरू जसले निषिद्धको लागि आज्ञा दिन्छ उसलाई दुष्कृतको आपत्ति लाग्दछ । भिक्षु भएर हजामकाम गरेको सामान जम्मा गर्नु हुँदैन ।'

भगवान् चारिका गर्नुहुँदै श्रावस्ती पुग्नुभयो । त्यहाँ सबै प्रकारका खाद्य फलहरूको अनुमति दिनुभयो । त्यस समय संघको वीउलाई निजी खेतमा र निजी विउलाई संघको खेतमा छर्दथ्यो । तब भगवान्ले त्यसरी छर्दा मालिकको भाग दिएर मात्र परिभोग गर्नुपर्ने भन्नुभयो ।

## चूल हत्थिपदोपम सुत्त

अंगुत्तरनिकाय अट्ठकथा (२/४/४) अनुसार यस्तो मैले सुनें- एक समय भगवान् जेतवन विहारमा विहार गर्नुहुन्थ्यो । सर्वश्वेतघोडीको रथमा चढेर मध्यान्हमा श्रावस्ती बाहिर गइरहेको जाणुस्सोणि ब्राह्मणले पिलोतिक परिव्राजकलाई भगवान्को दर्शन गरेर आइरहेको देखेर 'भन्ते ! वात्स्यायन, तपाई यस घाममा कहाँ गएर आउँदै हुनुहुन्छ ?' भनी सोध्यो ।

'म श्रमण गौतमको दर्शन गरेर आउँदैछु ।' 'तपाई श्रमण गौतमको पण्डित्याई बुझ्नुहुन्छ ? पण्डित भन्नुहुन्छ ?'

'म को हुं र श्रमण गौतमको प्रज्ञा पाण्डित्य जानु ? भन्दै पिलोतिक परिव्राजकले भगवान्को प्रशंसा गऱ्यो । 'जसरी जंगलमा प्रवेश गरी पदचिन्ह हेरेर महाहाथी चिनिन्छ । त्यसैगरी उहाँको चार पदचिन्ह देखेर उहाँ सम्यक् सम्बुद्ध हुनुहुन्छ भनेर चिनें । ती हुन्-

१) क्षत्रिय, २) ब्राह्मण, ३) वैश्य - उहाँसंग वादविवाद गर्न पहिले नै 'यो प्रश्न गर्छु, यो जवाफ दिन्छु' भनेर तयारी भइबस्छन् । तर कसैले वाद विवाद गर्न सक्दैन । बरु श्रमण गौतमको उपेदश सुनेंर श्रावक हुन्छन् ।

४) मानिसहरू प्रव्रजित हुन्छन् र एकान्तवासी, संयमी, अल्पेक्ष, प्रमादरहित भएर विहार गर्दै अनुपम ब्रह्मचर्य फललाई प्राप्त भएर अर्हत हुन्छन् ।'

यो सुनेंर जानुस्सोणी ब्राह्मण सर्वश्वेतघोडीको रथबाट उत्रेर उत्तरासंगलाई एक काँधमा राखेर भगवान्तिर हेरेर, अञ्जलि जोडेर तीनपल्ट यो उदान भन्यो- 'नमस्कार उहाँ भगवान् अरहन्त सम्यक् सम्बुद्धलाई । के यस समय उहाँ गौतमसंग मेरो भेट हुनसक्छ ?' पछि जाणुस्सोणि ब्राह्मण भगवान्लाई भेटेर, अभिवादन, सम्मोदन गरी एकछेउ बसिसकेपछि पिलोतिकसंगको वार्तालाप बारे बतायो ।



Downloaded from http://www.dhamma.digital

तब भगवान्ले भन्नुभयो- 'यतिले मात्र भगवान्को हस्तिपद उपमा हुँदैन । जसरी अनुभवी वनचर महाजंगलमा गएर ठूलो पाइतालालाई देख्दैमा महाहात्तीराज हो भनी विश्वास गर्दैन किनकि वामकी नामक हात्तीनीको पनि ठूलो पाइताला हुनसक्छ, कालारिका हात्ती, करेणुका हात्तीको पनि हुनसक्छ । जब लामो ठूलो पदचिन्ह, ठूलो डीलडाल शरीर, लामो दाँत, अग्लो हाँगाहरू भाँचिएको देखेर मात्र यो महाहस्ति हो भनी चिन्दछ । त्यसरी नै सम्यक् सम्बुद्धको आदि मध्य अन्तमा कल्याण हुने उपदेश सुनेंर प्रव्रजित भएर दश पापबाट अलग्गिएर, एकान्तवासी भएर, अर्थवादी, धर्मवादी, विनयवादी भएर, इन्द्रिय संयमित भएर, भोजन चीवरमा अल्पक्ष सन्तोषी भएर, हिंड्डुल गर्नमा, आउने जानेमा स्मृति सम्पजन्य भएर, साराप्राणीप्रति मैत्री करुणा फैलाएर, पाँच नीवरणलाई दमन गरेर समाधियुक्त भएर, पूर्वेनिवास ज्ञान उत्पन्न गरेर, दिव्यचक्षु ज्ञान उत्पन्न गरेर पनि विश्वास गर्दैन कि उहाँ भगवान् सम्यक् सम्बुद्ध हो भनी । जब यी सारा-यो दुःख हो, यो दुःख समुदय हो, यो दुःख निरोध हो, यो दुःख निरोध गामिनी प्रतिपदा हो भनेर यथार्थ जान्दछ र जानेर आस्रवक्षय गर्दछ, तब मात्र विश्वास गर्दछ कि उहाँ सम्यक् सम्बुद्ध हुनुहुन्छ । यतिले मात्र हात्तीपद उपमा पुरा हुन्छ ब्राह्मण ।'

यति कुरा सुनेंर जाणुस्सोणि ब्राह्मणले 'आश्चर्य भन्ते...' भन्दै प्रशंसा गर्दै बुद्ध, धम्म, संघको शरणमा गएर अञ्जलिबद्ध उपासक बन्यो ।

## महाहत्थिपदोपम सुत्त

मज्झिमनिकाय (१/३/८) अनुसार यस्तो मैले सुनें- एक समय भगवान् श्रावस्तीमा अनाथपिण्डिकको जेतवन विहारमा विहार गर्नुहुन्थ्यो । आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई सम्बोधन गर्नुहुँदै भन्नुभयो- 'जसरी हात्तीको पाइतालाभित्र सारा पशुपंक्षीहरूको पाइताला अटाउँछ, त्यसैगरी चार आर्यसत्यमा सारा धर्महरू अटाउँछन् ।' चार आर्य हुन्- दुःख आर्यसत्य, दुःखसमुदय आर्यसत्य, दुःखनिरोध आर्यसत्य, दुःख निरोधगामिनी पटिपदा आर्यसत्य ।

जन्म पनि दुःख, वृद्ध हुनु पनि दुःख, मरण पनि दुःख । शोक, विलाप सन्ताप, डाह पनि दुःख । इच्छा गरेको नपाउनु दुःख । संक्षिप्तमा पञ्च उपादानस्कन्ध नै दुःख जस्तै रूप उपादानस्कन्ध, वेदना उपादानस्कन्ध, संज्ञा उपादानस्कन्ध, संस्कार उपादानस्कन्ध, विज्ञान उपादानस्कन्ध ।

पथवी, आपो, तेजो, वायो धातुहरू बनेको शरीर स्कन्धलाई नै रूप उपादानस्कन्ध भनिन्छ । आध्यात्मिक पथवी धातुमा केश, रौं, नङ, दाँत, छाला, मासु, हड्डी, मासी, मृगौला, झिल्ली, फियो, फोक्सो, सानोआन्द्रा, ठूलोआन्द्रा, लादी, मल, गिदी छन् भने आध्यात्मिक तथा बाह्य दुबै पथवी धातु न मेरो हो, न म हुँ, न मेरो आत्मा हो । कुनै समय



Downloaded from http://www.dhamma.digital

यति विशाल बाह्य पथवी धातु पनि विनाश हुन्छ भने यो क्षुद्र कायको के कुरा ? त्यसैले क्षुद्र शरीरको तृष्णामा फसेर म, मेरो, म हुँ भन्न योग्य छैन ।'

आपोधातु पनि आध्यात्मिक र बाह्य गरी दुइ प्रकारका छन् । आध्यात्मिक आपो धातुमा पित्त, खकार, पिप, रगत, पसिना, मेद, आँशु, बोसो, थुक, सिंघान, र्‍याल, पिसाप छन् । यी दुबै आपो धातु पनि म, मेरो, मेरो आत्मा हैन । कुनै समय बाह्य आपो धातु कुपितभएर बाढी आएर शहर, गाउँ बगाएर लान्छ । समुद्रको पानी पनि सुखेर जान्छ भने यो क्षुद्र कायको के कुरा ? त्यसैले क्षुद्र शरीरको तृष्णामा फसेर म, मेरो, म हुँ भन्न योग्य छैन ।'

आध्यात्मिक र बाह्य गरी दुइ तेजो धातु हुन्छन् । आध्यात्मिक तेजो धातुमा जीर्ण सन्ताप, डाह, पाचन गराउने तेजो छन् । यी दुबै पनि म, मेरो, मेरो आत्मा होइनन् । कुनै समयमा बाह्य तेजो धातु कुपित भएर जंगल सखाप गरिदिन्छ, शहर गाउँ भष्म पारिदिन्छ भने यो क्षुद्र कायको के कुरा ? त्यसैले क्षुद्र शरीरको तृष्णामा फसेर म, मेरो, म हुँ भन्न योग्य छैन ।'

वायो धातु पनि आध्यात्मिक र बाह्य गरी दुइ प्रकारका छन् । आध्यात्मिक वायो धातु हुन- उदान, अपान, पेटको, आन्द्राको, अंग्रप्रत्यग चलाउने र आश्वास प्रश्वास । यी दुबै वायो धातु पनि म, मेरो, मेरो आत्मा होइनन् । कुनै समयमा बाह्य वायो धातु कुपित भएमा शहर गाउँ उडाएर लान्छ भने यो क्षुद्र कायको के कुरा ? त्यसैले क्षुद्र शरीरको तृष्णामा फसेर म, मेरो, म हुँ भन्न योग्य छैन ।' यसरी सारा रूप स्कन्धहरू अनित्य छन् ।

जसरी काठ, घाँस, माटो मिसिएको आकाशलाई घर भनिन्छ । त्यसरी नै हड्डी, नसा, मासु, छाला आदिले घेरिएको आकाशलाई शरीर भनिन्छ । जबसम्म आध्यात्मिक चक्षु (ज्ञान) उत्पन्न हुँदैन, तबसम्म यस्तो विषयज्ञान उत्पन्न हुँदैन । जब ज्ञानचक्षु उत्पन्न हुन्छ तब विषयज्ञान उत्पन्न हुन्छ । यसैबाट पाँच उपादन स्कन्धलाई विश्लेषण गरी थाहा पाउंछ । त्यसैले भगवान्ले भन्नुभएको छ- 'जसले प्रतीत्य समुत्पादलाई जान्दछ उसले धर्मलाई जान्दछ । जसले धर्मलाई जान्दछ, उसले प्रतीत्य समुत्पादलाई जान्दछ ।' जुन यस पञ्चस्कन्धमा आशक्ति छ त्यही दुःखसमुदय हो । जसले पञ्चस्कन्धमा आशक्तिलाई हटाइसकेको छ त्यो दुःखनिरोध हो । यतिमात्र गर्नसके पनि भिक्षुहरूले धेरै गरेको हुन्छ ।

जब अरुले पीढा, क्रोध गराउँछ, दिन्छ तब भिक्षुले दुःख वेदनाको रूप उपादनस्कन्ध अनुभव गर्छ । के कारणले भनी बुझ्दा स्पर्शको कारणले र यो स्पर्श पनि अनित्य हो । यसै गरी वेदना उपादानस्कन्ध, संज्ञा उपादानस्कन्ध, संस्कार उपादानस्कन्ध, विज्ञान उपादनस्कन्ध अनित्य छन् । अनित्य बोध गर्दै चित्त स्थिर गर्दछ, विमुक्त हुन्छ । त्यस भिक्षुलाई यदि कसैले आघात प्रहार गरेमा पनि ककुचोपम सुत्त (आरीको उपमा) उपदेशअनुसार भिक्षुहरू 'यदि चोर डाँकुको दुइधारे आरीले एकएक अंगलाई काटोस् त्यसबेला पनि जसले मन दुषित गर्छ, ऊ मेरो



Downloaded from http://www.dhamma.digital

शासन अनुकूल आचरण गर्ने होइन' वीर्य, स्मृति, समाधि उपस्थित गरेर विस्मृति नभइकन सम्यक्शिक्षालाई पालन गर्दछ ।'

यसरी बुद्ध धम्म संघलाई स्मरण गर्दा पनि कुशल संयुक्त उपेक्षा उत्पन्न नभएमा संवेगलाई प्राप्त गरी उदास हुन्छ । अलाभ छ मलाई जो कि बुद्ध, धम्म र संघलाई स्मरण गर्दा पनि उपेक्षा हुँदैन । जसरी ससुरा देख्दा बुहारीलाई संविग्न हुन्छ त्यसरी त्यस भिक्षुले संविग्न हुँदाहुँदै संवेग उत्पन्न गरेर बुद्ध धम्म संघका स्मरण गर्दागर्दै कुशलयुक्त उपेक्षा उत्पन्न हुन्छ तब ऊ सन्तुष्ठ हुन्छ । यतिले आवुसो भिक्षुले धेरै गरेको हुन्छ ।

आयुष्मान् सारिपुत्रको भाषणलाई भिक्षुहरूले अनुमोदन गरे ।

### अस्सलायन सुत्त

मज्झिमनिकाय (२/५/३) अनुसार यस्तो मैले सुनें- एक समय भगवान् श्रावस्तीमा अनाथपिण्डिकको जेतवन विहारमा विहार गर्नुहुन्थ्यो । केही ब्राह्मणहरू श्रावस्तीमा आएका थिए । उनीहरूले भगवान्ले चारै वर्णको शुद्धिको शिक्षा दिन्छ, जुन ब्राह्मण धर्म विपरित छ । त्यसैले कसले भगवान्संग वादविवाद गर्नसक्छ भनी चिन्तन गर्दै भगवान्संग वाद गराउन श्रावस्तीका त्रिवेद पारंगत, पाँचौ इतिहासमा पारंगत, व्याकरण, लोकायत महापुरुष लक्षण शास्त्रमा निपूण, मुण्डित शीर, तन्देरी एक विद्वान ब्राह्मण आस्सलायनलाई अनुरोध गरे ।

आस्सलायन ब्राह्मणले भगवान् धर्मवादी हुनुभएकोले वाद गर्न सकिंदैन भनी विरोध गऱ्यो ।

तापनि अन्य ब्राह्मणहरूको जिदमा वाद गर्न भगवान्काहाँ गएर अभिवादन, सम्मोदन गरिसकेपछि भने- 'हे गौतम ! अन्य ब्राह्मण भन्दछन्- 'ब्राह्मण नै श्रेष्ठ, शुक्ल वर्ण, ब्रह्माको औरसपुत्र, ब्रह्माको मुखबाट उत्पन्न, ब्रह्मज, ब्रह्मनिर्मित, शुद्ध, ब्रह्माको दायाद हो, अब्राह्मणहरू होइनन् ।'

भगवान्ले भन्नुभयो- 'जब ब्राह्मणीहरू ऋतुमती, गर्भिणी भएर योनिद्वारा बच्चा जन्माएको देखिदा देखिंदै कसरी भन्न सक्छन् कि ब्राह्मण नै श्रेष्ठ हो ।'

'गौतम ! तपाईं त्यसो भन्नुहुन्छ तापनि ब्राह्मणहरू त्यसरी नै भन्छन् ।'

यवन (ग्रीस) र कम्बोज (ताजकिस्तान) मा आर्य (मालिक) र दास हुन्छन् । आर्य दास हुनसक्छ र दास पनि आर्य हुनसक्छ । क्षत्रिय, ब्राह्मण, वैश्य, शूद्र जसले पनि अकुशल कर्महरू गरेमा मृत्युपछि नरकमा उत्पन्न हुनसक्छ । क्षत्रिय, ब्राह्मण, वैश्य, शूद्र जसले पनि कुशल कर्म गरेमा मृत्युपछि सुगति प्राप्त गर्नसक्छ । ब्राह्मणले मात्र होइन क्षत्रिय, वैश्य, शूद्रले पनि मैत्री भावना गर्नसक्छ । चारै जातिले पनि सावुनले नदीमा



Downloaded from http://www.dhamma.digital

नुहाएर मैल पखाल्न सक्दछ। चारै जातले पनि काठबाट अग्नि उत्पन्न गर्न सक्छ र सबै अग्नि प्रज्ज्वलित नै हुन्छन्, जातको हिसाबले कमवेसी हुँदैनन्।

यदि क्षत्रिय पुरुषले ब्राह्मणीसंग सहवास गरी पुत्र उत्पन्न गरेमा ब्राह्मणीपुत्र वा क्षत्रियपुत्र भन्न सकिन्छ। त्यसै गरी ब्राह्मण र क्षत्रिनीबाट उत्पन्नलाई ब्राह्मणपुत्र वा क्षत्रिनीपुत्र भन्न सकिन्छ। तर घोडा र गधाबाट उत्पन्न भएकोलाई घोडा वा गधा भन्न सकिँदैन, खच्चड भनिने गरिन्छ। यदि जुम्ल्याहा ब्राह्मणहरूमध्ये एकजना शिक्षित र अर्को अशिक्षित भएमा शिक्षितलाई नै सम्मान गरिन्छ, अशिक्षितलाई होइन। त्यसैगरी जमुल्याहामध्ये एक शिक्षित तर दुराचारी अर्को अशिक्षित तर सदाचारी भएमा अशिक्षित भएपनि सदाचारीलाई नै सम्मान गरिन्छ।'

यसप्रकार जातभेद भए पनि कर्मले सबै समान र जातभन्दा कर्म गुण ठूलो भन्ने कुरा अस्सालयन ब्राह्मणलाई बुझाउनु हुंदा केही भन्न नसकी चुप लागिबस्यो। तब भगवान्ले भन्नुभयो- 'अतीतकालमा सात ब्राह्मण ऋषिहरू जंगलमा तपश्या गर्दथे। उनीहरूमा जातिय अभिमान थियो।

तब असित देवल ऋषि उनीहरूकाहाँ गएर 'ब्राह्मण ऋषिहरू काहाँ गए ?' भनी ठाडो सम्बोधन गऱ्यो।

ती ऋषिहरू रिसाएर असित देवल ऋषिलाई 'शूद्र भष्म होऊ' भनी श्राप दिए। तर त्यसको कुनै प्रभाव पर्नुको सट्टा जतिजति श्राप दिन्थ्यो असित देवल ऋषि उतिउति सुन्दर, दर्शनीय, प्रासादिक हुँदै जान्थ्यो।

तब सात ऋषिहरूले 'हाम्रो तप व्यर्थ छ, ब्रह्मचर्य निष्फल छ। श्राप दिएको लागेन' भने।

असित देवल ऋषिले भन्यो- 'तप व्यर्थ छैन, ब्रह्मचर्य निष्फल छैन। तिमीहरूको जुन मप्रतिको मन दूषित भयो, त्यसलाई छोडिदेओ।' सप्तऋषिहरूले असित देवल ऋषि भनी थाहा पाएर माफी मागे। पछि सम्झाउँदै भन्यो- 'के तिमीहरूलाई थाहा छ ? तिमीहरूका आमाले सात जन्मसम्म ब्राह्मणसंग नै सहवास गरिन्, अब्राह्मणसंग होइन ?'

'थाहा छैन।'

'तिमीहरूका सात पीढि जन्मका बाबाहरू ब्राह्मणीसंग मात्र सहवास गरे अरुसंग गरेनन् ?'

'थाहा छैन।'

'गर्भधारण हुनको लागि आमा बाबाको रजवीर्य एकत्र हुनुपर्छ, आमा ऋतुमती हुनुपर्छ, गन्धर्व स्थापित हुनुपर्छ। तर 'के त्यो गन्धर्व कुन जातको हुन्छ थाहा छ ?'



Downloaded from http://www.dhamma.digital

'त्यो पनि थाहा छैन ।'

'त्यसैले तिमीहरू कुन जातका हौ थाहा छ ?'

'त्यो पनि थाहा छैन ।'

'यसरी जातिवाद बारे सोध्दा सातै ऋषिहरूले जवाफ दिन सकेनन् भने अस्सालयन तिमीले जवाफ दिन के सक्छौ र ?'

यति सुनेंर अस्सालयन ब्राह्मण 'आश्चर्य भो गौतम...' भन्दै प्रशन्न भएर अञ्जलिबद्ध बौद्ध उपासक बन्यो ।

## महाराहुलोवाद सुत्त

मज्झिमनिकाय (२/२/२) अनुसार यस्तो मैले सुनें- एक समय श्रावस्तीमा अनाथपिण्डिकको जेतवन विहारमा विहार गर्नुहुँदा भिक्षाटनमा पछि लागेको राहुललाई भन्नुभयो 'राहुल जेजति रूप छन् भूत भविष्य वर्तमान र शरीरभित्रको वा बाहिरको महान्, सूक्ष्म, राम्रो, नराम्रो, नगिचको वा टाढाको ती सबै न मेरो हो, न म हुँ, न मेरो आत्मा हो भनी यथार्थ जान्नुपर्छ । यसरी वेदना, संज्ञा, संस्कार, विज्ञानलाई पनि जान्नुपर्छ ।'

तब आयुष्मान् राहुललाई 'भगवान्को उपदेश सुनेंर को आज भिक्षाटनमा जान्छ ?' भनी विचार गरी ध्यानाभ्यासको लागि रुखमुनि बस्नुभयो ।

भगवान्ले त्यो देख्नुभएर 'आनापानसति ध्यान गर । महाफलदायी हुनेछ' भन्नुभयो ।

साँझमा ध्यानबाट उठेर आयुष्मान् राहुलले भगवान्संग सोध्यो- 'भगवान् कसरी ध्यानभावना गरेमा आनापानसति महाफलदायी हुनेछ ।'

भगवान्ले भन्नुभयो- 'जति पनि शरीरभित्रको पथवी धातु छन् । जस्तै- केश, रौं, नङ, दाँत, छाला, मासु, नसा, हड्डी, मासी, मृगौला, मुटु, कलेजो, झिल्ली, फियो, फोक्सो, ठूलाआन्द्रा, सानो आन्द्रा, लादि, मल, गिदी, वा वाह्य पथवी ।'

'जति पनि भित्री आपोधातु छन्, जस्तै- पित्त खकार पिप रगत पसिना मेद, आँशु, बोसो, थूक, सिंघान, तेल, पिसाप वा बाह्य आपो धातु । जति पनि भित्री तेजो धातु छन्, जस्तै- जीर्ण, सन्ताप, परिडाह, पाचक वा बाह्य तेजोधातु ।'

'जति पनि भित्री शरीरमा वायोधातु छन्, जस्तै- उदान, अपान, पेटको, आन्द्राको, अंगप्रत्यंग चलाउने, आश्वासप्रश्वास वा बाह्य वायो धातु ।'

'जति पनि भित्र शरीरमा आकाशधातु छन्, जस्तै- कानको प्वाल, नाकको प्वाल, मुखद्वार, गुदद्वार वा बाह्य आकाश धातु छन्, ती सबै 'न म हुं', 'न मेरो हो', 'न मेरो आत्मा हो' भनी देख्नाले चित्तको विरति प्राप्त हुन्छ ।'

'राहुल, पृथ्वी, जल, अग्नि, हावासमान भावनाको भावना गर, गरेमा मनमा



Downloaded from http://www.dhamma.digital

आसक्त हुने विषयमा आसक्त हुने छैन । जस्तै- जसरी पृथ्वी, जल, अग्नि, हावामा सुची, असुची, दिसा, पिसाप, कफ, पीप, रगत, फ्यांक्दा पनि पृथ्वी, जल, अग्नि, हावालाई दुःख हुँदैन, ग्लानी हुँदैन, घुणा गर्दैन । जसरी आकाशमा कुनै वस्तुमा पनि प्रतिष्ठित हुँदैन, त्यसैगरी आकाशसमान भावना गर । मैत्रीको भावना गर, गरेमा द्वेष नाश हुन्छ । करुणाको भावना गर, गरेमा विहिंसा भावना कम हुन्छ । मुदिताको भावना गर, गरेमा अरति कम भएर जान्छ । उपेक्षाको भावना गर, गरेमा बदलाको भावना हराएर जान्छ । अशुभको भावना गर, गरेमा राग टाढिएर जान्छ ।

आनापान भावना गर्दा जंगलमा गएर वा रुखमुनि बसेर वा शून्यागारमा गएर पलेटी कसेर, शरीर सीधा राखेर, स्मृतिपूर्वक आश्वास गर्दछ, स्मृतिपूर्वक प्रश्वास गर्दछ । दीर्घ आश्वास गर्दा दीर्घ आश्वास गर्दैछु भनी जान्दछ । दीर्घ प्रश्वास गर्दा दीर्घ प्रश्वास गर्दैछु भनी जान्दछ । छोटो आश्वास गर्दा छोटो आश्वास गर्दैछु भनी जान्दछ । छोटो प्रश्वास गर्दा छोटो प्रश्वास गर्दैछु भनी जान्दछ । सबै काय प्रतिसंवेदित भएर आश्वास गरुँला भनी सिक्दछ । सबै काय प्रतिसंवेदित भएर प्रश्वास गरुँला भनी सिक्दछ । कायसंस्कार शान्त पार्दै आश्वास गरुँला भनी सिक्दछ । कायसंस्कार शान्त पार्दै प्रश्वास गरुँला भनी सिक्दछ । काय प्रतिसंवेदित शान्त पार्दै आश्वास गरुँला भनी सिक्दछ । काय प्रतिसंवेदित शान्त पार्दै प्रश्वास गरुँला भनी सिक्दछ । प्रीतिको सुख, चित्तसंस्कार अनुभव गर्दै, चित्त संस्कार दबाउँदै, चित्तको अनुभव गर्दै, प्रमूदित गर्दै, समाधान गर्दै, रागबाट विमुक्त गर्दै, अनित्य देख्दै, आश्वास प्रश्वास गर्न सिक्दछ । यसो गर्नाले अन्तिम आश्वास प्रश्वास पनि जानकारी भएर आउंछ ।'

आयुष्मान् राहुलले भगवान्को भाषणलाई अनुमोदन गऱ्यो ।

## अक्खण सुत्त

अंगुत्तरनिकाय (८/१/३/८) अनुसार यस्तो मैले सुनें- एकसमय श्रावस्तीमा अनाथपिण्डिकको जेतवन विहारमा भगवान्ले भिक्षुहरूलाई सम्बोधन गर्नुहुँदै भन्नुभयो । 'भिक्षुहरू ब्रह्मचर्यवासको लागि आठ अक्षण (समय) हुन् । जब सम्यक् सम्बुद्ध उत्पन्न हुन्छ र स्वाक्खात धर्मदेशना गर्नुहुन्छ तब कोही प्राणी-

१) नरक

२) पशुयोनी

३) प्रेतलोक

४) कुनै दीर्घायु देवलोक

५) दुर्गम स्थान, जहाँ भिक्षुभिक्षुणी, उपासक उपासिकाहरूको गति छैन ।



Downloaded from http://www.dhamma.digital

६) मध्यम जनपदमा जो नरनारी पुण्यकर्मको फल छैन आदि भनी मिथ्या धारणा राख्दछ ।

७) मध्यम प्रदेशका दुष्प्रज्ञ भई जन्म हुन्छ ।

८) मध्यम प्रदेशमा उत्पन्न नभएको तर प्रज्ञावान हुन्छ । उनीहरूले सम्यक् सम्बुद्धको स्वाक्खात धर्मको कुनै फाइदा उठाउन सक्दैन । त्यसैले यी सात धर्म प्राप्तिको लागि अक्षण हुन् ।

त्यसैगरी जब सम्यक् सम्बुद्ध उत्पन्न हुन्छ र स्वाक्खात धर्मदेशना गर्नुहुन्छ तब कोही मध्यप्रदेशमा उत्पन्न भएर पनि प्रज्ञावान हुन्छ, तर उसले स्वाक्खात धर्मबाट फाइदा उठाउन सक्छ, त्यसैले त्यो ब्रह्मचर्यवासको लागि एउटै मात्र क्षण (समय) हो ।'

## पोट्ठपाद सुत्त

दीघनिकाय (१/९) अनुसार यस्तो मैले सुनें- एक समय भगवान् श्रावस्तीमा अनाथ पिण्डिकको जेतवन विहारमा विहार गर्नुहुन्थ्यो । त्यससमय समय प्रवादक (विभिन्न मतालबवी बस्ने स्थान) एकसालक (ठूलो टहरा) मल्लिका रानीको आराम तिन्दुकाचीरमा बस्ने पोट्ठपाद परिव्राजकलाई भगवान्ले एकदिन भेट्न जानुहुँदा पोट्ठपाद परिव्राजक राजकथा, चोरकथा, महात्म्यकथा, सेनाकथा, भयकथा, युद्धकथा, यानकथा, मालाकथा, ज्ञातिकथा, ग्रामकथा, निगमकथा, नगरकथा, जनपदकथा, स्त्रीकथा, सुरकथा, विशिखा (चौबाटो) कथा, कुम्भस्थानकथा, पूर्वप्रेतकथा, नानात्वकथा, लोक आख्यायिकाकथा, समुद्र आख्यायिकाकथा, इति भवाभवकथा आदि अनेक निरर्थककथाहरू ठूलो परिव्राजक परिषद बीच नाद गर्दै, हल्ला गर्दै, सुनाउँदै बसिरहेको थियो । पोट्ठपादले भगवान्लाई देखेर, परिषदलाई चुप लगाएर भगवान्संग भन्यो- 'आउनु होस् भन्ते ! स्वागत छ, चिरकालपछि यहाँ आउनुभयो । बस्नुहोस्, आसन बिछ्याइएको छ ।'

भगवान् आसनमा बस्नुभएपछि पोट्ठपादले होचो आसन लिएर बस्यो । भगवान्ले सोध्नुभयो- 'के कुराकानी भइरहेको थियो ?'

'छोडिदिनु होस् भन्ते ! यस्ता कथा पछि पनि सुन्न दुर्लभ हुँदैन 'एकपल्ट नाना तिर्थियहरूले अभिसंज्ञा निरोधबारे छलफल गर्दा विभिन्न विरोधी विचार व्यक्त गरे । जस्तै- कसैले भन्थे- 'विनाकारण नै संज्ञा उत्पन्न हुन्छ, निरुद्ध हुन्छ । त्यसबेला ऊ संज्ञारहित (असंज्ञी) हुन्छ ।' कसैले भन्थे 'संज्ञा पुरुषको आत्मा हो, आउँछ पनि जान्छ पनि । जहिले आउंछ त्यसबेला संज्ञी हुन्छ, जुनबेला जान्छ त्यसबेला असंज्ञी हुन्छ ।' कसैले भन्थे- 'कोहीकोही श्रमण ब्राह्मण ऋद्धिवान हुन्छ, उसैले पुरुषको संज्ञा राख्दछ र निकाल्दछ पनि ।



Downloaded from http://www.dhamma.digital

संज्ञा राख्दा ऊ संज्ञी हुन्छ, निकाल्दा असंज्ञी हुन्छ।' कसैले भन्थे- 'कोही ऋद्धिवान देवताले संज्ञा पुरुषमा राख्दछ, निकाल्दछ।' त्यसबेला मलाई भगवान्‌को स्मरण भयो। अवश्य उहाँ सुगत हुनुहुन्छ, जो यी धर्महरूमा चतुर हुनुहुन्छ।

त्यसैले भगवान् अभिसंज्ञा निरोध कसरी हुन्छ बताइदिनु होस्।'

'पोट्ठपाद सम्यक्‌सम्बुद्ध उत्पन्न भएर स्वाक्खात धर्मको देशना गरेको सुनेंर कोही कुलपुत्र प्रव्रजित भएर अकुशल कर्मबाट अलग भएर शीलवान हुन्छ, नीवरणहरू दमन गरेर प्रथम ध्यान आदि समाधि प्राप्त हुन्छ। यसरी समाधि प्राप्त हुँदा कुनै संज्ञा उत्पन्न हुन्छ कुनै संज्ञा निरुद्ध हुन्छ। जस्तै- प्रथमध्यानमा कामसंज्ञा निरुद्ध हुन्छ, सूक्ष्म विवेकज संज्ञा उत्पत्ति हुन्छ। द्वितीय ध्यानमा सूक्ष्म विवेकज संज्ञा निरोध हुन्छ। प्रीति सुखज संज्ञा उत्पत्ति हुन्छ। तृतीय ध्यानमा प्रीतिसुखज संज्ञा निरुद्ध हुन्छ, उपेक्षा सुख संज्ञा उत्पन्न हुन्छ। चतुर्थध्यानमा उपेक्षा सुख संज्ञा निरुद्ध भएर असुख, अदुःख उपेक्षा संज्ञा उत्पत्ति हुन्छ। आकाशानन्त्यायतनमा रूपसंज्ञा निरुद्ध भएर आकाशानन्त्यायतन संज्ञा उत्पत्ति हुन्छ। विज्ञानन्त्यायतनमा आकाशानन्त्यायतन संज्ञा निरुद्ध भएर विज्ञानन्त्यायतनसंज्ञा उत्पत्ति हुन्छ। आकिञ्चन्यायतनमा विज्ञानन्त्यायतन संज्ञा विरुद्ध भएर आकिञ्चन्यायतन संज्ञा उत्पत्ति हुन्छ।

किनकि पोट्ठपाद भिक्षु स्वकसंज्ञी (आफूमा संज्ञा ग्रहण गर्ने) हुन्छ। ऊ एकपछि अर्को श्रेष्ठतर संज्ञा प्राप्त गर्छ, त्यसमा स्थित भएर विचार गर्छ- 'चिन्तन नगर्दा अझ श्रेष्ठत्तर संज्ञा उत्पत्ति हुन्छ त्यसैले चिन्तन गर्दिन, अभिसंस्करण गर्दिन।' चिन्तन नगर्नाले पहिलो संज्ञा नाश भएर अर्को संज्ञा उत्पन्न हुँदैन। यसरी नै अभिसंज्ञा निरोध संप्रज्ञात समाधि हुन्छ।'

'के संज्ञाग्र एउटै हुन्छ कि अलग अलग ?'

एउटै संज्ञाग्र र अलग अलग संज्ञा पनि छन्। जसैजसै निरोधलाई प्राप्त हुन्छ त्यसैत्यसै संज्ञाग्र हुन्छ।

'संज्ञा पहिले उत्पन्न हुन्छ कि ज्ञान पहिले ?'

'संज्ञा पहिले उत्पन्न हुन्छ र पछि ज्ञान। त्यसकारणले 'मेरो ज्ञान उत्पत्ति भयो' भनी थाहा पाउँदछ। त्यसैले संज्ञाको कारणले ज्ञानको उत्पत्ति हुन्छ।'

'भन्ते, आत्मालाई स्थूल रूप, कबलिंकार आहारबाट उत्पन्न चारमहाभूत, मनोमय इन्द्रियहीन, रूपरहित संज्ञामय मान्दछ।'

'यदि आत्मा स्थूल रूपवान, कवलिंकार आहार सेवन गर्ने वा मनोमय, इन्द्रिययुक्त वा रूपरहित संज्ञामय भए तापनि आत्मा अलग र संज्ञा अलग नै हुनेछ।'



Downloaded from http://www.dhamma.digital

'पोट्ठपाद १) लोक नित्य छ कि अनित्य २) शाश्वत छ कि अशवाश्वत ३) अन्तवान कि अनन्तवान ३) जीव र शरीर एउटै हो कि अलग ५) मृत्युपछि तथागत रहन्छ कि रहँदैन ? आदि विषयहरूलाई अब्याकृत भनेको छुं । किनकि यी विषयको चिन्तनले न धर्म, न ब्रह्मचर्य, न विराग, न निरोधको लागि हुन्छ । बरु दुःख छ, दुःख समुदय, दुःख निरोध, दुःख निरोधगामिनी पटिपदालाई व्याकृत भनेको छुं । किनकि यसैबाट निर्वेद, विराग, अभिज्ञा, संबोधि, निर्वाण निरोधसम्म प्राप्त हुन्छ ।

'यस्तै हो भगवान्, यस्तै हो ।'

त्यसपछि भगवान् उठेर जानुभयो । तब अन्य परिव्राजकहरूले 'भगवान्ले जेजे भन्छ त्योत्यो अनुमोदन गर्छ' भनेर टोक्न थाले । तब पोट्ठपादले भन्यो 'म पनि भगवान्को भनाईमा एकजस्तो देख्दिन । तापनि श्रमण गौतम यथार्थमा स्थित भएर धर्म नियामक प्रपिदलाई बताउनुहुन्छ । तब मजस्तो विद्धानले उहाँको सुभाषितलाई सुभाषित भनेर किन अनुमोदन नगरुँ ?'

दुइतीन दिनपछि चित्तहत्थि सारिपुत्र र पोट्ठपाद परिव्राजक भगवान्काहाँ गएर त्यसदिन भएको घटना बतायो ।

तब भगवान्ले भन्नुभयो- 'अन्य परिव्राजक ज्ञानचक्षुरहित छन्, तिमीमात्र चक्षुमान छौ । आत्मा अरोग एकान्तसुखी हुन्छ भन्नेहरूलाई 'के तिमीहरू एकान्त सुखी लोकलाई जान्दछौं ? देख्दछौं ? विहार गर्दछौं ? वा एक दिन वा एक रात पनि एकान्त सुखयुक्त आत्मालाई जान्दछौं, वा यस्तो कुनै प्रतिपदा जान्दछौ, जसले एकान्त सुखयुक्त लोकको साक्षात्कार गर्दछ ? वा यस्तो कुनै देवता जान्दछौं जो एकान्त सुखयुक्त लोकमा उत्पन्न भएको छ ?' भनी सोध्दा 'जान्दिन, जान्दिन' भनेर मात्र जवाफ दिन्छ । त्यसैले आत्मा अरोग एकान्त सुखयुक्त हुन्छ भन्नेहरू कस्ता हुन्छन् भने-कसैले एक काल्पनिक सुन्दरीको चाहना गरेर पागलजस्तै भएकोलाई विवाह गराइदिने उद्देश्यले आफन्तहरूले 'ऊ काली गोरी, कुन टोल, नगरकी, कस्की छोरी, के नाम, गोत्रकी' भनी सोध्दा 'थाहा छैन' भन्छ । त्यस्तै काल्पनिकवादी हुन्छन् । जसरी बीच चौबाटोमा सीढी बनाउने मानिसलाई 'तिम्रो भवन काहाँ छ ? पूर्व, पश्चिम, उत्तर, दक्षिण कुन दिशातिर छ ?' भन्दा 'थाहा छैन' भनी जवाफ दिएझैं काल्पनिक हो ।

तीनप्रकारका आत्म प्रतिलाभ (शरीर ग्रहण) छन् ।

१) रूपवान, चार महाभूतले बनेको कवलिंकार आहार खाने, स्थूल आत्म प्रतिलाभ

२) रूपी, मनोमय सर्वआहार सर्व अंगप्रत्यंग, इन्द्रिययुक्त मनोमय आत्म प्रतिलाभ,

३) अरूपी संज्ञामय अरूप आत्म प्रतिलाभ ।



Downloaded from http://www.dhamma.digital

म तीनै आत्म प्रतिलाभबाट छुटकारा पाउने उपदेश दिन्छु । जसरी भवनमा माथिल्लो तल्लाको ठीक मुनि सीढी बनाउने मानिसलाई सोध्दा- तिम्रो भवन पूर्व, पश्चिम, उत्तर, दक्षिण कुन दिशामा छ ? भनी सोधेमा उसले देखाउन सक्छ। उसको भनाई प्रमाणित हुन्छ। त्यसरी नै आत्म प्रतिलाभको छुटकाराको उपदेश दिन्छु ।

जुन समय स्थूल शरीर परिग्रह हुन्छ, त्यसबेला मनोमय शरीर परिग्रह हुँदैन, न अरूप शरीर परिग्रह भन्न सकिन्छ। जस्तै दूधबाट दही, दहीबाट नौनी, नौनीबाट घ्यू हुन्छ। दूध भएको समय दही आदि छैन् । दही भएको समयमा दूध, नौनी आदि नाम हुँदैन ।

यति सुनेंर पोट्ठपाद परिव्राजकले भगवान्को भाषण अभिनन्दन गरेर उपासक मात्र बन्यो भने चित्तहत्थि सारिपुत्र भगवान्बाट उपसम्पदा प्राप्त गरेर केही समयमा अरहन्त लाभ गऱ्यो ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# १५ औं वर्षावास
## कपिलवस्तुमा
(वर्ष ४९ - बु.स.पूर्व ३१)

**तेविज्ज सुत्त**

दीघनिकाय (१/१३) अनुसार यस्तो मैले सुनें- एक समय भगवान् कोशल राज्यको मनसाकट ब्राह्मण गाउँको उत्तरतर्फ रहेको अचिरवती नदीतीरको आम्रवनमा विहार गर्नुहुन्थ्यो । त्यससमय मनसाकटमा धेरै अभिज्ञात ब्राह्मण महाशाल (महाधनपति) हरू बस्दथे, जस्तै- चंकि ब्राह्मण, तारुक्ख ब्राह्मण, पोक्खरसाति ब्राह्मण, जानुस्सोणि ब्राह्मण, तोदेय्य ब्राह्मणहरू । एक दिन पोष्करसातिको शिल्प वशिष्ठ र तारुक्खको शिल्प भारद्वाजबीच छलफल भयो ।

'ब्रह्म सलोकताको लागि पोष्करसातिको मार्ग ठीक छ' वशिष्ठले भन्यो तर भारद्वाजले भन्यो- 'होइन, तारुक्खको मार्ग ठीक ।'

यसरी वशिष्ठ र भारद्वाज ब्राह्मणहरू आपसमा छलफल गर्दा निर्णय गर्न नसकेर समाधानको लागि भगवान्काहाँ आएर भन्यो- 'मार्ग अमार्गको लागि एतरेय ब्राह्मण, तैत्तिरीय ब्राह्मण, छन्दोग ब्राह्मण, छन्दवा ब्राह्मण, ब्राह्मचर्य ब्राह्मण आदि ब्राह्मण ग्रन्थहरूमा विभिन्न मार्ग बताए तापनि अन्तमा ब्रह्मको सलोकतामा नै पुऱ्याउँछ ।'

'के तीन वेदमा पारंगत भएका एक मात्र ब्राह्मण वा आचार्य, आचार्य वा सातौं पीढीमा पूर्वज, मन्त्रकर्ताहरू जस्तै- अट्ठक, वामदेव वामक, विश्वामित्र, दमदग्नि, अंगिरा, भारद्वाज, वाशिष्ठ, कश्यप, भृगु छन्, जसले भनेको छ कि जहाँ ब्रह्म छ, जोसंग ब्रह्म छ, जुन विषयमा ब्रह्म छ, त्यस विषयमा हामी जान्दछौं, हामीले देखेका छौं वा अन्य कोही छ कि जसलाई ब्रह्म सलोकता प्राप्त छ ?' भनी सोध्नुभयो ।

'छैन, छैन' मात्र भनेकोले, कसैले पनि आजसम्म ब्रह्मालाई नदेखेको प्रमाणित भयो ।

तब भगवान्ले भन्नुभयो- 'ब्रह्म सलोकता भनेको त अन्धहरूको एक ताँतीहरू, जसमा अगाडिकोले पनि देख्दैन, पछाडिकोले पनि देख्दैन, बीचका कसैले पनि देख्दैनन् तैपनि एक सुन्दर गन्तब्यको कल्पना गर्दै प्राप्तिको लागि हिंडिरहेझै हो, जुन तुच्छ र बकवास मात्र हो ।'

'चन्द्र सूर्य प्रत्यक्ष दर्शन भएर पनि त्यहाँ पुग्ने मार्ग कुनै त्रैविध ब्राह्मण वा उसको



Downloaded from http://www.dhamma.digital

आचार्य प्राचार्य वा मन्त्रकर्ता पूर्वजहरूले वा कुनै ब्राह्मण ग्रन्थमा देखाउन सक्दैनन् भने कसरी आँखाले नदेखिनेलाई प्राप्तिको मार्ग बताउनसक्छ ?'

जसरी कुनै पुरुषले काल्पनिक जनपद कल्याणी (सुन्दरतम स्त्री) लाई चाहंदा उसबारे सोध्दा 'केही पनि थाहा छैन' भनी जवाफ दिएझै ब्रह्मा सलोकता पनि तुच्छ, बकवास मात्र हो । जस्तै चौबाटोमा सीढी बनाओस् ...वा कसैले नदीवारि बसेर पारि किनारलाई 'हे पारि किनार यता आऊ, मलाई पार जानु छ' भन्दा किनार वारि आउँदैन, उसको चाहना, प्रार्थना, स्तुति व्यर्थ र बकवास मात्र हुन्छ त्यसरी इन्द्रको, ईशानको, प्रजापतिको, ब्रह्माको, महिर्द्धिको, यमको आह्वान गर्नु व्यर्थ छ । नदीपार जाने व्यक्तिले जबसम्म आफूलाई डोरीले वारितीरमा बाँधेर राख्दछ तब सम्म पार तर्न खोज्दा पार तर्न सक्दैन, त्यसरी नै पञ्चकामगुणमा आसक्त भएसम्म ब्रह्म सलोकता सम्भव छैन । जसरी वारितीरमा पल्टेर पारितीर आउँदैन त्यसरी नै पञ्च नीवरणको दास भएसम्म ब्रह्म सलोकता सम्भव छैन ।'

पूर्वज ब्राह्मणअनुसार ब्रह्मा अपरिग्रह, अब्यापाद, असंक्लिेष्ट, वंशवर्ती छन् तर त्रैविद्य ब्राह्मणहरू सपरिग्रह सव्यापाद संक्लिष्ट अवशवर्ती छन् । त्यसैले यिनीहरूको सलोकता सम्भव छैन । ब्राह्मणहरूको त्रिविद्यालाई मरुभूमि, जंगल आफत पनि भनिन्छ र यस्तामा फसेर ब्रह्म सलोकता प्राप्त हुँदैन ।'

तब वाशिष्ठ ब्राह्मणले 'के भगवान्ले पनि ब्रह्म सलोकताको मार्ग जान्नुभएको छ ?' भनी सोध्यो ।

भगवान्ले भन्नुभयो- 'कुनै शहरमा जन्मेका बच्चा वृद्धहरूलाई आफ्नो शहरको मार्ग बताउनुपरेमा ढीलो हुनसक्छ तर तथागतलाई ब्रह्म सलोकता बारे बताउन ढीलो र अप्ठ्यारो पर्दैन ।'

'तथागत उत्पन्न भएर स्वाक्खात धर्मदेशना गरेको सुनेर मानिस भिक्षु भएर शीलसम्पन्न हुन्छ, प्रत्ययमा सन्तुष्ठ, पाँच नीवरणबाट मुक्त, चित्त एकाग्र भएर, मैत्री भावना गर्दै अपरिग्रह, अब्यापाद, अबेर, वशवर्ती चित्त भएर ब्रह्म सलोकता प्राप्त गर्दछ ।'

तब भारद्वाज र वाशिष्ठ दुबैले अञ्जलिबद्ध शरणागत उपासकत्व ग्रहण गरे ।

### अम्बट्ठ सुत्त

अत्वरित चारिकाको क्रममा दीघनिकाय (१/३) अनुसार यस्तो मैले सुनें- एक समय भगवान् कोशल राज्यको इच्छानंगल ब्राह्मण गाउँको वनखण्डमा विहार गर्नुहुँदा जनाकीर्ण, तृणकाष्ठ, उदक, धान्यसहित कोशल राजा प्रसेनजितद्वारा दत्त, राजभोग्य, राजदायज, ब्रह्मदेय उकट्ठको स्वामी ब्राह्मणहरूमा प्रकाण्ड विद्वान पोष्करसाति ब्राह्मणले



Downloaded from http://www.dhamma.digital

पाँचौ इतिहास, व्याकरण, लोकायत शास्त्रमा पारंगत, आफूसमान विज्ञ आफ्ना शिल्प अम्बट्ठलाई 'भगवान्को कीर्ति फैलिएको सही हो कि होइन हेरेर आऊ' भनेर बत्तीस लक्षण बारे स्पष्टहुने गरी प्रकाश पाऱ्यो ।

अम्बट्ठले गएर भगवान् बसिरहनु हुँदा भगवान्संग उठीउठी पनि सोध्दथ्यो, भगवान् हिंड्डुल गर्नुहुँदा पनि सोध्दथ्यो ।

तब भगवान्ले सोध्नुभयो- 'के तिमी आफ्ना आचार्य, वृद्धहरू, सम्मानीयहरूसंग यसरी नै कुरा गर्छौ ?'

'ठूला ब्राह्मणहरूसंग बस्दा बसेर, उठ्दा उठेर, पल्टिंदा पल्टेर कुराकानी गर्न सकिन्छ । तर मुण्डक श्रमण, इब्भ (नीच), काले, ब्रह्माको पाइतालाबाट उत्पन्न भएको संग यसरी नै कुराकानी गरिन्छ, जसरी तपाईं गौतमसंग ।'

'अम्बट्ठ ! तिमी कुनै अभिप्रायले आएको छौ । अभिप्रायअनुसार नै मनमा लिनुपर्छ । तिमीले गुरुकुलमा बास नगरिकन नै गुरुकुलको अभिमान गर्दछौ ।'

'गुरुकुलमा बास नगरेको' भन्ने सुनेर कुपित, असन्तुष्ठ भएर अम्बट्ठले भन्यो- 'शाक्य जाति चण्ड, क्षुद्र, बकवादी, नीच हुनाले ब्राह्मणको सम्मान गर्दैनन् ।'

'अम्बट्ठ शाक्यहरूले तिम्रो के विगार गऱ्यो ?'

'एकपल्ट आचार्य पौष्करसातिसंग कपिलवस्तुमा जाँदा संस्थागारमा कसैले पनि मलाई आसनको लागि पनि भनेन, आपसमा हाँसिरहेका थिए मानौं मलाई खिसी गरिरहेका थिए ।'

'ससाना चराहरू पनि आफ्नो गुँडमा स्वच्छन्द अलाप गर्छन् भने कपिलवस्तु शाक्यहरूको आफ्नो घर हो ।'

'गौतम' क्षत्रिय, ब्राह्मण, वैश्य, शूद्र यी चार जातमध्ये अन्य तीन जात ब्राह्मणका सेवक नै हुन् । त्यसैले शाक्यहरूले मप्रति गरेको व्यवहार अयुक्त हो ।' आफूलाई उच्च बनाउँदै शाक्यहरूप्रति नीचताको लाञ्छना लाएपछि भगवान्ले 'तिम्रो गोत्र के हो ?'भनी सोध्नुभयो ।

अम्बट्ठले 'कृष्णायन' भनी बतायो ।

'अम्बट्ठ ! तिम्रो पुरानो गोत्रअनुसार शाक्य आर्य (मालिक) पुत्र हुन्छन् र तिमी शाक्यहरूको दासपुत्र । अम्बट्ठ, पूर्वकालमा शाक्यहरूको पितामह इक्ष्वाकु राजा ओक्काकले आफ्नी कान्छीरानीको छोरालाई राज्यभिषेक गराउने उद्देश्यले जेठीरानीको छोराहरू ओक्कामुख, करण्डु, हत्थिविक र सिनीसूरलाई देश निकाला गरे र उनीहरू हिमालयनगिच शाकवन (सखुवा) मा बास गर्न थाले । जात बिग्रने डरले आफ्नी बहिनीहरूसँग विवाह गरे । यो समाचार सुनेर इक्ष्वाकु राजा ओक्काकले **सक्य भो कुमारो** अर्थात् 'अहो, कुमारहरू शाक्य



Downloaded from http://www.dhamma.digital

(सामर्थ्य) छन्, महाशाक्य छन्' भनी प्रशंसा गऱ्यो । तब यसैबाट उनीहरूलाई शाक्य भनिन् थालियो ।

यिनै इक्ष्वाकु राजाको दिशा नामकी दासी थिईन् । उसले छोरा जन्माइन् । जन्मिने वितिक्कै बच्चाले 'आमा मलाई धोऊ, नुहाइदेऊ । यस फोहर (अशुचि) बाट मलाई मुक्त गराउनु, म तिम्रो काममा लाग्नेछु' भन्यो । त्यसबेला पिशाचलाई कृष्ण भनिन्थ्यो । त्यसैले 'जन्मिँदैमा कुरा गऱ्यो' भनेर उसको नाम कृष्ण राख्यो । उसैबाट कृष्णायन सन्तानहरू भए । त्यसैले शाक्यहरू आर्य (मालिक) पुत्र हुन् भने कृष्णायन दासीपुत्र हुन् ।

यसो भन्दा अम्बट्ठसँग आउने ब्राह्मणहरूले अम्बट्ठलाई दासीपुत्र दुर्जात भनी आलोचना गर्न थाले । अरु ब्राह्मणलाई रोक्नुंहुँदै भगवान्ले भन्नुभयो- 'अम्बट्ठ ! तिमीमाथि धर्मसंकटको प्रश्न आएको छ । मन नपरे तापनि जवाफ दिनुपर्छ । यदि नदिएमा तिम्रो टाउको सातटुक्रा हुनेछ । के तिमीले आफ्ना बृद्ध ब्राह्मण, आचार्य प्राचार्यहरूबाट सुनेंका छौ कि कहिलेदेखि कृष्णायन भयो ? तिमीहरूको पूर्वपुरुष को थियो ?'

जब अम्बट्ठ नबोली घुसेमुन्टो लगाएर बसिरह्यो, तब वज्रपाणि यक्षले आदीप्त मुंग्रो लिएर अम्बट्ठको माथि आकाशमा उभिरह्यो- 'यदि अम्बट्ठले जवाफ नदिएमा टाउको सातटुक्रा पारिदिनेछु' भन्ने विचारले । त्यो देखेर रोमाञ्चित हुँदै, भयभित हुँदै अम्बट्ठले भन्यो- 'यस्तै हो गौतम ! जसरी तपाईले भन्नुभयो त्यसरी नै कृष्णायन भयो र दासीपुत्र कृष्ण नै कृष्णायनहरूको पूर्वपुरुष हो ।'

यसो भन्नासाथ अन्य ब्राह्मणहरूले फेरि आलोचना गर्न थाल्यो ।

तब भगवान्ले सबैलाई रोकेर भन्नुभयो 'त्यसबेला कृष्ण महान्ऋषि थियो, दक्षिण देशमा गएर ब्राह्मणमन्त्र सिकेर इक्ष्वाकु राजासँग क्षुद्ररूपी कन्या माग्न आयो । इक्ष्वाकु राजाले 'अरे यो मेरी दासीको छोरा भएर पनि क्षुद्ररूपी कन्या माग्दछ ।' भनेर रिसाएर वाण चढायो । तर त्यस वाणलाई न छोड्न सक्दथ्यो न राख्न नै सक्दथ्यो । तब अमात्य भारदारहरूले कृष्ण ऋषिकाहाँ गएर भने- 'भदन्त ! राजाको मंगल होस् ।'

'राजाको मंगल हुने छ यदि राजाले तलतिर वाण छोडेमा । तर जति राजाको राज्य छ त्यो विदीर्ण हुने छ ।'

'भदन्त ! राजाको, जनपदको मंगल होस् ।'

'राजाको, जनपदको मंगल हुनेछ, यदि राजा मास्थिर वाण छोडेमा तर जहासम्म राजाको राज्य छ त्यहाँ सातवर्षसम्म वर्षा हुने छैन ।

'भदन्त ! राजाको, जनपदको मंगल होस् ।'

'राजाको, जनपदको मंगल हुनेछ, वर्षा पनि हुने छ, यदि ज्येष्ठ छोरामा वाण



Downloaded from http://www.dhamma.digital

छोडेमा । तर ऊ तालुखुइले हुनेछ ।’

‘राजाले वाण ज्येष्ठ छोरामाथि छोड्यो । ज्येष्ठ छोरा स्वस्तिसहित तालुखुइले भयो । त्यस ब्रह्मदण्डदेखि भयभीत उद्विग्न, रोमाञ्चित, लज्जित भएर इक्ष्वाकु राजाले ऋषिलाई कन्यादान दियो । त्यसैले अम्बट्ठलाई आलोचना नगर ।’

‘एक ब्राह्मण र क्षत्रिनी वा एक ब्राह्मणी र क्षत्रियसँगको सहवासबाट उत्पन्न सन्तानलाई ब्राह्मणहरू सम्मान नै गर्छन् । त्यसैले पनि क्षत्रिय श्रेष्ठ छ ब्राह्मण हीन । मुण्डन गरेर, कोर्राले हिर्काएर, देश निकाला गरेको ब्राह्मणलाई सम्मान गरिँदैन, श्राद्ध, यज्ञमा पाहुना बनाउँदैन, मन्त्र पढाउँदैन, स्वास्नी पाउनमा बाधा हुन्छ । तर देशनिकाला गरेको क्षत्रियलाई ब्राह्मणहरूले श्राद्ध, यज्ञमा पाहुना पनि बनाउंछ, मन्त्र पनि पढाउँछ, स्वास्नी पाउनमा बाधा पनि हुँदैन । यसरी ब्राह्मणबाट क्षत्रियले सम्मान पाउने हुनाले क्षत्रिय नै श्रेष्ठ र ब्राह्मण हीन हुन् । त्यसैले सनत्कुमार ब्रह्माले पनि भनेको छ-

मनुष्यहरूमा क्षत्रिय श्रेष्ठ छ, जातपात मान्नेहरूको लागि ।<br>
विद्या र आचरणसम्पन्न बुद्ध, ऊ देवमनुष्यहरूमा श्रेष्ठ छ ॥

‘तर जो जातिवाद, गोत्रवाद, मानतावादमा बाँधिएको हुन्छ ऊ विधा र आचरणबाट टाढा रहन्छ । जो भिक्षु शीलसम्पन्न भएर प्रथम ध्यानादि समाधि लाभ गर्छ, त्यसलाई आचरण भनिन्छ । दिव्यचक्षु, पूर्वेनिवास, आश्रवक्षय ज्ञानहरूलाई विद्या भनिन्छ ।’

विद्या आचरणयुक्त नभएर- १) फलमूलाहारी २) कन्दमूलाहारी ३) अग्नि परिचर्या ४) आगारिक हुनु चार अपायमुख (विघ्न) हुन् । यी अपायमुख पनि तिमी र तिम्रा आचार्यलाई प्राप्त छैन भने कहाँ विद्या आचरण युक्त हुनु । अतः ऋषिगुणयुक्त नै नभएकोले मेरो बारे त्यस्तो सशंययुक्त भएर व्यहार गर्नु उचित छैन ।’

‘अम्बट्ठ ! तिम्रो आचार्य पोष्करसाति राजाले दिएको खान्छ तर उसलाई राजा प्रसेनजितले दर्शन पनि दिँदैन । भेट्नुपर्दा पर्दालाएर कुराकानी गर्दछ, (ब्राह्मण पोष्करसातिलाई सम्मोहन जादु आउँथ्यो । त्यस डरले राजाले प्रत्यक्ष कुराकानी गर्दैन्थ्यो ।) त्यस्तो आचार्यले सिकाएअनुसार भन्छौ- ‘कहाँ इब्भ (नीच) कालो, खुट्टाबाट उत्पन्न मुण्डकसंग त्रिवेद ब्राह्मणसंगको साक्षात्कार ?’

तिम्रा पहिलेका ऋषिहरू तिमीहरूजस्तै-

१) सुस्नात, सुविलिप्त, अंगराग लाएको, केश जुंगा सजाएको, मणिकुण्डल आभरणले सज्जित, श्वेतवस्त्रधारी, पञ्चकामगुणमा लिप्त, स्त्रीहरूसंग घेरिरहनेझैं थिएनन् ।

२) शुद्ध शालिका भात, मासुको कालिमारहित दाल, अनेक प्रकारका तरकारीसहित भोजन गर्दैनथे ।



Downloaded from http://www.dhamma.digital

३) श्रृंगारिएकी, लुगा लगाएकी स्त्रीहरूसंग रमन गर्दैनथे ।

४) डण्डा, कोर्राले घोडालाई पिट्दै घोडाको रथमा चढ्दैनथे ।

५) कुंदिएका काष्ठघर बनाएर, पाले पहरा राखेर रक्षित भएर बस्दैनथे ।

त्यसैले तिम्रा आचार्यसहित न तिमी ऋषि हौ न ऋषित्व मार्गमा आरुढ छौ । त्यसले मेरो विषयमा आलोचना गर्नु ठीक छैन । संशय भए प्रश्न गर, शंका निवारण गर्नेछु ।'

यति भनेर भगवान् चक्रमण गर्न थाल्नुभयो र अम्बट्ठले भगवान्को ३२ लक्षण हेर्दा ३० लक्षणमात्र देख्नसक्यो । तब भगवान्ले अम्बट्ठले मात्र देख्नसक्नेगरी बाँकी दुइ लक्षण पनि देखाइदिनुभएपछि सन्तुष्ठ भएर अम्बट्ठ फर्कियो र सारा कुरा पोष्करसातिलाई बताइदियो । सारा कुरा सुनेर पौष्करसाति अम्बट्ठदेखि रिसायो र निकालिदियो । पौष्करसाति भगवान्लाई भेट्न त्यसैबेला जान खोजेको थियो तर यो भेटिने समय होइन भनेर अरुले रोकेकोले भोलिपल्ट पोष्करसाति भगवान्को दर्शन गर्न गयो । पोष्करसातिले पनि भगवान्को ३२ लक्षण देखेपछि प्रशन्न भएर भोलिको लागि भोजन निमन्त्रणा गऱ्यो । भोलिपल्ट भोजनपछि भगवान्द्वारा देशना सुनेर 'जेजति उत्पति हुन्छन् ती सब विनाश हुन्छन्' भन्ने ज्ञान प्राप्त गरी स्रोतापन्न भयो ।

आश्चर्य भो गौतम ! पुत्र, भार्या, परिषद, अमात्यसहित म तपाई गौतमको शरणमा आउंछु, धर्मको र संघको पनि । आजदेखि तपाई गौतमले मलाई अञ्जलिबद्ध उपासक धारण गर्नुहोस् । जसरी उकट्ठामा तपाई अन्य कुलमा आउनुहुन्छ, त्यसरी नै पोष्करसाति कुलमा पनि आउनुहोस् । त्यहाँ माणवक (तन्देरी ब्राह्मण) र माणविकाहरूले भगवान्लाई अभिवादन गर्न, आसन पानी आदि सेवा गर्न, चित्त प्रसन्न गर्न, पाउनाले उनीहरूको चिरकालसम्म हितसुखको लागि हुनेछ ।'

'सुन्दर भन्यौ ब्राह्मण' ।

## चंकि सुत्त

मज्झिमनिकाय (२/५/५) अनुसार यस्तो मैले सुनें- एक समय भगवान् कोशल राज्यको ओपसाद ब्राह्मण गाउँको देववन शालवनमा विहार गर्नुहुँदा ओपसादवासी ब्राह्मणहरू भगवान्को दर्शन गर्न हुलकाहुल निस्किए । त्यो देखेर 'काहाँ हिंडेका हौ ?' भनी सोध्दा 'भगवान् बुद्धको दर्शन गर्न' भनी जवाफ सुनेर राजा प्रसेनजितद्वारा सम्मानित चंकि ब्राह्मण पनि भगवान्को दर्शन गर्न जान खोज्यो तर 'तपाईं आमाबाबाको सातपुस्तासम्म सुजात, जातिवादमा अनिन्दित, आढ्य, महाधनी, महाभोगयुक्त, अभिरूप, परमवर्ण, ब्रह्मवर्णयुक्त, ब्रह्मवर्चश्वी, शीलवान, बृद्धशीलयुक्त, कल्याणवचन बोल्ने, सभ्यवाणीयुक्त, तीनसय शिष्यहरूको आचार्य प्राचार्य राजा प्रसेनजितद्वारा सम्मानित, अन्य ब्राह्मणहरूबाट



Downloaded from http://www.dhamma.digital

सम्मानित, ओपसादको स्वामिले श्रमण गौतमको दर्शन गर्न जानयोग्य छैन ।' भनी अन्य ब्राह्मणहरूले रोक्न खोज्यो ।

चंकि ब्राह्मणले भन्यो- 'श्रमण गौतम दुबैतर्फबाट सुजात छ । धेरै हिरण्य आकाशस्थ भूमिस्थ सम्पत्ति त्यागेर युवावस्थामा नै प्रव्रजित भएको छ। अभिरूप दर्शनीय छ। शीलवान, कल्याणवचन बोल्ने, धेरैका आचार्य, प्राचार्य, कामराग विहिन, प्रपञ्चविहिन, कर्मवादी, क्रियावादी, ब्राह्मण सन्तानको निष्पाप अग्रणी हुनुहुन्छ । उहाँको अधिनमा क्षत्रिय, ब्राह्मण, उच्चकुलका कुलपुत्रहरू प्रव्रजित भएका छन् । महाधनी, महाभोगीहरू प्रव्रजित भएका छन् । देशबाहिरबाट पनि सोध्न आउँछन्, अनेक सहश्र देवताहरू उहाँको शरणमा आउँछन् । राजा बिम्बिसार, पौष्करसातिहरू आफ्ना स्वास्नी छोराछोरीसहित शरणमा गएका छन्, उहाँ हाम्रो अतिथि हुनुहुन्छ । त्यसैले हामी नै उहाँको दर्शनमा जानुयोग्य छ। उहाँ हाम्रो दर्शन गर्न आउन योग्य छैन ।' यसरी प्रशंसा गर्दै अन्तमा चंकि ब्राह्मण भगवान्को दर्शन गर्न गयो ।

ब्राह्मणहरूको समूह लिएर भगवान्को दर्शन गर्न गएकोमध्ये त्रिवेद पारंगत १६ वर्षिय, मुण्डशिर, कापथिक युवक ब्राह्मणले अन्य वृद्धहरूले बोल्दा पनि बीचबीचमा बोल्दथ्यो । तब भगवान्ले 'यसरी बीचमा नबोल्नु' भनी टोक्दा चंकि ब्राह्मणले 'कापथिक ब्राह्मण विद्वान छ, कुलिन, बहुश्रुत सुवक्ता छ, उसले तपाईंसंग वाद गर्न सक्छ' भन्यो ।

तब कापथिक माणवकले विचार गऱ्यो । 'यदि श्रमण गौतमले मसंग आँखा जुधाएमा म प्रश्न गर्नेछु ।' यो थाहा पाउनुभएर भगवान्ले कपथिकसंग आँखा जुधाउनुभयो ।

तब युवक ब्राह्मणले भगवान्संग भन्यो- 'हे गौतम ! जुन यो पुरानो ब्राह्मण मन्त्र पद (वेद) छ, जसमा ब्राहमणहरूको पूर्णनिष्ठा छ। त्यही पुरानो मन्त्रपद (वेद) शुद्ध छ, यही सत्य हो र अरु सबै भूठा । यसमा तपाई गौतम के भन्नुहुन्छ ?'

भगवान्ले सोध्नुभयो- 'के कुनै एक ब्राह्मण, आचार्य, प्राचार्य वा सात पीढीसम्म कसैले भनेको छ 'म यसलाई जान्दछु, यसलाई देख्दछु, यही सत्य हो र अरु सबै भूठ ?'

कापथिक ब्राह्मणले 'छैन, छैन' भनी जवाफ दियो ।

भगवान्ले भन्नुभयो- 'त्यसैले तिमीहरूको श्रद्धा अन्धवेणु परम्परा (अन्धाहरूको समूह) जस्तै यो काल्पनिक भनाई हो ।'

'होइन गौतम, ब्राह्मण श्रद्धा मात्रले नै उपासना गर्दैन, अनुश्रवको पनि उपासना गर्दछ ।'

'पहिले श्रद्धामा थियौं, अब श्रुतिमा भऱ्यौं ?' यसै जन्ममा दुइ विपाक दिने धर्म छन्-



Downloaded from http://www.dhamma.digital

१) श्रद्धा

२) रुचि

३) अनुश्रव

४) आकार परिवितर्क

५) दृष्टि निध्यानाक्ष ।

सुन्दर ढंगले अभ्यास गरेका यी श्रद्धा...दृष्टि निध्यानक्ष धर्महरू पनि तुच्छ झूठो हुनसक्छ । सुन्दर ढंगले अभ्यास नगरेको पनि यी धर्महरू तुच्छ झूठो हुनसक्छ । त्यसैले सत्यानुरक्षक विज्ञ पुरुषले यहाँ एकांशले (सर्वथा) यही ठीक अरु झूठा भन्नु हुँदैन ।'

'हे गौतम ! सत्यानुरक्षा कस्तो हुन्छ र कसरी गरिन्छ ?'

'कुनै पुरुषलाई यी धर्म हुन्छन् र यो मेरो श्रद्धा...निध्यानक्ष हो भनी अनुरक्षा गर्छ । तर एकांशले (सतप्रतिशत) त्यहीं सत्य हो र अन्य झूठा भन्दैन । यतिले सत्यको अनुरक्षा गरिन्छ । यसबाट सत्य अनुरक्षा हुन्छ तर सत्य अनुबोध हुँदैन ।

'हे गौतम ! सत्यको बोध कहिले हुन्छ ?'

'कुनै गृहस्थीले कुनै भिक्षुको राग, द्वेष, मोह बारे परीक्षा लिन्छ, त्यसबाट मुक्त पाउँछ । उसको आश्रय लिएर उपासना गर्छ, धर्मलाई धारण गर्छ, अर्थको परीक्षा गर्छ, धर्म निध्यानाक्षको योग्य हुन्छ, स्मृति बढाउँछ, छन्दयुक्त प्रयत्न गर्छ, पराक्रम गर्छ, परम सत्यको साक्षात्कार गर्छ, प्रज्ञाले वेधन गरी हेर्दछ । यसबाट सत्य अनुबोध हुन्छ तर सत्य अनुपत्ति हुँदैन ।'

'कहिले सत्य अनुपत्ति हुन्छ ? सत्य प्राप्तिको लागि कुन धर्म उपकारी हुन्छ ?'

'यिनै धर्महरूको सेवन, भावना गर्नाले, बढाउनाले सत्य अनुपत्ति हुन्छ । सत्य प्राप्तिको लागि प्रधान (प्रयत्न) बहुपकारी धर्म हो, प्रधानको लागि उद्योग, उद्योगको लागि उत्साह, उत्साहको लागि छन्द (इच्छा), छन्दको लागि धर्म निध्यानाक्ष, धर्म निध्यानाक्षको लागि अर्थ उपरीक्षा, अर्थ उपरीक्षाको लागि धर्मधारण, धर्मधारणको लागि धर्मश्रवण, धर्मश्रवणको लागि पर्युपासन (सेवा), पर्युपासनको लागि नगिच जानु, नगिच जानुको लागि श्रद्धा बहुपकारी हुन्छ ।

'हे गौतम ! जेजेलाई हामीले सोध्यौं त्यस त्यसलाई तपाईले बताउनुभयो । त्यसले हामीलाई सन्तुष्ठ छ, रुच्दछ पनि । हे गौतम ! पहिला हामी सोच्दथ्यौ कहाँ इब्भ (नीच) s fn ]aह्माको पाइतलाबाट निस्केको शूद्र, मुण्डक श्रमण र काहाँ हामी धर्मको (वेद) को जानकार ? तपाई गौतमले आज ममा श्रमणप्रेम, श्रमणप्रसाद उत्पन्न गरिदिनुभयो ।' अन्तमा चंकि ब्राह्मण प्रशन्न भएर उपासक बन्यो ।



Downloaded from http://www.dhamma.digital

## चुल दुक्खक्खन्ध सुत्त

मज्झिमनिकाय (१/२/४) अनुसार यस्तो मैले सुनें- एक समय भगवान् कपिलवस्तुको न्यग्रोधाराममा विहारमा विहार गर्नुहुँदा महान्‌ाम शाक्यले भगवान्‌लाई भन्नुभयो- 'लोभ, क्रोध, अज्ञानता चित्तको उपक्लेश हो तापनि कहिलेकाहीं चित्त त्यसैमा टाँसिन्छ । भित्र कुनचाहिं धर्म छ जसले यसरी लोभ क्रोध अज्ञानता उत्पन्न हुन्छ ?'

काम (आशक्ति) नै त्यस्तो धर्म हो जुन नछुटेसम्म लोभ क्रोध अज्ञानताहरू उत्पन्न हुन्छन, गृहस्थ हुन्छन् । जसले गर्दा यो नछुटेसम्म गृहस्थ नै हुन्छन्, छुट्रेमा गृहवास गर्दैनन् । यसमा दोष धेरै छन् । कामभोग अप्रसन्न गर्ने, दु:खकारी छन् डाह गराउने छन् । जब यिनीहरूलाई राम्ररी देख्दछ तब काम भोगबाट अलग्गिएर प्रीति सुख अनुभव गरी बस्दछ । महान्‌ाम सम्बोधिपूर्व मलाई पनि यस्तै अनुभव भएको थियो । इष्ट, कान्त, रुचि, प्रिय, कामयुक्त, रञ्जन गर्ने, चक्षु विज्ञेय रूप, शब्द, गन्ध, रस, स्पर्श आदि पञ्चकाम गुणबाट उत्पन्न सुख नै कामको आश्वाद हो । कुनै पनि आजीविका गर्दा कीटपतंगबाट, भोकप्यासबाट दु:ख सहनुपर्छ यो नै काम भोगको आदिनव (दुष्परिणाम) हो । जतिसुकै मेहनत गरे तापनि परिणाम नआउँदा दु:खी हुन्छ, असन्तोष हुन्छ, छाती पिटीपिटी रुन्छ । प्राप्त भएको कामभोग्यवस्तु कसैले लैजाला, हर्ला, नाश होला भनी चिन्तित हुन्छ र अझ वास्तवमा हरेर लगेमा, नाश भएमा, त झन चिन्तित पीढित विलाप गर्छ, यही नै कामभोगको दुष्परिणाम हो ।

यही कामभोगको लागि, कामभोगको कारणले एक आपसमा राजा राजासंग, क्षत्रिय क्षत्रियसंग, ब्राह्मण, ब्राह्मणसंग, गृहस्थ गृहस्थसंग, नातेदार नातेदारसंग, मित्र मित्रसंग, झगडा गर्छन्, आक्रमण गर्छन्, हातले, ढुङ्गामाटोले, हतियारले लड्दछन् । त्यसले मृत्यु वा मृत्युसमान दु:ख पाउँछन् र मर्दछन् ।

फेरि तलवारले, धनुषले, अस्त्रशस्त्रले युद्ध गर्छन । चक्रव्यूह रच्छन्, वाणले, हतियारले, अस्त्रशस्त्रले प्रहार गर्छन् र मृत्य वा मृत्यसमान दु:ख पाउँछन् । चोरी पनि गर्छन् । एकान्तमा पनि लुट्दछन्, डकैती गर्दछन् । परस्त्रीगमन पनि गर्छन् । तब राजाले पक्रेर नाना सजाय दिन्छन्, पिट्दछन्, जरिमाना पनि गराउँछन् । विलंगथालिका, शंखमूर्धिका, राहुमुख, ज्योतिमालिका, हस्तज्योतिका, एरतवर्तिका, चीरवासिका, ऐणेयक, बडिशमासिका, कार्षापणक, खारापनच्छिक, परिधपरिवर्तक, पलालपीठक, उम्लिएको तेलले नुहाइदिन्छन्, कुकुरले टोकाउंछन्, जीउँदै शूलीमा चढाउँछन्, टाउको काटिदिन्छन् । यसप्रकार मृत्यु वा मृत्युसमान दु:ख पाउँछन् ।

फेरि कायदुश्चरित्र, वचीदुश्चरित्र, मनोदुश्चरित्र गर्दै मृत्युपछि उपाय दुर्गति, विनिपात, नरकसम्ममा उत्पत्ति हुन्छन् ।



Downloaded from http://www.dhamma.digital

'महान्ाम, एक समय राजगृहको गृद्धकुट पर्वतमा विहार गर्दा ऋषिगिरिको कालशिलामा उभिरहने व्रतपालक जैनसाधुहरू थिए। उनीहरूले आफ्ना गुरुले 'पहिले गरेका दुष्कर्महरू यसरी दुष्कर तपश्याबाट नाश गर' बताएअनुसार गरेका थिए। मैले सोधें- 'के तिमीहरू पहिले जन्मेका थियौ या थिएनौ ? पूर्वजन्ममा पाप गरेका थियौ वा थिएनौ ? यति दुःख नाश भयो, यति भएन भन्ने थाहा छ कि छैन ? यसै जन्ममा अकुशल धर्मको नाश र कुशल धर्मको लाभ हुन्छ भन्ने थाहा छ कि छैन ?'

'थाहा छैन' भनी जवाफ दिए।

त्यसैले यदि दुष्कर चर्याबाट पाप कट्ने भए हिंसक डाकु अपराधीहरू जैनसाधुहरू बन्ने थिए।'

'होइन गौतम ! सुखले सुख प्राप्त हुँदैन, दुःखले नै सुख प्राप्त हुन्छ। सुखले सुख प्राप्त गर्नेभए राजा बिम्बिसारले सुख प्राप्त गर्ने थिए, तपाईं गौतमसरह। राजा बिम्बिसार वा आयुष्यान् गौतममा को बढी सुखविहारी होला ?'

'के राजा बिम्बिसार नचलिकन सात दिन बस्न सक्दछ ?'

'राजा बिम्बिसार सात दिन त के एक रात मात्र पनि नचलिकन बस्न सक्दैन।'

'तर म एक रात त के सात राતदिन नचलिकन बसेर सुख अनुभव गर्न सक्दछु।'

'त्यसोभए मगध राजा बिम्बिसारभन्दा तपाईं श्रमण गौतम नै सुखविहारी हुनुहुन्छ।'

यति सुनेर महान्ाम सन्तुष्ठ भएर भगवान्को भाषणलाई साधुकार दियो।

**कुटदन्त सुत्त**

दीघनिकाय (१/५) अनुसार यस्तो मैले सुनें- एक समय मगधराज्यको खाणुमत ब्राह्मण गाउँको अम्बलट्ठिकामा विहार गर्नुहुन्थ्यो राजा बिम्बिसारद्वारा सम्मानित कुटदन्त ब्राह्मणले सप्त सतक नामक बलियज्ञको तयारी गर्दै थियो। यसमा प्रत्येक प्राणी जस्तै सातसय गोरु, सातसय वाछा, सातसय वाछी, सातसय खसी सातसय भेंडा आदि बलि दिन तयार गरी खम्बामा बाँधर राखेको थियो।

भगवान्को कीर्ति सुनेर अम्बलट्ठिकावासीहरू भगवान्को दर्शन गर्न हुलकाहुल निस्किए। त्यो देखेर कुटदन्त ब्राह्मण पनि भगवान्को दर्शनको लागि जान तयार भयो। कुटदन्त ब्राह्मणले सुनेंको थियो श्रमण गौतमलाई सोह्र परिष्कारसहित त्रिविध यज्ञ सम्पदाबारे ज्ञान छ। यही त्रिविध यज्ञ सम्पदाबारे जान्न भगवान्लाई भेट्न जान खोज्दा अन्य ब्राह्मणहरूले जात, यश सम्पत्ति आदिको कारणले 'श्रमण गौतमकाहाँ जान हुन्न' भनी रोके। तर कुटदन्त ब्राह्मणले तर्क गरी 'गौतमको दर्शन गर्न जानयोग्य छ' भनी भगवान्काहाँ गई अभिवादन गरिसकेर प्रश्न गर्‍यो- 'श्रमण गौतमले सोह्र परिष्कारसहित



Downloaded from http://www.dhamma.digital

त्रिविध यज्ञसम्पदा बारे जान्नुहुन्छ, त्यस बारे मलाई उपदेश दिनुहोस् ।'

तब भगवान्ले भन्नुभयो- पूर्वसमयमा महाधनी, महाभोगवान, महाविजित नामक राजाले चिरकालसम्मको हितसुखको लागि 'किन महायज्ञ नगरु ?' भनी विचार गरी पुरोहित ब्राह्मणलाई बोलाएर महायज्ञको तयारीको लागि भन्यो । पुरोहितले 'यो समय महायज्ञ गर्ने बेला छैन । अहिले राज्यमा संकट छ । चोरी डकैती भइरहेको छ । यस्तो संकटको अवस्थामा कर उठाउनुहुन्छ । यसले तपाई अकृत्यवादी हुनुहुनेछ । शायद सैनिकबलले 'दस्युकील (चोर डाकु) लाई मारेर समस्या समाधान गरुँला' भनी सोच्नु होला । बाँचेकाहरूले पछि गएर जनपदमा दुःख दिनसक्छ । त्यसैले त्यसको समाधानको लागि कृषि व्यापारको लागि ऋणको व्यवस्था, कर्मचारी नियुक्ति गर्नुहोस् ।' यसरी उनीहरू आफ्नो काममा लागेर राज्यलाई दुःखदिने छैन । व्यवसाय बढ्नाले राजश्व बढ्ने छ । जनताहरू बाधारहित भएर जीउने छन् ।

'राजाले पनि सोअनुरूप गरेर राज्य संकट समाधान गऱ्यो र भन्यो 'महायज्ञको तयारी गर ।'

'पुरोहितले जनपद, नगर, गाउँबाट महाजनहरू, अमात्यहरू, सभासदहरूलाई आमन्त्रित गरायो । राजा महाविजित पनि आठ अंगले युक्त थियो-

१) आमा बाबा दुबैतर्फबाट सुजात

२) अभिरूप

३) शीलवान

४) महाधनी

५) शक्तिशाली चतुरंगीसेना युक्त

६) श्रद्धालु दायक

७) बहुश्रुत

८) मेधावी ।

पुरोहित ब्राहमण चार अंगले युक्त थियो-

१) सुजात

२) अध्यायक मन्त्रधर त्रिवेद पारंगत

३) शीलवान

४) मेधावी ।

यी बाह्र गुणहरू पनि महायज्ञको परिष्कार हुन्थ्यो ।'

'पुरोहितले राजालाई भन्यो-



Downloaded from http://www.dhamma.digital

१) यज्ञ गर्नेले धेरै धनराशि खर्च हुनलाग्यो भनेर चिन्ता लिनु हुँदैन ।

२) यज्ञ गरिरहंदा.. चिन्ता लिनु हुँदैन ।

३) यज्ञ गरिसकेपछि...चिन्ता लिनु हुँदैन ।

यही त्रिविध यज्ञ हो ।'

'फेरि पुरोहितले भन्यो यज्ञमा प्राणीहिंसक, चोर, काममिथ्याचारी, झूठावादी, चुक्लि लाउने कुटुभाषी, अनर्थक वादी, लोभी, क्रोधी, मिथ्यादृष्टिक पनि आउनसक्छन् र यी नभएकाहरू पनि आउनसक्छन्। उनीहरूको पापकर्म उनीहरूलाई नै हुन्छन्। तपाईंले प्राणी हिंसा नगर्ने, चोरी नगर्ने आदिको लागि यज्ञ गर्नोस, प्रशन्न हुनुहोस् ।

यज्ञ गर्ने समयमा सोह्र प्रकारले राजाको मनलाई प्रशन्न पाऱ्यो । कसैले महायज्ञ गरेर पनि -

१) सबै ज्ञत्रियहरू

२) अमात्यहरू

३) ब्राह्मण धनपतिहरू

४) वैश्य धनपतिहरूलाई डाकेन

५) राजा सुजात छैन

६) अभिरूप छैन

७) शीलवान छैन

८) महाभोगवान छैन

९) बलवती चतुरंगी सेना छैन

१०) श्रद्धालु दायक छैन

११) बहुश्रुत छैन

१२) मेधावी छैन

१३) पुरोहित सुजात छैन

१४) अध्यापक मन्त्रधर छैन

१५) शीलवान छैन

१६) मेधावी छैन भनी आलोचना गर्ला, त्यसमा चिन्ता लिनुपर्दैन । किनकि यी सबै परिपूर्ण भइसकेका छन् ।'

'ब्राह्मण, त्यस यज्ञमा कसैको हिंसा भएन । न गाई, न भेडा, न बाखा, न सुंगुर, न अन्य कुनै प्राणी, केही पनि काटिएन । न युपको लागि रुख नै ढालियो । न प्राणीहिंसाको लागि दर्भ काटियो । जो पनि त्यस राज्यको दास, नोकर, कर्मचारीहरू थिए, उनीहरू कोही



Downloaded from http://www.dhamma.digital

पनि दण्ड सजायबाट डराउनुपरेन, रुनु दु:खीत हुनुपरेन, जबरजस्ती काम गर्नुपरेन। प्रशन्न भएर आफूलाई मन परेका काम नै गरे। घीउ, तेल, मख्खन, मह, सक्खर, दही आदिबाट नै त्यो यज्ञ सम्पन्न भयो।'

'जनपद, नगर, गाउँबाट आएका आमन्त्रितहरूले आफुले ल्याएको सम्पत्ति राजालाई उपहार दिन खोजे तर राजाले स्वीकार नगर्दा उनीहरूले पनि दानादि कर्म गरी महायज्ञमा सहभागी बने। यसप्रकार चार अनुमति पक्ष, आठअंगले युक्त महाविजति राजा, चार अंगले युक्त पुरोहित ब्राह्मण गरी सोलह परिष्कार र तीन विधि भए। यसैलाई त्रिविध यज्ञ र सोह्र परिष्कार भनिन्छ।'

यसरी भन्नुभएपछि अनुयायी ब्राह्मणहरू 'अहो महायज्ञ सम्पदा' भन्दै प्रशंसा गर्न थाले। तर कुटदन्त ब्राह्मण भने टाउको निहुराएर बसिरह्यो। तब ऊसंग आएका ब्राह्मणहरूले भने- 'किन श्रमण गौतमको सुभाषितलाई सुभाषित भनी अनुमोदन गर्नुहुन्न ?'

'मैले श्रमण गौतमको सुभाषितलाई सुभाषित भनी अनुमोदन नगरेको होइन' श्रमण गौतमले 'यस्तो मैले सुनेंको छु' नभनी 'यस्तो भयो भनेर' भन्नुभयो र म सोचिरहेको छु श्रमण गौतम या त यज्ञस्वामी राजा महाविजित थियो या यज्ञको याजयिता पुरोहित ब्राह्मण।'

कुटदन्तको संशय मिटाउन भगवान्ले भन्नुभयो 'त्यसबेलाको पुरोहित ब्राह्मण म नै थिएं।'

कुटदन्त ब्राह्मणले सोध्यो- 'यो सोह्र परिष्कार त्रिविध यज्ञ सम्पदा भन्दा कम दान सामाग्री भएर पनि बढी फलदायी यज्ञ कुन हो ?'

त्यसको जवाफहरूमा भन्दै जानुभयो-

१) शीलवान प्रव्रजितहरूलाई दिइने नित्य दान। किनकि त्यस्ता महायज्ञमा अरहन्त वा अरहन्तमार्गमा आरुढहरू आउँदैनन्। त्यहाँ दण्डप्रहार आदि पनि हुनसक्छ। तर यसप्रकारको शीलवान प्रव्रजितलाई दिइने नित्यदानमा अर्हत वा अर्हतमार्गमा आरुढ पनि आउँछन्, दण्ड प्रहार पनि हुँदैन। अझ त्यसभन्दा कम सामाग्रीले महाफलदायी-

२) संघको लागि विहार दान। अझ त्यसभन्दा कम सामाग्रीले महाफलदायी

३) बुद्ध, धम्म, संघको शरणमा जानु

४) अझ त्यसभन्दा कम सामाग्रीले महाफलदायी पञ्चशील पालन गर्नु

५) अझ त्यसभन्दा कम सामाग्रीले महाफलदायी प्रथम ध्यानादि समाधिलाभ गर्दै आश्रवक्षय गर्नु



Downloaded from http://www.dhamma.digital

६) अझ त्यसभन्दा कम सामाग्रीले महाफलदायी ज्ञान लाभ गर्नु। यसभन्दा प्रणीतता यज्ञसम्पदा अर्को छैन।'

'हे गौतम ! म सातसय गोरु, सातसय गाई, सातसय वाछा, सातसय बाछी, सातसय खसि, सातसय भेडालाई छोडिदिन्छु, जीवनदान दिन्छु। हरियो घाँस खाओस्, ठण्डा पानी पिओस्, उनीहरूको लागि शीतल हावा चलोस्।'

तब भगवान्ले आनुपूर्वी कथा सुनाउनुभयो। यी कथा सुनेर कुटदन्त ब्राह्मणमा विमल धर्मचक्षु उत्पन्न भयो। त्यसपछि अञ्जलिबद्ध शरणागत उपासकत्व धारण गरेर र भोलिको लागि भोजन निमन्त्रणा दिएर गयो।

## सोणदण्ड सुत्त

दीघनिकाय (१/४) अनुसार यस्तो मैले सुनें- एक समय भगवान् अंगदेशको चम्पामा गर्गरापुष्करीणीको तीरमा विहार गर्नुहुन्थ्यो। मगधराजा बिम्बिसारद्वारा सम्मानित जनाकीर्ण, तृणकाष्ठ उदक धान्यसहित राजभोग्य, राजदत्त, राजदाय, ब्रह्मदेय चम्पाको स्वामी सोणदण्ड ब्राह्मणले भगवान्को कीर्ति सुनेंर भगवान्लाई भेट्न गएका चम्पावासीहरूलाई देखेर ऊ पनि भगवान्को दर्शन गर्न जान तयारी भयो। त्यसबेला चम्पामा विशेष कामले ५०० ब्राह्मणहरू आएका थिए। उनीहरूले सोणदण्ड ब्राह्मणलाई भगवान्काहाँ नजान अनुरोध गरे। तर सोणदण्ड ब्राह्मणले भगवान्को कीर्ति बखान गर्दै भगवान्को दर्शनको लागि गयो। भगवान्लाई भेटेर अभिवादन, सम्बोधन गरी एकछेउ बसेको सोणदण्ड ब्राह्मणको मनमा 'यदि सही ढंगले प्रश्न गर्न जानिएन भने ब्राह्मण परिषदको अगाडि लज्जास्पद हुनुपर्नेछ। मलाई तिरस्कार गर्नेछ, यश र भोगको पनि क्षय हुनेछ। फेरि भगवान्ले प्रश्न गर्दा सही जवाफ दिन सकिन भने पनि मेरो तिरस्कार, यश भोग क्षय हुनेछ। यदि यहाँ आएर पनि श्रमण गौतम नभेटिगएं भने सबैले मलाई 'अहंकारी, भगौटे, भयभीत, दर्शनमा जान असमर्थ' भनी तिरस्कार गर्नेछ, यश भोगको क्षय हुनेछ।' भन्ने चिन्ताले सतायो।

सो कुरा बुझ्नुभएर भगवान्ले नै सोणदण्ड ब्राह्मणलाई प्रश्न गर्नुभयो- 'कति अंगले युक्तलाई ब्राह्मण भनिन्छ ? म ब्राह्मण हुँ भन्दा झूठो हुँदैन ?'

'अहो ! श्रमण गौतमले मेरो त्रिवेद पण्डित्याई बारेमा नै सोध्नुभयो। यसलाई म सन्तुष्ठ हुने गरी जवाफ दिनेछु' भनी सोणदण्ड ब्राह्मणले भन्यो- 'पांच अंगले युक्त- १) सुजात २) अध्यायक मन्त्रधर (त्रिवेद पारंगत) ३) अभिरूप ४) शीलवान ५) मेधावी।

'ब्राह्मण, यी अंगभन्दा कुनै एक अंग कमी पनि हुनसक्छ कि सक्दैन ?'



Downloaded from http://www.dhamma.digital

'सक्छ, अभिरूप नभए पनि हुन्छ। वर्णले के गर्छ ? यदि चारै गुणले युक्त छ भने।'

'यी अंगभन्दा कुनै एक अंग कमी पनि हुनसक्छ कि सक्दैन ?'

'मन्त्रधर नभए पनि हुन्छ।'

'यी अंगभन्दा कुनै एक अंग कमी पनि हुनसक्छ कि सक्दैन ?'

'सुजात नभए पनि हुन्छ।'

तब अन्य ब्राह्मणले सोणदण्ड ब्राह्मणलाई भने- 'तपाईं त्यसो नभन्नुहोस्। तपाईं वर्ण, वेद, जातिको प्रत्याख्यान गर्नुहुन्छ। एक तरिकाले तपाईं श्रमण गौतमको वादलाई स्वीकार गर्नुहुन्छ।'

भगवान्ले ती ब्राह्मणलाई भन्नुभयो- 'यदि तिमीहरूलाई सोणदण्ड ब्राह्मण अल्पसुत्त, असुवक्ता, दुष्प्रज्ञ लाग्छ भने तिमीहरू नै मसंग कुरा गर। होइन भने सोणदण्डलाई नै कुरा गर्न देऊ।'

'पर्खनुहोस् गौतम ! म यिनीहरूलाई धर्मपूर्वक जवाफ दिनेछु। सोणदण्डको ब्राह्मणको भान्जा अंगक त्यहीं थियो। उसलाई देखाउँदै सोणदण्ड ब्राह्मणले भन्यो-

१) अंगक माणवक अभिरूपमा यस परिषदमा श्रमण गौतमभन्दा अरु छैन। २) तीनवेद र पाँच इतिहास आदि शास्त्रमा पारंगत छ। ३) दुबैतर्फबाट सुजात छ। तर यदि अंगक माणवक चोरी गर्छ, परस्त्रीकामना गर्छ, झूठो बोल्छ, मादकपदार्थ सेवन गर्छ भने मन्त्र र जातिले के गर्छ ? सुन्दरताले के गर्छ ? त्यसैले शीलवान र मेधावी हुन्छ भने ब्राह्मण भनिन्छ। 'म ब्राह्मण हुँ' भन्दा झूठो बोलेको हुँदैन।'

'ब्राह्मण, यी अंगभन्दा कुनै एक अंग कमी पनि हुनसक्छ कि सक्दैन ?'

'हुँदैन गौतम ! शीलले प्रक्षालित प्रज्ञा र प्रज्ञाले प्रक्षालित शील। जहाँ शील छ त्यहाँ प्रज्ञा छ, जहाँ प्रज्ञा छ त्यहाँ शील छ। तर शील प्रज्ञाको अगुवा हो। जसरी हातले हात धुन्छ खुट्टाले खुट्टा धुन्छ, त्यसरी नै शील र प्रज्ञा प्रक्षालित छ। त्यसैले ब्राह्मण हुनको लागि शीलवान र मेधावी हुनु नै पर्छ।'

'यस्तै हो ब्राह्मण, जहाँ प्रज्ञा छ त्यहाँ शील छ, जहाँ शील छ त्यहाँ प्रज्ञा छ। ब्राह्मण शील के हो ? प्रज्ञा के हो ?'

'हे गौतम, मलाई यति मात्र थाहा छ, राम्रो हुने छ, यदि तपाईले नै बताइदिनु भए।'

'ब्राह्मण ! तथागतको उपदेश सुनेर भिक्षु शीलसम्पन्न हुन्छ। त्यो पनि शील नै हो। समाधि लाभ गर्दै अरहत हुन्छ, अब केही गर्न बाकी छैन' भनी थाहा पाउंछ। त्यो पनि प्रज्ञा हो।'

भगवान्बाट प्रज्ञा र शीलबारे सुनेर सोणदण्ड ब्राह्मण प्रशन्न भएर अनुमोदन गर्दै



Downloaded from http://www.dhamma.digital

अञ्जलिबद्ध शरणागत उपासक धारण गरेर भोलिको लागि भोजनको निमन्त्रणा दिएर गयो। भोलिपल्ट भोजनपश्चात् भन्यो- 'भगवान् परिषदमा बस्दा तपाईलाई अभिवादन गरेमा मलाई गिज्याउने छ। त्यसैले मैले हात जोडेमा प्रत्युप्रस्थान, पगडी हटाएमा टाउकोले अभिवादन, रथमा बसेर कोर्रा उठाउँमा रथबाट उत्रेको, रथमा बसी हात उठाउँमा टाउकोले अभिवादन गरेको संकेत भनी स्वीकार गर्नुहोला।'

### महालि सुत्त

दीघनिकाय (१/६) अनुसार यस्तो मैले सुनें- एक समय वैशालीको महावनको कुटागारशालामा विहार गर्नुहुन्थ्यो। वैशालीमा कोशलका ब्राह्मणदूत, मगधका ब्राह्मणदूतहरू आएका थिए। भगवान्को कीर्ति सुनेर भेट्ने इच्छाले महावनको कुटागारशालामा जाँदा आयुष्मान् नागित (भगवान्को निजीसेवक) संग भेट भयो। नागितले 'भगवान् अहिले ध्यानमा हुनुहुन्छ' भन्दा 'हामी उहाँको दर्शन गरेर नै जान्छौं' भनेर एकछेउ लागी पर्खेर बसिरहे। त्यसै गरी ओट्ठद्ध (आधा ओंठ भएको) लिच्छवी आयो र ऊ पनि त्यसरी नै पर्खिरह्यो। तब सिंह श्रमणोद्देश आयो र उसले भगवान्लाई भेट्न आएको कुरा सुनाउँदा नागितले तिमी आफै भेट्न जाऊ' भन्दा सिंह समणोद्देश गएर भगवान्लाई भेट्न जाँदा भगवान् ध्यानबाट उठ्नुभयो।

सबैले भगवान्लाई भेटेपछि ओट्ठद्ध (महालि) लिच्छवीले भन्यो- 'भगवान् सुनंक्खत लिच्छवीपुत्तले मसंग आएर भन्यो- 'मैले करिब तीनवर्ष भगवान्संग रहें, दिव्यशब्द सुन्न पाइएला कि भनेर तर सुनिन। के उसले विद्यमान दिव्यशब्द नसुनेंको कि अविद्यमान र त्यो के कारणले ?'

'विद्यमान दिव्यशब्द नसुनेंको हो। किनकि दिव्यरूपको दर्शनको लागि भाविता गर्दा दिव्यशब्द सुनिंदैन। दिव्यशब्दको लागि दिव्यश्रोतको भाविता गर्दा दिव्यदर्शन देखिंदैन। दिव्यदर्शन र दिव्यश्रोत दुबैको भाविता गरेमा मात्र दुबै दर्शन हुन्छ र सुनिन्छ पनि।'

'के यसैको लागि भगवान्संग भिक्षुहरू ब्रह्मचर्यवास गर्छन् ?'

'होइन। योभन्दा उत्तम धर्मको साक्षात्कारको लागि ब्रह्मचर्य वास गर्छन्। तीन संयोजनको क्षय, फेरि पतन नहुने, निश्चित सम्बोधि प्राप्त गर्न सकिने स्रोतापन्न। बाकी रहेको रागद्वेष मोहलाई दुर्बल बनाउने, एकपल्ट यस लोकमा फेरि जन्म भई दु:खको अन्त गर्ने सकृदागामी। पाँचौं ओरंभागीय संयोजनलाई क्षय गरी ओपपातिक निर्वाण पाउने, फेरि यहाँ नआउने अनागामी। सारा आस्रव क्षय हुनाले, मुक्तिज्ञानलाई स्वयं यसै जन्ममा साक्षात्कार गर्ने अरहन्त, धर्महरूको साक्षात्कार गर्नको लागि ब्रह्मचर्यवास गर्छन्। यसको



Downloaded from http://www.dhamma.digital

लागि अष्टाङ्गिक मार्ग छ ।

एक समय कोशाम्बीको घोषितारामा विहार गर्दा मण्डिस्स परिव्राजक र दासपात्रिकको शिल्प जालिय मकाहाँ आएर सोध्यो- 'जीव र शरीर एउटै हो कि अलग अलग ?' मैले भनें 'जब भिक्षु शीलसम्पन्न भएर प्रथम ध्यानादि लाभ गरेर आस्रवक्षयतिर मन झुकाउंछ र यथार्थ पाउंछ तब उसलाई हुँदैन कि जीव र शरीर एउटै हो कि अलग अलग । त्यसैले यो भन्ने विषय होइन ।'

भगवान्को भाषणप्रति महालि लिच्छवी प्रसन्न भएर अनुमोदन गर्‍यो ।

## तेविज्ज वच्छगोत्त सुत्त

मज्झिमनिकाय (२/३/१) अनुसार यस्तो मैले सुनें- एक समय भगवान् वैशालीमा महावनको कुटागारशालामा विहार गर्नुहुँदा वच्छगोत्त परिव्राजक एकपुण्डरीक प्ररिव्राजकाराममा बस्दथ्यो । भगवान् एक दिन त्यहाँ जानुहुँदा वच्छगोत्त परिव्राजकले भगवान्लाई देखेर स्वागत गर्दै आसन दिएर आफूले होचो आसनमा बसेर भन्यो- 'सुनेंको छु भन्ते ! श्रमण गौतम सर्वज्ञ सर्वदर्शी छ । निखिल ज्ञानदर्शनको दावा गर्नुहुन्छ । हिंड्दा, बस्दा, सुत्दा, जागृत र हुँदा पनि ज्ञानदर्शन उत्पन्न हुन्छ । के यो सही कथन हो ? भगवान्को निन्दा त गरेको होइन ? धर्मानुकूल वर्णन हो कि अधर्मानुकूल ?'

'वच्छ, जसले त्यसरी भन्छ उसले मेरो निन्दा गरेको हुन्छ ।'

'कसरी भनेमा भगवान्को निन्दा गरेको हुँदैन ?'

यसो भनेमा यथार्थवादी हुन्छ- 'श्रमण गौतम जब चाहन्छ तब मात्र- १) पूर्वेनिवास,२) दिव्यचक्षु, ३) आश्रवक्षय ज्ञान उत्पन्न गर्न सक्छ, सर्वदा होइन ।'

'के कुनै गृहस्थले आफ्नो बन्धन नछाडी मृत्युपछि निर्वाण प्राप्त गर्न सक्छ ?'

'छैन वच्छ ! त्यस्तो कोही गृहस्थ छैन ?'

'कोही गृहस्थले गृहस्थ बन्धनलाई नत्यागिकन मृत्युपछि स्वर्ग प्राप्त गर्नसक्छ ?

'सक्छ । एक दुइ मात्र होइन हजारौं गृहस्थ छन् ।'

'के कुनै आजीवकले मृत्युपछि निर्वाण प्राप्त गरेको छ ? वा स्वर्गप्राप्त गरेको छ ?'

'जो कोही आजीवक पनि संयोजनलाई नछाडी मृत्युपछि निर्वाण प्राप्त गर्ने छैन । तर स्वर्ग प्राप्त गर्नसक्छ । त्यो पनि एक जना कर्मवादी मात्र ।

'हे गौतम ! स्वर्गगामीअनुसार पनि अन्य पन्थहरू शून्य नै छ ।' वच्छगोत्त प्रशन्न भएर भाषणलाई अनुमोदन गरी गयो ।



Downloaded from http://www.dhamma.digital

### भरण्डु सुत्त

अंगुत्तरनिकाय (३/३/३/४) अनुसार यस्तो मैले सुनें- एक समय भगवान् कोशल राज्यबाट चारिका गर्नुहुँदै कपिलवस्तुमा पुग्नुहुँदा भगवान्लाई भेट्न आएको महान्ाम शाक्यले भगवान्लाई अभिवादन सम्मोदन गरिसकेपछि भगवान्ले महान्ाम शाक्यलाई एक रातको लागि विहार गर्न उपयुक्त स्थान खोज्नको लागि भन्नुभयो ।

महान्ाम शाक्यले पुरानो सब्रह्मचारी भरण्डु कालमको आश्रममा लग्यो । भरण्डुकालमको आश्रममा भगवान्को लागि आसन बिछ्याएर पानी राखेर 'आज भगवान् थाक्नुभएको होला, भोलि उपासना गरुँला' भनी भगवान्को वन्दना, प्रदक्षिणा गरी गयो ।

भोलिपल्ट भगवान्ले महान्ाम शाक्यलाई भन्नुभयो- 'लोकमा तीन प्रकारका शास्ता छन्-

१) कामको परीज्ञाको उपदेश दिने तर रूप, वेदनाको परीज्ञा बताउँदैन

२) काम र रूपको परीज्ञा बताउने तर वेदनाको नबताउने

३) काम, रूप र वेदनाको परिज्ञा बताउने ।

भरण्डु कालमले भन्यो 'एउटै छ' तर भगवान्ले 'यी तिनै शास्ताहरूको धारणा अलगअलग छन् ।' भनी भन्नुभयो । त्यसैले 'भगवान्लाई अप्रसन्न गरें' भनी भरण्डु कालम कपिलवस्तु छाडेर गयो, फेरि फर्किएन ।

### शाक्य कोलिय विवाद

धम्मपद अट्ठकथा (१५/१) अनुसार यस्तो मैले सुनें- शाक्य र कोलियहरू कपिलवस्तु र कोलिय नगरको बीचमा बगेको रोहिणीमा एउटै बाँध बाँधेर खेती गर्दथे । तर पानीको अभावमा एउटैले लाने कोशिस गर्दा आपसमा विवाद चर्कियो ।

कोलियहरूले भन्दथे- 'यो पानी दुबैतिर लांदा न तिमीहरूलाई पुरा हुन्छ न हामीलाई । त्यसैले हामीलाई देऊ ।'

शाक्यहरूले भने- 'तिमीहरूको भकारी भरेको हेरेर, रत्न, सुवर्ण नीलमणि, कार्षापण (पैसा) को बोरा बोकेर तिमीहरूको घर दैलोमा हामी घुम्ने छैनौं । हाम्रो खेती पनि एउटै पानीले हुन्छ, हामीलाई देऊ ।'

यसरी नै विवाद बढेर राजकूलको सम्बन्ध देखाउँदै कोलियहरूले 'तिमी शाक्यहरू कुकुरजस्तै आफ्नै बहिनीसंग सहवास गर्नेहरू' भनी होच्याए ।

शाक्यहरूले पनि 'तिमीहरू कोढीको सन्तान निसहाय अनाथ चराहरूजस्तै भएर कोल (बयर Jujube) को रुखमा वास बस्नेहरू' भनी होच्याए ।



Downloaded from http://www.dhamma.digital

यी कुराहरू कर्मचारीबाट अमात्य, अमात्यबाट राजकुलमा पुग्यो र आपस युद्ध गर्ने अवस्थामा पुगे। भगवान् बुद्धले यो थाहा पाउनुभएर रोहिणी नदीको बीचमा आसन लगाएर बस्नुभयो। दुबैतिरका योद्धाहरूले भगवान्ले देखेर हतियार छाडेर बुद्धलाई वन्दना गरे।

'के को लागि युद्ध गर्दैछौ ?' भनी सोध्नुभयो।

'पानीको लागि' भनी जवाफ दिए।

'पानीको मूल्य कति छ?' भनी सोध्नुभयो।

'केही पनि छैन।'

'क्षत्रियहरूको मूल्य कति छ ?' भनी सोध्नुभयो।

'अमूल्य' भनी जवाफ दिए।

'मूल्यरहित पानीको लागि अमूल्य क्षत्रियहरूको नाश गर्नु हुँदैन।' भनी सम्झाउनुभयो र भन्नुभयो-

हामी वैरीहरूमा अवैरी भएर सुखले बाँच्छौं।
वैरी मानिसहरूमा हामी अैरी भएर विहार गर्छौं॥

भगवान्को उपदेश सुनेर शाक्य कोलियबीच विवाद समाप्त भयो। पछि शाक्य, कोलियहरूले आपसमा सल्लाह गरे। यदि हामीले युद्ध गरेको भए हजारौंको ज्यान जाने थियो। त्यसैले केही व्यक्तिहरू भिक्षु भएर जाऔं। त्यसपछि शाक्यबाट २५० जना र कोलियबाट २५० जना प्रव्रजित हुन गए।

## महानाम सुत्त

अंगुत्तरनिकाय (११/२/२) अनुसार त्यससमय भगवान् कपिलवस्तुको न्यग्रोधाराममा १५ औं वर्षावासको लागि विहार गर्नुहुन्थ्यो। भगवान्हरू चारिकामा जान चीवर सिलाएर तयारी गर्दै हुनुहुन्छ भनी थाहा पाएर महान्ाम शाक्यले भगवान्संग भेट गरेर सोध्यो- 'हामी विभिन्न विहार (ध्यान) हरूमा कुन विहारबाट विहार गर्नुपर्छ ?'

'साधु, साधु महान्ाम ! तिमीहरूजस्ता श्रद्धालुहरूले यसरी नै प्रश्न गर्नुपर्छ। श्रद्धालु, उद्योगी, स्मृतिवान, समाहित, प्रज्ञावान यी पांच धर्ममा स्थित भएर ६ उत्तरधर्मको भावना गर।'

'त्यसरी नै उहाँ भगवान् अरहन्त, सम्यक् सम्बुद्ध, विद्याचरणसम्पन्न, सुगत, लोकविज्ञ, अद्वितीय पुरुषदम्य सारथी, देवमनुष्यका शास्ता, बुद्ध, भगवान् पनि हुनुहुन्छ आदि बुद्धानुस्मृति गुणस्मरण गर।'

'सुआख्यात भगवान्को धम्म, सान्दृष्टिक, कालरहित, परीक्षणयोग्य, निर्वाण पुऱ्याइदिने, विज्ञद्वारा विदितयोग्य आदि धम्मानुस्मृति गुणस्मरण गर।'



Downloaded from http://www.dhamma.digital

'सुप्रतिष्ठित भगवान्‌को श्रावकसंघ, ऋजुप्रतिष्ठित भगवान्‌को श्रावकसंघ, ज्ञायप्रतिष्ठित भगवान्‌को श्रावकसंघ, सामीचिप्रतिष्ठित भगवान्‌को श्रावकसंघ, यी जुन चारजोडी पुरुष अष्टपुरुष पुद्‌गलहरू हुन् भगवान्‌का श्रावकसंघ, आह्वानयोग्य, पाहुनायोग्य, दक्षिणायोग्य, वन्दनायोग्य, लोकको अद्वितीय पुण्यक्षेत्र हुनुहुन्छ आदि संघानुस्मृति गुणस्मरण गर ।'

'फेरि आफ्नो दानको स्मरण गर्दै 'मलाई लाभ छ, मलाई सुन्दर जीवन मिल्यो जुन मैले कञ्जुसी चित्तलाई जितेर मानिसहरूको मात्सर्य मलरहित भएर, मुक्तत्यागी खुलाहात दान दिने गर्दछु, दान दिनमा लागेको, याचनायोग्य भएको दान र संविभागमा लीन भएर विहार गर्दछु,' भनी त्यागानुस्मृतिका भावना गर ।'

'अखण्ड, अछिद्र, अबल (निष्पाप) भुजिस्स (उचित) विज्ञद्वारा प्रशंसित, अनिन्दित आफ्नो शीलको शीलानुस्मृति गुणस्मरण गर ।'

'चातुमहाराजिका, तावतिंसा, यामा, तुसिता, निम्मानरति, परनिम्मित वसवत्ती, ब्रह्मकायिक र त्यसभन्दा पनि माथिका देवताहरू जसरी श्रद्धायुक्त भएर मनुष्यलोकमा मृत्यु भएर सुगतिमा जन्मभयो त्यस्तै श्रद्धा, शील, श्रुत, दान, प्रज्ञा मसंग पनि छ' भनी देवतानुस्मृतिको भावना गर ।'

'यसरी भावना गर्ने आदि योगीको चित्त राग, देष, मोहबाट अलग्गिएर तथागतप्रति अकुटिल चित्त हुन्छ र अर्थवेद, धर्मवेदलाई प्राप्त गरी प्रमुदित हुँदै चित्त प्रीतिसहित समाहित भएर बस्दछ । यसैलाई भन्दछ- 'आर्यश्रावक विषम प्रजाहरूमा समतालाई प्राप्त भएर विहार गर्दैछ । द्रोहयुक्त प्रजामा अद्रोहयुक्त विहार गर्दैछ । धर्मस्रोतमा प्रवृत्त भएर बुद्ध...देवतानुस्मृतिको भावना गर्दैछ । यसैलाई तिमी हिंड्दा, उभिंदा, बस्दा, सुत्दा, कामगर्दा र छोराछोरीसंग बस्दा पनि भाविता गर ।'

### विभाजन अयोग्य संघसम्पत्ति

विनय चुल्लवग्ग (६/५/३) अनुसार यस्तो मैले सुनें- भगवान् श्रावस्तीमा इच्छानुसार विहार गर्नुभएर आयुष्मान् सारिपुत्र मौदगल्यायन र ५०० भिक्षुहरूको महाभिक्षुसंघ सहित कीटागिरिमा पुग्नुभयो ।

तब अस्सजित पुनर्वसु भिक्षुहरूले भगवान्‌हरू आउँदैहुनुहुन्छ भन्ने सुनेर 'सारिपुत्र मौद्‌गल्यायन पापेच्छा भएको भिक्षुहरू हुन् । हामीहरूले उनीहरूलाई शयन आसन दिंदैनौं' भनेर विहारको ओछ्यान, खाट आदि आ-आफैको लागि लिएर राखे । भगवान् कीटागिरिमा पुग्नुभएर 'भगवान्‌हरूका लागि आसनको व्यवस्था गर' भनी समाचार पठाउनुभयो ।

पुनर्वसु भिक्षुहरूले 'आसनहरू सबै हामीले बाँडेर लिइसकेका छौं । भगवान् जुन विहारमा चाहनुहुन्छ त्यहीं वास गरोस् । हामी पापेच्छुक सारिपुत्र मौद्‌गल्यायनहरूलाई



Downloaded from http://www.dhamma.digital

शयनासन दिने छैनौं ।'

यो कुरा सुन्नुभएर भगवान्‌ले भन्नुभयो- यी पांच वस्तु विभाजन गर्न अयोग्य छन्-

१) विहार

२) विहारको भवनहरू

३) आसन आदि वस्तुहरू

४) फलामका सामानहरू जस्तै कुटो, कोदालो

५) वाँस, माटो, घाँस आदि त्यसबाट बनेका वस्तुहरू ।

**कीटागिरि सुत्त**

मज्झिमनिकाय (२/२/१०) अनुसार यस्तो मैले सुनें- एक समय भगवान् काशीदेशमा चारिका गर्नुहुँदा भन्नुभयो- 'भिक्षुहरू ! विकाल भोजनबाट विरत भएर भोजन गर । विकाल भोजन नगर्नाले आरोग्य बलयुक्त अनुभव गर्दछु । त्यसैले तिमीहरू पनि विकाल भोजनबाट विरत रहनू ।'

भगवान् काशीदेशमा चारिका गर्नुहुँदै कीटागिरिमा पुग्नुहुँदा पुनर्वसु भिक्षुहरूलाई अन्य भिक्षुहरूले 'हामी विकाल भोजन गर्दनौं, तिमीहरू पनि नगर' भने ।

उनीहरूले 'हामी त विहान, दिनमा र साँझ पनि खान्छौं । त्यसैमा प्रत्यक्ष सुख छ । त्यो छाडेर भविष्यको सुखको लागि दौडिने छैनौं' ।

यो सुन्नुभएर भगवान्‌ले पुनर्वसुहरूलाई बोलाएर भन्नुभयो- 'मैले जानेर नै कुनै सुख वेदना अनुभव गर्दा अकुशल धर्म बढ्ने भएकोले नै त्यस्ता सुख वेदना छाड भनेको हुं र जानेर नै कुनै सुख वेदना अनुभव गर्दा कुशल धर्म बढ्ने हुनाले नै त्यस्ता सुख वेदनालाई प्राप्त गर भनेको हुं ।'

'जो भिक्षु अरहन्त, आस्रवक्षय, कृताकृत्य भइसकेको अशैक्ष छ उसलाई 'प्रमाद र हितभएर विहार गर' भन्दिनं । किनकि उनीहरूले प्रमादरहित भएर गर्नुपर्ने गरिसक्यो । फेरि प्रमाद गर्न सक्दैन । तर जसको आस्रवक्षय भएको छैन त्यस्ता शैक्षलाई 'प्रमादरहित विहार गर' भन्दछु । किनकि त्यस भिक्षुले शयनासनमा कल्याणमित्रको सेवामा, इन्द्रिय संयममा त्यस अनुत्तर ब्रह्मचर्यको फल यसै जन्ममा स्वयं जानेर साक्षात्कार गरी विहार गर्नसकोस् । उनीहरूको अप्रमादको फल देखेर 'प्रमादरहित होऊ' भन्दछु ।'

'अशैक्ष, आर्यपुद्गलहरू सात प्रकारका छन्-

१) उभतोभाग विमुक्त

२) प्रज्ञाविमुक्त

३) कायसाक्षी



Downloaded from http://www.dhamma.digital

४) दृष्टिप्राप्त

५) श्रद्धाविमुक्त

६) धर्मानुसारी

७) श्रद्धानुसारी ।'

'जो भिक्षुले विमोक्षलाई अतिक्रमण गरेर रूप धातुमा आरूप्य धातुलाई प्राप्त गर्छ, त्यसलाई कायले स्पर्श गर्दछ। उसलाई प्रज्ञाले देखेर आस्रवबाट मुक्त हुन्छ, उसलाई काय उभतोभाग विमुक्त भनिन्छ। त्यस्तालाई 'प्रमादरहित भई विहार गर' भन्दिनं ।'

'जो विमोक्षलाई पार गरेर रूपमा आरूप्यलाई प्राप्त गर्दछ तर कायले स्पर्श गर्दैन, तापनि प्रज्ञाले देखेर आस्रव नाश हुन्छ उसलाई प्रज्ञाविमुक्त भनिन्छ। त्यस्तालाई 'प्रमादर हित भई विहार गर' भन्दिनं ।'

'जो विमोक्षलाई पार गरेर रूपमा आरूप्यलाई प्राप्त गर्दछ तर कायले स्पर्श गर्दैन तापनि प्रज्ञाले देखेर कुनै कुनै आस्रव नष्ट हुन्छ, उसलाई कायसाक्षी भनिन्छ। त्यस्तालाई 'प्रमादरहित भई विहार गर' भन्दिनं ।'

'जो विमोक्षलाई पार गरेर रूपमा आरूप्यलाई प्राप्त गर्दछ तर कायले स्पर्श गर्दैन, कुनैकुनै आस्रव क्षय भइसक्यो, प्रज्ञाद्वारा तथागतको धर्मलाई जानेको हुन्छ, उसलाई दृष्टिप्राप्त भनिन्छ। त्यस्तालाई 'प्रमादरहित भई विहार गर' भन्दिनं ।'

'जो विमोक्ष...आस्रव क्षय भइसक्यो, तथागतले धर्ममा श्रद्धाले प्रतिस्थित भइसक्यो, उसलाई श्रद्धाविमुक्त भनिन्छ। त्यस्तालाई 'प्रमादरहित भई विहार गर' भन्दिनं ।'

'जो विमोक्ष...क्षय भइसक्यो, प्रज्ञाद्वारा तथागतको बताउनुभएको धर्म उसको लागि मात्रशः निध्यानयोग्य भएको छ, उसलाई पञ्चेन्द्रिय धर्म प्राप्त छ उसलाई धर्मानुसारी भनिन्छ। त्यस्तालाई 'प्रमादरहित भई विहार गर' भन्दिनं ।'

'जो विमोक्ष...क्षय भइसक्यो, तथागतको धर्ममा उसको श्रद्धा मात्र हुन्छ र पञ्चेन्द्रिय धर्म प्राप्त हुन्छ, उसलाई श्रद्धानुसारी भनिन्छ। त्यस्तालाई 'प्रमादरहित भई विहार गर' भन्दिनं ।'

'म पहिलेदेखि नै आज्ञा (ज्ञान) लाई आरधना भन्दिनं। तर क्रमैले शिक्षा, क्रिया, प्रतिपदले आज्ञाको आराधना हुन्छ। यसको लागि श्रद्धावान भएर ज्ञानीको नगिच जानुपर्छ, धर्मलाई परीक्षा गर्नुपर्छ, अर्थको परीक्षा गर्नुपर्छ, धर्मको निध्यान योग्य भएपछि छन्द, उत्साह, उत्थान उत्पन्न हुन्छ, प्रधान गर्दै कायले नै परमसत्यको साक्षात्कार गर्छ। यदि त्यो श्रद्धा पनि भएन भने ती केही पनि हुँदैन र विप्रतिपन्न भएर मिथ्याप्रतिपन्न हुन्छ। त्यस्तो मोघपुरुष धर्मविनयदेखि टाढिन जान्छ ।'



Downloaded from http://www.dhamma.digital

'भिक्षुहरू ! चतुष्पद व्याकरण हुन्छ, जसको अर्थलाई ग्रहण गर्दा विज्ञपुरुष छिट्टै प्रज्ञालाई जान्दछ । जो शास्ता आमिषलिप्त (सम्पत्तिवान), आमिषदायाद (भोगलाई लिने) आमिषको लागि चिन्तित हुन्छ, उसले पनि ठोकुवा गर्दैन 'यदि हामी यस्तो भयौं भने यस्तो गर्दछौं' 'यदि भएनौं भने यस्तो गर्दैनौं' भने तथागत जो आमिषबाट अलिप्त भएर विहार गर्नेलाई त के भन्ने ?'

'जब श्रद्धालु श्रावकले 'भगवान् शास्ता हुनुहुन्छ, म श्रावक । भगवान्को वर्तमान समयमा नै भगवान्को धर्मलाई चाहे छाला, नसा, हड्डी मात्र बचोस् । शरीरको रगतमासु सुखेर जाओस् पराक्रमद्वारा प्राप्त हुनेलाई प्राप्त नगरेसम्म मेरो उद्योग रोक्ने छैन' भनी व्याकरण गर्नेलाई चतुप्पद व्याकरण भनिन्छ ।' त्यसरी चतुष्पद व्याकरण गरेर आचरण गर्ने श्रावकलाई यसै जन्ममा परमज्ञान वा उपधि रहन गए अनागामी फल प्राप्त हुन्छ ।'

भगवान्को भाषणलाई भिक्षुहरूले अभिनन्दन गरे । त्यहाँबाट चारिका गर्नुहुँदै आलवीमा अग्गालव चैत्यमा विहार गर्नुभयो । भगवान्को सोह्रौं वर्षावास आलवक यक्षलाई दमन गरेर आलवीमा बिताउनुभयो ।

## ३२. लक्षण

दीघनिकाय (२/१) अनुसार सम्यक् सम्बुद्ध हुने व्यक्तिको ३२ लक्षण यसप्रकार छन् -

१) सुप्रष्ठित पाइताला (समथर पाइताला अर्थात बीचमा खाल्डो नपरेका

२) पाइतालामा सहस्र चक्र, जसको भित्री बाहिरी घेरा र नाभिमा परिपूर्ण चिन्ह हुनेछ ।

३) ठूलो, फैलिएको कुर्कच्चा

४) ठूलो औंला

५) मृदुतरुण हस्तपाद

६) जाल हस्तपाद

७) उत्संगपाद

८) एणेयजंग (हरिणजस्तो जीउ भएको)

९) लामो हात (हातको टुप्पा घुंडासम्म पुगेको)

१०) कोषले ढाकिएको गुह्येन्द्रिय (लिंग)

११) सुवर्ण वर्ण

१२) सूक्ष्म छवि

१३) प्रत्येक रोमकुपमा एउटा मात्र रौं



Downloaded from http://www.dhamma.digital

१४) नीलो रंगको, दाहिने बाट घुमेको, टुप्पा मास्थिर फर्केको रौं
१५) ब्रह्मा जस्तै नकुप्रिने सीधा ढाड
१६) सप्तस्थान हृष्टपुष्ठ (दुइटा हात, दुइटा खुट्टा, दुइटा कुम, एउटा टाउकोसहितको गर्धन)
१७) सिंह पूर्वार्ध काय (सिंहजस्तै माथिल्लो शरीर)
१८) चितान्तरांस (दुबै कुम परिपुष्ट हुनेगरी समथर भएको)।
१९) निग्रोध परिमण्डल (बरको बोटजस्तै बस्दाखेरिको खुट्टा आसन सुहाउँदो शरीरको लम्बाई)
२०) समवर्तित स्कन्ध (राम्ररी गोलो परेको गर्धन)
२१) रसग्गसग्गि (तुरुन्त स्वाद लिन सक्ने जिब्रो)
२२) सिंहहनु (सिंहजस्तै चिउँडो)
२३) चौंतिस दाँत
२४) समदन्त (बराबर मिलेको दाँत)
२५) अविरल दन्त (दाँतबीच प्वाल नभएको)
२६) स्वेत दन्त (सेतो दाँत)
२७) प्रभूत जिह्वा (जिब्रो निकाल्दा जिब्रोको टुप्पाले नाक छुनसक्ने)
२८) ब्रह्मस्वर (करवीक चराजस्तै सुमधुर स्वर ।)
२९) अभिनील नेत्र (आलस फूलजस्तै नीलो आँखा)
३०) बाछाजस्तै सुन्दर आँखिभौं
३१) भमुकन्तर (नाकभित्र मसिनो कपासजस्तै सेतो रौं)
३२) उण्णीष शीर्ष (भृकुटीमा मास्थिर फर्केको ठाडो सेतो रौं-उण्णा)।

चक्रवर्ती राजाको ३१ लक्षण मात्र हुने र बुद्धको ३२ लक्षण हुने भनिएकोमा ३२ सौं लक्षण दीर्घ उण्णीष शीर्ष- बुद्ध हुने व्यक्तिमा मात्र पाइन्छ । त्यसैले त्यो उण्णा देखेर कोन्डञ्ञ ब्राह्मणले 'यो बालक भविष्यमा गृहस्थ नभएर गृहत्याग नै गर्दछ र बुद्ध हुनेछ' भनी घोषणा गर्नसकेको हो । यही उर्णाको विशेषता झल्काउने आजकाल स्वयम्भूको आँखामा, दुइ आँखाबीच उल्टा प्रश्न चिन्हजस्तै संकेत राखिएको छ ।

जिज्ञाशा: भगवान् बुद्धको ३२ लक्षण हेर्न आउने अम्बट्ठ आदिले ३० ओटा मात्र लक्षण देख्यो र बाकी २ वटा जस्तै- २७ औं प्रभूत जिह्वा र १० औं कोषले ढाकिएको गुह्येन्द्रिय भगवान् बुद्धले योगबलले देखाउनुभयो । जब जिब्रो नै भगवान्ले देखाउनुपऱ्यो भने २१ औं रसग्गसग्गि (तुरुन्त स्वाद लिनसक्ने जिब्रो) जिब्रोको गुण कसरी पहिले नै थाहा पाउन सक्यो ?



Downloaded from http://www.dhamma.digital

# १९ औं वर्षावास
## आलवी
(वर्ष ५० - बु.स. पूर्व ३०)

**हत्थक सुत्त**

अंगुत्तरनिकाय (८/१/३/४) अनुसार यस्तो मैले सुने- एक समय भगवान् आलवीको अग्गालय चैत्यया विहार गर्नुहुन्थ्यो। हत्थक आलवकलाई भगवान्ले भन्नुभयो- 'कसरी तिमीले यति ठूलो परिषदलाई संग्रह गर्दछौ ?'

'भन्ते ! तपाईंले जुन चार संग्रह वस्तुको उपदेश दिनुभएको थियो, त्यसैअनुसार १) दान दिन योग्यलाई दान दिएर २) सेवा गर्न योग्यलाई सेवा गरेर ३) अर्थचर्या योग्यलाई अर्थचर्या गरेर ४) समानताको योग्यलाई समानताको व्यवहार गरेर संग्रह गर्दछु।

भगवान्को साधुकारसहित धर्मदेशना सुनेर हत्थक आलवक फर्केर गएपछि भगवान्ले भिक्षुहरूलाई भन्नुभयो- 'हत्थक आलवक आठ आश्चर्य धर्महरूले युक्त छ- १) श्रदालु छ २) शीलवान छ ३) लज्जालु छ ४) धर्मभीरु छ ५) बहुश्रुत छ ६) दानी छ ७) प्रज्ञावान छ ८) अल्पेच्छुक छ।'

त्यसपछि भगवान् चारिका गर्दै राजगृह पुग्नुभयो।

**सन्दक सुत्त**

मज्झिमनिकाय (२/३/६) अनुसार यस्तो मैले सुने- एक समय कौशाम्बीको घोषितारामममा विहार गर्नुहुन्थ्यो। ५०० परिव्राजक शिल्पसहित सन्दक परिव्राजक प्लक्षगुफामा वास गर्दथ्यो। एक भेटमा आयुष्मान् आनन्दले सन्दक परिव्राजकलाई भन्नुभयो- 'चार अब्रह्मचर्यवास छन्। जसमा विज्ञपुरुष आफ्नो शक्तिभर ब्रह्मचर्यवास गर्दैनन्। गरेमा न्याय, कुशल धर्मलाई प्राप्त गर्न सक्दैन। जस्तै-

१) **कोहीकोही गुरुको यस्तो दृष्टिकोण हुन्छ-** 'दानादि धर्मको फल छैन, परलोक छैन, आमाबाबा छैनन्, चार महाभूत छैन। मरेपछि चार महाभूत नाश भएर जान्छन् ओपपातिक प्राणी छैन, लोकमा सत्य प्राप्त श्रमण ब्राह्मण छैन, जसले स्वयं जानेर अरुलाई बताउन सकोस्। मृत्यु पछि कोही पनि रहँदैन। पृथ्वी पृथ्वीमा, जल जलमा, अग्नि अग्निमा, वायु वायुमा मिसिन्छन्।' यसबारे कोहीकोही विज्ञपुरुष विचार गर्छ- 'त्यस्तो नास्तिक विचार लिएर बसेमा मेरो केही लाभ हुने छैन्। यदि गुरुको भनाई सत्य हो भने



Downloaded from http://www.dhamma.digital

नगरे पनि गरेको हुन्छ, गुरु र शिष्य एउटै हुन्छ, किनकि दुबै मृत्युपछि विनष्ट हुन्छ। तब गुरुको प्रव्रज्या वेकार छ। त्योभन्दा छोराछोरीसहित मोजमस्ती गरी गृहस्थ भई बसेर पनि शास्तासरह गति प्राप्त हुन्छ।' तब ऊ त्यस्तो गुरुलाई छाडेर जान्छ। यो पहिलो अब्रह्मचर्यवास हो।'

२) **अर्को गुरुको यस्तो दृष्टिकोण हुन्छ–** 'गरेर, गराएर, काटेर कटाएर, हिंसा चोरी, मिथ्याचार, भूठो आदि जेसुकै पाप गरे तापनि अकुशल कर्मको फल आउँदैन। दान, शील, भावना आदि जेसुकै पुण्य गरे तापनि कुशल कर्मको पनि फल आउँदैन।' यसबारे कोहीकोही विज्ञपुरुष विचार गर्छ- 'त्यस्तो नास्तिक विचार लिएर बसेमा मेरो केही लाभ हुने छैन्। यदि गुरुको भनाई सत्य हो भने नगरे पनि गरेको हुन्छ, गुरु र शिष्य एउटै हुन्छ, किनकि दुबै मृत्युपछि विनष्ट हुन्छ। तब गुरुको प्रव्रज्या वेकार छ। त्यो भन्दा छोराछोरी सहित मोजमस्ती गरी गृहस्थ भई बसेर पनि शास्तासरह गति प्राप्त हुन्छ।' तब ऊ त्यस्तो गुरुलाई छाडेर जान्छ। यो दोश्रो अब्रह्मचर्यवास हो।'

३) **कोही गुरुको यस्तो धारणा हुन्छ–** 'विनाहेतु विनाप्रत्ययले प्राणीको संक्लेश उत्पन्न हुन्छ। विनाहेतु विनाप्रत्ययले प्राणीको विशुद्धि हुन्छ त्यसैले प्राणीहरूको मनोविकार को कुनै कारण छैन, शुद्धिको पनि कुनै कारण छैन। मेहनत पुरुषार्थ गर्न आवश्यक छैन। सबै नियतीको वशमा हुन्छ।' यसबारे कोहीकोही विज्ञपुरुष विचार गर्छ- 'त्यस्तो नास्तिक विचार लिएर बसेमा मेरो केही लाभ हुने छैन्। यदि गुरुको भनाई सत्य हो भने नगरे पनि गरेको हुन्छ, गुरु र शिष्य एउटै हुन्छ, किनकि दुबै मृत्युपछि विनष्ट हुन्छ। तब गुरुको प्रव्रज्या बेकार छ। त्यो भन्दा छोराछोरी सहित मोजमस्ती गरी गृहस्थ भई बसेर पनि शास्तासरह गति प्राप्त हुन्छ।' तब ऊ त्यस्तो गुरुलाई छाडेर जान्छ। यो तेस्रो अब्रह्मचर्यवास हो।'

४) **कोही गुरुको विचार हुन्छ–** 'पृथ्वी, जल, अग्नि, वायु, सुख, दुःख र जीव यी सात विषयहरू निर्मातारहित छन्। त्यसैले यसमा विकृति भन्ने हुँदैन। न एक अर्कोलाई हानि पुऱ्याउँछ, न सुख दुःखको आधार हुन्छ। यिनीहरूको हिंसा हुँदैन। यी सबै चौरासी हजार महाकल्पसम्म दौडिएर समाप्त हुन्छन्। त्यसैले मुर्ख विद्वान भन्ने कुनै भेदभाव हुँदैन।' यसबारे कोहीकोही विज्ञपुरुष विचार गर्छ- 'त्यस्तो नास्तिक विचार लिएर बसेमा मेरो केही लाभ हुने छैन्। यदि गुरुको भनाई सत्य हो भने नगरे पनि गरेको हुन्छ, गुरु र शिष्य एउटै हुन्छ, किनकि दुबै मृत्युपछि विनष्ट हुन्छ। तब गुरुको प्रव्रज्या बेकार छ। त्यो भन्दा छोराछोरीसहित मोजमस्ती गरी गृहस्थ भई बसेर पनि शास्तासरह गति प्राप्त हुन्छ।' तब ऊ त्यस्तो गुरुलाई छाडेर जान्छ। यो चौथो अब्रह्मचर्यवास हो।'

यसैगरी चार अनाश्वासिक (सन्तोष नदिने) ब्रह्मचर्य छन्। जस्तै-



Downloaded from http://www.dhamma.digital

१) **कोही गुरुको विचार हुन्छ–** 'हिंड्दा, बस्दा, सुत्दा, उभिंदा सदासर्वदा मलाई ज्ञान उपस्थित हुन्छ ।' तर भिक्षाटन जाँदा भिक्षा पाउँदैन, कुकुर आदिले टोक्ने दुःख दिने गर्छ, सर्वज्ञताको दावा गरेर पनि मानिसहरूको नाम गोत्र सोध्दछ, गाउँ नगरको बाटो सोध्दछ । कसैले सर्वज्ञ भएर पनि 'किन सोध्नुभयो' भनी सोधेमा जवाफ दिन्छ- 'भिक्षा नपाउनु थियो पाएन, कुकुर आदिद्वारा टोकाउनु थियो टोक्यो, दुःख पाउनु थियो पाइयो ।' यस्तो विचार भएको गुरुसंग बस्दा कोही विज्ञ शिष्यलाई सन्तोष हुँदैन र छाडेर जान्छ ।'

२) **कोही गुरुको विचार हुन्छ–** 'ग्रन्थलाई प्रमाण मान्छ। ग्रन्थमा जे छ त्यहीअनुसार धर्मदेशना गर्छ । ग्रन्थमा लेखिएको सही पनि हुनसक्छ नहुन पनि सक्छ । तब विज्ञ शिष्यलाई सन्तोष हुँदैन र छाडेर जान्छ ।'

३) **कोही गुरु तार्किक हुन्छ–** तर्कको बलमा उपदेश हुन्छ। तर उसको तर्क सुतर्क पनि हुन सक्छ, दुतर्क पनि । यथार्थपनि हुनसक्छ, अयथार्थ पनि । यसैले कोही शिष्य असन्तोष भएर छाडेर जान्छ ।

४) **कोही गुरु भन्दा शिल्प बढी बुद्धिको हुन्छ–** शिल्पले सोधेको प्रश्नको जवाफ सही जवाफ दिन नसक्दा असन्तोष हुन्छ। 'यो मेरो मत होइन', 'त्यो पनि होइन' भनी निर्णय दिन नसक्ने हुन्छ। यसैले कोही शिष्य असन्तोष भएर छाडेर जान्छ।

तर तथागतका श्रावकहरू शील परिसुद्ध गरी पञ्चनीवरण हटाई प्रथम ध्यानादि ध्यान लाभ गरी चार दिशा मैत्री भावना गरी चित्त विमुक्ति प्राप्त गरी बस्दछ। यस्ता व्यक्तिहरूले अकुशल कर्मबाट अलग भइसकेका हुन्छन्।

'जसरी हाथखुट्टा काटिएको मानिसलाई आफ्नो हाथ खुट्टा काटिएको निरन्तर याद भइरहन्छ त्यसरी नै प्रत्यवेक्षण गर्ने क्षीणास्रवीलाई 'म आश्रव क्षय भइसकें' भनी थाहा हुन्छ।

आयुष्मान् आनन्दको भाषणलाई अभिनन्दन गरेर सन्दक परिव्राजकले आफ्ना परिषदलाई भगवान्काहाँ ब्रह्मचर्यवास गर्न प्रेरणा दियो तर लाभ सत्कार प्रशंसा छोड्न नसकेर आफू जाने इच्छा गरेन ।

आलवीबाट चारिका गर्नुहुँदै भगवान् राजगृहको वेलुवन कलन्दक निवासमा विहार गर्नुभयो। त्यसबेला राजगृहमा दुर्भिक्ष थियो।



Downloaded from http://www.dhamma.digital

# १७ औं वर्षावास
## राजगृह
(वर्ष ५१ - बु.स. पूर्व २९)

**महासुकुलदायी सुत्त**

मज्झिमनिकाय (२/३/७) अनुसार यस्तो मैले सुने- एक समय भगवान् राजगृहको वेलुवन कलन्दक निवापमा विहार गर्नुहुन्थ्यो । मोरनिवाप परिव्राजकाराममा सुकुल उदायी लगायत अन्य प्रख्यात परिव्राजकहरू बास गर्दथे । एक दिन भगवान्संग सुकुल उदायी परिव्राजकको भेट भयो ।

उसले भन्यो- 'एक दिन कौतूहलशालामा छलफल हुंदा कसैले पूर्ण काश्यप, कसैले मक्खली गोसाल, कसैले अजित केशकम्बल, कसैले प्रकुध कात्यायन, कसैले संजय वेलट्ठिपुत्र, कसैले निर्ग्रन्थनाथपुत्र महान् छ, जसले अत्यधिक लाभ प्राप्त गर्दछ ।' भनी विभिन्न प्रकारले प्रशसां गरे । साथै एकले अर्कोको गुरुको आलोचना पनि गरे । कसैले श्रमण गौतमको पनि प्रशंसा गरे । किनकि शास्ताले धर्मदेशना गर्दा भिक्षुहरूले खोक्ने पनि गर्दैनन् । कसैले खोकिहाले तापनि अर्कोले चुप गराउँछन् । सबै शान्ति प्रेमी छन् । यदि शास्ताको शासन छाडेर गृहस्थ भएपनि उसले शास्ताको प्रशंसा नै गर्दछ, धर्मको प्रशंसा गर्दछ, संघको प्रशंसा गर्दछ । आफ्नै निन्दा गर्दछ र भन्दछ कि 'म नै अभागी छु जसले भिक्षु जीवन सदाको लागि बिताउन पाएन ।' ऊ आरामिक (विहार सेवक) वा गृहस्थ भए पनि पञ्चशील पालन गरेर बस्छ । त्यसैले श्रमण गौतम नै पूजनीय, महान् छ ।'

तब भगवान्ले सोध्नुभएको जवाफ दिंदै सुकुल उदायी परिव्राजकले भन्यो- 'म पांच धर्मलाई देख्दछु जसले गर्दा श्रावकहरू तपाईंलाई पुज्दछु । भगवान्-

१) अल्पाहारमा सन्तुष्ठ र अल्पाहारको प्रशंसक हुनुहुन्छ ।

२) चीवरमा सन्तुष्ठ र चीवरमा सन्तोषीको प्रशंसक हुनुहुन्छ ।

३) पिण्डपातमा सन्तुष्ठ र पिण्डपातको सन्तोषीको प्रशंसक हुनुहुन्छ ।

४) शयनासनमा सन्तुष्ठ र शयनासानमा सन्तोषीको प्रशंसक हुनुहुन्छ ।

५) एकान्तवासमा सन्तुष्ठ र एकान्तवासीको प्रशंसक हुनुहुन्छ ।'

'उदायी यदि अल्पहारी कै कारणले मेरो प्रशंसा गरेको हो भने मेरा श्रावकहरू मभन्दा बढी अल्पहारी छन् । कम खाने छन् । कहिले काहीं म पात्रभरि पनि खान्छु, बढी पनि खान्छु ।'



Downloaded from http://www.dhamma.digital

'यदि चीवरमा सन्तोषकै कारणले मेरो प्रशंसा गरेको हो भने मेरा श्रावकहरू मभन्दा बढी सन्तोषी छन् । मेरा श्रावकहरू श्मसानमा फ्यालेको पांशुकुलिक (बाटोमा फ्यालेको) कपडा, जोडेको कपडा लगाउने पनि छन् । म त मूल्यवान चीवर लाउने पनि गर्छु ।'

'यदि पिण्डपातमा सन्तोषकै कारणले मेरो प्रशंसा गरेको हो भने मेरा श्रावकहरू मभन्दा बढी सन्तोषी छन् । मेरा श्रावकहरू एक घर पनि नछाडी भिक्षा मागेर मात्र खाने पनि छन्, अरुको निमन्त्रणा स्वीकार नगर्ने पनि छन् । म त दरवारको निमन्त्रणा पनि स्वीकार गर्दछु ।'

'यदि एकान्तवासमा सन्तोषकै कारणले मेरो प्रशंसा गरेको हो भने मेरा श्रावकहरू मभन्दा बढी सन्तोषी छन् । मेरो श्रावकहरू जंगलमा मात्र वास गर्ने पनि छन्, श्मसानमा वास गर्ने पनि छन् । म त उपासक, उपासिका, भिक्षुसंघ, राजमहामात्य, अन्यमतावलम्वीको भीडभाडमा बस्ने पनि गर्दछु ।'

'यदि शयनासनमा सन्तोषकै कारणले मेरो प्रशंसा गरेको हो भने मेरा श्रावकहरू मभन्दा बढी सन्तोषी छन् । मेरा श्रावक रुखमुनि सुत्ने वृक्षमुलिक पनि छन्, खुला आकाशमा सुत्ने अब्भोकासिक पनि छन्, जो वर्षात समयमा बाहेक आठ महिना छतमुनि बस्दैन । म त कहिले कहिले हावा नआउने बन्द कोठामा पनि विहार गर्दछु । त्यसैले उदायी यी ५ धर्मले मेरो प्रशंसा हुँदैन ।'

'अन्य ५ धर्म छन् जसले श्रावकहरू मेरो प्रशंसा गर्दछन्-

१) शील- श्रमण गौतम शीलवान, परम शीलस्कन्धयुक्त छ ।

२) ज्ञानदर्शन- श्रमण गौतम जानेर नै भन्नुहुन्छ, नजानेर होइन । अनुभव गरेर नै भन्नुहुन्छ अनुभव नगरी होइन । कारणसहित भन्नुहुन्छ, अकारणले होइन ।

३) प्रज्ञा- श्रमण गौतम परम ज्ञानस्कन्धयुक्त हुनुहुन्छ । उहाँको लागि भविष्यको वादविवादको मार्गलाई देखेर विरोधी वादलाई खण्डन गर्न नसक्ने हुनुहुन्छ ।

४) दुःख आर्यसत्य- श्रावक आएर चार आर्यसत्य बारे सोध्छन्, सोधेअनुसार बताएर उनीहरूलाई सन्तोष गराउनुहुन्छ ।

५) प्रतिपद- सैंतीस बोधिपक्षिय धर्म बताएअनुसार अभ्यास गरेर अभिज्ञा पारमिता प्राप्त भएर विहार गर्नुहुन्छ ।'

श्रावकहरू आठ विमोक्षको भावना गर्दछन्-

१) रूपी रूपलाई देख्दछ

२) भित्री अरूपसंज्ञी बाहिरी रूपलाई देख्दछ



Downloaded from http://www.dhamma.digital

३) शुभ अधिमुक्त

४) आकाशानन्त्यायतन

५) विज्ञानन्त्यायतन

६) आकिंचन्यायतन

७) नैवसंज्ञानासंज्ञायतन ।

आठ अभियुक्त आयतनको भावना गर्दछन्-

१) भित्री रूप बाहिरी सुवर्ण दुर्वर्ण रूपलाई देख्दछ ।

२) अध्यात्म रूपसंज्ञी बाहिरी वर्णलाई अप्रमाण रूपलाई देख्दछ ।

३) अध्यात्ममा अरूपसंज्ञी बाहिरीलाई क्षुद्र वर्णरूपलाई देख्दछ ।

४) अध्यात्ममा अरूपसंज्ञी बाहिरी अप्रमाण रूपलाई देख्दछ ।

५) अध्यत्म रूपसंज्ञी बाहिरी नीलवर्ण (नीलाभास) रूपलाई देख्दछ ।

६) अध्यात्म अरूपसंज्ञी बाहिरी पीतवर्ण (पीताभास) रूपलाई देख्दछ ।

७) अध्यात्म अरूपसंज्ञी बाहिर लोहित वर्ण (लोहिताभास) रूपलाई देख्दछ ।

८) अध्यात्म अरूपसंज्ञी बाहिरी अवदातबर्ण (अवदाताभास) रूपलाई देख्दछ ।

पथवी, आपो, तेजो, वायो, नील, पीत, लोहित, अबदात, आकाश, विज्ञान आदि दश कसिणको भावना गर्दछ । प्रथम आदि ध्यान प्राप्त गर्दछ । अनित्य, अनात्म दर्शन गर्दछ । ऋद्धि, शक्ति, दिव्यचक्षु, दिव्यस्रोत, परचित्त ज्ञान, पूर्वेनिवास ज्ञान, च्यूत उत्पत्ति ज्ञान, प्रज्ञा विमुक्ति ज्ञान प्राप्त गर्दछ । यिनै कारणले श्रावकहरू मेरो प्रशंसा गर्दछन् ।

सकुलउदायीले भगवान्को भाषणलाई अभिवादन गऱ्यो ।

Dhamma.Digital

### सिगालोवाद सुत्त

दीघनिकाय (३१/२/११) अनुसार यस्तो मैले सुने- एक समय भगवान् राजगृहको वेलुवन कलन्दक निवापमा विहार गर्नुहुन्थ्यो । सिगाल गृहपतिपुत्र विहानै उठेर नुहाइधुवाई गरेर भिजेकै केश लिएर, हात जोडेर पूर्व, पश्चिम, उत्तर, दक्षिण, माथिल्लो, तल्लो आदि ६ दिशामा नमस्कार गर्ने गर्दथ्यो । एक दिन भगवान्ले देख्नुभएर सोध्नुभयो- 'गृहपति पुत्र ! किन तिमी विहानै उठेर यसरी नमस्कार गर्दछौ ?'

'बाबाले भन्नुभएअनुसार दिशाहरूलाई नमस्कार गरेको हुं ।' भनी जवाफ दियो ।

तब भगवान्ले भन्नुभयो- 'आर्यविनयमा ६ दिशाको नमस्कार गर्ने तरिका अलग्गै छ । ध्यान दिएर सुन ।'

'जब आर्य श्रावकको चार कर्मक्लेश छुट्छन्, चार स्थानले पाप कर्म गर्दैनन् भोगको विनाशको कारणहरूलाई सेवन गर्दैनन् तब ऊ चौध खराबीबाट मुक्त भएर, ६



Downloaded from http://www.dhamma.digital

दिशाहरूलाई नमस्कार गरेर लोकको विजयमा संलग्न हुन्छ। ऊ मृत्युपछि सुगति प्राप्त गर्दछ।'

**'चार कर्मश्लेश छन्-**

१) प्राणीहिंसा

२) चोरी

३) झूठो बोल्नु

४) काम मिथ्याचार।'

**'चार पापकर्म गर्ने कारण-**

१) स्वेच्छाचारी भएर

२) क्रोधको कारणले

३) मोहको कारणले

४) भयको कारणले।'

**'भोगको अपायमुख-**

१) मादक पदार्थको सेवन

२) विकालमा घुम्नु जानु

३) नाच तमाश हेर्नु

४) जूआ आदि खेल्नु

५) पापमित्रको संगत

६) अलसी हुनु।'

**'मादक पदार्थ सेवन गरेको दुष्परिमाण-**

१) धनको हानि

२) झगडा हुने

३) रोग बढ्ने

४) अपयश हुने

५) निर्लज्ज हुने

६) बुद्धिहीन हुने।'

**'विकालमा भ्रमण गर्नुको दुष्परिणाम-**

१) स्वयं असुरक्षित कर्म गर्ने।

२) परिवार सदश्य असुरक्षित कर्म गर्ने।

३) धन सम्पत्ति असुरक्षित कर्म गर्ने।



Downloaded from http://www.dhamma.digital

४) खराब काम हुने शंका कर्म गर्ने ।

५) झुठा आरोप लाग्ने कर्म गर्ने ।

६) दुःख कारक कर्म गर्ने ।'

**'नाच तमाशा हेर्नुको दुष्परिणाम-**

१) आज कहाँ नाच छ ? भनी चिन्तित हुनु ।'

२) कहाँ वाचवादन छ ? भनी चिन्तित हुनु ।'

३) कहाँ आख्यान छ ? भनी चिन्तित हुनु ।'

४) कहाँ पाणिस्वर (गान) छ ? भनी चिन्तित हुनु ।'

५) कहाँ कुम्भषूण (विशेष वाद्यवादन) छ ? भनी चिन्तित हुनु ।'

**'जूवा खेल्नुको दुष्परिणाम-**

१) जित भएमा शत्रुता बढ्ने

२) पराजित हुंदा शोक बढ्ने

३) धनको हानि

४) समाजमा अविश्वास

५) मित्र अमात्यद्वारा तिरस्कृत

६) विवाह हुन गाह्रो ।'

**'पापमित्रको मित्रताको दुष्परिणाम-**

१) धूर्त नै उसको मित्र हुन्छ ।'

२) शौण्ड नै उसको मित्र हुन्छ ।'

३) पियक्कड नै उसको मित्र हुन्छ ।'

४) कृतघ्न नै उसको मित्र हुन्छ ।'

५) वंचक (ठगाहा) नै उसको मित्र हुन्छ ।'

६) गुण्डाहरू नै उसको मित्र हुन्छ ।'

**'आलश्यको दुष्परिणाम-**

१) अहिले जाडो छ भनी काम नगर्ने ।'

२) गर्मी छ भनी काम नगर्ने ।'

३) सवेरै छ भनी काम नगर्ने ।'

४) सांझ परिसक्यो भनी काम नगर्ने ।'

५) भोको छुं भनी काम नगर्ने ।'

६) खाएको छुँ भनी काम नगर्ने ।'



Downloaded from http://www.dhamma.digital

**'अमित्रको प्रकार-**

१) परधन हारक (नाश गर्ने) अमित्र

२) वचीपरम (कुरा मात्र बनाउने) अमित्र

३) प्रीयभाणी (मीठो वचन मात्र बोल्ने) अमित्र

४) अपाय सहायक (अयोग्य काम गर्ने) अमित्र ।'

**'परधन हारक (नाश गर्ने) अमित्रको लक्षण-**

१) परधन नाश गरिदिने,

२) थोरै दिएर धेरै पाउने इच्छा गर्ने

३) विपत्ति ल्याउने काम गर्ने

४) स्वार्थको लागि काम गर्ने ।'

**'वचीपरम (कुरा मात्र बनाउने) अमित्रको लक्षण-**

१) भूतकालिक विषयको प्रशंसा गर्ने ।

२) भविष्यको प्रशंसा गर्ने ।

३) निरर्थक कुराको प्रशंसा गर्ने ।

४) वर्तमान काममा भने सहयोग नगर्ने वा भाग्ने ।'

**'प्रियभाणी (मीठो वचन बोल्ने) अमित्रको लक्षण-**

१) खराब काम गर्नमा अनुमति दिने

२) अशल काम गर्नमा पनि अनुमति दिने

३) अगाडि प्रशंसा गर्ने

४) पछाडि कुरा काट्ने ।'

**'अपाय सहायक अमित्रको लक्षण-**

१) मादक पदार्थ सेवन गर्ने आदि प्रमादी कामका सहयोग गर्न फसाउंने ।

२) विकाल भ्रमण गर्ने ।

३) नाच गान तमाशा हेर्नमा प्रेरणा दिने ।

४) जूआ आदि खेल्नमा प्रेरणा दिने ।'

*परधनहारी र जो वचीपरम मित्र छ ।*
*प्रियभाणी मित्र र जो अपायमा मित्र छ ॥*
*यी चारै अमित्र हुन् यसरी जानेर विद्वान ।*
*खतरायुक्त मार्गजस्तै टाढैबाट छोडिदेओस् ॥*



Downloaded from http://www.dhamma.digital

**'सुहृदयी मित्रहरू-**

१) उपकारी

२) सुखदु:खमा भागिदारी

३) अर्थआख्यायी (समस्या समाधानमा सहयोगी)

४) अनुकम्पक ।'

**'उपकारी मित्रको लक्षण-**

१) गल्ती गराउनबाट रक्षा गर्दछ ।

२) सम्पत्तिको रक्षा

३) भय आदि बाट रक्षा

४) कामपर्दा बढी फलदायी काम गराउने ।'

**'सुखदु:खमा भागिदारी मित्रको लक्षण-**

१) साथीलाई गोप्य कुरा बताउंछ

२) साथीको गोप्य कुरालाई गोप्य राख्दछ

३) आपदमा छाड्दैन

४) साथीको लागि प्राण पनि दिने ।'

**'अर्थ आख्यायी मित्रको लक्षण-**

१) पापको निवारण गर्दछ

२) पुण्यको प्रवेश गराउंछ

३) नजानेको सिखाउँदछ

४) सुगति मार्ग बताउंछ ।'

**'अनुकम्पक मित्रको लक्षण-**

१) सम्पत्ति नाश हुंदा खुशी हुँदैन

२) प्राप्त हुंदा दु:खी हुँदैन

३) मित्रको निन्दा गराउनेलाई रोक्दछ

४) प्रशंसा गर्दा प्रशंसा गर्दछ ।'

*जो मित्र उपकारक हुन्छ, जो सुखदु:खमा साथ बन्छ ।*
*जो मित्र अर्थआख्यायी हुन्छ, जो मित्र अनुकम्पक हुन्छ ॥*
*यही चार मित्र हुन् बुद्धिमान यसरी जानेर ।*
*सत्कारपूर्वक आमाबाबा छोराजस्तै उसको सेवा गरोस् ॥*
*सदाचारी पण्डित मौरीजस्तै भोगको सञ्चय गर्दै,*



Downloaded from http://www.dhamma.digital

*प्रज्ज्वलित अग्निजस्तै प्रकाशमान हुन्छ ।*
*उसको भोगसम्पत्ति वल्मिकजस्तै बढ्दै बढ्दै जान्छ ॥*
*यसप्रकार भागेको संचय गरी अर्थ सम्पन्न कुलयुक्त गृहस्थ ।*
*चार भागमा भोगलाई विभाजीत गरी त्यहीं मित्रलाई पाउनेछ ॥*
*एक भाग स्वयंले भोगोस्, दुइ भाग काममा लगाओस् ।*
*चौथो भाग अपातकालको लागि राखिछोडोस् ॥*

'६ **दिशाहरू-**

१) आमाबाबालाई पूर्वदिशा
२) आचार्यहरूलाई दक्षिण दिशा
३) आफन्त-पश्चिमदिशा
४) मित्र अमात्य-उत्तरदिशा
५) नोकर सहयोगी-तल्लोदिशा
६) श्रमण ब्राह्मण माथिल्लोदिशा ।'

'**आमाबाबाप्रति छोराछोरीको कर्तव्य-**

१) भरण पोषण गर्नु
२) कृतज्ञ भएर काम गरिदिनु
३) कुलवंश रक्षा गर्नु
४) अंशभाग रक्षा गर्नु
५) पुण्यानुमोदन गर्नु ।'

'**छोराछोरीप्रति आमाबाबाको कर्तव्य-**

१) पापबाट बचाउनु
२) पुण्य कार्यमा लगाउनु
३) शिल्पविद्या सिकाउनु
४) समयमा विवाह गराइदिनु
५) अंशभाग दिनु ।'

'**गुरूप्रति शिष्यको कर्तव्य-**

१) उत्थान (तत्परता) गर्नु
२) उपस्थान (सेवा) गर्नु
३) सुश्रुषा गर्नु
४) परिचर्या गर्नु (सत्कारपूर्वक शिल्प सिक्नु) ।'



Downloaded from http://www.dhamma.digital

**‘शिष्यप्रति आचार्यको कर्तव्य-**

१) सुविनय बनाउनु

२) राम्ररी शिल्प विद्या सिकाउनु

३) आफ्नो विद्यालाई स्थायित्व गराउन शिल्प, श्रुतविद्या सिकाउनु

४) मित्र अमात्यको सुप्रतिपादन गर्नु

५) दिशाको सुरक्षा गर्नु ।’

**‘स्वास्नीप्रति लोग्नेको कर्तव्य-**

१) सम्मान गर्नु

२) अपमान नगर्नु

३) अतिचार नगर्नु

४) ऐश्वर्य प्रदान गर्नु

५) अलंकार प्रदान गर्नु ।’

**‘लोग्नेप्रति स्वास्नीको कर्तव्य-**

१) कामकाज राम्ररी गर्नु

२) परिजन (सहयोगी) वशमा राख्नु

३) अतिचारिणी नहुनु

४) सम्पत्तिको रक्षा गर्नु

५) निरालसी भई काम गर्नु ।’

**‘मित्र अमात्यप्रतिको कर्तव्य-**

१) दान दिनु

२) प्रिय वचन बोल्नु

३) अर्थचर्या गर्नु

४) समान व्यवहार गर्नु

५) विश्वासपात्र हुनु ।’

**‘मित्र अमात्यको कर्तव्य-**

१) प्रमादमा रक्षा गर्नु

२) सम्पत्तिको रक्षा गर्नु

३) भयभीत हुंदा रक्षक बन्नु

४) आपतकालमा नछाड्नु

५) अन्यले पनि सत्कार गराउनु ।’



Downloaded from http://www.dhamma.digital

**'नोकर सहयोगीप्रति मालिकको कर्तव्य-**

१) शक्तिअनुसार काम दिनु
२) भोजन ज्याला दिनु
३) रोगी हुंदा सेवा गर्नु
४) उत्तम खाद्य वस्तु दिनु
५) समय समयमा छुट्टी दिनु ।'

**'मालिकप्रति नोकर सहयोगीको कर्तव्य-**

१) मालिकभन्दा अगाडि उठ्नु
२) मालिकभन्दा पछि सुत्ने हुनु
३) दिएको मात्र लिनु
४) राम्ररी काम गर्नु
५) मालिकको कीर्ति प्रशंसा गर्ने हुनु ।'

**'श्रमण ब्राह्मणप्रति गृहस्थको कर्तव्य-**

१) मैत्रीयुक्त चित्तले सेवा गर्नु
२) मैत्रीयुक्त वचन बोल्नु
३) मैत्रीयुक्त कायिक कर्म गर्नु
४) दान गर्नु
५) श्रद्धाले स्वागत गर्नु ।'

**'श्रमण ब्राह्मणको गृहस्थप्रति कर्तव्य-**

१) पापबाट बचाउनु
२) धर्ममा लगाउनु
३) अनुकम्पा गर्नु
४) अश्रुत विद्या सुनाउँनु
५) श्रुतविद्यामा दृढता जगाउनु र
६) सुगतिमार्ग बताउनु ।'

अन्तमा सिगालले भगवान्‌को भाषणलाई अभिनन्दन गरेर अञ्जलिबद्ध शरणागत उपासकत्व धारण गऱ्यो ।

**चूलसुकुलउदायी सुत्त**

मज्झिमनिकाय (२/३/९) अनुसार यस्तो मैले सुने- एक समय भगवान्



Downloaded from http://www.dhamma.digital

राजगृहको वेलुवन कलन्दक निवापमा विहार गर्नुहुन्थ्यो । एकदिन सकुलउदायी परिव्राजकसंग छलफल हुंदा सुकुलउदायीले भन्यो- हिंड्दा, उभिदा, सुत्दा, बस्दा निरन्तर ज्ञान दर्शन उत्पन्न हुन्छ भन्ने निर्ग्रन्थनाथपुत्रलाई मैले आरम्भ सम्बन्धी प्रश्न गर्दा कोप उत्पन्न गऱ्यो । त्यतिबेला मलाई भगवान्प्रति नै प्रीति उत्पन्न भयो ।

तब भगवान्लाई भन्नुभयो- 'कसैले मसंग आरम्भ सम्बन्धी प्रश्न सोध्नुआएमा पूर्वजन्मका, दिव्यचक्षुका, दिव्यस्रोतका, सत्वहरूको च्यूत उत्पत्तिका बारेमा म जवाफ दिनेछुं । मैले तिमीलाई के हुंदा के हुन्छ र के नहुंदा के हुँदैन भन्ने ज्ञान दिएं ।'

'भन्ते ! म पाँशु पिशाचक (किचकन्नी) लाई त देख्न सक्दिन भने काहाँ पूर्वजन्मका दिव्यचक्षु, दिव्यश्रोत, च्यूताच्यूति बारे जान्नु ? बरु मलाई तपाईंको के निरोध हुँदा के निरुद्ध हुन्छ भन्ने चित्त बुझ्यो । म आफ्नो मतअनुसार भगवान्को चित्त प्रशन्न गर्दछु । हाम्रो मतमा 'यही परमवर्ण हो, जसको सट्टा अर्को परमवर्ण हुँदैन, प्रणीततत्तर वर्ण छैन ।'

'परमवर्ण भनेको के हो ?' भनी पटकपटक सोध्नुभयो ।

उसले पनि वारवार 'यही परमवर्ण हो' मात्र भनिरह्यो ।

तब भगवान्ले भन्नुभयो- 'दीर्घकालसम्म पनि 'यही परमवर्ण हो' भनी रहनेछौ तर प्रमाणित गर्न सक्दैनौ । 'तिमीहरूको 'परमवर्ण' त्यति नै अप्रामाणिक छ जति काल्पनिक जनपद कल्याणी ।

'भन्ते ! यो जुन उत्तम मणि आदि चम्किन्छ त्यसरी नै मृत्युपछि आत्मा चम्किन्छ त्यही परमवर्ण हो अविनाशी हो ।'

मणिआदिको भन्दा रातको जुनकीरी नै बढी चम्किन्छ । यसै जुनकीरीभन्दा हीनतर लाई तिमीहरू व्याख्यान गरी परमवर्ण भन्छौ । जब कि जुनकिरीभन्दा अत्यधिक चमकिलो चन्द्र, सूर्य, ध्रुवतारा र त्यसभन्दा पनि चमकिला देवताहरू छन्, जसप्रति पनि त्यस भन्दा अत्यधिक चमकिलो वर्ण छैन भन्न सकिन्न ।'

'हाम्रो आचार्यमतमा 'जसले प्राणीहिंसा, चोरी, काममिथ्याचार छाडेर कुनै एक तपोगुणले युक्त भएमा आत्मा सुखदुःखी भनिन्छ ।'

पञ्चशील पालन गरेर मात्र एकान्त सुख प्राप्त हुन सक्दैन । यसको लागि प्रथम आदि ध्यानहरू प्राप्त गरी चतुर्थ ध्यान प्राप्त गर्नुपर्दछ, यसैलाई एकान्त सुख लोकको साक्षात्कार हुन्छ । तर यसैको लागि मात्र भिक्षुहरू मकाहाँ ब्रह्मचर्य वास गर्दैनन् । उनीहरू उत्तरोत्तर धर्म प्राप्तगर्दै चारआर्य सत्य बोध गर्दै ब्रह्मचर्यवास गर्दछन् ।

तब सुकुल उदायीले प्रव्रज्या माग्यो । तर उसका शिष्यहरले प्रव्रजित हुनमा बाधा दियो ।



Downloaded from http://www.dhamma.digital

# १८ औं वर्षावास
## चालिय पर्वतमा
(वर्ष ५२ - बु.स. पूर्व २८)

**दिट्ठिवज्ज सुत्त**

अंगुत्तरनिकाय (१०/२/१/४) अनुसार यस्तो मैले सुने- एक समय भगवान् चम्पामा गर्गरापुष्करिणीको तीरमा विहार गर्नुहुन्थ्यो। वज्जीयमहित गृहपति एक दिन परिव्राजकहरूसंग छलफल गर्दा परिव्राजकहरूले- 'के श्रमण गौतम, सबै तपलाई निन्दा गर्ने, सबै तपश्वीहरूलाई आलोचना गर्ने हुनुहुन्छ ? भनी आलोचना गऱ्यो ।

वज्जीयमहित गृहपतिले भन्यो- 'भगवान्ले सबै तपलाई निन्दा गर्नुभएको छैन र सबै तपश्वीको पनि आलोचना गर्नुभएको छैन। उहाँ भगवान् विभज्जवादी हुनुहुन्छ, विश्लेषण गर्नुभएर निन्दायोग्यलाई निन्दा गर्नुहुन्छ, प्रशंसायोग्यलाई प्रशंसा गर्नुहुन्छ। उहाँले यो कुशल हो, यो अकुशल भनी प्रतिपादन गर्नुभएको छ, त्यसैले उहाँ सप्रज्ञप्तिक हुनुहुन्छ वैनयिक (अप्रज्ञप्तिक) होइन ।' तब परिव्राजकहरू जवाफ दिन नसकी चुप लागी बसिरहे ।

पछि यही कुरा वज्जीयमहित गृहपतिले भगवान्लाई भेटेर सबै कुरा सुनायो तब भगवान्ले साधुकार दिनुहुंदै भन्नुभयो- जुन तपले अकुशल बढ्ने र कुशल घट्छ त्यो तप गर्नु हुँदैन । जुन तपले अकुशल घट्छ कुशल बढ्दछ त्यो तप गर्नुपर्दछ । यही कुरा व्रतग्रहण गर्नु या प्रधानमा लाग्नुमा, प्रतिनिस्सर्ग लोक वर्जित गर्नुमा, विमुक्तिलाई छाड्नुमा पनि लागु हुन्छ । वज्जीयमहित गृहपति गइसकेपछि भगवान्ले भिक्षुहरूलाई भन्नुभयो- 'जो भिक्षु धर्मविनयमा अल्पमलयुक्त छ उसले पनि अन्य तैर्थिक परिव्राजकलाई धर्मसहित यसरी नै सुनिगृहित (पराजति) गर्नुपर्छ ।'

**चूलअस्सपुर सुत्त**

मज्झिमनिकाय (१/४/१०) अनुसार यस्तो मैले सुन- एक समय भगवान् अंग देशको अश्वपुरमा विहार गर्नुहुँदा भिक्षुहरूलाई सम्बोधन गर्दै भन्नुभयो- 'भिक्षुहरू ! श्रमण हुनेले श्रमणमार्गमा आरुढ हुनुपर्छ जसलाई दिएको चीवर, पिण्डपात, शयनासन, औषधीको महाफल हुन्छ र श्रमणको श्रमणत्व सफल हुन्छ। जुन भिक्षुको अभिध्या, व्यापाद, उपनाही,



Downloaded from http://www.dhamma.digital

अमरख, पलास, मच्छरिय, ईर्ष्या, शठता, माया, पापेच्छा, मिथ्यादृष्टि कम भएर जाँदैन, चीवरभित्र दुइधारे हतियार लुकाएर बस्ने भिक्षुजस्तै उसको प्रव्रज्या हो ।

भिक्षुले संघाटी चीवर धारण गर्नाले मात्र श्रमण हुँदैन । अचेलकले नांगा रहनाले मात्र श्रमणत्व पुरा हुँदैन । रजोजल्लिक (हिलोमा बस्ने) ले हिलोमा बस्दैमा श्रमण बन्दैन । उदकाधरोहरले पानीमा बस्दैमा, वृक्षमूलिकले रुखमुनि बस्दैमा, अध्यवकाशिकले खुला आकाशमुनि बस्दैमा, उब्भट्ठकले उठिरहनु मात्रले, पर्यायभक्तिकले समय समयमा निराहार रहदैमा, मन्त्र अध्यायकले मन्त्र पाठ गर्दैमा, जटिलले जटा पाल्दैमा श्रमण हुँदैन । यदि संघाटी लाउँदैमा श्रमण हुने भए उसको आफन्त सन्तानहरू जन्मनासाथ संघाटी लगाइदिएर संघाटिक बनाइदिन्थ्यो र भन्थ्यो 'तिमी संघाटिक बन किनकि संघाटिक बनेमा तिम्रो सारा मानसिक कमजोरी हटेर जाने छ ।' तर वास्तवमा यस्तो हुँदैन ।

जब उपरोक्त अभिध्या...मिथ्यादृष्टि मानसिक कमजोरीहरूमाथि विजय पाउंछ वा कम गर्दै लान्छ तब ऊ श्रमण सामीचि प्रतिपदमा आरुढ हुन्छ । यी अकुशलहरू नाश भएर विशुद्ध भएर, विमुक्त हुन्छ र प्रीति उत्पन्न हुन्छ । जसरी कुनै शीतल पानी भएको पोखरीमा आएर कुनै गर्मीले अति थकित व्यक्तिले राखिएको पानी पिउंछ र शीतलता प्राप्त गर्छ । त्यसरी नै जुनसुकै कुलबाट आए तापनि श्रमण सामिचि प्रतिपदामा आरुढ हुनसक्छ ।

### कजंगला सुत्त

अंगुत्तरनिकाय (१/१/३/८) अनुसार यस्तो मैले सुने- एक समय भगवान् कजंगलाको सुवेलुवनमा विहार गर्नुहुन्थ्यो । उपासकहरू कजंगला भिक्षुणीसंग सोध्न आए- 'भगवान्ले महाप्रश्नमा एक प्रश्न एक उद्देश्य एक उत्तरअनुसार...दश प्रश्न दश उद्देश्य दश उत्तर भन्नुभएको छ । यसको विस्तृत अर्थ बताइदिनुहोस् ।'

'आवुसो ! मैले भगवान्को मुखबाट सुनेको छैन, न कुनै भिक्षुहरूबाट सुनेको छुं । तैपनि मैले बुझेअनुसार भन्दछु- 'भिक्षुले राम्ररी निर्वेद प्राप्त भएर, विराग प्राप्त भएर, विरत भएर अन्तरदर्शी भएर, समानताको अर्थ प्राप्त गरेर, यस जन्ममा दुःखको अन्त गर्न सकोस् भन्नका लागि भगवान्ले एक प्रश्न एक उद्देश्य एक उत्तर भन्नुभएको छ । ती धर्म हुन्-

१) एक प्रश्न एक उद्देश्य एक उत्तर- सबै सत्व आहारमा स्थित छन्
२) दुइ प्रश्न दुइ उद्देश्य दुइ उत्तर- नामरूप
३) तीन प्रश्न तीन उद्देश्य तीन उत्तर- सुख, दुःख, उपेक्षा वेदनाहरू
४) चार प्रश्न चार उद्देश्य चार उत्तर- चार स्मृतिप्रस्थान
५) पाँच प्रश्न पाँच उद्देश्य पाँच उत्तर- पञ्च इन्द्रिय
६) छ प्रश्न छ उद्देश्य छ उत्तर- निस्सरणीय धातुहरू



Downloaded from http://www.dhamma.digital

७) सात प्रश्न सात उद्देश्य सात उत्तर- सात बोध्यङ्ग

८) आठ प्रश्न आठ उद्देश्य आठ उत्तर- अष्टाङ्गिक मार्ग

९) नौ प्रश्न नौ उद्देश्य नौ उत्तर- नौ सत्वावास

१०) दश प्रश्न दश उद्देश्य दश उत्तर- दश कुशल ।

यदि मेरो भनाईमा शंका छ भने भगवान्‌काहाँ गएर सोध । उपासकहरूले कजंगला भिक्षुणीलाई अभिनन्दन गरी यही कुरा भगवान्‌लाई भेट गरेर सुनाउँदा भगवान्‌ले कजंगला भिक्षुणीलाई साधुकार दिनुभयो र भन्नुभयो 'कजंगला भिक्षुणी पण्डिता छिन्, महापण्डिता छिन्, महाप्रज्ञावान् छिन् । यदि तिमीहरू मसंग आएर सोधेको भए म पनि त्यसरी नै जवाफ दिन्थें जसरी कजंगला भिक्षुणीले दिइन् ।'

*सत्वआवास- १) नानाकाय नानासंज्ञयुक्त जस्तै- मनुष्य देवताहरू, पिशाच, २) नानाकाय एक संज्ञ, जस्तै- प्रथम ध्यानयुक्त ब्रह्ममा ३) एक काय नाना संज्ञ, जस्तै-आभास्सरा देवता ४) एक काय एक संज्ञ, जस्तै- शुभकीर्ण देवता ५) आकाशानन्त्यायतनलाई प्राप्त ६) विज्ञनन्त्यायतनलाई प्राप्त ७) आकिञ्चन्यायतनलाई प्राप्त । दश कुशल- १) दान २) शील ३) भावना ४) परसेवा सत्कार ५) कर्तव्य पालन गर्नु ६) परमंगल कामना ७) परप्रगतिमा खुसी हुनु ८) धम्मश्रवण गर्नु ९) धम्मदेशना १०) शुद्धधारणा*



Downloaded from http://www.dhamma.digital

# १९ औं वर्षावास
## चालिय पर्वतमा
(वर्ष ५३ - बु.स. पूर्व २७)

**इन्द्रिय भावना सुत्त**

मज्झिमनिकाय (३/५/१०) अनुसार यस्तो मैले सुने- एक समय भगवान् बुद्ध कजंगलामा सुवेलुवनमा विहार गर्नुहुँदा भगवान्लाई भेट्न आएको पारासिवियको शिष्य उत्तरमाणवकलाई भगवान्ले सोध्नुभयो 'के पारासिविय ब्राह्मणले शिल्पहरूलाई इन्द्रिय भावनाको उपदेश दिन्छ ?'

जवाफमा उत्तर माणवकले आफ्नो गुरुको शिक्षा बतायो- 'आँखाले रूपलाई नहेर्नु, कानले शब्द नसुन्नु, नाकले गन्ध नसुंघ्नु, जिब्रोले स्वाद नलिनु भनी उपदेश दिन्छ ।

त्यसोभए अन्धो र बहिरोले इन्द्रिय भावना गर्ने हुन्छ। किनकि अन्धोले रूप देख्दैन, बहिरोले शब्द सुन्दैन । यो सुनेर उत्तरमाणवक केही भन्न नसकी घुसेमुन्टो लगाएर बस्यो ।

यही सन्दर्भमा उहाँले आयुष्मान् आनन्दलाई भन्नुभयो 'आर्य विनयअनुसार भिक्षुले यसप्रकार इन्द्रिय भावना गर्दछ। आँखाले रूप देख्दा मन पर्ने र मन नपर्ने हुन्छ, त्यसलाई भिक्षुले थाहा पाउँदछ। यो प्रतीत्य समुत्पन्न छ त्यसैले उपेक्षा गर्नुमा नै शान्ति छ।' यसरी विचार गर्दा जसरी बलवान पुरुष परेला खोलेर बन्द गर्छ, बन्द गरेर परेला खोल्छ त्यति छिटो नै आँखा र रूपमा मन पर्ने र मन नपर्ने विचार नाश भएर जान्छ। र उपेक्षा ठहर्छ। जसरी बलवान पुरुषले चुट्की बजाएभ्भै त्यति छिटो नै कान र शब्दमा मन पर्ने र मन नपर्ने विचार नाश भएर जान्छ र उपेक्षा ठहर्छ। जसरी, कमलको पातमा हावा लाग्दा पानी थोपा नटिकेभ्भैं त्यति छिटो नै नाक र गन्धमा मन पर्ने र मन नपर्ने विचार नाश भएर जान्छ र उपेक्षा ठहर्छ। जसरी जिब्रोको टुप्पामा थूक जमाएर फ्यालेभ्भैं त्यति छिटो नै जिब्रो र स्वादमा मन पर्ने र मन नपर्ने विचार नाश भएर जान्छ र उपेक्षा ठहर्छ। जसरी बलमान पुरुषले हात खुम्च्याएर फैलाएर, फैलाएर खुम्च्याए भ्भैं त्यति छिटो नै शरीर र स्पर्शमा मन पर्ने र मन नपर्ने विचार नाश भएर जान्छ र उपेक्षा ठहर्छ। जसरी तातो कराहीमा दुइतीन थोपा पानी राख्दा तुरुन्त सुकेर जानेभ्भैं मन र विचारमा मन पर्ने र मन नपर्ने विचार नाश भएर जान्छ र उपेक्षा ठहर्छ । यसैलाई आर्य विनयमा अनुत्तर इन्द्रिय भावना भनिन्छ ।

तर जसले आँखा र रूपमा, कान र शब्दमा, नाक र गन्धमा, जिब्रो र स्वादमा, शरीर



Downloaded from http://www.dhamma.digital

र स्पर्शमा, मन र विचारमा मन मर्ने र मन नपर्ने विचार गरेर दुःखीत हुन्छ, डराउंछ, घृणा गर्दछ त्यसलाई शैक्ष्य प्रतिपद भनिन्छ। आँखाले दृश्य, कानले शब्द, नाकले गन्ध, जिब्रोले स्वाद, कायले स्पर्श र मनले विचार ग्रहण गर्दछ। मन पर्ने, मन नपर्ने उत्पन्न हुन्छ तब जसले प्रतिकूलमा अप्रतिकूल भएर वा अप्रतिकूलमा प्रतिकूल भएर वा दुबै वर्जित गरेर, स्मृति सम्प्रजन्य विहारयुक्त भएर उपेक्षक हुन्छ उसलाई भावितेन्द्रिय आर्य भनिन्छ।

'यसप्रकार आनन्द ! मैले आर्यविनयको अनुत्तर इन्द्रिय भावनाको शैक्ष्यप्रतिपद र भावेन्द्रिय आर्य पनि उपदेश दिएं। अनुकम्पक शास्ताप्रति अनुकम्पा गरी ध्यान अभ्यास गर। प्रमाद गरेर पछि अफसोस गर्न नपरोस्।

## संबहुल सुत्त

संयुक्तनिकाय (४/३/१) अनुसार यस्तो मैले सुने- एक समय भगवान् बुद्ध सुह्म देशमा शिलावती विहारमा विहार गर्नुहुँदा मारले बृद्ध ब्राह्मणको रूप धारण गरी, जटाधारी, मृगचर्म लिएर प्रमादरहित, उद्योगी, संयमी भिक्षुहरू विहार गरिरहेका भिक्षुलाई भन्यो 'तरुण अवस्थामा मानुसी कामभोग गर्नुपर्छ, वर्तमानलाई छाडेर भविष्यको खोजी गर्नुहुँदैन।'

'वर्तमानलाई छाडी भविष्यको लागि दौडिएका छैनौं। वर्तमानको लागि नै कोशिस गर्दैछौं। कामभोग अति दुःखदायी दुष्परिणामयुक्त, कालान्तरको हो। यो धर्म सान्दृष्टिक अकालिक, एहिपस्सिक, ओपनेय्यिक, विज्ञहरूद्वारा स्वानुभवले विदितयोग्य छ।'

यो सुनेर पापी मार हार खाएर गयो।

Dhamma.Digital

## उदायी सुत्त

संयुक्तनिकाय (४५/३/१०) अनुसार यस्तो मैले सुने- एक समय भगवान् बुद्ध सुह्म देशको सेतकण्णिक गाउँमा विहार गर्नुहुन्थ्यो तब आयुष्यान् उदायीले भगवान्लाई भन्यो- 'भन्ते ! पहिला गृहस्थमा हुँदा धर्मले धेरै लाभ भएको थिएन, संघले पनि। तर भगवान्प्रति प्रेम, गौरव, लज्जा भएको कारणले प्रव्रजित भएं। भगवान्को उपदेशअनुसार 'यो पञ्चस्कन्ध हो, यो पञ्चस्कन्धको उत्पत्ति हो, यो पञ्चस्कन्धको विनाश हो' भनी शून्यागारमा यी पञ्चस्कन्धलाई उल्टासुल्टा दोहराउँदै चारआर्य सत्यलाई देखें मार्ग पाएं, जसले जाति क्षय भयो, ब्रह्मचर्यवास पुरा भयो, गर्नुपर्ने गरिसकें अब अरु केही हुँदैन भनी स्मृति उपेक्षा सम्बोध्यंग प्राप्त भयो।

अर्हत्व प्राप्त गरेकोमा आयुष्मान् उदायीलाई प्रशंसा गर्दै 'साधु साधु' भनी भगवान्ले साधुकार दिनुभयो।



Downloaded from http://www.dhamma.digital

### मेघिय सुत्त

उदान (९/१) अनुसार यस्तो मैले सुने- चालिय पर्वतमा विहार गर्नुहुँदा आयुष्मान मेघिय भगवान्‌को उपस्थापक (निजीसेवक) थियो । एकदिन कृमिकाला नदीतीरमा एक रमणीय आम्रवन देखेर ध्यानाभ्यासका लागि अनुमति माग्न गयो ।

भगवान्‌ले 'अर्को भिक्षु उपस्थापक नभएसम्म नजानू' भनी अनुमति दिनुभएन ।

तब मेघियले 'भगवान्, तपाईंको केही गर्नु छैन । तर मलाई धेरै गर्नु छ । गरिसकेको नाश गर्नु छ । त्यसैले आज्ञा दिनुहोस् ।' भनी पुनः अनुरोध गऱ्यो । भगवान्‌ले तीनपल्टसम्म रोक्नुभयो तर मेघिय जिद गरिरह्यो ।

तब 'मेघिय ! योग गर्नेलाई के भन्ने ? जसको तिमी समय देख्छौ त्यसै गर' भनी भन्नुभयो ।

भगवान्‌लाई अभिवादन गरेर कृमिकाला नदीतीरमा आम्रवनमा गएर ध्यान अभ्यास गर्न थाल्यो । तर मेघियमा काम वितर्क, व्यापाद वितर्क, विहिंसा वितर्क उत्पन्न हुन्थ्यो । तब ध्यानबाट उठेर पुनः भगवान्‌काहाँ आएर सबै कुरा बतायो ।

यसै सन्दर्भमा भगवान्‌ले भन्नुभयो । 'अपरिपक्क चित्तलाई परिपक्क बनाउन १) कल्याणमित्रको संगत २) भिक्षु शीलवान हुनुपर्छ ३) उपयुक्त कथा ४) प्रयत्न ५) प्रज्ञावान हुनुपर्छ । यी पाँच धर्ममा स्थित भएर चार धर्ममा भावना गर्नुपर्छ । रागको प्रहाण गर्नको लागि अशुभ भावना, द्वेषको प्रहाणको लागि मैत्री भावना, वितर्कको लागि आनापाना स्मृति, अहंकारको लागि अनित्य संज्ञा । अनित्य संज्ञीलाई अनात्म संज्ञा प्राप्त हुन्छ र अस्मिमान नाश गर्दछ जसलाई यसै जन्ममा निर्वाण प्राप्त हुन्छ ।'

'मनको उत्पीडक, जुन क्षुद्र, सूक्ष्म वितर्क छ, लाई नजान्दा भ्रान्तचित्त भएर आवागमनमा दौडन्छ । यसलाई जानेर स्मृतिवान संयम गर्दछ । बुद्धले मनको यस अशेष पीढाहरूलाई विनाश गरिदियो ।'



Downloaded from http://www.dhamma.digital

# २० औं वर्षावास
## राजगृहमा
(वर्ष ५४- बु.स. पूर्व २६)

**जीवक चरित्र**

यस्तो मैले सुने- त्यस समयमा वैशाली समृद्धशाली, बहुजनआकीर्ण, सुभिक्षा थियो। त्यहाँ ७७७७ प्रासाद, ७७७७ कुटागार, ७७७७ आराम, ७७७७ पुष्करिणी थियो। गणिका आम्रपाली अभिरूप, प्रासदिक, परमरूपवती, नाचगान वाद्यमा चतुर थिईन्। उसलाई एकरातको लागि पचास कार्षापण तिर्नुपथ्र्यो। त्यसैले वैशाली झन शोभित भएको थियो।

यस कुराको जानकारीअनुसार राजा बिम्बिसारले मगधराज्यमा अति सुन्दरी सालवतीलाई गणिका नियुक्त गऱ्यो। उसको लागि एक रातको सय कार्षापण दिनुपर्थ्यो। केही समयमा गणिका गर्भवती भइन्, व्यवसायमा हानि हुने डरले गोप्य राखिन्। विमारीको वहाना बनाई बसिन् र कसैसंग पनि भेट गरिनन्। पछि छोरा जन्मियो। छोरी जन्मिएको भए आफ्नो व्यवसायमा लागाउँदथ्यो। तर छोरा जन्मिएकोले दासी मार्फत फोहर फ्याल्ने ठाउँमा फ्याल्न लगाइन्।

अभय राजकुमारले त्यस बच्चालाई देखेर, साथमा ल्याएर पाल्यो। दासीहरूले 'बच्चा जीवीत नै छ' भन्ने कारणले जीवक नाम राखियो। जीवक ठूलो भएपछि आमाबाबाको अत्तोपत्तो नभएको थाहा भएपछि शिल्पविद्याविना दरवारमा इज्जत हुँदैन भनेर, अभय राजकुमारलाई नसोधिकन, तक्षशिला गएर प्रख्यात वैद्य गुरुकाहाँ गएर शिल्प सिक्न थाल्यो। सात वर्षसम्म शिक्षा लिएर, ज्ञानको अन्त नदेखेर, घर जाने इच्छा गऱ्यो। गुरुले पनि 'जंगलमा गएर औषधीको लागि काम नलाग्ने झार लिएर आऊ' भनी काम अऱ्हाउँदा सारा जंगलमा काम नलाग्ने झार नपाएर फर्कियो। तब गुरु प्रशन्न भएर 'यति ज्ञानले तिम्रो आजीविकाको लागि प्रशस्त हुन्छ' भनेर घर जान अनुमति दियो। तक्षशिलाबाट सीधा घर जानु सट्टा केही खर्च लिएर जानु उचित भनी मार्गमा पैसा कमाउने सोच्यो।

त्यससमयमा साकेतमा एक सेठकी स्वास्नीलाई सात वर्षको पुरानो टाउको दुख्ने रोग थियो। सेठानीले तन्देरी देखेर पहिला जीवकलाई पत्याएन। 'रोग निको भएपछि मात्र ज्याला दिनु' भनेपछि औषधीको लागि तयार भइन्। जीवकले घीउलाई विभिन्न जडिबुटीसंग मिलाएर औषधी बनाएर सेठानीलाई सुताएर नाकमा राखिदियो, जुन मुखबाट निस्कन्थ्यो।



Downloaded from http://www.dhamma.digital

सात वर्षदेखि दु:खेको टाउको एक पल्टको उपचारमा नै निको भयो। यस समाचारले प्रख्यात भएर अरु अरुले पनि औषधी गराए। यसबाट प्रशस्त पैसा कमाउनको साथै एउटा दास, एउटी दासी र घोडाको रथ पनि प्राप्त गऱ्यो। तब राजगृह पुगेर सोह्र हजार कार्षापण, दासदासी र अश्वरथ अभय राजकुमारलाई भेटिमा चढायो। तर अभयराजकुमारले स्वीकार गरेन।

त्यस समय राजा बिम्बिसारलाई गुद्द्वारबाट रगत आउने रोग लाग्यो। दरवारकी केटीहरूले जिस्क्याउँदै 'राजालाई नछुने भयो' भन्थे। त्यो रोग पनि जीवक वैद्यले निको पारिदियो। त्यसपछि जीवक वैद्यले राजदरवारमा सेवा गर्न थाल्यो।

फेरि राजगृहमा एक सेठलाई सातवर्षदेखि टाउको दुख्ने रोग लागेको थियो। कसैले पनि निको पार्न सकेको थिएन। कसैले पाँचौं दिनमा, कसैले सातौं दिनमा सेठको मृत्यु हुनेछ भनी ठोकुवा गरेको थियो।

तब जीवक वैद्यले उसलाई खाटमा बाँधेर, खोपडी काटेर अलग गरेर टाउकोभित्रबाट एउटा सानो र अर्को ठूलो कीरा निकाल्यो। सानो कीरा थाहा पाउनेले पाँच दिनमा र ठूलो कीरा थाहा पाउनेले सात दिनमा मर्छ भनी ठोकुवा गरको थियो। फेरि खोपडी सिलाएर जस्ताको तस्तै गरिदियो र सेठको जीवन बच्यो। सेठले सयहजार राजालाई, सयहजार जीवकलाई दियो। उसको प्रख्याति बढेर बनारससम्म पुग्यो। वनारस सेठको छोराको पेटको शल्यचिकित्सा गरेर रोग निको भएपछि सोह्रहजार प्राप्त गऱ्यो।

राजा चन्द्र प्रद्योतलाई पनि पाण्डुरोग लागेको थियो। जीवक वैद्यलाई बोलाइयो र गएर औषधी गर्न खोज्दा घीउको औषधी बनाउन लगायो। तर राजा चन्द्र प्रद्योतलाई घीउदेखि घृणा थियो। त्यसैले भन्यो- 'घीउबाहेक जेसुकैको दवाइ देऊ तर घीऊसंग मलाई घृणा छ।'

तर घीउविना औषधी हुन सक्दैन थियो। त्यसैले गोप्यरूपले घीउको औषधी दिने विचार गऱ्यो- 'घीउले वमन गर्नेछ र थाहा पाएर क्रोधी राजाले मलाई मार्न पनि सक्नेछ' भनी विचार गरेर पहिले सुरक्षाको व्यवस्था गऱ्यो र भन्यो- 'राजन, औषधी लिनको लागि जुनसुकै समयमा पनि दरवारबाहिर जाने व्यवस्था गरिदिनु होस्।' राजाले त्यसैअनुसार जुनसुकै बेलामा पनि बाहिर जान सक्ने व्यवस्था गरिदियो।

त्यस समय राजा चन्द्र प्रद्योतको भद्रमती नामकी हात्तीनी थियो जो एक दिनमा पचास योजन हिंड्न सक्थी। काक नामक दास साठी योजन दौडन सक्थ्यो। जीवक वैद्यले राजालाई घीउ निर्मित औषधी दिएर तुरुन्त भद्रमती हात्तीनी चढेर दरवारबाहिर निस्कियो। उता केही क्षणमा वान्ता हुनु थालेपछि राजाले थाहा पाएर, क्रुद्ध भएर, जीवकलाई पक्रन



Downloaded from http://www.dhamma.digital

पठायो । 'जीवक भागिसक्यो' भन्ने सुनेर पक्रनको लागि काक दासलाई पठायो । साथै 'वैद्यहरू मायावी हुन्छन्, त्यसैले उसको हातबाट केही पनि नलिनु' भनेर सम्झाएर पठायो ।

काक दास पनि दौडिदै गएर बाटोमा खाजा खाइरहेको बेलामा भेटेर दरवार फर्कनु भन्यो । 'जबसम्म म खान्छु तबसम्म तिमी पनि खाऊ' भन्यो । राजाको आदेशले केही पनि नखाएपछि 'एउटा अमला खाऊ र पानी पिउ' भन्दा 'अमलाले केही बिगार्दैन भनेर आधा आमला खायो । तर तुरुन्त वान्ता गऱ्यो । मरिएला भनी डराएको काकदासलाई सान्त्वना दिंदै भन्यो- 'म फर्किन्न, त्यो राजा अति क्रोधी छ, मलाई मार्न पनि सक्छ । तिमी भद्रमती हात्तीनी लिएर जाऊ ।' भनी पठायो र आफू राजगृह प्रस्थान गऱ्यो । सारा कुरा सुनेर राजा बिम्बिसारले पनि फर्किएर नगएकोमा ठीक नै सम्झियो । पछि रोग निको भएपछि पुरस्कार दिन बोलायो । तर नगएपछि एकजोड शिविराज्यको दोशल्ला उपहार पठाइदियो ।

त्यस समय भगवान्लाई सञ्चो नभएर आयुष्मान् आनन्दले जुलावको औषधी माग्दा जीवक वैद्यले तीन मात्रा गरेर सुघ्ने जुलाव दियो र पछि स्वास्थ्य हुनुभयो । पछि दुशाला लिएर भगवान्लाई दान गऱ्यो र अनुमति माग्यो 'अब देखि गृहस्थले दिएको चीवर कपडा दान स्वीकार गर्नको लागि ।

त्यस दिनदेखि भगवान्ले गृहस्थले दिएको चीवर कपडा पनि स्वीकार गर्ने अनुमति दिनुभयो । यसैगरी जतिजति कपडाहरू जीवक वैद्यलाई प्राप्त हुन्थ्यो, थानका थान भिक्षुसंघलाई दान गर्दथ्यो । तब भगवान्ले- १) खोम (Linen) २) कपास ३) रेशम ४) ऊनी ५) सन र भाँगोबाट बनेका कपडा दान स्वीकार गर्ने अनुमति दिनुभयो ।

त्यसपछि भगवान् चारिका गर्नुहुँदै दक्षिणागिरि जानुभयो । त्यहाँ खेतको आली, कुलोलाई देखाउँदै सोध्नुभयो- 'आनन्द भिक्षुहरूको लागि खेतको आली र कुलोको बनावटमा चीवर बनाउन सक्छौं ?'

आयुष्मान् आनन्दले पछि सोहीअनुसार भिक्षुहरूलाई चीवर बनाउनुभएर भगवान्लाई देखाउनुभयो । भगवान्ले प्रशंसा गर्दै भन्नुभयो- 'आनन्द महाप्रज्ञावान छ, मेरो यति सानो संक्षेपलाई विस्तार गरी अर्थ बुझ्यो । त्यस दिनदेखि छिन्नक चीवर (टुक्राटुक्रा पारेर सिलाएको चीवर) लाउने अनुमति दिनुभयो, जुन चोरहरूको लागि कुनै काम थिएन ।

*वर्तमान चीवर आयुष्मान् आनन्दको त्यसबेलाको प्रयत्नको फल हो जसमा आली र कुलोको बनावटअनुसार टुक्राटुक्रा पारी बनाइन्छ । फलस्वरुप चोरले चोरेर लगेपछि एकातिर चिन्न र अर्कोतिर खोल्दा टुक्राटुक्रा पर्ने हुनाले बिक्री हुने सम्भावना छैन । त्यसैले चीवर बनाउनुपर्ने कारण थाहा नपाइकन, यदि कसैले ...राम्रो सङ्लो कपडालाई पहिला टुक्रा पारेर फेरि त्यसलाई सिलाएर सङ्लो दूलो बनाउँछ, भिक्षुहरु मूर्ख छन् भनी आलोचना गर्ने व्यक्तिहरुको मानसिकता राम्रो होइन र त्यो बुद्धिमत्ताको विषय होइन ।*



Downloaded from http://www.dhamma.digital

# २१ औं वर्षावास
## श्रावस्ती जेतवनमा
(वर्ष ५५ - बु.स. पूर्व २५)

**मैथुन पाराजिक**

त्यससमय वज्जीमा दुर्भिक्ष थियो। तब आयुष्मान् सुदिन्न आफ्नो नातेदारहरू प्रशस्त भएकोले वैशालीमा गयो। भिक्षा माग्न जाँदा आफ्नै घरमा गयो। प्रव्रजित भएर आठ वर्षपछि गएकोले कसैले पनि चिन्न सकेन। 'यस्तै मुण्डेहरूले मेरो छोरालाई लिएर गयो' भनी रिसले भिक्षा नै दिएन पूर्वबाबाले। त्यसै समय दासीले फ्याल्न ल्याएको बासी दाल मागेर खायो। दासीले चिनेर आमाबाबालाई बताइदिइन्। आमाबाबा आएर घर लगे। घरमा पूर्वस्वास्नीहरूलाई सजाउन लगाए। घरमा सारा सम्पत्ति देखाउँदै भन्यो 'तिमी गृहस्थी बन, दान पनि देऊ, भोग पनि गर।'

भिक्षु सुदिन्नले भन्यो- 'यदि आफ्नो भलाई चाहन्छौ भने सारा सम्पत्ति लगेर नदीमा बहाइदेऊ। किनकि यसले तिमीलाई डरत्रास, जडता रोमाञ्च उत्पन्न गराउंछ।'

पूर्वस्वास्नी आएर खुट्टामा घोप्टो परेर रुँदै भनिन्- 'ती कस्ती अप्सरा होलीन् जसको लागि तिमी ब्रह्मचर्य पालन गर्छौ ?'

पछि आमाचाहिंले छोरालाई गृहस्थी बन्नको लागि धेरै सम्झायो तर नमानेपछि भन्यो- 'हाम्रो अकुत सम्पत्ति छ तर तिमीविना अरु सन्तान छैन। त्यसैले गृहस्थ नबन्ने हो भने सन्तान दान गर।'

यस कुरामा भिक्षु सुदिन्नलाई चित्त बुझ्यो। किनकि त्यससमय सम्म मैथुन सेवन गर्न नहुने नियम बनेको थिएन। अतः उसले मैथुन सेवन गरेर पूर्वस्वास्नीलाई गर्भधारण गरायो। पछि यस बारे शंका भएर भगवान्संग सोध्न गयो। त्यसै सन्दर्भमा भगवान् बुद्धले भन्नुभयो-

'ठीक छ भिक्षुहरू ! दश कुरालाई ध्यानमा राखेर भिक्षुहरूको लागि शिक्षापद प्रज्ञापन गर्दछु- १) संघको भलाईको लागि २) संघको सजिलोको लागि ३) उच्छृंखलहरूको निग्रहको लागि ४) अशल भिक्षुहरूको सरल विहारको लागि ५) यसै जन्ममा आस्रव नाश गर्नको लागि ६) जन्मान्तरमा आस्रव नाशको लागि ७) अप्रसन्नहरूलाई प्रसन्न गर्नको लागि ८) प्रसन्नहरूलाई अझ प्रसन्न गर्नको लागि ९) सद्धर्मको चिरस्थायीको लागि



Downloaded from http://www.dhamma.digital

१०) विनयको सहायताको लागि ।

'जो भिक्षु भिक्षुहरूको शिक्षा र साजीव (नियम) ले युक्त भएर, शिक्षालाई नछाडी, दुर्बलता प्रकट नगरी, अन्ततः पशुसंग पनि मैथुनधर्म सेवन गरेमा पाराजिक हुनेछ, भिक्षुहरूसंग सहवास अयोग्य हुनेछ ।'

भिक्षु सुदिन्नपछि नियम बनाइएकोले भिक्षु सुदिन्न चीवर छोडिजानुपरेन ।

## चोरी पाराजिक

त्यस समय भगवान् बुद्ध राजगृहको गृहकुट पर्वतमा विहार गर्नुहुन्थ्यो । धेरै संभ्रान्त भिक्षुहरू इसिगिलि पर्वतको छेउछाउमा तृणकुटी बनाएर वर्षावास बसे । वर्षावासपछि भिक्षु धनिय कुम्भकारबाहेक अन्य भिक्षुहरू कुटी नष्ट गरी गए । भिक्षु धनिय कुमार वर्षभरि त्यहीं बस्यो । भिक्षु धनिय कुमार भिक्षाको लागि जाँदा एकदिन घाँसी, दाउरेहरूले तृणकुटी बिगारेर घाँस काठ लिएर गए । धनिय कुमारले २/३ चोटी कुटी बनायो तर फेरि नाश गरिदिन्थे ।

कुम्भकार भएको नाताले माटोको सुन्दर विहार बनायो । विहारको सुन्दरताको प्रशंसा सुन्नुभएर भगवान् बुद्धले भन्नुभयो- 'श्रमण आचरणको प्रतिकूल छ । जाऊ भत्काइदेऊ, भविष्यमा मानिसहरू प्राणीहिंसा गर्न नपरोस् ।'

भिक्षुहरूद्वारा त्यो माटोको विहार पनि नष्ट भएकोले काठको विहार बनाउने उद्देश्यले काठ खोजिहिंड्यो ।

'भन्ते ! आर्यलाई दिनलायक काठ छैन । यी सारा काठ राजकीय हो । काठहरू नगरको सम्भारको लागि हो । यदि राजाले दिन्छ भने लान सक्नुहुन्छ ।' काठगोदामको कर्मचारीले भन्यो ।

'मलाई राजाले अनुमति दिइसकेको छ' भनी भिक्षु धनिय कुम्भकारले काठ लिएर विहार बनायो । तब काठगोदामको कर्मचारीले 'शाक्यपुत्रीय श्रमण धर्मचारी, समचारी, ब्रह्मचारी सत्यवादी, शीलवान, कल्याणधर्मी हुन्छन् । राजा पनि यिनीहरूप्रति प्रसन्न छ । नदिएकोलाई दिएको भन्ने छैन । आवश्य दिएकोले नै दिएको भनेको होला' भनी सोचेर काठहरू दियो ।

पछि एकदिन राजकीय कामको लागि काठ लिन आउँदा सारा कुरा थाहा पाएर राजा बिम्बिसारले भिक्षु धनिय कुम्भकारलाई बोलाएर सोध्यो- 'मैले कहिले तपाईंलाई काठ दिएं भनी स्मरण गराएको थिएं ?'

'प्रथम अभिषेक समयमा- श्रमण ब्राह्मणहरूको लागि घाँस काठ पानी दिइएको भयो, उपभोग गर्नुहोस्- भन्नुभएको थियो ।'

'त्यो त मैले लज्जावान, संयमी, सानो गल्तीमा पनि शंका गर्ने हुनाले श्रमण



Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

ब्राह्मणको लागि अनुमति दिएको हुँ, त्यो पनि स्वतन्त्र जंगलको घाँस, काठ, पानीहरू । यो त राजकीय काठ नदिएको काठ हुन् । जे होस् 'मजस्तोको राज्यमा कोही श्रमण ब्राह्मणलाई हनन्, सजाय, देशनिकाला होस्, म चाहन्न । त्यसैले रौंले वचनुभयो । तर पछि यसो नगर्नुहोस् ।'

त्यो कुरा भगवान्ले पनि सुन्नुभयो र धनिय कुम्भकारलाई बोलाएर सोध्नुहुँदा सत्य भएपछि गाली गर्नुहुँदै भन्नुभयो- 'यो प्रसन्न हुनेहरूलाई पनि अप्रसन्न गर्ने, अप्रसन्न हुनेहरूलाई त अझ अप्रसन्न गर्ने काम हो ।' यसै सन्दर्भमा चोरी नियम बताउनुभयो-

'जो कोही भिक्षु गाउँ वा शहरबाट चोरी मानिने अदत्त वस्तु ग्रहण गर्दछ, चोरीको कारणले राजाले पक्रेर लान्छ 'तं चोर होस्, मूर्ख होस्, मूढ होस्, स्तेन होस्' भनी बाँधोस् वा देशनिकाला गरोस् त्यतिले अदत्तअदानले भिक्षु पाराजिक हुनेछ । भिक्षुहरूसंग वास गर्न अयोग्य हुनेछ ।'

जसरी डाँठबाट छुटेको पहेंलो पात फेरि डाँठमा जोडिन सकिन्न त्यसरी नै सानोभन्दा सानो वस्तु चोरी गर्ने भिक्षु चीवर फुकाली जानुपर्ने अश्रमण, अशाक्यपुत्र हुनेछ । पराजति भएको अर्थमा पाराजिक भनिएको हो ।

### त्रिचीवर विधान

राजगृहबाट चारिका गर्नुहुँदै भगवान् भिक्षुसंघसहित वैशालीमा जानुभयो । त्यहाँ धेरै भिक्षुहरूले चीवरको पोकाको पोका बोकेर हिंडेको देख्नुभयो । तब 'यी नालायकहरू छिट्टै संग्रह गर्न थाल्नेछन्' भनी सोच्नुभयो । त्यससमय माघ फागुनबीच अति जाडो थियो । हेमन्त ऋतुको एक रात हिमपातको समय खुला स्थानमा एउटा चीवर लिनुभएर बस्नुभयो । प्रथम याम (१० बजे) पछि जाडो भयो तब दोश्रो चीवर ओड्नुभयो, जाडो हट्यो । फेरि द्वितीययाम (२ बजे) पछि जाडो भयो, तब तेश्रो चीवर ओड्नुभयो । जाडो हट्यो । विहानपख फेरि जाडो भयो चौथो चीवर ओड्नुभयो । जाडो हट्यो । यसरी जाडोअनुसार दुइवटा, तीनवटा, चारवटा चीवर ओड्नुभयो । परीक्षाबाट तीन चीवरभन्दा बढी आवश्यक नपर्ने अनुभव गर्नुभयो । तब भिक्षुहरूलाई आमन्त्रण गर्नुभएर भन्नुभयो- 'भिक्षुहरू ! तीन चीवर (त्रिचीवर) को अनुज्ञा दिन्छु । दोहरो संघाटी, एकहोरो उत्तरासंग, एकहोरो अन्तरवासक ।'

### मनुष्यहत्या पाराजिक

त्यस समय भगवान् बुद्ध वैशालीको कुटागार शालामा विहार गर्नुहुन्थ्यो । भगवान्ले अशुभ भावना गराउनुहुन्थ्यो । तब भगवान्ले आधामहिना एकान्त ध्यानमा बस्नुभयो ।



Downloaded from http://www.dhamma.digital

भोजन ल्याउनेबाहेक अरुलाई भेट दिनुभएन ।

तब जसरी भरखरै नुहाएको व्यक्तिको शरीरमा कुकुर साँपको सिनु, मानिसको लाश राख्दा घृणा भएझैं भिक्षुहरूले अशुभ भावना गर्दै शरीरप्रति घृणा गर्न थाले र फलस्वरूप एकले अर्कालाई मार्ने, मर्ने गर्न थाले ।

'राम्रो हुनेछ यदि हामीलाई मारिदिएमा, यो पात्र चीवर तिम्रो हुनेछ' यसरी भनेको आधारमा मिगलंडिक समणकुत्तकले पात्र चीवरको लोभमा धेरै भिक्षुहरूलाई मारेर रगत लागेको तलवार वग्गमुदा नदीमा धुँदाधुँदै पश्चाताप भयो- 'अलाभ छ मलाई, दुर्लाभ छ मलाई, सुलाभ भएन, मैले धेरै पाप कमाएँ, जुन शीलवान, कल्याणधारी' भिक्षुहरूको प्राण लिएं ।

तब मार देवता आएर 'साधु, साधु, सत्पुरुष ! लाभ छ तिमीलाई, सुलाभ छ तिमीलाई, जो तिमीले अतीर्णलाई तारिदियौं ।' यो सुनेर प्रसन्न भएर एक विहारबाट अर्को विहार घुम्दै भिक्षुहरूलाई मार्दै हिंड्यो । अवितरागी भिक्षुहरू डराउंथे, रोमाञ्चित हुन्थे ।

पन्ध्रदिनपछि भगवान् एकान्त ध्यानबाट उठ्नुहुँदा भिक्षुहरू कम देख्नु भएपछि सोध्नुभयो- 'आनन्द भिक्षुसंघ धेरै कम भएको छ ?'

आयुष्मान् आनन्दले सारा कुरा भन्नुभयो । तब वैशालीका सारा भिक्षुहरूलाई निमन्त्रित गराउनभएर भगवान्ले भन्नुभयो- 'भिक्षुहरू ! यो आनापान सति भावना गर्नाले, बढाउनाले शान्त प्रणीत सुख विहारी हुन्छ । जसरी गृष्म महिनामा उड्ने घूलोलाई महावर्षाले शान्त गरिदिन्छ त्यसरी नै अकुशूलधर्म नाश हुन्छ ।'

'जो पुरुष जानीजानी मनुष्यहत्या गर्दछ, शस्त्रप्रहार गर्दछ, मर्ने प्रशंसा गर्दछ, मर्नको लागि प्रेरणा दिन्छ- ए मानिस ! तिमीलाई यस पापी जीवनदेखि के लिनु छ ? बाँच्नुभन्दा मर्नु जाति छ । यसप्रकारको चित्तले, संकल्पले अनेकप्रकारले जो मर्ने प्रशंसा गर्छ, मर्नको लीग प्रेरणा दिन्छ, ऊ पाराजिक हुनेछ, भिक्षुसंग संवास अयोग्य हुन्छ ।'

### उत्तरमनुष्य धर्म पाराजिक

त्यस समय वज्जीमा दुर्भिक्ष थियो । भिक्षुहरू वग्गमुदा नदीतीरमा वर्षावास बसे । बडो दुःख गरी वर्षावास बसे । आहार प्राप्त गर्न कसैले गृहस्थको खेती हेरिदिने, कसैले दूतको काम गर्ने, कसैले उत्तरमनुष्य धर्मको प्रशंसा गर्ने सल्लाह दिए ।

सल्लाहअनुसार 'फलाना भिक्षु यस्तो ध्यानलाभी छ, यस्तो ऋद्धिशक्ति छ' भनी प्रचार गरे । त्यो सुनेर मानिसहरू 'हामीलाई धेरै लाभ भयो जो कि पहिले कहिले नभएका यस्ता शीलवान कल्याण धर्म भिक्षुहरू हामीकाहाँ आएका छन्' भन्दै प्रसन्न हुंदै आफू र आफ्ना परिवार, नातेदार, इष्टमित्रलाई भोजन नदिएर, नखाएर भिक्षुहरूलाई दिन्थे ।



Downloaded from http://www.dhamma.digital

वर्षावासपछि भगवान्‌लाई भेट्न जाँदा अन्य दिशाहरूबाट आएका भिक्षुहरू दुब्लो, हाडछाला भएका तर तिनीहरू हृष्टपुष्ट मोटाएका सुन्दर वर्णका थिए । तब सारा कुरा बुझ्नुभएर भगवान्‌ले भन्नुभयो- 'मोघपुरुष ! बरु गाई मार्ने छुराले पेट काट्नु उचित थियो । किनकि यसले मरण वा मरणतुल्य दुःख मात्र पाउँथ्यो । मरणपछि दुर्गति पाउने थिएन ।'

'लोकमा यी महाचोर छन्-

१) कुदस्यु (सानो डाकु) जसले सय वा हजार मानिसको हत्या गर्नसक्छ । त्यसरी नै एकजना भिक्षु सय वा हजार गृहस्थद्वारा पूजित भएर भोजन आदि प्राप्त गरुं भन्ने विचार राख्छ । यो पहिलो महाचोर हो ।

२) अर्को पाप भिक्षुले तथागतद्वारा प्रतिपादित धर्मलाई मेरो निजी धर्म भन्दछ, लाभ सत्कार प्राप्त गर्दछ, ऊ दोश्रो महाचोर हो ।

३) अर्को पाप भिक्षुले परिसुद्ध आचरण गर्दै अन्य शुद्ध सब्रह्मचारीलाई भूठो आरोप लगाउँछ र लाभ सत्कार प्राप्त गर्दछ ऊ तेश्रो महाचोर हो ।

४) अर्को पाप भिक्षुले विहारका सामानहरू गृहस्थलाई दिएर खुशी पारी लाभ सत्कार प्राप्त गर्दछ ऊ चौथो महाचोर हो ।

५) सारा लोकमा ऊ महाचोर हो जसले अविद्यमान असत्य उत्तरमनुष्य धर्मको बखान गर्छ र लाभ सत्कार प्राप्त गर्दछ । किनकि उसले चोरी गर्दै राष्ट्रपिण्ड खान्छ । यस्ता चोरहरू नरकमा उत्पत्ति हुन्छन् । दुःशील असंयमी भिक्षु भएर राष्ट्रपिण्डलाई खानुभन्दा आगोको ज्वालाजस्तै राँकिएको आगो (डल्ला) खानु उचित छ ।'

'जो भिक्षु अविद्यमान उत्तरमनुष्यधर्मलाई आफूमा भएको बताउंछ- 'यस्तो जान्दछु' । पछि सोध्दा वा नसोध्दा पनि पापेच्छाले या विशुद्धापेक्षी भएर भन्दछ- 'आवुसो ! मैले नजानेकोलाई 'जान्दछु' भने, नदेखेकोलाई 'देखेको छुं' भने, 'मैले भूठो बोलें' भन्दछ तब ऊ पाराजिक, असंवास हुन्छ । अधिमानले यदि भनेको छैन भने ।'

विशुद्धापेक्षी- गृहस्थ हुने इच्छाले या श्रामणेर हुने इच्छाले ।

उत्तरमनुष्य धर्म- १) ध्यान २) विमोक्ष ३) समाधि ४) समापत्ति ५) ज्ञानदर्शन ६) मार्गभावना ७) फल साक्षात्कार ८) क्लेश प्रहाण ९) विनीवरणता १०) चित्तको शून्यतागारमा अभिरत ।

### चीवर विषय

भगवान् बुद्ध वैशालीबाट चारिका गर्नुहुँदै सारनाथ ऋषिपतन मृगदाव पुग्नुभयो । ऋषिपतन मृगदायमा त्यस समय एक भिक्षुको अन्तरवासकमा प्वाल पऱ्यो । तब उसले भगवान्‌ले त्रिचीवरको अनुज्ञा दिनुभएको छ भनी- 'किन म चारैतिर पारि नलगाऊँ, जसले



Downloaded from http://www.dhamma.digital

गर्दा चारैतिर  दोहरो र बीचमा एकोहोरो हुनेछ' भनी अन्तरवासकमा पारि लगायो । शयनासन चारिका गर्नुहुँदा त्यो देख्नुभएर भगवान्ले साधुकार दिनुभयो । यसै सन्दर्भमा उहाँले नयाँ विनय बनाउनुभयो र भन्नुभयो- 'नयाँ कपडाको दोहरो संघाटी, एकोहोरो उत्तरासंग र एकोहोरो अन्तरवासक, पुरानो कपडाको चोहरो संघाटी, दोहरो उत्तरासंग, दोहरो अन्तरवासक र पाँशुकुलमा यथेच्छ लगाउने, पारि लगाउने रफू लगाउने आदिको अनुज्ञा दिन्छु ।'

भगवान् बुद्ध सारनाथबाट इच्छानुसार चारिका गर्नुहुँदै श्रावस्तीमा पुग्नुभयो । जेतवनमा विहारमा पुग्नुहुँदा मृगारमाता विशाखाले भोजनको निमन्त्रणा दिएर गइन् । विहानीपख घनघोर वर्षा भयो । भगवान्ले 'यो  चारै द्वीपमा वर्षिएको अन्तिम महामेघ हो । स्नान गर' भन्नुभयो र सबैले नाङ्गै नुहाउन थाले । त्यसबेला विशाखाले भोजनको लागि दासीलाई भन्न पठाइन् र दासीले सारा भिक्षु नाङ्गै नुहाउँदै गरेको देखिन् । त्यो देखेर 'विहारमा भिक्षु होइन, नाङ्गा साधु (आजीवक) हरू नुहाइरहेछन्' भनी विशाखालाई बताइन् । विदुषी विशाखाले कुरा बुझिन् ।

भगवान् पनि ऋद्धिशक्तिद्वारा भिक्षुसंघसहित विशाखाले  बिछ्याइराखेको आसनमा बस्नुभयो । घनघोर वर्षा आउँदाखेरि पनि कसैको पनि चीवर नभिजेको देख्दा विशाखा आश्चर्य चकित र श्रद्धाले विभोर भइन् । आफैले खाना पस्केर भोजन गराइन् । भोजन समाप्त भएपछि यावतजीवन संघलाई नुहाउने लुंगी (वस्सिक साटीक) आगन्तुक भोजन, गमिक भोजन, रोगी भोजन, रोगी परिचारक भोजन, रोगी औषधि, सर्वत, यागू र भिक्षुणी संघलाई, उदक साटक (ऋतुमतीको कपडा) दिने अनुमति मागिन् ।

भगवान्ले 'के कारणले यो वर मागेको ?' भनी सोध्नुभयो ।

मृगारमाताले भनिन्-

१) भिक्षुहरू खुलारूपमा नांगो बस्नु घृणित काम हो । त्यसैले नुहाउन वर्षा साटिक दिन चाहन्छु ।

२) आगन्तुक भिक्षु अज्ञानतावश थकित भएर भिक्षा माग्दै हिंड्छ, कुवेलामा भिक्षा नपाउन पनि सक्छ । त्यसैले भिक्षा माग्नु नपर्ने गरी आगन्तुक भोजन दिन चाहन्छु ।

३) गमिक भिक्षु प्रस्थानपूर्व भिक्षाको लागि भगवान्को साथ छोड्न सक्छ, उसले पनि गन्तब्य स्थानमा पुग्दा विकाल भएर भोजन नपाउन सक्छ । त्यसैले गमिक भोजन दिन चाहन्छु ।

४) रोगी भिक्षुले अनुकूल भोजन नपाएमा रोग बढ्न सक्छ, मरण हुनसक्छ, त्यसैले रोगी भोजन दिन चाहन्छु ।

५) रोगीले परिचारक नपाएमा समयमा भोजन सेवा नपाएर रोग बढ्न सक्छ, मरण



Downloaded from http://www.dhamma.digital

हुनसक्छ, त्यसैले रोगी परिचारक दिन चाहन्छु ।

६) रोगीले समयमा उपयुक्त औषधी नपाएमा रोग बढ्न सक्छ, मृत्यु हुन सक्छ, त्यसैले रोगी औषधी दिन चाहन्छु ।

७) भगवान्ले दश गुण देखेर यवागुको अनुज्ञा दिनुभएको छ। त्यसै गुणलाई देखेर यवागु दिन चाहन्छु ।

८) एक दिन भिक्षुणीहरू अचिरवती नदीमा नांगै नुहाउन थालिन् । त्यहाँ वेश्याहरूले तरुणी भिक्षुणीहरूलाई तरुनी अवस्थामा कामभोग गर्नुपर्छ, बूढी भएर मात्र भिक्षुणी हुने हो' भनेर भड्काउँदा चुपचाप लागी बसिरहे। भिक्षुणीहरू नाँगो बस्नु घृणीत काम हो। त्यसैले भिक्षुणीहरूको लागि उदक साटिक (ऋतुमती कपडा) दिन चाहन्छु ।

भगवान्ले साधुकार दिनुहुँदै यी वस्तुहरू ग्रहण गर्नु हुने अनुमति दिनुभयो ।

## मिगारमाता चरित्र

त्यस समय बिम्बिसार र प्रसेनजित एक अर्काको बहिनी ज्वाई थिए । राजा प्रसेनजितले 'राजा बिम्बिसारको पांचपांच महाभोगी धनाढ्य सेठहरू छन्, मेरो राज्यमा एकजना पनि छैन, त्यसैले एक जना माग्नुपर्‍यो' भनी माग्दा महाश्रेष्ठीहरूलाई दिइपठाउँदा राज्यको विनाश हुनसक्ने अमात्यहरूले सल्लाह दिएअनुसार मेण्डक श्रेष्ठको छोरा धनञ्जय श्रेष्ठीलाई दिइपठायो । धनञ्जय श्रेष्ठी आफ्नो पूर्ण व्यवस्था गरी जाँदाजाँदै साँझमा श्रावस्तीभन्दा बाहिर बास गर्‍यो र त्यहीं आफ्नो शहर बनायो । साँझमा बास बसेकोले त्यस नगरलाई साकेत भनियो । यसैलाई आजकाल अयोध्या भनिन्छ भन्ने इतिहासकारको भनाई छ।

अंगुत्तरनिकाय अट्ठकथा (१/७/२) अनुसार श्रावस्तीमा मृगार श्रेष्ठीको छोरा पूर्णवर्धन कुमारको विवाहको लागि मान्छे पठायो। लमीहरू केटी खोज्दै साकेत पुगे। त्यस समय विशाखा आफ्नी पाँचसय कुमारीहरूका साथ उत्सव मनाउन महान्दी आइन्। त्यसै समय वर्षा भयो। सबै ओत लाग्न टहरामा पसे। विशाखा विस्तारै आइन्। विशाखाको सुन्दरता देखेर प्रसन्न भएर परीक्षाको लागि लमीहरूले भने- 'अरु युवतीहरू दौडिएर आए, तिमी भने बूढीजस्ती विस्तारै आयौ।'

'मेरो घरमा लुगाको कमी छैन। तरुणीहरू विक्री गर्ने सामानजस्तै हुन्। अपांग भएमा लोकले घृणा गर्छ र विवाह गर्न गाह्रो हुन्छ। त्यसैले विस्तारै आएकी हुँ।'

लमीहरूले विशाखालाई मन पराएर सारा कुरा गरेर विवाहको प्रस्ताव राख्यो । धनमा कम भए पनि जातिमा वरावर भएकोले विशाखाले स्वीकार गरिन् । यो शुभ समाचार श्रावस्ती पठायो। विवाहको दिन पक्का गरेर श्रावस्तीबाट राजा प्रसेनजितसहित



Downloaded from http://www.dhamma.digital

मिगारसेठले जन्ति लग्यो। सारालाई सुव्यवस्थित ढंगले धनञ्जय सेठले व्यवस्था मिलाइदियो। त्यसै समय वर्षात् सुरुभयो। तीन महिना बित्दा पनि दुलहीको लागि महालता आभूषण तयार भएन। काठ दाउराको कमी हुंदा हस्तिशाला, तबेला, गौशाला बिगारेर काठको काम लियो। कपडालाई तेलमा डुबाएर आगो बनायो। चार महिनासम्म साकेतमा उत्सवजस्तै रमाइलो भयो।

त्यतिबेलासम्म चार महिना पुरा भयो। महालता प्रसाधन पनि तयार भयो। विवाह सम्पन्न भयो। विदा गर्ने दिनधनञ्जय सेठले छोरीलाई यसरी उपदेश दियो -

१) भित्रको आगो बाहिर नलानु
२) बाहिरको आगो भित्र नलानु
३) दिनेलाई दिनु
४) नदिनेलाई नदिनु
५) दिनेलाई नदिनेलाई पनि दिनु
६) सुखपूर्वक बस्नु
७) सुखपूर्वक खानु
८) सुखपूर्वक सुत्नु
९) अग्नि परिचर्या गर्नु
१०) भित्रको देवतालाई नमस्कार गर्नु।

छोरी विदा गर्नुको साथै आठ कुटुम्बीहरूलाई बोलाएर भन्यो- 'यदि ससुरालीमा मेरी छोरीको कुनै अपराध भएमा तिमीहरूले परिसोध गर्नु' भनी सम्पत्ति दिएर पठायो। ९ करोड मूल्यवान महालता प्रसाधन पहिरिएर ५४०० गाडी धन, ५०० दासदासिहरू, ५०० रथ र अन्य सत्कार सामान सहित मिगारसेठ र प्रसेनजित राजालाई विदा गऱ्यो।

श्रावस्तीमा पुग्दा रथमा घुम्टो नओढी अनुहार देखाई, विशाखाले महालताको प्रदर्शन गर्दै, सबैले विशाखाको रूप र सम्पत्तिको प्रशंसा गराउँदै, ससुरालीमा प्रवेश गरिन्। त्यस रात दाइजो दिएको एक आजानीय घोडीको प्रसव भयो। दासीहरूले सूचना दिएपछि विशाखा गएर तातो पानीले नुहाइदिएर तेल मालिस गराइन्।

मिगार सेठले एक हप्तासम्म विवाह उत्सव मनायो। सातौं दिन अचेलक (नांगा) साधुहरूलाई कोठाभरि राखेर 'अर्हतको दर्शन गर्न आऊ' भनेर मिगारले विशाखालाई बोलायो। स्रोतापन्न भएकी विशाखाले 'अर्हत' शब्द सुनेर प्रसन्न भएर जाँदा, नांगा साधुहरू देखेर 'यस्तो पनि अर्हत हुन्छ, लज्जाभय नभएकाहरू, धिक्कार छ।' भन्दै विशाखा फर्किन्। यो देखेर अचेलकहरूले मिगारलाई धिक्काऱ्यो- 'गृहपति ! के तिमीलाई श्रमण



Downloaded from http://www.dhamma.digital

गौतमको श्राविकाबाहेक अरु कन्या पाएनौ ? यस्तो महाकालकर्णी (कुलक्षण)लाई घरमा प्रविष्ट गरायौं । तुरुन्तै घरबाट निकाल ।'

धनी सेठकी छोरीलाई तुरुन्त केही भन्न नमिलेर सेठले 'आचार्य ! यी बच्ची नै छिन्, क्षमा गर्नुहोस् ।' भनी अचेलकहरूलाई विदा दियो । त्यसपछि सुनको थालमा खीर खान बस्यो । त्यसै समय भिक्षाटनमा एक भिक्षुलाई आएको देखेर, 'ससुराले देखोस्' भनी मिगारलाई पंखा हम्किरहेकी विशाखा एक छेउ लागिन् । तर मिगारले भिक्षुलाई देखे पनि वास्ता गरेन ।

तब विशाखाले 'जानुहोस् भन्ते ! मेरो ससुराले बासी खाइरहनुभएको छ ।' भनिन् ।

आफ्नो गुरुहरूलाई अपमान गर्दा नै रिसाएको मिगार अब आफ्नो बेइज्जत गरेको सुन्दा क्रोधको सीमा रहेन । विशाखालाई घरबाट निस्केर जान भन्यो । विशाखाले पनि 'म पानी पंधेराबाट ल्याएकी दासी होइन' भन्दै दोषादोष पत्ता लगाउन बाबाले पठाएका आठ कुटुम्बीलाई बोलाउन पठाइन् । कुटुम्बहरू आएपछि मिगारसेठले सारा कुरा बतायो ।

कुटुम्बीको प्रश्नको जवाफ दिँदै भिक्षुको घटना सुनाउँर भनिन्- 'यस जन्ममा पुण्य गरेको छैन । पूर्वजन्मको पुण्यफल खाइरहेछ' भन्ने अर्थले भनेकी हुँ ।

कुटुम्बीहरूले 'यो त दोष होइन, राम्रै भनेछिन्' भन्यो ।

तब अर्को दोष लगाउँदै 'पहिलो रात नै घरबाहिर गइन्' भन्यो ।
त्यसको स्पष्टिकरणमा 'घोडीले बच्चा जन्माएको र उसको सेवा गरेको' सुनाइन् ।

'दासीहरूले गर्ने काम हाम्री छोरीले गरी' भन्दै झनै प्रसंसा गरे कुटुम्बीहरूले ।

तब अन्तमा धनञ्जय सेठले सुनाउँको कुरा कोट्याएर भन्यो- 'यस्तो पनि हुन्छ ? छिमेकीबीच आगोको लेनदेन त भइहाल्छ ।'

वास्तवमा 'बाबाले भगवान् बुद्धको शिक्षा नै बताउनुभएको हो' भन्दै त्यसको अर्थ बताइन् । जस्तै-

१) पहिलोको अर्थ घरको झैझगडा अन्यलाई सुनाउँनु वा दासहरूले गरेको दोषलाई मालिकहरूलाई नसुनाउँनु ।

२) दोश्रोको अर्थ बाहिरको झगडाको विषय घरमा नसुनाउँनु ।

३) तेश्रोको अर्थ ऋण दिएर फर्काउनेलाई फेरि दिनु ।

४) चौथोको अर्थ ऋण नफर्काउनेलाई नदिनु ।

५) पांचौंको अर्थ गरीब परिवार मित्र, श्रमणहरूलाई दिए पनि नदिए पनि दिनु ।

६) छैठौंको अर्थ सासुससुरा आदिको विचार, सम्मान गरी बस्नु ।

७) सातौंको अर्थ सासुससुरा आदिको सम्मान गरी खानु ।



Downloaded from http://www.dhamma.digital

८) आठौंको अर्थ सासुससुरा आदिको सम्मान गरी सुत्नु ।

९) नवौंको अर्थ सासससुरा नातेदारहरूलाई नागराजजस्तै सम्झिनु ।

१०) दशौंको अर्थ लोग्नेलाई देवता समान व्यवहार गर्नु ।'

यति सुनेर मिगारसेठ चुप लागिबस्यो ।

'अरु कुनै दोष छ हाम्री छोरीको' भने ।

मिगारसेठले केही भन्न नसक्दा विशाखाले 'म बस्दिन यस्तो ठाउँमा' भनेर दासदासीलाई जानको तयारी गर्न भनिन् ।

मिगारले क्षमा माग्यो । तब विशाखाले 'भगवान् बुद्धप्रमुख भिक्षुसंघलाई भोजन दान गराउने भएमा बस्छु' भन्ने शर्त राखिन् । 'तिमीलाई जस्तो मनपर्छ, त्यस्तै गर' भनी अनुमति दिएपछि विशाखा शान्त भइन् । प्रसन्न भएर भगवान् बुद्धप्रमुख भिक्षुसंघहरूलाई भोजनमा निमन्त्रणा गरिन् ।

'मिगारको घरमा श्रमण गौतमलाई भोजनको निमन्त्रणा दिएको छ' भनी सुनेर अचेलकहरू मिगारलाई घेरेर बसे । भोजनको समयमा जान सकेन । धर्मोपदेशको समय भयो, खबर पठायो, अब त जानुपर्छ भन्दा अचेलकहरूले 'पर्दा लाएर सुन्नु' भनेपछि पर्दा लगाएर धर्मदेशना सुन्यो । भगवान् बुद्धले पनि मिगारसेठको मिथ्यादृष्टि नाश हुने गरी देशना गर्नुभयो । धर्मदेशनापश्चात् सेठ स्रोतापन्न भयो र गल्तीको लागि माफी माग्दै भगवान्को अगाडि नै 'आजदेखि तिमी मेरी आमा भयौ' भनी विशाखालाई आमाको स्थानमा राखेर सम्मान गर्‍यो । त्यस दिनदेखि विशाखालाई मिगारमाता भनिन थालियो ।

**आनन्द चरित्र**

भगवान्ले बीस वर्षावाससम्म विभिन्न भिक्षुहरूलाई निजीसेवक (उपस्थापक) बनाउनुभयो । कहिले नागसाल, कहिले नागित, कहिले उपवाण, कहिले सुनक्खत, कहिले चुन्द समणोद्देश, कहिले स्वागत, कहिले राध त कहिले मेघिय

एक समय भगवान् नागसालसंग गइरहनुभएको थियो । दोबाटो आयो । नागसालले भगवान्लाई भन्यो 'म यो बाटो जान्छु ।' भगवान्ले अर्को बाटोमा जान भन्नुहुँदा पनि 'म यही बाटोबाट जान्छु' भनेर भगवान्को पात्र चीवर बाटोमा राखेर ऊ अर्कै बाटो लागिगयो । पछि उसको पात्र फोडेर, चीवर चोरले चोरिलगेपछि 'भगवान्बाहेक मेरो अरु शरण छैन' भनेर रगताम्य भएर भगवान्काहाँ आयो । मेघियले पनि एकदिन त्यस्तै व्यवहार गरेको थियो । त्यसैले भगवान्ले भिक्षुसंघलाई भन्नुभयो- 'अब म वृद्ध ५५ वर्षको भैसकें । मेरा सेवकमध्ये कसैलाई 'यो मार्ग हिंड' भन्दा अर्को बाटोमा हिंड्छ । कोही मेरो पात्रचीवर भुइंमा राखेर छाडेर जान्छ । त्यसैले मलाई स्थायी सेवक चाहियो ।'



Downloaded from http://www.dhamma.digital

आयुष्मान् सारिपुत्रले 'म सेवा गर्छु' भन्नुहुँदा भगवान्ले भन्नुभयो- 'हुँदैन सारिपुत्र, जुन दिशामा तिमी जान्छौ त्यो दिशा म विना शून्य हुँदैन । तिम्रो धर्मउपदेश, बुद्धको उपदेशसमान छ। त्यसैले मलाई तिमीलाई सेवक बनाउने काम छैन।' त्यसैगरी आयुष्मान् मौद्गल्यायन लगायत असीति महाथेरको साथै अन्य सबै भिक्षुहरूले सेवक बन्ने चाहना गरे तर भगवान्ले स्वीकार गर्नुभएन ।

अन्य भिक्षुहरूले आयुष्मान् आनन्दलाई उपस्थापक पदको लागि माग गर भन्दा- 'भगवान्ले भनेमा सेवा गर्नेछु' भनी बसिरहनुभयो। अन्तमा भगवान्ले आयुष्मान् आनन्दलाई भन्दा चार प्रतिक्षेप (अस्वीकार) र चार याचना युक्त आठ शर्त मान्ने भएमा मात्र सेवक बन्ने कुरा आनन्दले भन्नुभयो-

१) भगवान्को चीवर नदिनु
२) पिण्डपात नदिनु
३) गन्धकुटीमा बस्न नदिनु
४) निमन्त्रणामा साथै नलानु
५) मैले स्वीकार गरेको निमन्त्रणामा जानुपर्ने
६) भगवान्लाई दर्शन गराउन ल्याउँदा दर्शन पाउनुपर्ने
७) जुनसुकै समयमा पनि भगवान्लाई भेट्न पाउनुपर्ने
८) मेरो अनुपस्थितमा दिएको देशनालाई पछि मलाई दोहोऱ्याएर सुनाउँनुपर्ने

'के कारणले यी शर्त राख्यौ' भनी भगवान्ले सोध्नुभयो ।

उहाँले भन्नुभयो- 'भगवान्को चीवर, पिण्डपात प्राप्त गरेमा, गन्धकुटीमा वास गरेमा र निमन्त्रणामा गएमा साराले मलाई 'लोभको लागि सेवा गरेको' भनी आरोप लगाउनेछ। 'कस्तो निजी सेवक रहेछ, भगवान्लाई एउटै कुरा पनि गराउन सक्दैन, एउटा कुरापनि थाहा छैन्' भनी आरोप लाग्नेछ। त्यसैले मेरो निमन्त्रणा स्वीकार गर्नुपर्छ। दर्शन गराउन ल्याउँदा दर्शन गराउन पाउनुपर्छ, भेट्न पाउनुपर्छ, देशना मलाई पुनः बताउनुपर्छ।

भगवान्ले यी आठै शर्त स्वीकार गर्नुभयो र आनन्द भगवान्को स्थायी निजी सेवक बन्नुभयो । भगवान्को परिनिर्वाण अर्थात २५ वर्षसम्म लगातार सेवा गर्नुभयो ।

अगाडिका २० वर्ष भगवान्ले विभिन्न स्थानमा वर्षावास गर्नुभयो । त्यसपछि लगातार जेतवन र पूर्वाराममा वर्षावास बस्नुभयो ।

**चिञ्चा काण्ड**

धम्मपद अट्ठकथा (१३/१९) अनुसार यस्तो मैले सुने- सम्यक् सम्बुद्धको पहिलो २० वर्षमा नै महान् लाभ सत्कार प्राप्त भयो। अन्य तैर्थिकहरूको लाभसत्कारमा कमी हुन



Downloaded from http://www.dhamma.digital

थाल्यो। यो देखेर अन्य मतावलम्बीहरू ईर्ष्या गरेर भगवान्‌को निन्दा गर्ने, लाभसत्कार नाश गर्न चिन्तना गर्ने गर्दथे। त्यस समय चिञ्चा नामकी परिव्राजिका सुन्दरी शौभाग्य प्राप्त थिइन्। श्रमण गौतमको लाभ सत्कारदेखि ईर्ष्या गर्नेहरूले चिञ्चा माणविकाद्वारा भगवान्‌को अपयश फैलाउने उद्देश्यले राजनीति गरेर चिञ्चालाई आफ्नो योजनाअनुसार तयार पारे। चिञ्चा पनि धर्मदेशना सुनेझैं गरी बस्ने गरिन्। श्रावस्तीवासीहरू धर्मदेशना सुनेर फर्किंदा चिञ्चा सजिसजाउ भएर जेतवनतिर जान्थिन्। तर रात भने नजिकको तैर्थिकहरूको आश्रमा बिताउँथिन्। फेरि सवेरै वन्दना गर्न आउने श्रावस्तीवासीभन्दा अगाडि नै जेतवनभित्रबाट नै आएझैं गरी हिंड्थिन्।

एक दुइ महिना भएपछि एकदिन पेटमा काठेमुंग्रोलाई कपडाले बाँधेर गर्भिणीजस्ती देखिएर धर्मदेशना गरिरहनुभएको समयमा आएर 'महाश्रमण! तिम्रो शब्द मधुर छ। श्रेष्ठ सुन्दर स्पर्श युक्त छ। म गर्भवती भइसकें। संसारलाई धर्मदेशना गर्छौ तर मेरो लागि कुनै प्रसूति उपाय बताउँदैनौ, न स्वयं घीउतेल आदिको व्यवस्था गर्छौ। सक्दैनौं भने आफ्ना कोशलराज, अनाथपिण्डक आदि उपासक, विशाखा आदि उपासिकालाई भन। अभिरमण गर्न जान्दछौ, गर्भउपचार गर्न जान्दैनौं?' भनी गुहुराशी फ्यालेर पूर्णचन्द्रमालाई दूषित गर्न खोजेझैं कोशिस गर्दै भगवान्‌लाई आरोप लगाइन्।

भगवान्‌ले धर्मदेशना रोक्नुहुँदै शान्त सौम्य भएर शान्त स्वरमा भन्नुभयो- 'बहिनी, तिम्रो भनाईको साँचो वा झूठो म या तिमी मात्र जान्दछौ।'

'हो त नी, तिमी र मबाहेक यो कुरा अरु कसले जान्दछ र?' भनी चिञ्चाले जवाफ दिइन्।

यो कुरा देवराज इन्द्रले थाहा पाएर चार देवदूतलाई मुसाभेषमा पठाएर बाँधेको डोरी काट्न लगायो र डोरी चुंडिएर काठेमुंग्रो तल झर्दा परिषदमा पोल खुल्यो। साराले धिक्कारे थूके, ढुङ्गामूढा गर्न थाले र भागेर जेतवन विहारबाहिर जानासाथ जमिन फाटेर पसेर खसेर मृत्यु भयो।

### रोगी सेवक बुद्ध

महावग्ग (८/७/१) अनुसार यस्तो मैले सुने- त्यस समय एक भिक्षु विमारी थियो। ऊ आफ्नो दिसापिसापसहित ओछ्यानमा परेको थियो। भगवान्‌ले थाहा पाउनुभएर रोगी भिक्षुलाई भेट्नुभएर उसको परिचारक कोही पनि नभएको थाहा पाउनुभएर आनन्दलाई पानी मगाउनुभएर आफैले रोगीलाई पानी खन्याएर आनन्दले नुहाइदिनुभयो।

यसै सन्दर्भमा भन्नुभयो- 'भिक्षुहरू तिमीहरूका आमाबाबा छैनन् जसले तिमीहरूलाई



Downloaded from http://www.dhamma.digital

सेवा गरिदियोस् । तिमीहरू एकले अर्काको सेवा नगरिदिए अरु कसले गर्छ ? जसले रोगीको सेवा गर्छ उसले मेरो सेवा गरेको हुन्छ । जसले सेवा गर्दैन उसलाई दुक्कटको आपत्ति लाग्छ ।'

## पूर्वाराम निर्माण

एक उत्सवको दिन महालता प्रसाधन लगाएर उत्सव हेरी फर्किंदा विशाखा महाउपासिका महालता प्रसाधन फुकाली जेतवन विहारबाहिर राखी भित्र गएर धर्मदेशना सुन्न गइन् । तर पछि घर फर्किंदा बिर्सिन् । त्यस गहनालाई आयुष्मान् आनन्दले पाएर एक ठाउँमा सुरक्षापूर्वक राखिदिनुभएको थियो । विशाखाले याद गरेर लिन पठाउँदा आनन्द भन्तेले राखेको थाहा पाएर भिक्षुले छुइसकेको कारण भिक्षु संघलाई नै दान गरिन् ।

भिक्षुसंघलाई गहना काम नलाग्ने भएकोले गहना बेचेर संघको लागि केही गरिदिने मनसायले गहना बेच्न खोज्दा कसैले पनि किन्न सकेन । अन्तमा आफैले ९ करोड मूल्य राखी किनेर 'त्यो पैसा के गरुँ' भनी भगवान्संग सोधिन् ।

'संघको लागि श्रावस्तीको पूर्वतिर विहार बनाऊ' भनी सुनेर विहार बनाउन सुरु गरिन् । त्यसै समय भगवान् चारिकाको लागि निस्कनु हुँदा 'विहारको कार्यको लागि एक जना भिक्षु दिनुहोस्' भनी अनुरोध गरिन् ।

'जसलाई मन पर्छ पात्र लिनु' भनी भगवान्ले भन्नुभयो ।

तब विशाखाले ऋद्धिशक्ति सम्पन्न आयुष्मान् मौद्गल्यायनलाई छानिन् । उहाँको आनुभावले अमनुष्य आएर विहार बनाउँदथे । त्यसैले छिट्टै विहार तयार भयो । त्यस विहारमा पांचसय कोठा तल्लो तल्लामा ५०० कोठा माथिल्लो तल्लामा थियो ।

*दुइप्रकारको उद्देश्यले भगवान्ले चारिका गर्नुहुन्थ्यो :*

*क) त्वरितचारिका- जो दुर बोधनीय मनुष्यलाई देख्नुभएर बोध गर्न प्रत्यक्ष देशमा गर्न गमन गरिएको चारिका । जस्तै- महाकाश्यप स्थविरको लागि पौने योजन, अंगुलिमाल र आलवकको लागि तीस योजन, पुक्कुसातिको लागि ४५ योजन, महाकप्पिनको लागि १२० योजन, धनियको लागि १०७ योजन, धर्मसेनापति सारिपुत्रको शिल्प श्रामणेर वनवासी तिष्यका लागि पौने १२१ योजन ।*

*ख) अत्वरिक चारिका- बोधगम्य मनुष्यलाई देख्नुभएर साधारण गमन गर्नुभई गाउँ शहरमा क्रमैले प्रतिदिन योजन आधाभोजन भिक्षाटन गर्नुहुँदै लोकानुग्रह गर्नुहुँदै गर्ने गमन चारिका ।*



Downloaded from http://www.dhamma.digital

# २२ औं वर्षावास
## श्रावस्ती, पूर्वाराम
(वर्ष ५६- बु.स.पूर्व २४)

**देवदह सुत्त**

मज्झिमनिकाय (३/१/१) अनुसार यस्तो मैले सुने- एक समय भगवान् शाक्यहरूको देवदहमा विहार गर्नुहुन्थ्यो ।

भगवान्ले देवदहमा भिक्षुहरूलाई भन्नुभयो- 'भिक्षुहरू ! कोहीकोही यस्तो दृष्टियुक्त पनि हुन्छ- 'पूर्वकर्मको कारणले नै सारा सुख दु:ख उपेक्षा वेदना अनभव गर्छ। यसप्रकार पुरानो कर्मलाई तपश्याद्वारा अन्त गर्नाले र नयाँ कर्म नगर्नाले आस्रवक्षय हुन्छ। आस्रवक्षय हुनाले कर्मक्षय, दु:खक्षय, वेदनाक्षय, सबै दु:ख जीर्ण हुन्छन् भन्ने धारणा राख्छ ।'

त्यहाँ उनीहरूलाई 'के तिमीलाई पहिल्यै थाहा थियो कि थिएनौ ? पूर्वमा पाप गऱ्यौ वा गरेनौ ? यस्तोयस्तो पाप गऱ्यौ ? यति दु:ख नाश भयो, यति दु:ख नाश गर्न बाकी छ ? यति दु:ख नाश गरेमा सबै दु:ख नाश हुनेछ ? यसै जन्ममा कुशल धर्म विनाश र लाभ हुन्छ ?' भनी सोध्दा 'थाहा छैन' भनी जवाफ दिन्छन्। त्यसैले उनीहरूको कथन ठीक छैन। वास्तवमा हामी पूर्वमा थियौ वा थिएनौं ? यो प्रामाणिक छैन ।

विषयुक्त वाण लागेको व्यक्तिलाई ती तीनै वेदना हुन्छ । वाण निकाल्दा पनि, चिरफाड गर्दा पनि, वाण खोज्दा र निकाल्दा पनि दु:ख वेदनाहरू हुन्छन्। तर पछि औषधी लगाएर निको हुंदा सुख अनुभव हुन्छ र भन्छ 'मलाई वाण लागेको थियो, दु:ख हुन्थ्यो । वाण निकालिदियौं, अब सुख छ' यो भन्न उपयुक्त छ। तर यसरी 'पहिला थिएं कि थिइन' भन्ने थाहा नभएकोले यो भनाई उपयुक्त छैन ।

तब निर्ग्रन्थहरूले भने- 'निर्ग्रन्थनायपुत्र सर्वज्ञ अखिल ज्ञानदर्शन छ । हिंड्दा, बस्दा, सुत्दा, ब्युझिंदा सदा निरन्तर ज्ञान उपस्थित हुन्छ। ऊ भन्दछ- 'जो तिम्रो पहिलेको कर्म छ त्यसलाई दुष्कर कर्मले नाश गर, काय वचन मनले रक्षित भएर भविष्यको पापबाट नगरेको हुन्छ । यसप्रकार पुरानो कर्मलाई तपश्याले नाश गरेर, नयाँ नगरेर, भविष्यमा अनास्रव हुने छौ, जीर्ण हुनेछौ ।'

'निर्ग्रन्थ यी ५ धर्म यसै जन्ममा दुइ फल दिने छन्- १) श्रद्धा २) रुचि ३) अनुश्रव ४) आकार परिवर्तन ५) दृष्टिनिध्यान क्षान्ति । तिम्रो अतीतवादी शास्ताप्रति के श्रद्धा...दृष्टिनिध्यान क्षान्ति छ ?



Downloaded from http://www.dhamma.digital

'जुन बेला उपक्रम तीव्र हुन्छ, वेदना पनि तीव्र हुन्छ। उपक्रम तीव्र नहुंदा वेदना पनि तीव्र हुंदैन। फेरि यसै जन्ममा भोगिने वेदनीय कर्म उपक्रमले अर्को जन्ममा वेदनीय कर्म, सुख वेदनीय कर्मलाई वेदनीय दुःख वेदनीय कर्म, दुःख वेदनीय कर्मलाई सुख वेदनीय कर्म, वृद्धास्थामा भोगिने अपरिपक्व वेदनीय कर्मलाई उपक्रमले परिपक्व वेदनीय कर्म बनाउन सकिंदैन। त्यसैले तिमीहरूको उपक्रम निष्फल हुन्छ।'

यस्तो वाद हुनेहरू दश कुराले निन्दनीय हुन्छन् -

१) यदि पूर्वकर्मको कारणले नै सुखदुःख भोगेको हो भने उनीहरू सबै पूर्वजन्ममा पापी थिए होलान्। किनकि अहिले दुःख भोगिरहेछन्।

२) यदि ईश्वरले गराइदिएको हो भनी ठान्दछन् भने उनीहरूको ईश्वर पापी होलान् जसले गर्दा दुःख भोगिरहेछन्।

३) भावीले गराइदिएका हुन् भन्छन् भने उनीहरू पाप संगति (भावी) युक्त थियो होला।

४) अभिजातको कारणले हो भन्छन् भने उनीहरूको अभिजात पापयुक्त थियो होला।

५) यस जन्मको उपक्रमको कारणले हो भन्छन् भने यस जन्मको उपक्रम पाप छ किनकि दुःख भोगिरहेछ।

६) पूर्वकर्म

७) ईश्वर

८) भावि

९) अभिजात

१०) यसै जन्मको कारणले सुख दुःख भोग गर्छन् भन्छ भने निर्ग्रन्थ ग्रहणीय छ।

पाँच उपक्रम सफल छन्-

१) दुःखले अपीढित शरीरलाई दुःखले पीढित गर्दैन।

२) धार्मिक सुखलाई परित्याग गर्दैन।

३) सुखमा अधिक आसक्त हुँदैन।

४) यस दुःखको कारणले संस्कारको अभ्यास गर्नेलाई संस्कारको अभ्यासबाट विराग प्राप्त हुन्छ भनी जान्दछ।

५) यस दुःख निदानको उपेक्षा गर्नेलाई उपेक्षा भावना गर्नाले विराग हुन्छ, जीर्ण हुन्छ।

जसरी आफ्नी मन परेकी स्त्रीले कोही परपुरुषसंग हाँसेको जिस्केको देख्दा दुःख



Downloaded from http://www.dhamma.digital

अनुभव हुन्छ। तब उसले स्त्रीप्रति आसक्त त्यागेर फेरि स्त्री परपुरुषसंग हाँसखेल गरेको देखे तापनि दुःखीत हुँदैन। त्यसरी नै दुःखले अपीढित शरीरलाई दुःखदेखि पीढित गराउँदैन यसैले उसको उपक्रम सफल हुन्छ।

सुखपूर्वक विहार गर्दा अकुशल बढ्छ, कुशल घट्छ भने दुःखमा लगाएर अकुशल क्षीण गर्छ कुशल बढाउँछ। तर पछि दुःखमा लगाउन छोडिदिन्छ। किनकि उद्देश्य पुरा भयो। जसरी वाणकारले वाणको शीरलाई अगेनामा तपाउँछ, सीधा पार्छ र सीधा पारि सकेपछि फेरि तताउँदैन त्यसरी नै एकपल्ट दुःखद्वारा अकुशलप्रद घट्ने र कुशल बढेपछि फेरि दुःखमा लगाउँदैन। यसरी प्रत्येकपल्ट गर्छ। त्यसरी नै उसको उपक्रम सफल हुन्छ।

लोकमा तथागत सम्यक् सम्बुद्ध उत्पन्न हुन्छ उहाँको उपदेश सुनेर प्रव्रजित भएर शील समाधि प्रज्ञाको अभ्यास गर्दै अर्हत हुन्छ। त्यसैले तथागतलाई धर्मानुसार दशस्थानमा प्रशंसा हुन्छ-

१) यदि प्राणी पूर्वकर्मले सुख दुःख भोग्दछ भने अवश्य तथागत पहिले पुण्य गर्ने थियो होला, जो कि अहिले आस्रवहीन सुखवेदनाको अनुभव गर्नुहुन्छ।

२) यदि ईश्वरकृत भएमा अवश्य अशल ईश्वरद्वारा निर्मित भयो होला, जो कि अहिले आस्रवहीन सुखवेदनाको अनुभव गर्नुहुन्छ।

३) यदि भवितब्यताको कारणले भएमा अवश्य अशल भवितब्यद्वारा भयो होला, जो कि अहिले आस्रवहीन सुखवेदनाको अनुभव गर्नुहुन्छ।

४) यदि अभिजातद्वारा हो भने अवश्य अशल अभिजात युक्त होला, जो कि अहिले आस्रवहीन सुखवेदनाको अनुभव गर्नुहुन्छ।

५) यदि यसै जन्मको उपक्रमले हो भने यो जन्मको उपक्रम पनि उत्तम थियो होला, जो कि अहिले आस्रवहीन सुखवेदनाको अनुभव गर्नुहुन्छ।

६) पूर्वजन्मले नभएमा पनि प्रशंसनीय छ।

७) ईश्वरकृत नभए पनि प्रशंसनीय छ।

८) भवितब्य नभए पनि प्रशंसनीय छ।

९) अभिजातको नभए पनि प्रशंसनीय छ।

१०) यसै जन्मको उपकम नभए पनि प्रशंसनीय छ, जो कि अहिले आस्रवहीन सुखवेदनाको अनुभव गर्नुहुन्छ।

**कालम सुत्त**

अंगुत्तरनिकाय (३/७/५) अनुसार यस्तो मैले सुने- एकसमय भगवान् बुद्ध कोसलमा चारिका गर्नुहुँदै कालमको केसपुत्त ब्राह्मण निगममा पुग्नुभयो। कालम ब्राह्मणहरूले



Downloaded from http://www.dhamma.digital

भगवान्‌को ख्याति सुनेर भगवान्‌लाई भेट्न आए । अभिवादन सम्मोदन गरिसकेपछि कालमहरूले भगवान्‌संग सोधे- 'कोही श्रमणहरू आफ्नो धर्म प्रकाशित गर्छ अरुको निन्दा गर्छ । फेरि अर्को श्रमण आउंछ उसले पनि आफ्नो मतको प्रशंसा गर्छ, अरुको निन्दा । हामीलाई शंका उत्पन्न हुन्छ 'को सत्य छ को भूठो ?'

'कालमहरू ! तिमीहरूले शंका गर्नयोग्य विषयमा शंका गऱ्यौ । तिमीहरूले ग्रन्थले, परम्पराले, 'यस्तै हो' भनेर शास्त्र अनुकूलताले, तर्कको कारणले, नयाँ सिद्धान्तले, वक्ताको अभिव्यक्तिको कारणले, आफ्नो विचार मिल्ने हुनाले, वक्ताको व्यक्तित्वले, मेरो गुरु भएकोले भनेर मात्र विश्वास नगर । आफैले धर्म अकुशल, कुशल छ, छैन ? विज्ञद्वारा निन्दित छ छैन ? दुःखमुक्तिको लागि हो होइन ? जान्नुपर्दछ ।'

'कालम ! लोभ, क्रोध, मोह अहितको लागि हो । लोभ, क्रोध, मोहमा अभिभूत व्यक्ति हिंसा, चोरी, काममिथ्याचार, भूठो बोल्ने गर्छन् । अरुलाई पनि त्यसमा प्रेरित गर्ने, जुन गर्नाले चिरकालसम्म अहित हुन्छ ।'

'यी लोभ क्रोध मोह धर्महरू अकुशल, सावद्य (सदोष), विज्ञद्वारा निन्दित, दुःखको लागि हो । त्यसैले आफैले जानेर विहार गर ।'

'अलोभ, अदोष, अमोह हितको लागि, यसमा अभिभूत व्यक्ति हिंसा, चोरी, काममिथ्याचार गर्दैन, भूठो बोल्दैन र अरुलाई पनि गराउँदैन । यसरी चिरकालसम्म हितको लागि हुन्छ । यी धर्महरू कुशल, निरवद्य, विद्वानद्वारा प्रशंसित, दुःख मुक्तको लागि छन् । यसप्रकार अभिध्यारहित, व्यापादरहित, असंमूढरहित व्यक्ति स्मृति सम्प्रजन्यको अभ्यास गर्दै ब्रह्मविहार अभ्यास गर्दै जाँदा, यसै जन्ममा चार आश्वासन प्राप्त हुन्छन्-

'१) यदि परलोक छ वा कर्मफल आउँछ भने निश्चय नै मृत्युपछि सुगति प्राप्त हुन्छ ।

२) यदि परलोक छैन, कर्मफल पनि आउँदैन भने यसै जन्ममा मैत्री भावनासहित सुखपूर्वक बस्दछ ।

३) यदि पाप गरेपनि म कसैको खराबी चाहन्न भने पापै नगरेपछि मलाई केले दुःख पुऱ्याउँछ ?

४) यदि गरिरहेको पाप गर्न छाडेमा, यस समय दुबैबाट मुक्त देख्दछु ।'

कालम ब्राह्मणहरूले भाषणको अभिनन्दन गर्दै अञ्जलिबद्ध शरणागत उपासक बने ।

### पूर्वारामामा प्रथम वर्षावास

धम्मपद अट्ठकथा (४/४४) अनुसार यस्तो मैले सुने- भगवान् बुद्ध नौ महिनाको चारिका समाप्त गर्नुभएर श्रावस्तीमा नै फर्किनुभयो । विशाखाको विहारको काम नौ



Downloaded from http://www.dhamma.digital

महिनामा नै समाप्त भयो। भगवान्‌लाई विशाखाले वर्षावासको अनुरोध गरिन्। तबदेखिन् बुद्ध प्रमुख भिक्षुसंघलाई विहारमा नै दान गरिन्। एक दिन विशाखाकी सखी एक हजार पर्ने गलैंचा लिएर 'तिम्रो विहारमा गलैंचा बिछ्याउन चाहन्छु भनेर बिछ्याउन खोज्दा १००० कोठामा कतै पनि बिछ्याउनयोग्य ठाउँ पाइनन् र दुःखी भएर रुइन्। तब आयुष्मान् आनन्दले भऱ्याङमुनि खुट्टा धुने ठाउँमा खुट्टा पुछ्ने (Foot Mattress) बनाएर राखिदिनुभयो।' भिक्षुहरूले खुट्टा धुएर आउनासाथ त्यहीं गलैचामा टेक्दथ्यो र उनलाई महाफल प्राप्त भयो। विशाखाले त्यस स्थानलाई ध्यान दिएको थिएन।

विशाखाले चतुर्मासभरि विहारभित्र बुद्धप्रमुख भिक्षुसंघलाई भोजन दान गरिन्। अन्तिम दिन चीवर साटक दान गरिन्। संघमा सबैभन्दा नयाँ भिक्षुलाई नै दिएको चीवर हजार मूल्यको थियो। सबैको पात्र भरेर घीउ सख्खर आदि औषधी दिइन्। यसप्रकार जमिनको लागि ९ करोड, विहार बनाउनमा ९ करोड र विहार उत्सवमा ९ करोड गरी जम्मा २७ करोड खर्च गरिन्। स्वास्नी मानिस भएर मिथ्यादृष्टिकको घरमा वास गर्नेमध्ये अर्को यस्तो दान दिने स्वास्नी मानिस छैन।

### हस्तक आलवकसुत्त

अंगुत्तरनिकाय (३/४/५) अनुसार एकसमय भगवान् आलवीमा सिंसपावनमा पात बिछ्याउनुभएर विहार गर्नुहुन्थ्यो। हस्तक आलवक घुम्दै गोमार्ग (गाईको खुरले बनाएको बाटो) सिंसपा वनमा पात ओछ्याएर बस्नुभएको भगवान्‌लाई देखेर अभिवादन गरेर, एक छेउ बसेर सोध्यो- 'के भगवान् सुखपूर्वक सुत्नुभयो ?'

'लोकमा जो सुखपूर्वक सुत्दछ त्यसमध्ये म एक हुँ।'

हेमन्तको शीतल रात, हिमपातको समय, गाईको खुरले कडा बनाएको बाटो छ, जमिन छ, पर्णासन पातलो छ, चीवर भिजेको छ, हावा ठण्डा छ, तैपनि भगवान् सुखपूर्वक सुत्नुभयो भन्नुहुन्छ।'

'कुनै गृहपतिपुत्र सजिसजाउ कोठा, झ्याल, ढोका बन्द, उत्तम गलैंचा बिछ्याएको विलासी डसना, तन्ना, सिरानीसहित मोटो ओछ्यान, बत्ती झिलिमिली बलेको, सुन्दरी स्वास्नीहरूसंग रात बिताउने सुखपूर्वक सुत्दछ। तर उसमा राग, द्वेष, मोह उत्पन्न होस्, त्यसबाट ऊ छटपटिंदै सुत्छ। तर मसंग राग, द्वेष, मोह नष्ट भएकोले नै सुखपूर्वक सुत्दछु।



Downloaded from http://www.dhamma.digital

# २३ औं वर्षावास
## श्रावस्ती, जेतवन
(वर्ष ५७- बु.स.पूर्व २३)

**रट्ठपाल सुत्त**

मज्झिमनिकाय (२/४/२) अनुसार यस्तो मैले सुने- एकसमय भगवान् कुरुँदेशमा चारिका गर्नुहुँदै थुल्लकोट्ठित निगममा पुग्नुभयो। थुल्लकोट्ठित ब्राह्मणहरूले भगवान् बुद्धको ख्याति सुनेर भगवान्लाई भेट्न आएर अभिवादन गर्दै एक छेउ बसे। भगवान्ले उनीहरूलाई धर्मदेशना सुनाउँनुभयो।

त्यस सभामा राष्ट्रपाल नामक गाउँमुखियाको छोरा पनि थियो। धर्मदेशना सुनेर प्रव्रजित हुने इच्छा लागेर प्रव्रज्याको अनुरोध गर्दा 'आमाबाबाको अनुमति चाहिन्छ' भनेको सुनेर अनुमति माग्न घर गयो। धनी परिवारको एक्लो छोरो भएकोले अनुमति दिएन। तब नांगा जमिनमा सुतेर 'कि त अनुमति देऊ, कि त मेरो मृत्यु हुन्छ' भन्यो।

आमाबाबा, आफन्त, इष्टमित्रले सम्झाउँदा पनि नमानेपछि मित्रहरूले आमाबाबालाई भने- 'प्रव्रज्याको अनुमति दिनु होस्। प्रव्रज्यामा मन नलागे फर्केर आउँछ नभए छोरालाई देख्न त सकिन्छ।' यो सल्लाहअनुसार अनुमति दियो। अनुमति पाएर रट्ठपाल भिक्षु भयो। भगवान् चारिका गर्नुहुँदै श्रावस्तीमा पुग्नुभयो। केही दिनभित्र नै रट्ठपाल आस्रवक्षय गर्दै अरहन्त हुनुभयो। तब आमाबाबालाई भेट्ने उहाँको इच्छा भयो र भगवान्संग अनुमति लिएर थुल्लकोट्ठित फर्किनुभयो।

भिक्षाको लागि आफ्नो घरमा जाँदा बाबाले 'यस्ता मुण्डे श्रमणले मेरो छोरा लग्यो' भनी गाली गरिपठायो, छोरा भनी चिनेन। त्यसै बेला दासीले बासी दाल फ्याल्न ल्यायो।

'फ्याल्न ल्याएकी हौ भने मेरो पात्रमा राखिदेऊ' भन्नुभयो।

दासीले दाललाई पात्रमा खन्याइदिइन्। तिनै दासीले चिनेर मालिकलाई भन्नगयो- 'मालिक तपाईंको छोरा आउनुभएको छ।' बाबा आएर फकाउँदा मानेन मात्र भोलिको भोजन स्वीकार गर्नुभयो। भोलिको लागि पूर्वस्वास्नीहरूलाई सजाउन लगायो। भोजनको लागि आउँदा सारा सम्पत्ति देखाएर गृहस्थ हुने अनुरोध गऱ्यो।

तब उहाँले भन्नुभयो- 'यदि मलाई चाहन्छौ भने सारा सम्पत्ति लगेर नदीमा बहाइदेऊ।'



Downloaded from http://www.dhamma.digital

सम्पत्ति देखाएर प्रभावित गर्न नसकेपछि बुहारीहरू बोलाएर भेट गरायो । पूर्वस्वास्नीहरूको सौन्दर्य साजसज्जा रुवाई, आंशु झराईको कुनै असरपरेन । उनीहरूले भने 'कस्ती अप्सराको लागि ब्रह्मचर्यवास गर्दैछौ ?'

'म अप्सराको लागि ब्रह्मचर्य वास गरेको होइन, बहिनी ।' बहिनी शब्द सुनेंर उनीहरू बेहोश भए । तब उहाँले 'भोजन गराउने भए गराऊ नत्र दुःख नदेऊ' भन्नुभएपछि आमाबाबाले भोजन गराए ।

भोजनपश्चात् कौरब्य राजाको उद्यान मिगाचीरमा दिवा विहारको लागि जानुभयो । त्यहाँ उद्यानमालीले देखेर राजालाई खबर गर्‍यो र राजा कौरब्य उहाँलाई भेट्न आउनुभयो । अभिवादन सम्मोदनपछि राजाले सोध्यो- 'हे राष्ट्रपाल ! कोही बूढा, जीर्ण, कमजोर भएर, कोही रोगले सताएर, कोही भोगसम्पत्ति नाश भएर र कोही आफन्त मित्रहरूको विनाश मृत्यु भएर प्रव्रजित हुन आउँछन् । तपाईं यी चार कारणहरूमध्ये के कारणले प्रव्रजित हुनुभयो ?'

'महाराज ! यी चार हानिहरूको कारणले म प्रव्रजित भएको होइन । भगवान्‌द्वारा निर्दिष्ट चार धर्मको देशना सुनेंर, बुझेर, देखेर नै म प्रव्रजित भएको हुँ ।

१) मानिसहरू युवावस्थामा बलियो शक्तिशाली हुन्छ तर वृद्ध हुँदै गएपछि कमजोर हुँदै जान्छ । शरीर जीर्ण कमजोर शक्तिहीन हुन्छ । यही देखेर 'लोक अध्रुव (अनिश्चित) छ' भनेर प्रव्रजित भएँ ।

२) जब मानिसमा रोग लाग्छ, दुःखले मर्माहत हुन्छ । त्यो पीढा कसैले बाँडिलिदैन, सारा आफैले व्यहोर्नुपर्छ । यही देखेर 'लोक उपनीत छ' भनेर म प्रव्रजित भएँ ।

३) यस संसारमा जेजति सम्पत्ति छन्, मृत्यपछि सारा छाडेर जानुपर्छ । अर्को जन्ममा पछि लागिआउने छैन । यही देखेर 'लोक आफ्नो छैन' भनी म प्रव्रजित भएँ ।

४) संसारमा जेजति देखेको, सुनेंको, कल्पना गरेको तृष्णाजन्य वस्तुहरू मेरै होस् भन्ने चाहना हुन्छ, प्राप्त गर्ने कोशिस गर्छ । यही देखेर 'लोक तृष्णाको दास छ' भनेर म प्रव्रजित भएँ ।'

'आश्चर्य, अदभूत, राष्ट्रपाल' भन्दै राजा कौरब्यले आयुष्मान् राष्ट्रपालको भाषणको अभिनन्दन गर्‍यो ।

## सुन्दरी परिव्राजिका

उदान (४/८) अनुसार यस्तो मैले सुनें- त्यस समय भगवान् बुद्ध अनाथपिण्डिकको जेतवन विहारमा विहार गर्नुहुन्थ्यो । भगवान् बुद्धप्रति ईर्ष्या गर्ने तीर्थियहरूमध्ये एक समूहले सुन्दरी परिव्राजिकालाई फकाएर आफ्नो षडयन्त्रमा सामिल गर्‍यो । सुन्दरी परिव्राजिका षडयन्त्रअनुसार जेतवन विहार आउने जाने गरिन् । सबैले देखेका थिए । तब



Downloaded from http://www.dhamma.digital

सुन्दरी परिव्राजिकालाई मारेर जेतवन विहारमा गाडिदियो तीर्थियहरूले । तर राजा प्रसेनजितकाहाँ गएर सुन्दरी परिव्राजिका हराएकी छिन्, खोज्नुपऱ्यो भन्न गए । 'हामीलाई जेतवन विहारमा शंका छ' भन्दा जेतवनमा खोजी गर्न लगाइयो र लाश फेला पऱ्यो ।

तब साराले भन्न थाले- 'हेर ! शाक्यपुत्रीय श्रमणहरूको कार्य ! यी श्रमणहरू निर्लज्ज, दुःशील, पापी, मिथ्यावादी, अब्रह्मचारी छन् । यिनीहरू श्रमण ब्राह्मण होइनन् । कसरी स्त्रीको हत्या गर्न सकेको ?' यसप्रकार आलोचना हुंदा श्रावस्तीमा भिक्षुहरू हिंड्न नै मुश्किल भयो ।

'भिक्षुहरू यो सात दिनभन्दा धेरै टिक्ने छैन । तिमीहरूले पनि यसरी जवाफ दिनू- 'असत्यवादी नरकमा जान्छ, गरेर पनि गरिनं भन्ने पनि । दुबै नीचकर्म गर्नेहरू मरेर समान हुन्छन् ।'

भिक्षुहरूले त्यसरी नै भने । सबैले बुझे त्यो घृणित काम भिक्षुहरूले गरेका होइनन् । त्यो अपमान सातदिनभन्दा बढी टिकेन । पछि राजा प्रसेनजितले गोप्यरूपमा छानविन सुरु गऱ्यो । तब हत्याराले नसामा झगडा गर्दै पोल खोल्यो । त्यसको जानकारी राजालाई दिइयो । उनीहरूलाई नै यसरी प्रचार गर्न लगाइयो- 'तीर्थियहरूले मार्न लगाएको, गौतमको दोष होइन, यो त हाम्रो दोष नै हो ।'

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# २४ औं वर्षावास
## श्रावस्ती, पूर्वाराम[१]
(वर्ष ५८- बु.स.पूर्व २२)

**किसागौतमी सुत्त**

थेरी अपादान अनुसार यस्तो मैले सुनें- एक समयमा भगवान् श्रावस्तीमा अनाथपिण्डिकको जेतवन विहारमा विहार गर्नुहुन्थ्यो । त्यस समय किसागौतमीको यस जन्ममा दुर्गत निर्धन, श्रेष्ठी कुलमा जन्म भयो र धनी कुलमा विवाह भयो । गरीब सम्झेर सबैले तिरस्कार गर्दथ्यो । छोरा जन्माएपछि सबैको प्रिय बनिन् । तर केही समयपछि छोराको मृत्यु भयो । तब दु:खीत पीढित भएर बचाउने उद्देश्य लिएर बच्चाको लाश लिंदै घुम्न थालिन् । कसैले भगवान् बुद्धकाहाँ पठाइदियो । भगवान् बुद्धकाहाँ पुगेर 'छोरा बचाइदिने औषधी' मागिन् । भगवान्ले 'मसंग छैन । कुनै मानिस नमरेको घरबाट औषधी बनाउन सरस्युं ल्याउनू' भनी भन्नुभयो ।

सरस्युं ल्याउन श्रावस्तीको घरघर डुलिन् तर कतै पनि मानिस मृत्य नभएको घरबाट सरस्युं पाइएन । तब किसागौतमीलाई होस् आयो । लाशलाई छाडेर भगवान्काहाँ पुगिन् ।

भगवान्ले भन्नुभयो- 'उदयव्यय नदेखेर सयवर्ष बाँच्नुभन्दा उदयव्यय देखेर एकदिन बाँच्नु बेश । अनित्यता, न गाउँको धर्म, न शहरको धर्म, न कुलको धर्म हो । यो सारा लोकको धर्म हो ।' यो गाथा सुनेर किसागौतमीको धर्मयक्षु खुल्यो । तब उनी प्रव्रजित भइन् र धेरै समय नबित्दै अरहत बनिन् ।

**धम्मिय सुत्त**

सुत्तनिपात (२/७) अनुसार यस्तो मैले सुने- त्यस समय भगवान् श्रावस्तीमा विहार गर्नुहुन्थ्यो । त्यसबेला कोसलको एक वृद्ध महाशाल ब्राह्मण भगवान्काहाँ आएर अभिवादन सम्मोदन सकेर भगवान्संग भन्यो- 'आजकाल ब्राह्मणहरू ब्राह्मण धर्ममा रत देखिंदैन । पहिलेका ब्राह्मणहरू कसरी ब्राह्मण धर्ममा रत रहन्थे बनाइदिनु होस् ।'

भगवान्ले भन्नुभयो- 'उनीहरू ऋषि, तपश्वी, संयमी थिए । पञ्चकामगुणलाई त्यागेर ध्यान गर्दथे । ब्राह्मणहरूको पशु, सम्पत्ति, अन्न थिएन । स्वाध्याय नै सम्पत्ति र ब्रह्म निधिलाई पालन गर्दथे । उनीहरूको लागि दान गर्न दायकहरू तयार रहन्थे, नमस्कार गर्दथे । अवध्य, अजेय, धर्मरक्षित थिए । उनीहरूलाई कसैले पनि घृणा गर्दैनथे ।



Downloaded from http://www.dhamma.digital

अडचालीस वर्ष ब्रह्मचर्य पालन गर्दथे । विद्या र आचरणको खोजी गर्न परस्त्री सेवन गर्दैनथे, न परस्त्री किन्दथे । आफ्नी परमस्वास्नीसंग मात्र सहवास गर्दथे । ऋतुकाललाई छाडेर मैथुन सम्बन्ध राख्दैनथे । ब्रह्मचर्य शील, अकुटिलता, मृदुता, तप, सुरति, अहिंसा क्षान्तिको प्रशंसक थिए । जो उनीहरूमा पराक्रमी ब्राह्मण थियो उसले सपनामा पनि मैथुन सेवन गरेन । उसको व्रतको अनुयायी भएर ब्रह्मचर्य शील शान्तिको प्रशंसा गर्दै मागेको अन्नले यज्ञ गर्दथे । जसरी आमाबाबा, आफन्त मित्रहरू औषधीदायक, अन्नदायक, वलदायक हुन्छन् गाईवस्तुलाई त्यसरी नै सम्झेर प्राणी मार्दैनथे । वाचुञ्जेल कर्तव्य अकर्तब्य विचार गरी सुखसंग बाँचे ।

तर पछि राजाको सम्पत्ति, स्त्रीहरू, सुन्दर घोडा, रथ, सुन्दर भवनहरू हेरेर उनीहरूको मन बिग्रन थाल्यो । त्यसपछि गाईवस्तु, स्त्रीसहित दान मानुसी भोगको लोभ गर्न थाले । मन्त्र रचेर राजा अश्वमेघ पुरुषमेघ, वाजपेय, निरर्गल (सर्बमेघ) यज्ञ गराएर प्रसस्त सम्पत्ति, गाईवस्तु, अलंकृत स्त्री, घरजग्गा प्राप्त गरे ।

लोभ अझ बढ्दै गयो । फेरि नयाँ मन्त्र रचेर राजा इक्ष्वाकुलाई यज्ञ गराउन प्रेरित गरे । त्यस यज्ञमा हजारौ, लाखौ गाईहरू मारियो । जुन गाईले न खुट्टाले, न सिंगले हिर्काउँदछ जो भेडासमान प्रिय र दूध दिनेछ त्यस्तालाई राजाले शस्त्रले सिंगमा पक्रेर मार्‍यो ।

तब देवता, इन्द्र, असुर, राक्षशहरू 'अधर्म भयो' भनी रिसाउन थाले । पहिला तीन रोग थियो- इच्छा, भोक र वृद्धावस्था । पशुहिंसाले अन्ठानब्बे हुनगयो । त्यो अधर्म सनातन धर्म विरुद्ध थियो । पुरोहित अधर्मले निर्दोषलाई मार्दथ्यो, धर्मको ध्वंस गर्दथ्यो ।

अन्तमा महाशाल धम्मिय ब्राह्मण भाषणको अभिनन्दन गर्दै अंजलिवद्ध शरणागत उपासक बन्यो ।

### भगवान्‌को प्रश्न गर्ने तरिका

*भगवान्‌ले प्रश्न गर्ने समय हेरेर प्रश्न गर्नुहुन्थ्यो, प्रश्न गर्ने समय नहेरेर सोध्नुहुन्नथ्यो । अर्थयुक्तलाई सोध्नुहुन्थ्यो । अनर्थयुक्तलाई सोध्नु हुन्नथ्यो । दुइकारणले भिक्षुहरूलाई प्रश्न गर्नुहुन्थ्यो -*

*१) धर्मदेशना गर्नको लागि*

*२) श्रावकहरूलाई शिक्षापद विधान गर्नको लागि ।*



Downloaded from http://www.dhamma.digital

# २५ औं वर्षावास
## श्रावस्ती, जेतवन
(वर्ष ५९- बु.स.पूर्व २१)

**अंगुलिमालसुत्त**

मज्झिमनिकाय (२/४/६) अनुसार यस्तो मैले सुने- त्यस समय भगवान् श्रावस्तीमा अनाथपिण्डिकको जेतवन विहारमा विहार गर्नुहुन्थ्यो । राजा प्रसेनजितको राज्यमा रुँद्र, रक्तरञ्जितहात, हत्यारा, सुदारुण अंगुलिमाल डाँका थियो । जसले गाउँलाई अगाउँ र निगमलाई अनिगम बनाएको थियो ।

कोशल राजा प्रसेनजितको पुरोहित गार्ग्य र स्वास्नी मैत्रायणीले जन्म भएको छोरालाई अहिंसक नाम राख्यो । शिल्पविद्या सिक्नको लागि तक्षशिला पठाइदियो । अध्ययनकालमा व्रतसम्पन्न, आज्ञाकारी, प्रिय आचारी, प्रियवादी थियो ।

अन्य माणविक (विद्यार्थी) हरूले 'यो आउँदेखि हाम्रो आलोचना सुन्नुपर्छ, यसैको प्रशंसा हुन्छ । कसरी यसलाई हटाऊँ' भन्दै षडयन्त्र गर्न थाले । ज्ञान, जात, सम्पत्तिमा खोट देखाउन नसकेर 'गुरुआमासंग गलत सम्बन्ध छ' भनेर गुरुलाई सुनायो ।

पहिले गुरुले विश्वास गरेन । पछि परीक्षा गर्दा गुरुआमाले स्नेहपूर्वक अंगुलिमालसंग कुराकानी गरेको देखेर विश्वास गऱ्यो । तब रिसले मार्ने योजना बनायो । आफैले मारेमा अपवाद आउने कीर्ति र आयमा हानि हुने भएकोले अरुले मारोस् भन्ने योजना बनाएर 'गुरु दक्षिणाको लागि एक हजार मानिसको औंला ल्याऊ' भनी आदेश दियो ।

अहिंसकले गुरुभक्तिको कारण हतियार लिएर जंगल प्रवेश गऱ्यो र मानिस मार्दै औंलाहरू जम्मा गर्न थाल्यो । औंला नहराओस् भन्नका लागि औंलाको माला लगायो । यसैले उसको नाम अंगुलिमाल रहन गयो । मानिसहरू डराएर काठ दाउरा लिन जान छाडे, घाँस पात लिन जान पनि छाडे, व्यापारीहरू जंगलको मार्ग भएर जान छाडे । तब जंगलबाट निस्केर गाउँ र गाउँबाट निगममा प्रवेश गरेर मानिस मार्दै औंला जम्मा गर्न थाले । तब सारा जनता भयभीत भएर राजा प्रसेनजितलाई रक्षा गर्नको लागि गुहार्न गए ।

एकदिन भगवान् भिक्षाटन भोजनपछि अंगुलिमाल भएको ठाउँतिर जानुभयो । बाटोमा अरुले 'श्रमण गौतम ! त्यो मार्गबाट नजानुहोस्, अंगलिमाल डाँका छ । मानिसलाई मारेर औंलाको माला लाउंछ । जसले जति जनालाई पनि मार्दछ ।' भनी सतर्क गराए । तैपनि भगवान् चुपचाप हिंड्दै जानुभयो ।



Downloaded from http://www.dhamma.digital

टाढाबाट अंगुलिमालले भगवान्‌लाई देख्यो । 'जहाँ बहादुर मानिसहरू हुल बनाएर आउन सक्दैन त्यहाँ एक्लै श्रमण आइरहेको छ । यसैलाई पनि मार्छु' भनेर मार्नको लागि भगवान्‌को पछि लाग्यो । जतिसुकै तीव्र गतिमा दौडे तापनि सुस्त चालमा हिंड्नु भएको भगवान्‌लाई भगवान्‌को योगबलले भेटाउन सकेन । तब अंगुलिमालले भन्यो- 'श्रमण ! उभ ।'

भगवान्‌ले भन्नुभयो- 'म त उभिएको छु, तिमी पनि उभ ।'

'श्रमण भनेको सत्यवादी हुन्छ । तर हिंड्दाखेरि पनि उभिएको छु भन्छ' भनी विचार गरेर सोध्यो- 'किन आफूलाई उभेको छुँ भनेको ? मलाई किन उभ भनेको ?'

भगवान्‌ले भन्नुभयो- 'सारा प्राणीप्रति हिंसा छाड्नाले म स्थित छुं र तिमीले नछाड्नाले अस्थित छौ ।'

यसो भन्नासाथ अंगुलिमालको होश आयो र माफी माग्यो । सारा हतियार एकातिर फ्यालेर भिक्षु भयो । राजा प्रसेनजित पनि दिउंसो सैनिकसहित अंगुलिमाललाई दमन गर्न निस्किदा भगवान्‌लाई पहिला भेट्न गयो । तब भगवान्‌ले भन्नुभयो- 'यदि अंगुलिमाल केश दाह्री मुण्डन गरेर, हिंसा आदि अकुशल छाडेर भिक्षुभएमा तिमी उसलाई के गर्छौ ?'

'म उसलाई चीवर आदि दान दिएर सत्कार गर्नेछु । तर त्यस्तो दुःशील पापीले कहाँ शील संयम गर्ने छ ?'

तब भगवान्‌ले अंगुलिमाललाई अगाडि बोलाउनुभयो । राजा डरले भयभित भयो, स्तब्ध भयो । पछि राम्ररी परिचय लिंदा 'बाबा गार्ग्य र आमा मैत्रायणीको छोरा हुँ' भनेपछि अभिवादन गरेर चतुप्रत्यय (चीवर, पिण्डपात, शयनासन, औषधी) ले सेवा गर्न खोज्यो । अंगुलिमालले आरण्यक, पिण्डपातिक, पाँसुकूलिक, त्रैचीवरिक धुतांग पालन गरेकोले चीवर स्वीकार गर्नुभएन । तब भगवान्‌तर्फ हेरेर राजा प्रसेनजितले भन्यो- 'आश्चर्य भन्ते ! जसलाई हामी शस्त्र दण्डले दमन गर्न सक्दैनौं, त्यस्तालाई पनि अशस्त्रले, अदण्डले दमन गरेर अदान्तलाई दान्त, अपरिनिवृतलाई पनि परिनिवृत्त गराउनुहुन्छ ।'

एकदिन भिक्षाटनमा जाँदा एक महिला प्रसववेदना भएर तडपिरहेको देख्यो । प्राणीले दुःख पाएको देखेर जेतवन विहारमा आउनुभएर भगवान्‌लाई बताउनुभयो । भगवान्‌ले भन्नुभयो- 'जाऊ, गएर त्यस महिलालाई भन- मैले जन्मदेखि जानेर हिंसा गरेको छैन । यस सत्यवचनले तिम्रो गर्भमंगल होस् ।'

'यो त झूठो वचन हुन्छ । किनकि मैले जानेर धेरै हिंसा गरेको छु ।'

त्यसोभए यसो भन- 'मैले भिक्षु भएदेखि जानेर हिंसा गरेको छैन । यस सत्य वचनले तिम्रो गर्भमंगल होस् ।' तब अंगुलिमाल गएर त्यसरी नै सत्यकराल गर्दा त्यस



Downloaded from http://www.dhamma.digital

महिलाको गर्भमंगल भयो र सजिलै बच्चा जन्मियो । केही दिनपछि अंगुलिमाल पनि आस्रवक्षय गर्दै अरहन्त हुनुभयो ।

एकदिन भिक्षाटनमा जाँदा अंगुलिमाल डाँका भनी चिनेर ढुङ्गामूढा गरे । रगताम्य भएर, टाउको फुटाएर, फूटेको पात्र लिएर भगवान्‌काहाँ आउनुभयो । भगवान्‌ले भन्नुभयो- 'जुन कर्म फलको लागि हजारौं वर्ष नर्कमा पर्नुपर्थ्यो, त्यस कर्म विपाकलाई तिमीले यसै जन्ममा स्वीकार गर्‍यौ, भोग्यौ ।'

तब आयुष्मान् अंगुलिमाल एकान्त ध्यानमा विमुक्तिसुखको अनुभव गर्दै उदान भन्नुभयो- 'पहिला अंगुलिमाल नामक डाँका थिएं, बुद्धको शरण आएर कर्म विपाकबाट मुक्त भएर भोजन गर्दछु । अप्रमादि भएर ध्यान गर्दै निर्वाण प्राप्त गरें, तीनै विद्यालाई प्राप्त गरें ।'



Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# २६ औं वर्षावास
## श्रावस्ती, पूर्वाराम
(वर्ष ६०- बु.स.पूर्व २०)

**अट्ठपरायण सुत्त**

संयुक्तनिकाय (१/१६) अनुसार यस्तो मैले सुने- प्रसेनजित राजाको बाबाको पुरोहित तीनै वेदमा पारंगत बाबरी ब्राह्मणले कोशल राजाको मृत्युपछि प्रसेनजितलाई अभिषेक गरेपछि, छोरासमानको राजा भनेर प्रव्रजित हुने अनुमति लिएर प्रव्रजित भएर सोह्र शिल्पहरूसहित राजउद्यानमा नै बसे । पछि शहरमा प्रव्रजितको लागि विघ्नबाधा धेरै भएकोले अस्सकको राज्यमा अल्लकको सीमा गोदावरी नदीको तीर दक्षिणपथमा गए । नगिचै समृद्ध ठूलो गाउँ थियो । त्यसको आश्रयमा यज्ञ गरेर बसे ।

त्यसै समय एक ब्राह्मण आयो र पाँचसय दक्षिणा माग्यो । 'यदि दिन नसकेमा टाउको सातटुक्रा हुनेछ' भनी धम्क्यायो ।

बिचरा प्रव्रजित बाबरीसंग त्यति सम्पत्ति थिएन र दुःखीत भइबस्यो । तब एक देवता आएर 'त्यस पाखण्डी लोभी ब्राह्मणले न टाउकोको अर्थ जान्दछ न टाउको सातटुक्रा पार्ने विधि नै जान्दछ । भगवान् बुद्धलाई थाहा छ, उहाँलाई नै सोध्न जाऊ ।'

बुद्ध शब्द सुनेर प्रसन्न भएर आफू वृद्ध भएकोले जान नसकेकोले तरुण शिल्पहरूलाई बुद्धलाई भेट्न पठायो । बुद्धको ३२ लक्षण बारे पनि बतायो । उहाँसंग जाति, गोत्र, लक्षण, मन्त्र, शिल्प, मूर्धा (टाउको) र मूर्धापात बारे मनमनै सोध्नू । बुद्ध हो भने मनको कुरा बुझेर जवाफ दिनेछ । अजित, तिष्य, मैत्रेय, पूर्ण, मैत्रगु, धवनक, उपशिव, नन्द, हेमक, तोदेयकल्प, दूभय, जातुकर्णी, भद्रायुध, उदय, पोसाला, मोघराज, पिंगिय १६ शिल्पहरू भगवान्काहाँ पुगे ।

त्यस समयमा भगवान् भिक्षुहरूलाई धर्मदेशना गर्दै हुनुहुन्थ्यो । अजितले बुद्धको सप्तरश्मि प्रभा देखेर प्रसन्न भएर मनमनै 'मेरो आचार्यको जाति, लक्षण, गोत्र, मंत्र, शिल्प संख्या बताउनु होस्' भनी सोध्यो ।

भगवान् बुद्धले पनि '५०० शिल्पहरूलाई पढाउंछ, आफ्नो धर्ममा पारंगत छ । १२० वर्ष बाबरी गोत्र, शरीरमा तीन लक्षण, तीन वेदमा पारंगत, मूर्धा र मूर्धापात बारे जान्न चाहन्छ । अविद्या मूर्धा हो, श्रद्धा, स्मृति समाधि, छन्द, वीर्य र विद्या मूर्धापात हो ।'



Downloaded from http://www.dhamma.digital

यसरी कसैले प्रश्न गरेको नसुनेको तर भगवान्ले एक्लै जवाफ दिनुभएको सुनेर उपस्थित भिक्षुहरू अचम्म मान्थे । यसरी जवाफबाट प्रसन्न भएर अजित माणवकले भगवान्को वन्दना गऱ्यो र बाबरीको तर्फबाट पनि वन्दना गऱ्यो ।

'बाबरी शिल्पहरूसहित सुखी होस्, चिरञ्जीवि होस्, हे माणवक तिमी पनि सुखी होऊ' भनी भगवान्ले आशीर्वाद दिनुभयो । त्यसपछि प्रत्येक माणवकहरूले सोधेको व्यक्तिगत प्रश्नको व्यक्तिगत जवाफ दिनुभयो । जस्तै-

अजितमाणकको अन्य प्रश्नको जवाफ दिनुहुँदै भन्नुभयो- 'अविद्याले लोक ढाकिएको छ, प्रमादले प्रकाशित हुँदैन । तृष्णालाई अभिलेपन दुःख महाभय हो । स्रोतलाई स्मृतिले संवर गर्छ, प्रज्ञाले त्यसलाई काटिदिन्छ । विज्ञान निरुद्ध हुनाले रूप निरुद्ध हुन्छ । कामवस्तुको लोभ नगरोस, मनले मलिन नहोस, सबै धर्म कुशल भएर प्रव्रजित होस् ।'

तिष्यमेत्तेयको प्रश्नलाई जवाफमा भन्नुभयो- 'काममा तृष्णारहित सन्तुष्ठ हुन्छ उसैको तृष्णा हुँदैन । दूर अन्तको जानकार मध्यस्थ हुने लिप्त हुँदैन, उसैलाई महापुरुष भनिन्छ, ऊ नै बीचमा सुत्ने हुन्छ ।'

पुण्णकलाई जवाफ दिंदै भन्नुभयो- 'जति पनि यज्ञ गरे ती सब यस जन्मको चाहना गर्दै जरा मुक्तरहित भएर नै गरे । लोभको कारणले हवन गर्दथे, लोभको लागि नै कामको इच्छा गर्दथे । त्यसैले जन्म जराबाट पार भएनन् । जसको तृष्णा छैन, शान्त क्लेशरहित नै जन्मजराबाट पार जान्छ ।'

मेत्तगूलाई जवाफ दिनुभयो- 'अविद्याको कारण उपधि (तृष्णा) उत्पन्न गरी मन्दपुरुष दुःख पाउँछ । यसै शरीरमा धर्म बताउँछु, जुन आचरण गरेर अशान्तिलाई तर्दछ । सारा लोकमा तृष्णा, अभिनिवेश, विज्ञान हटाएर भवमा स्थित नभएमा अप्रमादि हुनेले दुःखबाट टाढिन्छ ।'

घोतकलाई जवाफ दिनुभयो- 'यसै शरीर धर्माचरण गर्नाले अशान्तिबाट पार हुन्छ त्यसैले भव अभवमा तृष्णा नगर ।'

उपसीवलाई जवाफ दिनुभयो- 'स्मृतिवान भएर केही पनि छैन भनी ओघ (क्लेश वाढी) पार गर तृष्णाक्षयलाई हेर । सारा कामबाट विरागी स्थिर हुन्छ । जसरी वायुले वत्ती निभ्दछ त्यसरी नै नामकायले मुक्त हुन्छ, फेरि जन्म हुँदैन । निर्वाण प्राप्त रूपको प्रमाण छैन । सारा धर्म नष्ट हुंदा सारा नष्ट हुन्छ ।'

नन्दलाई जवाफ दिनुभयो- 'लोभ, आशारहितलाई मुनि भनिन्छ । अध्ययन र शीलव्रतले मात्र जन्म जराबाट तर्न सक्दैन । जसले तृष्णालाई छाडेर अनाश्रव भए उनीहरू मात्र पार गए ।'



Downloaded from http://www.dhamma.digital

हेमकलाई जवाफ दिनुभयो- 'इष्ट, श्रुत, स्मृत सारामा तृष्णारहित हुनु नै निर्वाण हो । त्यसैलाई जानेर तृष्णा पार गर्दछ ।'

तोदेय्यलाई जवाफ दिनुभयो- 'जसको कामराग नाश भएको छैन उसैको विमोक्ष हुँदैन । यो आश्वासरहित, प्रज्ञावान छ कामभवमा अनाशक्तलाई अकिंचन जान ।'

कप्पलाई जवाफ दिनुभयो- 'आकिंचन सर्वोत्तम द्वीप हो । जरा मृत्युको विनाश निर्वाण हो । निर्वाण प्राप्त व्यक्ति मारको अनुचर हुँदैन ।'

जतुकण्णिलाई जवाफ दिनुभयो- 'लोभलाई हटाएर, नैष्क्रम्म गरेर कुनैमा त्याज्य नरहोस् । पहिलेको सुखाएर, पछि उत्पन्न नगरे, मध्यमा पनि ग्रहण नगरे उपशान्त हुन्छ ।'

भद्रावुधलाई जवाफ दिनुभयो- 'संग्रहगर्ने तृष्णालाई छोड । संग्रह गर्नेलाई मृत्यु पछि आउँछ ।'

उदयलाई जवाफ दिनुभयो- 'छन्द, दौर्मनश्य, थिन, उद्दच्चको शमन, उपेक्षा स्मृतिले परिसुद्धलाई विमोक्ष भन्दछु ।'तृष्णा संयोजन हो, वितर्क विचारण हो, तृष्णाको विनाश निर्वाण हो । वेदनालाई अभिनन्दन नगर्नाले विज्ञान निरुद्ध हुन्छ ।'

पोसाललाई जवाफ दिनुभयो- 'अकिन्चन्यजनकको उत्पादक नन्दि संयोजन हो । यसरी जानेर अभ्यास गर्नेको ज्ञान सत्य हो ।'

मोघराजलाई जवाफमा भन्नुभयो- 'सदा स्मृतिवान भएर लोकलाई शून्य देखेर आत्मदृष्टि छाड्ने मृत्यबाट पार जान्छ ।'

पिंगियलाई जवाफमा भन्नुभयो- 'रूपमा प्राणीहरूलाई मारेको देखेर प्रमत्तजन पीढित हुन्छ, त्यसैले रूपलाई छाड । तृष्णालिप्त मनुष्यलाई संतप्त, जराले पीढित गरेको देखेर तृष्णालाई छाड ।'

मगधको पाषणक चैत्यमा यो धर्मदेशना गर्नुभएकोले यस धर्म पर्यायको नाम पारायण भयो ।



Downloaded from http://www.dhamma.digital

# २७ औं वर्षावास
## श्रावस्ती, जेतवन
(वर्ष ६१- बु.स.पूर्व १९)

### सुनक सुत्त

अंगुत्तरनिकाय (५/४/४१) अनुसार यस्तो मैले सुने- एक समय भगवान् श्रावस्तीमा अनाथपिण्डिकको जेतवनाराममा विहार गर्नुहुन्थ्यो। त्यहाँ भिक्षुहरूलाई भन्नुभयो- 'यी पाँच पुरानो ब्राह्मणधर्म आजकाल कुकुरमा देखापर्छ।

१) पहिले ब्राह्मण ब्राह्मणीबाहेक अरुसंग मैथुन सम्बन्ध राख्दैनथ्यो । अहिले ब्राह्मण जोसंग पनि राख्दछ।

२) पहिलेब्राह्मण ऋतुमती ब्राह्मणीसंग मात्र जान्थ्यो, अऋतुमतीसंग होइन । आजकाल ब्राह्मण जनुसुकै अवस्थामा ब्राह्मणीसंग सम्बन्ध राख्दछ।

३) पहिले ब्राह्मणीलाई किन्दैनथ्यो, आपसी परस्पर प्रेमले सहवास गर्दथ्यो । आजकाल ब्राह्मणीलाई किन्छ पनि, अप्रेमले सहवास गर्छ पनि ।

४) पहिले ब्राह्मण धन, धानचामल, सुन, चाँदीको संग्रह गर्दैनथ्यो। आजकाल सबैको संग्रह गर्दछ।

५) पहिले ब्राह्मण विहानको लागि विहान, साँझको लागि साँझ भोजन माग्दथ्यो भने इच्छानुसार खाएर बाकी घर लान्थ्यो।

यसरी नै कुकुरहरू कुकुरसंग, कुकुरनी ऋतुमती हुँदा आपसी प्रेमले सहवास गर्छ भने सम्पत्ति संग्रह गर्दैन। भोक लाग्दा मात्र भोजनको खोजी गर्छ। त्यसैले पुरानो पाँच ब्राह्मण धर्म आजकाल कुकुरमा मात्र पाइन्छ।

### द्रोणसुत्त

अंगुत्तरनिकाय (५/४/५/२) अनुसार यस्तो मैले सुने- द्रोण ब्राह्मण जेतवन विहारमा भगवान्लाई अभिवादन सम्मोदन गरेर एकछेउ बसेर भगवान्संग भन्यो- 'हे गौतम! तपाईं वृद्ध ब्राह्मणहरूको अभिवादन आदि गर्नुहुन्न। यो ठीक छैन।' साथै आफू 'जाति, मन्त्र, वेदज्ञानको आधारमा परिसुद्ध ब्राह्मण हो' भन्ने ठोकुवा पनि गऱ्यो।

'द्रोण! तिम्रा पुराना ऋषि ब्राह्मणहरूले ५ प्रकारका ब्राह्मण बताएका छन्- १) ब्रह्मसम २) देवसम ३) मर्याद ४) सभिन्नमर्याद ५) चाण्डाल। त्यसमध्ये तिमी कुन हौ?'



Downloaded from http://www.dhamma.digital

द्रोण ब्राह्मणले 'म जान्दिन' भन्यो ।

भगवान्ले भन्नुभयो-

१) 'जो ब्राह्मण सुजात, अनिन्दित, अडचालीस वर्षसम्म ब्रह्मचर्य पालन, मन्त्रधर व्यवसाय नगरी आचार्यको लागि धर्मपूर्वक धन दिएर शिक्षा अध्ययन गर्ने, अध्ययनपछि केश दाह्री मुण्डन गरी गृहत्याग गरेर मैत्री, करुणा, मुदिता उपेक्षायुक्त भएर विहार गरेर मृत्युपछि ब्रह्मलोकगामी हुनेलाई ब्रह्मसम ब्राह्मण भनिन्छ ।

२) पहिलो ब्राह्मणमध्ये पानीग्रहण गरेको ऋतुमती ब्राह्मणीसंग मात्र सहवास गर्दछ । यदि गर्भिणीसंग गएमा बच्चा अतिशुक्र भएर जन्मिन्छ । मादकपदार्थ सेवन गर्नेसंग गएमा जन्मिएको बच्चा अशुचिप्रतिपत्ति हुन्छ । ऋतुमती नभएकोसंग गएमा ब्राह्मणी न कामार्थ, न दवअर्थ, न रतिअर्थ हुन्छ मात्र प्रजार्थ हुन्छ । त्यसैले आफ्नी ऋतुमती ब्राह्मणीले सन्तान जन्माएर पछि केश दाह्री खौरेर प्रव्रजित हुन्छ । ध्यानाभ्यास गर्दै मृत्युपछि देवगति प्राप्त गर्नेलाई देवसम ब्राह्मण भनिन्छ ।

३) दोश्रो ब्राह्मणमध्ये गृहस्थ नै भएर बस्नेलाई मर्याद ब्राह्मण भनिन्छ ।

४) तेश्रो प्रकारको ब्राह्मणमध्ये ब्राह्मणीको साथै अन्यसंग पनि जान्छ । ऋतुमती अऋतुमतीसंग पनि जान्छ । उसको ब्राह्मणी कामार्थ क्रीडार्थ दुबै हुन्छ । त्यसैले तेश्रो ब्राह्मणसरह मर्यादित नभएकोले संभिन्न मर्याद ब्राह्मण भनिन्छ ।

५) संभिन्न मर्याद ब्राह्मणमध्ये आजीविकाद्वारा जीवन यापन गर्दछ । तब उसलाई 'ब्राह्मण भएर पनि किन आजीविका गर्छौ' भनी सोध्दा- 'जसरी आगोमा शुचि अशुचि जे राखे तापनि त्यसमा लिप्त हुँदैन । त्यसरी नै जे काम गरे तापनि ब्राह्मण जीविकामा लिप्त हुँदैन ।' भनी जवाफ दिन्छ । यसरी आजीविका गरी जीवन पाल्ने हुनाले चाण्डाल ब्राह्मण भनिन्छ ।

'त्यसो भए हे गौतम ! म चाण्डाल ब्राह्मण नै हुनेछु । आजदेखि अंजलिबद्ध शर णागत उपासकको रूपमा धारण गर्नुहोस् ।

## सहस्स भिक्खुणी सुत्त

भगवान् बुद्धको ख्यातिले ईर्ष्या गर्ने तीर्थियहरूले 'श्रमण गौतमको यशकीर्ति शील समाधिको कारणले होइन, जेतवन विहारको जमिनको कारणले हो । त्यसैले हामीले पनि त्यहीं आराम बनाऔं' भनेर राजा प्रसेनजितलाई घूस खुवाएर जेतवननगिच आराम बनायो । आराम बनाउँदाको हल्ला सुनेर भगवान्ले 'यस्तो माछा मार्ने पोडेजस्तैलाई आराम बनाउन नदिनू' भन्नुभएर अरु भिक्षुलाई राजाकाहाँ पठाउँदा घूस खाएको डरले प्रसेनजित राजाले भेट नगर्दा, भगवान् बुद्ध आफै जानुभयो र आराम बनाउन बन्द गराउनुभयो । तब त्यसै



Downloaded from http://www.dhamma.digital

ठाउँमा राजा प्रसेनजितले आफैले विहार बनाउनुभयो। त्यसै विहारलाई राजकाराम विहार भनिन्थ्यो।

संयुक्तनिकाय (५४/२/२) अनुसार यस्तो मैले सुने- एकसमय राजकाराममा भगवान् बुद्ध विहार गर्नुहुन्थ्यो। एकहजार भिक्षुणीहरूको संघ भगवान्लाई भेट्न आए। अभिवादन गरी एक छेउ उभिएका भिक्षुणीहरूलाई उभिँदै भन्नुभयो-

'भिक्षुणीहरू ! यी चार धर्मले युक्त आर्यश्रावक स्रोतापन्न हुन्छ।

१) बुद्धमा प्रसन्न

२) धम्ममा प्रसन्न

३) संघमा प्रसन्न

४) आर्यशीलले युक्त।



Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# २८ औं वर्षावास

## श्रावस्ती, पूर्वाराम

(वर्ष ६२- बु.स.पूर्व १८)

**सुन्दरिक भारद्वाज सुत्त**

संयुक्तनिकाय (७/१/९) अनुसार यस्तो मैले सुने- एकसमय भगवान् कोसलमा सुन्दरिका नदीतीरमा विहार गर्नुहुन्थ्यो । त्यसमय सुन्दरिक भारद्वाज ब्राह्मण सुन्दरिका नदीतीरमा यज्ञ हवन गर्दथ्यो । हवनपछि हव्यशेषको भोजन गराउन रुखमुनि टाउको छोपेर बसिरहनुभएको भगवान्लाई हव्यशेष भोजन गराउन जाँदा, आवाज सुन्नुभएर भगवान्ले चीवर निकाल्नुहुँदा भगवान्लाई देखेर, 'यो त मुण्डक रहेछ' भनेर फर्केर जान खोज्यो । पछि 'मुण्डक पनि कोही ब्राह्मण हुनसक्छ, म जात सोध्छु' भनेर जात सोध्यो ।

भगवान्ले भन्नुभयो- 'जात नसोध, आचरण सोध । काठबाट आगो उत्पन्न हुन्छ, नीचकुलको पनि पापरहित हुनसक्छ, ब्रह्मचर्य पालन गर्नसक्छ । ऊ नै यज्ञप्राप्त हो, ऊ दानयज्ञ गर्दछ ।'

तब सुन्दरिक भारद्वाज ब्राह्मण प्रसन्न भएर हव्यशेष भोजनको लागि अनुरोध गर्दा भगवान्ले भन्नुभयो- 'मैले भोजनको विषयमा गाथा भने, मेरो लागि यो अभोज्य छ । यस हव्यशेषलाई मबाहेक अरुले ग्रहण गर्न सक्दैन । त्यसैले घाँसरहित स्थानमा छोडिदेऊ ।'

प्राणीरहित पानीमा फ्याल्दा चिट्चिट् गर्दै, तातो फलाम पानीमा राखेझैं धूवाँ आउन थाल्यो । तब सुन्दरिक भारद्वाज संवेग उत्पन्न गरी भगवान्काहाँ आयो । उसलाई भगवान्ले भन्नुभयो- 'काठ बाल्दैमा शुद्धि नमान, यो बाहिरी शुद्धि मात्र हो । नित्य आगो, नित्य एकान्त चित्तयुक्त भएर ब्रह्मचर्य पालन गर्दछु । अभिमान दाउरा हो, क्रोध धूवाँ हो, मिथ्याभाषण भष्म हो । जिब्रो स्रवा हो र हृदय ज्योतिको स्थान हो । शील तीर्थ हो, निर्मल हृदय सरोवर हो, जहाँ ज्ञानी पार तर्दछ । त्यस्ता ब्रह्म सत्यवादी संयमीलाई नमस्कार गर, म उसैलाई दम्मसारथी भन्दछु ।'

भारद्वाज प्रसन्न भएर प्रव्रजित भयो र अन्तमा आश्रव क्षय गर्दै अरहन्त भयो ।



Downloaded from http://www.dhamma.digital

अत्तदीपसुत्त

संयुक्तनिकाय (२१/५/१) अनुसार यस्तो मैले सुने- एकसमय श्रावस्तीमा जेतवन विहारमा भगवान्‌ले भिक्षुहरूलाई भन्नुभयो- 'आत्मद्वीप, आत्मशरण, अन्यन्य भएर विहार गर। यसरी विहार गर्नेले कारणसहित परीक्षा गर्नुपर्छ, दुःख कसरी उत्पन्न हुन्छ। आर्यधर्म अज्ञानीहरू शरीरलाई आत्मा मान्दछ। त्यो रूप अन्यथा हुंदा दुःख उत्पन्न गर्छ। तर रूपको अनित्यता जानेर दुःखको उत्पन्न कसरी हुन्छ भनी जान्दछ। यसरी जान्नेको दुःख प्रहीण हुन्छ, भयत्रास हुँदैन। सुख बिहारी हुन्छ। यसरी नै वेदना, संज्ञा, संस्कार, विज्ञानमा सुख विहारी हुन्छ।'



Downloaded from http://www.dhamma.digital

# २१ औं वर्षावास
## श्रावस्ती, जेतवन
(वर्ष ६३- बु.स.पूर्व १७)

**उदानसुत्त**

संयुक्तनिकाय (२१/१/३) अनुसार यस्तो मैले सुने- एकसमय भगवान् बुद्धले जेतवन विहारमा भिक्षुहरूलाई भन्नुभयो- 'अशिक्षित पृथग्जन पञ्चस्कन्धलाई आत्मा देखेर अनित्य, दुःख, अनात्म, संस्कृत भनी जान्दैन। पञ्चस्कन्धलाई आत्मा नमान्नेहरू दुःख, अनित्य, अनात्म, संस्कृत भनी जान्दछ। जानेर पञ्चस्कन्ध नभएमा मलाई हुने थिएन, आदि धारणाबाट मुक्त हुन्छ र औरंभागिय संयोगलाई छेदन गर्छ।'

'पञ्चस्कन्धले राग नष्ट भएमा आलम्बन छिन्न हुन्छ, विज्ञान रहँदैन। नरहेको विज्ञान नबढेर संस्काररहित भएर विमुक्त हुन्छ, स्थिर हुन्छ, सन्तुष्ठ हुन्छ र त्रासरहित हुन्छ त्यसैले परिनिर्वाण प्राप्त गर्छ।'

**मल्लिकासुत्त**

संयुक्तनिकाय (३/२/६) अनुसार यस्तो मैले सुने- एक दिन भगवान् जेतवन विहारमा विहार गर्नुहुँदा राजा प्रसेनजित भेट गर्न आयो। त्यसै समय एक राजकर्मचारी आएर 'मल्लिका देवीले छोरी पाइन्' भन्ने समाचार सुनाउँदा राजाको अनुहार खिन्न भयो।

पछि कुरा बुझ्नुभएर भगवान्ले भन्नुभयो- 'हे जनाधिप कोही स्त्री पुरुषभन्दा श्रेष्ठ हुन्छ। मेधाविनी, शीलवती, ससुरालाई देवता मान्ने प्रतिव्रता। उसबाट उत्पन्न छोरा महान् राजा हुन्छ। त्यस्तो सौभाग्यवतीको छोराले राज्य शासन गर्छ।'



Downloaded from http://www.dhamma.digital

# ३० औं वर्षावास
## श्रावस्ती, पूर्वाराम
(वर्ष ६४- बु.स.पूर्व १६)

**सोणसुत्त**

उदान (५/६) अनुसार यस्तो मैले सुने- एकसमय भगवान् जेतवन विहारमा विहार गर्नुहुन्थ्यो। त्यस समय आयुष्मान् कात्यायन अवन्तीको कुररघरको प्रपात पर्वतमा वास गर्नुहुन्थ्यो। उहाँको सेवक सोण कोटिकर्णलाई प्रव्रजित हुने इच्छा भएर भन्न गयो।

आयुष्मान् कात्यायनले भन्नुभयो- 'जीवनभर एकाहार, एक शैय्या ब्रह्मचर्य पालन गर्नु गाह्रो हुन्छ। गृहस्थ भएर बुद्ध सासनको सेवा गर र पर्व दिनमा उपोसथ व्रत पालन गर।'

यो सुनेर उसको प्रव्रज्या हुने विचार ठण्डा भयो। तर फेरि दोश्रोपल्ट, तेश्रोपल्ट विचार उत्पन्न भयो र अन्तमा प्रव्रजित भयो।

त्यस समय अवन्तीमा धेरै भिक्षुहरू थिएनन्। बल्लबल्ल दशजना भिक्षु जम्मा गरेर उपसम्पन्न भयो। पछि उसको मनमा विचार आयो। 'आजसम्म मैले भगवान्लाई देखेको छैन, उहाँको ख्याति छ। एकपल्ट भेट दर्शन गर्न जानुपर्‍यो।'

आयुष्मान् कात्यायनले पनि दर्शनभेटको प्रशंसा गर्दै विदा दिनुभयो। जेतवन विहारमा आएर भगवान्लाई अभिवादन गरेर सम्मोदन गरिसके र एक छेउ बसेपछि भगवान्ले उसको लागि शयनासनको लागि आयुष्मान् आनन्दलाई भन्नुभयो।

राति भिसमिसेमा उठ्नुभएर भगवान्ले सोण कोटिकर्णलाई पाठ गर्न भन्नुभयो। सोअनुसार उसले पनि अट्ठक वग्गिकलाई स्वरसहित पाठ गर्‍यो। त्यो सुन्नुभएर भगवान्ले साधुकार दिनुभयो। तब 'वर्षावास कति भयो ?' भनी सोध्नुभयो।

'एक वर्ष' भयो भनी जवाफ दियो।

'किन ढीलो प्रव्रजित भएको ?' भनी भगवान्ले सोध्नुभयो।

'कामको दुष्परिणामलाई ढीलो गरी देखे' भनी जवाफ दियो।

महावग्ग (५/३) अनुसार यस्तो मैले सुने- त्यसै समय पारेर आयुष्मान् कात्यायनले पठाउनुभएको अनुरोध भगवान्लाई सुनायो- त्यसअनुसार भगवान्ले पनि अनुमति दिनुभयो।

१) अवन्ती दक्षिणापथमा धेरै कम भिक्षुहरू छन्, उपसम्पदाको लागि ५ जना संघ भए पुग्ने।

२) प्रत्यन्त देशमा विनयधर सहित ५ भिक्षुहरूले गण उपसम्पदा गर्नसक्ने।

३) दक्षिण अवन्तीमा उदक सुद्धिमा विश्वास गर्ने हुनाले नित्य नुहाउन पाइने।



Downloaded from http://www.dhamma.digital

४) मृगचर्म, मेषचर्म, अजचर्मको प्रयोग गर्न पाइने ।

५) भिक्षुहरूको हातमा टाढाबाट 'फलानालाई चीवर देऊ' भनी ल्याएको चीवर लिए हुने ।

**जटिल सुत्त**

संयुक्तनिकाय (३/२/१) अनुसार यस्तो मैले सुने- एकसमय भगवान् मिगार माताको पूर्वाराम विहारमा विहार गर्नुहुन्थ्यो । ध्यानबाट उठ्नुभएर विहार बाहिरको मूलद्वार अगाडि बस्नुभएको थियो । त्यहीं समय राजा प्रसेनजित आउनुभयो । त्यसै समयमा सात जटिल, सात निर्ग्रन्थ, सात अचेलक, सात एकसाटक, सात परिव्राजकहरू नगिचैबाट गइरहेका थिए । तब राजा प्रसेनजितले उठेर 'भन्ते ! म राजा प्रसेनजित हुँ ।' भनेर कराएर अभिवादन गऱ्यो । उनीहरू गइसकेपछि 'भन्ते ! जो लोकमा अर्हत वा अर्हत मार्गमा आरुढ छन् उनीहरूमध्ये यिनीहरू पनि हुन्' भने ।

तव भगवान्ले भन्नुभयो- 'पञ्चकामगुणमा भुल्ने तिमीजस्तो गृहस्थलाई अर्हत भनी चिन्न गाह्रो हुन्छ । आचरण गरेर, चिरकालसम्म विचार गर्नाले जानिन्छ । प्रज्ञावानले जान्दछ ।'

यथार्थ स्वीकार गर्दै राजा प्रसेनजितले भन्यो- 'हो भन्ते ! यिनीहरू मेरै गुप्तचरहरू हुन् । गाउँ शहरमा गुप्तचरी गरेर मलाई सारा कुरा बताएर, पछि यी सारा भेषभूषा त्यागेर यिनीहरू फेरि कामभोगी नै हुन्छन् ।'

भगवान्ले फेरि भन्नुभयो- 'वर्णले मानिस सुज्ञेय हुँदैन । देख्नासाथ विश्वास गर्नु हुँदैन । वर्णले संयमित देखिने पनि असंयमी हुनसक्छ । जसरी श्रृंगारिएको नक्कली माटोको मूर्ति सुनको जलप लगाएको तामाको सिक्का जस्तै- भित्र असुद्ध र बाहिरी शोभायमान भएर विचरण गर्छन् ।'



Downloaded from http://www.dhamma.digital

# ३१ औं वर्षावास
## श्रावस्ती, जेतवन
(वर्ष ६५- बु.स.पूर्व १५)

**पियजातिक सुत्त**

मज्झिमनिकाय (२/४/७) अनुसार यस्तो मैले सुने- एकसमय जेतवन विहारमा विहार गर्नुहुन्थ्यो। एक्लो छोरा मरेर दुःखीत, पीढित भएको एक गृहपति भगवान् बुद्धकाहाँ आएर दुःखेसो पोख्न थाल्यो। भगवान्ले पनि 'त्यस्तै हो गृहपति, प्रिय वस्तुबाट नै दुःख उत्पन्न हुन्छ' भन्नुभयो।

'यसरी कहाँ हुन्छ ?' भन्दै भगवान्को भाषणलाई अभिनन्दन नगरी निन्दा गर्दै बाहिर गयो। बाहिर पनि सारालाई सुनाउँदै हिंड्यो 'भगवान्ले प्रिय वस्तुहरूबाट दुःख आउंछ भन्यो' भनेर। सुन्नेजति उसको भनाइमा सहमत भयो। भगवान्को भनाइलाई निन्दा गऱ्यो। यो कुरा राजमहलमा पनि पुग्यो।

राजा प्रसेनजितले पनि 'भगवान्ले गलत भन्नुभयो' भनेर रानी मल्लिका देवीलाई भन्यो।

'यदि भगवान्ले नै भन्नुभएको भए ठीकै भन्नुभयो होला' भनेर रानीले भनिन्।

'श्रमण गौतमले- जे भन्छ त्यही स्वीकार गर्छ- भन्दै राजा प्रसेनजित रानी मल्लिका देवीसंग रिसायो।'

भोलिपल्ट रानी मल्लिका देवीले 'सत्यता के हो बुझ्नुपऱ्यो' भनेर मानिस पठाएर बुझ्न पठाइन्। त्यस मानिसले भगवान्लाई भेटेर 'त्यो भनाई भगवान्को हो वा होइन ? हो भने किन भन्नुभएको ?' सारा कुरा बुझेर रानी मल्लिकाका देवीलाई सुनायो। सारा कुरा बुझेर रानी मल्लिका देवीले राजासंग भेट गरेर भनिन्- 'राजन! यदि वजिरा राजकुमारीको मृत्यु भएमा तपाईंलाई कति दुःख लाग्छ ?'

'अति नै दुःख लाग्छ, सहन सक्ने छैन'।

त्यसरी नै 'राजकुमार विढ्डूभ, रानी वासभखत्तिया, रानी मल्लिका, राज अमात्यहरू, भारदार, सारा श्रावस्ती वासीहरू मृत्युभयो भने तपाईलाई कति दुःख लाग्छ ?' भनी सोध्दै लगिन्।

'साराको मृत्यु भएमा ज्यादै दुःख हुन्छ।'



Downloaded from http://www.dhamma.digital

अन्तमा रानीले भनिन् 'त्यसैले हो राजन्! भगवान्ले भन्नुभएको प्रियवस्तुबाट नै दुःख उत्पन्न हुन्छ।'

तब बल्ल राजाले भगवान्को भाषणलाई अभिनन्दन गऱ्यो र त्यहींबाट भगवान् बस्नुभएको तिर हेरेर 'नमस्कार उहाँ भगवान् अरहन्त सम्यक् सम्बुद्धलाई' भन्दै तीनपल्ट पञ्चांग बन्दना गऱ्यो।

**पुण्णसुत्त**

संयुक्तनिकाय (३४/४/६) अनुसार यस्तो मैले सुने- एकसमय भगवान् बुद्ध जेतवन विहारमा विहार गर्नुहुन्थ्यो। आयुष्मान् पुण्ण भगवान्लाई अभिवादन गरी एक छेउ बसेर भन्नुभयो- 'भगवान्ले मलाई संक्षिप्तमा धर्मदेशना गर्नुहोस्, जसले एकान्तमा अप्रमादी भएर विहार गर्न सकुं।'

*सुनापरान्तमा दुइ दाजुभाई व्यापारी थिए। भाई व्यापारमा जाँदा दाजु घरमा बस्दथ्यो, दाजु व्यापारमा जाँदा भाई घरमा बस्दथ्यो। एकपल्ट दाजु (पुण्ण) को पालोमा व्यापार गर्दै श्रवस्ती आउँदा भगवान्को उपदेश सुनेर प्रव्रजित भयो र सारा सम्पत्ति ...भाईलाई दिनु भनी पठायो। तर उसको ध्यानअभ्यास राम्रो भएको थिएन। त्यसैले आफ्नो गाउँ मा गएर ध्यान अभ्यास गर्न खोजेको थियो। - अर्थकथा*

भगवान्ले भन्नुभयो- 'रूप, शब्द, गन्ध, रस, स्पर्श विचार इष्ट, प्रिय, रंजनीय हुन्छ। त्यसमा अभिनन्दन गर्नाले तृष्णा उत्पत्ति हुन्छ। यसलाई दुःख समुदय भन्छ। जब अभिनन्दन गर्दैन तब तृष्णा नाश हुन्छ। यसलाई दुःख निरोध भन्छ। यस धर्मदेशनालाई कहाँ अभ्यास गर्छौ?'

'सुनापरान्तमा विहार गर्नेछु।'

'सुनापरान्तका मानिसहरू चण्ड छन्, कठोर छन्। उनीहरूले आक्रोस गरे तिमी के गर्छौ?'

'म सम्झिन्छु, यिनीहरू सभ्य छन्, जो मलाई हातले प्रहार गरेका छैनन्।'

'हातले प्रहार गरे के गर्छौ?'



Downloaded from http://www.dhamma.digital

'म सम्झिन्छु यिनीहरू सभ्य छन्, जो मलाई डण्डाले हिर्काएका छैनन् ।'

'डण्डाले हिर्काए के गर्छौ ?'

'म सम्झिन्छु यिनीहरू सभ्य छन्, जो मलाई शस्त्रले प्रहार गरेका छैनन् ।'

'शस्त्रले प्रहार गरे के गर्छौ ?'

'म सम्झिन्छु यिनीहरू सभ्य छन्, जो मलाई मेरो हत्या गरेका छैनन् ।'

'हत्या गरिदिए के गर्छौ ?'

'म सम्झिन्छु कोही श्रावक जीवनमा दिक्क मानेर आत्महत्या गर्न हत्यारा खोजिहिंड्छ । मलाई नखोजिकन नै प्राप्त भयो ।'

'साधु, साधु, पूर्ण यसप्रकार शमदमले पूर्ण भएको तिमी सुनापरान्तमा वास गर्न सक्छौ ।'

आयुष्मान् पूर्ण भगवान्लाई अभिवादन गरी सुनापरान्त जानुभएर थोरै समयमा ५०० उपासकहरूलाई ज्ञान दिएर त्यहीं ज्ञान लाभ गरी परिनिर्वाण हुनुभयो ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# ३१ औं वर्षावास
## श्रावस्ती, पूर्वाराम
(वर्ष ६५- बु.स.पूर्व १५)

**मखादेव सुत्त**

मज्झिमनिकाय (२/४/३) अनुसार यस्तो मैले सुने- एकसमय भगवान् मिथिलाको मखादेव आम्रवनमा विहार गर्नुहुन्थ्यो। एक स्थानमा भगवान् मुस्कुराउनु भयो।

तब आयुष्मान् आनन्दले 'भगवान् विनाकारण मुस्कुराउनु हुँदैन' भनी विचार गर्नुभई -'भन्ते ! भगवान् मुस्कुराउनु भएको के कारण छ ?' सोध्नुभयो।

जवाफमा भगवान्ले भन्नुभयो- 'पूर्वकालमा यहाँ मिथिलामा मखादेव धार्मिक राजा थियो। धर्ममा स्थित भएर ब्राह्मणमा गृहपति भएर, गाउँ शहरमा धार्मिक राज्य गर्दथ्यो। अष्टमी, औशी, पूर्णिमामा उपोशथ व्रत पालन गर्दथ्यो।

एक दिन आफ्नो टाउकोमा सेतो केश फूलेको देखेर जेठो छोरालाई सारा राज्यभार सुम्पेर केश दाह्री खौरेर गृहत्यागी भयो। राजा मखादेवले यो कल्याण धर्मको पालन गर्न छोरालाई उपदेश दियो- 'जब तिमी पनि यसरी नै सेतो फूलेको केश देख्दछौ तिमीले पनि राज्यभार छोरालाई सुम्पेर प्रव्रजित हुनू। जसले यो कल्याण धर्मको उच्छेद गर्छ ऊ अन्तिम पुरुष हुनेछ।' ऋषि मखादेव चतुब्रह्म विहारको अभ्यास गर्दै मृत्युपछि ब्रह्मलोकगामी भयो।

पछि फूलेको सेतो केश देखे कि कल्याण धर्म पालन गर्दै राजाको छोरा, उसको छोरा गर्दै गृहत्याग गर्ने गरे। अन्तमा निमि राजा भयो। ऊ पनि सेतो केस देखेर गृहत्याग गऱ्यो।

तावतिंस देवलोकका देवताहरू सुधर्मी नामक सभामा राजा निमिको प्रशंसा गरे 'लाभ छ, सुन्दर लाभ छ, विदेहीहरूलाई जसको निमिजस्ता धार्मिक राजा प्राप्त छ।'

त्यही निमि राजा पनि यसै मखादेव आम्रवनमा प्रव्रजित भएको थियो। तर उसको छोरा कलारजनकले गृहत्याग गरेन। त्यस कल्याण धर्मलाई उच्छिन्न (त्याग) गऱ्यो र कल्याणधर्मको अन्तिम पुरुष भयो।

यस समय मैले पनि कल्याण धर्म स्थापित गरेको छुँ, जुन एकान्त निर्वेद, विराग, निरोध, अभिज्ञा, सम्बोधिको लागि छ, यही आर्य अष्टाङ्गिक मार्ग।

आयुष्मान् आनन्दले भगवान्को भाषणको अभिनन्दन गर्नुभयो।



Downloaded from http://www.dhamma.digital

# ३३ औं वर्षावास
## श्रावस्ती, जेतवन
(वर्ष ६६- बु.स.पूर्व १४)

### सारिपुत्त सुत्त

संयुक्तनिकाय (५४/१/५) अनुसार यस्तो मैले सुने- एकसमय जेतवन विहारमा विहार गर्नुहुन्थ्यो। आयुष्मान् सारिपुत्रले भगवान्लाई अभिवादन गरी एक छेउ बस्नुभएपछि भगवान्ले भन्नुभयो- 'सारिपुत्र स्रोतापति अंग भनेको के हो ?'

'सत्पुरुष सेवा, सद्धर्म श्रवण, योनिसो मनसिकार, धर्मानुधर्म प्रतिपत्ति स्रोतापतिका अंग हुन् ।'

'स्रोतापन्न भनेको के हो ?'

'आर्य अष्टाङ्गिक मार्ग नै स्रोत हो जो आर्य अष्टाङ्गिक मार्ग युक्त हुन्छ। उसलाई स्रोतापन्न भनिन्छ। यो उसको गोत्र हो ।'

भगवान्ले साधुकार दिनुभयो।

### थपति सुत्त

संयुक्तनिकाय (५४/१/६) अनुसार यस्तो मैले सुने- एक समय भगवान् श्रावस्तीमा जेतवन विहारमा विहार गर्नुहुन्थ्यो। त्यस समय धेरै भिक्षुहरू भगवान्को चीवर कर्म गर्दै थिए। चीवर कर्म सकिएपछि वर्षावास पछि भगवान् चारिकामा जानुहुन्छ।

तव चारिकामा जानुभएको भगवान्लाई वन्दना गरेर साधुकवासी इसिदत्त र पुराण स्थपति पछिपछि लागे। वाटोमा एक ठाउँमा भगवान् बस्नुभएपछि उनीहरूले भगवान्लाई भने 'जव भगवान् चारिकामा जाँदै हुनुहुन्छ' भनी सुन्दा हामीलाई दुःख लाग्छ, असन्तोष हुन्छ। जब 'भगवान् चारिकावाट फर्किंदै हुनुहुन्छ' भन्दा हामीलाई सुख लाग्छ, सन्तोष लाग्छ ।'

'गृहपति ! गृहस्थ जीवन वाधापूर्ण छ। प्रव्रजित जीवन खुला आकाश हो ।'

'भगवान् ! हामीलाई योभन्दा ठूलो बाधा छ, जब राजा प्रसेनजित उद्यानभूमिमा जान चाहन्छ। तब सारा हाथी तयार गरी सुन्दर गन्धविभूषित स्त्रीहरू अगाडि पछाडि बसाउंछ। उनीहरूको कपासजस्तो नरम स्पर्श हुन्छ। त्यसवेला हामीलाई हाथीको, सुन्दर राजकन्याहरूको रक्षा गर्नुपर्छ। उनीहरूप्रति खराव चित्त उत्पन्न गर्दैनौं ।'



Downloaded from http://www.dhamma.digital

'चार धर्मले युक्त आर्य स्रोतापन्न अविनिपात धर्म, निश्चित सम्बोधि परायण हुन्छ-

१) बुद्धप्रति अटल श्रद्धा

२) धर्मप्रति अटल श्रद्धा

३) संघप्रति अटल श्रद्धा

४) मात्सर्यरहित गृहवास गर्दै मुक्त पाणिले दान गर्छ । तिमीहरू यी चार धर्मले युक्त छौ । कोशल राज्यमा तिमीहरूजस्तै दान गर्ने कति छन् ?'

'भन्ते ! हामीलाई लाभ छ, जसलाई भगवान्ले यसरी सम्झिनु  हुन्छ ।'

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# ३४ औं वर्षावास
## श्रावस्ती, पूर्वाराम
(वर्ष ६७- बु.स.पूर्व १३)

**विशाखा सुत्त**

उदान (८/८) अनुसार यस्तो मैले सुने- एक समय भगवान् मिगारमाताको पूर्वाराममा विहार गर्नुहुन्थ्यो। त्यससमय मिगारमाता विशाखाको नाति मरेर दुःख मनाउँदै भिजेकै लुगा, भिजेकै केशसहित भगवान्लाई भेट्न आइन्।

'के तिमी श्रावस्तीमा जति मानिस छन् त्यति संख्यामा छोराछोरी नाति नातिनी चाहन्छौ ?'

'हो म त्यति नै संख्यामा चाहन्छु।'

भगवान्ले विशाखालाई सम्झाउँदै भन्नुभयो- 'यदि तिमी श्रावस्तीका सारा मानिसलाई छोरा छोरी बनाउन चाहन्छौ र प्रत्येक दिन एक, दुइ, सात, आठ मानिस मर्छन् भने प्रत्येक दिन यसरी नै भिजेको लुगा, भिजेको केश भइ बस्नुपर्छ।

'बस् भन्ते ! मलाई मेरा यति छोराछोरी नाति नातिनी छन् त्यती नै भए पुग्छ।'

जसको सय प्रिय छन् उसलाई सय दुःख हुन्छ। हजार प्रिय भए हजार दुःख हुन्छ। जसको प्रिय नै छैन, उसलाई दुःख पनि हुँदैन। लोकमा जति पनि दुःख छन् ती सब प्रियको कारणले हुन्छ। त्यसैले जो अशोक विरज हुन चाहन्छ उसैले प्रिय नबनाओस्।'



Downloaded from http://www.dhamma.digital

# ३५ औं वर्षावास
## श्रावस्ती, जेतवन
(वर्ष ६८- बु.स.पूर्व १२)

**पधानीय सुत्त**

अंगुत्तरनिकाय (६/१/२/७) अनुसार यस्तो मैले सुने- एकसमय जेतवन विहारमा भगवान् विहार गर्नुहुन्थ्यो। एकपल्ट साँझमा घुम्दै उपस्थानशालामा जानुभयो र आसनमा बस्नुभयो।

पछि आयुष्मान् सारिपुत्र, मौद्गल्यायन, महाकाश्यप, महाकात्यायन, महाकोट्ठित, महाचुन्द, महाकप्पिन, अनिरुद्ध, रेवत, आनन्द पनि आउनुभयो। धेरै रातसम्म धर्म छलफल भएपछि भगवान् उठ्नुभई विहारमा प्रवेश गर्नुभयो। तब अन्य आयुष्मान्हरू पनि जानुभयो। जो नयाँ नयाँ प्रव्रजति भएका थिए उनीहरू त्यहीं सुतेर विहानसम्म पनि घुर्दै सुतिरहेका थिए।

भगवान्ले दिव्यशक्तिद्वारा नयाँनयाँ प्रव्रजित भएका भिक्षुहरू घुरघुर गर्दै विहान ढीलोसम्म सुतिरहेको देख्नुभयो। तब भगवान् उपस्थानशाला जानुभएर सबै भिक्षुहरूलाई बोलाउनुभएर आयुष्मान् सारिपुत्रहरू बारे सोध्नुभयो।

'उहाँहरू तपाईं जानुभएपछि जानुभयो' भनी जवाफ दिए।

त्यो सुन्नुभएर उनीहरूलाई सम्बोधन गर्दै भन्नुभयो- 'जसरी मूर्धाभिषेक राजा शयनसुख, आलसीसुखसहित राज्य गर्दैन, जुन राज्यलाई प्रिय हुँदैन। त्यसरी नै पेत्तनक (जिल्लाधिकारी), सेनापति, ग्राम ग्रामणिक (नगरप्रमुख), पूगगामणिक (गाउँअधिकारी) पनि इच्छानुसार सुतेर, आलसी भएर जीवन बिताउँदैन। त्यसरी नै सयनसुख, आलश्यसुख स्पर्शसुखहरूले इन्द्रियद्वारको संयम, भोजन मात्राज्ञ, जागरणमा तत्पर, कुशल धर्मको उत्पत्ति, बोधिपक्षिय धर्मको भावना, आस्रव क्षय, विमुक्ति प्राप्त गर्न सक्दैन। त्यसैले इन्द्रियद्वारलाई सुरक्षित राख्दछु, भोजन मात्रज्ञ हुनेछु...सदा बोधिपक्षिय धर्मलाई भाविता गरिरहनेछु' भनी सिक्नुपर्दछ।'



Downloaded from http://www.dhamma.digital

# ३६ औं वर्षावास
## श्रावस्ती, पूर्वाराम
(वर्ष ६९- बु.स.पूर्व ११)

**जरा सुत्त**

संयुक्तनिकाय (४७/५/१/३) अनुसार यस्तो मैले सुने- एक समय भगवान् मिगारमाताको पूर्वारामममा भगवान् विहार गर्नुहुन्थ्यो। एक दिन दिउंसो घाममा बस्नुभएको थियो ।

आयुष्मान् आनन्द आउनुभएर अभिवादन गरी एक छेउ बस्नुभयो र भगवान्को शरीरलाई मसार्दै भन्नुभयो- 'आश्चर्य भन्ते ! अद्भूत भन्ते ! भगवान्को छालाको रंग उज्यालो छैन, अंग शिथिल छ, चाउरिएका छन् । शरीर अगाडितर्फ झुकेको छ । इन्द्रियहरूमा विकार देखापरेका छन् ।'

'आनन्द ! यस्तै हो। यौवनमा जराधर्म, आरोग्यमा व्याधिधर्म र जीवनमा मरणधर्म छ ।'

भगवान्ले यसो पनि भन्नुभयो 'हे दुवर्ण गर्ने जरा ! तिमीलाई धिक्कार छ। चाहे सयवर्ष बाँचोस्, सारा मृत्यु परायण छन् कसैलाई छोड्दैनौं, सबैलाई मर्दन गर्दछौं ।'

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# ३७ औं वर्षावास
## श्रावस्ती, जेतवन
(वर्ष ७०- बु.स.पूर्व १०)

**बोधि राजकुमार सुत्त**

मज्झिमनिकाय (२/४/५) अनुसार यस्तो मैले सुने- एक समय भगवान् भर्ग देशमा सुंसमारगिरिको भेसकलावन, मृगदावमा विहार गर्नुहुन्थ्यो । त्यस समय बोधि राजकुमारले कसैले भोग नगरेको कोकनद प्रासाद बनाई तयार गरेको थियो ।

बोधि राजकुमारले भगवान्बाट उद्घाटन गराउने उद्देश्यले संजिकापुत्र माणवकलाई भगवान्काहाँ पठाएर वन्दनासहित भोलिको भोजनको निमन्त्रणा दियो । भोलिपल्ट भगवान् आइपुग्नुहुँदा स्वागत गर्दै कोकनद प्रासादमा लग्यो । भगवान् सबैभन्दा तल्लो सीढीनगिच अडिनुभयो ।

'भन्ते तुलमा हिंड्नुहोस्, मेरो चिरकालसम्म हित सुखको लागि' भन्दै अनुरोध गऱ्यो ।'

तर भगवान् जानुभएन । तब आयुष्मान् आनन्दले तुल हटाउन लगाउनुभयो । भगवान्लाई भोजन गराइसकेपछि बोधिराजकुमारले भन्यो- 'सुखले सुख प्राप्त हुँदैन, दुःखले सुख प्राप्त हुन्छ ।'

भगवान्ले सही थाप्दै भन्नुभयो- 'राजकुमार ! गृहत्यागअघि मलाई पनि यस्तै हुन्थ्यो । तब कालै केश, वयस्क उमेर, सुन्दर यौवन, प्रथम बैंसमा आमाबाबालाई अश्रुमुख बनाएर प्रव्रजित भएं । आलार कालमकाहाँ गएर थोरै समयमा सातौं समाधि आकिञ्चन्यायतन लाभ गरें ।

तव आलार कालमले भन्यो- 'लाभ छ, सुलाभ छ, जुन मैले प्राप्त गरेको छुं त्यहीं प्राप्त गर्ने सब्रह्मचारी पाएँ । आऊ, हामी दुइ मिली गणलाई सम्हालौं ।'

यसरी मेरो आचार्य भएर पनि शिल्पलाई सत्कार गऱ्यो । तब 'यो समाधि आस्रवक्षयको लागि होइन्' भनी सोचेर त्यहाँबाट 'के कुशल छ ?' को गणेषणा गर्दै उदक रामपुत्रकाहाँ पुगे ? त्यहाँपनि थोरै समयमा आठौं समाधि नैवसंज्ञानासंज्ञायतन लाभ गरें । तब उसले पनि मलाई शिल्प भएपनि गुरुसमान सम्मान गऱ्यो । तर त्यो पनि निर्वाणको लागि नदेखेर फेरि गवेषणाको लागि निस्के ।'

'गवेषणा गर्दै, श्रेष्ठ शान्तिपद खोज्दै, मगधमा चारिका गर्दै, उरुवेल सेनानीग्राममा



Downloaded from http://www.dhamma.digital

पुगें । त्यहीं ध्यानाभ्यास शुरु गरें । मलाई पहिले नसुकेको तीन उपमाको विचार आयो ।

१) जसरी पानीमा डुबाएको भिजेको काठलाई बाल्न सकिन्न, कोशिस गर्नेलाई दुःख मात्र हन्छ । त्यसरी नै काम वासनामा लिप्त भएसम्म दुःख मात्र हुन्छ ।

२) जसरी पानीमा डुवाएर बाहिर जमिनमा राखेको भिजेको काठलाई बाल्न सकिन्न, कोशिस गर्नेलाई दुःख मात्र हुन्छ, त्यसरी नै कामवासनामा लिप्त भएसम्म दुःख मात्र पाउँछ ।

३) जसरी नीरस सुख्खा काठलाई बाल्न सकिन्छ, कोशिस गर्दा सजिलै बल्छ, त्यसरी नै कामवासनाबाट अलग भएमा दुःख नाश हुन्छ ।'

तब 'किन मैले दाँत माथि दाँत, जिब्रोले तालुमा दबाएर मनलाई दमन नगरुँ, संतापित नगरुँ' भन्दै अत्यधिक वीर्य प्रयोग गरेर, स्मृतिसहित अभ्यास गर्दा काखीबाट पसिना निस्कन्थ्यो । फेरि नाक र मुखबाट आश्वास प्रश्वासरहित ध्यान गर्दा कानको प्वालबाट कामीको भाँटी (खलांती) भन्दा ठूलो आवाज आउंथ्यो । फेरि सारा प्वालबाट श्वासरहित ध्यान गरें । तब टाउकोमा तीव्र वेदना हुन थाल्यो । तब जसरी कसाहीले गाईको पेट धारिलो छुराले काट्छ, त्यसरी नै पेटमा तीव्र वेदना भयो । बलियोले दुब्लोलाई लछारपछार गरेझैं भयो, कमजोर भएर जमिनमा लड्थे । तब कोही देवताहरू 'श्रमण गौतम मऱ्यो' भन्थे भने कोही देवताहरू 'मरेको छैन । अर्हतको यस्तै अवस्था हुन्छ' भन्थे ।

फेरि सारा आहारलाई छोडिदिएँ । देवताहरूले पनि सारा आहार छोडिदिएमा दिव्यओज रोमकूपमा राखिदिने वचन दिए । तर 'यो ढोंगीकाम' भनेर स्वीकार गरिनं । यसो गर्दा शारीरिक दुर्बलताको चरमसीमा पुग्यो । शरीर गाँठो पर्न थाल्यो, ऊँटको खुट्टाजस्तै कस्सिन थाल्यो, मासुहरू टेढोमेढो हुन थाल्यो, सुकेको लौकाजस्तै छाला चाउरिन थाल्यो । त्यसबेला पेटको छाला पक्रँदा पिठ्यूको हड्डीसमेत पक्रिन सकिन्थ्यो । पेटको छाला र पिठ्यूको छाला टाँसिएको थियो । दिसापिसाप गर्दा पनि रनथनिएर लड्दथे । जीउ मसार्दा रौंहरू झर्थे । मानिसहरू कसैले 'श्रमण गौतम कालो छ' भन्थे त कसैले 'श्याम छ' कसैले 'मंयुरवर्ण छ' भन्थे । मेरा गोरो वर्ण त्यसरी नाश भएको थियो ।'

'तब मलाई वाल्यकालमा जामुनको बोटमुनि ध्यान गरेको याद भयो । त्यसको लागि आहार सेवन गर्न थालें । त्यससमय पांचजना भिक्षु मेरो सेवा गर्थे, यस आशामा कि बोधिलाभ गरेमा उनीहरूले पनि केही पाउनेछ न ।' तर आहार ग्रहण गरेको देखेर 'श्रमण गौतम बाहुलिक प्रधानविमुख, बाहुल्यपरायण भयो' भनेर उदासिन भएर छाडेर गए ।'

'आहार ग्रहण गरेर प्रथमध्यान आदि लाभ गर्दै पूर्वेनिवासानुस्मृति ज्ञान, च्यूतयोत्पति



Downloaded from http://www.dhamma.digital

र अन्तमा चारआर्यसत्य बोध गर्दै आस्रवक्षय ज्ञान लाभ गरें र विमुक्त भएं। विमुक्त भएर जन्म खत्तम भयो, ब्रह्मचर्य पुरा भयो। गर्नुपर्ने गरिसकें, अब गर्नुपर्ने बाकी छैन' भनी जाने। पछि पञ्चवर्गीय भिक्षुहरूले पनि मबाट उपदेशित भएर निर्वाण साक्षात्कार गरे।

बोधिराजकुमारले 'कति समयमा त्यस उत्तम ब्रह्मचर्यलाई पाउन सक्छ ?' भनी सोध्यो।

भगवान्‌ले सोध्नुभयो- 'तिमी हस्तिविद्यामा चतुर छौ होला ?'

'हो, भन्ते !'

तब भगवान्‌ले भन्नुभयो- 'जसरी श्रद्धावान, अल्परोगी अमायावी, अशद, निरालसी प्रधान प्रज्ञावानले तिमीसंग हाथीवान शिल्पविद्या सिक्नसक्छ त्यसरी नै यी ५ गुणले युक्त भिक्षुले यसै जन्ममा सात वर्षभित्र निर्वाण साक्षात्कार गर्नसक्दछ।'

तब बोधिराजकुमारले भगवान्‌को भाषणलाई 'अहो बुद्ध ! अहो धर्म !' भन्दै अभिनन्दन गऱ्यो।

तब संजिकापुत्र माणवकले 'भगवान्‌को भाषणको अभिनन्दन त गर्छौं तर त्रिरत्नको शरण जाँदैनौ' भन्यो। बोधिराजकुमारले भन्यो- 'त्यसो नभन। मैले धाईको मुखवाट सुनेको छु। भगवान् कौशाम्बीको घोषितारामसा विहार गर्नुहुँदा मेरी गर्भवती आमाले भगवान्‌लाई अभिवादन गरिसकेपछि 'मेरो कोखमा भएको बच्चा पनि त्रिरत्नको शरण जान्छ' भनेकी थिइन्। फेरि भगवान् भेसकलावन मृगदावनमा विहार गर्नुहुँदा मेरी धाईले मलाई काखमा लिएर भगवान्‌लाई वन्दना गरेर बोधिराजकुमार त्रिरत्नको शरण जान्छ भनेकी थिइन्। म आज तेस्रोपल्ट त्रिरत्नको शरणागत उपासक ग्रहण गर्छु।'

## बोधिराजकुमार चरित्र

मज्झिमनिकाय अट्ठकथा (२/४/७) अनुसार एक समय कौशाम्बीमा परंतप नामक राजा राज्य गर्दथियो। एकदिन रातो कम्बल ओडेकी गर्भिणी रानीलाई लिएर छतमा बसेर गफगर्दै थिए। त्यहीं समय हत्थिलिङ्ग (हात्तीलाई पनि बोकेर लान सक्ने) चरा आएर रानीलाई मासुको टुक्रा सम्झेर पञ्जाले पक्रेर लग्यो। कराएमा, चराले डरले छाडेमा भूईमा झरेर मर्ने डरले रानी चुपचाप बसिरहिन्। चराले हिमालयमा गएर एक अग्लो रुखको टुप्पामा भएको आफ्नो गुँडमा राख्यो। तब सुरक्षित देखेपछि कराएर चरालाई थपाइपठाइन्। त्यहाँ गुँडको हड्डीहरू चुसेर रात बिताइन्। भोलिपल्ट विहान सूर्योदयमा बच्चा जन्मियो र उसको नाम उदयन राखियो।

एक तपश्वी आएर स्वास्नी मानिस देखेर रुख चढेर निकाल्यो र आफ्नो कुटीमा लग्यो। एकान्तमा बस्दा केही गरी तपश्वीले छाडेर गएमा विचल्ली पर्ने डरले रानीले



Downloaded from http://www.dhamma.digital

तपश्वीलाई कामवासनामा भुलाएर लोग्ने स्वास्नी भई बसे ।

तपश्वीलाई हस्तिमन्त्र शिल्प आउँथ्यो । एक दिन परंतप राजा मऱ्यो । त्यो थाहा पाएर रानी रुन थालिन् । रानीले सारा कुरा बताइन् । तब मात्र तपश्वीलाई रानी भनेर थाहा भयो । उदयनलाई राज्याभिषेक दिलाउन तपश्वीले हस्तिमन्त्र सिखाइदियो, जसअनुसार एक वीणा बजाएर एक थरी आवाज निकाल्दा हात्ती भाग्थ्यो भने अर्को थरी बजाउँदा हात्तीहरू अनुशासित भएर आउँथे र कुरा मान्थे । हात्तीमन्त्र वीणा र रानीसंग राजाको राजऔंठी लिएर कौशाम्बीमा गएर राजऔंठी देखाएर 'राजकुमार हो' भन्ने प्रमाण दिएर राज्य गरिबस्यो ।

छिमेकी राजा चन्द्र प्रद्योतले यो थाहा पाएर उसले पनि हस्तिमन्त्र सिक्नुपऱ्यो भनेर राजालाई षदयन्त्र गरी काठको हात्ती बनाएर त्यसभित्र सैनिकहरू राखेर राजा उदयनको राज्यको जंगलमा पठायो । यो थाहा पाएर नयाँ हात्ती पक्रिन आउँदा सैनिकहरूले बन्दी बनायो ।

राजा चन्द्रप्रद्योतले बन्दी राजालाई 'हस्तिमन्त्र सिकाइदेऊ' भन्यो ।

'गुरुको नाताले मलाई ढोक्नेलाई मात्र सिकाइदिन्छु ।'

राजा चन्द्र प्रद्योत अति नै रिसाहा, घमण्डी भएकोले त्यो कुरा मानेन । हस्तिमन्त्र सिक्न राजा उदयनभन्दा कान्छी भएकी छोरी वासुलदत्तालाई अह्रायो । तर युवती छोरी तन्देरी राजाबीच प्रेम हुन्छ भन्ने डरले राजालाई लंगडो छोरीलाई कुप्री केटी भनेर एक अर्कालाई परिचय दियो । अनुहार देखेर चिन्छ भनेर पर्दा लाएर राख्यो ।

शिल्प सिखाउँदा ठीक ढंगले नसिक्दा राजा उदयनले 'ए कुप्री' भनेर गाली गऱ्यो ।

वासुलदत्ता पनि रिसाएर 'कसलाई कुप्री भन्छौ, ए लंगडो' भन्दै पर्दा हटाएर हेर्दा सुन्दर युवक र सुन्दरी युवती देखेर प्रेम हुन गयो । उनीहरूले रहस्य पत्ता लगाए र गोप्य राखी प्रेमलाप नै गरिरहे । पछि भागेर जाने सल्लाह गरेर वासुलदत्ताको सहयोगमा हात्ती चढेर भागेर गए । यिनै वासुलदत्ताको गर्भबाट बोधि राजकुमारको जन्म भएको थियो । राजा उदयन हस्तिमन्त्रले हात्ती पक्रेर हात्तीको तालिम गर्ने हुनाले छोरा बोधिराजकुमार पनि हस्तिविद्यामा पारंगत थियो ।



Downloaded from http://www.dhamma.digital

# ३८ औं वर्षावास
## श्रावस्ती पूर्वाराम
(वर्ष ७१- बु.स.पूर्व ९)

**कण्णत्थलक सुत्त**

मज्झिमनिकाय (२/४/१०) अनुसार यस्तो मैले सुने- एक समय भगवान् उजुकाको कण्णत्थलक मृगदावमा विहार गर्नुहुन्थ्यो। त्यस समय राजा प्रसेनजित केही कामले उजुका आएको थियो। दिउंसो भगवान्लाई भेट्न राजा प्रसेनजित गएर, अभिवादन गरी एक छेउ बसेर आफ्नी रानी दिंदी बहिनी सोमा र सुकुलालाई वन्दना भनी पठाएको पनि सुनायो। 'सुखी होस् सोमा, सुकुला दुबै बहिनीहरू' भनी भगवान्ले दिंदी बहिनीलाई आशीर्वाद दिनुभयो।

तब राजाले सोध्नुभयो- 'सुनेको छुं, तपाईले भन्नुहुन्छ यस्तो कोही श्रमण या ब्राह्मण छैन जसले सर्वज्ञ ज्ञानदर्शन जानु होस्, यो सम्भव छैन। के यो सत्य हो ?'

भगवान्ले 'यो असत्य हो' भन्नुभयो।

तब राजा प्रसेनजितले विड्डूभ सेनापतिसंग सोध्यो- 'आज राज अन्तपुरमा यो कुरा कसले भन्यो ?'

महाराज ! 'आकाश गोत्र सञ्जयले।'

तब राजा प्रसेनजितले आकाश गोत्र सञ्जयलाई बोलाउन पठायो।

'वास्तवमा के भन्नुभयो ?' भनी राजा प्रसेनजितले सोध्यो।

भगवान्ले भन्नुभयो- 'यस्तो श्रमण ब्राह्मण छैन जो एकैपल्टमा सारा जान्नेछ, यो सम्भव छैन।' भनी भनेको हुँ।

'भगवान्, यी चारवर्णहरूमध्ये कुनै भेद, नामाकरण छ कि छैन ?'

अभिवादन, आदिको लागि जातमा क्षत्रिय र ब्राह्मण श्रेष्ठ छन्। पाँच प्रधानीय अंग छन्- १) श्रद्धालु २) अरोग ३) अमायावी ४) आरब्धवीर्य ५) प्रज्ञावान। जसरी दान्त गरिसकेको हात्ती, घोडा आदि सरह अदान्त गरेको हात्ती घोडाले सम्मान, पद पाउन सक्दैन। त्यसरी नै ५ प्रधानीय अंग नभएको ५ प्रधानीय अंग भएको सरह सम्मान पाउँदैन। जसरी जुनसुकै जातले जुनसुकै काठबाट आगो निकाल्दा पनि आगो एकनास आगो नै हुन्छ, फरक पर्दैन त्यसरी नै ५ प्रधानीय अंग प्राप्त व्यक्तिमा जात भेदले भेद हुँदैन।

'के देवताहरू मनुष्यलोक फेरि जन्मिने हुन्छन् कि नजन्मिने ?'



Downloaded from http://www.dhamma.digital

'जसरी लोभसहित देवता मनुष्यलोकमा आउँछन्, लोभरहित देवताहरू आउँदैनन् ।'

यसोभन्दा विढ्डूभ सेनापतिले प्रश्न गऱ्यो 'के लोभरहित देवताहरू त्यहाँबाट च्यूत हुन्छ कि प्रव्रजित हुन्छ ?'

आयुष्मान् आनन्दले 'विढ्डूभ राजा प्रसेनजितको छोरा हो भने म भगवान्को छोरा हुँ' भनी सम्झेर यस प्रश्नको उत्तर दिनुभयो- 'जसरी राजाले आफ्नो राज्यको सारालाई हटाउन सक्छ तर अन्य राज्यको मानिसलाई हटाउन सक्दैन त्यसरी लोभरहित देवताहरू देख्न त सकिन्न भने हटाउने त कुरै छैन ।'

तब राजा प्रसेनजितले 'के नामको भिक्षु हुनुहुन्छ ?' भनी सोध्यो ।
भगवान्ले 'आनन्द' भनी परिचय दिनुभयो ।

तब आयुष्मान् आनन्दको प्रशंसा गऱ्यो । फेरि राजाले सोधेको अर्को प्रश्नको जवाफमा भगवान्ले भन्नुभयो- 'लोभरहित ब्रह्माहरू आउँदैन, लोभसहित ब्रह्मा मनुष्यलोकमा आउँछन् ।'

त्यसै समय आकाश गोत्र संजय ब्राह्मण आइपुग्यो । 'कसले भन्यो ?' भनी सोध्दा 'विढ्डूभ सेनापतिले' भनी जवाफ दियो । विढ्डूभ सेनापतिलाई सोध्दा 'आकाश गोत्र संजय ब्राह्मणले' भन्यो । निर्णय हुन सकेको थिएन, त्यसैबेला राजपुरुष आएर जाने समय दियो । तब राजाले भन्यो- 'हामीले सोधेअनुसार भगवान्ले सर्वज्ञता, चारवर्ण शुद्धि, देवता, ब्रह्माबारे बताउनु भयो ।' हामी प्रसन्न छौं । ठीक छ भन्ते ! हामी बहुकृत्य, बहुकरणीय छौं, अब जान्छौं ।

'जसको महाराज, तपाई समय सम्झिनुहुन्छ ।'



Downloaded from http://www.dhamma.digital

# ३९ औं वर्षावास
## श्रावस्ती जेतवन
(वर्ष ७२- बु.स.पूर्व ८)

**संघभेद खन्धक**

चुल्लवग्ग (७) अनुसार यस्तो मैले सुने- एक समय भगवान् कौशाम्बीमा घोषिताराम विहारमा विहार गर्नुहुन्थ्यो । त्यस समय देवदत्तले विचार गर्‍यो- 'अजातशत्रु, तन्नेरी छ, ऊ प्रसन्न भएमा मलाई धेरै लाभ हुनेछ ।' तब राजगृह पुगेर अन्तरधान भएर बालकको रूपमा अजातशत्रुको काखमा प्रादुर्भाव भयो । अजातशत्रु डराउँदा 'म देवदत्त हुँ' भनेर असली रूपमा प्रकट भयो । तबदेखि अजातशत्रु प्रसन्न भएर देवदत्तको लागि ५०० थालिको रथसहित विहान वेलुका हाजिरीमा जान लाग्यो । भगवान् पनि त्यहाँबाट चारिका गर्नुहुँदै राजगृहको कलन्दक निवापको बेलुवनमा विहार गर्नुभयो ।

सारा कुरा सुनेर भगवान्ले भन्नुभयो- 'देवदत्तको लाभ सत्कार, प्रशंसाप्रति स्पृहा नगर । जुन चण्ड कुकुरको नाकमा पित्त चढेमा त्यो कुकुर पागल र चण्ड हुन्छ त्यसरी नै ५०० थालि भोजन छ त्यो देवदत्तको लागि हानि नै हुन्छ । नभन्दै लाभ सत्कारको अभिमानी भएर भिक्षुसंघको नाइके बन्ने इच्छा गर्नासाथ योगबल नष्ट भयो ।

एकदिन राजाबिम्बिसारसहितको धर्मसभामा भगवान् देशना गर्दै हुनुहुन्थ्यो । तब देवदत्तले भन्यो- 'भगवान् तपाईं बूढा हुनुभयो । भिक्षुसंघलाइ म ग्रहण गर्नेछु ।'

'सारिपुत्र मौद्गल्यायनलाई त दिइन भने तिमी मूढो, थूकलाई त किन दिनु ?'

राजासहितको परिषदमा अपमानित भएको झोंकमा उठेर गयो । तब पछि भिक्षुसंघलाई भगवान्ले भन्नुभयो- 'राजगृह सारा ठाउँमा प्रचार गर । देवदत्त अब बदलिसकेको छ । उसले अब जे गरे तापनि त्यसको त्रिरत्न जिम्मेवार हुने छैन ।'

देवदत्त पनि सिधा अजातशत्रुकाहाँ गएर अजातशुत्रलाई भन्यो- 'पहिले मानिस दीर्घायु हुन्थे, आजकाल अल्पायु । तिमी पनि कुमार अवस्थामा नै मर्न सक्छौ । तिमीले बाबालाई मारेर राजा बन, म भगवान्लाई मारेर बुद्ध बन्छु ।'

अजातशत्रु पनि तिघ्रामा छुरा लुकाएर राजा बाबाको हत्या गर्न कोठामा प्रवेश गर्दा रक्षकहरूले पक्रिए । सारा कुरा बतायो ।

'किन मलाई मार्न चाहन्छौ ?' भनी राजा बिम्बिसारले सोध्यो ।

'राज्य पाउन' भनी जवाफ दिंदा अजातशत्रुलाई राज्य दियो ।

तब देवदत्तले अजातशत्रुलाई भगवान् बुद्धलाई मार्न आदेश दियो । बुद्धलाई मार्न



Downloaded from http://www.dhamma.digital

पहिले एकजना, त्यसपछि उसलाई मार्न  दुइजना मानिस, त्यसपछि उसलाई मार्न चार जना, त्यसपछि उसलाई मार्न आठजना मानिसहरू पठायो। पहिलो व्यक्ति भगवान्लाई देखेर टाउकोले वन्दना गर्दै भन्यो- 'भगवान्! मलाई क्षमा गर्नुहोस्, जो तपाईलाई मार्न आएँ।'

भगवान्ले उपदेश दिनुभयो। उसलाई धर्मचक्षु उत्पन्न भयो र उपासक बन्यो। उसलाई अर्को बाटोबाट पठाउनुभयो। यसै गरी दुइजना, चारजना, आठजनालाई पनि उपदेश दिनुभएर सबैलाई अञ्जलिबद्ध  शरणागत उपासक बनाउनुभयो। उनीहरूलाई पनि अर्को बाटोबाट पठाउनुभयो।

सारा समाचार सुनेर देवदत्त आफै गृधकुट पर्वतमा चढेर भगवान् आउनुभएको बेला ठूलो ढुङ्गा माथिबाट खसाइदियो। ढुङ्गा एउटा चट्टानमा लागेर टुक्राटुक्रा भयो। त्यसको एउटा टुक्रा उछिट्टिएर भगवान्को खुट्टाको बूढीऔंलामा लाग्यो र रगत बह्यो। त्यस घाउबाट उत्पन्न दुःख वेदनालाई स्मृति सम्प्रजन्यसहित सहनुभयो।

त्यतिले सन्तोष नभएर मनुष्यघातक चण्डहात्ती नालागिरिलाई एक दिन भगवान् भिक्षुसंघसहित राजगृहमा भिक्षामा जानुहुँदा छोडिदियो। नालागिरि हात्ती पनि सूंढ उठाएर, दुबै कान ठाडो पारेर चिंघार्दै भगवान्तर्फ वेगले दौडिंदै गयो। भगवान्ले मैत्रीयुक्त चित्तले आह्वावित गर्नुहुँदा नालागिरि सूंढलाई तल झार्दै भगवान्को अगाडि रोकियो। तब भगवान्ले दाहिना हातले नालागिरिको कुम्भमा स्पर्श गर्नुभयो। नालागिरिले पनि सूंढले भगवान्को चरणधूलिलाई आफ्नो टाउकोमा राख्यो।

सफलता प्राप्त नभएपछि देवदत्त कोकालिक कटमोर तिस्सक र खण्डदेवीपुत्र समुद्रदत्तलाई लिएर संघभेद गर्न भगवान्काहाँ गएर ५ माग राख्यो-

१) भिक्षुले जीवनभर आरण्यक (जंगलमा बस्ने) हुनुपर्छ।

२) भिक्षुले जीवनभर पिण्डपातिक (भिक्षा मागरे मात्र खाने) हुनुपर्छ।

३) भिक्षुले जीवनभर पांशुकुलिक (धूलोमा फ्यालेको कपडा जम्मा गरेर सिलाएको चीवर मात्र लाउने) हुनुपर्छ।

४) भिक्षुले जीवनभर वृक्षमुलिक (रुखमुनि मात्र बस्ने) हुनुपर्छ।

५) भिक्षुले जीवनभर माछामासु खानु हुँदैन।

भगवान्ले भन्नुभयो- चाहे आरण्यक होस्, चाहे गाउँमा बसोस्। चाहे पिण्डपातिक होस्, चाहे निमन्त्रणा स्वीकार गरोस्। चाहे पांशुकुलिक होस्, चाहे गृहस्थ चीवर लगाओस्। चाहे वृक्षमुलिक होस्, चाहे विहारमा बसोस्। चाहे माछामासु खाओस्, चाहे नखाओस्। मैले तीन कोटी परिसुद्ध मासुखाने अनुमति दिएको छु। ती हुन्-

१) अदृश्य- 'मेरो लागि मारेको' भनी नदेखेको



Downloaded from http://www.dhamma.digital

२) अश्रुत- 'मेरो लागि मारेको' भनी नसुनेको

३) अपरिसंकित- 'मेरो लागि मारेको' भनी शंका नगरेको ।

देवदत्तले- 'भगवान्ले मेरो ५ शर्त स्वीकार गर्नुभएन । जसलाई यो शर्त स्वीकार्य छ, ऊ मेरो पछि आउनू' भनेर गयो । त्यसबेला ५०० नयाँ वज्जीपुत्तक भिक्षुहरू थिए, जसलाई धर्म वा विनय बारे ज्ञान थिएन । उनीहरू नै देवदत्तको पछि लागे । यसरी देवदत्तले संघभेद गऱ्यो । देवदत्त गइसकेपछि भगवान्ले 'सारिपुत्र तिमीहरूलाई ती नयाँ भिक्षुहरूप्रति दया लागेन ?' भन्नुहुँदा आयुष्मान् सारिपुत्र मौद्गल्यायन ती वज्जीपुत्तक भिक्षुहरूलाई फर्काएर ल्याउन जानुभयो ।

गयासीसमा देवदत्तले आयुष्मान् सारिपुत्र मौद्गल्यायनलाई देखेर 'आफ्नो धर्मलाई स्वीकार गरी आएका छन्' भन्ने विचारले आमन्त्रण गऱ्यो । भगवान् बुद्धले जस्तै राति धर्मदेशना गरेर 'आवुसो सारिपुत्र ! मेरो पिठ्यू दुःखेको छ तिमीले धर्मदेशना गर' भनी एक छेउ बस्यो । स्मृतिहीन भएर तुरुन्त निद्रा लाग्यो । आयुष्मान् सारिपुत्रको व्याख्या देशना र आयुष्मान् मौद्गल्यायनको ऋद्धि प्रातिहार्यको प्रभावले ती नयाँ भिक्षुहरूमा धर्मचक्षु उत्पन्न भयो र उहाँहरूसंगै भगवान्काहाँ फर्किनुभयो । कोकालिक भिक्षुले उठाउँदा देवदत्तले थाहा पाएर मुखबाट तातो रगत वमन गऱ्यो ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# ४० औं वर्षावास

## श्रावस्ती पूर्वाराम

(वर्ष ७३- बु.स.पूर्व ७)

### विसाखा सुत्त

उदान (२/९) अनुसार यस्तो मैले सुने- एक समय भगवान् मिगारमाताको पूर्वाराममा विहार गर्नुहुन्थ्यो। त्यस समय विशाखाको माइतीबाट मणि मुद्रादि जडित केही सामान पठाइदिएको थियो। त्यसमा भन्सार लियो र छुटाउनको लागि राजा प्रसेनजितसंग भन्यो। तर विशाखाको इच्छानुसार निर्णय गरिदिएन। तब भगवान्काहाँ भेट्नको लागि दिउंसै गइन ।

भगवान्ले पनि अभिवादन गरी एक छेउ बसेकी विशाखालाई सोध्दा- 'विशाखे, किन दिउंसै यहाँ आयौ ?' भनी सोध्नुभयो।

'राजा प्रसेनजितले मेरो काम गरिदिएन' भनी विशाखाले गुनासो गरिन्।

तब भगवान्ले भन्नुभयो- 'जति पनि परवशमा छन् ती सब दुःख हुन्। ऐश्वर्य सुख जे भए पनि सानोले पनि पीढित गर्छ। किनकि कामभोगको अतिक्रमण गर्नु दुःख छ।'

### जटिल सुत्त

उदान (१/९) अनुसार यस्तो मैले सुने- एक समय भगवान् गयाको गयासीसमा विहार गर्नुहुन्थ्यो। त्यस समय धेरै जटिलहरूले माघको अन्तिम चार दिन र फाल्गुणको अन्तिम चार दिन (अन्तराष्टक) हिमपात समयमा जाडोमा राती डुबुल्की लगाएथ्यो, अग्नि हवन पनि गर्दथ्यो, किनकि पाप कट्छ भन्ने विश्वासले । यसै सन्दर्भमा भगवान्ले भन्नुभयो- 'धेरै जना यहाँ नुहाइरहेछन्, तर पानीले शुद्धि हुँदैन, जसमा सत्य र धर्म छ उही g}z lr xf] pmg}a £मण हो।'



Downloaded from http://www.dhamma.digital

# ४१ औं वर्षावास
## श्रावस्ती, जेतवन
(वर्ष ७४- बु.स.पूर्व ६)

### संगाम सुत्त

संयुक्तनिकाय (५/२/४) अनुसार यस्तो मैले सुने- एक समय भगवान् श्रावस्तीको जेतवन विहारमा विहार गर्नुहुन्थ्यो । त्यस समय मगधराज अजातशत्रु र कोसलराज प्रसेनजितवीच युद्ध भयो र राजा प्रसेनजितको हार भयो । भगवान्ले यो कुरा सुनाउँने भिक्षुहरूलाई भन्नुभयो- 'राजा अजातशत्रु पापमित्रयुक्त छ, राजा प्रसेनजित कल्याणमित्रयुक्त छ । जयले वैरको उत्पन्न गर्दछ, पराजित दुःखले सुत्छ । शान्ति प्राप्त पुरुष जयपराजय छाडेर सुखपूर्वक सुत्दछ ।'

फेरि युद्ध भयो । यसपटक राजा अजातशत्रुको हार भयो र जीउँदै पक्राउपऱ्यो । राजा प्रसेनजितले 'भाञ्जा' भनेर छोडिदियो । यो समाचार सुनाउँदा भगवान्ले भन्नुभयो- 'जो अरुको लुट्ने गर्छ, जब उसलाई अरुले लुट्न थाल्छ तब लुटिने पनि लुटिन्छ । मूर्खजन सम्झिन्छ उसले फाइदा लिइसक्यो, तबसम्म मात्र जबसम्म पापफल आउँदैन । जब पापको फल आउँदछ तब पापीले दुःख पाउंछ । हत्यारालाई हत्यारा पाउंछ, विजयीलाई विजय गर्ने, निन्दकलाई निन्दा गर्ने र रोष गर्नेलाई रोष गर्ने पाउँदछ । तब कर्मचक्रको उल्टाक्रमले लुटिने व्यक्ति लुटिन्छ ।

### कोसल सुत्त

अंगुत्तरनिकाय (१०/१/१०) अनुसार यस्तो मैले सुने- एक समय भगवान् श्रावस्तीको जेतवन विहारमा विहार गर्नुहुन्थ्यो । एकदिन राजा प्रसेनजित भगवान्लाई भेट्न विहारमा प्रविष्ट भएर भगवान्लाई टाउकोले खुट्टामा छुवाएर खुट्टालाई मुखले चुम्वन गऱ्यो, हातले खुट्टा सुम्सुम्यायो र आफ्नो नाम भन्यो- 'भन्ते ! म राजा प्रसेनजित कोसल हुँ ।'

'महाराज ! किन यसरी परम शुश्रूषा गर्नुहुन्छ ?'

'भन्ते ! कृतज्ञता, कृतवेदिता देख्दै म भगवान्लाई यसप्रकार परम शुश्रूषा गर्दछु, मैत्री उपहार देखाउंछु । भन्ते, भगवान् बहुजनको हित, सुखको लागि हुनुहुन्छ । भगवान्ले धेरैलाई आर्य, न्याय, कल्याण धर्मता, कुशल धर्मतामा प्रतिष्ठित गर्नुभयो ।'



Downloaded from http://www.dhamma.digital

## वाहीतिय सुत्त

मज्झिमनिकाय (२/४/८) अनुसार यस्तो मैले सुने- एक समय भगवान् बुद्ध जेतवन विहारमा विहार गर्नुहुन्थ्यो । एकदिन आयुष्मान् आनन्द भिक्षाभोजनपश्चात् पूर्वाराममा जानुभयो । बाटोमा राजा प्रसेनजित एकपुण्डरीक हात्तीमा चढेर जाँदैथियो । टाढाबाट आयुष्मान् आनन्दलाई देखेर हात्तीबाट उत्रेर हिंडेर गएर वन्दना गरी एकछेउ उभिएर अचिरवती नदी किनारमा जान अनुरोध गऱ्यो । अचिरवती नदी किनारमा एक स्थानमा बस्नुभएपछि राजा प्रसेनजितले प्रश्न गऱ्यो- 'के उहाँ भगवान्ले यस्तो कायिक वाचिक मानसिक आचरण गर्न सक्नुहुन्छ जुन श्रमण ब्राह्मणहरूलाई निन्दित हुन्छ ?'

आयुष्मान् आनन्दले भन्नुभयो- 'भगवान्ले श्रमण ब्राह्मण विज्ञद्वारा निन्दित कायिक वाचिक मानसिक आचरण गर्नुहुन्न ।'

राजा प्रसेनजितले भन्नुभयो- 'मूर्खले विनाजानकारी अरुको निन्दा प्रशंसालाई गरेकोलाई सही भनेर स्वीकार गर्दैन । विद्वानले जानकारीसहित भनेको कुरालाई मात्र सही भनेर स्वीकार गर्छौं ।' राजा प्रसेनजितले अरु प्रश्न गऱ्यो- 'भन्ते ! कस्तो कायिक वाचिक मानसिक आचरण श्रमण ब्राह्मणद्वारा निन्दित हुन्छ ?'

आयुष्मान् आनन्दले जवाफ दिंदै भन्नुभयो- 'जुन सदोष छ, हिंसायुक्त छ, दुःख विपाकयुक्त छ, आफ्नो पीढाको लागि, अरुको पीढाको लागि, दुबैको पीढाको लागि, अकुशल धर्म बढ्छ, कुशल धर्म घट्छ, यस्ता कायिक, वाचिक, मानसिक आचरण निन्दित छन् ।'

'भन्ते ! कस्तो कायिक वाचिक मानसिक आचरण श्रमण ब्राह्मणद्वारा निन्दित छैन ।'

'जुन अनवद्य, अवयापाद्य, सुखविपाक, परपीढारहित, स्वपीढारहित, उभयपीढारहित, अकुशलधर्म नाशक, कुशलधर्म वृद्धि गर्ने कायिक, वाचिक, मानसिक आचरण अनिन्दित छन् ।' तथागत यी सबै धर्महरूबाट युक्त हुनुहुन्छ ।

राजा प्रसेनजित प्रसन्न भएर आनन्दको भाषणको अभिनन्दन गर्दै भन्यो- 'आयुष्मान् आनन्दलाई हाथीरत्न, अश्वरत्न, उत्तम गाउँ दिन्थ्यौं तर ग्राह्य छैन । त्यसैले राजा अजातशत्रुले पठाएको वाहीत राष्ट्रको यो सोह्र हात लामो र आठ हात चौडा वाहीतक वस्त्र स्वीकार गर्नुहोस् । जसको चीवर बनाएर सब्रह्मचारीलाई बाँड्नुहुन्छ, त्यसले हाम्रो दान महाफलदायी हुन्छ ।'

आयुष्मान् आनन्दले त्यो वाहीतक स्वीकार गर्नुभएर पछि भगवान्लाई चढाउनुभयो । तब भगवान्ले 'राजा प्रसेनजितलाई आनन्दको दर्शन पाएकोमा लाभ भयो' भनी प्रशंसा गर्नुभयो ।



Downloaded from http://www.dhamma.digital

# ४१ औं वर्षावास
## श्रावस्ती, पूर्वाराम
(वर्ष ७५- बु.स.पूर्व ५)

### चंकम सुत्त

संयुक्तनिकाय (१३/२/५) अनुसार यस्तो मैले सुने- एक समय भगवान् बुद्ध राजगृहको गृधकुट पर्वतमा विहार गर्नुहुन्थ्यो । त्यस समय आयुष्मान् सारिपुत्र धेरै भिक्षुहरूसहित चक्रमण गर्दैहुन्थ्यो । त्यसै गरी आयुष्मान् मौद्गल्यायन, महाकाश्यप, अनिरुद्ध, पूर्ण मैत्रायणीपुत्र, उपालि, आनन्दहरू पनि आ-आफ्ना भिक्षु शिल्पहरूसहित चक्रमण गर्दै हुनुहुन्थ्यो । यसैगरी देवदत्त पनि आफ्ना भिक्षुहरूसहित चक्रमण गर्दै थिए । तब भगवान्ले अन्य भिक्षुहरूलाई निमन्त्रित गरेर भन्नुभयो- 'देखिरहेछौ भिक्षुहरू ? सारिपुत्रसंग चक्रमण गर्ने सारा भिक्षुहरू महाप्रज्ञ छन् । मौद्गल्यानसंग सारा भिक्षुहरू महाऋद्धिक छन् । महाकाश्यपसंग सारा भिक्षुहरू धुतांगधारी छन् । अनिरुद्धसंग सारा भिक्षुहरू दिव्यचक्षुक छन् । पूर्ण मैत्रायणीपुत्रसंग सारा भिक्षुहरू धर्मकथिक छन् । उपालिसंग सारा भिक्षुहरू विनयधर छन् । आनन्दसंग सारा भिक्षुहरू बहुश्रुत छन् । देवदत्तसंग भने सारा भिक्षुहरू पापेच्छुक छन् ।'

### उपालि सुत्त

संयुक्तनिकाय (२/२/६) अनुसार यस्तो मैले सुने- एक समय भगवान् नालन्दाको प्रावारिकको आम्रवनमा विहार गर्नुहुन्थ्यो । त्यस समय निर्ग्रन्थनाथपुत्रका जैन साधुहरू धेरै संख्यामा नालन्दामा वास गर्दथे । तब त्यसमध्ये दीर्घतपश्वी भोजनपश्चात् भगवान्लाई भेट गर्न गयो । भगवान्ले सोध्नुभएको जवाफमा उसले भन्यो- 'निर्ग्रन्थनाथपुत्रको धर्ममा कर्म भन्ने चलन छैन । कायदण्ड, वचनदण्ड, मनोदण्डमध्ये पापकर्म गर्नको लागि कायदण्ड महादोषयुक्त विधान गर्दछ, त्यति वचनदण्ड र मनदण्डको होइन ।'

दीर्घतपश्वीको प्रश्नको जवाफमा भगवान्ले भन्नुभयो- 'कायकर्म, वचनकर्म, मनोकर्ममध्ये मनोकर्म नै महादोषी ठहराउँछु ।'

दीर्घतपश्वी उठेर गएर निर्ग्रन्थनाथपुत्रलाई भेट्न गयो । त्यसबेला बालक लोणकार निवासी उपालि त्यहीँबसिरहेको थियो । दीर्घतपश्वीले सारा कुरा सुनाउँपछि निर्ग्रन्थनाथपुत्रले दीर्घ तपश्वीको प्रशंसा गऱ्यो ।



Downloaded from http://www.dhamma.digital

तब उपालिले भन्यो- 'जसरी बलवान पुरुष लामो भेडाको रौंलाई पक्रन्छ, घुमाउँदा, डुलाउँछ, जसरी रक्सी बनाउनेले रक्सी टोकरीलाई पानीमा फ्यालेर जोडजोडले हल्लाउंछ, घुमाउँदा, जसरी वयस्क हाथी गहिरो पोखरीमा पसेर कमललाई सूंढले पक्रेर सन निकालेझैं खेल्छ, तन्काउँछ, लछार्छ त्यसरी नै म गएर श्रमण गौतमसंग बाद विवाद गर्छु ।' निर्ग्रन्थनाथपुत्रले उपालिलाई जान झन प्रेरणा दियो भने दीर्घतपश्वीले नजान सल्लाह दियो । किनकि श्रमण गौतम अरुको विचार फेर्ने माया मा विद्यमान छ ।

उपालि गृहपति भगवान्काहाँ गएर अभिवादन गरी एक छेउ बसेर दीर्घतपश्वीसंगको छलफलबाट वादविवाद सुरु गर्दै दीर्घतपश्वीले भनेको 'सही हो' भनेर ठोकुवा गऱ्यो । यसै प्रसंगमा छलफल हुंदा भगवान् बुद्धले 'यदि तिमी सत्यमा स्थिर हुन्छौ भने छलफल हुनेछ' भन्नुभयो ।

उपालिले पनि हाँकलाई स्वीकार गर्दै भन्यो- 'भन्ते ! भगवान् (निर्ग्रन्थनाथपुत्र) ले पनि यस्तै भनेको छ । पाप कर्म गर्नको लागि कायदण्ड नै महादोषी छ, त्यस्तो वचन र मनदण्ड छैन ।'

'जसरी शीतजल त्यागी, उष्ण जल सेवी निर्ग्रन्थ रोग ग्रस्त हुंदा शीतजल नपाएर मर्दछ । तब उसको जन्म काहाँ हुन्छ ? भनी भगवान्ले सोध्नुभयो ।'

'उसको जन्म मनसत्व देवलोकमा हुन्छ । किनकि ऊ मनसंग बाँधिएर मरेको छ' भनी उपालिले जवाफ दियो ।

भगवान्ले 'गृहपति सोचेर भन ! तिम्रो पहिलेको भनाई पछिल्लोसंग मिल्दैन, पछिलो भनाई पहिलोसंग मिल्दैन ।'

'भन्ते ! भगवान् (निर्ग्रन्थनाथपुत्र) ले पनि यस्तै भनेको छ । पाप कर्म गर्नको लागि कायदण्ड नै महादोषी छ, त्यस्तो वचन र मनदण्ड छैन ।'

'एक चतुर्याम संवर (हिंसा, चोरी, झूठा काममिथ्याचार नगर्नु, नगराउनु, अनुमोदन नगर्नु- जैन धर्मको सिद्धान्तमा संवृत सारा पानीले (निशिद्ध शीतल मल वा पापरूपी जल) सारा पानीमा निवारण गर्नमा तत्पर निर्ग्रन्थ छ । ऊ आउँदा जाँदा धेरै ससाना प्राणीलाई मार्दछ । तब त्यसको विपाक के हुन्छ ? भनी भगवान्ले सोध्नुभयो ।

'यदि अनजानमा मरेको छ भने महादोष हुँदैन । यदि जानेर मारेको छ भने महादोष हुन्छ । जान्ने काम भने मनदण्डले गर्छ ।' उपालिले जवाफ दियो ।

भगवान्ले 'गृहपति सोचेर भन ! तिम्रो पहिलेको भनाई पछिल्लोसंग मिल्दैन, पछिलो भनाई पहिलोसंग मिल्दैन ।'

'भन्ते ! भगवान् (निर्ग्रन्थनाथपुत्र) ले पनि यस्तै भनेको छ । पाप कर्म गर्नको लागि



Downloaded from http://www.dhamma.digital

कायदण्ड नै महादोषी छ, त्यस्तो वचन र मनदण्ड  छैन ।'

'यदि कोही व्यक्तिले नांगो तलवार लिएर 'म यो घना आवादि नालन्दाका सारा प्राणीलाई एकै चोटमा, एकै क्षणमा मारेर मासुको थुप्रो लगाइदिन्छु' भन्दा गर्न सक्छ कि सक्दैन ? भनी सोधिएको भगवान्‌को प्रश्नलाई उपालिले भन्यो- 'गर्न सक्दैन । किनकि हजारौंले गर्न नसक्ने एकजानले मात्र गर्न सक्दैन ।'

'यदि कोही ऋद्धिशक्तिसम्पन्न छ उसले आएर 'यस नालन्दालाई क्रोधले भष्म गरिदिन्छु' भन्दा 'गर्न सक्छ कि सक्दैन ?' भनी सोध्नुभएको प्रश्नको जवाफमा उपालिले भन्यो- 'भष्म गरिदिन्छ । किनकि ऋद्धिशक्ति शक्तिशालि हुन्छ । किनकि दण्डकारण्य, कलिंगारण्य, मेध्यारण्य, मातंगारण्य सारा ऋषिहरूको कोपले भष्म भएका छन् ।'

भगवान्‌ले 'गृहपति सोचेर भन ! तिम्रो पहिलेको भनाई पछिल्लोसंग मिल्दैन, पछिलो भनाई पहिलोसंग मिल्दैन ।'

अन्तमा उपालि गृहपतिले स्वीकार गर्दै भन्यो- 'भगवान् ! पहिलो उपमाले नै सन्तुष्ठ भइसकेको थिएँ । तर भगवान्‌को विचित्र व्याख्यान सुन्ने इच्छाले प्रतिवाद गर्न खोजेको हुँ ।' यति भनेर अञ्जलिवद्ध शरणागत उपासक बन्यो । तब भगवान्‌को आनुपूर्वी कथा सुनेर धर्मचक्षु उत्पन्न भयो र दृष्टधर्म लाभ गऱ्यो । उसलाई पनि भगवान्‌ले सिंह सेनापतिलाई जस्तै सम्झाउनुभयो । उपालि पनि सिंह सेनापतिजस्तै प्रशन्न भएर तीनपल्ट त्रिरत्नको शरण गयो ।

घरमा गएर द्वारपाललाई भन्यो- 'आजदेखि निर्ग्रन्थहरूको लागि द्वार बन्द र भगवान्‌का भिक्षु भिक्षुणीहरूको लागि द्वार खोल्दछु । यदि निर्ग्रन्थनाथपुत्र आएमा भन्नु 'पर्खनुहोस् भन्ते ! आजदेखि उपालि गृहपति श्रमण गौतमको उपासक बन्यो । तिमीलाई भिक्षा चाहिन्छ भने यहीं रोकिनु, यहीं ल्याइदिनेछ ।'

जब यो कुरा सुनेर निर्ग्रन्थनाथपुत्रलाई विश्वास भएन र आफै भेट्न आयो । द्वारमा द्वारपालले रोक्यो । उपालि गृहपतिले बीचको  द्वारशालामा आफू उच्च आसनमा बसेर निर्ग्रन्थनाथपुत्रलाई भित्र आउन भन्यो । पहिलापहिला निर्ग्रन्थनाथपुत्र आउनसाथ उठेर स्वागत गर्न जाने उपालि त्यसदिन आफै उच्च आसनमा बसिरहेको थियो ।

'उन्मत्त भयौ उपालि, पहिले श्रमण गौतमसंग वादारोपण गर्छु भनेर गयौ । जसरी अण्डकोशहारक अण्डको साथ आउंछ, आंखाहारक निकालेको आंखासहित आउंछ त्यसरी नै फर्केर आयौ । श्रमण गौतमको मायाले तिम्रो विचार बदलियो' निर्ग्रन्थनाथपुत्रले भन्यो ।

'राम्रो भन्ते ! भगवान्‌को माया, यस मायाले सारालाई मन हरेर लगे पनि हुन्थ्यो । यो सबैको चिरकालसम्म सुखको लागि हुने थियो । जसरी काठको खेलानालाई कुनै



Downloaded from http://www.dhamma.digital

कपडामा लगाउने रंगले रंगाउन सकिंदैन त्यसरी नै निर्ग्रन्थवादयुक्त मूर्खहरू न परीक्षायोग्य छ न मीमांसाको योग्य छ। जसरी सफा सेतो कपडालाई कुनै पनि रंगले रंगाउन सकिन्छ, त्यसरी नै श्रमण गौतमको वादलाई विद्वानद्वारा रंजन गर्नयोग्य छ, परीक्षा गर्नयोग्य छ, मीमांसा गर्नयोग्य छ।'

भगवान्‌को उपासक भएको घोषणा गर्दै भगवान् भएतिर फर्केर भगवान्‌को प्रशंसा गर्न थाल्यो। निर्ग्रन्थनाथपुत्रले भगवान्‌को प्रशंसा सुन्न नसकेर त्यही तातो रगत वमन गऱ्यो।

### अभय राजकुमार सुत्त

मज्झिमनिकाय (२/१/८) अनुसार यस्तो मैले सुने- एक समय भगवान् राजगृहको वेलुवन कलन्दक निवापमा विहार गर्नुहुन्थ्यो। निर्ग्रन्थनाथपुत्रलाई भेट्न गएको अभयराजकुमारलाई निर्ग्रन्थनाथपुत्रले भगवान्‌संग वादविवाद गर्न उक्साउँदै तरिका सिकायो 'भन्ते ! के यस्तो वचन बोल्नुहुन्छ जुन अरुलाई अप्रिय छ। 'बोल्छु' भन्यो भने त्यसोभए तपाईंमा र पृथग्जनमा के फरक पऱ्यो ?' 'बोलिंदन' भन्यो भने त्यसो भए तपाईंले देवदत्तको लागि भविष्यवाणी किन गर्नुभयो -'देवदत्त नरकमा रहने छ, जसले देवदत्त रिसायो।' तब श्रमण गौतमले न उकल्न सक्छ न निल्न, जसरी घाँटिमा कुनै हाड वा काँडा अडकिएको होस्।

सोहीअनुसार अभयराजकुमारले प्रश्न गर्न जाँदा विहारमा उपयुक्त समय नदेखेर भोलिको लागि भोजन निमन्त्रणा दिएर गयो। भोलिपल्ट भोजन समाप्त गरिसकेपछि अभयराजकुमारले पहिलो प्रश्न सोध्यो- 'के भन्ते ! तथागत यस्तो वचन बोल्नुहुन्छ, जो अरुलाई अप्रिय होस् ?'भगवान्‌ले भन्नुभयो- 'एकांशले (विनाकारण) भन्न सकिंदैन।' जवाफ सुन्दैमा अभयराजकुमारले भन्यो- 'नाश भयो निर्ग्रन्थ।'

'किन त्यसो भनेको ?' भनी भगवान्‌ले सोध्नुहुँदा अभयराजकुमारले सारा रहस्य बतायो।

त्यस समय अभयराजकुमारको काखमा एक सानो बच्चा बसेको थियो। उसैलाई उदाहरण बनाउनुभै भगवान्‌ले सोध्नुभयो- 'केही गरी कुनै गल्तीले वच्चाको मुखमा केही कडावस्तु अडकिएमा तिमी के गर्छौ ?'

'त्यसलाई सरल तरिकाबाट भएन भने देब्रेहातले टाउको पक्रेर, रगत आए तापनि दाहिने हातको औंला छिराएर निकाल्छु किनकि बच्चाप्रतिको दयाले गर्दा।'

भगवान्‌ले भन्नुभयो-

'यसरी नै तथागत १) जुन वचनलाई झूठो, अतथ्य, अनर्थयुक्त जान्नुहुन्छ र जस्ले हुन्छ। अरुलाई अप्रिय अमनाप त्यो वचन बोल्नुहुन्न।



Downloaded from http://www.dhamma.digital

२) जुन वचनलाई सत्य, तथ्य, अनर्थयुक्त र त्यो हुन्छ अरुलाई अप्रिय अमनाप तब त्यसलाई पनि बोल्नुहुन्न ।

३) जुन वचन सत्य तथ्य अर्थयुक्त जान्नुहुन्छ तर त्यो हुन्छ अरुको लागि अप्रिय अमनाप त्यहाँ त्यस वचनलाई बोल्नका लागि समय जान्ने हुनुहुन्छ ।

४) जुन वचन भूठो अतथ्य, अनर्थयुक छ तर हुन्छ अरुको लागि प्रिय मनाप तव तथागत त्यस वचनलाई भन्नुहुन्न ।

५) जुन सत्य तथ्य अनर्थयुक्त छ तर त्यो अरुलाई प्रिय मनाप हुन्छ त्यस वचनलाई पनि बोल्नहुन्न ।

६) जुन वचन सत्य तथ्य अर्थयुक्त र अरुलाई प्रिय मनाप हुन्छ तब त्यस वचनलाई बोल्नका लागि समय जान्ने हुनुहुन्छ । किनकि तथागत प्राणीहरूप्रति दया गर्नुहुन्छ ।'

अभयराजकुमारले अर्को प्रश्न गऱ्यो- 'जसरी ब्राह्मण पण्डित, क्षत्रिय पण्डित, गृहपति पण्डित, श्रमण पण्डित प्रश्न तयार गरी तथागतसंग सोध्न आउंछन्, त्यसै गरी यस्तो प्रश्न गरे यस्तो जवाफ दिन्छु भनेर 'के तपाईं पहिले नै प्रश्नहरूको जवाफ तयार गरिराख्नुहुन्छ ?'

राजकुमार ! तिमी रथिक हौ । तिमीसंग रथ बारे प्रश्न गर्न आउँदा के तिमी पहिले नै प्रश्नको जवाफ तयार गरिराख्छौ ?

'होइन, म तुरुन्त जवाफ दिन्छु ।'

भगवान्ले भन्नुभयो- 'जसरी तिमीलाई रथबारे प्रश्न गर्दा तिमीले तुरुन्त उत्तर दिनसक्छौ, पूर्वविचार गरिराख्नु पर्दैन । त्यसरी नै मसंग जसले प्रश्न गर्न आए तापनि तुरुन्त जवाफ दिनसक्छु । यसको लागि पहिले नै यस्तो प्रश्न गर्न आए यस्तो जवाफ दिन्छु भनेर सोचिराख्नुपर्दैन ।

तब अभयराजकुमारले अभिनन्दन गर्दै अञ्जलिबद्ध शरणागत उपासक बन्यो ।



Downloaded from http://www.dhamma.digital

# ४३ औं वर्षावास
## श्रावस्ती जेतवन
(वर्ष ७६- बु.स.पूर्व ४)

**सामञ्ञफल सुत्त**

दीघनिकाय (१/१/२) अनुसार यस्तो मैले सुने- एक समय भगवान् राजगृहमा जीवक कौमारभृत्य वैद्यको आम्रवनमा साढे बाह्रसय महाभिक्षु संघसहित विहार गर्नुहुन्थ्यो ।

पूर्णिमा उपोशथको दिन पूर्णिमाको चन्द्रप्रकाशको रात, राजा मगध अजातशत्रु वैदेहीपुत्र राजअमात्यहरूसहित छलफल गर्दा 'यस्तो रमणीय रातमा कसको संगत गर्दा चित्त प्रसन्न होला ? भनी प्रश्न उठ्दा उपस्थित अमात्यहरूले आ-आफ्ना गुरुहरूको नाम लिए- पूर्ण काश्यप, मक्खली गोसाल, अजित केसकम्बल, पकुध कच्चायन, निर्ग्रन्थनाथपुत्र, संजय वेलट्ठिपुत्त । जीवक वैद्यले भन्यो- 'भगवान् नगिचै आम्रवनमा विहार गर्नुभएको छ । भगवान्कै उपासना गर्नुहोस् ।'

तब राजा अजातशत्रु भगवान्लाई भेट्न आम्रवनमा जानुभयो । सुनसान एकान्त देखेर भयभीत भयो र भन्यो 'के तिमीले मलाई शत्रुको हातमा सुम्पिरहेको त छैनौ ? साढे बाह्रसय भिक्षुहरू भएको ठाउँमा खोक्ने शब्द पनि छैन, न थुक्ने शब्द नै छ । कस्तो चकमन्न ?'

अलिक परसम्म जाँदा भगवान् भिक्षुसंघसहित शान्त बस्नुभएको देखेर अजातशत्रुले भन्यो- 'मेरो छोरा उदायिभद्र यस शान्तिले युक्त होस् जस्तै- शान्तियुक्त यस सम्यक् भिक्षुसंघ ।' भगवान्लाई भेटेर अभिवादन, सम्मोदन गरिसकेपछि एकछेउ बसेर प्रश्न गर्‍यो- 'भगवान् ! लोकमा विभिन्न शिल्पविद्या छन् । मानिसहरू त्यस्तो शिल्पविद्या सिकेर जीविका गर्दै आफ्नो परिवार पाल्दछन् र मृत्युपश्चात् स्वर्गगामी हुन्छन् । यसरी नै के श्रामण्य फलको पनि प्रत्यक्ष फल हुन्छ ?'

'के यो प्रश्न अरुलाई पनि गरेका थियौ ?'

एकपल्ट पूर्ण काश्यपलाई सोध्दा- 'जसरी मैले आँप बारे सोध्दा 'कटहर' भनी जवाफ दिएझैं, अशल खराब जे गरे पनि पाप पुण्य लाग्दैन' भनी अक्रियावादी सिद्धान्त बतायो । मक्खली गोसालले 'पाप पुण्यको कुनै कारण छैन, त्यसै हुन्छ, चौरासी हजार योनिमा घुम्दै आफै नाश हुन्छ' भनी अहेतुवाद (नियतिवाद) बतायो । अजित केशकम्बलले 'यज्ञ आदि गरेको कुनै काम छैन, सबै नष्ट हुन्छन्' भनी उच्छेदवाद बतायो । पकुध



Downloaded from http://www.dhamma.digital

कच्चायनले 'अन्यले अन्य हुन्छ' भनी जवाफ दियो । निर्ग्रन्थनाथपुत्रले चातुर्याम संवरबारे जवाफ दियो । संजय बेलट्ठिपुत्रले विक्षेपको जवाफ दियो ।

तब भगवान्ले भन्नुभयो- 'जसरी तपाईको कुनै दास प्रव्रजित हुन आएमा तपाईंले उसलाई दास नसम्झेर भिक्षुको रूपमा सम्मान सत्कार गर्नुहुन्छ, दान गर्नु हुन्छ, वन्दना गर्नुहुन्छ, यो पहिलो प्रत्यक्ष श्रामण्यफल हो ।'

'प्रव्रजित भएर धर्मदेशना सुनेर शील सम्पन्न, इन्द्रिय संयम, भोजन मात्रज्ञ भएर विहार गर्छ । यो पनि प्रत्यक्ष श्रामण्य फल हो । फेरि समाधि अभ्यास गर्दै प्रथम ध्यानादि ध्यान लाभ गर्दछ र अभिज्ञा लाभ गर्दै पूर्वेनिवास ज्ञान, च्यूतिउत्पत्ति ज्ञान, आस्रवक्षय ज्ञान प्राप्त गर्छ । यो पनि श्रामण्यफल हो ।'

अजातशत्रुले भगवान्को भाषणलाई अभिनन्दन गर्दै अञ्जलिवद्ध शरणागत उपासक बन्यो र भन्यो 'भन्ते ! मैले ऐश्वर्यको लागि धर्मराजा बाबाको हत्या गरें । यसलाई अपराधीको रूपमा स्वीकार गर्नुहोस र भविष्यको संवरको लागि क्षमा गर्नुहोस् ।

'महाराज ! यहाँले धर्मानुसार अपराधलाई अपराधको स्तरमा स्वीकार गर्नुभयो । आर्य विनयमा यो वृद्धि नै हो । भविष्यमा संवर गर्नुहोस् ।'

अजातशत्रु गएपछि भिक्षुहरूलाई भगवान्ले भन्नुभयो- 'यदि उसले बाबालाई नमारेको भए आज उसलाई विरज विमल धर्मचक्षु उत्पन्न हुने थियो ।'

### अजातशत्रु चरित्र

अजातशत्रुगर्भमा रहँदा कोशलदेवीलाई दोहल उत्पन्न भयो । त्यो इच्छा पुरा गर्न राजा बिम्बिसारले वैद्य बोलाएर सुवर्ण छुराले आफ्नो पाखुरा चिरेर सुवर्ण कचौरामा रगत थापेर रानीलाई पिलायो । ज्योतिषिहरूले 'यो गर्भ राजाको शत्रुहुनेछ, यसले राजालाई मार्नेछ ।' भनी भविष्यवाणी गऱ्यो । त्यसैले उसको नाम समेत अजातशत्रु भनी राखियो । यो सुनेर कोशल देवीले गर्भ तुहाउने कोशिस गऱ्यो तर सफल भइनन् । बच्चा जन्मभएपछि पुत्रस्नेहले पाल्न थालिन् ।

ठूलो भएर युवावस्थामा देवदत्तको संगतले राजासंग राज्य लियो । राज्य पाएको अजातशत्रुलाई देवदत्तले 'केही दिनमा तिम्रो अपराध सम्झेर तिमीलाई मार्छ, त्यसैले मारिदेऊ' भनी सल्लाह दियो ।

'मेरा बाबा भएकोले शस्त्रले मार्न सकिदैन' भन्यो ।

त्यसोभए 'भोकै मार' भन्यो ।

सोही अनुसार अजातशत्रुले बाबालाई जेलमा बन्द गराएर भोकै राख्यो र आमाबाहेक अरुलाई भेट गर्न दिएन । कोशलदेवी पोल्टामा लुकाई खाना लगेर खुवाइन् । यो थाहा पाएर



Downloaded from http://www.dhamma.digital

खानालान जाँचगरियो । तब केशमा महघीउ आदि दलेर लगिन्, त्यही निचोडेर खुवाइन् । त्यो पनि थाहा पाएर रोक लाएपछि जीउमा दलेर खुवाउने गरिन् । त्यो पनि थाहा पाएर आमालाई जान नै रोकिदियो । कोशल देवीले ढोकामा बसेर भनिन्- 'स्वामी, बच्चामा मलाई मार्न दिनुभएन । शत्रुलाई आफैले पाल्नुहोस् । यो अन्तिम दर्शन हो । यसपछि तपाईलाई देख्न पाउंदिन । यदि मेरो कुनै गल्ती भए क्षमा गरिदिनुहोस् ।'

त्यसपछि राजालाई आहार प्राप्त भएन । राजा श्रोतापन्न भएकोले मार्गफल सुख अनुभव गर्दै बाँचिरह्यो । आफ्नो बाबालाई खुट्टादेखि छुराले काटोर नुनतेल लेपन गरेर खएरको अंगारमा चिटचिट आवाज आउने गरी पकाऊ' भनी नापितलाई पठायो । नापितले त्यसै गऱ्यो र राजाको मृत्युभयो ।

त्यसै दिन अजातशत्रुको पहिलो छोराको जन्म भयो । समाचार ल्याउनेले पहिलो छोराको जन्मको समाचार पहिला सुनायो र सुनेर पुत्रस्नेह शरीरभरि व्याप्त भयो । त्यसै समय बाबा सम्भना आयो 'म जन्म हुंदा पनि मेरो बाबालाई यसरी नै पुत्रस्नेह भएको थियो होला ?' 'जाउ भण । मेरो बाबालाई मुक्त गर ।'

'कसलाई मुक्त गर्नुहुन्छ, सरकार ?' भनी बाबाको मृत्युको समाचार सुनायो ।

बाबाको मृत्यु समाचार सुनेर रुँदै आमाकाहाँ गयो । 'आमा, के बाबाको मप्रति स्नेह थियो ?' भनी सोध्यो ।

'बाल मूर्ख ! के भनेको तिमीले ? बाल्यकालमा तिम्रो औंलामा घाउ आएर पाक्दा तिमी रुएर बस्न नसक्दा अदालतमा बसेको राजाकाहाँ लाँदा तिम्रो बाबाले तिम्रो पाकेको घाउ भएको औंला मुखमा राख्यो र घाउ मुखभित्र नै फुट्यो । पुत्रस्नेहले रगतयुक्त पीपलाई नथुकिकन निलेर पठायो ।'

यो सुनेर पछि रुँदै बाबाको शरीरक्रिया गऱ्यो ।

पछि आयुष्मान् सारिपुत्र र मौद्गल्यायनले ५०० भिक्षुहरूलाई फर्काएर लगेपछि देवदत्तले तातो रगत वमन गरेर नौ महिनाविमारी भयो । अन्तमा गल्ती स्वीकार गरेर 'मलाई खाटमा राखेर शास्ताको दर्शन गराऊ' भन्यो र लाँदा जेतवन अगाडि जमिन फाटेर पृथ्वीमा धसेर नरकमा उत्पन्न भयो ।

त्यसपछि राजा अजातशत्रुले गल्ती स्वीकार गरेर भगवान् छेउ जाने इच्छाले 'यस रात कसकाहाँ जाँदा चित्त प्रसन्न हुन्छ' भनी कुरा कोट्याएको थियो । किनकि सबैले आफ्नो गुरुको प्रशंसा गर्दा जीवक वैद्यले पनि आफ्नो शास्ता भगवान्को प्रशंसा गर्नेछ र त्यस वहानाले शास्ताको दर्शन गर्न पाइनेछ ।

आफुले बाबालाई मारेको कारणले आफ्नो छोराले पनि आफूलाई नमारोस् भन्ने



Downloaded from http://www.dhamma.digital

हेतुले 'छोरा उदायिभद्र शान्त होस्' भनी कामना गरेको हो। तर उदायिभद्रले अजातशत्रुको हत्या गरिछाड्यो। बाबालाई छोराले मार्ने काम पांच पीढीसम्म चल्यो । जस्तै-

१) बिम्बिसारलाई छोरा अजातशत्रुले ।

२) अजातशत्रुलाई छोरा उदायिभद्रले ।

३) उदायिभद्रलाई छोरा महामुण्डले ।

४) महामुण्डलाई छोरा अनिरुद्धले ।

५) अनिरुद्धलाई छोरा नागदासले ।

नागदासलाई जनताले वंशछेदक राजा भनेर जनताले मारिदियो ।

**एतदग्ग वग्ग**

अंगुत्तरनिकाय (१/२/१/७) अनुसार यस्तो मैले सुने- एक समय भगवान् जेतवन विहारमा विहार गर्नुहुन्थ्यो। त्यहाँ भिक्षुसंघलाई भन्नुभयो-

**'भिक्षुहरूमा-**

१) रक्तज्ञ भिक्षु अञ्ञा कोण्डञ्ञ अग्र (ज्येष्ठ) छ ।

२) महाप्रज्ञाहरूमा सारिपुत्र अग्र छ ।

३) ऋद्धिवानहरूमा महामौद्‌गल्यायन ।

४) धुतांकवादीहरूमा महाकाश्यप ।

५) दिव्यचक्षुहरूमा अनिरुद्ध ।

६) उच्चकुलीनहरूमा भद्दिय कोलिगोधपुत्र ।

७) मंजु (कोमल) स्वरले उपदेश दिनेहरूमा लकुंटक भद्दिय ।

८) सिंहनाद गर्नेहरूमा पिण्डोल भारद्वाज ।

९) धर्मकथिकहरूमा पूर्ण मैत्रायणीपुत्र ।

१०) संक्षिप्त बताइएकोलाई विस्तृत अर्थ लगाउनेहरूमा महाकात्यायन ।

११) मनोमय काय निर्माण गर्नेहरूमा, चित्त विवर्त चतुरहरूमा चुल्लपन्थक ।

१२) संज्ञा विवर्त चतुरहरूमा महापंथक ।

१३) आरण्य विहारीहरूमा सुभूति, दक्षिणेयहरूमा सुभूति ।

१४) आरण्यकहरूमा खदिरवनीय रेवत ।

१५) ध्यानीहरूमा कंखा रेवत ।

१६) आरब्धवीर्यमा सोण कोटिविंस ।

१७) सुवक्ताहरूमा सोणकोटिकर्ण ।

१८) दानलाभिहरूमा सीवली ।



Downloaded from http://www.dhamma.digital

१९) श्रद्धावानहरूमा वक्कलि ।
२०) शिक्षाकामीहरूमा राहुल ।
२१) श्रद्धाले प्रव्रजित हुनेहरूमा रट्ठपाल ।
२२) प्रथम शलाका ग्रहण गर्नेहरूमा कुण्डधान ।
२३) प्रतिभानहरूमा (कवी) वंगीस ।
२४) समन्त प्रासादिकहरूमा उपसेन वंगन्तपुत्त ।
२५) शयनासन प्रज्ञापकहरूमा दब्ब मल्लपुत्त ।
२६) देवताहरूको प्रियहरूमा पिलिन्दवच्छ ।
२७) क्षिप्रभिज्ञहरूमा बाहिय दारुचीरिय ।
२८) विचित्र कथिकहरूमा कुमार काश्यप ।
२९) प्रतिसंवित प्राप्तहरूमा महाकोट्ठित ।
३०) बहुश्रुतहरूमा, गतिमानहरूमा, स्थितमानहरूमा, उपस्थापकहरूमा आनन्द ।
३१) महापरिषद हुनेहरूमा उरुवेल काश्यप ।
३२) कुल प्रसादकहरूमा काल उदायी ।
३३) निरोगीहरूमा वक्कुल ।
३४) पूर्वजन्म स्मरण गर्नेहरूमा शोभित ।
३५) विनयधरहरूमा उपालि ।
३६) भिक्षुणीहरूमाझ उपदेशकहरूमा नन्दक ।
३७) जीतेन्द्रियहरूमा नन्द ।
३८) भिक्षुहरूको उपदेशकहरूमा महाकप्पिन ।
३९) तेजोधातु कुशलहरूमा सागत ।
४०) प्रतिभाशालीहरूमा राध ।
४१) रुक्ष चीवरधारीहरूमा मोघराज अग्र छन् ।'

**'भिक्षुणीहरूमा-**

१) रक्तज्ञ भिक्षुणी प्रजापति गौतमी अग्र छिन् ।
२) महा प्रज्ञाहरूमा खेमा ।
३) ऋद्धिमतीहरूमा उप्पलवण्णा ।
४) विनय धरहरूमा पटाचारा ।
५) धर्मकथिकहरूमा धम्मदिन्ना ।
६) ध्यानीहरूमा नन्दा ।
७) आरब्ध वीर्यहरूमा सोणा ।



Downloaded from http://www.dhamma.digital

८) क्षिप्र अभिज्ञाहरूमा भद्रा कुण्डल केसा ।

९) पूर्वजन्म अनुस्मरण गर्नेहरूमा भद्रा कापिलायानी ।

१०) महाअभिज्ञा प्राप्तहरूमा भद्रा कात्यायनी ।

११) रुक्ष चीवरधारणीहरूमा किसागौतमी ।

१२) श्रद्धा युक्तहरूमा सिगालमाता ।'

**'उपासकहरूमा-**

१) प्रथम शरण जानेहरूमा तपस्सु र भल्लुक अग्र छन् ।

२) दायकहरूमा अनाथपिण्डिक सुदत्त ।

३) धर्मकथिकहरूमा मच्छिकापण्डवासी चित्त गृहपति ।

४) चार संग्रहवस्तुले परिषद मिलाएर राख्नेहरूमा हस्तक आलवक ।

५) प्रणीत दायकहरूमा महान्‌ाम शाक्य ।

६) मनाप दायकहरूमा उप गृहपति ।

७) संघ सेवकहरूमा उग्गत गृहपति ।

८) अत्यन्त प्रसन्न हुनेहरूमा सूर अम्बट्ठ ।

९) पुद्गल प्रसन्नहुनेहरूमा जीवक कौमार भृत्य (वैद्य) ।

१०) विश्वासीहरूमा नकुलपिता ।'

**'उपासिकाहरूमा-**

१) प्रथम शरण जानेहरूमा सेनानी दुहिता सुजाता अग्र छिन् ।

२) दायिकाहरूमा विशाखा मिगारमाता ।

३) बहुश्रुतहरूमा खुज्जुत्तरा ।

४) मैत्री विहार प्राप्तहरूमा सामावती ।

५) ध्यानीहरूमा उत्तरा नन्दमाता ।

६) प्रणीत दायिकाहरूमा सुप्रवासा कोलिय दुहिता ।

७) रोगी सुश्रुवा गर्नेहरूमा सुप्रिया ।

८) अति प्रसन्न हुनेहरूमा कात्यायनी ।

९) विश्वासीहरूमा नकुलमाता ।

१०) अनुश्रव प्रसन्न हुनेहरूमा कालीउपासिका ।'

**एतदग्ग भिक्षुहरूमध्ये केही भिक्षुहरूको परिचय-**

**७. लकुण्टक भद्दिय**

श्रावस्तीको सम्पन्न परिवारमा जन्म नाम भद्दिय तर पुडको कुप्रो भएकोले



Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

लकुण्टक (पुडको) भद्दिय भनी चिनिनुहुन्थ्यो। कुरूप भए तापनि मधुर श्वरमा बोल्न सक्ने कोकिलकण्ठ थियो। सुमधुर कण्ठको कारणले धर्मदेशनामा प्रख्यात हुनुभयो।

एक समय एक ब्राह्मण युवकसंग रथमा गइरहेकी युवतीले आयुष्मान् लकुण्टक भद्दियलाई देखेर दाँत देखाएर हाँसेर जिस्क्याइन्। उहाँले त्यसै दाँतमा निमित्त ग्रहण गर्नुभएर अनागामी हुनुभयो।

उहाँ पुड्को हुनुभएकोले उहाँ नयाँनयाँ भिक्षुहरूको लागि मनोरञ्जनको साधन बन्नुहुन्थ्यो। उहाँलाई उपासकसरह व्यवहार गर्थे। कसैले नाक पकड्ने, कसैले कान पकड्ने गर्दथे। कसैले 'ए सानो बाबा, तपाई सुखपूर्वक विहार त गर्नुहुन्छ होइन ?' भन्थे। यसरी अन्य साधारण भिक्षुहरू मजा गर्थे, हाँस ख्याल गर्थे। तर उहाँ कहिले पनि रिसाउनु भएन। यस्तो प्रायशः भइरहन्थ्यो।

यही कुरा एक भिक्षुले भगवान् बुद्धलाई सुनायो। तब भगवान्ले उहाँको प्रशंसामा भन्नुभयो-

**सेलो यथा एकघनो वातेन न समीरति।**
**एवं निन्दा पसंसासु न समिञ्जन्ति पण्डिता॥**(ध.प. ६/६/)

टस न मस भएको पर्वतलाई हावाले हल्लाउन नसकेझैं।
त्यसरी नै निन्दा प्रशंसाले हुँदैन विचलित पण्डितहरू॥

एकदिन जंगलबाट केही भिक्षुहरू जेतवन विहारमा आए। आसनशालामा बस्नुभएको आयुष्मान् लकुण्टक भद्दियलाई पुड्को भएकोले वास्ता नगरी भगवान्लाई भेट्न गए। भगवान्ले 'स्थविरलाई भेट्यौ ?' भनी सोध्नुभयो।

'पुडको हाँसउठ्दो श्रामणेर मात्र देखें' भने।

भगवान्ले भन्नुभयो- वृद्धावस्था, उच्चाई, आसनको कारणले कोही स्थविर हुँदैन। जो आर्यसत्यलाई प्राप्त, अहिंसक छ ऊ नै स्थविर हुन्छ। फेरि भगवान्ले भन्नुभयो-

**न तेन थेरो होति येनस्स पलितं सिरो।**
**परिपक्को वयो तस्स मोघजिण्णोति वुच्चति॥** (ध.प.१९.५)

न ऊ स्थविर हुन्छ शीरमा केश फुल्दैमा।
परिपक्व आयु भए पनि उसलाई मूर्ख बूढा भनिन्छ॥

एकदिन आइरहनुभएको आयुष्मान् लकुण्टक भद्दियलाई देखाउनुहुँदै भिक्षुसंघलाई भन्नुभयो- 'देख्यौ ? यो कुरूप, जसले जुन समापत्ति प्राप्त गरेको छ त्यो सरलताले सुलभ छैन। उसले यसै जन्ममा ब्रह्मचर्यको अन्तिम फल प्राप्त गरिसक्यो। भिक्षुहरू हाँस, क्रोञ्च, मुजुर, हात्ती, मृगहरूको शारीरिक बनावटमा साम्य छैन। तैपनि सिंहसंग भयभीत



Downloaded from http://www.dhamma.digital

हुन्छ । मानिसहरूको शारीरिक बनावटमा साम्यता छ । तर केही अल्पायु भएर पनि प्रज्ञावान छ त कोही महान् । त्यसैले शारीरिक बनावटले कोही बालक हुँदैन ।'

एकदिन जेतवन विहारमा भिक्षुहरूलाई बाहिर हिंडिरहनुभएको आयुष्मान् लकुण्टक भद्दिय देखाउनुहुँदै भगवान् बुद्धले भन्नुभयो- 'उसले आमाबाबालाई मारेर दुःखरहित गमनशील भइरहेछ ।'

यो सुनेर अर्थ नबुझेर भिक्षुहरू आश्चर्यचकित भएर 'के साँच्चै हो ?' भनी सोधे ।

भगवान्ले भन्नुभयो-

**मातरं पितरं हन्त्वा राजानो द्वेच खत्तिये ।**
**रट्ठं सानुचरं हन्त्वा अनीघो याति ब्राह्मणो ॥** (ध.प. २१.५)

आमा (तृष्णा) बाबा (अहंकार) मारेर दुइ क्षेत्रिय राजा (शाश्वत र उच्छेददृष्टि)
अनुचर (विषयासक्ति)सहित लाई मारेर पापरहित भएर जान्छन् ब्राह्मण ॥

**मातरं पितरं हन्त्वा राजानो द्वेच खुतिये ।**
**वेय्यग्ध पञ्चमं हन्त्वा अनीघो याति ब्राह्मणो ॥** (ध.प.२१/६)

तृष्णा अहंकार मारेर शाश्वत र उच्छेद दृष्टिसहित ।
पाँच बाघ (नीवरण) लाई मारेर बाधारहित भई हिंड्छन् ब्राह्मण ॥

एकदिन उहाँले उदान भन्नुभयो- 'शौभाग्यशाली भद्दिय अम्बाटिकारामभन्दा पर बनप्रदेशमा तृष्णा क्षय गरेर ध्यानस्थ बसेको छ । कतिलाई वीणा, मृदंगको आवाजले आकर्षित गर्दछ । तर म बृक्षमूलमा बसेर बुद्ध शासनमा रमाएको छुं । यदि भगवान्ले वर दिनुहुन्छ भने 'सबैले कायगता स्मृतिको अभ्यास गर्न सकोस्' भनेर वर माग्ने थिएं । मलाई ती छन्दराग मुक्तहरूले के चिनु होस् जो मेरो रूपलाई अपमान गर्छन, तर मेरो वाणीको अनुकरण गर्छन् । जो भित्रको कुरा जान्दैन, ती सारा दिशाहरूमा ढाकिएका छन् । उनीहरू मात्र बाह्य परिणामलाई हेर्दछन् । उनीहरू शब्दप्रवाहमा बहन्छन् । जो भित्रको कुरालाई जान्दछन्, देख्छन् उनीहरू अनावरणदर्शी शब्दमा बहँदैनन् ।'

### ८. पिण्डोल भारद्वाज

उज्जेन राजाको पुरोहितको छोरा, वेदमा पारंगत, काममा मन नलागेर राजगृह आउँदा भिक्षुहरूले प्रणीत भोजन गरेका देखेर रस तृष्णाको लागि प्रव्रजित हुनुभयो । धेरै भिक्षा प्राप्त गर्न ठूलो पिण्डपात्र साथमा राख्नुहुन्थ्यो । उहाँसंग सुकेको लौकाको पात्र थियो । त्यसैले उहाँको नाम पिण्डोल रहन गयो । रसतृष्णाको दास हुनुभएकोले भगवान्ले रसतृष्णा वशमा राख्ने धर्मदेशना गर्नुभयो । उपदेशको कारणले ऋद्धिशक्तिसहित अरहन्त हुनुभयो ।



Downloaded from http://www.dhamma.digital

उहाँले एकदिन आयुष्मान् मौद्‌गल्यायनसंग भिक्षामा आउनुहुँदा ऋद्धिबल प्रयोग गर्नुभएर बाँसमा झुण्ड्याएको खीर राखिएको चन्दनकाठको पात्र लिएर खीर भोजन गर्नुभएको कारणले भगवान् बुद्धले ऋद्धि प्रदर्शनमा रोक लगाउनुभएको थियो ।

एक समय पुरानो मित्र भेटभयो । ऊ पनि लोभी थियो । त्यसैले उसको लोभ कम गर्न दानको कथा सुनाउँनुभयो । तर त्यस मित्रले 'आफ्नो लागि दानको कथा सुनाउँदैछ' भनी पाप चित्त उत्पत्ति गऱ्यो ।

यो बुझ्नुभएर भन्नुभयो - 'जीवन एक नियमले चल्दछ । मलाई आहार प्रिय छैन । तर शरीर आहारमा स्थित छ । त्यसैले भिक्षान्तर नियमित जान्छु । कुलहरूमा जुन पूजा वन्दना गरिन्छ त्यसलाई ज्ञानीहरूले पंक भन्दछन् । सत्कार स्वरूप सूक्ष्म वाणलाई पतीतहरूले निकाल्न गाह्रो पर्छ ।'

**९. पूर्ण मैत्रायणीपुत्र**

कपिलवस्तु द्रोण गाउँ निवासी आयुष्मान् कौण्डञ्ञकी बहिनी मैत्रायणीको छोरा पूर्ण थियो । आयुष्मान् कौण्डञ्ञ धर्मचक्र प्रवर्तन सूत्र श्रमण पश्चात् कपिलवस्तु आएर आफ्नो भाञ्जा पूर्णलाई प्रव्रजित गर्नुभएको थियो । पूर्णको प्रभावले अन्य ५०० जना आफन्त गाउँले प्रव्रजित भए । गृहत्याग गरेको थोरै समयमा आयुष्मान् पूर्ण मैत्रायणीपुत्रले सारा भिक्षुसहित अरहत्व प्राप्त गर्नुभयो ।

एकदिन सारा भिक्षुहरूले भगवान्‌को दर्शन गर्ने इच्छा गरे । तब सबैलाई लिनुभएर आयुष्मान् पूर्ण मैत्रायणीपुत्र राजगृह आउनुभयो । वेलुवन कलन्दक निवापमा भगवान्‌लाई भेट गर्नुभयो । त्यस बेला भगवान्‌ले भिक्षुहरूलाई सम्बोधन गर्दै सोध्नुभयो- 'भिक्षुहरू जन्मभूमिका भिक्षुहरूमध्ये कोचाहिं यस्तो भिक्षु छ जो आफू निर्लोभी, सन्तोषी, एकान्तवासी, अनाशक्त, शील सम्पन्न, समाधि सम्पन्न, ज्ञान दर्शन सम्पन्न भएर, अरुलाई निर्लोभी, सन्तोषी, एकान्तवासी, अनाशक्त, शील, समाधि, विशुद्धि, ज्ञान दर्शन सम्पन्नताको कथा वाचक, ब्रह्मचारिहरूको लागि उपदेशक, विज्ञापक, सन्दर्शक, समापदक, समुत्तेजक, सम्प्रहर्षक छ ?'

'भन्ते ! यी सारा गुण पूर्ण मैत्रायणीपुत्रमा छ ।'

आयुष्मान् सारिपुत्रले यो सुन्नुभएर उहाँलाई भेट्ने ठूलो चाहना गर्नुभयो । एकदिन अन्धवनमा उहाँहरूको भेटभयो । तब आयुष्मान् सारिपुत्रले प्रश्न गर्नुभयो । आयुष्मान् पूर्ण मैत्रायणीपुत्रले जवाफ दिनुभयो ।

अन्तमा 'आयुष्मान्‌को नाम के हो ?' भनी आयुष्मान् सारिपुत्रले सोध्नुहुँदा 'पूर्ण मैत्रायणीपुत्र' भनी सुन्नुभएर अति प्रशन्न हुनुभयो । 'मेरो नाम उपतिस्स हो सब्रह्मचारीहरू



Downloaded from http://www.dhamma.digital

सारिपुत्र भन्छन्' भनी आफ्नो परिचय दिनुभयो ।

योे सुन्नुभएर आयुष्मान् पूर्ण मैत्रायणीपुत्रले भन्नुभयो- 'अहो, यदि थाहा भएको भए यसरी कुरा गर्ने थिइनं ।'

उहाँले उदान भन्नुभयो- 'सत्पुरुषहरूको संगति पण्डित तथा अर्थदर्शी गर्दछन्। ती अप्रमत्त, विलक्षण, धैर्य, गम्भीर, दुरदर्शी, निपुण, सूक्ष्म, एवं महान् अर्थको प्राप्ति गर्दछन् ।'

**११. चुल्लपन्थ १२. महापन्थ**

महापन्थ र चुल्लपन्थ दुइ दाजुभाइ थिए। पहिला महापन्थ प्रव्रजित भयो। तीक्ष्ण बुद्धि भएकोले थोरै समयमा अरहत्व पद प्राप्त गर्नुभयो। दाजुको कारणले भाइ चुल्लपन्थ पनि प्रव्रजित भयो। तर अति मूर्ख भएको कारणले एउटा गाथा दिएकोलाई तीन महिना लगाएर पनि कण्ठस्थ गर्न सकेन ।

तब दाजु महापन्थले 'घर जानु' भन्नुभयो । निराश भएर एकै विहान घर जान तयारी गऱ्यो चुल्लपन्थले ।

तब भगवान् आउनभएर 'नजानू' भन्नुभयो ।

चुल्लपन्थ अति प्रसन्न भयो । भगवान्ले योगबलले एउटा सफा सेतो कपडा उत्पन्न गर्नुभएर दुबै हातले रोटी थपथपाएझैं थपथपाएर 'रजो हरण, रजो हरण' जप्न लगाउनुभयो ।

चुल्लपन्थले पनि बिहानैदेखि श्रद्धापूर्वक एक चित्त लगाएर 'रजो हरण, रजो हरण' भन्दै कपडालाई दुबै हातले कहिले दायाँ कहिले बायाँ थपथपाउन थाल्यो। भोजनको समय भयो भगवान् बुद्ध भिक्षुसंघसहित भोजनको लागि जीवक वैद्यकाहाँ जानुभयो। चुल्लपन्थको हातको मैलाले सेतो कपडा कालो भयो । त्यो देखेर विचार गऱ्यो- अहो हातको मैलाले सेतो कपडा त कालो भयो भने यो शरीर कति मैला होला ? यति सोचेर मनमा भएको राग द्वेष आदि मैला देख्न थाल्यो ।

त्यो समयमा भगवान्ले जीवक वैद्यको घरबाट योगबलले 'चुल्लपन्थ, वास्तवमा राग द्वेष मोह नै मैल हो, यसैलाई सफा गर्नुपर्छ' भनी भन्नुभयो । त्यस ज्ञानले प्रतिसम्भिदासहित चुल्लपन्थ अरहन्त हुनुभयो ।

भोजन गराउने समयमा 'कोही भिक्षु बाकी छ कि ?' भनेर जीवक वैद्यले सोध्दा भगवान्ले एक जना भिक्षु विहारमा छ भन्नुभयो। जीवक वैद्यले मानिस पठायो बोलाएर ल्याउन। मानिस पुग्दा विहारभरि भिक्षु भिक्षु मात्र देख्यो। त्यही समाचार ल्यायो। तब 'चुल्लपन्थ' भनी बोलाउनु भन्यो। त्यसै गरी बोलायो तर सबै भिक्षुहरूले 'म चुल्लपन्थ हुँ' भने। फेरि फर्किएर आयो ।



Downloaded from http://www.dhamma.digital

तब भगवान्‌ले 'जसले पहिला चुल्लपन्थ हुँ भन्छ उसैको हात समात्नु' भन्नुभएपछि त्यसैगर्दा बाकी ऋद्धिबल उत्पन्न निर्मित चुल्लपन्थहरू अलप भएर गए। भोजनको समय भएकोले आयुष्मान् चुल्लपन्थ तुरुन्त आकाशमार्गबाट उडेर भोजनशालामा उपस्थित हुनुभयो।

'तीन महिनामा एउटा गाथा कण्ठस्थ गर्न नसक्ने कसरी यस्तो ऋद्धिवान भयो ? भनेर भिक्षुहरूले कुरा उठाउँदा भगवान्‌ले भन्नुभयो।

**उट्ठानेनप्पमादेन सञ्ञमेन दमेन च।**

**दीपं कयिराथ मेधावी यं ओघो नाभिकीरति॥ (ध.प. २/५)**

उत्थानले अप्रमादले संयमले र दमनले।

द्वीप बनाऊ मेधावी जुन सक्दैन बगाउन बाढीले॥

तब अन्य भिक्षुहरूले महापन्थमाथि रिस पोखे- भिक्षु भएर क्रोध गर्छ। चुल्लपन्थप्रति अनावश्यक व्यवहार गर्छ। यही कुरा भगवान्‌लाई पनि सुनाउँ।

भगवान्‌ले भन्नुभयो- 'महापन्थ क्षीणास्रवी भइसक्यो। क्षीणास्रवीको मनमा क्रोध हुँदैन। यो चुल्लपन्थको भलाईको लागि मात्र भनेको थियो।' भगवान्‌ले फेरि भन्नुभयो।

**यस्स रागो च दोसो च मानो मक्खो च पातितो।**

**सास पोरिव आरग्गा तमहं ब्रूमि ब्राह्मणं॥ (ध.प.२६/२५)**

जसको राग, द्वेष, मान, ईर्ष्या पतन भइसक्यो।

सियो टुप्पाबाट सर्स्युंजस्तै उसलाई भन्दछु ब्राह्मण॥

Dhamma.Digital

### १३. सुभूति

सुमन श्रेष्ठीको नातेदार अनाथपिण्डकको कान्छो भाइ सुभूतिले जेतवन विहार दानको समयमा भगवान्‌को धर्मदेशना सुनेर प्रव्रजित भयो। प्रव्रज्यापछि जंगलमा एकान्तवास गरी आस्रवक्षय गर्नुभै अरहन्त हुनुभयो।

एकदिन राजगृहमा राजा बिम्बिसारले भिक्षामा आउनुभएको आयुष्मान् सुभूतिलाई 'विहारको प्रबन्ध गरीदिन्छु' भनी गयो। तर बिर्सेर व्यवस्था गर्न नसक्दा उहाँले खुल्ला स्थानमा विहार गर्नुभयो। त्यसकारणले वर्षा भएन। सारा जनता दुःखीत भए। यो समाचार राजा बिम्बिसारले पनि थाहा पायो। तब राजाले उहाँको लागि एक पर्णकुटीको व्यवस्था गरिदियो। तब केही कालो बादल छाएर वर्षा हुनथाल्यो। भारी वर्षा भयो। सारा प्रजा खुशी भए।

तब उहाँले भन्नुभयो 'मलाई कुनै कष्ट छैन, देव (वर्षा) खुब वर्ष। मेरो सानो पर्णकुटी राम्ररी छाइएको छ, सुखदायी छ, हावाले सुरक्षित छ। मेरो चित्त समाधिस्त छ,



Downloaded from http://www.dhamma.digital

शान्त छ, विमुक्त छ, उद्योगी छ। देव खुब वर्ष।'

**१४. खदिरवनीय रेवत**

आयुष्मान् सारिपुत्र भिक्षु हुनुभएपछि पनि आमा रूपसारी ब्राह्मणी ब्रह्मवादी नै थिइन्। 'मुण्डेहरूको धर्ममा गयो' भनेर रिसाउंथिन्। कान्छो भाइलाई पनि प्रव्रजित गराउंला भनेर ७ वर्षको उमेरमा कान्छा भाइ रेवतको विवाह गरिदिएको थियो। विवाहको दिन दूलहीको घरमा आशीर्वाद दिन आए। आशीर्वाद दिनेमध्येले 'दीर्घायु होस्' भने।

'दीर्घायु भनेको के हो ?' भनी सोध्यो रेवतले।

तब त्यस समय १२० वर्षको वृद्धा पनि त्यहीं थियो। मानिसहरूले ऊनै वृद्धालाई देखाइदियो। चाउरी परेको वृद्धा देखेर रेवतमा वैराग्य जाग्यो र कसरी दाजुकाहाँ पुग्ने योजना बनाउन थाल्यो। जन्ती फर्कियो। बाटोमा जंगलमा पिसाप गर्न जाने बहाना बनाएर उतैबाट भागेर खयर वनमा भएका भिक्षुहरूकाहाँ पुगेर प्रव्रजित भयो। सानै उमेरमा वैराग्य आएकोले छिटै अरहन्त पनि भयो। खयरको वन (खदिर) मा बस्नुभएकोले उहाँलाई खदिरवनीय रेवत भनिन थालियो।

भगवान् बुद्ध पनि सीवली आदिलाई लिएर खदिर वनमा आउनुभयो। ऋदिशक्तिद्वारा आयुष्मान् खदिरवनीय रेवतले शयनासनको व्यवस्था मिलाइदिनुभयो। कसैलाई कुनै समस्या भएन। केही समयपछि भगवान् भिक्षुसंघसहित फर्किनुभयो। तर बाटोमा पुग्दा जलपात्र र जुता खदिर वनमा नै छुटेछ। लिन पठाउनुभयो। लिन जाने भिक्षुलाई साह्रै अचम्म भयो। पहिले सुव्यवस्थित खदिरवन अहिले काँढैकाँढाले भरिएको थियो। 'सरल मार्ग कसरी दुर्गम भयो ?' भनेर सोच्न थाल्यो।

त्यही भिक्षु विशाखाकाहाँ भोजनमा जाँदा खदिरवन 'काँढै काँढाले भरिएको दुर्गम छ' भनी सुनायो। अर्को पहिला गएका भिक्षुहरूले 'रमणीय सुगम छ' भनी सुनाए। तब अचम्म मानेर एक दिन भगवान्लाई भेट गरेर 'कसैले 'सुगम रमणीय' त कसैले 'दुर्गम काँढै काँढाको भ्याङ' भन्छ। वास्तवमा के हो ?' भनी सोधिन्-

भगवान्ले भन्नुभयो-

**गामे वा यदि वा अरञ्ञे निन्ने वा यदि वा थले।**
**यत्थ अरहन्तो विहरन्ति तं भूमि रामणेय्यकं॥ (ध.प. ७/९)**

गाउँ होस् वा जंगल औल होस् वा लेक।
जहाँ अरहन्त विचरण गर्छ त्यही भूमि हुन्छ रमणीय॥

एक समय आफ्नो गाउँमा जानुभएर आफ्ना दिंदीहरू चाला, उपचाला र



Downloaded from http://www.dhamma.digital

शिशूपचालाका छोरालाई चल, उपचल, शिशूपचललाई प्रव्रजित गर्नुभयो । कालान्तरमा तीनै जना दिंदीहरू पनि प्रव्रजित भए ।

एक दिन आयुष्मान् खदिरवनीय रेवत श्रावस्ती जानुभयो । अतुल भिक्षु ५०० भिक्षुहरूलाई लिएर वन्दना गरी अनुरोध गऱ्यो- 'आयुष्मान् ! हामीलाई उपदेश दिनुहोस् ।'

'हुंदैन आवुसो ! म एकान्तप्रिय हुं । म उपदेश दिने गर्दिन ।'

**१५. कंखा रेवत**

श्रावस्ती श्रेष्ठीकुलको कुलपुत्र रेवत भगवान्को उपेदश सुनेर प्रव्रजित भएर केही समयमा अरहन्त हुनुभयो । उहाँ प्रायशः ससाना कुरामा 'के यो ठीक छ ?' भनी शंका गर्ने हुनाले शंका रेवत नाम रहन गयो । एकदिन उहाँले उदान भन्नुभयो- 'घोर तिमिराच्छन्न रात्रिमा प्रज्ज्वलित अग्नि शिखातुल्य तथागतको प्रज्ञा देखिन्थ्यो । उहाँले आलोक दिनुहुन्थ्यो । ज्ञानचक्षु दिनुहुन्थ्यो । नगिच रहेकाहरूका शंका समाधान गर्नुहुन्थ्यो ।'

**१६. सोण कोटिविंस**

चम्पावासी उशमश्रेष्ठीकी स्वास्नीको गर्भवास गर्दादेखि नै आफन्तहरूको भाग्य उदय भयो । उसको जन्म भएको दिन सारा नगरमा उत्सव मनाइएको थियो । सुवर्ण वर्णको भएकोले सोण (सुवर्ण) नाम राखियो । अति नै सुकुमार सुखभोगी थियो । जसले खाली खुट्टा भुइमा टेक्नुपरेको थिएन र पाइतालामा रौं उम्रेको थियो । ऊ सफल वीणावादक पनि थियो । मुखियाहरूसहित गृधकुटमा भगवान् बुद्धलाई भेट्न जाँदा भिक्षु सागतको ऋद्धि प्रातिहार्य देखेर प्रशन्न भएर प्रव्रजित भएको थियो ।

प्रव्रजित भएर ध्यानाभ्यासमा अत्यधिक वीर्य प्रयोग गर्दथ्यो । पाइतालाबाट रगत बहन थाल्यो । शरीर क्लान्त भयो । तब भगवान्ले सोणलाई सम्झाउनुभयो- 'जसरी वीणाको तारलाई खुकुलो गर्दा पनि आवाज आउँदैन, तन्काए पनि आवाज आउँदैन, त्यसरी नै अत्यधिक उद्योगले उद्दच्च उत्पन्न गर्छ । कम उद्योगले आलश्य उत्पन्न गर्छ । त्यसैले इन्द्रिय समता गरेर अभ्यास गर ।

**१८. सीवली**

कोलियकन्या सुप्रवासाको छोरा सीवली ६ वर्षसम्म गर्भवास बसेर प्रसवेदना कालमा आमालाई अति दुःख दिंदै जन्मेको र जन्मेर केही दिनमा नै सारिपुत्र स्थविरसंग कुराकानी गरेर 'गर्भवास दुःख छ' भनी भनेको थियो । त्यसैले समय हुनासाथ सातै वर्षमा प्रव्रजित भएको थियो ।

प्रव्रज्याको समयमा केश, रौं, नङ, दाँत छाला भनी त्वच पञ्चक पाठ गर्दै केश



Downloaded from http://www.dhamma.digital

मुण्डन गर्दा पहिलो मुण्डनमा स्रोतापन्न, दोश्रो मुण्डनमा सकृदागामी भयो । प्रत्येक मुण्डनमा मथिल्लो माथिल्लो ध्यान प्राप्त गऱ्यो । तब एकान्तमा बसेर 'कसरी ६ वर्षसम्म गर्भवास बस्नुपऱ्यो, दुःखदायी प्रसववेदनासहित जन्म हुनपऱ्यो ?' त्यस विषयमा कार्य कारण चिन्तन गर्दागर्दै ज्ञान उत्पत्ति भएर कारण बुझेर वैराग्य उत्पत्ति भएर अरहन्त भयो ।

यसै विषय लिएर भिक्षुहरूमा छलफल भयो । त्यसरी दुःखपूर्ण गर्भवासमा बसेर पनि दुःखपूर्ण ढंगले जन्म भएर पनि कति छिटो ज्ञान लाभ गरी अरहन्त हुन पुग्यो ? तब भगवान्ले भन्नुभयो-

**यो इमं पलिपथं दुग्गं संसारं मोहमच्चगा,**
**तिण्णो पारगतो झायी अनेजो अकथं कथी ।**
**अनुपादाय निब्बुतो तमहं ब्रूमि ब्राह्मणं ॥ (ध.प. २६/३२)**

जो यस बाधामार्ग दुर्ग संसारको मोह मृत्युबाट,
उत्तीर्ण पारगामी ध्यानी संयसित त्यागी ।
उपादानरहित अनुपादा निर्वाण प्राप्त उसैलाई भन्दछु ब्राह्मण ।

आयुष्मान् सीवलीले उदान भन्नुभयो- 'जुन संकल्पले मैले कुटीमा प्रवेश गरेको थिएं त्यो पुरा भयो । मैले विद्या तथा विमुक्ति पाएँ । मैले पूर्णतया अभिमानलाई त्यागिसकें ।'

एक समय भगवान् बुद्ध भिक्षुसंघसहित खदिरवनीय रेवतकाहाँ जंगलमा जानुभयो । बाटो दुर्गम थियो । भोजन प्राप्त गर्न गाह्रो थियो । भगवान्ले आयुष्मान् सीवलीलाई अगाडि राखेर हिंड्नुभयो । आयुष्मान् सीवलीको प्रभावले देवताहरूले सात दिनसम्म खीर भोजन दान गरेका थिए ।

Dhamma.Digital

### १९. वक्कलि

श्रावस्तीवासी ब्राह्मणकुलमा जन्म भएको तीनै वेदमा पारंगत, वक्कली भगवान्को ३२ लक्षणयुक्त श्रीशोभा देखेर प्रसन्न भएर प्रव्रजित भएको थियो । भगवान्ले थाहा पाउनु भएपनि सुरुसुरुमा केही पनि भन्नुभएन । जब उसको प्रव्रज्यामा मन दृढ भयो तब एकदिन भगवान्ले भन्नुभयो- 'वक्कलि ! यस अपवित्र शरीरमा के राखेको छ र ?'

**यो धम्मं पस्सति सो मं पस्सति ।**
**यो मं पस्सति सो धम्मं पस्सति ॥**

जसले धम्मलाई देख्दछ उसले मलाई देख्दछ ।
जसले मलाई देख्दछ उसले धम्मलाई देख्दछ ॥

यसपछि भगवान्को अनुहार हेर्ने बानी त छुट्यो तर भगवान्प्रतिको आशक्तिले गर्दा भगवानलाई छाडेर जान सकेन । एकदिन भगवान्ले 'यहाँबाट जाऊ' भन्नुभयो ।



Downloaded from http://www.dhamma.digital

उदास वक्कलि 'भगवान्ले नै मलाई अलग्याएपछि बाँचेर के गर्नु ?' भनेर गृधकुट पर्वतमा चढेर हामफालेर आत्महत्या गर्न तयार भयो । त्यति बेला भगवान्ले आत्महत्या नगर्नु भनी योगबलले सम्झाउँदै भन्नुभयो ।

**पामोज्ज बहुलो भिक्खु पसन्नो बुद्धसासने ।**

**अधिगच्छे पदं सन्तं संखारूपसमं सुखन्ति ॥** (ध.प. २५/२२)

प्रामोद्य बहुल भिक्षु प्रशन्न बुद्धशासनमा ।

प्राप्त गरी शान्ति पद र संस्कार उपशम गरेको सुख ॥

हे वक्कलि आऊ ! डराउनु पर्दैन । म तिमीलाई हिलोमा फसेको हात्तीलाई, राहु ग्रसित चन्द्र सूर्यलाई उदार गरेझैं उद्धार गर्नेछु ।'

तब प्रसन्न भएर वक्कली फर्कियो । त्यसपछि योग साधनामा लागेर ज्ञान लाभ गऱ्यो तब एकान्तवासी भएर ध्यान अभ्यास गर्न थाल्यो ।

एकदिन विमारी भएको बेला भगवान् आउनुभएर 'यस्तो जंगलमा कसरी बस्छौ ? भिक्षा पनि राम्ररी प्राप्त हुँदैन' भन्नुभयो ।

'म विपुल सुखले व्याप्त छुं । बोधिपक्षियको अभ्यास गर्छु । म नित्य तपाईंको स्मरण गर्दछु ।'

एकदिन भगवान्को आनुपूर्वि कथा सुनेर वक्कलि अरहन्त हुनुभयो ।

एकदिन विमारी अवस्थामा भगवान्को दर्शन गर्ने इच्छाले आफ्ना सहयोगीलाई पठाएर 'बोलाएर ल्याउन' भन्यो । उसले भगवान्लाई बोलाएर ल्यायो । भगवान् आउनुभएर अनित्य ज्ञान दिएर फर्किनुभयो ।

तब ऋषिगिरी पर्वतमा गएर मर्ने विचारले 'आफूलाई खाटमा बोकाएर लानू' भन्यो । सबैले त्यसै गरे । ऋषिगिरी पर्वतमा आयुष्मान् वक्कलीको परिनिर्वाण भयो । त्यस समय आकाशमा कालो धूवाँजस्तै यताउती उडेको देखिन्थ्यो । भगवान्ले भिक्षुहरूलाई भन्नुभयो- 'हेऱ्यौ भिक्षुहरू ! मारले वक्कलिको विज्ञानलाई खोजिरहेछ ?'

## २२. कुण्डधान

श्रावस्तीको कुलीन ब्राह्मण, तीन वेदमा पारंगत, वृद्धावस्थामा भगवान्को उपदेश सुनेर प्रव्रजित हुनुभएको थियो । तर प्रव्रजित भैसके पछि आयुष्मान् कृण्डधानसंग एउटी सुन्दर युवती पछिपछि हिंड्थिन् । यो दृश्य सबैले देखेको थियो । सबैले उहाँलाई गिज्याउन थाले 'भिक्षु भएर पनि स्वास्नी मानिस पछि लाएर हिंड्नुपर्ने' भनेर ।

तर उहाँले 'मैले त्यसरी हिंडेको छैन' भनी विरोध गर्नुहुन्थ्यो ।

यो कुरा राजदरबारमा पनि पुग्यो । परीक्षाको लागि एक दिन राजा प्रसेनजित पछि



Downloaded from http://www.dhamma.digital

लाग्यो । भिक्षामा आउनुभएको आयुष्मान् कुण्डधानको पछाडी एउटी युवती छ । उहाँको पछि पछि हिंड्दै विहारमा पनि पुगिन् । कोठाभित्र पनि पसिन् । राजा प्रसेनजितले कोठाभित्र पसेर हेर्दा युवती कही पनि छैन । यस्तो अचम्म देखेर भगवान् बुद्धलाई सारा कुरा सुनाउनु गयो ।

यस विषय भगवान्ले भन्नुभयो- 'पूर्व एक जन्ममा एक देवता हुंदा ख्याल ठट्टा गर्न एक अरहन्त भिक्षु पिसाप गर्न जंगलमा पस्दा सबैले देख्ने गरी त्यस देवताले युवतीको रूप बनाएर त्यस भिक्षु प्रवेश गरेको जंगलबाट यौन सम्बन्ध राखेकी युवतीजस्तै- लुगा, केश मिलाउँदै बाहिर आइन् । देख्नेहरूले त्यस भिक्षुले 'त्यस युवतीसंग शारीरिक सम्बन्ध राख्यो' भनेर आरोप लगाए । देवतालेपछि यथार्थ बताएर त्यस भिक्षु निर्दोष साबित भयो । यसै अकुशल कर्मले अहिले एक युवती उसको पछिपछि हिंडेको देखिन्छ । ती युवती वास्तविक होइन ।'

भगवान् बुद्धले कुण्डधानलाई जसले जतिसुकै आरोप लगाए पनि चुपलागी सहनू' भन्नुभयो ।

**मावोच फरुसं कञ्चि वुत्ता पटिवदेय्यु तं ।**
**दुक्खाहि सारम्भ कथा पटिदण्डा फुसेय्यु तं ॥(ध.प. १०/५)**

कठोर कहिले नबोल बोलेमा प्रतिवचन सुन्नपर्छ ।
दुःख कलह आउंछ प्रतिदण्ड पाउने छौ ॥

**सचे नेरेसि अत्तानं कंसो उपहतो यथा ।**
**एस पत्तोसि निब्बानं सारम्भो ते न विज्जति ॥ (ध.प. १०/६)**

यदि आफूलाई निशब्द बनायौ फुटेको काँसजस्तै ।
यसरी निर्वाण प्राप्त हुन्छ हुँदैन झगडा केही पनि ॥

आयुष्मान् कुण्डधानले चुपलागी सहँदै केही समयमा अरहन्त हुनुभयो ।

## २३. वंगीस

ब्राह्मण कुलपुत्र तीनै वेदमा पारंगत विद्वान थियो । मरिसकेको मानिसको खोपडी हेरेर 'कहाँ जन्म भयो ?' भनेर भन्न सक्दथ्यो । एक दिन भगवान्लाई भेट्दा भगवान्ले एक अरहन्तको खोपडी दिनुभएर उसको पूनर्जन्म बताउन भन्नुभयो । वंगीसले जतिसुकै कोशिस गरेर पनि भन्न सकेन । अन्तमा हार खाएर भगवान्को शरण परेर अरहन्तको पनि पूनर्जन्म भविष्यवाणी गर्ने विद्या सिक्ने उद्देश्यले प्रव्रजित भयो ।

आयुष्मान् वंगिस कवि पनि थियो । भगवान्संग भेटहुंदा प्रशंसा कविताद्वारा नै गर्नुहुन्थ्यो । एकदिन कामराग उत्पन्न हुंदा आयुष्मान् आनन्दलाई भन्नुभयो-



Downloaded from http://www.dhamma.digital

**काम रागेन डय्हामि चित्तं मे परिडय्हति ।**
**साधु निब्बानं ब्रूहि अनुकम्पाय गोतमाति ॥**

म कामरागले छटपटिरहेछु, चित्त मेरो डाह भैरहेछ ।
कृपया निभाउने बताउनुहोस्, अनुकम्पा राखेर गोतम (गोत्री) ॥

आयुष्मान् आनन्दले पनि कामचित्त उत्पत्ति हुने आलम्बन ग्रहण नगर्न र अशुभ भावना गर्न सल्लाह दिनुभएको थियो ।

त्यसरी नै एक दिन आफ्ना उपाध्याय निग्रोध कल्प बस्ने विहार हेर्न सुन्दर स्त्रीहरू आए । उनीहरूलाई देखेर हालै प्रव्रजित वंगीसको मनमा काम वितर्क उत्पन्न भयो । तर पछि होश आयो र आफूलाई सम्हाल्यो । फेरि एकदिन अहंकार आयो र अन्य भिक्षुहरूलाई निन्दा गर्न थाल्यो । त्यसमा पनि पछि होश आयो र आफूलाई सम्हाल्यो ।

एकदिन उपाध्यायको मृत्यु भएपछि उपाध्यायको परिनिर्वाण भएको हो कि होइन् ? भनी शंका भयो । त्यो शंका मेटाउन भगवान्संग कवितामा सोध्यो । भगवान्ले अन्तमा- 'उसले नामरूप बहने दीर्घकालीन तृष्णानदीलाई पार गरिसक्यो' भन्नुभएपछि प्रसन्न भएको थियो ।

प्रव्रजित भएपछि उसका साथीहरू 'मन्त्र सिक्यौ ?' भनी सोध्न आउंथे ।

'सकेको छैन' भनी वंगीसले जवाफ दिन्थ्यो । एकदिन ध्यानाभ्यास गर्दै आस्रवक्षय गरी अरहन्त हुनुभयो । साथीहरू आएर त्यसरी नै सोधे । आयुष्मान् वंगीसले भन्नुभयो- 'मैले मृत्यु र जीवनको रहस्यलाई जानें अब म यहाँबाट जान्न । मलाई एक्लो छोडिदेओ ।'

यो सुनेर अन्य भिक्षुहरूले वंगीसले भूठो बोल्यो भनेर भगवान्लाई सुनाउँन गए । तब भगवान्ले भन्नुभयो-

**चुतिं यो वेदि सत्तानं उपपत्तिञ्च सब्बसो ।**
**असत्तं सुगतं बुद्धं तमहं ब्रूमि ब्राह्मणं ॥ (ध.प. २६/३७)**

च्यूति जुन जान्दछ सत्वहरूको उपपत्ति पनि सबै ।
अनाशक्त सुगत बुद्ध भएको उसैलाई भन्दछु ब्राह्मण ॥

**यस्स गतिं न जानन्ति देवा गन्धब्बमानुसा ।**
**खीणासवं अरहन्तं तमहं ब्रूमि ब्राह्मणं ॥ (ध.प.२६/३८)**

जसको गति जान्दैन् देवता गन्धर्व मानिसहरू ।
क्षीणास्रव अरहन्त भएको उसैलाई भन्दछु ब्राह्मण ॥

एक दिन उहाँले उदान भन्नुभयो- 'मैले गृहत्याग गरेर प्रव्रजित भएं । तथापि पाप वितर्क उत्पन्न हुन्थ्यो । चाहे संग्रामको शिक्षित, निपुण, दृढ स्वभाव भएको अपलायनशील योद्धाहरूको सहस्र वाणमयी वर्षा तुल्य अगणित स्त्रीहरू आवस्, तथापि मलाई धर्ममा



Downloaded from http://www.dhamma.digital

प्रतिष्ठित मेरो मार्गको बाधक बन्न सक्दैनन्। मैले भगवान्को उपदेश सुनेको छुँ। मेरो मन त्यसैमा रत छ। मार ! तिमी मेरो नगिच आउने कोशिस नगर। ए मृत्यु। म त्यस मार्गमा गमन गर्नेछु जसको तिमीलाई ज्ञान पनि छैन।'

२४. **उपसेन**

आयुष्मान् सारिपुत्रको भाइ भगवान्को उपदेश सुनेर प्रव्रजित भयो। एकवर्षपछि विचार गर्‍यो। यस्तो उत्तम धर्ममा मानिसलाई प्रव्रजित गर्नुपर्छ। त्यसरी नै मानिसलाई प्रव्रजित गर्नथाल्यो। आफ्नो शिल्पलाई भगवान्लाई भेट गराउन ल्याउँदा भगवान्ले मन पराउनुभएन। तब उपसेन ध्यान अभ्यासमा लागेर आस्रव क्षय गरेर अरहन्त हुनुभयो। त्यसपछि शिल्पहरू बनाउनुभयो। भगवान् बुद्धकाहाँ शिल्पहरूलाई भेट गराउन ल्याउनुहुँदा भगवान् प्रसन्न हुनुभयो।

एकदिन सर्प आकारको पर्वत सप्प सोण्डिक पब्भारमा गएर ध्यान गर्नुभयो। चीवर फुकालेर ध्यान गरिरहेको अवस्थामा दुइ खेलिरहेका दुइ सर्पमध्ये एउटा उहाँको जीउमा खस्न आयो र डस्यो। अत्यधिक विषधारी सर्प भएकोले वीष फैलिन थाल्यो। अन्य भिक्षुहरूलाई उहाँलाई खाटमा राखेर खुला आकाशमा राख्नु भन्नुभयो। पछि आयुष्मान् सारिपुत्र आउनुभयो र भन्नुभयो- 'उपसेनको शरीरमा विकलता छैन। इन्द्रियहरूमा विपरिणत देखिंदैन।'

आयुष्मान् सारिपुत्र ! शरीर उसैको विकल हुन्छ। इन्द्रियहरू उसैको विपरिणत हुन्छ, जो सम्भिन्छ म चक्षु हुँ। यो मेरो चक्षु हो। म मन हुं, मन मेरो हो। सारिपुत्र ! मेरो मन कसरी विकल हुन्छ ? मेरो इन्द्रिय कसरी विपरिणत हुन्छ ? म शरीर होइन, म इन्द्रिय होइन्।' आयुष्मान् उपसेनले भन्नुभयो।

विस्तार विष फैलिंदै गयो। आयुष्मान् सारिपुत्रले आफ्नो भाइको अन्तिम विदाई हेर्दै हुनुहुन्थ्यो। अन्तमा विषको प्रभावले शरीर एक मुट्ठी भुसजस्तै छरिएर गयो।

२५. **दर्भ मल्लपुत्र**

अनुपियाको मल्ल कुलपुत्रमा जन्मेपछि आमाको मृत्युभएर अजीले पालिएको दर्भमल्लपुत्र सानो उमेरमा श्रामणेर भएको थियो। ध्यान अध्यास गर्दै सात वर्षको उमेरमा नै अरहन्त प्राप्त गर्नुभयो। आयुष्मान् दर्भमल्लपुत्रको अनुरोधमा भगवान्ले उहाँलाई शयन आसन प्रबन्धक तथा भोजनको नियामक बनाउनुभयो। यसरी प्रबन्धक कामगर्दा स्थविरहरूलाई राम्रो व्यवस्था र ६ वर्गीय (फटाह) भिक्षुहरूमध्येको भुम्मिज र मेत्तियलाई कमसल व्यवस्था हुन्थ्यो। उनीहरूलाई कसैले मन पराउँदैनथियो।

एकदिन भोजन जाने ती दुबैको पालो पर्‍यो। दाता उपासक कल्याण भक्तिकले



Downloaded from http://www.dhamma.digital

भुम्मिज र मेत्तिय भिक्षुहरू आउँदैछन भनी थाहा पाएर कमसल खाना, छिंडीमा राखेर दासीद्वारा खाना खुवायो ।

'यो दर्भमल्लपुत्रको करतुत हो' भनी विचार गरेर दुश्मनी साध्नुको लागि एक मेन्तिया भिक्षुणीलाई फकाएर 'मलाई दुषित गऱ्यो' भनेर आरोप लगाउन लगाए ।

भगवान् बुद्धले भिक्षुसंघ बोलाएर दर्भमल्लपुत्रलाई 'हो या होइन ?' भनेर सोध्नुभयो ।

दर्भमल्लपुत्रले 'जन्मेदेखि मैले सपनामा पनि मैथुन सेवन गरिनं भने जागृत अवस्थाको कुरै छैन ।' भन्नुभयो ।

तब झुठा आरोप लगाएकोले भिक्षुणी मेन्तियालाई निष्काशन गरियो । पछि भुम्मिज र मेत्तिय भिक्षुहरूले आफ्नो गल्ती स्वीकार गऱ्यो ।

**२६. पिलिन्द वच्छ**

वच्छ गोत्रको ब्राह्मणकुलको पिलिन्द वच्छले चुल्लगन्धार विज्जा प्राप्त गरेको थियो । यसैको कारणले प्रख्यात भएको पिलिन्द वच्छ भगवान्ले बुद्धत्व प्राप्तिपछि त्यो विद्या नाश भएको थियो ।

भगवान्संग महा गन्धार विद्या छ भनी थाहा पाएर त्यो विद्या प्राप्त गर्न प्रव्रजित भएको थियो । उहाँको 'हे वसल' (शूद्र नीच) भन्ने वानी थियो । जसलाई भेटे पनि 'हे वसल' भन्दा भिक्षुहरू रिसाउंथे र भगवान्काहाँ गएर दुःखेसो पोख्थे ।

यसमा भगवान्ले भन्नुभयो- 'पूर्वजन्ममा सय जन्मसम्म ब्राह्मण कुलमा जन्म भएकोले अरुलाई 'हे शूद्र' (हे वसल) भन्ने गरेकोले यो संस्कार बसेको हो । तर क्षीणास्रवीमा अरूप्रति द्वेष भाव नभएकोले कडा वचन बोल्ने आदि हुँदैन । पुरानो संस्कारले मात्र त्यसो भन्ने गर्दछ ।' यति भन्नुभएर भन्नुभयो-

**अकक्कसं विञ्ञापनिं गिरं सच्चं उदीरये ।**
**याय नाभिसजे कञ्चि तमहं ब्रूमि ब्राह्मणन्ति ॥ (ध.प.२६/२६)**

अकर्कश विज्ञापित गरेर सत्य उघृत गर्दछ ।
जो रिसाउँदैन कहिल्यै उसैलाई भन्दछु ब्राह्मण ॥

एक दिन राजगृहमा प्रवेश गर्नुहुन्थ्यो । एक भाँडोमा पीपरा लिएर आएको व्यक्तिलाई सोध्नुभयो- 'हे वसल ! पात्रमा के छ ?'

भिक्षुले माग्ला भन्ने शंकाले र 'हे वसल' भनेको रिसले 'मुसाको लेंड' भन्यो ।

'साँच्चै ?'

'हो, यस्तै हो आयुष्मान्'

'त्यसो भए त्यस्तै होस्' भनी हाँस्नुभयो ।



Downloaded from http://www.dhamma.digital

त्यस उपासकले भाडोभित्र हेर्छ त साँच्चै नै मुसाको लेंड मात्र छ । उहाँको ऋद्धिबल चमत्कार देखेर डराएर हतार हतार माफी माग्यो ।

'जाऊ ! फेरि यस्तो नगर्नू'

तब भाँडोको सामान जस्ताको त्यस्तै भयो ।

उहाँको एक कुटुम्ब थियो । उसले उहाँको सही सत्कार गरेन । फलस्वरूप घरमा डांका लाग्यो । डांकाहरूले उसकी दुइ छोरीहरूलाई उठाएर लग्यो । यो थाहा पाउनुभएर उहाँले दिव्यशक्तिले केटीहरूलाई छुटाएर ल्याउनुभयो ।

एकदिन भिक्षाटनमा जानुहुँदा एक दरिद्र कुलकी एक सानी केटी गहना नपाएर रुइरहेकी थिइन् । आमाबाबा गरीव भएकोले किन्नसक्दैनथे । उहाँले एउटा घाँसलाई टाउका बाँध्नु लगाएर त्यसलाई दिव्यशक्तिले अमूल्य गहना बनाइदिनुभयो । बच्ची खुशी भइन् । गाउँबासीहरूले 'यस्तो अमूल्य गहना अवश्य चोरीबाट पाएको होला' भनेर राजालाई खबर गरिदिए । राजाले पक्रेर लगे, त्यस परिवारलाई ।

यो थाहा पाउनुभएर उहाँ दरबारमा जानुभयो । राजा बिम्बिसारले सम्मानपूर्वक आसनमा बसाउनुभयो । ती परिवारलाई 'चोरीको शंकामा पक्रेर ल्याएको' भनी राजाले भन्यो । तब उहाँले चारैतिर हेर्नुभयो । सारा दरबार अमूल्य सुनको भयो ।

'यी सुनहरू कहाँबाट आए ?' भनेर सोध्नुभयो ।

तब राजा बिम्बिसारले कुरा बुझेर त्यस दरिद्र परिवारलाई छोडिदियो ।

यस घटनाले आयुष्मान् पिलिन्द वच्छको ख्याति बढ्यो । साराले दान दिन आए । विहारभित्र बाहिर दान सामान जम्मा हुन थाल्यो । यो थाहा पाउनुभएर भगवान्ले गाली गर्नुहुँदै भन्नुभयो- 'विमारीलाई पनि योग्य औषधी एक सप्ताहभन्दा बढी राख्नु हुँदैन । अतिक्रमण गरेमा दुक्कटको दोष लाग्ने छ ।'

एक दिन उहाँले उदान भन्नुभयो- 'विभिन्न धर्ममा जो श्रेष्ठ धर्म थियो, त्यसलाई मैले प्राप्त गरें । मेरो लाभ भयो, अनिष्ठ भएन । मैले जुन उपदेश, निर्देश प्राप्त गरें, त्यो मेरो लागि कल्याणकारी शिद्ध भयो ।'

**२७. बाहिय दारुचीरिय**

बाहिय कुलको एक व्यापारी समुद्रपार व्यापार गर्ने क्रममा एकपल्ट जहाज नष्ट भएर ऊ मात्र बाँचेर सुप्पारक वन्दरगाह (मुम्बइनगिच) किनारमा छालले फ्यालिदियो । शरीरमा केही पनि नहुंदा रुखको बोक्राले लज्जांग ढाक्यो । त्यसैले उसको नाम बाहिय दारुचीरिय हुन गयो । समुद्र किनारमा फेला परेको खोपडी लिएर भिक्षा माग्न गयो । शरीरमा केही नभएको र खोपडी लिएर भिक्षा माग्न आएको देखेर प्रसन्न भएर मानिसहरूले



Downloaded from http://www.dhamma.digital

भोजन दान गरे । भोजन प्राप्ति र मानिसहरूको श्रद्धाले गर्दा ढोंगी भएर त्यागी सन्यासीजस्तै जीवन बिताइरह्यो ।

एक दिन पूर्वजन्मको मित्र हाल ब्रह्माले आएर 'अरहन्त भएको र अरहन्तको शिक्षा दिन सक्ने भगवान् बुद्ध श्रावस्तीमा हुनुहुन्छ' भनेर सुनाउँदा ज्ञान प्राप्तिको लागि एक ठाउँमा एक रातमात्र वास बस्दै श्रावस्ती पुग्यो ।

त्यस समय भगवान् भिक्षाटनमा जानुभएको थियो । बाटोमा भेट भएर 'मलाई ज्ञान देऊ' भन्यो ।

भगवान्ले 'अहिले भिक्षाटनमा आएको छु यो समय धर्मदेशना गर्ने समय होइन' भन्नुभयो ।

'म धेरै टाढाबाट आएको छुं, जीवनको भरोसा छैन, म धेरै वेर पर्खन सक्दिन' भनेर फेरि जिद गऱ्यो ।

तब बाहिय दारुचीरियको लगनशीलता देख्नुभएर 'देखेकोलाई देखेको मात्र गर्नु, सुनेकोलाई सुनेको मात्र गर्नु, स्पर्श भएकोलाई स्पर्श गरेको मात्र गर्नु त्यहाँ कुनै आसक्त नहुनु' भनी छोटो धर्मदेशना गर्नुभयो ।

यति सुन्दैमा बाहिय दारुचीरिय अरहन्त भयो । प्रव्रज्या उपसम्पदाको माग गर्दा 'पात्र चीवर लिएर आऊ' भनी पठाउनु भयो । पात्र चीवर लिन जाँदा गाइले हानेर त्यहीं मृत्यु भयो । तब भगवान्ले भिक्षुहरूलाई भिक्षुसरह सम्मानपूर्वक शरीरक्रिया गर्न भन्नुभयो । पछि भिक्षुहरू बीच छलफल भयो कसरी एउटा सानो उपदेश सुन्दैमा आस्रवक्षय हुन्छ ? भनेर । यसै सन्दर्भमा भगवान्ले भन्नुभयो-

**सहस्समपि चे गाथा अनत्थपदसंहिता ।**
**एकं गाथापदं सेय्यो यं सुत्वा उपसम्मति ॥** (ध.प.८/२)

हजारौ गाथा सुन्नुभन्दा जुन अनर्थपदसयुक्त ।
एउटै गाथा वेश हुन्छ जुन सुन्नाले शान्ति मिल्छ ॥

**२८. कुमार काश्यप**

राजगृहको एक श्रेष्ठी कन्या प्रव्रजित हुन चाहँदा आमा बाबाले अनुमति दिएन र विवाह गरिदिए । विवाहपछि ख्याल ख्यालमा लोग्नेसंग प्रव्रज्याको प्रसंग ल्यायो र लोग्नेको अनुमति लिएर प्रव्रजित भयो । तब उनी गएर देवदत्तको समूहमा परिन् । उनी गर्भवती रहिछन् । तब गर्भवती भनेर देवदत्तले निकालिदियो । तब ऊ भगवान् बुद्धकाहाँ आइन् । भगवान् बुद्धले प्रव्रज्यापूर्व कि पछि गर्भवती भएको हो ? त्यसको परीक्षा विशाखा उपासिकाहरूबाट गर्न लगाउनुभयो । प्रव्रज्यापूर्व गर्भवती भएको प्रमाणित भएपछि भिक्षुणीहरूसंग बस्न अनुमति दिनुभयो । त्यस भिक्षुणीले एकदिन बच्चा जन्माइन् ।



Downloaded from http://www.dhamma.digital

विहारमा बच्चाको आवाज सुनेर र कुरा बुझेपछि 'विहारमा बच्चा रहनु भिक्षुणी र बच्चा दुबैलाई कुशल हुँदैन' भनेर राजा प्रसेनजितले दरवारमा लगेर पाल्यो। दरबारमा पलिएकोले त्यस बच्चालाई राजकुमारको सट्टा कुमार भनियो र पछि कुमार काश्यप नामाकरण गरियो।

कुमार काश्यप प्रव्रजित भएर १९ वर्षमा उपसम्पदा गरियो। यस सम्बन्धमा शंका गरे भिक्षुहरूले। तब भगवान्ले गर्भवासको समयदेखि आयु गन्ती गर्ने गरी उपसम्पदा गर्ने नियम बनाउनुभयो।

छोरा भिक्षु भएको सुनेर प्रशन्न भएकी आमाले बाह्र वर्ष विछोडपछि, एकदिन कुमार काश्यप भिक्षाटनमा आउँदा देखिन् र 'छोरा' भनी चीवर समाउन गइन्।

आमाको आशक्ति तोड्न 'भिक्षुणी भएर पनि स्नेह बन्धन तोड्न सक्दिनौ ?' भनेर झट्कारेर हात छुटाएर जानुभयो।

छोराले 'त्यसरी वेवास्ता गरेर गयो' भनेर वैराग्य उत्पन्न गरिन् र अरहन्त भइन्।

त्यसै सन्दर्भमा भगवान्ले 'कुमार काश्यपकी आमाले आफ्नो आश्रय आफै लिइन्' भन्नुहुँदै भन्नुभयो-

**अत्ताहि अत्तनो नाथो कोही नाथो परोसिया ?**
**अत्तनाव सुदन्तेन नाथं लभति दुल्लभं ॥ (ध.प. १२/४)**

आफू नै आफ्नो मालिक को अरु मालिक हुन्छ ?
आफूलाई दमन गरे दुर्लभ स्वामित्व प्राप्त हुन्छ ॥

एकदिन आयुष्मान् कुमार काश्यप अन्धवनमा ध्यान गरिरहँदा पूर्वजन्मको मित्र यस जन्ममा ब्रह्मा आएर संवेग उत्पन्न गराउन 'राती धूवाँ आउने, दिउँसो आगो बल्ने, बल्मिक के हो ? बल्मिक सूत्रअनुसार प्रश्नहरू गर्‍यो। 'यसको सही जवाफ भगवान्संग सोध' भनि सल्लाह दिएर गयो।

तब ध्यानबाट उठ्नुभएर जेतवन विहारमा भगवान्लाई भेटेर सारा वृतान्त बताएपछि बल्मिक सूत्रबारे प्रश्न गर्नुभयो।

भगवान्ले पनि 'वल्मिक भनेको पञ्चस्कन्ध, रातीका धूवाँ भनेको राती गर्ने वितर्क, दिउँसोको आगो भनेको दिउँसो गर्ने कर्म हो' भनी सम्झाउनुभयो। यसै धर्मदेशनालाई मनन गर्दै ध्यानाभ्यास गर्नुहुँदा अरहन्त हुनुभयो।

एकदिन उहाँले उदान भन्नुभयो- 'यो धर्म धन्य छ। भगवान् धन्य हुनुहुन्छ। उहाँको अमित गुण धन्य छन्। त्यसद्वारा श्रावकहरू धर्मको साक्षात्कार गर्दछन्। असंख्य कल्पदेखि पञ्चस्कन्धको चक्करमा परेको थिएं। यो भगवान्को अन्तिम जन्म हो। यसको अन्तिम प्रादुर्भाव हो। यस जन्म मृत्युसंयुक्त जगतमा उसको पुनर्जन्म हुने छैन।'



Downloaded from http://www.dhamma.digital

२९. **महाकोट्ठित**

बाबा अस्सालयन र आमा चन्दावतीको छोरा महाकोट्ठित ब्राह्मणकुलमा जन्म, तीनै वेदमा पारंगत, भगवान्‌को उपदेश सुनेर प्रव्रजित भएर केही समयमा चार अभिज्ञायुक्त अरहन्त हुनुभयो ।

एक दिन आयुष्मान् सारिपुत्रसंग उहाँको छलफल भयो । उहाँले सोध्नुभयो- 'आवुसो ! शीलवान भिक्षुले कुन धर्म पालन गर्नुपर्छ ?'

'आवुसो ! पाँच उपादान स्कन्ध अनित्य छ भनेर । दुःख, व्याधि, दुर्गन्ध, घाउ, पीढा, पराया, असत्य, शून्य र अनात्म । यसको मनन गर्नाले स्रोतापत्ति फल प्राप्त गर्छ । यसैगरी अभ्यास गर्दै सकृदागामी, अनागामी, अरहन्त फल प्राप्त गर्छ । अरहन्तले पनि यसैको मनन गर्नुपर्छ । किनकि यसरी मनन गर्दा सुखपूर्वक विहार गर्दै स्मृति सम्प्रजन्य निर्मित हुन्छ ।

'साधु ! सारिपुत्र'

यसरी नै उहाँहरूबीच धेरै पटक धर्म छलफल भइरहन्थ्यो । एक दिन उहाँले उदान भन्नुभयो- 'वायुले जसरी रुखको सुखेको पातलाई हल्लाएर झारिदिन्छ त्यसरी नै उपशान्त पापरहित, गर्वरहित ज्ञानी पाप धर्मलाई हल्लाइदिन्छ ।'

३३. **वक्कुल**

एक परिवारको सानो बच्चा नदीमा खस्यो । त्यसलाई ठूलो माछाले निल्यो । त्यस माछालाई माझीले पक्रेर बेच्न लग्यो । एक परिवारले किनेर सेठानीले माछाको पेट काट्दा बच्चा पाएर 'बच्चा पाइयो' भनी खुशी भइन् र पाल्न थालिन् । पछि असली बाबाले थाहा पाएर माग्न आयो । यसैमा विवाद बढ्यो र राजाकाहाँपुग्यो । राजाले 'बच्चा कस्को हो ?' निर्णय दिन सकेन । तब ६ महिना एक परिवारमा र ६ महिना अर्को परिवारले पाल्ने गरी निर्णय गरिदियो । त्यसैले दुइ परिवार (कुल) ले पालेकोले बाकुल नाम रहन गयो । उहाँ ८० वर्षको उमेरमा प्रव्रजित उपसम्पदा भएर आठौं दिन अरहन्त हुनुभयो । उहाँको १६० वर्ष लामो आयुमा एक दिन पनि विमारी हुनुभएन ।

एक दिन पुरानो मित्र भेटभयो । उसलाई सम्झाउँदै भन्नुभयो- 'प्रव्रजित भएको ८० वर्ष भइसक्यो तर एकपल्ट पनि कामराग संज्ञा उत्पन्न भएन, व्यापाद उत्पन्न भएन, विहिंसा उत्पन्न भएन । गृहस्थद्वारा दिइएको चीवर धारण गरिन, निमन्त्रणामा गईन । गृहस्थमा भोजन गरेको थाहा छैन । महिलाहरूको सम्झना गरेको थाहा छैन । महिलालाई चारपादसम्मको धर्मदेशना गरेको पनि थाहा छैन । भिक्षुणीहरूको सम्पर्कमा आएको थाहा छैन । श्रामणेरबाट सेवा लिएको, स्नानगृहमा नुहाएको आदि थाहा छैन ।'

यसप्रकार धुतांगधारी भएर ८० वर्षसम्म जीवन बिताउनुभएको आयुष्मान् बाकुलले एक दिन उदान भन्नुभयो- 'उनीहरू सुख स्थानबाट वञ्चित हुन्छन् जो प्रथम करणीयलाई



Downloaded from http://www.dhamma.digital

पछि गर्न चाहन्छन्, पछि पश्चाताप गर्छन् । जो कर्म गरिन्छ त्यसलाई भन्न उचित छ । जसलाई गरिँदैन त्यसलाई भन्न उचित हुँदैन । जो कर्म नगरी कुरा गर्छन् त्यसलाई ज्ञानीले थाहा पाउंछन् । सम्यक् सम्बुद्धद्वारा निर्देशित निर्वाण सुखकर छ, शोकरहित छ, रजरहित छ, क्षेम छ । त्यहाँ दुःख निरोध हुन्छ ।'

एकदिन आयुष्मान् बाकुल हातमा चाबी लिनुभएर एक विहारबाट अर्को विहारमा घुम्दै घोषणा गर्दै हिंड्नुभयो- 'आयुष्मान्हरू ! बाहिर निस्कनुहोस् । आज म परिनिर्वाण प्राप्त गर्दैछु ।' उहाँले भिक्षुसंघको अगाडि बसी बसी परिनिर्वाण प्राप्त गर्नुभयो ।

### ३४. शोभित

श्रावस्तीवासी ब्राह्मण कुलपुत्र भगवान्को उपदेश सुनेर प्रव्रजित भयो । ध्यानाभ्यास गर्दै अरहन्त पनि हुनुभयो । उहाँलाई पूर्वजन्मको स्मरण भएर आयो । एक दिन उहाँले उदान भन्नुभयो- 'म स्मृतिवान, प्रज्ञावान, उद्योगी, भिक्षु हुँ । मैले चार स्मृति प्रस्थानको, सात बोध्यंगको, अष्टाङ्गिक मार्गको अभ्यास गरेको छुं । मैले पाँचसय कल्पको घटनाहरू एकै रातमा स्मरण गरें ।'

### ३६. नन्दक

श्रावस्तीवासी नन्दक जेतवन विहार दानको समयमा प्रव्रजित भएको थियो । त्यस समय भिक्षुणीहरूलाई उपदेश दिन पालो लगाइदिनुभएको थियो । एकदिन आयुष्मान् नन्दकको पालो पर्‍यो । तर उहाँ जानुभएन । किनकि उहाँले देख्नुभयो- प्रजापति गौतमी आदि भिक्षुणीहरू उहाँको पूर्वजन्मका स्वास्नीहरू थिए । त्यसैले अहिले भिक्षुणीहरूले उहाँलाई मन पराउंथे । यदि त्यहाँ गए अरहन्त भिक्षुहरूले 'पूर्वजन्मका स्वास्नीहरूको मायाले गयो भन्छन्' भनेर उहाँ जानुहुन्नथ्यो ।

तर भिक्षुणीहरू भने उहाँको धर्मदेशना सुन्ने इच्छा गर्ने हुनाले एकदिन भिक्षुणीहरूले गुनासो गरे भगवान् बुद्धसंग 'नन्दक भन्ते हामीलाई धर्मदेशना गर्नुहुन्न ।'

तब भगवान्ले नन्दकलाई 'धर्मदेशना गर्न जानैपर्ने' भन्नुभएपछि धर्मदेशनाको लागि जानुभयो । धर्मदेशना गर्नुहुँदा 'बहिनीहरू भनी सम्बोधन गर्नुहुँदै चक्षु अनित्य कि नित्य भन्नुहुँदै मज्झिमनिकाय (३/४/५) अनुसार नन्दकोवाद अनात्मवाद ज्ञान दिनुभयो । त्यही उपदेश सुनेर भिक्षुणी प्रजापति गौतमीहरू अरहन्त भए ।

एकदिन भिक्षाटनमा जाँदा पूर्वस्वास्नी भेट भयो । पूर्वस्वास्नीले कामतृष्णाले हेरिन् । उहाँले भन्नुभयो- 'ओ नारी ! तिम्रो वासनालाई धिक्कार छ । तिम्रो शरीरको नौ स्रोतद्वारा दुषित मल प्रवाहित हुन्छ । म तिम्रो लोग्ने होइन, भगवान्को श्रावक हुँ । मलाई नलोभ्याऊ ।'

यो सुनेर पूर्वस्वास्नीमा विमल धर्मचक्षु उत्पन्न भयो ।



Downloaded from http://www.dhamma.digital

एकदिन जेतवन विहारमा धर्मदेशना गरिरहनुहुँदा उहाँको समधुर स्वर सुन्नुभएर भगवान् ढोकाबाहिर उभिरहनुभयो । धर्मदेशना सकिएपछि खोकेर ढोकाको सिक्री खट्खटाउनुभयो । ढोका खोल्दा भगवान्लाई देखेर सबैले अचम्म माने । तब भगवान्ले 'म तिम्रो स्वर सुनेर बाहिर बसेर सुनिरहेको थिएँ । तिमीलाई साधुकार दिन आएको' भन्नुभयो । यति भनेर फेरि भगवान् बुद्ध बाहिर जानुभयो ।

३७. **नन्द**

भगवान् बुद्धप्रति गौरव गरेर प्रव्रजित हुने मन नभए पनि प्रव्रजित भयो । भगवान् कपिलवस्तुबाट चारिका गर्दै जानुभयो । तर नन्दलाई ध्यानमा मन लाग्नुभन्दा रूपनन्दाले 'आर्य छिटो आउनुहोस्' भनेको नै बारबार सम्झना आइरह्यो । त्यसैले उसलाई प्रव्रज्यामा मन नै लागेन । यो कुरा भिक्षुहरूले भगवान् बुद्धलाई सुनाउँ ।

एक दिन भगवान् बुद्धले डढेलो लागेको जंगलमा नन्दलाई लानुभयो । त्यहाँ पुच्छर, नाक, कान आगोले पोलेको बूढी बाँदरनीलाई देखाउनुभई 'तिम्रो रूपनन्दा राम्री कि यो बाँदरनी राम्री ?' भनी सोध्नुभयो ।

रूपनन्दालाई ढूटी बूढी बाँदरनीसंग तुलना गर्दा रिस त उठ्यो होला । तैपनि भगवान् बुद्धप्रति गर्व गर्दै 'रूपनन्दा नै राम्री' भन्यो ।

त्यसपछि नन्दलाई लिएर तुषिता देवलोकमा जानुभयो । त्यहाँ एकभन्दा अर्की सुन्दरी देवकन्या देखाएर भन्नुभयो- 'यी देवकन्या राम्री कि तिम्री रूपनन्दा ?'

'यी देवकन्याको अगाडि रूपनन्दा अधिको ढूटी बूढी बाँदरनी जस्तीछिन् ।'

'के यी देवकन्याहरू मन पर्छ ?'

'मन पर्छ ।'

'त्यसो भए मैले भने झैं ध्यान गर । म तिमीलाई मन परेजति देवकन्याहरू देवराज शक्रलाई भनेर दिलाइदिन्छु ।'

भगवान्को वचनबद्धतामा विश्वास गरेर रूपनन्दालाई बिर्सेर ती देवकन्याको लालचमा ध्यान सुरु गऱ्यो । भगवान्ले अशुभ भावना ध्यान विधि सिकाउनुभयो । जब समाधि लाभ भयो तब भगवान्ले भिक्षुहरूलाई पठाउनुभयो । भिक्षुहरू गएर भने- 'अहो नन्द ! कस्तो ध्यान बस्नुहुन्छ । कस्तो ब्रह्मचर्य पालन गर्नुहुन्छ ? देवकन्याको लागि ब्रह्मचर्य पालन गर्नुहुन्छ ।'

यसो भन्दा नन्दलाई लाज हुन थाल्यो । उता समाधि लाभ हुँदै गयो र देवकन्याको चाहना पनि कम भयो । यसै समयमा आस्रवक्षय गरेर अरहन्त हुनुभयो । अरहन्त भएपछि कसैमा आशक्ति भएन । एकदिन भगवान्काहाँ गएर भगवान्ले गर्नुभएको वचनबद्धताबाट



Downloaded from http://www.dhamma.digital

भगवान्‌लाई मुक्त गर्दै भन्नुभयो- ‘भगवान् ! मैले कुरा बुझें, देवकन्याको चाहना भएन । मलाई क्षमा गरी दिनु होस् ।’

**३८. महाकप्पिन**

कुक्कुट देशको राजा महाकप्पिनले एक दिन श्रावस्तीबाट आएका घोडा व्यापारीबाट बुद्ध धम्म संघको प्रशंसा सुन्नासाथ रानीलाई खबर नगरी गृहत्याग गरेर आफ्ना भारद्वाजसहित भगवान्‌लाई भेट्न श्रावस्तीको लागि प्रस्थान गऱ्यो । बाटोमा आउँदा एक नदी आयो । तब महाकप्पिनले भन्यो- ‘यदि उहाँ शास्ता बुद्ध नै हो भने हाम्रा घोडाहरूले पानीमा स्पर्श नगरी पार तरोस् ।’ न भन्दै कुनै पनि घोडाको खुर पानीमा नपरि कन नै पार गऱ्यो । यो देखेर सबै आश्चर्य भए ।

महाकप्पिनको राज्यत्याग र भगवान्‌लाई भेट्न आएको भगवान्‌ले थाहा पाउनुभयो । तब भगवान् श्रावस्तीबाट चन्द्रभागा नदीसम्म १२० योजना ऋद्धिबलले आउनुभएर एक बरको बोटमुनि बस्नुभयो । महाकप्पिनहरू आइपुगे । देख्नासाथ भगवान् बुद्ध हो भनी चिने । भगवान्‌लाई वन्दना गरे । भगवान्‌ले धर्मदेशना गर्नुहुँदा सबैको विरज विमल धर्मचक्षु उत्पन्न भयो र प्रव्रज्या उपसम्पदाको प्रार्थना गरे । भगवान्‌ले पनि ‘एहि भिक्खु’ वचनले प्रव्रज्या उपसम्पदा गर्नुभयो ।

सागलकन्या, अति सुन्दरी रानी, अनोजाले राजाहरू भिक्षु भएको कुरा सुनेर ‘हामी महिला मात्र के कम ?’ भनेर भिक्षु भएका भारदारहरूका स्वास्नीहरूसहित रानी पनि राज्य त्याग गरेर भिक्षुणी बन्न आइन् । आफ्ना लोग्नेहरू हिंडेकै बाटोबाट र नदीमा त्यही सत्य करालद्वारा नदी तरेर चन्द्रभागा नदीमा भगवान्‌लाई भेटे । भगवान्‌ले ऋद्धिबल प्रयोग गरेर लोग्नेहरूले स्वास्नीहरूलाई, स्वास्नीहरूले लोग्नेहरूलाई नदेख्ने गराउनुभयो । धर्मदेशना सुनेर विरज विमल धर्मचक्षु उत्पन्न भएपछि मात्र योगबल खोल्नुहुँदा एक अर्कालाई देखे । रानीहरूलाई सुनाउँनुभएको धर्मदेशना सुनेर महाकप्पिनहरू प्रतिसम्भिदासहित अरहन्त हुनुभयो । रानीहरूलाई आयुष्मती उप्पलवण्णाद्वारा प्रव्रज्या उपसम्पदा गराउनुभयो ।

आयुष्मान् महाकप्पिन ध्यानमा रहँदा अत्यन्त ध्यानसुख प्राप्त हुन्थ्यो र भन्थ्यो- ‘अहो सुख, अहो सुख ।’

यस बारे साधारण भिक्षुहरूले ‘पुरानै राज्यसुख सम्झेर अहो सुख भनिराखेको छ, प्रव्रज्यामा मन लगाउँदैन’ भन्ने गलत अर्थ लगायो । यसको शंका निवारण गर्न भगवान् बुद्धले आयुष्मान् महाकप्पिनलाई बोलाउनुभएर यथार्थ सोध्नुभयो ।

उहाँले पनि भन्नुभयो- ‘म राजदरवारमा हुंदा पूर्ण सुरक्षित हुंदा पनि सुखको अनुभव प्राप्त हुँदैनथ्यो । तर यहाँ असुरक्षित स्थानमा पनि सुखै सुखको अनुभव गर्दछु ।



Downloaded from http://www.dhamma.digital

त्यसैले 'अहो सुख भनेको हुँ ।'

तब भगवान्ले भन्नुभयो-

**धम्मपीति सुखं सेति विप्पसन्नेन चेतसा ।**
**अरियप्पवेदिते धम्मे सदा रमति पण्डितो** [१] **ति ॥ (ध.प. ६/४)**

धर्मप्रीति सुखले सुत्दछ विपस्सना चेतनाले ।
आर्य प्रवेदित धम्ममा सदा रमाउंछन् विद्वानहरू ॥

उहाँ ध्यान सुखमा मात्र लाग्नेहुंदा उहाँले धर्मदेशना गर्नुहुन्नथ्यो । तब एक दिन भगवान्ले 'आफ्नो सहयोगीहरूलाई धर्मदेशना गर्न' भन्नुभयो । उहाँले धर्मदेशना गर्नुभयो । धर्मदेशनाको यस्तो सुन्दर प्रभाव पर्‍यो कि सुन्नेहरूमा एक हजार उपासकहरू अर्हत भए ।'

एक दिन उहाँले उदान भन्नुभयो- 'सुन, अनागत हित र अहितको जुन पूर्वकालमा गरिन्छ, त्यसलाई छिद्र विरोधी र हितैषी दुबैले खोजे तापनि पाउँदैन । आनापान स्मृति जसको पूर्ण छ, जो उसमा पूर्णरूपेण अभ्यस्त छ, भगवान्को उपदेशद्वारा उत्तरोत्तर सेवित छ, जगतलाई बादलयुक्त चन्द्रमा समान आलोकित गर्दछ । मेरो चित्त परिशुद्ध छ । अमित छ । सर्वांगीण अभ्यस्त छ । सुविदित छ । दृढ छ । त्यो समस्त दिशाहरूलाई प्रकाशित गर्दछ ।'

### ३९. सागत

कोशलवासी ब्राह्मणकुलबाट प्रव्रजित आयुष्मान् सागत एक समय भगवान्को उपस्थापक हुनुहुन्थ्यो । त्यस समय राजा बिम्बिसारले अस्सी हजार मुखिया र सोण कोटिविंसलाई भगवान्को धर्मदेशना सुन्न पठायो । गएर सागतसंग भन्यो ।

'पर्खनुहोस् । म भगवान्लाई सोधेर आउंछु' भनेर आयुष्मान् सागत गृधकुटको चट्टानभित्र पसेर भगवान्काहाँ पुगेर खबर गर्नुभयो । भगवान्ले आसन बिछ्याउन भन्नुभयो । फेरि पहिलेजस्तै प्रकट हुनुभयो । यो देखेर अस्सी हजार मुखिया र सोण कोटिविसं अत्यन्तै प्रभावित भयो ।

भगवान् आउनुहुँदा भगवान्लाई अभिवादन गरेर आगन्तुकहरू सागतलाई मात्र हेरिरहे । उनीहरूको मनको कुरा बुझेर भगवान्ले आगन्तुकको लागि ऋद्धि प्रातिहार्य देखाउन भन्नुभयो ।

आयुष्मान् सागतले पनि आकाशमा उड्नुभएर त्यहीं हिंड्ने, बस्ने, उभिने, सुत्ने गर्नुभयो । फेरि शरीरबाट धूवाँ निस्कियो, फेरि अग्निज्वाला र अन्तमा हेर्दाहेर्दै अलप हुनुभयो र अचानक भगवान्को अगाडि प्रकट भएर भगवान्लाई वन्दना गर्नुभयो ।

एक दिन भगवान् सागतसहित भद्दवतिका जानुभयो । नगिच जटिल साधुहरूको आश्रम थियो । त्यहां एक महाविषधारी सर्प बस्दथ्यो । आयुष्मान् सागतले ऋद्धिबलले त्यस



Downloaded from http://www.dhamma.digital

सर्पलाई वशमा लिनुभयो । आयुष्मान् सागतको ऋद्धिशक्तिको प्रचार द्रुत गतिले भयो । उहाँलाई हेर्न उपासक उपासिकाहरू आउँदथे । 'सेवा गर्न के आवश्यक छ ?' भनी सोध्दथे । तर उहाँ चुपलागी बस्नुहुन्थ्यो । पछि ६ वर्गीय भिक्षुहरूलाई सोध्दा- 'एक सेतो कापोतिका (एक प्रकारको रक्सी) को प्रबन्ध तुरुन्त गर्नु' भनी आदेश दियो ।

भोलिपल्ट भिक्षाटनमा जाँदा मादक पदार्थ पनि दान गऱ्यो । त्यो पिएर मात लागेर विहार पुगुञ्जेलसम्म बेहोस भएर लड्नुभयो । भिक्षुहरूले उठाएर भित्र लग्यो । उहाँको शीर भगवान्को चरणमा राखिदियो । नशामा धुत भएकोले भगवान्तिर खुट्टा पारेर लडिरह्यो ।

तब भगवान्ले 'मादक पदार्थको सेवनले सागतजस्तै ऋद्धिसम्पन्न पनि विक्षिप्त हुन्छ, असंयमित हुन्छ । त्यसैले मादक पदार्थ सेवन नगर्नु' भनी नियम बनाउनुभयो ।

भोलिपल्ट सागतलाई होश आयो । भगवान्संग क्षमा याचना गऱ्यो । संयमित भएर ध्यानाभ्यास गर्दै केही समयपछि अरहन्त हुनुभयो ।

**४०. राध**

राजगृहवासी आफ्नो परिवारबाट उपेक्षित भएको वृद्ध ब्राह्मण राध भिक्षुहरूलाई प्रव्रज्याको लागि अनुरोध गर्दा कसैले पनि प्रव्रजित गरिदिएनन् । अन्तमा भगवान्ले आयुष्मान् सारिपुत्रलाई प्रव्रजित गर्न भन्नुभयो । प्रव्रजित भएर धेरै समय नबित्दै आयुष्मान् राध अरहन्त हुनुभयो ।

एक दिन उहाँले भन्नुभयो- 'वर्षाकालमा जसरी राम्ररी नछाएको घरको छानामा वर्षा प्रवेश हुन्छ त्यसरी नै राम्ररी ध्यान भावनारहित चित्तमा राग प्रवेश गर्छ । तर राम्ररी छाएको पानी नचुहुने ध्यान भावना गरेको चित्तमा राग प्रवेश गर्न सक्दैन ।'

**एतदग्ग भिक्षुणीहरूका केही भिक्षुणीहरूको परिचय-**

**२. खेमा**

शाकल (सियालकोट) राजाकी छोरी अतिरूपवती खेमा मगधराजा बिम्बिसारसंग विवाह भएको थियो । सुन्दरताको कारण अहंकारी भएकी खेमा महारानी भगवान् बुद्धले सुन्दरतालाई घृणा गर्छ भनेर भगवान्को अगाडि पर्दैन थिइन् । यही स्वभाव बारे राजा बिम्बिसारलाई भने चिन्ताको विषय थियो । एकातिर राजा बिम्बिसारकी रानी भएर भगवान्लाई भेट्न जादैन । अर्को तिर भगवान् बुद्धजस्तोको शिक्षा नलिएर मूर्ख भएर बस्छ ।

राजा बिम्बिसारले 'कसरी रानी खेमालाई भगवान् बुद्धको दर्शन गराउँ र ज्ञान लिन लगाउँ' भनी सोच्दा सोच्दा एउटा विचार उत्पन्न भयो । त्यस विचारअनुसार वेलुवनको सुन्दरताको गुणगान गरेको गीत रानी खेमालाई सुनाइयो । वेलुवनको शोभा, सुन्दरता,



Downloaded from http://www.dhamma.digital

रमणीयताको प्रशंसा सुनेर वेलुवन घुम्न जाने इच्छा गरिन् ।

राजाले पनि 'जसरी भएपनि भगवान् बुद्धसंग भेट गराइल्याउनु' भनी गोप्यरूपले रानीकी परिचारिकाहरूलाई भन्यो । रानी पनि भगवान् बुद्ध भिक्षाटन जानुभएको समय पारेर वेलुवन घुम्न गइन् । परिचारिकाहरूले भगवान् बुद्ध फर्केर नआएसम्म वेलुवनमा भुलाइराखे । जब भगवान् बुद्ध फर्किनुभयो तब सबै परिचारिकाहरू भगवान्लाई भेट्न गए ।

परिचारिकाहरू गएपछि लोकाचारले पनि रानी खेमा भगवान् बुद्धलाई भेट्न गइन्, सबैभन्दा पछाडि एक छेउमा बसिन् र वन्दना गरिन् । भगवान् बुद्धले पनि राजा बिम्बिसारले रानी खेमालाई पठाउनुको कारण थाहा पाउनुभएर योगबलले अति नै सुन्दरी दुइ १६ वर्षे युवती आफ्नो दायाँबायाँ उभिएर पंखा हम्किरहेकी बताउनुभयो ।

रानी खेमाले त्यो दृश्य देखेर आफूभन्दा राम्री युवतीहरूले भगवान्को सेवा गरि रहेको देखेर भगवान्ले सुन्दरताको घृणा गर्छ भनेको होइन रहेछ भनेर भगवान्प्रति श्रद्धा उत्पन्न गरिन् । आफूभन्दा अति नै राम्री सुन्दरीहरू देख्दा आफ्नो सुन्दरतामा भएको अहंकार कम गरिन् । तब एकचित्तले ती सुन्दरीहरूलाई मात्र हेरिरहिन् ।

रानी खेमाको मन सुन्दरीमा एकाग्र भएको थाहा पाउनुभएपछि भगवान्ले विस्तारै योगबलले ती युवतीहरूलाई १६ वर्षबाट २० वर्ष, ३० वर्ष, ४० वर्ष, ५० वर्ष, ६० वर्ष, ७० वर्ष, ८० वर्ष बनाउँदै अलिक बूढी, अझ बूढी चाउरिपरेको, ढाड कुप्रिएको, जीर्ण भएको, सेतै केश फुलेको, कमजोर भएर हातखुट्टा काँपेको, लौरो टेकेको, शरीर थाम्न नसकेर त्यहीं लडेको र अन्तमा मरेको देखाउनुभयो ।

रानी खेमाले एकचित्तले हेरिरहँदा रहँदै ती सारा घटना एकपछि अर्को देख्दा यति राम्री सुन्दरी युवतीहरू उमेर ढल्किँदै गएपछि कसरी कुरूप, कमजोर हुंदोरहेछ र अन्तमा मृत्यु हुनुपर्दो रहेछ भनेर सुन्दरताको अहंकारलाई त्यागेर अनित्य बोध भएर आयो । तब भगवान्को पादमूलमा परेर क्षमा मागिन् । भगवान्ले भन्नुभयो-

**आतुरं असुचि पूतिं पस्स खेमे समुस्सयं ।**
**उग्घरन्तं पग्घरन्तं बालानं अभिपत्थितंन्ति ॥**

कामातुर असूचि दुर्गन्ध हेर खेमा एकत्रित भएको ।
चुहुँदै बहिरहेकोलाई गर्छ मूर्खले प्रार्थना ॥

**ये रागरत्तानुपतन्ति सोतं, सयं कतं मक्कटकोव जालं ।**
**एतम्पि छेत्वान वजन्ति धीरा, अनपेक्खितो सब्बदुक्खं पहाया, ति ॥** (ध.प.२४/१४)

जो रागलिप्त तृष्णामा फस्छ माकुरा आफ्नै जालमा फसेझैं ।
धीरले छिन्नभिन्न गर्छ यो पनि अनपेक्षित भई सारा दुःख प्रहाण ॥



Downloaded from http://www.dhamma.digital

त्यस देशनाले रानी खेमा स्रोतापन्न भइन् र भगवान्संग प्रव्रज्या उपसम्पदा मागिन् । राजा बिम्बिसारले रानी खेमा प्रव्रजित हुन चाहेको कुरा सुनेर खुशीसाथ प्रव्रजित हुने अनुमति दियो । प्रव्रजित भएर केही समयमा नै आस्रवक्षय गर्नुभइ अरहन्त हुनुभो ।

एकदिन उहाँलाई मारले प्रभावित गर्न खोज्यो । तब उहाँले मारलाई भन्नुभयो- 'शरीर व्याधिको मन्दिर हो, घृणित छ, क्षणभंगुर छ । शारीरिक सुखमा मलाई लाज लाग्छ, घृणा हुन्छ । मैले कामतृष्णालाई मूलोच्छेद गरिसकें । भालाको शीरजस्तै कामतृष्णाले दुःख दिन्छ । स्कन्धले छुरीले काटेभैँ काट्छ । जसलाई कामभोग भनिन्छ, त्यो घृणोत्पादक हुन्छ । मेरो भोगतृष्णाको अवसान भैसक्यो । अंधकार नष्ट भैसक्यो । हे पापि मार ! तं जा । तं पराजित भैसकिस् । मैले तेरो अन्त गरिसकें । जो मूर्खजन तेरो यथार्थ जान्दैन उसैले तँलाई प्रणाम गर्छ । तपोवनमा अग्निपूजा गर्छन् । यसप्रकार शुद्धि ठान्छन् । मैले सम्यक् सम्बुद्धलाई वन्दना गर्छु, शास्ताको शासनलाई पालन गर्छु । दुःखबाट मुक्त भइसकेकी छुं ।'

### ४. पटाचारा

श्रावस्तीको श्रेष्ठीकुलकन्या यौवन अवस्थामा आफ्नो घरको नोकरसंग पोइल गइन् । पहिलोपल्ट गर्भवती हुंदा माइत आउन चाहिन् । तर लोग्नेले आलटाल मात्र गरिरह्यो । तब एक दिन आफै एक्लै माइत गइन् । बाटोमा प्रसव वेदना भएर बच्चा जन्माइन् । उता लोग्ने पनि खोज्दै आइपुग्यो र भेट भएपछि बच्चासहित घर फर्किन् । फेरि दोश्रोपल्ट गर्भवती भइन् । यसपल्ट पनि माइत जान लोग्नेलाई भनिन् । तर लोग्नेले यसपल्ट पनि आलटाल नै गरिरह्यो । यसपल्ट पहिलो छोरो लिएर एक्लै माइति गइन् । लोग्नेले थाहा पाएर खोज्दै आयो । बाटोमा भेट भयो । प्रसववेदना पनि भयो र भारी वर्षा पनि भयो । ओत लगाउन स्याउलो खोज्न जाँदा सर्पले डसेर लोग्नेको मृत्युभयो । दोश्रो बच्चा पनि जन्माइन् । भोलिपल्ट हेर्दा लोग्नेलाई सर्पले डसेर मारेको देखेर दुःख मनाउ गर्दै दुबै बच्चालाई लिएर माइत गइन् ।

बाटोमा अचिरवती नदीमा रातिको वर्षाले बाढी आएको थियो । त्यसैले दुबै बच्चालाई एकसाथ लान नसकेर एउटा बच्चालाई लिएर पारि राखेर आइन् । अर्को बच्चा लिन फर्किएर बीच मझधारमा आइपुग्दा एक ठूलो चील आएर सानो बच्चालाई झम्टेर लिएर गयो । चील धपाउन 'हा, हा' गर्दा आमाको आवाज सुनेर ठूलो बच्चा आमातिर आउँदा नदीले बहाएर लग्यो र मृत्य भयो ।

यसरी एकै दिन लोग्ने, दुइ छोराको मृत्यु हुंदा अति दुःखीत हुंदै माइती गइन् । बाटोमा श्रावस्तीतिरबाट आइरहेको बटुवाबाट 'हिजो रातीको वर्षाले माइतीको घर विनाश गर्नुको साथै आमा बाबा र भाइको पनि मृत्यु भएको' समाचार सुनायो । यस समाचारले



Downloaded from http://www.dhamma.digital

उसको धैर्यको सीमा टुट्यो र सारा मृतहरूलाई सम्झिंदै पागलजस्तै कराउँदै दुःखीत हुँदै हिंड्न थालिन् । बच्चाहरूले पागल भन्दै ढुंगाले हिर्काउन थाले । तब बच्चाहरूबाट वचने कोशिस गर्दा यता उता भाग्दा भाग्दै जेतवन विहारभित्र प्रवेश गरिन् ।

नाङ्गो युवती विक्षिप्त अवस्थामा जेतवन विहारमा प्रवेश गर्दा भगवान्को उपदेश सुनिरहेका भिक्षु भिक्षुणी उपासक उपासिकाहरू साह्रै अचम्म भए । तब भगवान्ले 'होश राख वहिनी' भन्नुहुँदा सतर्कतासँगै होश आयो र हेर्छन् निर्वस्त्र । तब लाजले थचक्क बसिन् । त्यसै समय एक दयालु उपासकले आफ्नो दोसल्लाले उसलाई ओढाइदियो । त्यस दिनदेखि उसको नाम पटाचारा रहन गयो । तब पटाचाराले आफूमा घटेको सारा वृतान्त सुनाइन् । तव भगवान्ले भन्नुभयो-

**न सन्ति पुत्ता ताणाय न पिता न पि बन्धवा ।**
**अन्तकेनाधिपन्नस्स नत्थि ञातिसु तारणा ॥ (ध.प. २०/१६)**

न छोराले तार्न सक्छ न बाबा न बान्धवले ।
मृत्य हुने बेलामा सक्दैन तार्न आफन्तले ॥

यो उपदेश सुनेर पटाचारा स्रोतापन्न भइन् र प्रव्रजित भइन् । भगवान्ले फेरि भन्नुभयो- 'यसरी प्रत्येक जन्म आफन्तको नाममा रुँदै झारेको आँशुलाई जम्मा गरेको भए महासमुद्रको पानीभन्दा वढी भइसक्थ्यो होला । त्यसैले मृतकको नाममा रोएर शरीरलाई दुःख नदेऊ ।'

एकदिन आयुष्मती पटाचारा भोजनपश्चात् पात्रको पानीले खुट्टा धुइन् । पहिलोपल्ट धुएको पानी जमिनमा वग्दै सुकेर गयो । दोश्रोपल्ट धुएको पानी अलिक पर गएर सुक्यो । तेश्रोपल्ट धुएको पानी अझ पर गएर सुक्यो । यो देखेर 'मानिसको जीवन पनि प्रथम वैंश (१-३० वर्ष) द्वितीय वैंश (३१-६०) र तृतीय वैंश (६१-१००) वर्ष पनि आफ्नो समय आउँदा समाप्त हुन्छ' भनी विपस्सना ज्ञान जगाइन् । भगवान्ले पटाचाराको मनको कुरा बुझ्नुभएर पटाचारले सुन्नेगरी योगबलले भन्नुभयो-

**यो चे वस्ससतं जीवे अपस्सं उदयब्बयं ।**
**एकाहं जीवितं सेय्यो पस्सतो उदयब्बयं ॥ (ध.प.८/१४)**

यो जुन सयवर्ष बाँच्नु नदेखेर उदयव्यय ।
वेश एक दिन बाँच्नु देखेर उदयव्यय ॥

एकदिन आयुष्मती पटाचाराले उदान भन्नुभयो- 'मानिस हलो चलाएर खेती गर्छन् । धन उपार्जन गर्छन् । आफ्ना कुटुम्बहरूको पालनपोषण गर्छन् । म पनि किन समाधिको उपार्जन नगरुं ? निर्वाण प्राप्त नगरुं ? म शील सम्पन्न छुं, शास्ताको शिक्षा



Downloaded from http://www.dhamma.digital

पालन गर्दछु। अप्रमादिनी छुं, अचञ्चल छुं, विनीत छुं। एकदिन मैले खुट्टा धुएको पानीलाई गौड गरी हेरें, त्यसमा विचार गरें। आफ्नो मनलाई उत्तम समाधिमा लगाएं। शयनासनमा बसें, बत्तीलाई हेरें। त्यसको ध्यान गर्न थालें। प्रकाश मद्धिम हुन थाल्यो। प्रकाश बढाउन सियो लिएर जसै तेलमा डुबाउनको लागि सलेदो चलाएं बत्ती निभ्यो। बत्ती निर्वाण (बुझ्यो) भयो। मेरो चित्त पनि निर्वाण भयो। तृष्णा शिखा सर्वदाको लागि निर्वाण भयो।'

**५. धम्मदिन्ना**

राजगृहको सेठ विशाख एक दिन भगवान्‌को उपदेश सुनेर अनागामी भयो। कामतृष्णा नष्ट भएकोले घरमा गएर स्वास्नी धम्मदिन्नालाई 'बहिनी मन लागे घरमा बस, मन लागे माइती जाऊ, मन लागे अर्को विहा गर' भन्यो। यो सुनेर 'त्यसो भए म प्रव्रजित हुनेछ' भनेर प्रव्रजित भइन्। केही समयपछि एकान्तवास गरिन्। एकान्तवासमा ध्यान अभ्यास बढाउँदै आस्रवक्षय गरी अरहन्त हुनुभयो। तब फेरि राजगृह फर्किनुभयो।

राजगृह फर्किएको समाचार सुनेर सेठ विशाखले 'सुखमार्गमा बसेकी धम्मदिन्ना जंगलमा बस्न नसकेर फर्केर आइन्' भन्ने विचारले एकदिन गएर भेटेर वन्दना गरेर प्रश्न गर्न थाल्यो। प्रत्येक प्रश्नको जवाफ दिंदै गयो। चित्त बुझ्दै गयो। विशाखा पनि अनागामी भएकोले अनागामी विषयसम्म प्रश्न गर्न सक्दथ्यो। अन्तमा उसले निर्वाण विषय प्रश्न गऱ्यो- 'निर्वाणको प्रतिभाग के हो ?' जुन उसको ज्ञानभन्दा बाहिर थियो।

आयुष्मती धम्मदिन्नाले भन्नुभयो- 'विशाखा ! प्रश्नको सीमा पार गऱ्यौ। आवुसो ! ब्रह्मचर्य निर्वाणसम्म हो। निर्वाण पर्यवसान हो। यदि मैले भनेको कुरामा चित्त नबुझेमा भगवान्‌संग सोध्न जाऊ।'

पूर्वस्वास्नी भएपनि भिक्षुणी भएको नाताले अभिवादन गरेर, भगवान्‌लाई भेटेर सारा वार्तालाप सुनायो। भगवान्‌ले भन्नुभयो- 'विशाख ! भिक्षुणी धम्मदिन्ना पण्डिता छिन्, महाप्रज्ञा छिन्। यदि यो प्रश्न मलाई गरेको भए म पनि यसरी नै जवाफ दिन्थें जसरी धम्मदिन्नाले दिईन्।'

**६. नन्दा**

प्रजापति गौतमीकी छोरी पञ्च कल्याण गुणले युक्त (अति सुन्दरी) भएकी रूपनन्दा नन्दकुमारसंग विवाह हुने समय नन्दकुमारलाई भगवान्‌ले प्रव्रजित गरेपछि भगवान् बुद्धप्रति श्रद्धा भएन। पछि शाक्य महिलाहरू पनि प्रजापति गौतमीसहित प्रव्रजित भएपछि रूपनन्दा पनि प्रव्रजित भएकी थिइन्। भगवान्‌ले सुन्दरताको प्रशंसा गर्नुहुन्न भन्ने मनले पनि सौन्दर्यकी अहंकारी रूपनन्दा भगवान्‌को धर्मदेशना सुन्न जाँदैन थिइन्।



Downloaded from http://www.dhamma.digital

उसको सौन्दर्य अहंकार नाश गर्न एकदिन अनिवार्य धर्मदेशना सुन्नपर्ने आदेश दिनुभयो। तब जबरजस्ती धर्मदेशना सुन्न आउँदा पछाडि बसेकी रूपनन्दाले मात्र देख्ने गरी रानी खेमालाईजस्तै गरी भगवान्ले अति सुन्दरी युवतीहरू भगवान्लाई पंखा हम्की सेवा गरेको देखाउनुभयो। विस्तार विस्तार कुरूपतामा परिवर्तन गर्नुभएर जीर्ण, कमजोर र मृत्यु भएको देखाउनुभयो। त्यो देखेर रूपनन्दाको सौन्दर्य अहंकार नाश भएर बृद्धावस्था र मृत्युले वैराग्य उत्पन्न गरायो। तब आफ्नै शरीरप्रति घृणा उत्पन्न हुन थाल्यो। रूपनन्दाको मनको कुरा बुझ्नुभएर भगवान्ले भन्नुभयो।

**आतुरं असुचिं पूतिं पस्स नन्दे समुस्सयं।**
**असुभाय चित्तं भावेहि एकग्गं सुसमाहितं॥**

आतुर अशूचि दुर्गन्धित हेर नन्दा शरीरलाई।
अशुभको लागि भावना गर एकाग्रले भई समाहित॥

**यथा इदं तथा एतं यथा एतं तथा इदं,**
**धातुसो सुञ्ञतो पस्स मा लोकं पुनरागमि।**
**भवे छन्दं विराजेत्वा उपसन्तो चरिस्सती, ति॥**

जस्तो यो त्यस्तै त्यो जस्तो त्यो त्यस्तै यो,
धातुको समूहलाई शून्यताले हेर फेरि लोकमा नआऊ।
भवमा इच्छा हटाएर उपशान्त भएर विहार गर॥

**एवमेतं अवेक्खन्ती रत्तिन्दिवमतन्दिता।**
**ततो सकाय पञ्ञाय अभिनिब्बिज्ज दक्खिसं॥**

यसरी नै चिन्तन गरेर रातदिन लागिरहने।
त्यसपछि आफैले प्रज्ञाले अभिनिर्वाणलाई देख्नेछौ।

यो गाथा सुनेर रूपनन्दा श्रोतापन्न भइन्। पछि भगवानले रूपनन्दाको मार्गफल प्राप्त चित्तलाई जान्नुभएर फेरि भन्नुभयो -

**अट्ठीनं नगरं कतं मंसलोहितलेपनं।**
**यत्थ जरा च मच्चु च मानो मक्खो च ओहितो॥**

हड्डीको नगर बनाइएको, मासु रगतले लेपिएको।
जहाँ वृद्धत्व र मृत्यु, मान कपट लुकाइएको॥

यो गाथा सुनेर रूपनन्दा आस्रवक्षय भएर अरहन्त हुनुभयो।

एक समय ध्यान गर्नुहुँदा यो उदान भन्नुभयो- 'आहा ! भगवान्को उपदेशद्वारा



Downloaded from http://www.dhamma.digital

अनित्यकायको ज्ञान भयो । बाह्य र अभ्यान्तर रहस्य जाने । मलाई यस शरीरप्रति निर्वेद उत्पन्न भएको छ । शरीरप्रतिको आफ्नोपन नष्ट भएको छ । रागमुक्त भएर उद्योगरत, अनाशक्त, उपशान्त, निर्वाणजन्य परमशान्तिको अनुभव गरिरहेकी छुं । म निस्सन्देह निर्वाण प्राप्त हुं । परम शान्त हुं ।'

**७. सोणा**

श्रावस्तीवासी सोणा गृहिणी थिइन् जसको दश छोरा र दश छोरी थिए । त्यसैले बहुपुत्रिका भनेर चिनिन्थिन् । उसको लोग्ने भगवान्को उपदेश सुनेर प्रव्रजित भयो । सोणा एक्ली घरमा बसिन् । छोराहरूलाई अंशवण्डा गरिदिइन । छोराहरूको घरमा पालैपालो बस्ने गरिन् ।

केही समयपछि पहिलो बुहारीले अप्रत्यक्षरूपले भन्न थालिन् 'हामीलाई मात्र धेरै सम्पत्ति दिएको छ र हामीकाहाँमात्र बस्न ?'

यो सुनेर दोश्रो छोराकाहाँ बस्न गइन् । त्यहाँ पनि केही समयपछि यस्तै कुरा सुनिन् । यसप्रकार दश जना छोराबुहारीले त्यसप्रकारका कुरा सुनाउँन थालेपछि वाक्कभएर लोग्ने हिंडेको मार्गमा आफू पनि हिंडिन् अर्थात प्रव्रजित भइन् ।

बृद्धावस्थामा भिक्षुणी भए तापनि बुद्ध शासनमा अथक परिश्रम गर्दथिन् । एकदिन उपसम्पदाले कान्छी भएकी नाताले उपसम्पदाले ठूली तरुनी भिक्षुणीहरूले 'पानी तताइराख्नु' भनी अह्राएर गए । भिक्षुणी सोणा पनि पानी तताउने तयारी गरिन् । त्यसै समयमा '१० जना छोरा पाए पनि घरमा सुख भएन । अब भिक्षुणी भएर पनि सुख छैन' भन्दै विचार गर्दा बलेको आगोमा मन पुग्यो । निमित्त ग्रहण भयो । त्यसै आगोमा तेजो कसिण ध्यान वृद्धि गरिन् अनित्य ज्ञान बढाइन् ।'

सोणाको मनको कुरा बुझेर भगवान् बुद्धले सोणाको अगाडि निर्मित बुद्ध उपस्थित गर्नुभएर भन्नुभयो-

**यो चे वस्ससतं जीवे अपस्सं धम्ममुत्तमं ।**
**एकाहं जीवितं सेय्यो पस्सन्तो धम्ममुत्तमन्ति ॥ (ध.प. ८.१६)**

जुन सय वर्ष जीउनु भन्दा नदेखेर उत्तम धम्म ।
वेश एकदिन बाँच्नु देखेर उत्तम धर्म ॥

यो उपदेश सुनेर भिक्षुणी सोणा आस्रवक्षय गरेर अरहन्त हुनुभयो ।

तब आफू अरहन्त भएको सबैलाई थाहा पाओस्, अरहन्तप्रति अपमान गरेमा दोष लाग्ने भएकोले, आफूलाई अपमान नगरोस् भनी थाहा नपाएझैं गरी चुपचाप बसिरहनुभयो । तब तरुणी भिक्षुणीहरू आउँदा आगो नबलेको देखेर 'तातोपानी खोइ ?' भन्न थाले ।



Downloaded from http://www.dhamma.digital

तब आयुष्मती सोणाले भन्नुभयो- 'जति चाहिन्छ त्यति लानुहोस् ।'

बिनाआगोले तातोपानी तयार भएको देख्दा अन्य भिक्षुणीहरूले भिक्षुणी सोणा अरहन्त भइन् भनेर थाहा पाए र सम्मानपूर्वक व्यवहार गर्न थाले ।

एकदिन उहाँले उदान भन्नुभयो- 'शरीर रूप, वेदना, संज्ञा, संस्कार, विज्ञानको मिलन केन्द्र हो । यस शरीरबाट दश छोराहरूलाई जन्माएं । म दुर्बल बूढी भएर एक भिक्षुणीको सेवामा गएं । उसले स्कन्ध, धातु, आयतनको ज्ञान दियो र मेरो दुःख नाश भयो । त्यसैले म प्रव्रजित भएं । साधनाद्वारा मुक्त भएं । मलाई आफ्नो पूर्वजन्मको स्मरण भयो- मैले कहाँ कहाँ जन्म ग्रहण गरें ।'

'म एकाग्र छुं, समाधिनिष्ठ छुं । जगतमा अनित्य, दुःख, अनात्म देख्दछुं । अनाशक्त र आस्रवहीन भएर निर्वाणपदमा प्रवेश गरें । पञ्चस्कन्धलाई मूलोच्छेद गरिसकें । म अचल छुं, पुनर्जन्मरहित छु । मेरो दोश्रो जन्म हुने छैन ।'

### ८. कुण्डलकेसा

राजगृहको श्रेष्ठी कुलमा जन्म भएकी भद्रा युवती अवस्थामा एक मृत्युदण्ड दिएको चोरसंग प्रेम गर्न पुगिन् । छोरीको जिदमा बाबाले राजकर्मचारीलाई घुस खुवाएर चोरलाई बाहिर निकालेर छोरीसंग विवाह गरिदिए । तर जीवनदान पाए पनि चोरको मन सप्रिएन । एकदिन भद्रालाई पूजा गर्ने निहुंमा गहनाले सजिसजाउ पारेर डाँडाको टुप्पामा लग्यो र मार्ने इच्छा व्यक्त गऱ्यो ।

भद्राले 'मेरो सारा सामान सम्पत्ति तिम्रै हो । मलाई यति थोरै गहनाको लागि मार्नुपर्दैन' भन्दा पनि मानेन । अन्तमा आफू मर्नु नै पर्ने अवस्था आएपछि भद्राले आफ्नो रक्षार्थ बुद्धि खियाइन । तब निर्दोष भाव देखाउँदै मर्नुअघि आफ्नो लोग्नेलाई तीनपल्ट प्रदक्षिणा गर्ने अनुमति मागिन् । चोर लोग्नेले अनुमति दियो । निर्दोष भावले लोग्नेलाई डाँडाको छेउमा राखेर पहिलोपल्ट वरिपरि प्रदक्षिणा गरी अगाडि आएर पञ्चाङ्ग वन्दना गरिन् । यसरी नै दोश्रोपल्ट पनि गरिन् । फेरि तेश्रोपल्ट प्रदक्षिणा गरेर वन्दना गर्ने निहुं गरेर लोग्नेलाई घचेटेर डाँडामुनि खसालिदिइन् र लोग्नेको मृत्यु भयो । लोग्नेको मृत्युपछि विचार आयो 'अब के मुख देखाएर घर जाने ?' तब सारा गहना त्यहीं फ्यालेर गृहत्यागी हुन जैन मतावलम्बीकाहाँ गइन् । जैन पद्धतिमा केश तानेर मुण्डन गर्नुपर्थ्यो । मुण्डनपछि भद्राको केश घुँघुरिएको थियो त्यसैले उसलाई भद्रा कुण्डलकेसा भनियो । थोरै समयमा विदुषी भइन् ।

आफ्नो ज्ञानमा पारंगत भएपछि शास्त्रार्थ गर्दै चारिका गदै हिंडिन् । एक दिन



Downloaded from http://www.dhamma.digital

आयुष्मान् सारिपुत्रले उसको शास्त्रार्थको हाँकलाई स्वीकार गर्नुभएर शास्त्रार्थ गर्नुहुँदा भद्रा कुण्डलकेशा हारिन् । तव उनी भिक्षुणी बनिन् । भिक्षुणी बनेर ध्यानाभ्यास गर्दै अरहन्त बन्नुभयो ।

एक दिन उहाँले उदान भन्नुभयो- 'म केशरहित भएर एक वस्त्र लगाएर भ्रमण गर्दथिएं । त्याज्य कर्महरूलाई गर्दथिएं । करणीयलाई गर्दैनथिएं । एक दिन म गृधकुट पर्वतमा गएं । त्यहाँ भिक्षुसंघद्वारा पूजित भगवान् बुद्धको विमल मूर्तिलाई, अञ्जलिबद्ध भएर भगवान्को पूजा गरें ।'

भगवान्ले भन्नुभयो- 'ओ, भद्रा आऊ । त्यहीं मेरो उपसम्पदा भयो । त्यस समयदेखि म अंग, मगध, वज्जी, काशी, कोसल निरन्तर पचास वर्षदेखि चारिका गर्दैछु । कसैलाई मैले केही दिनु छैन । मैले राष्ट्रको अन्न खाएकी छुं । ज्ञानी उपासक अत्यन्त पुण्यभागी भएका छन्, जसले मलाई चीवर दान गरे । म भद्रा अब सारा मलिन गन्धद्वारा मुक्त भइसकेकी छुं ।

**९. भद्रा कपिलायानी**

आफ्नो लोग्ने पिप्पलिसंग विछोड भएर भद्रा कपिलायनी जैन साधुकहाँ गएर ५ वर्षसम्म जैन साधुनी बनिन् । किनकि त्यस समयसम्म भिक्षुणी शासन स्थापना भएको थिएन । जव प्रजापति गौतमीद्वारा आठ गुरु धर्म ग्रहण गरी भिक्षुणी शासन स्थापना भयो तव बौद्ध भिक्षुणी बनिन् ।

केही समयपछि आस्रवक्षय गर्दै अरहन्त बन्नुभयो र पूर्वजन्मको स्मरण गर्दै भन्नुभयो- 'महाकाश्यप तपाई शान्त, समाधिनिष्ठ, भगवान्को उत्तराधिकारी, पूर्वजन्मको ज्ञाता, त्रिविद हुनुहुन्छ । अभिज्ञामा पूर्णता प्राप्त गर्नुभएको छ । तपाईको आवागमन क्षीण भैसक्यो । म पनि त्रिविद भएकी छुँ । मैले पनि मृत्युमाथि विजय पाएकी छुँ । मैले मार सेनालाई पराजित गरेकी छुं । यो मेरो अन्तिम जन्म हो । हामी दुबै जगत प्रपञ्चको दोष र दुष्परिणामलाई देखेका छौं । हामीले प्रव्रज्या ग्रहण गर्‍यौं । हामी दुबै आत्मविजयी हौं । सर्वथा निष्पाप, निर्वाण प्राप्त परम शान्ति प्राप्त हौं ।'

**एतदग्ग उपासकहरूमा केही उपासकहरूको परिचय-**

**३. चित्र गृहपति**

मच्छिकासण्डवासी चित्रको जन्म हुँदा सारा नगरमा विभिन्न फूलहरूले फूलेर र मणीय देखिएको थियो । त्यसैले उसलाई चित्र नाम राखियो । आयुष्मान् महानामदेखि अत्यन्तै प्रभावित भएर अनागामी भयो । एक विहार बनाइदियो ।



Downloaded from http://www.dhamma.digital

भिक्षु सुधर्मा स्थायीरूपले अम्बाटिकाराममा बस्दथ्यो। उसको सारा व्यवस्था चित्र गृहपतिले गर्दथ्यो। एक समय केही भिक्षुहरू अम्बाटिकाराममा आइपुगे। चित्र गृहपतिले भोजनको लागि निमन्त्रणा दियो। भिक्षु सुधर्मालाई पछि। यसले आफ्नो अपमान भयो भनेर छाडेर भगवान्काहाँ गयो। भगवान्ले भिक्षु सुधर्माको नै गल्ती देख्नुभएर क्षमा याचना गर्न फेरि अम्बाटिकाराम नै पठाइदिनुभयो।

एकसमय केही भिक्षुहरू धर्म छलफल गरिरहेका थिए तर समाधान गर्न सकेका थिएनन्। तब चित्र गृहपतिले उपमा दिंदै भन्यो- 'कालो गोरु र सेतो गोरुलाई डोरीले बाँधिदियौं भने कालो गोरुको बन्धन सेतो गोरु र सेतो गोरुको बन्धन कालो गोरु हुँदैन। मात्र डोरी दुवैको लागि बन्धन हो। त्यसैले चक्षु रूपको बन्धन होइन न रूप चक्षुको बन्धन हो। दुबैको कारणले उत्पन्न हुने छन्दराग नै बन्धन हो।'

एकसमय केही भिक्षुहरूलाई भोजनमा निमन्त्रणा गरेर प्रश्न गऱ्यो- 'भन्ते! धातु नानात्व के हो?'

आयुष्मान् इसिदत्तले भन्नुभयो- 'चित्र! चक्षुधातु, रूपधातु, विज्ञानधातु, मनोधातु, धर्मधातु, मनोविज्ञान धातु यसरी नै भगवान्ले धातु नानात्व भन्नुभएको छ।'

प्रसन्न भएर चित्र गृहपतिले आफ्नै हातले पस्केर भोजन गरायो।

एकपल्ट फेरि प्रश्न गऱ्यो- 'बइसठ्ठी मिथ्यादृष्टिहरू छन्। ती के कारणले उत्पत्ति हुन्छन्?

आयुष्मान् इसिदत्तले जवाफ दिनुभयो- 'सत्कायदृष्टिको कारणले। सत्कायदृष्टिको अभावमा दृष्टिहरू हुँदैनन्।'

'सत्कायदृष्टि कसरी उत्पत्ति हुँदैन, भन्ते?'

'आर्यश्रावक आत्मा देख्दैन। आत्मालाई रूपवान देख्दैन। यसरी नै सत्कायदृष्टि उत्पन्न हुँदैन।'

'भन्ते इसिदत्त तपाई कहाँबाट आउनुभएको?'

'आवुसो! अवन्तीबाट।'

'भन्ते! श्रावस्तीमा मेरो इसिदत्त नामको मित्र थियो। ऊ प्रव्रजित भएको छ। उसलाई तपाई चिन्नुहुन्छ?'

आयुष्मान् इसिदत्त चुप लाग्नुभयो।

'के तपाई नै इसिदत्त हुनुहुन्छ।'

'हो गृहपति।'

आर्य इसिदत्त! तपाई मच्छिकासण्डमा सुखपूर्वक विहार गर्नुहोस्। अम्बाटिकाबन



Downloaded from http://www.dhamma.digital

अत्यन्त रमणीय छ। म सदा सेवाको व्यवस्था गरिदिनेछु।

आयुष्मान् इसिदत्तले आफूलाई चिन्यो भनेर त्यहाँबाट जानुभएपछि फेरि फर्किनुभएन। किनकि भिक्षुहरू आफ्नो गृहस्थ जीवनको परिचय दिन चाहँदैनथे।

एकपल्ट आयुष्मान् महकलाई ऋद्धिशक्ति प्रदर्शन गर्न भन्यो। उहाँले पनि विहार बाहिर तन्ना बिछ्याएर त्यसमाथि घाँसको थुप्रै राख्न लगाउनुभयो। आफू विहारभित्र पस्नुभएर ढोका बन्द गर्नुभएर एक भिल्का आगोले सारा घाँस बाल्नुभयो तर तन्ना केही पनि भएन।

आयुष्मान् महक मच्छिकासण्ड छोडेर फेरि कहिले पनि फर्किनुभएन।

एकसमय आयुष्मान् कामभूलाई चित्र गृहपतिले सोध्यो- संस्कार कति प्रकारका छन्-

१) श्वास प्रश्वास काय संस्कार

२) वितर्क विचार वाक संस्कार

३) संज्ञा वेदना चित्त संस्कार गरी तीन छन्।'

श्वास प्रश्वास कायको प्राकृतिक धर्म हो त्यसैले श्वासप्रश्वास काय संस्कार हो। पहिला वितर्क गरिन्छ। त्यसपछि विचार त्यसपछि मात्र वचन प्रयोग हुन्छ त्यसैले वितर्क विचारलाई वाक संस्कार भनिन्छ। यसरी नै संज्ञा वेदना पहिलो चित्त धर्म हुन् त्यसैले चित्त संस्कार भनिन्छ।'

'संज्ञा वेदयित निरोध समापत्ति कसरी हुन्छ ?'

जसलाई त्यसको प्राप्तिको आकांक्षा हुन्छ। त्यसको भावि नै हुन्छ। अगाडि बढाउंछ, त्यहाँसम्म पुऱ्याउंछ। उसलाई यो भावना हुँदैन कि वेदयित निरोधलाई प्राप्त गर्ने छु।

'पहिले कुन धर्मको निरोध हुन्छ ?'

'पहिला वाकसंस्कार त्यसपछि काय संस्कार र अन्तमा चित्त संस्कार।'

'भन्ते ! मृत व्यक्ति र संज्ञा वेदयित निरोध पुद्गलमा के फरक छ ?'

गृहपति ! मृत शरीरमा तीनै संस्कार निरुद्ध हुन्छन्। आयु पूर्ण हुन्छ। तर निरोध प्राप्त भिक्षुको कायवाक चित्त संस्कार निरुद्ध हुन्छ। तर इन्द्रियहरू प्रशन्न हुन्छन्।

'यस प्रयत्नमा पहिले कुन धर्म उत्पत्ति हुन्छ ?'

पहिले चित्त संस्कार, त्यसपछि काय संस्कार र अन्तमा वाक संस्कार।

प्रयत्नशीललाई कति स्पर्शहरूको अनुभव हुन्छ ?'

शून्य, त्यसपछि अनिमित्त त्यसपछि अप्रणिहित स्पर्श अनुभव हुन्छ। उसको चित्त



Downloaded from http://www.dhamma.digital

विवेकतर्फ प्रवृत्त हुन्छ । शमथ र विपस्सना विवेकको साधक हुन्छ ।

एकसमयमच्छिकासण्डमा निर्ग्रन्थनाथपुत्र आफ्नो मण्डलीसहित आएको थियो । एक भेटमा निर्ग्रन्थनाथपुत्रले चित्र गृहपतिलाई भगवान्को समाधिवारे 'विश्वास छ' भनी सोध्यो ।

चित्र गृहपतिले भन्यो- 'विश्वास छ । तर म मात्र श्रद्धाको बलमा विश्वास गर्दिन ।'

तब निर्ग्रन्थनाथपुत्रले भन्यो- 'चित्र गृहपति कति सोझो छ, कति निष्कपट छ ।'

'भन्ते ज्ञान ठूलो कि श्रद्धा ?'

'गृहपति, ज्ञान ठूलो ।'

भन्ते ! म आफ्नो इच्छानुसार प्रथमदेखि चतुर्थ ध्यानसम्म विहार गर्नसक्छु । म त्यसलाई आफ्नो ज्ञानले जान्दछु । कोही ब्राह्मणको कोही श्रमणको श्रद्धाले जानेको छैन ।'

'ओहो ! तिमी त महा कपटी छौ ? शठ छौ ?'

'भन्ते ! अहिले तपाईले सोझो निष्पाप भन्नुभएको थियो । फेरि अहिले महाकपटी शठ भन्दै हुनुहुन्छ । यदि पहिला सत्य भए दोश्रो झूठो हो । यदि दोश्रो सत्य भए पहिला झूठो हो । भन्ते ! मलाई जवाफ दिनुहोस्- 'एकप्रश्न एक उत्तर...दश प्रश्न दश उत्तर के हो ?

जवाफ दिन नसक्दा चित्र गृहपति उठेर गयो । मण्डली उसैलाई हेरिरह्यो ।

एकदिन पुरानो मित्र अचेल काश्यप चित्र गृहपतिसंग भेट गर्दा तीस वर्षको प्रव्रज्यामा नांगाा रहनु र सफा सुग्घर काम गर्नुबाहेक केही लाभ भएन । तर चित्र गृहपतिले ३० वर्षभित्र ध्यान समाधि लाभ गरेको सुनेर भगवान्काहाँ गएर प्रव्रजित भयो ।

एकपल्ट विमारी हुँदा एक देवपुत्र आएर 'जीवित रहनु, चक्रवर्ती राजा हुन सकिन्छ' भन्यो । तब चित्र गृहपतिले 'त्यो अनित्य अध्रुव त्याज्य छ' भन्दा देवपुत्र निराश भएर गयो ।

छेउछाउमा बसेको आफन्तहरूले त्यो सुनेर सम्झायो- 'गृहपति तपाई स्मृतिवान भएर बस्नुहोस् । त्यसरी अनित्य अध्रुव त्याज्य नभन्नुहोस् ।'

'मैले त देवताहरूलाई पो भनेको, उनीहरू मलाई चक्रवर्ती बन्नको लागि भनिरहेका थिए । तपाईहरू बुद्ध, धर्म, संघमा दृढ श्रद्धा राख्नु होस् । शीलवान भिक्षुहरूलाई दान गर्नोस् । यही तपाईहरूको लागि करणीय छ । यही सिक्नु होस् ।'

यति भनेर चित्र गृहपति परिनिर्वाण भयो ।

**७. उग्ग गृहपति**

वैशाली निवासी अग्लो, उत्तम आचरण, आकर्षक व्यक्तित्व भएकोले उसलाई उग्र



Downloaded from http://www.dhamma.digital

भनिन्थ्यो। भगवान्को दर्शन गरेर धर्मदेशना सुनेर श्रोतापन्न भयो। दोश्रो धर्मदेशना सुनेर अनागामी भयो।

बृद्ध भैसकेको उग्र गृहपतिको मनमा विचार आयो- 'म भगवान्लाई मलाई अति मनपर्ने वस्तु दान गर्ने छु। भगवान् मेरो तुच्छ निवास स्थानमा आउनुभए हुन्थ्यो।'

भगवान्ले उसको मनको कुरा बुझ्नुभएर उसको घर जानुभयो। भगवान्लाई भन्यो- 'भगवान् म संघलाई त्यो दिन चाहन्छु जुन संघले लिन चाहन्छ। यस दानले मलाई असीम प्रसन्नताको बोध हुनेछ।' भगवान् केही पनि भन्नुभएन र चुपचाप विहार फर्किनुभयो।

भगवान्ले उग्र गृहपतिमा आठ गुण छ भनी प्रशंसा गर्नुभयो। यो सुनेर एक भिक्षु उग्र गृहपतिलाई भेटेर 'के के आठ गुण छ' भनी सोध्यो।

उग्र गृहपतिले भन्यो- १) पहिलो धर्मदेशनामा स्रोतापन्न भएं। २) दोश्रो धर्मदेशनामा अनागामी भएं। ३) मेरा चार स्वास्नीहरू थिए। बुद्धशासनमा आएपछि सबैलाई यथोचित्त व्यवस्था गरिदिएं। एकजनालाई उसको इच्छाअनुसार दोश्रो पुरुषसंग विवाह गरिदिएं। ४) मैले आफ्नो सम्पत्तिको उपभोग गुणी तथा प्रियजनहरूसंग गरें। ५) जब म कुनै भिक्षुकहाँ जान्छु तब पूर्ण श्रद्धाले जान्छु। ६) भिक्षुले उपदेश दिंदा म ध्यानपूर्वक सुन्छु। भिक्षुले उपदेश नदिंदा म धर्मोपदेश गर्छु। ७) मलाई (मैले देवताहरूसंग कुराकानी गरें भनेर) कहिले गर्व (अहंकार) को अनुभव भएन। ८) मैले भगवान्द्वारा वर्णित औरंभागीय संयोजनलाई टाढा भगाइसकेको छु।'

एकदिन उग्र गृहपतिले भगवान्संग प्रश्न गर्‍यो- 'के कारण कोही यसै जन्ममा मुक्त हुन्छ, कोही हुँदैन ?'

'यही कुरा देवराज इन्द्र (शक्र) ले पनि सोधेको थियो। उग्र ! रूप, शब्द, गन्ध, रस, स्पर्श, विचारमा आकर्षित हुन्छ। आसक्त हुन्छ। यसै आसक्तयुक्त भएर भिक्षु निर्वाण प्राप्त गर्न सक्दैन। तर जसले यी विषयमा आसक्त हुँदैन उसले यसै जन्ममा निर्वाण प्राप्त गर्न सक्छ।'

उसको मृत्युभयो। मृत्युपछि देवलोकबाट भगवान्लाई भेट्न आयो र भन्यो- 'ऊ अर्हत्व प्राप्त गर्न चाहन्थ्यो त्यो प्राप्त भयो।'

## १०. नकुलपिता

भगवान् बुद्ध भेसकलावन मृगदावमा विहार गर्नुहुँदा एकदिन भिक्षाको लागि जानुहुँदा बाटोमा नकुलपिताले भगवानलाई 'ए छोरा ! बाबालाई छोडेर कहाँ हिंडेको ?' भन्यो। भगवान् चुपचाप जानुभयो। पछि होशमा आएर भोलिको लागि भोजन निमन्त्रणा



Downloaded from http://www.dhamma.digital

दियो ।

पछि भिक्षुहरूले भगवान्‌लाई 'ए छोरा' भनेको बारे नकुलपिताको मूर्खता भनी कुरा गर्न थाले । तब भगवान्‌ले भन्नुभयो- 'नकुलमाता नकुलपिताहरू पूर्वजन्ममा ५०० जन्मसम्म आमाबाबा, ५०० जन्मसम्म ठूलीआमा ठूलोबाबा र ५०० जन्मसम्म सानीआमा र सानोबाबा भइसकेकोले पूर्वसंस्कारले 'छोरा' भनी सम्बोधन गरेको हो । यो उसको पिता हृदयले भनेको हो ।

भोलिपल्ट भोजनमा जानुहुँदा आसनमा बस्नुभएपछि नकुलपिताले भन्यो- 'हामी दुबै जनाको सानो उमेरमा विवाह भएको थियो । त्यस समयदेखि न मैले कुनै परस्त्रीको कामना गरेको छु न नकुलमाताले परपुरुषको कामना गरेकी छिन् । हामीहरू एक आपसमा परस्पर मिलेर बसेका छौं । एकले भने कि अर्कोले मानिहाल्ने गर्छ । कुरा काट्‌दैनौं । हाम्रो इच्छा छ हाम्रो यो सुमधुर मिलन जन्म जन्मसम्म पनि भैरहोस् ।'

भगवान्‌ले भन्नुभयो- समान शील, समान त्याग र समान प्रज्ञा भएमा जन्म जन्मसम्म पनि एक साथ हुन सकिन्छ ।' तब दुबै दम्पति खुशी भएर त्यसरी नै आचरण गर्ने वचन दिए ।

एकदिन नकुलपिता कमजोर अवस्थामा तर प्रशन्न भएर भगवान्‌लाई भेट्‌न आयो । तब 'किन धेरै दिनपछि भेट्‌न आयौ ?' भनी भगवान्‌ले सोध्दा नकुलपिताले प्रशन्न हुँदै भन्यो- भगवान् म केही समय विमारी भएं । म विमारीको नगिच आएर नकुलमाताले भनिन्- 'शायद मेरो मृत्युपछि मेरी नकुलमाता कामतृष्णा उत्पन्न गरेर परपुरुषसंग सम्बन्ध राख्छ होला ? यसरी नसोच्नु । मैले विवाह गरेर आउँदेखि तपाईबाहेक अरु कसैसंग पनि कामराग चित्त उत्पत्ति गरेकी छैन । यदि यो वचन सत्य हो भने यसै सत्यवचनको प्रभावले तपाईको रोग निको होस्' भनी सत्य कुरा गरिन् । त्यसै सत्यकरालको कारणले म छिट्टै निको भएं । मेरी नकुलमाता साह्रै नै उपकारी छिन् ।'

**एतदग्ग उपासिकाहरूमा केही उपासिकाहरूको परिचय-**

### ३. खुज्जुत्तरा उपासिका

खुज्जुत्तराको नाम उत्तरा मात्र हो । तर उनी अलिक लंगडीजस्ती भएकीले खुज्जु उत्तरा भन्दै खुज्जुत्तरा नामले चिनिन गइन् । उनी रानी सामावतीको सहयोगी थिइन् । राजा उदयनले रानी सामावतीलाई प्रत्येक दिन फूल किन्नको लागि आठ कार्षपण दिएको थियो । खुज्जुत्तराल चार कार्षापणको मात्र फूल किनेर ल्याएर बाकी पैसा आफै राख्थिन् । अर्थात प्रत्येक दिन चार कार्षापण चोरी (नाफा) गर्थिन् ।

एकदिन मालाकार सुमनको घरमा भिक्षु संघसहित भगवान्‌लाई भोजन निमन्त्रणा



Downloaded from http://www.dhamma.digital

गरिएको थियो । फूल लिन भनी गएकी खुज्जुत्तरालाई मालाकार सुमनले भगवान्‌को सेवा गर्नुपर्दा पखाइराख्यो । खुज्जुत्तरा पनि भगवान्‌ले उपदेश दिनुहुँदा उपदेश सुन्दै बसिन् । त्यसै दिन ज्ञानलाभ गरेर स्रोतापन्न भइन् । त्यस दिनदेखि आठ कार्षापणकै फूल किनेर लगिन् ।

आठ कार्षापणको फूल किनेर ल्याएको देखेर अचम्म मान्दै कारण सोध्दा सबै कुरा बुझेर रानी सामावती प्रसन्न भएर भनिन्- 'हामी बाहिर जान सक्दैनौं । तिमीले भोलिदेखि भगवान्‌को उपदेश सुनेर हामीलाई सुनाउँनु' भनेर खुज्जुत्तरालाई गुरुको आसनमा राखेर सम्मानित गरिन् । त्यस दिनदेखि खुज्जुत्तरा प्रत्येक दिन आठ कार्षापणको फूल ल्याउने भइन् भने भगवान्‌को उपदेश सुनेर रानी सामावतीहरूलाई सुनाउँने गर्थिन् । रानी सामावती र उनकी सखीहरूले खुज्जुत्तरा मार्फत नै भगवान्‌को शिक्षा लिन थालिन् र भगवान्‌को परम भक्त भइन् ।

**५. उत्तरा नन्दमाता**

राजगृहवासी सुमन श्रेष्ठकाहाँ पूर्णदास काम गर्दथियो । एकदिन उसले निरोध समापत्तिबाट उठेर आउनुभएको आयुष्मान् सारिपुत्रलाई दतिवन र पानी दान दियो । उसको स्वास्नीले जाउलो दान गरिन् । यसैको फलले सारा खेतको माटो सुन भएर आयो । यसलाई पूर्णदासको सम्पत्ति घोषणा गरेर राजाले श्रेष्ठी पद दियो ।

पूर्णसेठ भएपछि सुमन सेठले आफ्नो छोराको लागि पूर्णसेठकी छोरी उत्तरालाई विवाहको लागि भन्यो । सुरुमा नमाने पनि अन्तमा विवाह गरिदियो । उत्तरा दयालु, दानी भगवान्‌को उपासिका थिइन् भने उसको लोग्ने धर्मकर्ममा मन नलगाउने थियो । जतिसुकै भने पनि दान शील पालन गर्न दिँदैन थियो ।

तब एक उपाय निकालेर माइतीबाट १५०० कार्षापण मगाएर एक सुन्दरी गणिका सिरिमालाई दिनको एकसय तिर्ने गरी ल्याएर लोग्नेको सेवामा राखिदिएपछि पन्ध्रदिनको लागि छुट्टि पाइन् । यसै मौकामा भिक्षुसंघलाई भोजन दान गर्दै शील पालन गरेर बसिन् ।

अन्तिम दिनको भोजनको लागि तयारी गर्न एकदिन अगाडि दासदासीसंग मिलेर काम गर्दै थिइन् । तब झ्यालबाट लोग्नेले देखेर 'कस्ती मूर्ख रहिछिन्, त्यस्ता मुण्डकको लागि दासीजस्ती भएर काम गर्छिन्' भनी विचार गर्दै मुस्कायो ।

त्यो देखेर 'कोसंग मुस्काउँछ ?' भनेर हेर्दा उत्तरा देखेर सिरिमालाई ईर्ष्या लाग्यो । तल गएर तातिएको घीउको कराही उठाएर उत्तरामाथि खन्याउन गइन् ।

उत्तराले देख्ने वित्तिक्कै 'मलाई उपकार गर्ने हुन्, त्यसैले ऊप्रति मेरो कुनै रिस छैन । उसको मंगल होस्' भनी मैत्री समाधिमा तल्लीन भइन् । तातो घीउले खन्याए



Downloaded from http://www.dhamma.digital

तापनि मैत्री समाधिको प्रभावले उत्तरालाई केही पनि भएन ।

'शायद यो कराहीको घीउ चीसो थियो होला' भनेर अर्को तातो कराही उठाउन जाँदा दासीहरूले देखेर 'हाम्री देवी जस्ती मालिक्नीलाई दुःख दिने' भनेर सिरिमालाई पिट्न थालिन् ।

'नपिट नपिट' भन्दै उत्तराले बचाइन् । तब मात्र सिरिमाको होश आयो र माफी माग्यो । उत्तराले पनि 'माफी माग्ने हो भने भोलि भगवान् बुद्धसंग माफी माग्नु' भनी सम्झाइन् ।

भोलिपल्ट सिरिमा आइन् र भगवान्संग माफी मागिन् । सारा कुरा सुनेर भगवान्ले साधुकार दिनुहुँदै भन्नुभयो ।

**अक्कोधेन जिने कोधं असाधुं साधुना जिने ।**

**जिने कदरियं दानेन सच्चेन अलिकवादिनं ॥(ध.प. १७/३)**

मैत्रीलै जित्नु क्रोधीलाई गुणले जित्नु अवगुणीलाई

दानले जित्नु कञ्जुसीलाई सत्यले जित्नु झूठालाई

धर्मदेशना सुनेर सिरिमा स्रोतापन्न भइन् । उपासिका बनिन् । वेश्यावृत्ति छोडिदिइन् । प्रत्येक दिन आठ जना भिक्षुलाई सलाक भोजन दान दिने गरिन् ।

**६. सुप्रवासा**

आयुष्मान् सीवलीकी आमा कोलिय कन्या सुप्रवासाको घरमा एकदिन भोजनको लागि जानुभयो । सुप्रवासा उपासिकाले आफैले भोजन पस्किएर दान गरिन् । भोजनपश्चात् भगवान् बुद्धले भन्नुभयो- 'सुप्रवासा ! भोजनदान गर्दा आयु, वर्ण, सुख, बल पनि दान दिएको हुन्छ । त्यसगरी दातालाई दिव्य, मानुषी आयु, वर्ण, सुख, बल प्राप्त हुन्छ ।

एक समय सीवली गर्भमा रहँदा प्रसव वेदना हुँदा बच्चा तेर्सो परेर बच्चा जन्माउन नसकी मृत्युसरह दुःख पाइन् । तब मर्ने निश्चित भएर आफ्नो लोग्नेलाई 'भगवान्काहाँ अन्तिम वन्दना गर्न' भनी पठाइन् । लोग्ने पनि दुःखीत मन लिएर भगवान्लाई भेटेर अभिवादन गरिसकेर सुप्रावासा कोलिय कन्याको पनि वन्दनाको साथै सारा दुःखको कुरा सुनायो ।

तब भगवान् बुद्धले- 'गृहत्याग गर्नु भएदेखि बहुजन हिताय बहुजन सुखाय कै लागि विचार गरेको छुं, कसैको पनि हानि सोचेको गरेको छैन । यस सत्य वचनले कोलिय कन्या सुप्रवासाको गर्भमंगल होस्' भनी अधिष्ठान गर्नुभयो । अधिष्ठान गर्नासाथ सुप्रवासाले सजिलै बच्चा जन्माइन् ।

यता भगवान्ले उपासकलाई 'सौम्य, जाऊ, उ प्रसन्न, स्वास्थ हुनेछिन्, पुत्ररत्न



Downloaded from http://www.dhamma.digital

प्राप्त होस्'भनी पठाउनुभयो । घरमा पुग्दा हर्ष खुशीयाली छाएको देखेर भगवान्ले गर्नुभएको अधिष्ठानले यो आश्चर्यचकित घटना घटेको भनेर सुनायो । तब प्रसन्न भएर कोलिय कन्या सुप्रवासाले एक सप्ताहको लागि भोजन निमन्त्रणा दिन फेरि लोग्नेलाई पठाइन् ।

भगवान्लाई भेटेर एक हप्ताको लागि भोजन निमन्त्रणा दिंदा 'एक हप्ताको लागि आयुष्मान् मौद्गल्यायनको उपस्थापक उपासकले भनिसकेको छ त्यसैले मौद्गल्यायनलाई भन्न जाऊ' भनी पठाउनुभयो ।

आयुष्मान् मौद्गल्यायनले पनि आफ्नो उपस्थापक उपासकलाई एक हप्तापछि भोजन गराउन भन्नुहुँदा उपासकले भन्यो- 'यदि तपाई एकहप्तासम्म मेरो मृत्युको र श्रद्धाको जिम्मा लिनुहुन्छ भने म एक हप्तापछि भोजन गराउने छु ।'

आयुष्मान् मौद्गल्यायनले भन्नुभयो- 'तिम्रो मृत्युको जिम्मा लिनेछु । तर श्रद्धाको लिन सक्दिन् ।'

तब प्रसन्न भएर त्यस उपासकले एक हप्तापछि भोजन गराउने निर्णय गऱ्यो ।

भोलिपल्ट भगवान् बुद्ध भिक्षुसंघसहित भोजनको लागि जानुहुँदा भोजनपश्चात् नयाँ जन्मेको बच्चाले सारिपुत्र भन्तेसंग कुराकानी गरेको देखेर सुप्रवासा उपासिका आनन्दित भएर छोरालाई हेरिरहिन् । तब प्रसन्न भएकी सुप्रवासालाई भगवान्ले सोध्नुभयो- 'के यस्तो छोरा अर्को पनि जन्माउन चाहन्छौ ?'

सुप्रवासा प्रसन्न हुँदै भनिन्- 'यस्तो छोरा अरु ५/६ जना भए पनि जन्माउने छु ।'

तब भगवान्ले भन्नुभयो- 'त्यत्रो प्रसववेदना भएको दुःखलाई विर्सेर मुर्खहरू फेरि फेरि दुःख पाउन तयार हुन्छन् ।'

**७. सुप्रिया**

वाराणसीवासी श्रेष्ठीकुलको सुप्रिय र सुप्रिया दुइ दम्पत्ति हुन् । सुप्रिया उपासिका रोगी भिक्षुहरूको सेवामा रत थिइन् । उनी एक विहारबाट अर्को विहारमा घुम्दै कसैलाई कुनै सेवाको आवश्यकता छ छैन ? हेर्दथिन् ।

एक दिन एक विमारी भिक्षुलाई देखिन् । उसलाई मासुको सुपको आवश्यकता थियो । 'ल्याइदिने छु' भनेर गइन् । घरमा गएर दासीलाई बजारमा मासु किन्न पठाइन् । तर बजारमा मासु कतै पाएन । त्यहीं खबर सुनायो । तब रोगी भिक्षुलाई औषधीको लागि अन्य मासु नपाएर छुराले आफ्नै तीघ्राको मासु काटेर त्यसको रस बनाएर भिक्षुलाई दिन पठाइन् । भिक्षुले त्यस रसलाई पिएर रोग निको गऱ्यो ।

यो कुरा भगवान्ले थाहा पाउनुभएर भिक्षाटनमा सुप्रियाको घर जानुभयो ।



Downloaded from http://www.dhamma.digital

सुप्रिय उपासकले देखेर भगवान्‌को पात्र लिएर घरभित्र ल्याएर भगवान्‌लाई आसनमा बसाउनुभएर भोजन दान गऱ्यो । भोजन दानमा सुप्रिया उपासिकालाई नदेख्नुभएपछि बोलाउन पठाउनुभयो । सुप्रिया उपासिका श्रद्धापूर्वक उठिन् । तत्क्षण नै घाऊ भरेर आयो । अति प्रसन्न भएर श्रद्धा विभोर हुंदै सुप्रिया आइन् र सारा कुरा बताइन् ।

भगवान् बुद्ध विहारमा जानुभएर त्यस भिक्षुलाई 'विनासोची मान्छेको मासुको रस पियौं। संसारमा श्रद्धालुहरू आफ्नो मासुसमेत दिन्छ। मासु खाँदा सोधेर खानुपर्छ भन्नुभयो। यसै प्रसंगमा विनय बनाउनुभयो- 'अब देखि मानिस, हाथी, घोडा, हाँस, सर्प, सिंह, बाघ, चितुवा, भालु, तरक्ष (Hyena) को मासु खानु हुन्न । खानेलाई दुक्कटको दोष लाग्ने छ ।'

**८. कात्यायनी**

काली उपासिकाकी साथी कात्यायनीले आयुष्मान् सोण कोटिकर्णले धर्मदेशना गरेको सुन्न आइन् । धर्मदेशना साँझमा भएको थियो । धर्मदेशना सुनेको समय पारेर चोरहरूले कात्यायनी उपासिकाको घरमा चोर पस्यो । चोरको नाइके चाहिं कात्यायनीले केही गर्ला कि ? भनेर कात्यायनीको छेउमा चुपचाप बस्यो कथा सुनेझैं गरेर ।

घरमा चोर देखेर दासी आएर भन्न आइन् । कात्यायनीले 'धर्मश्रवणमा बाधा नगर' भनी फर्काइदिइन् । फेरि 'चोर भित्र प्रवेश गरिसक्यो' भन्न आइन् । यसपल्ट पनि 'धर्मश्रवणमा बाधा नगर्नु' भनी पठाइन । दासी फेरि फर्केर आएर 'सारा सम्पत्ति लादैछन्' भन्न आइन् । तब कात्यायनीले हकार्दै 'धर्म श्रवणमा बाधा नदेऊ, त्यो भौतिक सम्पत्ति चोरे पनि मतलब छैन' भनिन् ।

यी सारा कुरा सुनिरहेको चोरको नाइकेको मनमा असर पऱ्यो । 'कस्तो त्यागी महिला रहिछ । यस्तोको सम्पत्ति चोर्नु हुन्न' भनेर, गएर आफ्ना साथीहरूलाई सारा कुरा सुनाउँर सारा सामानहरू जस्ताको तस्तै राख्न लगायो । फर्केर आएर सबै धर्म श्रवण गरेर बसे ।

भोलिपल्ट बिहान धर्मदेशना समाप्त भएपछि चोरको नाइकेले कात्यायनीको खुट्टामा वन्दना गर्दै माफी मागे। अन्तमा आयुष्मान् सोण कोटिकर्णसंग प्रव्रजित भएर गए। पछि भगवान्‌को योगबलले भन्नुभयो-

**मेत्ता विहारो यो भिक्खु पसन्नो बुद्धसासने ।**
**अधिगच्छे पदं सन्तं संखारूपसमं सुखं ॥ (ध.प. २५/९)**

मैत्री विहार गर भिक्षु प्रसन्न भएर बुद्धशासनमा ।
प्राप्त गरी शान्तिपद संस्कार उपशम गरेको सुख ॥



Downloaded from http://www.dhamma.digital

**सिञ्च भिक्खु इमं नावं सित्ताते लहुमेस्सति ।**
**छेत्वा रागञ्च दोसञ्च ततो निब्बानमेहिसि ।** (ध.प. २५/१०)

सिंच भिक्षु मिथ्यादृष्टि (नाउँ) लाई सिचेमा त्यो हलुका हुन्छ ।
भाँचेर राग र दोषलाई त्यसपछि निर्वाणप्राप्त गर ॥

**पञ्च छिन्दे पञ्च जहे पञ्चुत्तरिय भावये ।**
**पञ्च सङ्गतिको भिक्खू ओघतिण्णो ति वच्चति ॥** (२५/११)

पाँच भाचेर पाँच त्यागेर पञ्चउत्तर भावना गर ।
पाँच संयोजन मुक्त भिक्षु क्लेश (बाढी) उत्तीर्ण भनिन्छ ।

**झाय भिक्खु मा च पमादो, मा ते कामगुणे भमस्सु चित्तं ।**
**मा लोहगुलं गिली पमत्तो, मा कन्दि दुक्खमिदन्ति डय्हमानो ॥** (२५/१२)

ध्यान गर भिक्षु प्रमाद नगर कामगुणमा चित्त भ्रमण नगर ।
प्रमादी भई तातोफलाम नखाऊ, विलाप गर्दै दुःखीत हुनु नपरोस् ॥

**नत्थि झानं अपञ्ञस्स पञ्ञा नत्थि अज्झायतो ।**
**यम्हि झानञ्च पञ्ञञ्च स वे निब्बाण सन्तिके ॥** (२५/१३)

अप्रज्ञानको ध्यान हुँदैन प्रज्ञा छैन अध्यामीको ।
जस्को हुन्छ ध्यान प्रज्ञा ऊ नै निर्वाणको नगिच ॥

**सुञ्ञागारं पविट्ठस्स सन्त चित्तस्स भिक्खुनो ।**
**अमानुसीरती होति सम्मा धम्मं विपस्सतो ।** (२५/१४)

शून्यागारमा प्रवेश गरेका शान्त चित्त भिक्षुहरू ।
अमानुषी रती हुन्छन् सम्यक्धम्म ज्ञान पाएर ॥

**यतो यतो सम्मसति खन्धानं उदयब्बयं ।**
**लभति पीति पामोज्जं अमतं तं विजानतं ॥** (२५/१५)

जति जति सम्यक्स्मृति स्कन्धको उत्पत्ति विनाश ।
पाउंछ त्यति प्रीति पामोद्य अमृत उसले जानेर ॥

**तत्रायमादि भवति इध पञ्ञस्स भिक्खूनो,**
**इन्द्रियगुत्ति सन्तुट्ठि पातिमोक्खे च संवरो ।**
**मित्ते भजस्सु कल्याणे सुद्धा जीवे अतन्दिते ॥** (२५/१६)

जहाँ यी शुरुमा हुन्छ यहाँ प्रज्ञायुक्त भिक्षुले,
इद्रियसंमय, सन्तोष, प्रातिमोक्षमा संवर ।



Downloaded from http://www.dhamma.digital

संगत गर्नु कल्याण मित्रको शुद्धाजीव आलश्यरहित ॥

**पटिसन्थार वुत्यस्स आचार कुसलो सिया ।**

**ततो पामोज्ज बहुलो दुक्खस्सन्तं करिस्सति ॥** (२५/१७)

मैत्री सत्कार गर्न जान्नेको आचार कुशल गरेर ।

त्यसपछि पामोद्य बहुल भएर दुःख शान्त गर्नेछ ॥

यो उपदेश सुनेर ती सबै भिक्षुहरू आस्रवक्षय गरेर अरहन्त भए। ती सबै भिक्षुहरू तत्क्षण आकाशमार्गबाट गएर जेतवनमा पुगेर भगवान्को खुट्टामा वन्दना गरे ।

### १०. कुररघरकी काली

आयुष्मान् सोण कोटिकर्णकी आमा जब गर्भवती थिइन् तब कुररघरबाट माइती राजगृह आइन् । एक दिन छतमा बसिरहँदा सातागिरि यक्ष र हेमवत यक्षहरू भगवान् बुद्धको प्रशंसा गर्दै थिए। त्यो सुनेर र त्यस समय भगवान्को उपदेश सुनेर उनी स्रोतापन्न भइन् । त्यसै रात सोण कोटिकर्णको जन्म भयो ।

पछि कुरर घर फर्किएर आइन् । आयुष्मान् कात्यायनको धर्मदेशना सुनिन् । सोण कोटिकर्ण पनि प्रव्रजित भयो । भगवान्लाई भेट्न जाँदा काली उपासिकाले एक कम्बल दिएर पठाइन, जुन जेतवन विहारमा बिछ्याइयो ।

एकदिन एक विहान सोण कोटिकर्णले भगवान्लाई पाठ सुनाउँनु भयो । भगवान् प्रसन्न हुनुभएर साधुकार दिनुभयो । त्यसैले अन्य देवताहरूले पनि साधुकार दिए । यही प्रसंगमा कालीको घरमा रहेको देवताले पनि साधुकार दियो । कालीले देवतासंग कारण सोध्दा आफ्नो छोराले भगवान्लाई पाठ सुनाउँको कुरा थाहा पाइन् ।

आयुष्मान् सोण कोटिकर्ण फेरि फर्केर आउनुभयो । तब आमा कालीले भनिन्- 'सोण ! मलाई त्यसरी नै धर्मदेशना गर जसरी तिमीले भगवान्को अगाडि गरेको थियौ ।' उहाँले पनि धर्मदेशना गर्ने स्वीकार गर्नुभयो ।



Downloaded from http://www.dhamma.digital

# ४४ औं वर्षावास
## श्रावस्ती, पूर्वाराम
(वर्ष ७७- बु.स.पूर्व ३)

**धम्मचेतिय सुत्त**

मज्झिमनिकाय (२/४/९) अनुसार यस्तो मैले सुने- एक समय भगवान् शाक्य देशमा मेतलूप शाक्यहरूको निगममा विहार गर्नुहुन्थ्यो। त्यस समय प्रसेनजित राजा कुनै कामले त्यहाँ आएको थियो। 'भगवान् आउनुभएको छ' भनी सुनेर दीर्घकारायणलाई रथ तयार गर्न लगाएर भगवान्काहाँ गएर भेट्न गयो। भेट्न जानअघि आफ्नो खड्ग र उष्णधि (शाही चिन्हहरू) दीर्घ कारायणलाई दियो। भगवान्लाई भेटेर खुट्टामा वन्दना गरेर खुट्टा चाट्ने सुमसुम्याउने गऱ्यो।

भगवान्ले 'किन यसरी विचित्र उपहार प्रदर्शन गर्छौ ?' भनी सोध्नु भयो।

जवाफमा भन्यो- 'भगवान्को धर्म स्वाख्यात छ, संघ सुमार्गमा आरुढ छ। अन्यपन्थहरूमा केहीवर्ष ब्रह्मचर्य पालन गरेर पनि फेरि पञ्चकाम गुणमा तल्लिन हुन्छ। तर आर्यश्रावकहरू जीवनभर परिसुद्ध ब्रह्मचर्य पालन गर्छन्।'

'मानिस मानिसमा झगडा गर्छन्, राष्ट्र, व्यापार, नाता भन्दैन। तर यहाँ समग्र, संमोदमान, विवादरहित, दूधपानी भएर मैत्री चक्षुले हेर्दै विहार गर्छन्। यस्तो परिषद बाहिर देखिँदैन।'

'बाहिरका श्रमणहरू दुब्लो, पहेंलो, दुर्वर्ण देख्छु मानौं मन नपरी ब्रह्मचर्य पालन गर्दैछन्। कसैको के रोग, त कसैको के रोग लागेको हुन्छ। तर यहाँका श्रावकहरू हृष्टपुष्ट, प्रसन्न इन्द्रिय, उत्सुकतारहित, भयरहित मृदुचित्तले विहार गर्छन्।'

'क्षेत्रिय राजाभएको नाताले मार्न योग्यलाई मार्छु, देश निकाला गर्न योग्यलाई देश निकाला गर्छु। तर पनि मेरो सभामा मानिसहरू कुराकानी गर्दा बीचबीचमा कुरा काट्छन्। तर यहाँ धर्मदेशना गर्दा खोक्ने आवाज पनि सुनिन्दैन। एकपल्ट धर्मदेशना सुनिरहेको बेला एक श्रावकले खोक्यो। अर्को भिक्षुले घुँडाले छुएर भन्यो- 'आयुष्मान् निशब्द होऊ ! नखोक, शास्ता धर्मदेशना गरिरहनुभएको छ।' कस्तो अचम्म ! विनादण्ड, विनाशस्त्रको विनययुक्त परिषद।'

'बाहिर आफूलाई विद्वान भन्नेहरू अर्कोको मतलाई शास्त्रार्थ गरी टुक्राटुक्रा



Downloaded from http://www.dhamma.digital

गरिदिन्छ । श्रमण गौतम आउँदैछ भन्ने सुनेर 'यो यो सोध्ने' भनेर पहिले नै तयार भइबस्छ । तर भगवान्संग भेट हुँदा धर्मदेशना सुनेर प्रव्रजित हुन्छन्, वादविवाद गर्ने त कहाँ हो काहाँ ? प्रव्रजित भएर आस्रवक्षय हुन्छन् । तब उनीहरूको आफ्नै पुरानो मतको आलोचना गर्छन् ।'

'अरु त परै जाओस्, यो ऋषिदत्त र पुराण स्थपति मेरै भारदार हुन् । म उनीहरूको जीवन प्रदाता हुँ, यशका दाता हुँ । तर पनि उनीहरू मेरो त्यति सम्मान गर्दैनन् जति भगवान्को गर्छ । एकपल्ट कतै बाहिर जाँदा एकरात आवासथमा वास बस्दा ऋषिदत्त र पुराण स्थपति धेरै रातसम्म भगवान्को शिक्षामा छलफल गरेर, पछि जुन दिशातिर भगवान् हुनुहुन्थ्यो, त्यतैतिर सिरानी गरेर मेरोतर्फ खुट्टा पारेर सुते ।'

'फेरि भन्ते ! हामी दुबै क्षत्रिय हौं, कोसल हौं, अस्सी वर्षका हौं ।'

राजा प्रसेनजित गएपछि भगवान्ले भिक्षुहरूलाई भन्नुभयो- 'राजा प्रसेनजितले धर्मचैत्यको भाषण गरेर गयो । धर्मचैत्यलाई सिख, धारण गर । यो सार्थक र शुद्ध ब्रह्मचर्यको लागि हो ।'

### विडूडभ चरित्र

राजा प्रसेनजितले भिक्षुसंघको विश्वास जित्न भगवान्को नातेदार हुने चाहनाले शाक्यकुलको कन्या विवाह गर्न कपिलवस्तु मान्छे पठाए । शाक्यहरूले पनि 'दिउँ भने तल्लो कुलको, नदिउँ भने नाश गरिदिने' भन्ने डरले महानामको दासीबाट उत्पन्न सुन्दरी वासभखत्तिया थिइन्, उसैलाई विवाहको लागि पठाउने निर्णय गरे । 'शाक्यहरू छली हुन्छन्' छलेर शाक्य कन्या नदिएर दासी कन्या दिएर पठाउला, त्यसैले आफ्ना बाबासंग बसेर खाने गरी परीक्षा गरी लिएर आउनु' भनेर पनि पठाएकोले राजपुरुषले बाबासंग खाना खुवाएर मात्र लाने भन्यो । शाक्यहरूले पनि वासभखत्तियालाई सारा कुरा सिकाएर महानामसंग खानाको लागि बसायो । तर खाना खाने बेलामा महानामलाई 'सरकार काम छ' भनी बाहिर लग्यो । यसरी संगसंगै खुवाएको अभिनय गर्दा राजपुरुषले शाक्यकन्या नै हो भनेर विश्वास गऱ्यो ।

राजा प्रसेनजितको वासभखत्तियासंग विवाह भयो र इज्जतसंग राख्यो । उसबाट विढूडभ छोरा जन्मियो । उसलाई पनि युवराज पद दियो । ठूलो भएर विडूडभ मावली जाने जिद गरेर कपिलवस्तु गयो । वासभखत्तियाले समाचार पहिले नै पठाइन् । तयारी गरे अनुसार कपिलवस्तुमा आफूभन्दा ठूला मात्र छन्, आफुले ढोग्नु पर्नेहरू तर आफूलाई ढोग्ने सानाहरू भने कोही पनि छैनन् । सोध्दा 'उनीहरू गाउँ घुम्न गएका छन्' भने । यसरी केही दिनको सत्कारपछि विडूडभ राजकुमार साथीहरूसहित फर्किए । तर तलवार लिन



Downloaded from http://www.dhamma.digital

बिर्सेकोले एक साथीलाई लिन पठायो। जाँदा एक दासीले विढ्डूभ बसेको आसनहरू दूधले धुँदै 'यो वासभखत्तिया दासीको पुत्र बस्ने आसन हो' भन्दै गरेकी कुरा सुन्यो र गएर विढ्डूभलाई सुनायो। तब विढ्डूभ रिसाएर 'उनीहरू म बसेको आसनलाई दूधले धुन्छन्, म उनीहरूको रगतले धुन्छु' भनेर इवी लियो।

यो कुरा राजा प्रसेनजितले पनि थाहा पाएर वासभखत्तियालाई रानीबाट र विढ्डूभलाई युवराज पदबाट हटाइदियो। यस विषयमा भगवान्ले राजा प्रसेनजितलाई भन्नुभयो- 'शाक्यहरूले अयुक्त काम गऱ्यो। वासभखत्तिया राजकन्या हो। क्षत्रिय राज्यमा उसले अभिषेक पाएकी छिन्। विढ्डूभ पनि क्षत्रिय राजपुत्र हो, आमाको गोत्रले के गर्छ ? पिताको गोत्र नै प्रमुख हुन्छ।' यो सुनेर प्रसन्न भएर राजा प्रसेनजितले आमा छोरा दुबैलाई फेरि सम्मान गऱ्यो।

### दीर्घकारायण चरित्र

धम्मपद अट्ठकथा (४/४) अनुसार यस्तो मैले सुने- श्रावस्तीको कोसल राजाको छोरा प्रसेनजित वैशालीको लिच्छवी कुमार, कुशीनाराको बन्धुल मल्ल राजपुत्र तीनजना दिशा प्रामोक्ष आचार्यसंग शिल्पविद्या सिक्न तक्षशिला जाँदा एक आपसमा भेटभएर मित्र बने। शिक्षा समाप्त गरी फर्केर प्रसेनजित कोशलको राजा भयो। लिच्छवी कुमारले शिल्प प्रदर्शन गर्दा आँखा फुट्दा लिच्छवीहरूले सेवा गरी राखे। बन्धुल राजकुमारको शिल्प प्रदर्शन गर्न मल्लराजकुलहरूले एउटा बाँसभित्र फलामको छड राखेर साठी बाँसहरूको मुठा बनाएर एकै चोटी आँख्ला आँख्लामा काट्नु भने। बन्धुल राजकुमारले पनि उफ्रेर आँख्ला आँख्ला काट्दै जाँदा अन्तमा 'क्रिक' आवाज सुनेर फलाम लुकाएको थाहा पाएर दुःखीत हुँदै भन्यो- 'मेरो जातिकुलमा मलाई माया गर्ने कोही रहेनछ। नत्र मलाई पहिला नै भनेको भए म आवाज ननिकालिकन काटिदिन्थे। तब मल्लराज्य त्यागेर राजा प्रसेनजितकाहाँ गएर सेनापति भएर काम गऱ्यो।'

बन्धुल सेनापतिकी स्वास्नी मल्लिका देवीको धेरै समयसम्म बच्चा भएन। बच्चा भएन भनेर माइति पठाइदियो। माइत जाँदा बाटोमा भगवान्लाई भेट्दा 'माइति जानुपर्दैन, घर फर्क' भनी भन्नुभयो। त्यसपछि मल्लिका देवी गर्भवती भइन र दोहद उत्पन्न भयो- वैशाली नगरमा गणराज्यको अभिषेक पोखरीमा उत्रेर नुहाएर पानी पिउने। यो कुरा सुनाउँदा बन्धुल सेनापतिले जबरजस्तकडा पहारा दिएको भए तापनि जबरजस्ति पसेर मल्लिका देवीलाई पोखरीमा नुहाउन लगाएर पानी पिलाएर फिर्ता ल्यायो। बन्धुल सेनापतिलाई लखेटेर आक्रमण गर्न खोज्ने मल्लहरू सबै मारिए। मल्लिका देवीले जुमल्याहा बच्चा जन्माइन्। पछि फेरि जन्माईन्। यसरी नै १६ वेतमा ३२ जना छोराहरू जन्माइन जो एकभन्दा अर्को पराक्रमी



Downloaded from http://www.dhamma.digital

थिए । पछि सबैलाई राजा प्रसेनजितले काम दिए ।

एकदिन बन्धुल सेनापति घर फर्किंदा बाटोमा मानिसहरू 'अन्याय भयो न्याय गरि दिनुहोस्' भनी बन्धुल सेनापतिलाई रोकेर कराउँदा बन्धुल सेनापति गएर न्याय गरिदियो । यो कुरा थाहा पाएर राजा प्रसेनजितले बन्धुललाई नै न्यायाधीश पनि बनाइदियो । पछि ती रिसाएका न्यायाधीशले षडयन्त्र गर्दा गर्दै एकदिन 'बन्धुल र बन्धुलका ३२ जना छोराहरूले सबैलाई प्रभावित गर्दै राज्य लिने योजना गरेको छ' भनी चुक्लि गर्दा राजा प्रसेनजितले विश्वास गरेर 'सिधा मार्नु नभएर प्रत्यन्त गाउँमा विद्रोह भएको छ, दमन गरेर आऊ' भनी छोराहरूसहित पठायो । बाटोमा बाबा छोराहरू सबैलाई घात गरेर मारिदियो ।

पछि गुप्तचरहरूले उनीहरू निर्दोष भएको कुरा सुनाउँदा राजा प्रसेनजितले मल्लिका देवीसंग माफी माग्न गए । मल्लिका देवी ३२ जना बुहारीहरूलाई माइति पठाइदिइन् र आफू पनि माइति कुसिनारा गईन् । राजाले बन्धुलको भाञ्जा दीर्घ कारायणलाई सेनापति पद दियो ।

दीर्घ कारायणलाई आफ्नो मामा बन्धुल सेनापति र उनका ३२ जना छोराहरू मारिदिएकोमा इवि थियो । यहि इवी सांध्ने अशल मौका छोपेर आफ्नो हातमा राजकीय चिन्हहरू (छत्र, व्यञ्जन, उष्णीव, खड्ग र पादुका) राजा प्रसेनजितले एकक्षण लिनको लागि दिएको बेला सीधा त्यहाँबाट श्रावस्ती गएर विढ्डूभलाई सिंहासनमा राखेर राजा घोषित गरिदियो । राजा भगवान्लाई भेटेर फर्किंदा एउटा घोडा र एकजना सेविकाबाहेक अरु कोही देखेन । तब भाञ्जा अजातशत्रुको सहयोग लिएर विढ्डूभलाई पक्रने योजना बनाउँदै राजगृह जाँदा साँझको नगरद्वार बन्द भएकोले बाहिर धर्मशालामा नै रात बिताउनुपर्‍यो । बाटोमा जाँदा कुभोजन गरेर धेरै पानी पिएको कारण सुकुमार राजालाई अपच भएर एक दुइपल्ट झारा पिसाप भएर पछि खातखुट्टा नचलेर सेविकाको काखमा राती त्यहीं मृत्यु भयो । राजा अजातशत्रुले मामाको शरीरक्रिया गर्‍यो ।

विढ्डूभले राज्य पाएर पहिलेको इवी सांध्ने सोचेर कपिलवस्तुमा आक्रमणको तयारी गर्‍यो । यो थाहा पाएर भगवान् बुद्ध राज्य सीमानामा एक छेउ एक नाङ्गो रुखमुनि बस्नुभयो । विढ्डूभले देखेर भगवान्लाई अभिवादन गरिसकेपछि 'यस्तो गर्मीको समयमा 'किन यहाँ बस्नुभएको ?' भनी सोध्दा 'भाइवन्धुको छायाँ शीतल हुन्छ' भन्नुभयो । भगवान्ले आफन्तको रक्षा गर्न चाहेको मनसाय बुझेर विढ्डूभ फर्कियो । फेरि दोश्रोपल्ट, तेश्रोपल्ट पनि यसरी नै भगवान्को कारणले विढ्डूभ फर्कियो । तर चौथो पटक भगवान् जानुभएन र त्यसै बेला कपिलवस्तुमा आक्रमण गरेर 'जसले शाक्य हुँ भन्छ, उसलाई मार्नु' तर महानामसंग उभिनेहरूलाई जीवनदान गर्नु' भनी आदेश दियो । शाक्यहरूलाई पक्रेर 'तिमी



Downloaded from http://www.dhamma.digital

को हौ ?' भनी सोध्दा ज्यान बचाउन कसैले दाँतमा सिन्का कसैले नल च्यापेर दबिएको स्वरमा 'शाक होइन नल हो' भने । महानामसंग रहेकाहरूबाहेक सबैको ज्यान गयो र कपिलवस्तु तहसनहस भयो । बाँचेकाहरूमध्ये नल भन्नेहरू नलशाक्य र तृण पक्रनेहरू तृणशाक्य भनिए । विढ्डूभले पनि शाक्यहरूको रगतले आसन धुन लगायो । तर राती अचिरवती नदीमा भिषण बाढी आयो र विढ्डूभहरू पनि सारा मरे ।

**सामगाम सुत्त**

मज्झिमनिकाय (३/१/४) अनुसार यस्तो मैले सुने- एक समय भगवान् शाक्यहरूको सामगाममा विहार गर्नुहुन्थ्यो । त्यस समय निर्ग्रन्थनाथपुत्र हालै पावामा मृत्यु भएको थियो । उसको मृत्युपछि जैन साधुमा शिक्षा विषय लिएर विवाद चर्केर उपासकहरूबीच पनि विवाद भयो । यो कुरा थाहा पाएर पावामा वर्षावास बस्नुभएको आयुष्मान् चुन्द समणुद्देस सामगाममा जानुभएर आयुष्मान् आनन्दसहित भगवान्लाई सुनाउँनु जानुभयो । भगवान्ले समाचार सुनिसक्नुभएपछि भन्नुभयो- 'के मैले साक्षात्कार गरी उपदेश गरेको धर्म चार स्मृतिप्रस्थान, चार सम्यक्प्रधान, चार ऋद्धिपाद, पांच इन्द्रिय, पांच बल, सात बोध्यंग, आठ आर्य अष्टाङ्गिक मार्गहरूमा भिक्षुहरूको मतभेद छ ।'

विवादको यी छ मूल छन्-

जो भिक्षु १) क्रोधी पाखण्डी हुन्छ ऊ बुद्ध धर्म संघमा गौरवरहित विहार गर्दै त्रुटि गर्दै हिंड्छ ।

२) मर्षी पलासी हुन्छ ।

३) ईर्ष्यालु मात्सरी ।

४) शठ मायावी ।

५) पापेच्छुक, मिथ्यादृष्टिक ।

६) दृष्टि परामर्षी, आधान ग्राही । यिनैले विवाद बढाएर बहुजनको अहित असुखको लागि हुन्छ ।

यी चार अधिकरण हुन्-

१) विवाद अधिकरण

२) अनुवाद अधिकरण

३) आपत्ति अधिकरण

४) कृत्य अधिकरण ।

यी सात अधिकरण शमथ हुन्छ, जसलाई जब झगडाको उपशम गर्नको लागि दिनुपर्छ-



Downloaded from http://www.dhamma.digital

### १) सम्मुख विनय

जब भिक्षु धर्म अधर्म विनय वा अविनयको विषयमा विवाद उठाउँछ तब सबै भिक्षुहरूलाई एकत्रित गराएर धर्मरूपी ज्ञानले परीक्षण गर्नुपर्दछ र अधिकरणलाई शान्त गर्नुपर्छ । यसलाई सम्मुख विनय भनिन्छ ।

### २) स्मृति विनय

एक भिक्षुले अर्को भिक्षुप्रति पाराजिक आदि आपत्ति लगाउँदा 'स्मरण गर आवुसो तिमी आपत्तिले दोषी भएका छौ' भन्नुपर्छ । उत्तरमा 'मलाई थाहा छैन मैले त्यस्तो कुनै गरुक (ठूलो) अपराध गरेको ।' यसलाई स्मृति विनय भनिन्छ ।

### ३) अमूढ विनय

स्मृति विनयअनुसार मौका दिंदा आरोपित भिक्षुले भन्छ- 'म पागल भएको थिएं, मतिभ्रम भएको थिएँ । त्यसबेला श्रमण विरुद्ध आचरण गरेको भाषण गरेको स्मरण छैन । मूढ बेहोस भएर, मैले गरें ।' यसलाई अमूढ विनय भनिन्छ ।

### ४) प्रतिज्ञात विनय

कसैले आरोपित भए पनि नभए पनि आफ्नो दोषलाई स्मरण गर्दछ । उसले जेठो भिक्षुकाहाँ गएर भन्नुपर्छ- 'भन्ते ! मैले यस आपत्ति दोष गरें । त्यसको प्रतिदेशना (निवेदन) गर्दछु ।' 'देख्छौ त ?' 'देख्छु ।' त्यसो भए 'भविष्यमा संयम गर्नु' 'हवस् संयम गर्छु' भन्नुपर्दछ । यसलाई प्रतिज्ञात विनय (गल्ती स्वीकार) भनिन्छ ।

### ५) यद्भूयसिक विनय

जब कुनै अधिकरणलाई आफ्नो विहारमा शान्त गर्न नसक्दा आफ्नो विहारलाई छाडेर जहाँ धेरै भिक्षुहरू छन्, त्यहाँ गएर धर्मरूपी नेत्रले छानविन गर्नुपर्दछ । यसलाई यद्भूयसिक विनय भनिन्छ ।

### ६) तत्पापीयसिक विनय

जब आरोपित भिक्षुलाई गरुक दोषारोपण बारे सोध्दा सुरुमा 'थाहा छैन' भन्छ । तर पछि गएर 'सानो दोष थाहा छ' भनी स्वीकार गर्छ । तब दवाव दिंदै जाँदा 'हो मैले गरुक आपत्ति



Downloaded from http://www.dhamma.digital

गरेको छुं। प्रमादले मैले स्मरण गर्न सकिंन भने' भनेर स्वीकार गर्दछ। यसरी यसको अरु ठूलो आपत्ति हुनसक्छ भन्ने अर्थमा तस्सु पापीयसिका विनय भनिन्छ।

### ७) तिणवत्थारक विनय

जब झगडिया विवादी भिक्षुहरू श्रमण आचरण विरुद्ध काम गर्छन्। उनीहरू सबैलाई एक राय एकत्रित भएर एक पक्षको चतुर भिक्षुले उठेर संघलाई ज्ञापित गर्नुपर्छ- 'जो हामीमा झगडा विवाद छ त्यसलाई बयान गरुँ' भन्नुपर्छ। त्यसैगरी अर्को पक्षले भन्नुपर्छ। यसरी घाँसले छोपेझैं भन्ने अर्थमा तिष्ण वत्थारक विनय भनिन्छ।'

'यी ६ धर्म सारणीय, प्रियकरण, गरुकरण हुन्, संग्रह, अविवाद, सामग्री (एकता) को लागि हुन्छ। जस्तै-

१) एक आपसमा मैत्रीयुक्त कायिककर्म।

२) मेत्रीयुक्त वाचिक कर्म।

३) मैत्रीयुक्त मानसिक कर्म।

४) धार्मिकरूपमा प्राप्त वस्तुहरूलाई बाँडेर उपभोग गर्नु।

५) अखण्ड शीलमा शील श्रमण भावमा युक्त भएर भिक्षुहरूसंग विहार गर्नु।

६) सम्यक्दृष्टियुक्त भएर भिक्षुहरूसंग विहार गर्नु।

भगवान्को भाषणलाई भिक्षुहरूले अभिनन्दन गरे।

### संगीति परियाय सुत्त

दीघनिकाय (३/१०) अनुसार यस्तो मैले सुने- एक समय ५०० महाभिक्षुसंघसहित भगवान् मल्ल देशमा चारिका गर्नुहुँदै पावामा पुग्नुभएर चुन्द कर्मार पुत्रको आम्रवनमा विहार गर्नुहुन्थ्यो।

त्यस समय पावावासीहरूले हालै तयार गरेको नयाँ संस्थागार उद्घाटन गर्न जानुभयो र धेरै रातसम्म धर्मदेशना गर्नुभयो। पावावासीहरू गइसकेपछि भगवान्ले भन्नुभयो- 'सारिपुत्र, भिक्षुसंघ आलश्यरहित छ। भिक्षुहरूलाई धर्मदेशना गर। मेरो पीठ्यू दुखीरहेको छ' म आराम गर्छु।

*अर्थकथाअनुसार ७ वर्षको दुष्कर चर्याको कारणले भगवान्को पीठ्यूंमा वाथरोग भएको थियो। त्यसैले बूढेशकालमा पीठ्यूं दुख्ने गर्दथ्यो।*

आयुष्मान् सारिपुत्रले भन्नुभयो- 'भिक्षुहरू हालैमा निर्ग्रन्थनाथपुत्रको मृत्यु भएको



Downloaded from http://www.dhamma.digital

छ। निर्ग्रन्थहरू शिक्षा विनय विषय लिएर विवाद गर्दै दुइ भागमा विभाजित भएका छन्। गृहस्थहरू पनि विभाजित भएका छन्। तर तथागतको धर्म सुआख्यात छ, सुप्रवेदित छ, नैर्याणिक, उपशम संवर्तनिक छ, सम्यक् सम्बुद्ध प्रवेदित छ। विवाद गर्नु हुन्न, जसले गर्दा ब्रह्मचर्य चिरकालसम्म बहुजन हितको लागि सुखको लागि लोकको अनुकम्पाको लागि, देवमनुष्यहरू हितसुखको लागि हुनेछ।'

उहाँ भगवान्ले एक धर्म ठीक तरिकाले बताउनुभएको छ। त्यो हो 'सारा प्राणी आहारमा स्थित छ। दुइ धर्म नामरूप। तीन धर्म तीन अकुशल मूल। चार धर्म चार आर्यसत्य। पांच धर्म पञ्चस्कन्ध। ६ धर्म ६ आयतन । ७ धर्म सात बोध्यंग। आठ धर्म आठ आर्य अष्टाङ्गिक मार्ग। ९ धर्म नौ सत्वआवास। १० धर्म दश अंगले सम्पन्न अरहन्त।

भिक्षुहरूले आयुष्मान् सारिपुत्रको भाषणलाई अभिनन्दन गरे।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# ४५ औं वर्षावास
## श्रावस्ती, जेतवन
## (वर्ष ७८- बु.स.पूर्व २)

सारिपुत्र परिनिर्वाण

संयुक्तनिकाय (४५/२/३) अनुसार यस्तो मैले सुने- एक समय भगवान् श्रावस्तीको जेतवन विहारमा विहार गर्नुहुन्थ्यो । त्यस समय आयुष्मान् सारिपुत्र मगधमा नालक गाउँमा रोगग्रस्त भई विहार गर्नुहुन्थ्यो ।

आयुष्मान् सारिपुत्रले आमाको मिथ्याधारणा हटाउने उद्देश्यले जन्म लिएको कोठामा गएर परिनिर्वाण हुने इच्छाले चुन्द स्थविरलाई ५०० भिक्षुहरूलाई साथमा लिन लगाएनुभएर 'यो अन्तिम दर्शन हो' भनी भगवान्लाई भेट्नुभएर वन्दना गर्नुभएपछि भन्नुभयो- 'भन्ते ! भगवान् अनुज्ञा दिनु होस्, मेरो परिनिर्वाण काल हो, आयुसंस्कार समाप्त भयो ।' मगधदेशको नालकगाउँमा मेरो जन्मघरमा परिनिर्वाण हुनेछु। भगवान्को चरणको वन्दना गर्दै भन्नुभयो- 'यस चरणको वन्दनाको लागि हजारौं कल्प भन्दा ज्यादा असंख्य पार मिता पुरा गरें। मेरो मनोरथ पूर्ण भयो। अब निर्वाणपुर जानेछु। यदि मेरो कायिक वाचिक कर्म भगवान्लाई रुचेको छैन भने भन्नुहोस् क्षमा याचना गर्दछु ।'

'सारिपुत्र, तिमीलाई क्षमा गर्दछु। तिम्रो कुनै पनि कर्म मलाई मन नपरेको छैन ।'

आयुष्मान् सारिपुत्र उठ्नुहुँदा उहाँको सम्मानमा भगवान् पनि उठ्नुभयो । तब उहाँको तीनपल्ट प्रदक्षिणा गर्नुभएर भन्नुभयो- 'आजभन्दा असंख्य सयहजार कल्पअगाडि अनोमदर्शी सम्यक् सम्बुद्धको पादमूलमा पक्रेर तपाईंको दर्शनको प्रार्थना गरेको थिएँ। त्यो बुद्धको प्रथम दर्शन थियो र यो अन्तिम दर्शन हो। अब फेरि दर्शन हुने छैन।' भगवान्लाई पिठ्यूं नदेखाई पछाडि सर्नुहुँदै वन्दना गर्दै जानुभयो ।

भगवान्ले भिक्षुहरूलाई भन्नुभयो- 'भिक्षुहरू आफ्नो ज्येष्ठ दाजुको अनुगमन गर ।'

त्यस समय सम्यक् सम्बुद्धलाई छाडेर सारा भिक्षु भिक्षुणी उपासक उपासिका जेतवनबाहिर निस्के । परिनिर्वाणको समाचार सुनेर श्रावस्तीवासी पनि आए । पछि सवैलाई फर्काउनुभयो र आफ्ना ५०० भिक्षु शिल्पसहित जन्मघर नालन्दा गाउँ पुग्नुभयो। भाञ्जा उपरेवतलाई आफ्नी आमालाई भनेर जन्म भएको कोठा सफा गर्न लगाउनुभयो ।'

'जवानीमा प्रव्रजित भएर बुढेशकालमा गृहस्थ हुन आएको' भनी सोच्दै आमाचाहिले कोठा सफा गरिदियो ।



Downloaded from http://www.dhamma.digital

आयुष्मान् सारिपुत्र पनि आफ्नो जन्मकोठामा बस्नुभयो भने अन्य भिक्षुहरू अन्यस्थानमा। परिनिर्वाणको समाचार सुनेर चतुमहाराजिका देवताहरू भेट्न आए। त्यसपछि देवराज इन्द्र आयो। त्यसपछि महाब्रह्मा‌हरू आए। आमाले ती देवता, ब्रह्माहरूले आफ्नो छोरालाई वन्दना गरेको देखेर 'को हुन् ?' भनी सोधिन्।

आयुष्मान् चुन्दले यथार्थ बताउंनुभयो।

तब रोमाञ्चित हुँदै छोरालाई भेटेर भनिन् 'के तिमी मेरा महाब्रह्माहरू भन्दा पनि ठूलो हौ ?'

'हो उपासिका।'

'मेरो छोराको यस्तो सामर्थ्य' भन्दै खुशी हुँदा सारा शरीरभरि प्रीति उत्पन्न भयो।

त्यही मौका पारेर 'मेरो शास्ताको गुण महाब्रह्माभन्दा महान छ' भन्नुहुँदै धर्मदेशना गर्नुहुँदा आमा स्रोतापन्न भइन्।

पछि 'यस्तो अमृत ज्ञान मलाई किन ढीलो गरी दिएको' भनिन्।

'मेरी आमाप्रतिको ऋण चुक्ता गरें' भनी सम्झनुभएर भिक्षुसंघलाई जम्मा गराउनुभएर भन्नुभयो- 'तिमीहरूले मसंग विचरण गरेको चौवालिस वर्ष भइसक्यो। कसैलाई मेरो कुनै अरुचिकर छ भने त्यसलाई क्षमा गर।'

भिक्षुहरूले पनि 'केही पनि देखेको छैन। बरु हाम्रो देख्नुभएमा क्षमा गर्नोस्' भने।

तब धर्मसेनापति शास्ताजस्तै नौ समापत्ति ध्यानलाई अनुलोम प्रतिलोभ गरेर, प्रथमध्यानदेखि चतुर्थध्यानसम्म गर्नुभई र चतुर्थ ध्यानबाट उठ्ने विक्तिकै परिनिर्वाण प्राप्त भयो।

मानिसहरूले सात दिन उत्सव मनाएर सारा गन्धयुक्त गरी चिता जलाइयो। रातभर धर्मदेशना भयो। अनिरुद्ध महास्थविरले चिता बुझाउनुभयो। चुन्द स्थविरले धातुहरूलाई लिएर भगवान् बुद्धलाई देखाउन लानुभयो। पहिले आफ्नो उपाध्याय धर्मभण्डागारिक आयुष्मान् आनन्दकाहाँ र पछि भगवान्लाई देखाउनुभयो। भगवान्ले अस्थिधातुको पोकालाई हातमा लिएर भन्नुभयो–

'जुन भिक्षुले एकदिन अगाडि प्रातिहार्यसहित परिनिर्वाणको अनुमति माग्यो उसैको यो शंखवर्ण अस्थिधातु हो। हजारौं कल्पअघिदेखि पारमिता पूर्णगर्दै भिक्षु भएर मेरो प्रव्रजित धर्भचक्रलाई अनुप्रवर्त्तन गर्ने यो भिक्षु महाप्रज्ञावान अल्पेक्ष थियो। हेर भिक्षुहरू महाप्रज्ञाको धातुहरूलाई वन्दना गर।' धर्मदीप धर्मशरण अनन्यशरण भएर विहार गर। जसले चार सतिपट्ठानको अभ्यास गर्छ त्यसलाई आत्मशरण भनिन्छ। अहिले वा मेरो शेषपछि आत्मशरण् भएर विहार गर्नेछौ।'



Downloaded from http://www.dhamma.digital

## मौद्गल्यायन परिनिर्वाण

धम्मपद अट्ठकथा (१०/७) अनुसार यस्तो मैले सुने- त्यस समय तीर्थियहरू सल्लाह गरे, 'श्रमण गौतमको लाभसत्कार बृद्धि हुनमा सारिपुत्र र मौद्गल्यानको ठूलो भूमिका रहेको छ। मौद्गल्यायनले देवलोकमा गएर देवताहरूसंग कुराकानी गरेर मानिसहरूलाई आएर बताउंछ । त्यसैले मानिसहरूले ठूलो लाभसत्कार प्रदान गर्छन् । सारिपुत्रको परिनिर्वाण भइसकेको छ अब उसको हत्या गरेमा हाम्रो लाभसत्कार बृद्धि हुनेछ ।'

यति विचार गरी मानिसहरूलाई पैसा दिएर मार्न पठाए । उनीहरू पनि कालशिलामा वास गर्नुभएको आयुष्मान् मौद्गल्यायनलाई घेर्न थाले। त्यो थाहा पाउनुभएर ऋद्धिशक्तिले ढोकाको प्वालबाट निस्कनुभयो। दोश्रोपल्ट प्रयास गर्दा छानो फोडेर निस्कनुभयो। तेश्रोपल्ट पनि प्रयास गर्दा आफ्नो कर्मको भोगलाई जान्नुभएर कतै जानुभएन र समाधिमा बस्नुभयो । उनीहरूले पनि हड्डीलाई धूलो पार्ने गरी पिटेर छाडेर गए । महास्थविरले 'शास्तालाई भेटेर परिनिर्वाण हुन्छु' भनी सोध्नुभएर समाधि बलले शरीरलाई फेरि स्थित गर्नुभएर आकाशमार्गबाट भगवान्काहाँ पुग्नुभएर वन्दना गर्नुहुँदै परिनिर्वाणको अनुमति माग्नुभयो।

त्यसपछि आयुष्मान् सारिपुत्रजस्तै प्रातिहार्य देखाउनुभएर धर्मदेशना गर्नुभई प्रथमध्यानादि ध्यानमा बस्नुभएर कालशिलामा परिनिर्वाण हुनुभयो ।

आयुष्मान् मौद्गल्यायनको परिनिर्वाणपछि शरीरक्रिया सकेर राजा अजातशत्रुले 'उहाँमाथि सांघातिक हमला गरिएको हो' भन्ने सुन्नुभएर गुप्तचर पठाएर उनीहरूलाई पक्रन लगाउनुभयो । उनीहरूबाट हत्या गर्न पठाउने तीर्थियहरूलाई पक्रेर ल्याएर ती हत्यारालाई खाल्डो खनेर माथिबाट पराल बिछ्याएर आगो लगाइदियो । पछि हल जोत्न लगाएर साधारण भिक्षुहरूले सारा शरीर टुक्राटुक्रा गर्न लगायो ।

'यसरी ऋद्धिवान भएर पनि किन अरुबाट सांघातिक हमला गराएर परिनिर्वाण हुनुपऱ्यो' भन्ने प्रश्न उठाए ।

त्यसको जवाफमा भगवान्ले भन्नुभयो- 'एक जन्ममा ऊ साधारण गृहस्थ थियो। अन्धा आमाबाबाको एक्लो छोरा भएर इमान्दारपूर्वक आमाबाबाको सेवा गर्दथियो। तन्देरी भएपछि आमाबाबाले विवाहको लागि कर गर्दा 'आमाबाबा बाचुञ्जेल सेवा गर्ने र त्यसपछि प्रव्रजित हुने' भन्थ्यो। अन्तमा कर गर्दा विवाह गर्नुपऱ्यो। सुरुमा वैवाहिक जीवन राम्ररी नै बित्यो। तर समय बित्दै गएपछि स्वास्नीको रूपलावण्य र कामतृष्णाको दास भएपछि स्वास्नीले 'सासुससुराको सेवा गर्न सक्दिन, या मलाई घरमा राख या आफ्ना आमा बाबालाई' भनी धम्कि दिइन् ।

अन्तमा स्वास्नीकै कुरामा सहमति भएर अन्धा आमाबाबालाई मार्न 'आफन्तहरूले



Downloaded from http://www.dhamma.digital

बोलाएको छ, जाउँ' भनी गाडामा राखेर जंगलतर्फ लग्यो । जंगलमा पुगेर दिसा पिसाप गर्ने बहानाले उत्रिएर जंगलमा पसेर आमाबाबाले आवाजले नचिनु होस् भनेर डाँकाहरूको आवाज गरी आएर मार्न थाल्यो ।

त्यसबेलासम्म पनि आमाबाबाले नचिनेर र डाँकाबाट छोराको रक्षा गर्न आमाबाबाले भने- 'छोरा यहाँ हामीलाई डाँकाले मार्दैछन्, तिमी यहाँ नआऊ ।'

यसरी अन्धा आमाबाबालाई हत्या गरी पञ्च महापाप गरेकोले यसको फललाई पचाउन सकिँदैन र परिनिर्वाण अघिसम्म भएपनि फल भोग्नु नै पर्ने हुनाले त्यस कर्म विपाकलाई देखेर मौद्गल्यायन नभागिकन चुपचाप बसेको थियो । किनकि त्यसपछि परि निर्वाणको समय आएकोले परिनिर्वाण हुनुभन्दा अघि भोग नगरी नहुने कर्मको फल भोग गर्नु परेको हो ।'

## उक्काचेल सुत्त

मज्झिमनिकाय (४५/२/४) अनुसार यस्तो मैले सुने- आयुष्मान् सारिपुत्रको कार्तिक पूर्णिमा र आयुष्मान् मौद्गल्यायनको १५ दिनपछि औंसीका दिन परिनिर्वाण भएपछि एक समय भगवान् चारिका गर्नुहुँदै वज्जीदेशको गंगातिरमा उक्काचेलमा विहार गर्नुहुन्थ्यो । त्यहाँ भिक्षुहरूलाई भन्नुभयो- 'सारिपुत्र मौद्गल्यायनको परिनिर्वाणपछि यो परिषद शून्य लाग्दछ । जुन दिशामा उनीहरू जान्थे, अरु अपेक्षा गर्नुपर्दैन थियो । जुनसुकै अतीतकालका वा अनागतकालका सम्यक् सम्बुद्ध आए पनि अग्रश्रावक यस्तै उत्तम हुनेछ । तथागतलाई कुनै परिदेव छैन । जेजति उत्पन्न हुन्छन् ती सब नाश हुन्छन् । त्यसैले भिक्षुहरू आत्मदीप आत्मशरण अन्यन्यशरण भएर विहार गर ।'

## महापरिनिब्बाण सुत्त

दीघनिकाय (२/३) अनुसार यस्तो मैले सुने- एक समय भगवान् राजगृहमा गृधकुट पर्वतमा विहार गर्नुहुन्थ्यो । त्यससमय गंगा किनारमा आधायोजन मगध राज्य र आधायोजना वैशाली राज्यको सीमा पर्थ्यो । नदीमा हिमालयबाट सुगन्धित वस्तुहरू बहाइल्याउँथ्यो । त्यसलाई सुनेर अजातशत्रुआज जान्छु, भोलि जान्छु भन्दै समय बित्यो । त्यसबेलासम्म लिच्छवीहरूले सारा सामान लिएर गइसक्थ्यो । यसै रिसले वज्जीमाथि आक्रमण गर्दा सफलता प्राप्त हुन्छ कि हुँदैन ? यसबारे भगवान्ले भन्नसक्नु हुन्छ कि भनी वर्षाकार ब्राह्मणलाई भगवान्काहाँ पठाएर आक्रमणबारे बुझ्न चाह्यो । वर्षाकार ब्राह्मण पनि भगवान्काहाँ गएर अभिवादन गरेर एक छेउ बसेपछि राजा अजातशत्रुको अभिवादनसहित आक्रमणको इच्छा बारे सुनायो ।



Downloaded from http://www.dhamma.digital

तर भगवान्ले वर्षाकार ब्राह्मणलाई केही पनि भन्नुभएन । नगिच रहनुभएको आयुष्मान् आनन्दतिर फर्किनुभएर भन्नुभयो- जबसम्म बज्जीहरूमा-

१) एकसाथ सभाभेला भएसम्म,

२) एकसाथ वैठक गर्ने भएसम्म,

३) अप्रज्ञप्तलाई प्रज्ञप्त नगर्ने र प्रज्ञप्तलाई उच्छेद नगरेसम्म,

४) ठूला बृद्धाहरूलाई सम्मान गरेसम्म,

५) महिलाहरूसंग जबरजस्ति दुर्व्यवहार नगरेसम्म,

६) धार्मिक स्थलको पूजा सम्मान गरेसम्म,

७) अरहतहरूको स्वागत गरेसम्म वज्जीहरूको लाभ नै हुन्छ हानि हुँदैन ।

तब ब्राह्मणलाई भन्नुभयो- 'एकपल्ट वैशालीको सारन्दद चैत्यमा विहार गर्दा यो सप्त अपरिहानीय धर्म बताएको थिएं। जबसम्म उनीहरूले सप्त परिहानीय धर्मको पालन गर्छन् तबसम्म बृद्धि नै हुन्छ परिहानि होइन ।'

वर्षाकार ब्राह्मण गएर राजालाई 'मित्रता र फूटबाहेक अरु उपाय छैन' भन्दा फूट गरेर विजय प्राप्त गर्ने षडयन्त्र बनायो। षडयंन्त्रअनुसार वर्षाकार ब्राह्मणले राजपरिषदमा वज्जीहरूको प्रशंसा गर्ने र राजा रिसाएर 'यो वज्जीहरूको गुप्तचर हो' भनेर देशनिकाला गर्ने। तब वर्षाकार गएर वज्जीमा मिल्ने र फूट गराउने। यसरी नै योजनाअनुसार वर्षाकार ब्राह्मण वैशाली पुग्यो ।

वज्जीहरूले कसैले वर्षाकार ब्राह्मणलाई 'शत्रुभएकोले हत्या गर्ने' भनी भने त कसैले 'शरणमा आएकोलाई मार्नु हुंदैन' भने । अन्तमा 'विनिश्चय महामात्य (न्यायधीश)' भएको नाताले त्यहीं महामात्य पद दिएर वज्जीहरूलाई न्याय सिखाउने काम दियो ।

राजकुमारहरू ऊसंग पढ्न थाल्यो। सुरुमा सही ढंगले पढाउन सिकाउन थाल्यो। जब राजकुमारहरू आफ्नो हातमा आउन थाले, आफूमा विश्वास गर्न थाले तब षडयन्त्र सुरु गऱ्यो । लिच्छवीहरूमध्ये एक जनालाई अलिक पर लगेर 'एउटा गोरुले जोत्छौ कि दुइटा गोरुले जोत्छौ ?' भनेर सोध्यो । जवाफमा 'दुइ गोरुले' भन्यो । त्यो देख्ने अरुले 'गुरुले के सोध्यो हं ?' भनेर सोध्दा अघिको कुरा सुनाउँदा 'ढाँट्यो' भनेर विश्वास गरेन । फेरि एकदिन अर्कोलाई पनि त्यसै गरी एक्लै लगेर 'कुन कुन तरकारीसँग खाना खायौ ?' भनी सोध्यो । उसलाई पनि 'गुरुले के सोध्यो ?' भनी सोध्दा सही कुरा बतायो तर उसले पनि 'कुरा लुकायो' भनेर विश्वास गरेन । यसरी नै एक आपसमा अविश्वास गर्दागर्दै मनमुटाव, अनमेल सुरु भयो र एकले भनेको अर्कोले नसुन्ने भए। सभामा पनि एकता भएन। जब सारा वज्जीहरूको एकता नाश भएको पक्का भएपछि वर्षाकारले राजा अजातशत्रुलाई



Downloaded from http://www.dhamma.digital

आक्रमण गर्ने समाचार पठायो र आक्रमण गरेर सारा वैशाली नष्ट गरिदियो ।

उता वर्षाकार ब्राह्मण गएपछि भगवान्ले भिक्षुहरूलाई भन्नुभयो- 'भिक्षुहरू सप्त अपरिहानीय धर्मदेशना गर्छु सुन-

१) बारबार भेला भइरहेसम्म,

२) एक साथ बस्ने एक साथ उठ्ने भएसम्म,

३) अप्रज्ञप्तलाई प्रज्ञप्त नगरेसम्म,

४) वृद्ध भिक्षुहरूलाई सम्मान गरेसम्म,

५) तृष्णाको वशमा नरहेसम्म,

६) आरण्यक आदिको इच्छा भएसम्म,

७) भविष्यमा सुन्दर सब्रह्मचारी आओस् र सुखपूर्वक विहार गरोस् भन्ने चाहना भएसम्म भिक्षुहरूको वृद्धि नै हुन्छ हानि होइन ।'

अर्को सप्त अपरिहानीय धर्म- जबसम्म भिक्षुहरू

१) सारा दिन चीवर मात्र सिलाइरहने हुँदैन

२) बकवादमा लागिरहने हुँदैन

३) निद्रालु भइरहने हुँदैन

४) संगणिकाराम (भिडभाड मनपराउने) भइरहने हुँदैन

५) पापेच्छु भइरहने हुँदैन

६) पापमित्रयुक्त भइरहने हुँदैन

७) योग साफल्य (पाए कि छाड्ने) नभएसम्म भिक्षुको वृद्धि नै हुन्छ, हानि हुँदैन ।

अर्को सप्त अपरिहानीय धर्म- भिक्षुहरू जबसम्म

१) श्रद्धालु हुन्छ,

२) पापदेखि लाज मान्ने हुन्छ,

३) पापदेखि डराउने हुन्छ,

४) बहुश्रुत हुन्छ,

५) आरब्धवीर्य हुन्छ,

६) स्मृतिवान हुन्छ,

७) प्रज्ञावान भएसम्म भिक्षुको वृद्धि नै हुन्छ हानि हुँदैन ।

अर्को सप्त अपरिहानीय धर्म- भिक्षुले जबसम्म

१) स्मृतिको अभ्यास गरिरहन्छ,

२) धर्मविचयको अभ्यास गरिरहन्छ,



Downloaded from http://www.dhamma.digital

३) वीर्यको अभ्यास गरिरहन्छ,

४) प्रीतिको अभ्यास गरिरहन्छ,

५) प्रश्रब्धिको अभ्यास गरिरहन्छ,

६) समाधिको अभ्यास गरिरहन्छ,

७) उपेक्षा सम्बोध्यंगको अभ्यास गरिरहन्छ, तबसम्म भिक्षुको वृद्धि नै हुन्छ, हानि हुंदैन ।

अर्को सप्त अपरिहानीय धर्म- भिक्षुले जबसम्म

१) अनित्य संज्ञाको भावना गरिरहन्छ ।

२) अनात्म संज्ञाको भावना गरिरहन्छ ।

३) अशुभ संज्ञाको भावना गरिरहन्छ ।

४) आदिनव संज्ञाको भावना गरिरहन्छ ।

५) प्रहाण संज्ञाको भावना गरिरहन्छ ।

६) विराग संज्ञाको भावना गरिरहन्छ ।

७) निरोध संज्ञाको भावना गरिरहन्छ । तबसम्म भिक्षुको वृद्धि नै हुन्छ हानि हुँदैन ।

अर्को सप्त अपरिहानीय धर्म- भिक्षुले जबसम्म

१) मैत्रीपूर्ण कायिककर्म गर्दछ,

२) मैत्रीपूर्ण वाचसिक कर्म गर्दछ,

३) मैत्रीपूर्ण मानसिक कर्म गर्दछ,

४) धार्मिकरूपले प्राप्तलाई बाँडेर खाने गर्दछ,

५) अखण्ड शील पालन गर्दछ,

६) आर्य नैर्याणिक दृष्टियुक्त विहार गर्दछ,

७) अन्य सब्रह्मचारीसंग विहार गर्दछ, तबसम्म भिक्षुको वृद्धि नै हुन्छ, हानि हुँदैन ।

धेरैजसो भगवान्ले राजगृहको गृधकुट पर्वतमा भिक्षुहरूलाई शील समाधि प्रज्ञाको देशना गर्नुहुन्थ्यो ।

राजगृहबाट चारिका गर्नुहुँदै अम्बलट्ठिकामा विहार गर्नुभयो । अम्बलट्ठिकाबाट नालन्दा जानुभएर प्रावारिक आम्रवनमा विहार गर्नुभयो । त्यहाँ आयुष्मान् सारिपुत्रले भन्नुभयो- 'म यसरी प्रसन्न छुं, 'सम्बोधिमा भगवान्भन्दा माथि ज्ञान भएको कोही दोश्रो श्रमण ब्राह्मण न भयो, न हुनेछ, न यस समय छ ।'

सारिपुत्र ! तिमीले यो धेरै निर्भिक, उदार भएर सिंहनाद गऱ्यौ । म प्रशन्न छुं । जो अतीतकाल, अनागत काल अर्हत सम्यक् सम्बुद्ध भगवान्हरूका चित्तलाई जान्यौ, जसले



Downloaded from http://www.dhamma.digital

कि भगवान् यस्तो शील, यस्तो प्रज्ञायुक्त यस्तो विभिक्तयुक्त छन् भनी जान्यौ ?

'मेरो अतीत अनागत प्रत्युत्पन्न अर्हत सम्यक् सम्बुद्धहरूको विषयमा परचित्त ज्ञान त छैन। तर धर्म अन्वय विदित छ। जसरी राजाको सीमान्त नगरमा एउटा द्वार सहित सुरक्षित पर्खाल भएको अवस्थामा होस्, जहाँ अज्ञात शंकास्पदलाई निवारण गर्ने, परिचित विश्वस्तलाई प्रवेश गराउने द्वारपाल होस्, जसको कारणले एउटा विरालो निस्कने पस्ने प्वालसम्म नपाओस्। जतिपनि मानिस भित्र बाहिर गर्छन् सबै ती यसै द्वार बाट गर्छन्। त्यसरी नै जो अतीतकालमा, अनागतकालमा अर्हत सम्यक् सम्बुद्ध भए वा हुनेहरू उहाँहरू सबै वर्तमानको अर्हत सम्यक् सम्बुद्धजस्तै पञ्चनीवरण त्यागी, चार सतिपट्ठानमा चित्तलाई बाँधी, सात बोध्यंगको भावना गरी सर्वश्रेष्ठ सम्यक् सम्बोधिलाई अभिसम्बोधन गऱ्यो होला वा गर्नेछ।'

*शंका- आयुष्मान् सारिपुत्रको परिनिर्वाण भइसकेकोले यो सूत्र उहाँले पहिले भनिएको हो वा अहिले आयुष्मान् आनन्दले भन्नुभएको हो भन्ने कुरामा द्विविधा नै रहेको देखिन्छ।*

त्यहाँबाट भगवान् चारिका गर्नुहुँदै पाटलिग्राम जानुभयो। त्यहाँ उपासक उपासिकाहरूले आवसथागार दान गरेको स्वीकार गर्नुभयो। त्यस समय वर्षाकार ब्राह्मण र सुनीधले पाटलिग्राममा वज्जीहरूलाई रोक्न नगर बसाउँदै थियो। भगवान्ले भन्नुभयो- 'आनन्द ! नयाँ बनिरहेको नगरमा महाशक्तिशाली देवता बसेका ठाउँमा महाशक्तिशाली राज महामात्यहरूको घर बन्ने छन्। मध्यम देवता बसेका ठाउँमा मध्यम महामात्यहरू घर बनाउने छन् र हीन देवता बसेका ठाउँमा हीन महामात्यहरूले घर बनाउने छन्। जति पनि आर्यहरूको निवास छन् त्यसमध्ये यो अग्र हुनेछ। तर यसमा आगो, पानी र आपसी फूट तीन अन्तराय हुनेछ।'

भोलिपल्ट सुनीध र वर्षाकार ब्राह्मणको भोजन दान समाप्तिपछि भगवान्ले भन्नुभयो- 'जुन प्रदेशमा मानिसहरू सत्पुरुषलाई भोजन गराउंछ, देवताहरूलाई दक्षिणा (पुण्य अनुमोद) दिनुपर्छ। तब देवताहरूबाट छोरासमान अनुकमीपत प्रजालाई सदा मंगल हुन्छ।' त्यहाँबाट बाहिर निस्कनुभएपछि भगवान् निस्कनुभएको द्वारलाई गौतमद्वार र घाटलाई गौतमतीर्थ नामाकरण गरे।

त्यहाँबाट भगवान् चारिका गर्नुहुँदै कोटिग्राम पुग्नुभयो। त्यहाँ भगवान्ले भन्नुभयो- 'भिक्षुहरू चार आर्यसत्यको अनुबोध नहुँदा दीर्घकालसम्म आवागमन (पुनर्जन्म) भएर 'मेरो



Downloaded from http://www.dhamma.digital

तेरो' भइरहन्छ। जसले चार आर्यसत्यलाई अनुबोध गर्छ उसले भवतृष्णा उच्छिन्न गर्छ।'

त्यहाँबाट चारिका गर्नुहुँदै नादिकाको गिंजकावसथमा विहार गर्नुभएर वैशालीमा जानुभएर अम्बपालीको आम्रवनमा विहार गर्नुभयो। त्यहाँ भिक्षुहरूलाई स्मृति सम्प्रजन्यसहित विहार गर्न अनुशासन गर्नुभयो।

अम्बपाली गणिका आएर भोलिको भोजनको निमन्त्रणा दिएर गईन्। फर्किंदा भगवान्लाई भेट्न आएका लिच्छवीहरूसंग भेट भयो। लिच्छवीहरूले थाहा पाएर हजारौ मूल्यमा भोलिको भोजन निमन्त्रणा किन्न खोज्यो तर सकेन। भोलिपल्ट भोजनपश्चात् अम्बपाली गणिकाले आफ्नो आँप बगैंचा बुद्ध प्रमुख भिक्षुसंघको लागि दान गऱ्यो।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# ४६ औं वर्षावास
## वैशाली
(वर्ष ७९- बु.स.पूर्व १)

त्यहाँबाट चारिका गर्नुहुँदै वेलुवगाामक जानुभयो । भिक्षुहरूलाई 'आफ्नो मित्र आफन्तकाहाँ वर्षावास गर्न जानु, म यहीं वर्षावास गर्छु' भन्नुभयो । वर्षावासको समय भगवान्लाई कडा रोग उत्पन्न भयो । त्यसलाई स्मृति सम्प्रजन्यले सहनुभयो । त्यसबेला भगवान्ले भन्नुभयो- 'आनन्द, धर्ममा तथागतको आचार्यमुष्ठी छैन । तथागतको शरीर अस्सी वर्षको जीर्ण भइसकेको छ । यदि तथागतले भिक्षुसंघलाई नेतृत्व गरेको छ भन्ने कसैको त्यस्तो विचार रहेको छ भने त्यो गलत हो । त्यसैले आत्मदीप आत्मशरण अन्यन्यशरण, धर्मदीप धर्मशरण अन्यन्यशरण भई विहार गर ।'

दिउँसो भोजनपश्चात् चापाल चैत्यमा जानुभई एक स्थानमा बस्नुभएर भन्नुभयो- रमणीय छ वैशाली उदयन चैत्य, गोतमक चैत्य, सत्तम्बक चैत्य, बहुपुत्रक चैत्य, सारन्दद चैत्य, चापाल चैत्य । राजगृहको गृधकुट चोरप्रपात, वैभारगिरिको कालशिला, सीतबनमा सप्पसोण्डिक पहाड, तपोदाराम, वेलुवन कलन्दक निवाप, जीवक अम्बवन, मद्रकाक्षि, मृगदाव ।

आनन्द, बुद्धत्व प्राप्तिको बेला मार आएर 'मलाई परिनिर्वाण हुनु' भन्न आयो । मैले भनें 'जबसम्म भिक्षु भिक्षुणी उपासक उपासिकाहरू व्यक्त, विनीत, विशारद, बहुश्रुत, धर्मधर, धर्मानुसार धर्ममार्गमा आरुढ, सामीचि मार्गमा आरुढ, अनुधर्मचारी हुँदैन । आफ्नो सिद्धान्तलाई सिकेर उपदेश, आख्यान, प्रज्ञापन, प्रतिष्ठापन, विवरण, विभाजन, उत्तानीकरण गर्न सक्दैन, उत्पन्न परप्रवादलाई धर्मानुसार सुनिगृहितलाई निगृहित गरी प्रातिहार्यसहित धर्मदेशना गर्न सक्ने छैन तबसम्म म परिनिर्वाण हुने छैन ।'

हिजो राती मार आएर भन्यो- 'तपाईले भनेअनुसार पूर्ण भयो अब परिनिर्वाण हुनुहोस् ।' मैले 'आजको तीन महिनापछि तथागत परिनिर्वाण हुनेछु' भनी भने ।

त्यहाँबाट महावनको कुटागारशालामा जानुभएर वैशालीका सारा भिक्षुहरूलाई सम्बोधन गर्दै भन्नुभयो-

'जुन मैले १) चार सतिपट्ठान २) चार सम्यक्प्रधान ३) चार ऋद्धिपाद ४) पाँच इन्द्रिय ५) पाँच बल ६) सप्त बोध्यंग ७) आठ आर्य अष्टाङ्गिक मार्ग, देशना गरेको छुं,



Downloaded from http://www.dhamma.digital

जसले ब्रह्मचर्य चिरस्थायी हुन्छ, यो बहुजन हित सुखको लागि हो, यसलाई राम्ररी सिकेर भावना गर । सारा संस्कार नाश हुने धर्म हुन् प्रमादरहित भएर सम्पादन गर । आजभन्दा तीन महिनापछि तथागतको परिनिर्वाण हुनेछ ।'

भोजनपश्चात् वैशाली छोड्नुहुँदा फर्केर हेर्नुभयो र भन्नुभयो-'आनन्द ! तथागतको यो अन्तिम वैशाली दर्शन हो ।' त्यहाँबाट चारिका गर्नुहुँदै भोगनगरमा आनन्द चैत्यमा विहार गर्नुहुँदा भन्नुभयो-

'भिक्षुहरू यी चार महाप्रदेश धारण छन् १) कुनै एक भिक्षुले 'मैले भगवान्‌को धर्म विनय शासनलाई राम्ररी जान्दछु' भन्दा तुरुन्त स्वीकार नगर्नु । त्यस भनाईलाई राम्ररी तुलना गरेर हेर्नु । यदि तुलना गर्दा सूत्र, विनयसंग मेल खाँदैन भने त्यो वचन भगवान्‌को वचन होइन भनी त्यसलई छाडिदिनु ।'

२) यदि कुनै भिक्षुले 'कुनै संघको मुखबाट सुनेको ग्रहण गरेको यो धर्म हो, यो विनय भन्छ' भने त्यसलाई पनि तुलना गरी प्रमाणित भए मात्र स्वीकार गर्नु अन्यथा छाडिदिनु ।'

३) यदि कुनै भिक्षुले 'धेरै बहुश्रुत भिक्षुबाट सुनेको, ग्रहण गरेको यो धर्म हो, यो विनय हो' भन्दा तुलना गरी हेर्दा प्रमाणित भए मात्र स्वीकार गर्नु अन्यथा छाडिदिनु ।'

४) यदि कुनै भिक्षुले 'कुनै एक बहुश्रुत भिक्षुबाट सुनेको ग्रहण गरेको यो धर्म हो, यो विनय हो' भन्दा तुलना गरी प्रमाणित भएमा स्वीकार गर्नु अन्यथा छाडिदिनु ।'

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# महापरिनिर्वाण

(वर्ष ८०- बु.स. १, वि.सं.पूर्व ४२६, ई.पू.४८३)

त्यहाँबाट चारिका गर्नुहुँदै भगवान् पावामा पुग्नुभएर चुन्द कर्मारपुत्रको आम्रवनमा विहार गर्नुभयो। भोलिपल्ट भोजनको लागि सूकर मद्दवसहित भोजन गरायो।

*सुकर मद्दव- १) न धेरै तन्देरी न बूढा सुंगुरको मासु, जुन मृदु र स्निग्ध हुन्छ । २) नयाँ चामललाई पञ्च गोरससहित पकाइएको खाना । ३) एक रसायनविधि- आदि विभिन्न अर्थलाग्दछ, जुन चुन्दले भगवान्‌को परिनिर्वाण नहोस् भन्नको लागि विशेष तवरले बनाएको थियो ।४) कसैले च्याउ पनि भने ।*

तब चुन्दको खाना खानुभएपछि भगवान्‌लाई आऊँमासी भएर अत्यन्त पीढादायी रोग उत्पन्न भयो। त्यसलाई भगवान्‌ले स्मृति सम्प्रजन्यसहित सहनुभयो। त्यहाँबाट कुसीनारा जानुभएर एक वृक्षमुनि आराम गर्नुभयो। त्यहाँ आलारकालमको शिल्प पुक्कुस मल्लपुत्रले उपासकत्व ग्रहण गर्‍यो।

त्यहाँबाट कुकुत्था नदीमा जानुभएर नुहाउनुभयो। त्यसपछि आम्रवनमा जानुभएर आराम गर्नुभयो। त्यहाँ भगवान्‌ले भन्नुभयो- 'आनन्द चुन्द कर्मारपुत्रलाई घृणा गर्ला- 'आवुसो चुन्द ! तिमीलाई अलाभ छ, तिम्रो पिण्डपातको कारण भगवान् परिनिर्वाण हुनुभयो।' चुन्द कर्मारपुत्रलाई भन्नु- 'सुलाभ छ तिमीलाई जुन कि तिम्रो पिण्डपात पश्चात् भगवान्‌लाई परिनिर्वाण प्राप्त भयो। मैले भगवान्‌को मुखबाट सुनेंको, ग्रहण गरेको हुँ। यी दुइ पिण्डपात समान विपाकयुक्त छन्-

१) जुन पिण्डपात ग्रहण गर्नाले तथागतलाई अनुत्तर सम्यक् सम्बोधि प्राप्त हुन्छ।

२) जुन पिण्डपात ग्रहण गर्नाले तथागतलाई अनुपादिशेष निर्वाणधातु प्राप्त हुन्छ।'

त्यहाँबाट उपवत्तन मल्लहरूको शालवनमा जानुभयो र जोडी शाल वृक्षमुनि आराम गर्नुभयो। त्यहाँ भगवान्‌ले भन्नुभयो- 'आनन्द ! श्रद्धालु कुलपुत्रहरूको लागि चार दर्शनीय संवेजनीय (वैराग्य पद) स्थान छन्-

१) तथागत उत्पन्न भएको स्थान लुम्बिनी,



Downloaded from http://www.dhamma.digital

२) अनुत्तर सम्यक् सम्बोधि प्राप्त गर्नुभएको स्थान बोधगया,

३) प्रथम धर्मचक्र प्रवर्तन गरेको स्थान सारनाथ,

४) अनुपादिशेष परिनिर्वाण प्राप्त गर्नुहुने स्थान कुसीनारा । यी स्थलहरूमा श्रद्धालु भिक्षु भिक्षुणी उपासक उपासिकाहरू आउनेछन् ।

'आनन्द ! स्त्रीहरूलाई नहेर्नू, हेर्नुपरेमा कुरा नगर्नु, कुरा गर्नु परेमा स्मृतिपूर्वक कुरा गर्नू । आनन्द ! तथागतको शरीर पूजाप्रति मलतब नराख्नू । तिमीले यथार्थको लागि प्रयत्न गर्नू । अप्रमादी आत्मसंयमी भई विहार गर्नू । तथागतप्रति अत्यन्त अनुरक्त भएर क्षत्रिय, ब्राह्मण गृहपतिहरू तथागतको शरीरपूजा गर्नेछन् ।'

'आनन्द ! जसरी चक्रवर्ती राजाका शरीरलाई नयाँ वस्त्रले बेरेर त्यसमाथि रुवाले बेरेर, त्यसमाथि नयाँ कपडाले बेरेर तेलको लोहद्रोण भाँडोमा राखेर, अर्को लोहद्रोणले छोपेर, सुगन्धित काठको चिता बनाएर चिता जलाउँछ । ठूलो चौबाटोमा चक्रवर्तीको स्तूप बनाउंछ । त्यसरी नै तथागतको शरीरक्रिया गर्नू ।'

आयुष्मान् आनन्द विहारमा गएर रुँदै भन्नुभयो- 'हाय ! म शैक्ष्य हुँ । मेरो अनुकम्पक शास्ता परिनिर्वाण हुनुहुँदैछ ।'

उहाँलाई बोलाउनुभई भगवान्ले सम्झाउनुभयो- 'नरोऊ आनन्द ! पहिले भनेको थिएं जेजति प्रिय मनापहरू छन्, ती सबबाट अलग हुनुपर्छ । जेजति उत्पन्न हुन्छन् ती सबै विनाश हुन्छन् । तिमीले दीर्घरात्र तथागतको मैत्री चित्तले सेवा गरेका छौ । तिमी कृतपुण्य छौ । प्रधानमा लागेर छिट्टै अनास्रव हुनसक्छौ ।'

तब आयुष्मान् आनन्दले भन्नुभयो- 'भन्ते ! यस क्षुद्र जंगल शहरमा परिनिर्वाण नहुनुहोस् । अन्य महान्गरहरू छन्, जस्तै- चम्पा, राजगृह, श्रावस्ती, साकेत, कोशाम्वी, सारनाथ । त्यहाँ धेरै क्षत्रिय ब्राह्मण महाशालहरू आएर भगवान्को शरीरक्रिया गर्नेछन् ।

'आनन्द ! यसलाई क्षुद्र नभन । पूर्वकालमा यहाँ राजा सुदर्शनको कुशावती राजधानी थियो । त्यसैले जाऊ कुसीनगरवासीहरूलाई परिनिर्वाणको सुचना देऊ । अन्तिम समयमा तथागतको दर्शन गर्न पाइनौं भन्नु नपरोस् ।'

कुसीनाराबासीहरूले 'भगवान् परिनिर्वाण हुनुहुँदैछ' भनी सुनेर दुःखीत, पीढित, रुँदै हुलका हुल आउन थाले । अत्यधिक भिड भएकोले आयुष्मान् आनन्दले एकएक परिवारलाई पालैपालो भेट गर्न दिनुभयो । त्यस समयमा सुभद्र परिव्राजक भगवान्लाई भेट्न आयो र आयुष्मान् आनन्दसंग भेट गराइदिन अनुरोध गऱ्यो । उहाँले 'यो छलफलको समय होइन' भनी भन्नुहुँदा भगवान्ले सुन्नुभएर सुभद्र परिव्राजकलाई भित्र बोलाउनुभयो ।

सुभद्र परिव्राजकले 'अरु धर्मगुरुले सबैकुरा जान्दछु भनेर भन्दछन्, ठीक हो कि



Downloaded from http://www.dhamma.digital

होइन ?' भनी सोधे ।

भगवान्ले भन्नुभयो- 'उनीहरूको कुरा छोडिदेऊ । जुन धर्मविनयमा आर्य अष्टाङ्गिक मार्ग छैन त्यहाँ प्रथम (स्रोतापन्न), द्वितीय (सकृदागामी), तृतीय (अनागामी) चतुर्थ (अरहन्त) श्रमणहरू हुँदैन । जुन धर्ममा आर्य अष्टाङ्गिक मार्ग हुन्छ त्यहाँ प्रथमआदि श्रमण हुन्छन् । अन्य वादमा श्रमणहरूबाट शून्य छन् । यदि भिक्षुहरू ठीकले आचरण गरेमा लोक अर्हतबाट शून्य हुने छैन ।

'सुभद्र, २९ वर्षमा कुशलको खोजी गर्न म प्रव्रजित भएं । अहिले ५१ वर्ष भयो । तर न्याय, धर्मलाई देख्ने यहाँभन्दा बाहिर एकजना पनि छैन ।'

तब सुभद्रले प्रव्रज्या उपसम्पदाको लागि प्रार्थना गऱ्यो । अन्य मतका मानिसहरू आएमा चारमहिना परीक्षाको लागि परिवास गर्नुपर्थ्यो । तर सुभद्रको लगनशीलता देख्नुभएर भगवान्ले तुरुन्तै प्रव्रजित उपसम्पदा गर्ने अनुमति दिनुभयो । सुभद्रले पनि प्रव्रज्यापछि आत्मसंयमी भएर भाविता गर्दागर्दै आस्रवक्षय गरी अरहन्त बन्नुभयो र भगवान्को अन्तिम शिल्प हुनुभयो ।

पछि भगवान्ले आनन्दलाई भन्नुभयो- 'मपछि मैले उपदेश गरेको शिक्षा नै तिमीहरूको शास्ता हुनेछ । उपसम्पदाले ठूलोले उपसम्पदाले कान्छोलाई 'आवुसो' भनी सम्बोधन गर्नु या गोत्रले या नामले । आफूभन्दा ठूलालाई 'आयुष्मान्' भनी बोलाउनू । इच्छा भएमा संघले क्षुद्र अनुक्षुद्र शिक्षापदलाई छोडिदिनु । मपछि छन्नलाई ब्रह्मदण्ड दिनु । छन्नले जेसुकै बोले तापनि उससंग कसैले नबोल्नु । यदि संघलाई बुद्ध, धम्म संघबारे कुनै शंका भए सोध । पछि अफसोस नगर्नू ।'

तर कसैले केही पनि सोधेनन् । तब फेरि भगवान्ले भन्नुभयो- 'संस्कार विनाशशील धर्म हो, बुझेर अप्रमादी भएर जीवनको लक्ष्य सम्पादन गर ।' यो तथागतको अन्तिम वचन हो ।

त्यसपछि भगवान् प्रथमध्यान, द्वितीयध्यान, तृतीयध्यान, चतुर्थध्यान, आकाशानन्त्यायतन, विज्ञानानन्त्यायन, आकिञ्चन्यायतन, नैवसंज्ञानासंज्ञायतन प्राप्त गर्नुभएर, संज्ञावेदयित निरोध समापत्ति प्राप्त गर्नुभएर, नैवसंज्ञानासंज्ञायतन ध्यानमा झर्नुभई प्रथमध्यानमा आउनुभयो । फेरि प्रथमध्यानबाट चतुर्थध्यानमा पुग्दा भगवान् परि निर्वाण हुनुभयो ।

भगवान्को परिनिर्वाण भएपछि अवीतरागी भिक्षुहरू कोही रुन थाले, कोही बेहोश हुन थाले कोही जमिनमा लड्न थाले । तर जो वीतरागी थिए उनीहरू 'संस्कार अनित्य हुन्' भनी संवेग उत्पन्न गरिबसे ।



Downloaded from http://www.dhamma.digital

संयुत्तनिकाय (६/२/५) अनुसार भगवान्को परिनिर्वाण भएपछि यसप्रकार विभिन्न व्यक्तिहरूले आफ्नो भाव पोखे । जस्तै-

**सहम्पति ब्रह्मा-**

संसारका सबै जीव एक न एक दिन विदा हुन्छ नै,
तर लोकमा जो यस्तो अद्वितीय बुद्ध छ ।
तथागत, बलप्राप्त र सम्बुद्ध परिनिर्वाणलाई प्राप्त भयो ॥

**देवेन्द्र शक्र**

सबै संस्कार अनित्य छन् ।
उत्पन्न हुन्छ र पुरानो हुनु त्यसको स्वभाव हो
उत्पन्न भएर निरुद्ध हुन्छन्
त्यसको पूर्णतया शान्त हुनु नै सुख हो

**आनन्द**

त्यो समय धेरै कठिन थियो, रोमाञ्चित गरिदिने ।
सबै प्रकारले ज्येष्ठ बुद्ध परिनिर्वाणलाई प्राप्त हुनुभयो ॥

**अनिरुद्ध**

यहाँ स्थिर चित्तसमान कसैको पनि जीवन धारण थिएन ।
अचल परम शान्ति पाउनको लागि,
परम बुद्ध परिनिर्वाणको प्राप्त हुनुभयो ।
निर्विकार चित्तले वेदनाहरूको अन्त गरिदिनुभयो
जसरी प्रदीप निभ्दछ, त्यसरी नै उहाँको चित्त विमुक्त भयो

राति आयुष्मान् आनन्दले धर्मकथा सुनाउँनुभयो । भोलिपल्ट कुसीनारावासी मल्लहरू आएर शरीरक्रिया गर्न तयार भए । नगर बाहिर लगेर दाहसंस्कार गर्ने भनी शरीर उठाउँदा उठेन । 'यसको कारण के हो' भनी सोध्दा देवताहरूले नगरको दक्षिण दक्षिण लगेर बाहिर बाहिर लगेर दक्षिण तर्फ दाहसंस्कार गर्ने विचार छ ।' भनी आयुष्मान् अनिरुद्धले भन्नुभयो । अन्तमा त्यसै गरी लगियो । लगेर मुकुटबन्धन चैत्यमा राखियो । चितालाई चक्रवर्ती राजाकोजस्तै तयार गरियो ।

त्यस समय ५०० भिक्षुहरूसहित आयुष्मान् महाकाश्यप पावा र कुसीनाराको बीच बाटोमा आउँदै हुनुहुन्थ्यो । देवताहरूले वर्षाएको मन्दार फूल एक थुंगा लिएर गएको एक जना आजीवकलाई देख्नुभएर प्रश्न गर्नुभयो- 'के तिमीले शास्तालाई चिन्छौ ?'



Downloaded from http://www.dhamma.digital

'उहाँको परिनिर्वाण भइसकेको आज एक सप्ताह भयो । मैले यो मन्दारफूल त्यहींबाट ल्याएको हुँ ।'

तब अवीतरागी भिक्षुहरू दुःखीत हुंदै रुन थाले । त्यसबेला वृद्धावस्थामा भिक्षु भएको सुभद्र नामक भिक्षुले खुशी हुंदै भन्यो- "शोक नगर । श्रमण गौतमले हामीलाई 'यो नगर, यो गर' भन्दै हामीलाई पीढित गर्थ्यो । अब हामी जे चाह्यौं त्यो गर्न सक्छौं ।'

आयुष्मान् महाकाश्यपले भन्नुभयो- 'जेजति उत्पन्न हुन्छन् ती सव विनाश हुन्छन्, शोक नगर ।'

उता कुसीनारामा मल्लहरूले चिता जलाउन खोज्दा चिता जलेन । प्रश्न गर्दा आयुष्मान् अनिरुद्धले भन्नुभयो- 'देवताहरूले ५०० भिक्षुहरू सहित आउनुभएको आयुष्मान् महाकाश्यपलाई पर्खिरहेछ । उहाँले वन्दना नगरेसम्म चिता जल्ने छैन । नभन्दै आयुष्मान् महाकाश्यप आउनुभयो र उहाँ र उहाँसंग आएका भिक्षुहरूले तीनपल्ट प्रदशिणा गरी शीरले भगवान्को पाउमा वन्दना गर्नासाथ आफै चिता जल्न थाल्यो ।

परिनिर्वाणको समाचार सुनेर मगधको राजा अजातशत्रु, वैशालीको लिच्छवी, कपिलवस्तुको शाक्य, अल्लकप्पको वुलिय, रामग्रामको कोलिय, वेठपको ब्राह्मणहरू पनि आइपुगे । सबैले भगवान्को अस्थिधातु माग्न थाले । कुसीनाराको मल्लहरूले पनि 'हाम्रो ठाउँमा भगवान् परिनिर्वाण हुनुभएको' भन्दै हक माग्न थाले ।

अन्तमा द्रोण ब्राह्मणले सम्झाएर आठ भाग बनाएर सबैलाई एकएक भाग अस्थिधातु बाँडेर दियो । भाग लगाएको भाँडोचाहिं द्रोण ब्राह्मणले लियो । पछि आइपुगेको पिप्पलिवनका मौर्यहरूले अस्थिधातु नपाएर कोइलाहरू लिएर गए ।



Downloaded from http://www.dhamma.digital

# ब्रह्मजाल सूत्र

सुत्तपिटक अन्तर्गत दीघनिकायको सीलक्खन्धन वग्ग (शील लक्षण वर्ग) को प्रथम आरम्भिक सूत्र-'ब्रह्मलाज सूत्र' हो। यस निकायको यस सूत्र सर्वाधिक महत्वपूर्ण सूत्रका रूपमा प्रचलित भएको पाइन्छ। यसमा बुद्धकालीन ६२ गटा विभिन्न प्रकारका दार्शनिक सिद्धान्त-मतका बारेमा विवेचना गरिएका छन्। यी सिद्धान्तहरूलाई मिथ्यादृष्टिको संज्ञा दिइएका छन्। तात्कालीन धार्मिक एवं सामाजिक जीवनलाई यस सूत्रमा चित्रण गरिएको पाइन्छ। यसरी नै जीवन यापनका साधन, आमोद-प्रमोदको सौन्दर्य सामग्री, युद्धका प्रकारादि विषयहरूका सम्बन्धमा पनि राम्ररी वर्णन गरिएका छन्। हामी ब्रह्मजाल सूत्रलाई संक्षिप्तमा यसरी पनि चर्चा गर्न सक्छौं -

भगवान् शास्ता (बुद्ध) आफ्ना शिष्य भिक्षुगणका साथ राजगृह र नालन्दाको मध्यभागमा अवस्थित राजपथ हुँदै चारिका गर्दै अघि बढ्दै हुनुहुन्थ्यो, सोहीबेला परिव्राजक सुप्पियले आफ्ना शिष्य ब्रह्मदत्तसंग हिंड्दै बुद्ध, धर्म र संघको निन्दा-उपहास गर्दै जान्छ, तर शिष्यले भने ठीक उल्टो काम-प्रशंसा गर्छ। यसै बारेमा शिष्यहरूकाबीच कुराकानी चल्छ।

बुद्धले आफ्ना शिष्य-भिक्षुहरूलाई यसबारे कुरा उठाई आज्ञा हुन्छ,- 'अरुले मलाई, धर्मलाई वा संघलाई निन्दाचर्चा गर्दैमा उनीहरूप्रति क्रोध (रिस) भाव नराख, असन्तोष वा मनमा नरमाइलोपनाको महसूस नगर। बरु त्यसको कारण, सत्य-असत्यलाई छानविन गर्नेतर्फ ध्यान केन्द्रित गर।' यसपछि बुद्धले शील (सदाचार) लाई विभाजन गर्नुहुँदै चूल शील (प्रारम्भिक), मध्यशील तथा महाशील गरी तीनवटा शील-भूमिको विवरण प्रष्ट पार्नुभयो। जसअनुसार चूल शील अन्तर्गत अदत्तादान-त्याग (चोरी वा नदिइकन नलिनु), व्यभिचार-त्याग कठोर भाषण-त्याग, चापलुसी-त्याग, हिंसा-त्याग, मध्यशील अन्तर्गत चीजवस्तु बढी संग्रह नगर्ने (भौतिक), जुवारे बारमासे खेल-त्याग, ऐशारामयुक्त आसन-त्याग, सजावट (कृत्रिम सौन्दर्य) को त्याग, राजकथा, चोरकथा आदि व्यर्थ कथाहरूको त्याग, काम-कुरो नहुने-नबन्ने बहस-त्याग, राजा आदिहरूका दूतको कार्य नगर्ने, पाखण्डी नहुने, आफूमा नभएको गुण भएको जस्तैगरी कुरागर्दै जाने स्वभाव आदि त्याग गर्नुपर्छ भनी बुद्धले आज्ञा गर्नुभयो।

यसपछि बुद्धले (प्राग्बुद्धकालीन) तथाकथित ६२ प्रकारका दार्शनिक मत-सिद्धान्तहरूको



Downloaded from http://www.dhamma.digital

विवेचना गर्नुहुँदै त्यसको व्यर्थता एवं असारताको बारे आफ्ना शिष्य-भिक्षुहरूलाई प्रकाश गरीराखेअनुसार दुइकिसिमका मतावलम्बीहरू रेहेका छन् ।

(क) पूर्वान्तकल्पिक वा विगतमा घटित घटनाहरूको आधारमा निश्कर्ष निकाली निर्माण गरेका सिद्धान्त यिनीहरूले १८ वटा धारणालाई ५ वटा मतमा सीमित गरिराखेका छन् ।

(ख) अपरान्तकल्पिक वा भोलि भविष्यमा हुने कुराहरूको कल्पनागरी निर्माण गरि एको मत (यिनीहरूले ४४ वटा धारणालाई ५ वटै मतमा सीमित गरिराखेको) हुन् ।

*(क) विगतमा घटित घटनाहरूको आधारलाई निश्कर्षबाट निर्मित सिद्धान्त ( पूर्वान्तकल्पिक) यस प्रकार छन् :-*

(१) शाश्वतवाद : आत्मा अमर हो भन्ने चारथरीका शाश्वतवादीहरू ।

(२) नित्यता-अनित्यवाद : ईवर अमर हुन्, हामी मात्रै नाशवान हौं भन्ने पाँचथरि का आंशिक शाश्वतवादी ।

(३) सान्त- अनन्तवाद : लोक (संसार) को विषयमा कल्पना गर्ने चारथरीका अन्त-अनन्तवादीहरू ।

(४) अमराविक्षेपवाद : कुन हो, कुन होइन भन्ने कुरामा अन्यौलमापरी यहीनै हो भन्ने निश्चित रूपमा सिद्धान्त नबुझेका चारथरीका अमराविक्षेपवादीहरू (अनेकान्तवादी) ।

(५) अकारणवाद : आत्मा र लोक भन्ने कुरा विना कारणले नै श्रृजना भएका हुन् भन्ने दुइथरिका अकारणवादीहरू (अधिच्चसमुपवाद) ।

*(ख) भविष्यमा हुने कुराको पहिल्यै कल्पनाबाट निर्मित मत (अपरान्तकल्पिक) यस प्रकार छन् :–*

१) उद्धमाधातनिका संज्ञावाद = मरणान्तर वा मृत्युपश्चात् पनि आत्मासंज्ञी ( होशपूर्ण) भइरहन्छ भन्ने १६ थरीका उद्धमाधातनिका संज्ञावादीहरू ।

(२) उद्धमाधातनिका असंज्ञावाद = मरणोपरान्त आत्माअसंज्ञी (बेहाशी) हुन्छ भन्ने ८ थरिका उद्धमाधातनिका असंज्ञावादीहरू ।

(३) उद्धमाधातनिका नैवसंज्ञावाद = मरणोपरान्त आत्मा न होशी हुन्छ न बेहाशीनै भनी मान्ने ८ थरिका उद्धमाधातनिका नैवसंज्ञानासंज्ञावादीहरू ।

(४) उच्छेदवाद = मरणोपरान्त आत्मा पूर्णरूपमैं खत्तम (बिलाउँछ) हुन्छ भन्ने सातथरिका उच्छेदवादीहरू (नास्तिकवाद) ।

(५) दृष्ट-धर्म-निर्वाणवाद = यही जन्ममैं निर्वाण प्राप्त हुन्छ । (इहलोकमै जन्म - मरणको प्रवाह अन्त्य हुनु) भन्ने पाँचथरकि निर्वाणवादीहरू ।



Downloaded from http://www.dhamma.digital

उपरोक्त, ६२ प्रकारका दृष्टि-मतहरूका ब्यर्थता एवं असारता प्रकट गर्दै बुद्धले भ्रमपूर्ण तृष्णाको बसमा अल्झिएर (काम, भव, विभव तृष्णा) नै यी मत-दृष्टि-सिद्धान्त प्रतिपादन भएका हुन् भन्ने स्पष्टगर्नु भयो। जतिबेलासम्म यी ६२ प्रकारका मतहरूमध्ये कुनै न कुनै एक मतमा मात्र अल्झिन पुग्दा, फँस्दा सम्ममा संसार चक्रबाट (भव) मुक्त नहुने परन्तु संसार चक्रबाट मुक्ति पाउन प्रतीत्यसमुत्पाद दर्शन वा कार्यकारण सिद्धान्त वा कारणकार्य सिद्धान्तलाई यथाभूत तवरमा बुझ्नुपर्ने र जसलेगर्दा शील, समाधि, प्रज्ञा र विमुक्ति ज्ञान दर्शन प्राप्त भई जीवन सार्थकतातिर अगाडि बढ्दै जाने रहेछ।

यस सूत्रको अन्त्यमा बुद्धका स्वकीय सचिव भिक्षु आनन्दले प्रश्न तेर्स्याउँछ- "भन्ते ! यो धर्मदेशनाको नाम के होला ?" "आनन्द ! त्यसोभए यस देशनालाई 'अर्थजाल' भनेर 'धर्मजाल' भनेर 'ब्रह्मजाल' भनेर 'दृष्टिजाल' भनेर पनि चिन, धारण गर; अनि यसलाई 'अनुत्तर संग्राम विजय' (अलौकिक/लोकोत्तर) भनेर पनि धारण गर।"

यसरी अध्ययन गर्दैजाँदा थाहाहुन्छ- ब्रह्मजाल सुत्तको अर्थ हो श्रेष्ठ (ब्रह्म) जालरूपी बुद्धोपदेश। बुद्धको उपदेशलाईनै यहाँ ब्रह्मजाल भनिएको हो। 'श्रेष्ठ जाल के का लागि ?' मिथ्यादृष्टिलाई बुझेर हटाउन, नष्ट पार्न वा जालमा फँसाउनका लागि हो भन्ने प्रष्ट छ। यस सम्बन्धमा ग्रन्थमा उल्लेख्य कुरा यस्तो छ- 'जसरी कुनै एक दक्ष माझी वा उनका शिष्यले थोरै पानी भएको पोखरीमा मिहिन जाल विछ्याएर माछा हातपारेमा उसको मनमा यस्तो हुनसक्छ- यस पोखरीमा भएका जतिपनि ठूल्ठूला माछाहरू छन् ती सबै प्राणीहरू यो मिहिन जालमा फँसिसके, यिनीहरू फुत्फुत् उफ्रिँदै रहेपनि वा पानी भित्रभित्रै दुबुल्कि मार्दै पुनः माथि तैरिएर आएमा पनि जालभित्रै फँस्ने भैसके, सबै माछारू जालभित्र तलमाथि गरिरहने भए, यसरी तलमाथि गरिरहने सबै प्राणीहरू जाल भित्रै फँसिसकेका हुन्।'

यसरी हेर्दै जाँदा यी ६२ प्रकारका दृष्टिरूपी ब्रह्मजाल मत-सिद्धान्त, हामीमा र हुन्जेलसम्मन सानो वा थोरै पानी भएको पोखरीमा भएका ठूल्ठूला माछाहरूलाई जाल विछ्याउँदा देखी जालोमा फँस्ने जस्तै गरी हामी पनि संसार चक्रमा घुम्दैफिर्दै रहनुपर्ने, भ्रमरूपी जालोमा अड्किएर फुत्काउन गाह्रो गाँठो जस्तै परेर बस्नुपर्ने हुँदोरहेछ। यसरी ब्रह्मजालले जीवनरूपी धागोलाई फुत्काउनै नसकिने पाराले गाँठो पार्नमा ठूलो भूमिका खेलेको हुन्छ र तापनि यस्लाई हामीले विस्तारै धैर्यता पूर्वक गाँठोलाई फुत्काउँदै जान सकेमा विमुक्ति ज्ञान-दर्शन प्राप्त गर्न सकिंदो रहेछ। (प्राक्कथानमा उल्लेख गरिएअनुसार)

(कोण्डन्य, *संक्षिप्त दीघनिकाय व मज्झिमनिकाय,* ज्ञानज्योति कंसाकार, बु.सं.२५४३, बाट)



Downloaded from http://www.dhamma.digital

# बुद्धकालीन राज्यहरू

बुद्धकालीन राज्यहरू तीन मण्डल, पाँच प्रदेश र सोह्र महाजनपदहरूमा विभक्त थिए । महामण्डल, मध्य मण्डल र अन्तर मण्डल गरी तीन मण्डल थिए । जो क्रमशः ९००, ६००, ३०० योजनमा फैलिएको थियो । सम्पूर्ण जम्बूद्वीपको क्षेत्रफल दशहजार योजन थियो । मध्यम देश, उत्तरायण, अपरान्तक, दक्षिणापथ र प्राच्य गरी पाँच प्रदेशहरू थिए । यहाँ ती प्रदेशहरूको संक्षिप्तमा परिचय दिइनेछ ।

## अ. मध्यम प्रदेश

भगवान् बुद्धले मध्यम देशमा नै चारिक गर्नुभएर धर्मको उपदेश दिनुभएको थियो । तथागत चारिका गर्नुहुँदै पश्चिममा मथुरा र कुरुको थुल्लकोट्ठित नगरभन्दा अगाडि जानुभएन । पूर्वमा कजंगला निगमको मुखेलु वन र पूर्वदक्षिणको सललवती नदीको तीर लाई पार गर्नुभएन । दक्षिणमा सुंसुमारगिरि आदि विन्ध्याचलको छेउछाउका निगमसम्म नै जानुभयो । उत्तरमा हिमालयको तलहटीको सापुग निगम र उसीरध्वज (हरिद्वार नगिच) पर्वतभन्दा माथि जानुभएको देखिंदैन । विनयपिटकमा मध्यम देशको सीमा यसप्रकार बताइएको छ - पूर्व दिशामा कजंगला निगम, पूर्वदक्षिण दिशामा सललवती नदी, दक्षिण दिशामा सेतकणिक निगम, पश्चिम दिशामा थूण गाउँ, उत्तर दिशामा उसीरध्वज पर्वत ।

मध्यम देश ३०० योजन लामो र २५० योजन चौडा थियो । यसको परिमण्डल ९०० योजन थियो । यो जम्बूद्वीपको एक ठूलो भाग थियो । तत्कालीन सोह्र जनपदहरूमध्ये १४ वटा जनपदहरू यसै प्रदेशमा थिए । मात्र दुइवटा प्रदेश उत्तरापथमा थिए ।

### १. काशी

काशी जनपदको राजधानी वाराणसी थियो । बुद्धकालभन्दापूर्व समयमा सुरुन्धन, सुदर्शन, ब्रह्मवर्द्धन, पुष्पवती, मौलिनी र रम्यनगर यसैको नाम थियो । यस नगरको विस्तार १२ योजनसम्म फैलिएको थियो । भगवान् बुद्धभन्दा पूर्व काशी राजनीतिक क्षेत्रमा शक्तिशाली जनपद थियो । काशी र कोशलका राजाहरूमा प्रायः युद्ध भै नै रहन्थ्यो, जसमा काशीको राजाको विजय हुन्थ्यो । त्यस समय सम्पूर्ण उत्तर भारतमा काशी जनपद सबैभन्दा शक्तिशाली थियो । तर बुद्धकालमा त्यसको राजनीतिक शक्ति क्षीण भएर गएको थियो । यसको केही भाग कोशल नरेश र केही भाग मगध नेरशको अधीनमा थियो । त्यसमा पनि प्रायः काशीको लागि नै युद्ध हुन्थ्यो । अन्तमा काशी कोशल नरेश प्रसेनजितको अधिकारबाट



Downloaded from http://www.dhamma.digital

विरत भएर मगध नरेश अजातशत्रुको अधीनमा परेको थियो ।

वाराणसीको नगिच ऋषिपतन मृगदायमा भगवान् बुद्धले धर्मचक्र प्रवर्तन गर्नुभएर यसको महत्व बढेको थियो । यसलाई बुद्ध धर्मको एक महातीर्थ भनिन्छ ।

वाराणसी शिल्प, व्यवसाय, विद्या आदिको धेरै ठूलो केन्द्र थियो । यसको व्यावसायिक सम्बन्ध श्रावस्ती, तक्षशिला, राजगृह आदि नगरहरूसंग थियो । काशीको चन्दन र रंगविरंगी वस्त्रहरू धेरै प्रसिद्ध थियो ।

२. कोशल

कोशलको राजधानी श्रावस्ती थियो । अयोध्या सरयू नदीको किनारस्थित एक गाउँ थियो, तर बुद्धकालमा यसको प्रसिद्धि थिएन । भनिन्छ कि श्रावस्ती नामक एक ऋषिको नाममा नै श्रावस्ती नगरको नाम राखिएको थियो । तर पपञ्चसूदनीअनुसार सर्वअस्ति अर्थात सबै भएकोले भन्ने अर्थमा यसको नाम श्रावस्ती भएको थियो ।

श्रावस्ती नगर धेरै समृद्धशाली एवं सुन्दर थियो । यस नगरको आवादी सात करोड थियो । भगवान् बुद्धले यहाँ २५ वर्षावास गर्नुभएको थियो र अधिकाँश उपदेश यहीं नै गर्नुभएको थियो । अनाथपिण्डिक यहाँको सबैभन्दा ठूलो व्यापारी थियो र मृगारमाता विशाखा अत्यन्त श्रद्धावान उपासिका थिइन् । पटाचारा, किसागौतमी, नन्द, कंखा रेवत र कोशल नरेशको बहिनी सुमना यसै नगरका प्रव्रजित महिला व्यक्तित्वहरू थिए ।

प्राचीन कोशल राज्य दुइ भागमा विभक्त थिए । सरयू नदी दुबै भागको मध्यमा स्थित थियो । उत्तर भागको उत्तर कोशल र दक्षिणी भागको दक्षिण कोशल भनिन्थ्यो । कोशल जनपदमा अनेक प्रसिद्ध निगम र गाउँहरू थिए । कोशलको प्रसिद्ध आचार्य पोक्खरसाति उक्कट्ठा नगरमा बस्दथ्यो, जसलाई प्रसेनजितले प्रदान गरेको थियो । कोशल जनपदको शाला, नगरविन्द र वेनागपुर गाउँहरूमा गएर भगवान् बुद्धले धेरै मानिसहरूलाई दीक्षित गर्नुभएको थियो । बाबरी कोशलको प्रसिद्ध अध्यापक थियो, जो दक्षिणापथमा गएर गोदावरी नदीकिनारमा आश्रम बनाएको थियो ।

सुरुआतमा काशीको कारण कोशल र मगधबीच प्रायः युद्ध भैरहन्थ्यो । तर पछि दुबैमा सन्धि भएको थियो । सन्धिपछि कोशल नरेश प्रसेनजित र मगध नरेश बिम्बिसार बीच एक आपसको बहिनीहरू विवाह गरेका थिए । पछि फेरि कोशल नरेश प्रसेनजितले आफ्नी छोरी वजिराको विवाह मगध नरेश अजातशत्रुसंग गराएको थियो ।

दण्डकप्पक, नलकपान, तारणवत्थु, र पलासवन यी कोशल जनपदका प्रसिद्ध गाउँहरू थिए, जहाँ भगवान् समय समयमा जानुभएर धर्मदेशना गर्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

### ३. अंग

अंग जनपदको राजधानी चम्पा नगर थियो, जो चम्पा र गंगाकै संगमस्थित थियो। चम्पा मिथिलाभन्दा ६० योजन टाढा थियो। अंग जनपद वर्तमान भागलपुर र मूँगेर जिल्लासहित उत्तरमा कासी नदीसम्म फैलिएको थियो। कहिले यो मगध जनपदको अन्तरगत थियो र सम्भवतः समुद्रको किनारसम्म फैलिएको थियो। अंगको प्राचीन राजधानीको खण्डहर सम्प्रति भागलपरुको नगिच चम्पा नगर र चम्पापुर यी दुइ गाउँहरूमा विद्यमान छन्। महापरिनिर्वाण सूत्रअनुसार चम्पा बुद्धकालमा भारतको ६ ठूला नगरहरूमध्ये एक थियो। चम्पादेखि सुवर्णभूमि (तल्लो म्यानमार) को लागि व्यापारी नदी र समुद्रमार्गबाट आउनेजाने गर्दथे। अंग जनपदमा ८० हजार गाउँहरू थिए। आपण अंगको एक प्रसिद्ध व्यापारिक नगर थियो। हरगोविन्द सूत्रबाट स्पष्ट हुन्छ कि अंग भारतको सात ठूला राजनीतिक प्रदेशमध्ये एक थियो। भगवान् बुद्धभन्दापूर्व अंग एक शक्तिशाली राज्य थियो। जातकबाट ज्ञात हुन्छ कि कुनै समय मगध पनि अंग नरेशकै अधीनमा थियो। बुद्धकालमा अंगले आफ्नो राजनीतिक महत्व एवं प्रतिष्ठालाई गुमाएको थियो र एक युद्धपछि अंग मगध नरेश सेनिय बिम्बिसारको अधीनमा परेको थियो। चम्पाकी रानी गग्गराद्वारा गग्गरा पुष्करिणी बनाएकी थिइन्। अंग जनपदको एक अर्को नगर अश्वपुर थियो, जहाँका धेरै कुलपुत्रहरू भगवान्काहाँ गएर भिक्षु भएका थिए।

### ४. मगध

मगध जनपद वर्तमान गया र पटना जिल्ला अन्तर्गत फैलिएको थियो। यसको राजधानी गिरिब्बज अथवा राजगृह थियो, जो पहाडहरूले घेरिएको थियो। यी पहाडहरूको नाम थियो - ऋषिगिरि, वेपुल्ल, वेभार, पाण्डव, गृद्धकुट। यसै नगर भएर तपोदा नदी बहन्थ्यो। सेनानी निगम पनि मगधको नै एक रमणीय वनप्रदेश थियो। एकनाला, नालकग्राम, खाणुमत र अन्धकविन्द यस जनपदका प्रसिद्ध नगर थिए। वज्जी र मगध जनपदहरूबीच गंगा नदी सीमा थियो। यसमा दुबै राज्यहरूको समान अधिकार थियो। अंग र मगधकाबीच समय समयमा युद्ध भैरहन्थ्यो। एकपल्ट वाराणसीको राजाले मगध र अंग दुबैलाई आफ्नो अधीनमा पारेको थियो। बुद्धकालमा अंग मगधको अधीनमा थियो। मगध र कोशलबीच पनि प्रायः युद्ध भैरहन्थ्यो। पछि अजातशत्रुले लिच्छवीहरूको सहायताले कोशलमाथि विजय पाएको थियो। मगधको जीवक कौमारभृत्य भारतप्रसिद्ध वैद्य थियो। उसको शिक्षा तक्षशिलामा भएको थियो। राजगृहमा वेलुवन कलन्दक निवाप प्रसिद्ध बुद्धविहार थियो। राजगृहमा नै प्रथम संगीति भएको थियो। राजगृहनगिच नालन्दा



Downloaded from http://www.dhamma.digital

एक सानो गाउँ थियो, जुन मगधको एक सुप्रसिद्ध किल्ला थियो, जसको मरम्मत वर्षाकार अमात्यले गराएको थियो। पछि मगधको राजधानी पाटलिपुत्रमा सरेको थियो। अशोककालमा पाटलिपुत्रको दैनिक आय चार लाख कार्षपण थियो। मगधमा बुद्धधर्म मात्र होइन अन्य धार्मिक समुदाय पनि त्यतिकै फस्टाएको थियो।

### ५. वज्जी

वज्जी जनपदको राजधानी वैशाली थियो। वज्जी जनपदमा लिच्छवीहरूको गणतन्त्र शासन थियो। यहाँको पुरातात्विक उत्खननमा प्राप्त शीलालेखबाट वैशाली नगर प्रमाणित भैसकेको छ। यस नगरको जनसंख्याको वृद्धिले नगर प्राकारलाई तीनपल्ट विस्तार गर्नुपरेकोले नै यसको नाम वैशाली रहन गएको थियो। वैशाली समृद्धशाली नगर थियो। भनिन्छ, त्यस समय वैशालीमा ७७७७ प्रासाद, ७७७७ कुटागार, ७७७७ उद्यानगृह, ७७७७ पोखरीहरू थिए। त्यहाँ ७७७७ राजाहरू, ७७७७ युवराज, ७७७७ सेनापति र उति नै भण्डागारिकहरू थिए। नगरबीचमा एक संस्थागार (संसदभवन) थियो। नगरमा उदयन, गोतमक, सप्ताम्रक, बहुपुत्रक र सारंदद चैत्यहरू थिए। भगवान् बुद्धले वैशालीको लिच्छवीहरूलाई तावतिंस देवलोकका देवतासरह तुलना गर्नुभएको थियो। वैशालीकी प्रसिद्ध गणिका अम्बपालीले बुद्धलाई भोजन दान गरेकी थिइन्। बिमला, सिहा, वासिष्ठी, अम्बपाली र रोहिणी वैशालीका प्रसिद्ध भिक्षुणीहरू हुन्। वर्द्धमान, अंजनवनिय, वज्जीपुत्त, सुयाम, पियञ्जह वसभ, वल्लिय र सब्बकामी यहाँका प्रख्यात भिक्षुहरू थिए। वैशालीको नगिच महकावनमा कुटागारशाला विहार थियो। यहीं सर्वप्रथम प्रजापति गौतमीसंग अन्य शाक्य महिलाहरू भिक्षुणी भएका थिए। वैशालीमा नै दोश्रो संगीति भएको थियो। वैशाली गणतन्त्रलाई बुद्ध परिनिर्वाणको तीन वर्षपछि आपसी झगडा गराएर मगध नरेश अजातशत्रुले आफ्नो वशमा पारेको थियो।

### ६. मल्ल

मल्ल गणतन्त्र जनपद थियो। यो दुइ भागमा विभाजित थियो। कुशीनारा र पावा यसका दुइ राजधानीहरू थिए। अनूपिया, थूणग्राम, उरुवेलकप्प, बलिहरण वनण्ड, भोगनगर र आम्रग्राम यसका प्रख्यात नगरहरू थिए। वर्तमान भारतको देवरिया जिल्लाको कुशीनगर नै कुशीनारा थियो र फाजिलनगर सठियाव नै पावा थियो। कुशीनारा राजधानीको भग्नावशेष कुशीनगरको नगिच अनुरुधवा गाउँमा विद्यमान छ। कुशीनाराको प्राचीन नाम कुशावती थियो। यो नगर धेरै समृद्ध एवं उन्नतिशील थियो। बोधिसत्व यहाँ ६ पल्ट चक्रवर्ती राजा भएर जन्मेको थियो। पूर्वकालमा यो १२ योजन लामो र ७ योजन



Downloaded from http://www.dhamma.digital

चौडा थियो। महापरिनिर्वाण सूत्रअनुसार राजगृह र कुशीनाराबीचको मार्गबारे स्पष्ट हुन्छ । भगवान् बुद्धले अन्तिम समयमा यसै मार्गबाट यात्रा गर्नुभएको थियो - राजगृह, अम्बलट्ठिका, नालन्दा, पाटलिग्राम, नादिका, वैशाली, भण्डग्राम, हस्तिग्राम, आम्रग्राम, जम्बूग्राम, भोगनगर र पावा। पावामा चुन्दको घरमा अन्तिम भोजन ग्रहण गर्नुभएको थियो। पावा र कुशीनाराबीच तीन नदीहरू बहन्थ्यो। जसमा ककुत्था र हिरण्यवतीको नाम ग्रन्थमा उल्लेख गरिएको छ। हिरण्यवतीको पश्चिम किनारमा नै कुशीनारा थियो र त्यहीं शालवन उपवत्तनमा बुद्धको परिनिर्वाण भएकोथियो। पावाको चुन्द कम्मारपुत्र खण्डसुमन, गोधिक, सुबाहु, वल्लिय र उत्तिय प्रख्यात व्यक्तित्व थिए। कुशीनाराका महा विभूतिहरूमा आयुष्मान् दब्बमल्लपुत्र, आयुष्मान् सिंह, आयुष्मान् यशदत्त, बन्धुल सेनापति, दीर्घकारायण, रोजमल्ल, वज्रपाणि मल्ल, वीरांगना मल्लिका थिए। बुद्ध परिनिर्वाणपछि कुशीनारा र पावामा धातुस्तूप बनेको थियो।

### ६. चेदि

चेदि जनपद यमुना नगिच कुरु जनपदसंगै थियो। यो वर्तमान बुन्देलखण्डसहित विस्तृत थियो। यसको राजधानी सोत्थिवती नगर थियो। यसको अर्को प्रमुख नगर सहजाति र त्रिपुरी थियो। वेदब्भ जातकबाट ज्ञात हुन्छ कि काशी र चेदिबीच धेरै डाकुहरू वस्दथे। जेतुत्तर नगरदेखि चेदि राष्ट्र ३० योजन टाढा थियो। सहजातिमा महाचुन्दले उपदेश दिनुभएको थियो। यो बुद्ध धर्मको एक ठूलो केन्द्र थियो। आयुष्मान् अनुरुद्धले चेदि राष्ट्रको प्राचीनवंश मृगदायमा रहनुभएर अर्हत्व प्राप्त गर्नुभएको थियो। सहञ्चनिक पनि चेदि जनपदको एक प्रख्यात गाउँ थियो, जहाँ भगवान् बुद्ध जानुभएको थियो।

Dhamma.Digital

### ६. वच्छ

वच्छ जनपद भारतको १६ ठूला जनपदहरूमध्ये एक थियो। यसको राजधानी कौशाम्वी थियो। अहिले पनि यसको भग्नावशेष इलाहावाददेखि साढे तीन माइल पश्चिम यमुना नदीकिनारमा कोसम नामक गाउँमा अवस्थित छ। संसुमारगिरिको भर्ग राज्य वच्छ जनपदमा नै पर्दथ्यो। कौशाम्बी बुद्धकालीन एक ठूलो नगर थियो। जटिलहरूको नेता बाबरीले कौशाम्बीको यात्रा गरेको थियो। कौशाम्बीमा घोषिताराम, कुक्कुटाराम र पावारिकाराम तीन प्रख्यात विहारहरू थिए, जसलाई क्रमशः त्यहाँको प्रख्यान श्रेष्ठी घोषित, कुक्कुट र पावारिकले बनाएको थियो। भगवान् बुद्धले यी विहारहरूमा निवास गर्नुभएको थियो र भिक्षुसंघलाई उपदेश दिनुभएको थियो। यहीं भिक्षुहरूमा झगडा पनि भएको थियो, जुन शान्त गर्न खोज्दा झगडिया भिक्षुहरूले भगवान्‌लाई नै अवहेलना गर्दा भगवान् बुद्ध पारिलेयक वनमा वर्षावास गर्न जानुभएको थियो। बुद्धकालमा राजा उदयन



Downloaded from http://www.dhamma.digital

यहाँ राज्य गर्दथ्यो, जसको मागन्दी, सामावती, वासुलदत्ता तीन रानीहरू थिए। उनीहरूमध्ये रानी सामावती परमभक्त  र श्रोतापन्न उपासिका थिइन्, जसलाई ईर्ष्याको कारणले सौता मागन्दीले कोठामा आगो लगाएर हत्या गराएकी थिइन् ।

### ७. कुरु

प्राचीन साहित्यमा दुइ कुरु जनपदहरूको वर्णन पाइन्छ- उत्तर कुरु र दक्षिण कुरु । ऋग्वेदमा वर्णित कुरु सम्भवतः उत्तर कुरु नै हो भन्ने मान्यता पनि रही आएको छ । पालि साहित्यमा वर्णित कुरु जनपद आठ हजार योजनमा फैलिएको थियो। कुरु जनपदको राजाहरूलाई कौरब्य भनिन्थ्यो । कम्मासदम्म कुरु जनपदको एक प्रसिद्ध नगर थियो, जहाँ भगवान् बुद्धले महासतिपट्ठान सूत्र र महानिदान सूत्रजस्ता महत्वपूर्ण एवं गम्भीर सूत्रहरूको उपदेश दिनुभएको थियो। यस जनपदको दोश्रो प्रमुख नगर थुल्लकोट्ठित थियो। आयुष्मान् रट्ठपाल यसै नगरको हुनुहुन्थ्यो ।

कुरु जनपदको उत्तरमा सरस्वती तथा दक्षिणमा दृश्यवती नदीहरू बहन्थ्यो । वर्तमान सोनपत, अमिन, कर्नाल र पानीपतको जिल्ला कुरु जनपदमा नै पर्दथ्यो । महासुतसोम जातकअनुसार कुरु जनपद ३०० योजनमा फैलिएको थियो। यसको राजधानी इन्दप्रस्थ नगर थियो, जुन सात योजनमा फैलिएको थियो ।

### ८. पञ्चाल

पञ्चाल जनपदलाई भागीरथी नदीले दुइ भागमा विभाजन गरिएको थियो- उत्तर पञ्चाल र दक्षिण पञ्चाल। उत्तर पञ्चालको राजधानी अहिच्छत्र नगर थियो, जहाँ दुर्मुख राजा राज्य गर्दथ्यो। वर्तमान भारतीय वरेली जिल्लाको रामनगर नै अहिच्छत्र मानिन्छ। दक्षिण पञ्चालको राजधानी काम्पिल्य नगर थियो, जुन फरुखावाद जिल्लाको कमीपलमा स्थित थियो । समय समयमा राजाहरूको इच्छाअनुसार काम्पिल्य नगरमा पनि उत्तर पञ्चालको राजधानी रहने गर्दथ्यो। पञ्चाल नरेशको बहिनीको छोरा विशाखले श्रावस्ती गएर भगवान्संग दीक्षित भई ६ अभिज्ञा ज्ञानलाई प्राप्त गरेको थियो। पञ्चाल जनपदमा वर्तमान बदाउँ, फरुखावाद र उत्तर प्रदेशको समीपवर्ती जिल्ला पर्दर्थ्यो ।

### ९. मच्छ

मच्छ जनपद वर्तमान जयपुर राज्यमा पर्दथ्यो। यसअन्तरगत पुरा अलवर राज्य र भरतपुरको केही भाग पनि पर्दथ्यो । मच्छ जनपदको राजधानी विराटनगर थियो । नादिकाको गिञ्जिकावसथमा विहार गर्नुहुँदै भगवान् बुद्धले मच्छ जनपदको वर्णन गर्नुभएको थियो। यो इन्द्रप्रस्थको दक्षिणपश्चिम र सूरसेनको दक्षिणमा अवस्थित थियो ।



Downloaded from http://www.dhamma.digital

### १०. सूरसेन

सुरसेन जनपदको राजधानी मथुरा नगर थियो, जुन कौशाम्बीजस्तै यमुना नदी किनारमा अवस्थित थियो। यहाँ भगवान् बुद्ध जानुभएको थियो र मथुराको विहारमा विहार गर्नुभएको थियो । मथुरा प्रदेशमा आयुष्मान् महाकात्यायनले चारिका गर्नुहुँदै धर्मप्रचार गर्नुभएको थियो । त्यस समय सूरसेनको राजा अवन्तिपुत्र थियो । वर्तमान मथुरादेखि ५ माइल दक्षिण पश्चिमस्थित महोली नामक स्थानलाई नै प्राचीन मथुरा मानिन्थ्यो। दक्षिण भारतमा पनि प्राचीनकालमा मथुरा नामक एक नगर थियो, जसलाई दक्षिण मथुरा भनिन्थ्यो। यो पाण्डव राज्यको राजधानी थियो। यसको भग्नावशेष हाल चेन्नइ प्रान्तमा वैगी नदीको किनारमा विद्यमान छ।

### ११. अस्सक

अस्सक जनपदको राजधानी पोतन नगर थियो। अस्सक नरेश महाकात्यायनद्वारा प्रव्रजित भएको थियो। जातकबाट ज्ञात हुन्छ कि दन्तपुर नरेश कलिंग र अस्सक नरेशबीच युद्ध हुने गर्दथ्यो। तर पछि दुबैमा मैत्री सम्बन्ध स्थापना भएको थियो। पोतन कहिले काशी राज्यमा पनि गनिने गर्थ्यो। यो अस्सक गोदावरीको किनारसम्म फैलिएको थियो। बाबरी गोदावरीको किनारमा अस्सक जनपदमा नै आश्रम बनाएर बस्दथ्यो। वर्तमान पैठन जिल्ला नै अस्सक जनपद मानिन्थ्यो। त्यहाँदेखि खारवेल नरेशको एक शिलालेख पनि प्राप्त भएको छ। महागोविन्द सूत्र अनुसार यो महागोविन्दद्वारा बनाइएको थियो।

### १२. अवन्ति

अवन्ति जनपदको राजधानी उज्जैनी नगर थियो, जुन अच्चुतगामीद्वारा बसाइएको थियो। अवन्ति जनपदमा वर्तमान मालव निमार र मध्यभारतको निकटवर्ती प्रदेश पर्दथ्यो। अवन्ति जनपद दुइ भागमा विभाजित थियो। उत्तरी भागको राजधानी उज्जैनीमा नै थियो र दक्षिणी भागको राजधानी माहिष्मतीमा थियो। महागोविन्द सूत्रअनुसार अवन्तिको राजधानी माहिष्मती थियो। जहाँको राजा वैश्वभू थियो। कुररघर र सुदर्शनपुर अवन्ति जनपदको प्रख्यात नगरहरू थिए।

अवन्ति जनपद बुद्ध धर्मको महत्वपूर्ण केन्द्र थियो। अभयकुमार, इसिदासी, इसिदत्त, सोणकुटिकण्ण र महाकात्यायन अवन्ति जनपदका महाविभूतिहरू थिए। आयुष्मान् महाकात्यायन उज्जैनी नरेश चण्ड प्रद्योतको पुरोहितपुत्र हुनुहुन्थ्यो। चन्द्र प्रद्योतलाई महाकात्यायनले नै बौद्धत्वमा प्रवेश गराएको थियो। भिक्षु इसिदत्त अवन्तिको वेणुग्रामवासी हुनुहुन्थ्यो।



Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

कौशाम्बी र अवन्तिका राजाहरूमा वैवाहिक सम्बन्ध थियो । चण्डप्रद्योत र उदयनबीच धेरैपल्ट युद्ध भयो । अन्तमा चन्द्र प्रद्योतकी छोरी वासुलदत्ताको विवाह उदयनसंग भएपछि दुबै मित्र भएका थिए । उदयनले मगधराज्यसंग पनि वैवाहिक सम्बन्ध स्थापित गरेको थियो, जसले गर्दा कौशाम्बी दुबैतिरबाट सुरक्षित भएको थियो ।

अवन्तिको राजधानीबाट अशोकको शिलालेख पनि प्राप्त भएको छ ।

## मध्यम देशका नगर, गाउँहरू

**अपरगया-** भगवान् उरुवेलादेखि गया र गयादेखि अपरगया जानुभएको थियो, जहाँ उहाँलाई नागराज सुदर्शनले निमन्त्रणा गरेको थियो ।

**अम्बसण्ड-** राजगृहको पूर्व अम्बसण्ड एक ब्राह्मण गाउँ थियो ।

**अन्धकवन्द-** मगधको अन्धकविन्द गाउँमा भगवान् विहार गर्नुहुँदा सहम्पति ब्रह्माले उहाँको दर्शनगरी स्तुति गरेको थियो ।

**अयोध्या-** यहाँ भगवान् जानुभएर विहार गर्नुभएको थियो । पालि साहित्यअनुसार यो गंगा नदीकिनारमा स्थित थियो । तैपनि वर्तमान अयोध्या नै त्यसबेलाको अयोध्या मानिन्छ ।

**अन्धपुर-** यो एक नगर तेलवाह नदीकिनारमा बसेको थियो ।

**आलवी-** आलवीमा अग्गालव एक प्रख्यात चैत्य थियो, जहाँ भगवान् बुद्धले विहार गर्नुभएको थियो । वर्तमान उत्तरप्रदेशको उन्नव जिल्लाको नवललाई आलवी मानिन्थ्यो ।

**अनूपिया-** यो मल्ल जनपदको एक प्रमुख निगम थियो । यहीं सिद्धार्थ कुमारले प्रव्रजित भएपछि एक सप्ताहसम्म निवास गरेको थियो । यहीं अनुरुद्ध, भद्दिय, किम्बिल, भृगु, देवदत्त, आनन्द र उपालि प्रव्रजित भएका थिए । दर्भमल्लपुत्र पनि यहीं नै प्रव्रजित भएको थियो । वर्तमान समयमा देवरिया जिल्लामा दाढानगिच मझन नदीकिनारको खण्डहर नै अनूपिया नगर मानिन्छ, जसलाई आजकाल घोडटप भनिन्छ ।

**अस्सपुर-** राजा चेतिको छोराहरूले हस्तिपुर, अश्वपुर, सिंहपुर, उत्तर पञ्चाल र दहरपुर नगरहरू बसाएका थिए । हस्तिपुर नै पछि गएर हस्तिनापुर भएको थियो र यस समय यसको भग्नावशेष मेरठ जिल्लाको मवान तहसीलमा विद्यमान छ । सिंहपुर ह्वेनसाङ्गको समयमा तक्षशिलादेखि ११७ माइल पूर्वस्थित थियो । अन्य नगरहरूको कुनै जानकारी छैन ।

**अल्लकप्प-** वैशालीका लिच्छवीहरू, मिथिलाका विदेहीहरू, कपिलवस्तुका शाक्यहरू, रामग्रामका कोलियहरू, सुंसुमारगिरिका भर्गहरू र पिप्पलिवनका मौर्यहरूजस्तै अल्लकप्पका वुलियहरूको पनि आफ्ना स्वतन्त्र राज्य थिए । तर शक्तिशाली थिएनन् । यो १० योजनमा



Downloaded from http://www.dhamma.digital

फैलिएको थियो। वेठदीप राजवंशसंग यसको सम्बन्ध थियो। श्री वीलको भनाइअनुसार वेठदीपको द्रोण ब्राह्मण शाहावाद जिल्लामा मसारदेखि जाने मार्गमा पर्दथ्यो। अतः अल्लकप्प वेठदीपभन्दा धेरै टाढा थिएन। अल्लकप्पको वुलियहरूलाई बुद्धको अस्थिधातुको एकअंश प्राप्त भएको थियो, जसको लागि एक स्तूप निर्माण गरिएको थियो।

**भद्दिय-** अंग जनपदको भद्दिय नगरमा महाउपासिका विशाखाको जन्म भएको थियो।

**वेलुवग्राम-** यो वैशालीमा पर्दथ्यो।

**भण्डग्राम-** यो वज्जी जनपदमा पर्दथ्यो।

**धर्मपालग्राम-** यो काशी जनपदको एक गाउँ थियो।

**एकशाला-** यो कोशल जनपदमा एक ब्राह्मण गाउँ थियो।

**एकनाला-** यो मगधको दक्षिणगिरि प्रदेशको एक ब्राह्मण गाउँ थियो, जहाँ भगवान्ले विहार गर्नुभएको थियो।

**एरकच्छ-** यो दसण्ण राज्यको एक नगर थियो।

**इसिपतन-** यो ऋषिपतन मृगदाय वर्तमान सारनाथ (बनारस, वाराणसी) हो, जहाँ भगवान्ले धर्मचक्र प्रवर्तन गर्नुभएको थियो।

**गया-** गयामा भगवान् बुद्धले सूचिलोम यक्षको प्रश्नहरूको जवाफ दिनुभएको थियो। प्राचीन गया वर्तमान साहबगंज मानिन्छ। यहाँदेखि ६ माइल दक्षिण बुद्धगयास्थित छ। गयातीर्थ बुद्धकालमा स्नानतीर्थको रूपमा प्रख्यात थियो र यहाँ धेरै जटिलहरू रहने गर्थे।

**हलिद्दवसन-** यो कोलिय जनपदको एक गाउँ थियो, भगवान् बुद्ध वैशालीदेखि कुशीनगर जानुहुँदा हस्तिग्राम भएर जानुभएको थियो। वर्तमान समयमा यो विहार प्रान्तको हथुवादेखि ८ माइल पश्चिम शिवपुर कोठी नगिच अवस्थित छ। आजकाल यसको भग्नावशेषलाई हाथीखाल भनिन्छ। हस्तिग्रामको उग्गह गृहपतिले भगवान्बाट संघसेवकहरूमा एगदग्ग पद प्राप्त गरेको थियो।

**हिमवन्त प्रदेश**- कोशल, शाक्य, कोलिय, मल्ल र वज्जी जनपदहरूभन्दा उत्तरमा फैलिएको पहाडलाई नै हिमवन्त प्रदेश भनिन्थ्यो। यसमा नेपालको साथै हिमालय प्रदेशको सबै दक्षिणी प्रदेश समावेश भएको मानिन्छ।

**इच्छानंगल-** कोशल जनपदमा यो एक ब्राह्मण गाउँ थियो। भगवान्ले इच्छानंगल वनसण्डमा वास गर्नुभएको थियो।

**जन्तुग्राम -** चालिका प्रदेशको चालिका पर्वत नगिच जन्तुग्राम थियो। भगवान्ले चालिका पर्वतमा विहार गर्नुहुँदा मेघिय स्थविर जन्तुग्राममा भिक्षाटन गर्न गएको थियो र त्यसपछि भगवान् बुद्धको इच्छाविपरित किमीकाला नदीकिनारमा गएर ध्यानाभ्यास गर्न



Downloaded from http://www.dhamma.digital

गएको थियो ।

**कलवालगामक-** यो मगधको एक गाउँ थियो। यहीं मौद्गल्यायन स्थविरलाई अरहत्व प्राप्त भएको थियो ।

**कजंगल-** यो मध्यम देशको पूर्वी सीमामा अवस्थित एक गाउँ थियो । यहाँको वेलुवन र मुखेलुवनमा तथागतले विहार गर्नुभएको थियो । मिलिन्द प्रश्नअनुसार यो एक ब्राह्मण गाउँ थियो र यसै गाउँमा नागसेनको जन्म भएको थियो। वर्तमान समयमा विहार प्रान्तको संथाल परगनामा कंकजोल नामक स्थानलाई नै कजंगल मानिन्छ।

**कोटिग्राम-** यो वज्जी जनपदको एक गाउँ थियो । भगवान् पाटलिग्रामबाट यहाँ आउनुभएको थियो । यहाँबाट नादिका र नादिकाबाट वैशाली जानुभएको थियो ।

**कुण्डिय-** यो कोलिय जनपदमा एक गाउँ थियो । कुण्डियको कुण्डिधान वनमा भगवान्ले विहार गर्नुभएको थियो, जहाँ प्रसवकालमा मरणासन्न अवस्थामा पुगेकी सुप्पवासा उपासिकाले भगवान्को आशीर्वादले स्वस्तिपूर्वक सीवलीलाई जन्मदिएकी थिइन्।

**केशपुत्त-** यो कोशल जनपदअन्तरगतको एक सानो स्वतन्त्र राज्य थियो। यहाँका कालामहरूले, मल्ल, शाक्य, मौर्य र लिच्छवी राजाहरूजस्तै गणतन्त्र प्रणालीअनुसार शासन गर्दथे । यहीं कालाम सूत्र देशना भएको थियो ।

**खेमावती-** यो खेम नरेशको राज्यको राजधानी थियो ।

**मिथिला-** मिथिला विदेहको राजधानी थियो । बुद्धकालमा यो वज्जी जनपदको अन्तरगत थियो । वज्जी जनपदका वैशाली र विदेहको मिथिला प्रख्यात नगरहरू थिए । प्राचीनकालमा मिथिला नगर सात योजनमा फैलिएको थियो। विदेह राष्ट्र ३०० योजनमा फैलिएको थियो । चम्पा र मिथिलामा ६० योजनको दूरी थियो। विदेह राज्यमा पन्ध्रहजार गाउँ, सोह्रहजार भण्डारगृह, सोह्रहजार नर्तकीहरू थिए, यसरी जातक कथाबाट जानकारी हुन्छ। मिथिला एक व्यापारिक केन्द्र थियो। श्रावस्ती र वाराणसीबाट व्यापारीहरू यहाँ आउँदथे । वर्तमान तिरहुतलाई नै विदेह मानिन्छ । मिथिलाको प्राचीन अवशेष वर्तमान नेपालको जनकपुर नगरमा पाइन्छ।

**मचलग्राम**- यो मगधको एक गाउँ थियो ।

**नालन्दा-** यो मगधमा राजगृहदेखि एक योजनको दूरीमा अवस्थित थियो । यहाँको पावारिक अम्बवनमा भगवान्ले विहार गर्नुभएको थियो। वर्तमान समयमा यो पटना जिल्लाको राजगृहदेखि ७ माइल उत्तरपश्चिममा अवस्थित छ। यसको विशाल खण्डहर दर्शनीय छ। छैठौं र सातौं शताव्दीमा यस स्थल बौद्ध विद्या अध्ययनको प्रधान केन्द्र नै थियो ।

**नालक-** यो राजगृह नगिच एक गाउँ थियो, जहाँ सारिपुत्रको जन्म तथा परिनिर्वाण भएको थियो।



Downloaded from http://www.dhamma.digital

**नादिका-** यो वज्जी जनपदको एक गाउँ थियो। भगवान् पाटलिग्रामदेखि गंगा पार तरेर कोटिग्राम र नादिकामा र त्यहाँबाट वैशालीमा जानुभएको थियो।

**पिप्पलिवन-** यो मौर्यहरूको राजधानी थियो। यहाँका मौर्यले भगवान् बुद्धको चिताबाट प्राप्त कोइला राखेर स्तूप बनाएको थियो। वर्तमान समयमा यसको भग्नावशेष गोरखपुर जिल्लाको कुसुन्ही स्टेशनदेखि एघार माइल दक्षिण उपधौली नामक स्थानमा पाइन्छ।

**सामगाम-** यो शाक्य जनपदको एक गाउँ थियो। यहीं भगवान्ले सामगाम सुत्तको देशना गर्नुभएको थियो।

**सापुग-** यो कोलिय जनपदको एक निगम थियो।

**शोभावती-** यो शोभ नरेशको राजधानी थियो।

**सेतब्य-** यो कोशल जनपदको एक नगर थियो। यसको नगिच उक्कट्ठा थियो र यहाँबाट सेतब्यसम्म एक सडक जान्थ्यो।

**संकस्स-** भगवान्ले श्रावस्तीमा यमक प्रातिहार्य देखाउनुभएर तुषिता भूवनमा वर्षावास गर्नुभएर महाप्रवारणाको दिन संकाश्य नगरमा स्वर्गबाट पृथ्वीमा फर्कनुभएको थियो। संकाश्य वर्तमान समयममा संकिसा वसन्तपुरको नामले कालिन्दी नदीको उत्तर किनारमा विद्यमान छ। यो एटा जिल्लाको फतेहगढदेखि २३ माइल पश्चिम र कनौजदेखि ३४५ माइल उत्तरपश्चिममा अवस्थित छ।

**सालिन्दिय**- यो राजगृहको पूर्व एक ब्राह्मण गाउँ थियो।

**संसुमारगिरि-** यो भर्ग राज्यको राजधानी थियो। बुद्धकालमा उदयनको पुत्र बोधि राजकुमार यहाँ राज्य गर्दथ्यो, जो बुद्धको परमभक्त थियो। तर भर्ग राज्य पूर्णरूपेण प्रजातान्त्रिक राज्य थियो। किनकि गणतन्त्र राज्यहरूमा यसको पनि गणना गरिन्थ्यो। भर्ग आजकालको मिर्जापुर जिल्लाको गंगादेखि दक्षिणी भाग र केही छेउछाउको प्रदेश थियो। यसको सीमा गंगा टोंस कर्मनाशा नदीहरू र विन्ध्याचल पर्वतको केही भाग रह्यो होला। संसुमारगिरि नगर मिर्जापुर जिल्लाको वर्तमान चुनार गाउँलाई मानिन्छ।

**सेनापतिग्राम-** यो उरुवेला नगिचको एक गाउँ थियो।

**थूण-** यो एक ब्राह्मण गाउँ थियो र मध्यम देशको पश्चिमी सीमामा अवस्थित थियो। आधुनिक थानेश्वर नै थूण मानिन्छ।

**उक्काचेल-** यो वज्जी जनपदमा गंगा नदीकिनारमा स्थित एक गाउँ थियो। उक्काचेल विहार प्रान्तको वर्तमान सोनपुर र हाजीपुरको नगिच कतै रहेको अनुमान गरिन्छ।

**उपतिस्सग्राम-** यो राजगृहनगिच एक गाउँ थियो।



Downloaded from http://www.dhamma.digital

**उग्गनगर-** उग्गनगरको उग्गसेठ श्रावस्तीमा व्यापारको सिलसिलामा आएको थियो, जस्लाई त्यतिबेला धनाढ्यहरूमध्ये एक गनिन्थ्यो । यस नगरको अन्य कुनै जानकारी प्राप्त भएको छैन ।

**उसीरध्वज-** यो मध्यप्रदेशको उत्तरी सीमामा अवस्थित एक पर्वत थियो, जो सम्भवतः कनखलको उत्तरमा पर्दछ ।

**वेरञ्जा नगर-** भगवान् श्रावस्तीदेखि वेरञ्जा जानुभएको थियो । यो नगर कन्नौजदेखि संकाश्य, सोरेय्य हुँदै मथुरा जाने मार्गमा पर्दथ्यो । वेरञ्जा अहिले सोरेय्य र मथुराबीच कतै अवस्थित भएको मानिन्छ ।

**वेत्रवती-** यो नगर वेत्रवती नदीको किनारमा रहेको थियो । वर्तमान वेतवा नदीलाई नै वेत्रवती मानिन्छ ।

**वेलुवग्राम-** यो कौशाम्बीको नगिच एक सानो गाउँ थियो । वर्तमान समयमा इलाहावाददेखि ३० माइल पश्चिम कोसमदेखि अलिक टाढा उत्तरपूर्वमा स्थित वेनपुरवालाई नै वेलुवग्राम मानिन्छ ।

## नदी र जलाशयहरू

बुद्धकालमा मध्यम देशमा जुन नदी, जलाशय पोखरीहरू थिए त्यसका संक्षिप्त परिचय यहाँ प्रस्तुत गर्नु पाठकहरूका लागि उपयोगी हुनेछ । जस्तै-

**अचिरवती-** यसलाई वर्तमान अवस्थामा राप्ती भनिन्छ । यो भारतको पाँच महानदीहरूमा एक थियो । यसैको किनारमा कोशलको राजधानी श्रावस्ती अवस्थित थियो ।

**अनोमा-** यस नदीकिनारमा सिद्धार्थ कुमारले प्रव्रज्या ग्रहण गरेको थियो । श्री कनिंघमले गोरखपुर जिल्लाको आमी नदी नै अनोमा मानेको छ र श्री कारलायलले बस्ती जिल्लाका कुडवा नदीलाई । तर भिक्षु जगदिश काश्यपलाई देवरिया जिल्लाको मझन नदी नै अनोमा मानेका छन् ।

**बाहुका-** बुद्धकालमा यो एक पवित्र नदी मानिन्थ्यो । वर्तमान समयमा यसलाई धुमेल नामले चिनिन्छ । यो राप्तीको सहायक नदी हो ।

**बाहुमती-** वर्तमान बागमती नदी नै बाहुमती नदी हो, जो नेपालको राजधानी काठमाडौंबाट बहेर जान्छ ।

**चम्पा-** यो मगध र अंग जनपदहरूको सीमामा बहन्छ ।

**छद्दन्त-** यो हिमालयको एक सरोवर हो ।

**गंगा-** यो भारतको प्रख्यात नदी हो । यस नदीकिनारमा हरिद्वार, प्रयाग र वाराणसीजस्ता सहरहरू बसेका छन् ।



Downloaded from http://www.dhamma.digital

**गग्गरा पुष्करिणी**– अंग जनपदमा चम्पा नगरको नगिच थियो । यसलाई गग्गरा रानीले बनाएकी थिइन् ।

**हिरण्यवती**– कुशीनारा र मल्लहरूको शालवन उपवत्तन हिरण्यवतीको किनारमा अवीसथत थियो । देवरिया जिल्लाको सानरा नाला नै हिरण्यवती नदी हो । यो कुलकुला स्थानको नगिच खनुआ नदीमा मिल्दछ । यसैलाई हिरवाको नारी र कुसम्ही नारा पनि भनिन्छ, जो कुशीनाराको अपभ्रंश हो ।

**कोसिकी**– यो गंगाको एक सहायक नदी हो । वर्तमानमा यसलाई कोशी नदी भनिन्छ र पूर्व नेपालमा बहन्छ ।

**ककुत्था**– यो नदी पावा र कुशीनाराबीच अवस्थित थियो । वर्तमान धाधीनीलाई नै ककुत्था मानिन्छ ।

**कद्दमदह**– यस नदीकिनारमा महाकात्यायनले केही दिन विहार गर्नुभएको थियो ।

**किमीकाला**– या नदी चालिकामा थियो । मेघिय भिक्षुले जन्तुग्राममा भिक्षाटन गरी यसै नदीकिनारमा ध्यान अभ्यास गरेको थियो ।

**मंगल पुष्करिणी**– यसैको किनारमा बस्नुभएको तथागतलाई राहुलको परिनिर्वाण भएको समाचार प्राप्त भएको थियो ।

**मही**– वर्तमान गण्डकी वा नारायणी नदी नै मही नदी थियो र भारतको पाँच ठूला नदीहरूमध्ये एक थियो ।

**रथकार**– यो हिमालयको एक सरोवर थियो ।

**रोहिणी**– यो शाक्य र कोलिय जनपदको सीमा भएर बहन्थ्यो । वर्तमान समयमा पनि यसलाई रोहिणी नै भनिन्छ र यो बुटवलदेखि १२/१३ किलोमिटर पूर्वमा अवस्थित छ ।

**सप्पिनी**– यो नदीकिनारमा आयुष्मान् अनिरुद्धले विहार गर्नुभएको थियो ।

**निरञ्जना**– यो नदी उरुवेला प्रदेशमा बहन्थ्यो । यसैको किनारमा बुद्धगया अवस्थित छ । यस समय यसलाई निलाजना नदी भनिन्छ । निलाजना र मोहना नदीहरू मिलेर नै फल्गु नदी बनेको छ । निलाजना नदी हजारीबाग जिल्लाको सिमेरिया नामक स्थानको नगिच बहन्छ ।

**सुन्दरिका**– यो कोशल जनपदको एउटा नदी हो ।

**सुमागधा**– यो राजगृहको नगिच एक पुष्करिणी थियो ।

**सरभू**– हाल यसलाई सरयू भनिन्छ । यो भारतको पाँच नदीमध्येको एक नदी हो । यो हिमालयबाट बहँदै विहार प्रान्तको गंगामा मिल्दछ । यसैको किनारमा अयोध्या नगर बसेको छ ।



Downloaded from http://www.dhamma.digital

**वेत्रवती-** यसको किनारमा वेत्रवती नगर रहेको थियो। यस समय यसलाई वेतवा नदी भनिन्छ। यसैको किनारमा प्राचीन विदिसा नगर रहेको थियो।

**वैतरणी-** यसलाई यमको नदी पनि भनिन्छ। यसमा नारकीय प्राणीहरू दुक्ख भोग्दछन्।

**यमुना-** यो भारतको पाँच नदीमध्ये एक नदी हो। वर्तमान समयमा यसलाई यमुना वा महाकाली भनिन्छ।

## पर्वत तथा गुफा

**चित्रकुट-** यसको वर्णन अपदानमा पाइन्छ। यो हिमालयभन्दा धेरै टाढा थियो। वर्तमान समयमा बुन्देलखण्डको माम्पतनाथ गिरिलाई नै चित्रकुट मानिन्छ। चित्रकुट स्टेशनदेखि चार माइल टाढा अवस्थित छ।

**चोरपपात-** यो राजगृह नगिचको एक पर्वत हो।

**गन्धमादन-** यो हिमालय पर्वतको कैलाशको नाम हो।

**गयाशीर्ष-** यो पर्वत गयामा थियो। यहींबाट भगवान् बुद्ध उरुवेलामा जानुभएको थियो र यहीं नै उहाँले काश्यप जटिलहरूलाई उपदेश दिनुभएको थियो।

**गृद्धकुट-** यो राजगृहको एक पर्वत हो। यसको शिखर गिद्धजस्तो भएकोले यसलाई गिद्धकुट भनिएको थियो। यहाँ भगवान्ले धेरै दिनसम्म विहार गर्नुभएको थियो।

**हिमवन्त-** हिमालयलाई नै हिमवन्त भनिन्थ्यो।

**इन्द्रशाल गुहा-** राजगृह नगिच अम्बसण्ड ब्राह्मण गाउँदेखि केही टाढा वैदिक पर्वतमा इन्द्रशाल गुफा थियो।

**इन्द्रकुट-** यो पनि राजगृहनगिच थियो।

**इसिगिलि-** राजगृहको एक पर्वतको नाम हो।

**कुररघर-** यो अवन्ति जनपदमा थियो। महाकात्यायनले कुररघर पर्वतमा विहार गर्नुभएको थियो।

**कालशिला-** यो राजगृहमा थियो।

**पाचीनवंस-** यो राजगृहको वैपुल्य पर्वतको पौराणिक नाम हो।

**पिप्फलि गुहा-** यो राजगृहमा थियो।

**सत्तपण्णी गुहा-** प्रथम संगीति राजगृहको यसै गुफामा भएको थियो।

**सिनेरु-** यो चारै महाद्वीपको मध्यमा स्थित सर्वोच्च पर्वत हो। मेरु र सुमेरु पनि यसैलाई भनिन्छ।



Downloaded from http://www.dhamma.digital

**श्वेत पर्वत-** यो हिमालयमा स्थित छ । कैलाशलाई नै श्वेतपर्वत भनिन्छ ।

**सुंसुमारगिरि-** यो भर्ग देशमा थियो । चुनारको छेउछाउका पहाडहरूलाई नै सुंसुमारगिरि भनिन्छ ।

**सप्पसोण्डिक पब्भार-** शिखरको आकार सर्पको फणजस्तो भएकोले यसलाई सप्पसोण्डिक भनिएको थियो । यो राजगृहमा थियो । यहीं आयुष्मान् सारिपुत्रको एक भाइलाई सर्पले डसेर मृत्यु भएको थियो ।

**वेपुल्ल-** यो पर्वत पनि राजगृहमा नै थियो ।

**वेभार-** यो पर्वत पनि राजगृहमा नै थियो ।

## वाटिका र वन

**आम्रवन-** आँप बगैंचालाई आम्रवन भनिन्छ । बुद्धकालमा तीन आम्रवन प्रख्यात थिए । पहिलो राजगृहको जीवक आम्रवन, दोश्रो ककुत्था नदीको पावामा अवस्थित कुशीनाराबीचको आम्रवन र तेश्रो कामण्डामा तोदेय्य ब्राह्मणको आम्रवन ।

**अम्बपालीवन-** यो वैशालीमा थियो र यो अम्बपाली गणिकाको थियो । यहीं भगवान् विहार गर्नुहुँदा गणिका अम्बपाली आएर भोजनदान निमन्त्रणा दिएकी थिइन् पछि भोजन दान समयमा आफ्नो आम्रवन भिक्षुसंघलाई दान दिएको थियो ।

**अम्बाटक वन-** यो वज्जी जनपदमा थियो । अम्बाटक वनको मच्छिकाका वनसण्डमा धेरै भिक्षुहरू विहार गर्दा चित्त गृहपतिले उनीहरूसंग धर्म छलफल गरेको थियो ।

**अनूपिय अम्बवन-** यो मल्ल राष्ट्रमा अनूपियामा थियो ।

**अञ्जनवन-** यो साकेतमा थियो । अञ्जनवन मृगदायमा भगवान्ले विहार गर्नुभएको थियो ।

**अन्धवन-** यो श्रावस्तीनगिच थियो, जहाँ भिक्षुहरू प्रायशः दिवा विहारका लागि जाने गर्थे । यसै अन्धवनमा विहार गर्दा आयुष्मान् कुमार काश्यपलाई एक ब्रह्मा आएर वल्मिक सूत्र बारे प्रश्नहरू गरेको थियो ।

**इच्छानंगल वनसण्ड-** यो कोशल जनपदमा इच्छानंगल ब्रामण गाउँनथिच थियो ।

**जेतवन-** यो श्रावस्तीमा थियो । वर्तमान सहेटमहेट नै जेतवन हो । पुरातात्विक उत्खनन्मा शिलालेख आदिहरू प्राप्त भैसकेको छ ।

**जातियवन-** यो भद्दिय राज्यमा पर्दथ्यो ।

**कप्पासिय वनसण्ड-** तीस भद्रवर्गीयहरूले यसै वनसण्डमा भगवान्को दर्शन गरेका थिए ।



Downloaded from http://www.dhamma.digital

**कलन्दक निवाप-** यो राजगृहमा थियो। लोखर्केलाई अभय दान दिएको हुनाले यहाँ प्रशस्त लोखर्केहरू पाइन्थ्यो। त्यसैले यसलाई कलन्दक निवाप भनियो।

**यट्ठिवन-** यो राजगृहभन्दा बाहिर थियो। यसै वनमा राजा बिम्बिसारले भगवान्संग उपदेश सुनेंर ज्ञानलाभ गरेको थियो।

**महावन-** यो कपिलवस्तुदेखि हिमालयको किनार किनार वैशालीसम्म र यहाँदेखि समुद्रतटसम्म महावन थियो।

**मद्रकुक्षि मृगदाय-** यो राजगृहमा थियो।

**मोर निवाप-** यो राजगृहको सुमागधा पुष्करिणीको किनारमा स्थित थियो।

**नागवन-** यो वज्जी जनपदमा हस्तिग्रामनगिच थियो।

**पावारिकवन-** यो नालन्दामा थियो।

**भेसकलावन-** भर्ग देशको सुंसुमारगिरिमा भेसकलावन मृगदाय थियो।

**सिंसपावन-** यो कोशल जनपदमा सेतव्य नगरको नगिच उत्तरदिशामा थियो। कौशाम्बी र आलवीमा पनि सिंसपावन थियो। सिसौको वनलाई नै सिंसपावन भनिन्छ।

**शीतवन-** यो राजगृहमा थियो।

**उपवत्तन शालवन-** यो मल्लराष्ट्रमा हिरण्यवती नदीकिनारमा कुशीनाराको नगिच उत्तरतिर थियो।

**वेलुवन-** भिक्षुसंघलाई सबैभन्दा पहिले राजा बिम्बिसारले प्रदान गरेको विहार नै वेलुवन हो। यो राजगृहमा थियो। बाँसघारी भएकोले यसलाई वेलुवन भनिन्थो।

## चैत्य र विहार

बुद्धकालमा पनि जुन प्रख्यात चैत्य र विहार थिए, त्यसमध्ये वैशालीमो चापाल चैत्य, सारन्दद चैत्य, उदयन चैत्य, गौतमक चैत्य र बहुपुत्रक चैत्य थिए। कुटागार शाला, वालुकाराम र महावन विहार वैशालीमा नै थियो।

**राजगृह-** वेलुवन विहार, काश्यपकाराम, परिव्राजकाराम थियो।

**पाटलिपुत्र-** अशोकाराम, गिञ्जकावसथ र कुक्कुटाराम थियो।

**कौशाम्बी-** बदरिकाराम, घोषिताराम र कुक्कुटाराम थियो।

**साकेत-** कालकाराम थियो।

**उज्जैनी-** दक्खिणागिरि विहार थियो ,

**श्रावस्ती-** पूर्वारामा, जेतवन विहार, मल्लिकाराम, सललागार थियो।

**कपिलवस्तु-** निग्रोधाराम थियो।



Downloaded from http://www.dhamma.digital

## आ. उत्तरापथ प्रदेश

उत्तरापथको पूर्वी सीमामा थूण गाउँ र हिमालयसम्म फैलिएको थियो । उत्तरापथ दुइ जनपदहरूमा विभाजित थियो- गान्धार र कम्बोज । भारत र पाकिस्तानको सबै पंजाब र पश्चिमोत्तर सीमाप्रान्त उत्तरापथमा नै पर्दथ्यो ।

### १३. गन्धार

गन्धार जनपदको राजधानी तक्षशिला थियो । काश्मीर र तक्षशीलाको प्रदेश यस अन्तरगत पर्दथ्यो । वर्तमान पेशावर र रावलपिण्डीका जिल्लाहरू गन्धार जनपदमा नै पर्दथ्यो । तेश्रो संगीति पछि गन्धार जनपदमा बुद्ध धर्मको प्रचारार्थ भिक्षुहरू पठाइएको थियो । तक्षशिला वाराणसीदेखि दुइहजार योजन दाढा थियो । यो एक प्रधान व्यापारिक केन्द्र थियो । यहाँ टाढा टाढावाट व्यापारीहरू आउँथे । बुद्धकालमा तक्षशीलाको राजा फुक्कुसाति र रानी अनोजा थिइन्, जो दुबै प्रव्रजित भएका थिए । प्रव्रजित हुनअघि मैत्रीभावको लागि मगध नरेशलाई पत्र र उपहार पठाएको थियो ।

### १४. कम्बोज

कम्वोज जनपदको विस्तृत वर्णन उपलब्ध छैन । यो पश्चिमउत्तर भारतमा पर्दथ्यो । लुदरको लेखअनुसार नन्दिपुरको नै कम्बोज जनपदमा नाम पाइएको छ । ह्वेनसाङ्गको वर्णन र अशोक शिलालेखको आधारमा मानिन्छ कि वर्तमान राजौरी पश्चिमउत्तर सीमा प्रान्तको हजारा जिल्ला कम्वोज जनपद थियो । कम्बोज घोडाको लागि उत्पत्तिस्थान मानिन्थ्यो । अशोककालमा कम्वोजमा योनक महारक्षित स्थविरले धर्मप्रचार गर्नुभएको थियो ।

## नगर र गाउँहरू

गन्धार कम्वोज जनपदमा केही प्रख्यात नगर र गाउँहरू थिए, जसको संक्षिप्त परिचय दिइएको छ । जस्तै-

**अरिट्ठपुर-** यो शिवि जनपदको राजधानी थियो । पंजाबको वर्तमान शोरकोट प्रदेश नै शिवि जनपद मानिन्छ । यस जनपदमा चित्तौडको नगिच जेतुत्तर नामक एक अर्को नगर थियो ।

**कश्मीर-** कश्मीर राज्य गन्धार जनपदअन्तरगत थियो । अशोककालमा यहाँ बुद्धधर्मको प्रचार भएको थियो ।

**तक्षशिला-** यो गन्धार जनपदको राजधानी थियो । यो प्राचीन भारतको प्रधान शिक्षाकेन्द्र थियो । जीवक, बन्धुल सेनापति, प्रसेनजित, महालि लिच्छवी आदिले यहीं नै



Downloaded from http://www.dhamma.digital

शिक्षा गरेको थियो । वर्तमान समयमा पंजाबको रावलपिण्डी जिल्लामा तक्षशिलाको भग्नावशेष विद्यमान छ ।

**सागल-** यो मद्र देशको राजधानी थियो । वर्तमान समयमा यसलाई स्यालकोट भनिन्छ र यो पंजाबमा पर्दछ । कुशावतीको राजकुमार कुशको विवाह भद्रराजकुमारी प्रभावतीसंग भएको थियो । प्राचीन कालमा मद्रकी महिलाहरू अत्यधिक सुन्दरी मानिन्थ्यो । त्यसैले प्रायशः मानिसहरू मद्रकन्याहरूसंग नै विवाह गर्न चाहन्थ्यो । राजा बिम्बिसारकी रानी खेमावती पनि सागलकै थिइन्, जस्ले सुन्दरताको कारणले भगवान्संग भेटेकी थिइनन् ।

## ङ. अपरान्तक प्रदेश

अपरान्तक प्रदेशमा वर्तमान सिन्ध, पश्चिमी राजपूताना, गुजरात र नर्मदाको वेसिनको केही भाग पर्दथ्यो । सिन्ध, गुजरात र बलभी तीन राज्य अपरान्तक अन्तरगत थिए । अपरान्तकको राजधानी सुप्पारक नगरमा थियो । वाणिजग्राम, भढौच, महाराष्ट्र, सूरत, नासिक र लाट राष्ट्र अपरान्तक प्रदेशमा नै पर्दथ्यो ।

## नगर र गाउँहरू

**भरुकच्छ-** यो समुद्रकिनारमा स्थित एक वन्दरगाह थियो । व्यापारीहरू यहींबाट जहाजद्वारा विदेशको लागि प्रस्थान गर्दथे । लंका, यवन देश आदि जानको लागि यहीं जहाज पाइन्थ्यो । सुवर्णभूमिको लागि पनि व्यापारीहरू यहींबाट जाने गर्दथे । काठियावाडको वर्तमान भडौच नै प्राचीन भरुकच्छ थियो ।

**महाराष्ट्र-** वर्तमान मराठा प्रदेश नै महाराष्ट्र हो । यो अपर गोदावरी र कृष्णा नदीहरूको वीच फैलिएको थियो । यहाँ धर्मप्रचारार्थ धर्मरक्षित स्थविर आउनुभएको थियो ।

**सोवीर-** सोवीर राज्यको राजधानी रोरुक नगरी थियो । वर्तमान समयमा गुजरात प्रदेशको एडेरलाई नै सोवीर मानिन्थ्यो ।

**सुप्पारक-** यो पनि एक वन्दरगाह थियो । वर्तमान सोपारा नै सुप्पारक हो । यो मुम्वईदेखि ३० माइल उत्तर र बसीनदेखि ४ माइल उत्तरपश्चिम थाना जिल्लामा अवस्थित छ ।

**सुरट्ठ-** यो एक राष्ट्र थियो, जसको नगिच भएर सातोदिका नदी बहन्थ्यो । वर्तमान कठियावाड र गुजरातका अन्य भागलाई नै सुरट्ठ मानिन्छ ।

**लालरट्ठ-** यसलाई लाटराष्ट्र पनि भनिन्छ । मध्य र दक्षिण गुजरातलाई लालरट्ठ मानिन्छ ।



Downloaded from http://www.dhamma.digital

### ई. दक्षिणापथ प्रदेश

दक्षिणापथको उत्तरी सीमा सतकण्णिक निगम थियो। आचार्य बुद्धघोषको मतानुसार गंगादेखि दक्षिण र गोदावरीदेखि उत्तरको सारा विस्तृत प्रदेश दक्षिणापथ वा दक्षिण जनपदको रूपमा चिनिन्थ्यो। यस्तो लाग्दछ कि बुद्धकालमा गोदावरीदेखि दक्षिणको प्रदेशहरूको उत्तर भारतवासिहरूलाई ज्ञान थिएन । यद्यपि लंकालाई जान्दथे तर त्यहाँ समुद्रमार्गबाट नै आउने जाने गर्दथे। गोदावरीदेखि दक्षिण प्रदेशहरूको पूर्ण परिचय अशोककालदेखि प्राप्त हुन्छ ।

अश्वक र अवन्ति महाजनपद पनि दक्षिणापथमा नै गनिन्थ्यो । महागोविन्द सुत्तअनुसार अवन्तिको राजधानी माहिष्मती थियो जुन दक्षिणापथमा पर्दछ । यसैले अवन्तिलाई अवन्ति दक्षिणापथ पनि भनिन्थ्यो। अश्वक राज्य गोदावरीको किनारमा थियो। यो पनि दक्षिणापथ अन्तरगत नै थियो । महाकोशल नामको जनपद पनि दक्षिणापथमा थियो, जसको वर्णन प्रयागको अशोकस्तम्भमा गरिएको छ। यसलाई दक्षिण कोशल पनि भनिन्छ। वर्तमान विलासपुर, रामपुर र सम्भलपुरको जिल्ला तथा गञ्जामको केही भाग दक्षिण कोशलअन्तरगत थिए ।

### नगर र गाउँहरू

**अमरावती-** यस नगरमा पूर्वकालमा बोधिसत्व उत्पन्न भएको थियो । यो आधुनिक समयमा धरणीकोट्ठ नदीको नगिच अमरावती नामले विद्यमान छ। यसको भग्नावशेष स्तूप धेरै प्रख्यात छ।

**भोज-** रोहिताश्च भोजपुत्र ऋषि भोजराष्ट्रको वासी थिए। अमरावती जिल्लाको एलिचपुरको दक्षिणपूर्व चार माइलको दूरीमा स्थित छम्मकलाई नै भोज मानिन्छ ।

**दमिलरट्ठ-** द्राविड राष्ट्रलाई नै दमिलरट्ठ भनिन्थ्यो। यस राष्ट्रको कावेरीपट्टन वन्दरगाह धेरै प्रख्यात नगर थियो, जुन मालावारको छेउछाउ समुद्रकिनारमा स्थित थियो।

**कलिंग-** कलिंग राष्ट्र नै इतिहासमा प्रसिद्ध कलिंग हो, जहाँ सम्राट अशोकले युद्ध गरेर हजारौंको हिंसा गरेपछि युद्धबाट विरक्तिएर पछि हिंसा त्यागेर, चन्दाशोकबाट धर्माशोक भई बुद्धधर्मलाई स्वीकार गरेको थियो। यसको राजधानी दन्तपुर नगरी थियो।

**वनवासी-** रक्षित स्थविरलाई वनवासीमा धर्मप्रचारार्थ पठाइएको थियो । उत्तरी कनारालाई नै वनवासी भनिन्थ्यो। यो तुंगभद्रा र बडौदाका बीचमा स्थित थियो। आधुनिक मैसूरको उत्तरी भागलाई वनवारी भनी चिनिन्छ।



Downloaded from http://www.dhamma.digital

### ३. प्राच्य प्रदेश

मध्यप्रदेश अन्तरथत पूर्वको नै राज्य प्राच्य देश थियो। यसको पश्चिमी सीमामा कजंगल निगम, अंग र मगध जनपद थियो। प्राच्य प्रदेशमा वंग जनपद पर्दथ्यो। वंगहार जनपद पनि यसैको नाम हो। प्रसिद्ध ताम्रलिप्ति वन्दरगाह प्राच्य प्रदेशमा नै थियो, जहाँबाट सुवर्णभूमि, जावा, लंका आदिको लागि व्यापारीहरू प्रस्थान गर्थे। अशोकले बोधिवृक्षलाई यसै वन्दरगाहबाट लंका पठाएको थियो। वर्तमान समयमा मिदनापुर जिल्लाको तामलुक नै प्राचीन ताम्रलिप्ति हो। यहाँ एक धेरै ठूलो बौद्ध विश्वविद्यालय पनि थियो। लंकामा प्रथम भारतीय उपनिवेश स्थापित गर्ने राजा विजय वंग राष्ट्रको राजा सिंहबाहुको छोरा थियो। सम्भवतः उपसेन वंगन्तपुत्र स्थविर वंगराष्ट्रकै वासी थियो। वंग राष्ट्रको वर्धमानपुर पनि प्रसिद्ध नगर थियो। शिलालेखहरूमा वर्धमानभुक्तिको नामले यसको उल्लेख गरिएको छ। आधुनिक वर्दमान नै वर्धमानपुर मानिन्छ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# शाक्य : उत्पत्ति र कपिलवस्तु राज्य

वर्तमान शाक्य र कोलियहरूको उत्पत्तिको मूल सम्बन्ध कोशल राज्यको इच्छ्वाकु वशंसंग जोडिएको पाइन्छ। विद्वानहरूको भनाइअनुसार र बौद्ध ग्रन्थअनुसार पूर्वकालमा कोशल राज्यमा इच्छ्वाकु वंशको ओक्काक राजा थियो। उनको पहिलो रानीबाट चार छोरा र पाँच छोरी थिए। पहिलो रानीको मृत्युपछि दोश्रो विवाह गऱ्यो। दोश्रो रानीबाट पहिलो छोरा जन्मियो, जसको नाम जयन्तु राखियो। राजाले खुसी भएर वर माग्न वचन दियो रानीलाई। यही वरको आधारमा रानीले आफ्नो छोरा जयन्तुलाई राजगद्दी दिनुपर्ने इच्छा गरिन्। राजाले आफ्नो दिएको वचन पुरा गर्न छोराहरू- उल्कामुख, करण्डु, हस्तनिक र सिनिसुर तथा छोरीहरू- प्रीया, सुप्रीया, आनन्दा, विजिता र विजितसेनालाई राज्यबाट निकाला गर्ने आदेशसंगै आफ्नो मृत्युपछि आएर राज्य लिनसक्ने अनुमति पनि दियो। अचम्मको कुरा के छ भने आफू जीवित हुञ्जेलसम्म रानीको विरोध गर्न नसके पनि आफ्नो मृत्युपछि रानीहरूको हत्या गर्ने समेतको यो मनसायले राजा ओक्काक रानीदेखि धेरै डराएकोजस्तो देखिन्छ भने आफू मरेपछि डुमै राजा भन्ने उखान चरितार्थ गरेको छ।

आफ्ना बाबाको आदेश पालन गर्दै आज्ञाकारी छोराछोरीहरू केही भारदार तथा सेवकहरूका साथ सुखदुक्खपूर्वक घुम्दैफिर्दै उत्तरतिर लाग्दै जाँदा वर्तमान वाणगंगा, जसलाई हिन्दू साहित्यमा भागिरथी भनिन्छ, नजिक एक कपिल ऋषिको आश्रममा पुगे। कसैकसैले उहाँलाई सांख्य दर्शनको श्रष्टा कपिल मुनि पनि भनेको छ , जुन असत्य हो। किनकि हिन्दू धर्मका प्रख्यात षडदर्शनअन्तरगत पर्ने सांख्य दर्शन लगाएत सम्पूर्ण दर्शनहरू बुद्धकालपश्चातका भएकाले शाक्यकुल उत्पत्तिको संस्थापक कपिल ऋषि सांख्य दर्शनको कपिल मुनि हुनै सक्दैन।

उहाँकै शरणमा बसेर र आदेशअनुसार एक राज्यको स्थापना गरे, जसलाई कपिलवस्तु वा कपिलनगर भनियो। विवाहको विषयमा भने जाति विषयमा कट्टर मानिने ती राजकुमारहरूले वैदिककालदेखि चलिआएको संकृतिअनुसार आफ्नै बहिनीसंग समागम गरी विवाह समेत गरे। जेठी दिदी प्रीयालाई भने राजमाताको सम्मान दिएर बाकी चार बहिनीहरूको विवाह चार दाजुभाइहरूले गरे। यसरी वैवाहिक सम्बन्ध कायम गरी परिवार चलाएको र कपिल ऋषिको सहयोग र निर्देशनले एक सानो राज्य पनि संचालन गरेको खबर आफ्ना बाबा ओक्काकले थाहा पाउँदा 'सक्य वत भो कुमारा' अर्थात कुमारहरूले पुरुषार्थ गरेर देखाएछन् वा कुमारहरूले सामर्थ्य गरेछन् भनेर प्रशंसा गऱ्यो। यही सक्य वा पुरुषार्थ वा सामर्थ्य शब्दको कारणले पुरुषार्थी गर्ने वा सामर्थ्यवानको प्रतीकमा ती



Downloaded from http://www.dhamma.digital

कपिलवस्तु राज्यका परिवारलाई शाक्य भनिन थालियो र यही नै उनीहरूको कुल परिचय हुन गयो भन्ने मान्यता बहुप्रचलित कुरानै हुन् । तर वर्तमान शाक्य जातिलाई बुद्धकालकै वा शाक्यमुनि बुद्धकै वंशज परम्परा हुन् भनी दावा गर्न, किटानकासाथ ठोकुवा गर्ने कुरा भने अझै अनुसन्धान र शोधकै विषय भएको छ भन्दा अत्युक्ति नहोला ।

## कोलियको उत्पत्ति र रामग्राम (देवदह) राज्य

राजमाता भएकी जेठी दिदी प्रीयालाई केही समयपछि कुष्ट रोग लाग्यो । त्यसवेलाको वयरको पात खाएमा रोग निको हुने औषधी गर्ने तरिका र सरुवा रोग भएकोले सामाजिक सम्बन्धबाट टाढा राख्नुपर्ने सामाजिक धारणाअनुसार वयरको जंगलमा लगेर र सुरक्षाको लागि जमिन खनेर माथिबाट छोपिएको कोठाजस्तै बनाएर राखे । त्यसै समयमा बनारसका राजा राम पनि कुष्ट रोगको कारणले वयरको पात सेवनद्वारा रोग निको पार्न आफ्नो राज्य छोराहरूलाई सुम्पेर त्यही ठाउँमा आइपुगेको थियो । एक रात एक महिलाको त्रसित स्वर सुनेंर भोलिपल्ट बिहान हेर्दा नगिच एक कोठाजस्तो खाल्डोमा राजकुमारी प्रीयालाई देख्यो । कुरा बुझ्दा राती बाघ आएको र छोपिराखेको छतलाई खोस्रिएर निकाल्न लाग्दा डराएर कराएकी रहिछन् । पछि दुबैको रोग पनि एकनाश भएको, दुवै क्षत्रिय भएको र एकान्तमा एकसाथ बस्दाबस्दै आशक्तिका कारणले आपसमा विवाह समेत गरे । उनीहरू बसेको स्थान कोल (वयर) घारी भएको कारणले र कोलको कारणले औषधी गरी रोग निको पारेको कारण र कोलको कारणले नै विवाह भएको भनी यिनीहरूका सन्तानलाई कोलिय भनिन थालियो भन्ने मान्यता रही आएको छ । त्यस जंगलमा बाघ आउने र बाघ आएकै कारणले मिलन भएकोले त्यस स्थानलाई ब्याघ्रपज्ज भनियो भने पछि उनीहरूद्वारा स्थापना गरिएको नगरलाई राजा रामको नाममा रामग्राम भनियो । कोलिय जनपदको दुइ प्रख्यात नगर रामग्राम र देवदह थियो । भगवान्को परिनिर्वाणपछि रामग्रामका कोलियहरूले उहाँको अस्थिधातुमा एक स्तूप बनाएको थियो । यो नेपालको नवलपरासी जिल्लाको सदरमुकामदेखि १० किलोमिटर दक्षिणमा पर्दछ । सायद धेरैपछि कोलियहरूले आफ्नो राज्य रामग्रामबाट देवदहमा सारेको हुनुपर्छ । किनकि बुद्धकालमा कोलियहरूको राज्य देवदहमा रहेको बताइएको छ ।


यसप्रकार शाक्य र कोलियहरूको ऐतिहासिक पुर्ख्यौली नाता सम्बन्धको कारणले पछि भगवान् बुद्धको कालमा रोहिणी नदीको विषय लिएर भएको झगडामा पनि शाक्य र कोलिय कृषकहरूले यसरी नै पुर्ख्यौली सम्बन्धलाई अपमानित ढंगले एक अर्कालाई आक्षेप लगाएको पाइन्छ ।

तर यही नाता सम्बन्धलाई भगवान् बुद्धकालसम्म पनि कोलिय र शाक्यबीच वैवाहिक सम्वन्धको रूपमा कायम नै भएको पाइन्छ । जस्तै-



Downloaded from http://www.dhamma.digital

# शाक्य कोलिय वैवाहिक सम्बन्ध






Downloaded from http://www.dhamma.digital

## स्वतन्त्र राज्य कपिलवस्तु एक चिनारी

शाक्य जनपदको राजधानी कपिलवस्तु थियो । भगवान् बुद्धको जन्म यही कपिलवस्तुको शाक्य राजवंशमा भएको थियो । भगवान् बुद्धबाहेक पञ्चवर्गीय भिक्षुहरू, आनन्द आदि शाक्यहरू, उपाली र प्रजापति गौतमीहरू यहाँका ऐतिहासिक व्यक्तित्वहरू थिए । सुद्धोदनपछि महानाम यहाँको राजा भएको थियो, जसको दासीबाट जन्मिएको छोरी वासभ खत्तियालाई कोशल नरेश प्रसेनजितसंग विवाह गरिदिएको थियो, जसबाट विडूडभको जन्म भएको थियो । शाक्य जनपदमा चातुमा, सामगाम, उलुम्प, सक्कर, शीलवती र खोमनदुस्स प्रख्यात नगर तथा गाउँहरू थिए । यसलाई पछि कोशल नरेश विडूडभले आक्रमण गरेर नष्ट गरेको थियो । वर्तमान अवस्थामा नेपालको लुम्बिनी अंचलको कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवाको तिलौराकोट नै प्राचीन कपिलवस्तु हो भन्ने विभिन्न ऐतिहासिक तथा पुरातात्विक प्रमाणहरूले प्रमाणित नै भैसकेको छ ।

यसप्रकार शाक्य र कोलियको कोशल राज्यको इच्छ्वाकु वंशसंग सम्बन्ध भए तापनि कपिलवस्तु एक स्वतन्त्र राज्य भएको नै देखिन्छ । केही विद्वानहरूले यसलाई कोशल राज्यको एक अंशको रूपमा स्वीकार गरेका छन्, जुन केही गलत निर्णयजस्तो देखिन्छ । किनकि बुद्धकालीन अवस्थामा भारतमा एक आपसमा युंद्ध भइरहन्थ्यो । तर कपिलवस्तुसंग कुनै पनि अन्य राज्यले युद्ध गरेको घटना पाइदैन, जसको कारणले कपिलवस्तु राज्यले कसैको अधीनमा बसेको छ भन्ने प्रमाण दिन सकियोस् । त्यति मात्र नभएर सिद्धार्थ गौतमले अभिनिष्क्रण गर्दा राजा बिम्बिसारले राज्य छोडिआए तापनि चिन्ता लिनुपर्दैन मसंग बसेर राज्य गर भनिएको प्रसंगले पनि कपिलवस्तु एक स्वतन्त्र राज्य भएको नै संकेत गर्छ। अर्को कोशल राजा प्रसेनजितले विवाहको लागि शाक्यकन्याको माग गरिपठाउँदा उदण्ड राजाको कारणले युद्ध हुनसक्ने र शाक्यकन्या दिएमा आफ्नो जाति र राज्यप्रतिष्ठामा आँच आउने कारणले राजा महानामकी एक दासीकन्या वासभ खत्तियालाई जालझेल गरी विवाह गरी पठाएको थियो । यही कारणले पछि यथार्थ बुझ्ने वासभखत्तियाको छोरा विडूडभले आफू कोशल राज्यको राजा भएपछि कपिलवस्तुमाथि आक्रमण गरेको घटनाले पनि कपिलवस्तु राज्य एक स्वतन्त्र राज्य नै थियो भन्ने कुरामा बलियो प्रमाण हामीसंग विद्यमान छ । कपिलवस्तुलाई कोशलको एक अंश भनिएको अभिव्यक्ति कतै कसैबाट नेपाललाई सार्वभौमसम्पन्न राष्ट्र होइन भनेर बुझाउन कोशिस गरेको एक षडयन्त्र त होइन् भनेर शंका गर्ने बाटो मिलेको छ । किनकि भगवान् बुद्धको जन्मभूमि र राजधानी कपिलवस्तु बारे भ्रामक प्रचार गरेर यी दुबै महत्वपूर्ण ऐतिहासिक



Downloaded from http://www.dhamma.digital

स्थानहरू नेपालमा नभएर भारतमा छन् भनेर खरायोको सिंग प्रचार-प्रसार बारबार छापामा देखिंदै आइरहेको तथ्य कसैबाट पनि लुकेको छैन ।

## कपिलवस्तु वरपर पाइएका ऐतिहासिकता बारे

वर्तमान नेपालको लुम्बिनी अञ्चल कपिलवस्तु जिल्लामा पर्ने प्राचीन कपिलवस्तुको तिलौराकोट ईसापूर्व छैटौं शताब्दीतिर शाक्यहरूको राजधानीको रूपमा निकै प्रख्यात र उन्नत अवस्थामा पुगेको थियो । कोशलका राजा ओक्काककोका छोराछोरीले देश निकाला हुनु परेपछि कपिलमुनिको आश्रममा आई बसेर कपिलवस्तु राज्य स्थापना गरेको, ओक्काककै छोरी प्रीया र बनारसका राजा रामबाट देवदह राज्य स्थापना भएको एवं कपिलवस्तुका शाक्य र देवदहका कोलियको उत्पत्ति पनि उक्त राज्यहरूको स्थापनासँगसँगै भएको कथा बौद्धजातक कथाहरूमा पाइन्छ । यसरी ईशापूर्व कालमा स्थापना भई समुन्नत अवस्थामा पुगेको कपिलवस्तु राज्य ईशापूर्व छैटौं शताब्दीतिरै कोशलका राजा विडूडभद्वारा क्षतविक्षत भएपछि लामो समयसम्म अज्ञात अवस्थामा जमिनमुनि भग्नावशेषको रूपमा मात्र पुरिएर रहन पुग्यो ।

### निग्लिहवाको अशोक स्तम्भ एवं त्यसमा अंकित ब्राह्मीमलिपिको अभिलेख

आजभन्दा करिब एक शताब्दी अगाडिसम्म अज्ञात रूपमा रहेको कपिलवस्तुको खोजी विभिन्न बौद्ध ग्रन्थहरूमा वर्णित विवरणको आधारमा गरिएको थियो । विभिन्न बौद्ध ग्रन्थहरूमा कपिलवस्तु सम्बन्धी अनेकन् विवरणहरू दिइएका पाइन्छन् । बौद्ध ग्रन्थ दीघ निकायले कपिलवस्तु हिमालयको काखमा भएको, दिव्यावदानले भागिरथी नदीको किनार मा भएको एवं जातक कथाहरूले कपिलवस्तु नगर सातवटा पर्खालहरूले घेरिएको, उक्त पर्खालहरू अठार फिटसम्म अग्ला भएका एवं कपिलवस्तुको दक्षिणमा पावा र कुशीनगर, पश्चिममा राप्ती र पूर्वमा रोहिणी नदी भएको चर्चा गरेका छन् ।

कपिलवस्तुमा ईशापूर्व २४५ तिर भारतीय सम्राट् अशोक आएको र उनले निग्लिहवाको स्तूप दोब्बर बनाएको र त्यहाँ स्तम्भ अभिलेख राखेको कुरा प्रमाणित भइसकेको छ । निग्लिहवा कपिलवस्तुदेखि करीब ६ किलोमिटर उत्तरमा पर्दछ । त्यहाँ एक ठूलो पोखरीको डिलमा अशोकस्तम्भ भाँचिएर लडेको छ । उक्त स्तम्भको अभिलेखबाट निग्लिहवा उक्त स्थान भएको जानकारी पाउन सकिएको छ । अशोकपछि कपिलवस्तुमा भ्रमण गर्न आउने चिनियाँ यात्री फाहियान (ई. ४०३ ) ले त्यहाँ केही भिक्षुहरू मात्र देखेका थिए । फाहियानले कपिलवस्तु दिनहुँ उजाड हुँदै गएको र आफूले पश्चिमतर्फ बग्ने नदी देखेको कुरा यात्रा वृत्तान्तमा उल्लेख गरेका छन् । फाहियानले लुम्बिनी र कपिलवस्तुको दुरी ५०



Downloaded from http://www.dhamma.digital

मि. रहेको बताएका छन्। उक्त दुरी सही चाहिं देखिंदैन। सम्भवतः फाहियानले अर्कै कुनै स्थानलाई भ्रमवस कपिलवस्तु भनेको हुनुपर्दछ। फाहियानपछि कपिलवस्तुको भ्रमणमा आएका व्हेनसाङ्गले पनि आफूले यस क्षेत्रको भ्रमणको क्रममा देखेका कुराहरू आफ्नो यात्रा वृत्तान्तमा उल्लेख गरेका छन्। उनी भौगोलिक दूरताका ज्ञाता थिए। उनले आफ्नो यात्रा वृत्तान्तमा कपिलवस्तु र लुम्बिनीको दूरी ३० मी भएको उल्लेख गरेको देखिन्छ। उनले उल्लेख गरेको दूरी यथार्थपरक मानिन्छ। ह्वेनसाङ्गका अनुसार कपिलवस्तु नगर अढाई मिलको घेरामा फैलिएको थियो। नगरको वरिपरि सुरक्षा पर्खाल, पर्खालको चारतिरबाट चारवटा भित्र पस्ने ढोका, ढोका बाहिर स्तूप, नगरको दक्षिणतर्फ ककुच्छन्द बुद्धको जन्मस्थल गोटीहवा, उत्तरतर्फ कनकमुनि बुद्धको जन्मस्थल निग्लिहवा, उत्तर पश्चिममा विडूडभले बध गरेका शाक्यहरूको सम्झनामा बनाइएका सहस्र स्तूपहरू भएको सगरहवा एवं दक्षिण पूर्वमा शाक्यमुनि बुद्धको अस्थि धातु राखिएको स्थान (पिपरहवा) भएको कुरा उनले आफ्नो यात्रा वृत्तान्तमा उल्लेख गरेका छन्। ह्वेनसाङ्गपछि यो क्षेत्रको भ्रमणमा आउने तीर्थयात्री कर्णाली प्रदेशका खस मल्लराजा रिपुमल्ल थिए। यिनी इश्वीको तेह्रौं शताब्दीमा उक्त क्षेत्रमा अह्राएका थिए। रिपुमल्लले निग्लिहवाको अशोक स्तम्भमा अभिलेख पनि लेखाएका छन्। उनले त्यहाँ संग्राम मल्ललाई आफ्नो उत्तराधिकारी उल्लेख गरेको देखिन्छ। रिपुमल्लको यस क्षेत्रको भ्रमण पश्चात् चाँहि कपिलवस्तु अज्ञात क्षेत्रको रूपमा लामो समयसम्म छोपिएर रह्यो।

इश्वीको उन्नाइसौं शताब्दीमा विभिन्न बौद्ध ग्रन्थहरू र चिनियाँ यात्रीको यात्रा वृत्तान्तको आधारमा प्राचीन कपिलवस्तुको खोजी गरियो। इश्वी १८९६ मा फुहरर्ले निग्लिहवाको अशोक स्तम्भको लिपि पढेर उतार गरेपछि कपिलवस्तु यतै कतै हुनुपर्ने मानियो। निग्लिहवाको अशोक स्तम्भमा पाली भाषामा र ब्राह्मी लिपिमा अभिलेख कुँदिएको छ। उक्त अभिलेखको उतार निम्न अनुसारको छ।

"देवानं पियेन पियदसिन लाजिन
चोसवसा (भिसितेन) बुधस कोनाक
मनस थुवे द्वितीयं बढिते(वीसति व)
साभिसितेन च अतन आगा च महीयते
(सिलाथभेच उस) पापिते"

यसको अर्थ हुन्छ "देवताका प्यारा (राजा अशोक) ले आफ्नो राज्याभिषेकको चौधौं वर्षमा यहाँ आइ कनकमुनी बुद्धको स्तूपलाई दोब्बर ठूलो बनाएर एउटा शिलास्तम्भ राख्न लगाए।"



Downloaded from http://www.dhamma.digital

उक्त अभिलेख पढेर फुहरर्ले सगरहवाका भग्नावशेष पनि पत्ता लगाएका थिए। यसबाट प्राचीन कपिलवस्तु वर्तमानको वाणगंगा नदी किनारको ढिस्कोयुक्त क्षेत्र नै भएको स्पष्ट हुन पुग्यो। फुहररपछि कपिलवस्तुको खोज गर्ने एवं उत्खनन् गर्ने अर्का विद्वान पि.सी. मुखर्जीले तिलौराकोटको अष्टकोणाकार र षष्टदशकोणाकार स्तूप, पूर्वीद्वार लगायत सगरहवा, विकुली, निग्लिहवा, गोटीहवा र कुदानमा समेत उत्खनन् गरी तिलौराकोट नै प्राचीन कपिलवस्तु हुनुपर्ने बताए। भी.ए. स्मिथले पनि मुखर्जीको भनाइलाई स्वीकार गर्दै कपिलवस्तु ध्वस्त भएपछि त्यहाँको शाक्यमुनिको अस्थि धातु पिपरहवामा लगी स्तूप निर्माण गरिएको बताएका छन्। यसका साथै कपिलवस्तुको खोजी र चिनारीका लागि पि.सी. मुखर्जीले निम्न कार्यहरू गरेका देखिन्छन्-

क) पि.सी. मुखर्जीले कपिलवस्तुको ढिस्कोमा उत्खनन् गरी त्यसको उत्तर पश्चिमी भागमा अष्टकोणाकारको स्तूप र चतुष्कोणाकारको भवनको अवशेष पत्ता लगाए।

(ख) मुखर्जीले कपिलवस्तुको उत्तर पश्चिमको सोह्रकुने स्तूप उत्खनन् गरेका थिए। उक्त स्तूपलाई असिनको स्तूप भनिएको छ।

(ग) यिनले दरवारको पूर्वद्वारा पत्ता लगाए।

(घ) मुखर्जीले तिलौराकोटको उत्तरतर्फ पर्ने सगरहवाको उत्खनन् गरी १७ वटा स्तूप पत्ता लगाए। उक्त स्तूपहरू ठूलो पोखरीको डिलमा पाइएका थिए।

ङ) मुखर्जीले लोरी कुदान, गोटीहवा, निग्लीसागर र विकूलीमा पनि उत्खनन् गरी अनेका प्रकारका अवशेषहरू फेला पारे।

वास्तवमा कपिलवस्तुको चिनारीमा पि.सी. मुकर्जीको ठूलो योगदान रहेको छ। कपिलवस्तु र यसको वरिपरिका अनेकौं स्थानहरूमा उत्खनन् गरेर मुखर्जीले तिलौराकोटकबो चिनारी गराएका थिए।

कपिलवस्तुको उत्खनन्को इतिहासमा सन् १९६२-६५ मा भारतीय पुरातत्वविद् देवला मित्राले कपिलवस्तुको उत्खनन् गरी यसलाई तिलौराकोटको रूपमा मात्र वर्णन गरिन्। एकातर्फ उनले तिलौराकोटलाई प्राचीन कपिलवस्तु मानेकी छैनन् भने करीब त्यसै समयको हाराहारीमा भारतको पिपरहवाको उत्खनन् गर्ने के.एम. श्रीवास्तवले पिपर हवालाई प्राचीन कपिलवस्तु मानेका छन्। तर वहाँहरूको उक्त तर्क तथ्यहीन र सत्यता भन्दा पर रहेको छ। किनकि धरैजसो प्राचीन साहित्यिक स्रोत लगायत अन्य स्रोतहरूले समेत तिलौराकोटलाई नै प्राचीन कपिलवस्तुको रूपमा प्रमाणित गरिसकेका छन्।

कपिलवस्तुमा सन् १९६५ मा नेपाल पुरातत्व विभाग र सन् १९६६-६७ मा जापानको रिसो विश्वविद्यालयले पनि उत्खनन् कार्य सम्पन्न गरेका छन्। उक्त उत्खनन्हरूबाट



Downloaded from http://www.dhamma.digital

विभिन्न प्रकारका अवशेषहरू प्राप्त भएका छन्, जुन निम्न बमोजिमका छन् ।

कपिलवस्तुको उत्खनन्मा जम्मा तेह्रवटा स्तरहरू पाइएका छन्, जसमा ईशापूर्व एघारौं शताब्दीदेखि इश्वीको तेस्रो शताब्दीसम्ममा मानव बसोबास भएको संकेत पाइन्छ । उक्त तहहरू (strata) लाई जम्मा पाँच युगमा वर्गीकरण गरी तह नं १३, १२, ११ र १० लाई प्रथम, ९ र ८ लाई दोस्रो, ५ र ४ लाई चौथो र ३ र १ लाई पाँचौ युग मानिएको छ । यी विभिन्न युगहरूमध्ये प्रथम युग एघारौंदेखि आठौं शताब्दी ईशापूर्व, दोस्रो युग सातौंदेखि पाँचौं शताब्दी ईशापूर्व, तेस्रो युग चौथोदेखि तेस्रो शताब्दी ईशापूर्व, दोस्रो युग सातौंदेखि पाँचौं शताब्दी ईशापूर्व, तेस्रो युग चौथोदेखि तेस्रो शताब्दी ईशापूर्व, चौथो युग दोस्रो शताब्दी ईशापूर्वदेखि प्रथम शताब्दी इश्वी र पाँचौ तथा अन्तिम युग इश्वीको तेस्रो शताब्दीसम्मका मानिएका छन् ।

**उक्त उत्खनन्का तहहरू र काल निम्न अनुसार वर्गीकृत छन्-**

**(क) तह नं १३- १० (इशापूर्व एघारौंदेखि आठौं शताब्दी)–** तिलौराकोटको उत्खनन्को चौधौं तहमा वन बसोबासको संकेत पाइएको छैन तर तेह्रौंदेखि दशौं तहसम्मका तहलाई एघारौं र आठौं शताब्दी इ.पू. को मानिएको छ। उक्त तहहरूमा खैरो रंगका (Painted Grey Ware) र रातो रंगका माटोका भाँडाकुँडा (Red Ware) प्राप्त भएका छन्। त्यहाँ कालो रंगका माटाका भाँडाकुँडा (Northern Black Polished Ware) चांहि प्राप्त भएका छनन् । भारतको हस्तिनापुरको उत्खनन्मा पनि १३-१० का तह (layers) मा P.G ware र Red ware पाइएका हुनाले त्यसलाई इशापूर्व एघारौं र आठौं शताब्दीबीचको तह मानिएको छ। कपिलवस्तुको तेह्रौंदेखि दशौं तह या एघारौंदेखि आठौं शताब्दीलाई प्रथम युग मानिएको छ ।

**(ख) तह नं ९-८ (इशापूर्व छैटौंदेखि पाँचौं शताब्दी)-** तिलौराकोटको उत्खनन्मा प्राप्त नवौं र आठौं तह इशापूर्व छैटौं र पाँचौं शताब्दीको बीचको समयको मानिएको छ। ती तहहरूमा खैरो रंगका माटाका भाँडाकुँडाका टुक्राटुक्री (P.G. ware) को स्थानमा केही मात्रामा कालो रंगका भाँडावर्तन (N.B.P. ware) का टुक्राटुक्री पनि पाइएका छन् । उक्त युगलाई दोस्रो युग मानिएको छ । तिनीहरू साँचोको प्रयोग गरी बनाएका नभएर हातैले बनाइएका छन्। उक्त वस्तुहरूले हस्तिनापुरको उत्खनन्को काल संख्या तीनसँगै सामञ्जस्यता राख्ने हुनाले उक्त युगलाई इ.पू. छैटौंदेखि पाँचौ शताब्दीको बीचको मानिएको हो ।

**(ग) तह नं. ७-६ (इ.पू. चौथो-तेस्रो शताब्दी)-** तिलौराकोटको उत्खनन्मा सातौं र छैटौं तहलाई तेस्रो काल (Third period) मानेर त्यसको समय इ.पू. चौथो-



Downloaded from http://www.dhamma.digital

तेस्रो शताब्दी मानिएको पाइन्छ। उक्त युगमा N.B.P ware प्रशस्त मात्रामा र P.G. ware र Red ware केही मात्रामा पाइएकाा छन्। यो युगमा मानिस र जनावरका आकृतिहरू प्रशस्तमात्रामा पाइएका छन्। ती आकृति सबै माटोमा निर्मित छन् र हातैले बनाएका छन्। उक्त मृत्तिका मूर्तिका आँखा ठूला र मुखाकृति सानो छन्। बेभिलका कर्णकुण्डल लगाएका ती मूर्तिहरूमा केश विन्यास आकर्षक ढङ्गमा गरिएको देखिन्छ। स्त्रीमुर्तिमा फेटा र दोसल्ला ओढेको पनि देखाइएको पाइन्छ। उक्त युगका तहहरूमा माटाका भाँडाकुँडाका टुक्राटुक्री र माटोको ढकनी भएका भाँडो पनि पाइएको छ।

**(घ) तह नं. ५-४ (इ.पू. तेस्रो शताब्दीदेखि इ. प्रथम शताब्दी)**– तिलौराकोटको उत्खनन्को तह नं ५ र ४ लाई चौथो युग मानिएको छ। उक्त युग इ.पू. तेस्रो शताब्दीदेखि इश्वीको प्रथम शताब्दीको बीचको मानिन्छ। उक्त युगका तहमा रातो रंगको माटाका भाँडावर्तन (Red ware) प्रशस्त मात्रामा पाइएका छन्। त्यहाँ प्राप्त जनावरका मूर्तिमा हात्ती, घोडा, गाइ र भेडाका आकृति मुख्य छन्। त्यस्तै त्यहाँ माटाका थाल, कचौरा र घैलाका टुक्राटुक्री पनि प्रशस्त मात्रामा पाइएका छन्।

**(ङ) तह नं. ३-१ (तेस्रो शताब्दी इश्वीसम्म)**- तिलौराकोटको उत्खनन्को अन्तिम युग पाँचौं युग थियो, जुन पाँचौ युग इश्वीको दोस्रो, तेस्रो शताब्दीतिरको मानिन्छ। त्यो युगमा माटाका भाँडाका टुक्राटुक्री लगायत खेलौना, मानिस, देवता र पशुका मूर्तिहरू पाइएका छन्। इश्वीको तेस्रो शताब्दी पश्चात्चाहिं तिलौराकोटको बस्ती उजाड भएको पाइन्छ।

कपिलवस्तुको उत्खनन्को प्रथम युगका स्तरहरूमा प्रशस्त मात्रामा खैरा रंगका माटाका भाँडाका टुक्राटुक्री (Painted Grey Ware or P.G. ware) पाइएका छन् भने दोस्रो युगमा P.G. Ware को साथमा Northern Black Polished Ware, एवं माााटाका मूर्तिहरू पनि पाइएका छन्। कपिलवस्तुको उत्खनन्को तेस्रो चौथो र पाँचौं युगमा पनि विभिन्न समयमा निर्मित माटाका मूर्ति र खेलौनाहरू पाइएका छन्।

कपिलवस्तुको उत्खनन्मा मानव अस्थिपञ्जरहरू, पंचमार्क (आहात) मुद्रा, माटाका भाँडाका टुक्राटुक्री ब्राह्मीलिपिमा 'नेगम' र 'नेगमय' लेखिएको माटाका शिलछाप, माटाका स्त्रीमूर्ति एवं खेलौनाहरू पाइएका छन्। सुरक्षा पर्खाल, सुरक्षा खाई, नगरका चार द्वारहरू, सुनार र लोहारका कार्यशाला, स्तूपहरू र विहार (दरवार ?) पनि यहाँका महत्वपूर्ण प्राप्तिहरू हुन्।

तिलौराकोट पूरै क्षेत्र एक ढिस्कोको रूपमा रहेको छ। करिब १३०० x १७००० फिटको क्षेत्रफलमा फैलिएको यस क्षेत्रको हालसम्म राम्रोसँग उत्खनन् हुन सकेको छैन।



Downloaded from http://www.dhamma.digital

यस क्षेत्रको राम्रोसँग अन्वेषण र उत्खनन् गरेको खण्डमा तिलौराकोट प्राचीन कपिलवस्तु होइन भन्ने दावा स्वतः नै निस्तेज भएर जाने छन्। तसर्थ त्यस क्षेत्रको समुचित उत्खनन् गर्नु आज हामी सबैको प्रमुख कर्तव्य भएको छ।

## लुम्बिनी

विश्वमा विवादरहित सिद्धार्थ गौतम बुद्ध जन्मभूमि लुम्बिनीको विषयमा जहिले पनि खिचलोको मुद्दा बनाउनमा रमाउनेहरू पनि यहाँ अझै छन्। लुम्बिनी भारतमा पर्छ भन्ने दावी बारबार भारतीय पक्षले गरेतापनि ऐतिहासिक एवं पुरातात्विक उत्खनन्बाट लुम्बिनी नेपालमैं अवस्थित रहेको प्रमाणित भइसकेको छ। ब्रिटिस भारतको समयमा बेलायतीहरूले भारतीय पुरातात्विक महत्वका विषयहरूमा अनुसन्धान र उत्खनन् गर्दा नेपालमा पनि अनुसन्धान र उत्खनन् गर्ने नेपाललाई प्रस्ताव राखिंदा तत्कालीन सरकारले सो कार्य गर्न अनुमति नदिएको कारणले नेपालमा पुरातात्विक महत्वका विषयमा अन्योलता नै छाएको थियो। यसैकारणले बुद्धको जन्मभूमि र राज्यभूमि भारतमा नै छन् भन्ने धारणायुक्त प्रतिवेदन तयार गरिएको थियो। तर यो भ्रम तब निवारण भयो जब जनरल खड्ग शम्सेर ज.ब.रा र डा.ए.फुहररले १८९५-९६मा लुम्बिनी, निग्लिहवा र कोटिहवामा तीन अशोक स्तम्भ पत्ता लगाए। सर्वप्रथम 'हिद बुधे जाते', 'हिद भगवं जाते'ति लुंमिनि गामे' उत्कीर्ण गरिएको अशोकको शिलास्तम्भ प्राप्त भएको थियो। यही कारणले बेलायतीहरूले भारतीय पुरातत्वविद पि.सि.मुखर्जिलाई अनुसन्धान गर्न पठाए। उनले अरोराकोट (निग्लिहवा) कनकमुनि बुद्धको जन्मभूमि, कोटिहवा ककुच्छन्द बुद्धको जन्मभूमि र लुम्बिनी शाक्यमुनि बुद्धको जन्मभूमि हो भनेर निश्चित किटानसहित प्रमाणित गरिदियो। उनैले यी प्रमाणहरूको आधारमा कपिलवस्तुको स्थान निर्धारण गरेर वर्तमान तिलौराकोट नै वस्तुस्थितिको आधारमा प्राचीन कपिलवस्तु हो भनेर प्रमाणित गरेको थियो भने पहिलो पल्ट लुम्विनीको नक्शा सन् १९०१मा प्रकाशित गरेको थियो।

## अशोकस्तम्भाभिलेख ब्राह्मी लिपिमा

**देवान पियेन पियदसिन लाजिन वीसतिवसाभिसितेन**
**अतन आगा च महियिते हिद बुधे जाते सक्य मुनीति**
**सिला विगडभिचा कालापित सिलाथभे च उसपापिते**
**हिद भगवं जातेति लुंमिनि गामे उबलिकेकटे**
**अठ भागिये च**



Downloaded from http://www.dhamma.digital

**अनुवाद:**

देवताका प्रिय प्रियदर्शी राजा (अशोक) आफ्नो राज्याभिषेकको बीस वर्षपछि शाक्यमुनि बुद्ध जन्मेको यस ठाउँमा आफै आएर पूजा गरी त्यसैको उपलक्ष्यमा शिलास्तम्भ खडा गर्न लगाई लुम्बिनी गाउँलाई कर मुक्त गरिदिए ।

**लुम्बिनी : ह्वेनसाङ्को शब्दमा**

वाणश्रोतदेखि उत्तर-पूर्वमा अस्सी-नब्बे ली. टाढा गएपछि लुम्बिनी आई पुग्छ । यहाँ शाक्यहरूको स्नान गर्ने एउटा कुण्ड थियो । कुण्डको पानी सिसा जस्तै स्वच्छ-सफा थियो भने चारैतिर विभिन्न प्रकारका फूलहरू सजिएका थिए । यस कुण्डबाट चौविस-पच्चीस पाइला टाढा उत्तरतर्फ यौटा अशोक वृक्ष थियो, जुन सुकिसकेको थियो । यहीं बुद्धको मनुष्य लोकमा जन्म भएको थियो । बुद्धको जन्म तिथि उत्तर वैशाखको अष्टमी अर्थात् चीनिया पंचाग अनुसार तेश्रो महिनाको आठौं दिनमा भएको थियो । स्थविर वादीहरूको मान्यता थियो कि उत्तर वैशाखको पूर्णिमा अर्थात् चीनिया पंचाग अनुसार तेश्रो महिनाको पन्ध्र दिन थियो ।

यस वृक्षको पूर्वमा एउटा अशोक स्तूप थियो, जहाँ दुइवटा नागहरूले नवजात राजकुमारलाई प्रथम पटक नुहाइदिएका थिए । आफ्नो जन्म हुने वित्तिकै कसैको सहारा विना नै स्वयम् चल्न हिंड-डुल गर्न सक्थे । उनले क्रमशः पूर्व, दक्षिण, पश्चिम र उत्तर गरी चारै दिशामा सात सात कदम पाइला टेकी घोषणा गरे "आकाश र धर्तीमा म नै सर्वश्रेष्ठ पुरुष हुँ । अब मेरो पुनर्जन्म कहिल्यै हुनेछैन ।" (= अग्गो हमस्मिं लोकस्स, अयं अन्तिमा जाति, नत्थिदानि पुनब्भवोति, पालिमा प्रचलित– जहाँ जहाँ उनले पाइला टेकेका थिए त्यहाँ त्यहाँ कमलको फूल फुलेका थिए भने दुइवटा नाग धरतीबाट आकाशतर्फ उडे । यौटा नागले धरतीमा तातो (= उष्ण) पानी तथा अर्कोले चिसो (= शीतल) जल छर्केर राजकुमारलाई नुहाइदिए । राजकुमार स्नान-स्तूपको पूर्वमा दुइटा नाग आकाशमा उडेका थिए । त्यसैबेला मायादेवीको छेउमै जमिनको दुइतिरबाट पानी निस्के, एक ठाउँबाट तातो र अर्को ठाउँबाट चिसो पानी आए र सबैले नुहाए । पानी निस्केको ठाउँबाट दक्षिणमा पनि एउटा स्तूप थियो जहाँ इन्द्रले नवजात बुद्धलाई स्वागत गरेका थिए । जब बुद्धको जन्म भइसकेको थियो, इन्द्रले घुँडा टेकी दैवीय वस्त्रद्वारा उनको स्वागत गरेका थिए । त्यसको नजिकै चार स्तूप थिए, जहाँ चार देवराजाले बुद्धलाई आफ्नो हातमा थापेका थिए । जब बुद्ध दाहिने काखबाट उत्पन्न भयो, तब चार देवराजाहरूले बुद्धलाई सुवर्ण कम्बल ओढाई पिर्कामा बसाए र मायादेवीलाई भने- "यहाँले एउटा सौभाग्यशाली पुत्रलाई जन्म दिनु भएको छ । यो धेरै नै खुशीको कुरा हो । जब समस्त देवतागण समेत प्रफुल्लित भएका



Downloaded from http://www.dhamma.digital

छन् भने संसारियाहरूको कुरै नगरौं" ।

यी चारस्तूपहरूको केही पर यौटा ठूलो शिलास्तम्भ थियो, जसमा अश्व (= घोडा) को प्रतिमा बनेको थियो । यो स्तम्भ सम्राट अशोकले निर्माण गरेका थिए । पछि एकजना द्वेषी नागद्वारा प्रदर्शित बिजुली (ज्वाला) बाट यस स्तम्भ बीचमै टुटी त्यसै धरतीमा लडेको थियो । यसको नजिकै (दक्षिण-पूर्व बहने) एक नदी (सरिता) थियो । यो स्थानीय जनताहरूकाबीच "स्निग्ध सरिता" भनी प्रचलित थियो । जब मायादेवीले पुत्रलाई जन्म दिइन् तब देवताहरूले स्निग्ध कुण्ड उत्पन्न गरेका थिए ताकि मायादेवीले यसमा नुहाएर स्वच्छता प्राप्त गर्न सकुन् । यो कुण्ड अहिले एउटा नदीमा परिणत भैसकेर पनि यसको पानी तैरिरहेको (फोका, बुलबुल) देखिन्थ्यो ।

## लुम्बिनी : चीनिया यात्री फाहियानको शब्दमा

कपिलवस्तु नगरबाट ५० ली. पूर्वमा यौटा बगैंचा थियो । बगैंचाको नाम लुम्बिनी हो । त्यहाँ महारानीले एउटा कुण्ड (पोखरी) मा नुहाएकी थिइन् । त्यसपछि पोखरीबाट उत्तर कुना भएर माथि उत्रिन् । २० पाइला जति अगाडि हिंडिन् र उनले आफ्नो हात उठाएर यौटा वृक्षको हाँगा पूर्व दिशा फर्केर समाइन् । यसपछि कुमारलाई जन्म दिइन् । कुमारले पृथ्वी- स्पर्श गरी सातपाइला टेके । दुइजना नागराजाहरूले कुमारलाई नुहाइ दिए । नुहाइदिएको स्थलमा इनार बनाइयो । स्नान गराइएको स्थल इनारमा अद्यावधि श्रमणहरूले पानी लिने गरिरहेका छन् । पानी पिउने गरेका छन् ।

चीनिया यात्रीहरू फाहियानको लुनमिन र ह्वेनसाङ्गसांगको लफनि, रिपुमल्लको 'रिपुमल्लस्य चिरं जयतु' आदि अभिलेख र मौर्यकालीन मार्कर स्टोन पनि प्राप्त भएर अन्तरर्राष्ट्रिय स्तरमा पुरातत्वविद्हरूले नेपालकै लुम्बिनी नै ऐतिहासिक लुम्बिनी हो भनेर प्रमाणित गरिसकेका कारणले युनेस्कोले पनि यही लुम्बिनीलाई बुद्धजन्मभूमिको रूपमा १९९६ मा विश्व सम्पदा सूचिमा राखिसकेको छ । ग्रामिण भाषामा यसलाई रुम्मिनी देई भनेर जान्दछन् ।

साथै लुम्बिनीको मायादेवी मन्दिरमा श्री ५ को सरकार पुरातत्व विभाग, लुम्बिनी विकास कोष र जापानी बौद्ध परिषद्को संयुक्त उत्खनन् क्रममा जुन चिनो ढुंगा Marker Stone पाइयो त्यसबाट अझ बढी प्रमाणित गर्न सकिन्छ । किनकि अशोकको लुम्बिनीस्थित शिलास्तम्भको अभिलेखमा कुंदिएको **'सिलाविगडभिचा'** को अध्ययन अन्वेषण वि.सं. २०५३, वि.सं.२०५५ मा गरे अनुरूप जापान बौद्ध परिषद्ले सन् २००१मा दिइएको माहामाया देवीको मन्दिर उत्खनन्को पहिलो भागमा पनि **'सिलाविगडभिचा'**को अर्थ चिनो ढुंगा Marker Stone भनी स्वीकारिएको छ ।



Downloaded from http://www.dhamma.digital

## लुम्बिनीको ऐतिहासिकता बारे

लुम्बिनी वनमा इ.पू. ५६३ मा शाक्यमुनि बुद्धको जन्म भएपछि बेलाबेलामा थुप्रै मानिसहरू यस क्षेत्रको तीर्थ यात्राकालागि आउन लागेको पाइन्छ। ईशापूर्व २४५ मा सम्राट् अशोक, इश्वी ४०४ मा फाइयान र इश्वी ६३६ मा हृवेनसाङ्ग यस क्षेत्रको भ्रमणमा आएका थिए। अशोकले लुम्बिनी, निग्लिहवा र गोटीहवामा अशोक स्तम्भ समेत राखी लुम्बिनीका जनतालाई कर घटाएर सुविधा पुऱ्याएका थिए पनि भनिन्छ। उनले लुम्बिनीमा यहाँ बुद्ध जन्मेका थिए भन्ने अभिलेख राखेकाले बुद्धको जन्मस्थान चिन्न सजिलो भएको थियो। अशोकपछि लुबिनीको भ्रमणमा आउने चीनिया यात्री फाहियानले लुम्बिनीको बारेमा वर्णन गर्दै त्यहाँ हात्ती र सिंहको आतंक मच्चिंदै गएको, बस्ती हट्दै गएको र केही भिक्षुहरू मात्र बाकी रहेको विवरण दिएका छन्। इश्वीको सातौं शताब्दीमा लुम्बिनीको भ्रमण गर्ने चीनिया यात्री हृवेनसाङ्गले पनि लुम्बिनीको बारेमा वृहत्तर रूपमा वर्णन गरेको पाइन्छ। हृवेनासाङ्गले लुम्बिनीमा मायादेवीले स्नान गरेको पोखरी, प्रसव पीडामा समातेको रुख, अशोक स्तम्भ र अशोक स्तम्भमाथि घोडाको आकृति देखेको वर्णन गरेका छन्। पछि इश्वीको तेह्रौं शताब्दीमा कर्णाली प्रदेशका खस मल्लराजा रिपुमल्लले उक्त स्थानको भ्रमण गरे भने त्यसपछि चाँहि लुम्बिनी उजाड भूमिको रूपमा जंगलभित्र अज्ञात अवस्थामा लामो समयसम्म रह्‌यो भन्ने मान्यता रही आएको छ।

### १. फुहरर्‌को कार्य-

शाक्यमुनि बुद्धको जन्मस्थल लुम्बिनी लामो समयसम्म अज्ञात अवस्थामा रहिरहेको समयमा इश्वीको उन्नाइसौं शताब्दीको अन्त्यतिर बौद्ध ग्रन्थहरूको अध्ययन गरी वृहत्तर रूपमा लुम्बिनीको खोजी गर्न लागियो। त्यसै समयमा पाल्पाका बडा हाकिम खड्क शम्सेरले लुम्बिनीमा एक स्तम्भ भएको जानकारी पाएर सन् १८९६ मा उक्त स्तम्भको खुदाइ गरे भने त्यसै समयमा फुहरर् आएर उक्त अशोक स्तम्भको ब्रह्मीलिपि र पालि भाषामा लेखिएको अभिलेख उतार गरे। फुहररको कार्यबाट लुम्बिनीका निम्न विवरणहरु स्पष्ट भए।

क. शाक्यमुनि बुद्धको जन्मस्थल लुम्बिनी पत्ता लाग्यो।

ख. कपिलवस्तु त्यसैको आसपासमा हुनुपर्ने स्पष्ट भयो।

ग. लुम्बिनी सम्बन्धी भ्रम हटेर गयो।

यसबाट शाक्यमुनि बुद्धको जन्मस्थल लुम्बिनी उक्त स्थान नै भएको कुरा स्पष्ट भयो। लुम्बिनीको सम्राट अशोकको अभिलेखमा शाक्यमुनि बुद्धको जन्मस्थान त्यही हो भन्ने स्पष्टसँग लेखिएको थियो। उक्त अभिलेख ब्राह्मी लिपि र पाली भाषामा लेखिएको छ। जसको



Downloaded from http://www.dhamma.digital

देवनागरी लिपिमा निम्न अनुसारको पाठ हुन्छ ।

**देवान पियेन पियदसिन लाजिन वीसीत वसाभिसितेन**
**अतन आगा च महियिते हिदबुधेजाते शाक्य मुनीति**
**सिला विगडभिचा कालापित सिलाथभे च उसपापिते**
**हिद भगवं जातेति लुमिनी गामे उवलिके कटे**

अठ भागिये च यसको नेपालीमा भाषामा रूपान्तर यस प्रकारको हुन्छ-

अर्थात् "देवताको पृय पृयदर्शी राजा (अशोक) आफ्नो राज्य राज्याभिषेकको बीस वर्षपछि शाक्य मुनि बुद्धको जन्मको यस ठाउँमा आफै आएर पूजा गरी त्यसैको उपलक्ष्यमा शिलास्तम्भ खडा गर्न लगाई लुम्बिनी गाउँलाई करमुक्त गरिदिए ।" लुम्बिनीको अशोक स्तम्भको अभिलेख पढेपछि उक्त स्थानमा बुद्धजन्मस्थान भएको पत्ता लाग्यो ।

## २. पि.सी. मुखर्जीको कार्य-

लुम्बिनी शाक्यमुनि बुद्धको जन्मस्थल भएको कुरा पत्ता लागेपछि सन् १८९८-९९ मा भारतीय पुरातत्वविद् पि.सी. मुखर्जी उक्त स्थानमा फुहरर्को कार्यलाई निरन्तरता दिन आए र उनले उत्खनन् कार्य संचालन गरे । पि.सी. मुखर्जीले लुम्बिनीका निम्न भग्नावशेषहरू उत्खनन् गरी पत्ता लगाएका थिए-

(क) उनले अशोक स्तम्भ वरिपरि उत्खनन् गरी थुप्रै विवरणहरू प्रकाशमा ल्याए ।

(ख) मायादेवी मन्दिर (जसलाई उक्त समयमा रुम्मिनदेई भनिन्थ्यो)) वरिपरि पनि मुखर्जीले उत्खनन् गरे । उनले उक्त उत्खनन्बाट रुम्मिनदेई मन्दिर सप्तरथ योजना अनुरूप निर्माण भएको कुरा पत्ता लगाए ।

पि.सी. मुखर्जीले लुम्बिनीमा उत्खनन् गरी लुम्बिनीको यथार्थतालाई अझ स्पष्ट पार्ने कार्य गरे । उनको उत्खनन् पश्चात् लुम्बिनी भारतको उत्तरप्रदेश राज्यको गोण्डा क्षेत्रतिर खोज्ने ब्रिटिशहरूको कदम समाप्त भयो । साथै लुम्बिनीमा इशापूर्वकालदेखि नै बारम्बार निर्माणका कार्यहरू हुँदै गरेको पनि स्पष्ट हुन पुग्यो ।

## ३. केशर शमशेरको कार्य-

पि.सी. मुखर्जीले लुम्बिनीको उत्खनन् गरी त्यहाँका थुप्रै विवरणहरू प्रकाशमा ल्याएका थिए । मुकर्जीपछि लुम्बिनीको उत्खनन् गर्ने व्यक्ति केशर शमशेर थिए । उनले सन् १९३३-३९ मा लुम्बिनीमा उत्खनन् गरी त्यहाँका केही भग्नावशेषहरू जीर्णोद्धार समेत गरे । सिद्धार्थ पोखरीमा वरिपरि इट्टा छापिएको सिंढी बनाउने र मायादेवी मन्दिरको जीर्णोद्धार गर्ने कार्य यिनले गरेका थिए । केशर शमशेरले लुम्बिनीमा निम्नकार्यहरू गरेका थिए-

(क) लुम्बिनीका वरपरका भग्नावशेष उत्खनन् गर्ने र जीर्णोद्धार गर्ने

(ख) मायादेवीको मन्दिर जीर्णोद्धार गर्ने



Downloaded from http://www.dhamma.digital

(ग) पुष्करिणी पोखरी मर्मत गरी इँटा छाप्ने । आदि

लुम्बिनीमा केशर शमशेरको उत्खनन् वैज्ञानिक ढङ्गको थिएन । त्यसर्थ उनले त्यहाँको पुरातात्विक स्थल र वस्तुहरू विनास गरेको मानिन्छ । त्यहाँको उत्खनन्मा केशर शमशेरले के कस्ता वस्तुहरू प्राप्त गरे भन्ने कुरा पनि हालसम्म लेखाजोखा हुन सकेको छैन । उनले उत्खनन् गरेर निकालेको माटो त्यही छेउमा थुपार्न लगाएका थिए जुन हालसम्म पनि एक ढिस्कोको रूपमा रहेको छ । उनले लुम्बिनीको उत्खनन्मा बुद्ध, बोधिसत्वका मृत्तिका (माटाका) मूर्तिहरू प्राप्त u/$ f]lj j/0f kfDG . t fd fs f l; Ss f, Kj fF (beads), कांसका भाँडावर्तन र माटाका भाँडाकुँडाका टुक्राटुक्री पनि उक्त उत्खनन्मा प्राप्त भएका विवरण पाइन्छन् । तर त्यस्ता वस्तुको रेकर्ड राख्ने र त्यस्ता वस्तुहरू पाप्त भएको स्तर (layer) ख्याल गर्ने कार्य नभएबाट केशर शमशेरले लुम्बिनीको पुरातात्विक स्थल बिगारेको वा ध्वस्त पारेको आरोप लगाउने गरिएको छ ।

## ४. देवलामित्राको कार्य-

सन् १९६१-६२ मा कपिलवस्तुको उत्खनन् गर्न आएकी भारतीय पुरातत्वविद् देवलामित्राले समेत लुम्बिनीको सानो उत्खनन् गरेकी थिइन् । उनले सोह्रवटा स्तूपको समूह र अन्य पुरातात्विक वस्तुहरू प्राप्त गरेको विवरण पाइन्छ ।

## ५. नेपाल पुरातत्व विभागको कार्य-

सन् १९७०-७१ मा नेपाल पुरातत्व विभागले समेत लुम्बिनीमा उत्खनन् कार्य संचालन गर्‍यो । उक्त उत्खनन्मा इशापूर्व कालदेखि इश्वीको तेस्रो चौथो शताब्दीसम्मका विहार र स्तूपका अवशेषहरू विभिन्न प्रकृतिका माटाका भाँडाका टुक्राटुक्रीहरू लगायत अन्य कैयौं सामग्रीहरू पत्ता लागेका थिए । उक्त उत्खनन्मा मौर्यकाल (इ. पू. तेस्रो चौथो शताब्दी) भन्दा अगाडिदेखि गुप्तकाल (पाँचौं, छैटौं शताब्दी) सम्मको बसोबासको संकेत पाइएको छ । उक्त उत्खनन्मा निम्न पुरातात्विक वस्तु र अववशेषहरू प्राप्त भए -

क) उत्खनन्मा जम्मा १० वटा तह (Strata) फेला परे ।

ख) कालो रंगको माटाका भाँडाकुडा (N.B.P. ware), रातो रंगको माटाका भाँडाकुँडा (Red ware), कच्ची इँटाका पर्खाल (Mud wall), इनारका चक्का (Ring well) र गोला इनार आदि ।

ग) फालामको हँसिया (sackle), मानव र जनावरका अस्थिपंजर आदि ।

घ) भगवान् बुद्धको भूस्पर्श मुद्राको मूर्ति ।

त्यस्तै सन् १९७७-७८ तिर पनि लुम्बिनीको मायादेवी मन्दिर वरिपरि पुरातत्व विभागले उत्खनन् गरेको थियो । उक्त उत्खनन्मा मायादेवी मन्दिरको करीब पाँच फिट उत्तरमा चारकुने स्तूपको अवशेष पाइयो । उक्त स्तूपको गर्भमा एउटा सुनको बटा (saket) मा फालिएका हाडखोरका अवशेष पाइएको थियो । त्यस्तै मायादेवी मन्दिरदेखि ३० फिट पर उत्तर पश्चिम



Downloaded from http://www.dhamma.digital

दिसामा १५,½x१२,½ फिटको कोठा पाइयो। उक्त कोठा निर्माण गर्न १७" x ८" x ५" का पोलिएका इँटा प्रयोग गरिएका थिए। उक्त कोठाको तल्लो तहमा कालो रंगका (N.B.P. ware) माटाका भाँडाका टुत्राटुत्री पाइए। त्यसर्थ उक्त कोठा मौर्यकालको आरम्भितिर बनेको मानिएको छ।

६. **लुम्बिनी विकास कोष र बुद्धिष्ट फेडेरेसन अफ जापानको कार्य-**

लुम्बिनीमा बेलाबेलामा लुम्बिनी विकास कोष स्वयंले लुम्बिनी विकास कोष र नेपाल पुरातत्व विभागको संयुक्त प्रयासमा र लुम्बिनी विकास कोष र अन्य विदेशी राष्ट्रए वं संघसंस्थाको सहयोगमा पनि साना ठूला कैयौं उत्खनन्हरू भएको पाइन्छन्। यसमध्ये सबैभन्दा महत्वपूर्ण उत्खनन् लुम्बिनी विकास कोष र बुद्धिष्ट फेडेरेसन अफ जापानको मानिन्छ। उक्त संयुत्त दलले सन् १९९० को दशकमा मायादेवी मन्दिरको उत्खनन् गऱ्यो। उक्त उत्खनन्बाट निम्न विषयवस्तु प्रकाशमा आएका छन्-

क) मायादेवी मन्दिरका पाँचवटा तहहरु (stages)

ख) बुद्ध जन्मेको खास बिन्दु (spot) जहाँ 70x40x10 से.मी. को स्थानीय प्राकृतिक प्रस्तर राखिएको छ। बुद्धको प्रथम पटक पाइला परेको प्रतीक स्वरूप उक्त प्रस्तर त्यहाँ राखिएको मानिन्छ।

ग) इँटाका ७ वटा बाकस आकारका कोठा

घ) कोठामाथि अशोक शैलीको चैत्यको अवशेष

ङ) चैत्यमा नै अशोकले स्तम्भ निर्माण गर्न प्रयोग गरेको चुन र ढुंगाको एक फलक (अशोक स्तम्भमा 'सिलाभिगड' भनेर त्यही प्रस्तर टुक्रालाई इंगित गरिएको हुनुसक्दछ।

च) चैत्यमाथि मन्दिरका पुराना अवशेष र

छ) सबैभन्दा माथि वर्तमानको मन्दिर

मायादेवी मन्दिरमा एउटा इश्वीको चौथो शताब्दीतिर बनेको मानिने प्रस्तरको जीर्ण अवस्थाको मायादेवीको बुद्ध-जन्म सम्बन्धी मूर्ति र अन्य मूर्तिहरू रहेका छन्।

लुम्बिनीमा बेलाबेलजामा गरिएका उत्खनन्बाट प्राप्त विभिन्न वस्तुहरूले लुम्बिनीको पुरातात्विक महत्व झल्काउने गर्दछन्। अभिलेखयुक्त अशोक स्तम्भ, मायादेवीले बुद्ध जन्म पश्चात् स्नान गरेको र बुद्धलाई स्नान नगराएको मानिने ५० x ५० फिटको सिद्धार्थकूप बुद्धको पाइला अंकित स्थानीय प्रस्तर, अनेकन स्तूपहरू, विहारहरू , माटाका मूर्तिहरू र विभिन्न युगको प्रतिनिधित्व गर्ने अनेक प्रकारका सामग्रीहरू त्यहाँका पुरातात्विक महत्वका विषयवस्तु मानिन्छन्। त्यहाँका अन्य महत्वपूर्ण पुरातात्विक वस्तुहरूमा अनेक स्वरूप र रंगका माटाका भाँडाकुँडाका टुक्राटुक्रीहरू हुन्। आज आएर लुम्बिनीको वरिपरि वृहत्तर रूपमा उत्खनन् गर्नुपर्ने एवं प्राप्त सामग्रीहरूको संरक्षण गर्नुपर्ने दुवै प्रकारका दायित्वहरू हाम्रा सामू विद्यमान छन्। लुम्बिनीको



Downloaded from http://www.dhamma.digital

समुचित मात्रामा उत्खनन् र संरक्षण गरिएको खण्डमा ऐतिहासिक, पुरातात्विक धार्मिक र पर्यटकीय दृष्टिले यसको ख्याति अझ बढेर जाने कुरा निर्विवादपूर्ण छ।

### बुद्ध-जन्म स्मारक (Marker Stone)

लुम्बिनीमा पाइएका मूर्ति अवशेष र अन्य मूर्तिहरूलाई पनि समेटी नयाँ ढंगमा निर्माण गरिएको मायादेवी मन्दिरलाई नेपाल नरेश श्री ५ ज्ञानेन्द्रले २५४७ औं बुद्धपूर्णिमाका दिन प्रतिष्ठा पूजा (उद्घाटन ?) गरिबक्सेको थियो। सो मायादेवी मन्दिरको भुंइतल्ला भित्र दर्शनीय तवरमा प्राप्त अवशेष राखिएका छन् भने दुइतिरबाट सिंढी राखी कौसीमा जाने जस्तैगरी अशोक स्तम्भतर्फ सानो अलग्ग कोठा र त्यस्को माथि गुम्बज शैलीमा चैत्य प्रतिष्ठापन गरिएको छ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# बुद्धकालीन परिव्राजकहरू

बुद्धकालीन अवस्थामा धेरै प्रकारका गृहत्यागीहरू थिए। साधारणतया गृहत्यागीलाई श्रमण भनिन्थ्यो । भगवान् बुद्धले आफ्ना श्रमणहरूलाई भिक्षु नामाकरण गर्नुभयो भने जैनहरूले मुनि भनाए। यसैगरी एक स्थानमा नबसेर नियमित भ्रमण गरिरहनेलाई परिव्राजक भनिन्थ्यो । नांगा रहनेलाई अचेलक र आजीवक, जटा पाल्नेलाई जटिल भनिने गरिन्थ्यो । बुद्धकालसम्म सन्यासी शब्द प्रयोग भएको देखिंदैन । सायद सम्यक् शिक्षाको प्रभावले यो शब्दको प्रयोग भएको हुनसक्छ। किनकि सन्यासको अर्थ हुन्छ सम न्यास अर्थात बराबर वा सन्तुलित नियन्त्रण । भन्नुको तात्पर्य राग द्वेष आदि क्लेशलाई सन्तुलित रूपमा नियन्त्रण गर्ने वा मध्यममार्गमा मनलाई स्थिर गर्नेलाई समन्यास वा सन्यास भनिन्छ। यसैगरी साधु शब्द पनि सम्यक् शिक्षाबाटै उधारो लिइएको भन्दा अत्युक्ति नहोला । साधुको अर्थ राम्रो वा उत्तम हो । प्रायशः सम्यक् शिक्षामा कसैको उत्तमको अर्थमा स्वीकार वा अनुमोदन गर्नुपर्‍मा साधु, साधु भन्ने चलन छ । यसरी साधुमार्ग वा उत्तम मार्गमा हिंडेको भन्ने अर्थमा आजकाल श्रमणहरूलाई साधु पनि भन्ने गरिन्छ ।

बुद्धकालीन श्रमणमध्ये प्रमुखरूपमा यी निम्न श्रमणहरू भगवान् बुद्धभन्दा जेठा थिए र आफूलाई सर्वज्ञ भन्दथे । जस्तै-

**पुरण काश्यप-** दासकुलमा जन्मेर पछि नांगा श्रमण भएर धर्मप्रचार गर्दथे । उसको सिद्धान्त अहेतुक नियत मिथ्यादृष्टि थियो । जस्तै- धर्म र पाप भन्ने छैन । हिंसा गर्दा पाप लाग्दैन, अहिंसा गर्दा पुण्य पनि हुँदैन । धर्मपाप भन्ने छैन, शुद्धि अशुद्धिको कुनै हेतु छैन, न त ज्ञान अज्ञानकै हेतु छ ।

**मक्खलि गोसाल-** ऊ पनि पुर्वदास थिए र पछि नांगा श्रमण भएको थियो । उसको सिद्धान्त अक्रियावाद नियत मिथ्यादृष्टि थियो । जस्तै- प्राणीले कुनै पनि पुण्य गर्नुपर्दैन । किनकि प्राणीहरू ८० लाख कल्पहरूमा घुमिसकेपछि त्यसै विशुद्ध हुन्छन् । प्राणीहरूको कर्मलाई पाथिले भरेर राखेझैं निर्माताले कसैले थपघट गर्न नसक्ने गरी नापतौल गरिराखेको हुन्छ ।

**अजित केसकम्बल-** मानिसको केशको कम्बल बनाएर प्रयोग गर्ने हुनाले उसलाई अजित केशकम्बल भनिन्यो । उसको सिद्धान्त नास्तिकवाद नियत मिथ्यादृष्टि थियो । जस्तै- दान, यज्ञ, होम, सुकृत्य, दुकृत्यको विपाक र फल छैन । इहलोक परलोक छैन । औपपातिक (देवता आदि) प्राणी छैनन् । यस लोकमा यस्ता श्रमण ब्राह्मण छैन जसले



Downloaded from http://www.dhamma.digital

सम्यक्‌रूपले मोक्ष प्राप्त गरी केही गर्न सकोस्‌ । मरणपछि यो शरीर चार महाभूतमा मिसिन जान्छन्‌, इन्द्रियहरू आकाशमा मिसिन्छन्‌ । दान आदि विषयहरू मूर्खको प्रलाप मात्र हुन्‌ । मूर्ख र विद्वान मरेर एक समान हुन्छन्‌ ।

**प्रकुध कात्यायन–** चीसो पानीमा जीव हुन्छ भन्ने धारणाले चीसो पानी नपिउने, तातो पानी वा भातको माड पाए मात्र पिउने, चाक धुने र नदी तर्नुपर्दा शील बिग्रेको शंकाले बालुवाको स्तूप बनाई पश्चाताप गर्ने गर्दथे । कात्यायन गोत्रको प्रकुध कात्यायनको शाश्वत मिथ्यादृष्टि थियो । जस्तै- सप्तकाय (चारमहाभूत, सुख, दुक्ख, जीव काय) हरू अकृत, अनिर्मित, बन्ध्या, कुटस्थ स्तम्भसमान छन्‌ । तिनीहरू न चल्दछन्‌ न विपरित हुन्छन्‌ न परस्परमा विघ्नबाधा दिन्छन्‌ । परस्परमा सुख पनि, दुक्ख पनि हुन्न, न सुखदुक्खको लागि नै हुन्छन्‌ । मार्ने वा मार्न लगाउने, सुन्ने वा सुन्न लगाउने, जान्ने वा जान्न लगाउने छैनन्‌ । कसैलाई शीर छेदन गरे तापनि कसैलाई मारेको हुन्न ।

**सञ्जय वेलट्ठपुत्र–** वेलट्ठको छोरा सञ्जय वेलट्ठपुत्रले कुनै पनि विषयमा यही नै हो भनेर निश्चितरूपमा निर्णय दिन नसक्ने विक्षेपवादी मिथ्यादृष्टिक थियो । जस्तै- परलोक छ कि छैन ? औपपातिक प्राणी छ कि छैन ? सुकृत्य दुकृत्य छ कि छैन ? तथागत मरणपछि हुन्छ कि हुँदैन ? आदिमा हो पनि नभन्ने, होइन पनि नभन्ने, हो भनेकोलाई हो पनि नभन्ने र होइन भनेकोलाई होइन पनि नभन्ने ।

**निर्ग्रन्थ नाथपुत्र–** ग्रन्थ वा क्लेशहरू निर्मूल गरिसकेको अर्थमा निर्ग्रन्थ र नाथको छोरा भएकोले नाथपुत्र भनिएको उसलाई जैन धर्मावलम्बीको शास्ता तिर्थंकर भनिन्छ । अन्य श्रमणमध्ये उसको बढी प्रभाव थियो जुन आजकालसम्म देख्न सकिन्छ । उसको सिद्धान्तलाई चातुर्याम संवर भनिन्छ । जस्तै- सबै चीसो पानी वर्जित गर्नु, सबै पापले वर्जित हुनु, सबै पापलाई शुद्ध गर्नु, सबै पापलाई वर्जित गर्नमा तत्पर हुनु । यिनको धेरै शक्तिशाली उपासकमध्ये केही भगवान्‌को शरणमा गएका थिए । जस्तै- वप्प शाक्य, सिंह सेनापति, अभय राजकुमार, असिबन्धकपुत्र, उपाली गृहपति । त्यसमध्ये उपाली गृहपति त्रिरत्नको शरणमा जाँदा विश्वास नभएर आफै सम्झाउन उपाली गृहपतिको घरमा आएको थियो । तर पहिलेजस्तै स्वागत सम्मान नदेखाएको र त्रिरत्नको प्रशंसा गरेपछि असह्य भएर रगत वमन गरी पावामा मृत्यु भएको थियो ।

त्यसरी नै बुद्धकालीन अन्य सम्प्रदायका श्रमणहरूमध्ये भगवान्‌ बुद्धको सम्पर्कमा आएकामध्ये केहीको संक्षिप्त परिचय दिनु प्रासङ्गिक होला । जस्तै-

**अचेल कस्सप** (१)– राजगृहवासी एक नांगा श्रमण, जसले भगवान्‌ बुद्धलाई बाटोमा भेटेर 'दुक्खलाई आफैले कि अरुले श्रृजना गर्छ ?' आदि प्रश्न गरेको थियो ।



Downloaded from http://www.dhamma.digital

जवाफमा उहाँले प्रतीत्य समुत्पादको व्याख्यान गर्नुभएको थियो। उपदेशको परिणामस्वरूप सम्यक् शिक्षामा प्रव्रजित भई अरहन्त भयो।

**अचेल कस्सप** (२)– मच्छिकासण्डवासी चित्त गृहपतिको साथी अचेल काश्यपले चित्त गृहपतिले त्रिरत्नको शरणमा गएर अनागामी ज्ञान लाभ गरेको तर आफूले ३० वर्षसम्ममा पनि केही ज्ञान लाभ नगरेकोमा दुक्ख पोख्दै त्रिरत्नको शरणमा लान चित्त गृहपतिलाई अनुरोध गरेको थियो। भिक्षु भएर अरहन्त पनि भएको थियो।

**अचेल कस्सप** (३)– आयुष्मान् वक्कुलको बाल्यकालको साथी अचेल कस्सपले 'अस्सी वर्षभित्र कतिपल्ट यौन सम्बन्ध राख्नुभयो ?' भनेर उहाँलाई सोधेको थियो। आयुष्मान् वक्कुल ८० वर्षको उमेरमा प्रव्रजित भई केही दिनमा नै अरहन्त हुनुभएका धुतांगधारी हुनुहुन्थ्यो। त्यसैले उहाँले यौन सम्बन्धको कुरा त के, कल्पनासम्म नगरेको र महिलासंगको सम्पर्क समेत थाहा छैन' भनेको सुनेंर प्रभावित हुँदै उहाँको प्रभावले भिक्षु भएर अरहन्त पनि भएको थियो।

**अचेल कस्सप** (४)– यस अचेल कस्सपले भगवान् बुद्धलाई उरञ्ञ नगरको कण्णकत्थल मृगदायमा भेटेको थियो। अचेलकहरू दुष्करचर्या पनि गर्ने हुनाले भगवान्संग 'के तपाई तपस्या र दुष्करचर्याको निन्दा गर्नुहुन्छ भनेको साँच्चै हो ?' भनेर सोधेको थियो। भगवान्को जवाफ पाएर प्रसन्न भएर प्रव्रजित भई अरहन्त पनि भएको थियो।

**अजित परिव्राजक**– एक दिन भगवान् बुद्धलाई भेटेर पण्डित शब्द बारे छलफल गरी पछि आफ्ना सब्रह्मचारीहरूलाई बताएका थिए। यसै सन्दर्भमा भगवान् बुद्धले भिक्षुहरूलाई धर्मोपदेश गर्नुभएको थियो।

**उत्तिय परिव्राजक**– एकदिन भगवान्संग भेट गरी 'के शाश्वत लोक भन्ने मात्र सत्य हो र अरु झूठो हो ?' भनेर प्रश्न गरेको थियो। भगवान् बुद्धले 'मैले यस्तो कुरा बताएको छुइनं' भनी जवाफ दिनुभएको थियो। यसै विषयमा उहाँले थप उपदेश दिनुभएको थियो।

**कन्दरक परिव्राजक**– एक दिन भगवान् बुद्धलाई गग्गरा पुष्करिणी छेउमा बसिरहनुभएको भगवान्लाई भेटेर नजिक बसेको शान्त भिक्षुहरूको प्रशंसा गरेको थियो।

**कुण्डलिय परिव्राजक**– साकेतवासी यस परिव्राजकले अञ्जन मृगदायमा बसिरहनुभएको भगवान् बुद्धलाई भेटेर 'अन्य श्रमणहरूजस्तै तपाई कुन विषयमा छलफल गर्नुहुन्छ ?' भनी सोधेको प्रश्नमा भगवान्ले 'विद्याविमुक्ति' भनेको सुनेंर यस बारे भगवान्बाट उपदेश सुनेंर त्रिरत्नको शरणमा गएर उपासक भएको थियो।

**छन्न परिव्राजक**– जेतवन विहारमा आयुष्मान् आनन्दसंग 'तपाईहरू पनि राग द्वेष



Downloaded from http://www.dhamma.digital

मोह हटाउने उपदेश दिनुहुन्छ, र हामीहरू पनि त्यही नै उपदेश दिन्छौं । के दोष देखेर तपाईहरू राग द्वेष मोह हटाउने उपदेश दिनुहुन्छ ?' भनेर प्रश्न गर्दा उहाँको जवाफ सुनेंर प्रसन्न भएको थियो ।

**जालिय परिव्राजक-** मण्डिय परिव्राजकसहित वाद गर्ने उद्देश्यले कौशाम्बीको घोषितारामममा गएर भगवान्संग जीव विषयमा वाद गर्दा भगवान् बुद्धले मध्यम मार्गीय उपदेश दिनुभएको थियो । उपदेश सुनेंर आश्चर्य मान्दै सन्तुष्ट भएको थियो ।

**तिम्बरुक परिव्राजक-** मिथ्यादृष्टिमा परेको कारणले भगवान् बुद्धले मध्यममार्गी उपदेश दिनुहुँदा प्रशन्न भएर त्रिरत्नको शरणमा गएको थियो ।

**नन्दिय परिव्राजक-** जेतवन विहारमा भगवान् बुद्धलाई 'कति धर्म भाविता र बहुलिकृत गर्दा निर्वाण प्राप्त हुन्छ' भनी सोध्दा भगवान्ले अष्टांगिक मार्गको उपदेश दिनुभएको थियो । उपदेश सुनेंर त्रिरत्नको शरणमा गएको थियो ।

**निग्रोध परिव्राजक-** आफ्ना ३०० शिष्यसंग बसेर होहल्ला गरिरहेको देखेर सन्धान गृहपतिले 'भगवान् शून्यागारमा शान्तपूर्वक बस्नुहुन्छ' भनेर प्रशंसा गर्दा रिसाएर भगवान्को आलोचना गर्दै 'यदि श्रमण गौतम यहाँ आएको भए घैंटो घुमाएझैं घुमाउँथे' भन्दा भगवान्ले दिव्यचक्षुले थाहा पाउनुभई त्यहाँ आउनुभएर ऊसंग छलफल गर्नुभएको थियो । उपदेश सुनेंर आफ्नो गल्ती स्वीकार गर्दै उस्ले बुद्धसमक्ष माफी मागेको थियो ।

**अचेल पाथिकपुत्र-** वैशालीवासी अचेल पाथिकपुत्रले 'भगवान् बुद्धजस्तै म पनि ज्ञानमा समान छुं' भनी अहंकार गर्दथे । यो थाहा पाउनुभएर भगवान् अचेल पाथिकपुत्रलाई भेट्न जानुहुँदा डराएर भागेर गएर तिन्दुकखाणुक परिव्राजकाराममा लुक्न गयो । लिच्छवीहरू पनि आज प्रातिहार्य हुनेछ भनी हेर्न आएका थिए । त्यसैले उनीहरूले अचेल पाथिकपुत्रलाई बारबार बोलाउँदा पनि नआई लुकी मात्र रह्यो ।



Downloaded from http://www.dhamma.digital

# बुद्धकालीन ब्रह्मादि देवहरु

**चातुमहाराजिक देवताहरू-** मनुष्यभन्दा माथि तर अन्य देवताभन्दा तल्लो स्तरका देवताहरूलाई चातुमहाराजिक देवता भनिन्छन् । यिनीहरू पूर्वदिशामा धृतराष्ट्र, दक्षिण दिशामा विरुढक, पश्चिम दिशामा विरूपाक्ष र उत्तर दिशामा वैश्रवण (कुवेर) वास गर्छन् ।

**रोहितस्स देवपुत्र-** रोहित नाम भएको ऋषिले 'यो संसारलाई भ्रमण गरेर पार तर्छु' भनी भ्रमण गरेको तर पार तर्नअघि नै मृत्यु भएर ब्रह्मलोकमा उत्पत्ति भएको कुरा पछि भगवान्लाई भेटेर 'लोकलाई भ्रमण गरेर पार तर्न सकिँदैन' भनी भगवान्को विचारमा सही थाप्दै सुनाएको थियो ।

**वासुदत्त देवपुत्र-** वेलुवनमा एक रात भगवान्लाई भेटेर 'दुक्खदायी कामरागबाट बच्न प्रव्रजित हुनुपर्छ' भनी आफ्नो विचार पोख्दा भगवान्ले 'सत्कायदृष्टि नाशको लागि प्रव्रजित हुनुपर्छ' भन्नुभएको थियो ।

**वेण्डु देवपुत्र-** जेतवन विहारमा भगवान्लाई भेटेर 'सुगतको उपासना गरे प्राणी सुखी हुन्छन्' भनेको थियो र भगवान्ले 'ध्यानीहरूले बुद्धद्वारा प्रतिपादित शिक्षाको पालन गरे सुखी हुन्छन्' भन्नुभएको थियो ।

**वेपचित्ति असुरेन्द्र-** असुरमध्ये जेठो र नाइके वेपचित्ति असुरेन्द्र, समय समयमा देवता असुरबीच लडाइ भए तापनि, देवराज इन्द्रको ससुरा थियो । यिनीहरूबीच छलफल पनि बराबर भइरहन्थ्यो ।

**वैरोचन असुरेन्द्र-** जेतवन विहारमा एक रात देवराज इन्द्रसंग आएर 'काम सफल नभएसम्म मेहनत गर्नुपर्छ' भनेको थियो ।

**देवराज इन्द्र-** शक्र, मघवा, पुरिन्दद, वासव, सहस्राक्ष, सुजम्पति, देवेन्द्र आदि नामले परिचित देवराज इन्द्र भगवान् बुद्धको परम भक्त थियो । शक्रप्रश्न सूत्र सुनेंर श्रोतापन्न भएको देवराज इन्द्रलाई भगवान्ले उसको लागि धर्म देशना गर्नुभएको थियो । बुद्ध भएको समयमा मात्र होइन बोधिसत्व कालमा पनि देवराज इन्द्रको उहाँसंग धेरै सम्बन्ध रहेको थियो । भगवान् बुद्धको परिनिर्वाण भएपछि कुशीनारा आएर गाथामा अनित्य गुण गाएको थियो ।

**सतुल्लपकायिक देवताहरू-** मनुष्य जीवनमा सत्य नै सबैभन्दा ठूलो हो भनेर विश्वास गरेकोले पछि देवलोकमा उत्पन्न भएपछि उनीहरूलाई सतुल्लपकायिक भनिएको थियो । उनीहरू एक समूह थिए र तावतिंस देवलोकका देवताहरू थिए । यिनीहरू समय



Downloaded from http://www.dhamma.digital

समयमा आएर आफ्ना विचार पोख्ने गरेका कुरा संयुक्तनिकायबाट थाहा हुन्छ ।

**सनत्कुमार ब्रह्मा–** मनुष्य जीवनमा पाँचवटा चुल्ठो बाँधी हिंड्दा हिंड्दै ध्यान लाभ गरी ब्रह्मलोकमा उत्पन्न भएको सनत्कुमार ब्रह्माले भगवान्संग समय समयमा भेट गरेको थियो भने उसले एकपल्ट 'गोत्रमा जेष्ठ क्षत्रिय र मानिसहरूमा विद्याचरणसम्पन्न (बुद्ध) श्रेष्ठ छ' भनेको थियो ।

**सहम्पति ब्रह्मा–** सहम्पति ब्रह्माको भेटघाट भगवान् बुद्धसंग धेरैपल्ट भैसकेकोमध्ये सबैभन्दा महत्वपूर्ण घटना भगवान् बुद्धलाई धर्मप्रचारमा मन नलागेपछि उहाँलाई धर्मप्रचारमा प्रेरणा दिएको नै हो । सारिपुत्र आदिप्रति कटुवचन बोलेको कारणले कोकालिक भिक्षु नरकमा उत्पन्न भएपछि त्यस नरक बारे जानकारी लिन सहम्पति ब्रह्माले भगवान्लाई सोध्न आएको थियो । भगवान् बुद्धको परिनिर्वाण भएपछि कुशीनारा आएर गाथामय अनित्य गुण गाएको थियो ।

**सुब्रह्मा देवपुत्र–** एकदिन आफ्ना देवकन्याहरू लिएर नन्दनवनमा आनन्द मनाइरहेको समयमा केही देवकन्याहरू देवलोकबाट च्यूत भएर अवींचि नरकमा उत्पन्न भए । तब देवकन्याहरू नदेखेर 'कहाँ गएछन् ?' भनी विचार गर्दा अवींचि नरकमा देखेर आफ्नो भविष्य बारे विचार गर्दा आफू पनि केही दिनमा त्यसरी नै भोग गर्नुपर्ने देखेपछि त्रस्त भएर वेलुवन विहारमा आएर भगवान्को शरणमा आएको थियो । भगवान्को देशना सुनेंर साथै आएका देवकन्यासहित श्रोतापन्न भएको थियो ।

**सुब्रह्मा प्रत्येक ब्रह्मा–** भगवान् बुद्धप्रति अनन्य भक्त यस ब्रह्माले एक घमण्डी ब्रह्मालाई आफ्नो चमत्कार देखाई प्रभावित पारेर 'हामीभन्दा बुद्ध भगवान् धेरै श्रेष्ठत्तर हुनुहुन्छ' भनी प्रशंसा गर्दा त्यो घमण्डी ब्रह्मा भगवान्को दर्शन गर्न आएको थियो ।

**सुसीम देवपुत्र–** मनुष्य हुँदा आयुष्मान् सारिपुत्रको शिष्य भएकोले एकदिन आफ्नो पूर्वगुरु विषयमा भगवान् बुद्ध र आयुष्मान् आनन्दबीच कुराकानी भएको समयमा आएर 'अक्रोधी भएको सारिपुत्रलाई सबैले जान्दछन् । अल्पेक्षी सुद्धशील तथा शान्तदान्त हुनुभएको सारिपुत्र ऋषि बुद्धद्वारा प्रशंसित हुनुहुन्छ' भनी प्रशंसा गरेको थियो ।

**सूचिलोम यक्ष–** फोहर ठाउँमा बस्ने सूचिलोम यक्षको खर यक्ष साथी थियो । एक दिन भगवान् बुद्धलाई देखेर नगिच बस्न जाँदा पनि भगवान् नडराएको देखेर आश्चर्य मान्दै 'राग द्वेषको कारण के हो ?' भनी प्रश्न गर्दा भगवान्को जवाफ सुनेंर श्रोतापन्न भएको थियो ।

**सूर्य देवपुत्र–** चातुमहाराजिक देवसरहको यस देवपुत्रले कपिलवस्तुमा भएको



Downloaded from http://www.dhamma.digital

देवसमागममा भगवान्‌बाट उपदेश सुनेंर श्रोतापन्न भएको थियो । पछि उसलाई राहु असुरेन्द्रले समात्दा भगवान्‌को स्मरण गरेको थियो ।

**सेरी देवपुत्र–** मानिस जीवनमा राजा भएको समयमा दानादि कर्म गरेर देवपुत्र भएकोले भगवान्‌संग भेट गर्दा 'देव मनुष्य दुबैले अन्नको प्रशंसा गर्छन्, त्यसैले अन्न दान गर्नुपर्छ' भनी दानको प्रशंसा गरेको थियो ।

**हत्थक देवपुत्र–** आलवीमा आलवक यक्षलाई दमन गरेर जीवन रक्षा गरेको आलवीराजाको छोरा हत्थक आलवक नै मृत्युपछि अविहा ब्रह्मलोकमा उत्पन्न भएको थियो । मनुष्य हुँदा ऊ त्रिरत्नप्रति पूर्ण श्रद्धावान थियो र भगवान्‌ले उसलाई 'श्रद्धावान, शीलवान, लज्जावान, पापभिरु, बहुश्रुत, त्यागवान साथै चार संग्रह वस्तुले युक्त' भनी प्रशंसा गर्नुभएको थियो । साथै गृहस्थहरूले हत्थक आलवक र चित्त गृहपतिजस्तै हुन खोज्नुपर्छ भनेर पनि प्रशंसा गर्नुभएको थियो । ब्रह्मा भई उत्पन्न भएपछि जेतवन विहारमा आएर भगवान्‌लाई भेटेर भगवान्‌को दर्शन गर्न, सद्धर्म श्रवण गर्न र संघको सेवा गर्न सन्तुष्ठ र तृप्त हुन नपाउँदै मृत्यु भएको कुरा सुनाएको थियो । तर मनुष्य हुँदा जुन धर्मले युक्त भएको थियो त्यो गुणले भने अहिले पनि युक्त नै भएको कुरा सुनाएको थियो ।

**हेमवत यक्ष र सातागिरि यक्ष–** यी दुइ यक्षहरू एक आपसमा मिल्ने अभिन्न मित्र तथा विद्वान थिए । भगवान् बुद्धले धर्मचक्र प्रवर्तन गर्नुहुँदा सातागिरि यक्षले सुनेंको थियो । तब आफ्नो साथी हेमवत यक्षलाई पनि सुनाउनुपर्छ भनेर साथीलाई खोज्न गएको थियो । उता धर्मचक्र प्रवर्त्तनको प्रभावले हिमालयमा विशेष फूलहरू फुलेको देखेर हेमवत यक्षले सातागिरि यक्षलाई देखाउनुपर्‍यो भनेर ऊ पनि साथी खोज्दै आएको थियो । दुबैको भेट राजगिरिमा हुँदा धर्मचक्रको कुरा सुनाउँर धर्मचक्र प्रवर्त्तन समाप्त भएपछि दुबैले साधुकार दिएका थिए । यी दुइ यक्षहरूले साधुकार दिएको माइति आएकी कुररघरकी काली उपासिकाले सुनेंर 'किन साधुकार दियौ ?' भनी सोध्दा यथार्थ बुझेर श्रोतापन्न भएकी थिइन् ।



Downloaded from http://www.dhamma.digital

# बुद्धकालीन ब्राह्मणहरू

बुद्धकालीन ब्राह्मणमध्ये भगवान्‌को सम्पर्कमा आएकामध्ये जानकारी मूलक केही ब्राह्मणहरूको संक्षिप्त परिचय दिनु पाठकहरूका लागि उपयुक्त नै हुनेछ। जस्तै-

**कसिभारद्वाज** ब्राह्मण- राजगृहको दक्षिणगिरिको एकनाल गाउँवासी भारद्वाज गोत्रको एक कृषक भएकोले कसिभारद्वाज ब्राह्मण भनी चिनिन्थ्यो। भगवान् बुद्धले उसलाई उपकार गर्ने उद्देश्यले कसिभारद्वाज ब्राह्मण खेति उत्सव मनाउँदै गरेको समयमा पुग्नुहुँदा 'हामी खेति गरेर खान्छौं तिमी पनि खेति गरेर खाऊ' भनी भन्दा भगवान्‌ले 'म पनि खेति गरेरै खान्छु' भनी जवाफ दिनुहुँदै 'श्रद्धा मेरो बीउ हो' आदि भनी उपदेश दिनुभयो। यो उपदेश सुनेंर प्रसन्न भएर ऊ प्रव्रजित भएर पछि अरहन्त भएको थियो।

**उदायी ब्राह्मण**- एक दिन भगवान्‌लाई भेटेर 'के तपाई पनि यज्ञको वर्णन गर्नुहुन्छ ?' भनेर सोधेको थियो। यज्ञ भन्नाले बलि हिंसा यज्ञको अर्थमा सोधिएको थियो। सम्यक् शिक्षामा दानादि पुण्यलाई यज्ञ भनिने गर्छ। त्यसैले हिंसा आदि यज्ञको वर्णन नगर्ने अर्थमा भगवान् बुद्धले 'म सबै यज्ञको वर्णन गर्दिन' भनी जवाफ दिनुभएको थियो।

**गणक मोग्गल्लान ब्राह्मण-** गणित शास्त्रको विद्वान गणक मोग्गल्लानले 'जसरी गणित सिकाउँदा क्रमैले सिकाइन्छ, त्यसैगरी के तपाइको धर्म विनयमा पनि क्रमबद्धता छ ?' भनी सोधेको थियो। भगवान्‌ले पनि 'शीलसंयम, इन्द्रियसंयम, भोजन मात्रज्ञान, जागरुकयानुयोग, स्मृति सम्प्रज्ञता, पञ्चनीवरणको प्रहाण, समाधि लाभसहित विपस्सना ज्ञान र विमुक्तिलाई क्रमैले सिकाइन्छ' भनेर जवाफ दिनुभयो। त्यसपछि 'तपाइको शिक्षालाई के सबैले निष्ठावान भएर पालन गर्छन् ?' भनी सोध्दा भगवान् बुद्धले 'तथागत मार्गदेशक मात्र हो मार्गमा जानु नजानु उनीहरूको काम हो' भनी बताउनुभएको थियो। उपदेशपछि ऊ त्रिरत्नको शरणमा गएको थियो।

**गोपक मोग्गल्लान ब्राह्मण-** अजातशत्रु राजाको परम भक्त एक सेनापति थियो। भगवान्‌को परिनिर्वाणपछि आयुष्मान् आनन्दसंग भेट भएर प्रश्न गरेको थियो। त्यसै समयमा वर्षाकार अमात्य पनि आएर केही प्रश्न गरेको थियो। आयुष्मान् आनन्दले वर्षाकार अमात्यलाई दिनुभएको जवाफ सुनेंर गोपक मोग्गल्लान वर्षाकार अमात्यप्रति ईर्ष्या गरेको थियो।

**घोटमुख ब्राह्मण-** अंगदेशवासी घोटमुख ब्राह्मणको आफ्नो पुरानो शास्त्रअनुसार आमाबाबा मारेर भए पनि आफ्नो उन्नति गर्नुपर्छ भन्ने मिथ्यादृष्टि भएको थियो।



Downloaded from http://www.dhamma.digital

आयुष्मान् उदेनको उपदेश सुनेंर पुरानो मिथ्यादृष्टि छोडेर पाटलिपुत्रमा भिक्षुसंघको लागि उपस्थानशाला बनाई दानादि कर्म गरेर मृत्यपछि सुगति प्राप्त भएको थियो ।

**देवहित ब्राह्मण –** आयुष्मान् उपवाणको गृहस्थको साथी देवहित ब्राह्मण नुहाउनको लागि तातो पानीको व्यवस्था गरिदिने व्यवसाय गर्दथ्यो । एक समय भगवान् वायुरोगले पीढित हुनुहुँदा तातो पानीको आवश्यक भएकोले आयुष्मान् उपवाण तातो पानीको लागि देवहित ब्राह्मणकाहाँ जानुभएको थियो । भगवान्को लागि तातो पानी दान गरेर केही दिनपछि भगवान्लाई भेटेर दान विषय प्रश्न गरेको यियो । उपदेशपछि त्रिरत्नको शरण गएको थियो ।

**धानञ्जानी ब्राह्मण–** राजगृहको तण्डुलपालि वासी धानञ्जानी ब्राह्मण गोत्रले धानञ्जानी ब्राह्मणको पहिलो स्वास्नी त्रिरत्नप्रति श्रद्धालु थिइन् । उनको मृत्युपछि त्रिरत्नमा श्रद्धालु नभएकी दोश्रो स्वास्नी ल्याएको थियो । उनको संगतले धानञ्जानी कुमार्गमा लागेको थियो । यो कुरा थाहा पाउनुभएर आयुष्मान् सारिपुत्र आउनुभएर सम्झाउनुहुँदा उसलाई होश आएको थियो र फेरि सत्कर्ममा लागेको थियो ।

**नगरविन्देय्यक ब्राह्मणहरू–** कोशलको नगरविन्देय्यक गाउँमा भगवान् जानुभएर त्यहाँका ब्राह्मणहरूलाई उपदेश दिनुभएको थियो । उपदेश सुनेंर त्रिरत्नको शरणमा गएका थिए ।

**पिंगलकोच्छ ब्राह्मण–** पिंगल वर्ण भएकोले पिंगलकोच्छ भनिएको यो ब्राह्मण विद्वान हुनुको साथै सारपूर्ण ज्ञान कहाँ पाइन्छ ? भनेर खोजी गरिहिंड्दथ्यो । भगवान्ले पनि सार खोज्ने पुरुषको उपमाद्वारा उपदेश दिनुभएपछि प्रसन्न भएर त्रिरत्नको शरणमा गएको थियो ।

**भारद्वाज ब्राह्मण-** कुरुदेशको कम्मासदम्मवासी त्रिरत्नको शरण नगए तापनि भारद्वाज भगवान्प्रति श्रद्धावान थियो । एकदिन मागण्डिय परिव्राजकले भगवान्लाई 'भुनहु' भनी आलोचना गर्दा 'मुख सम्हालेर कुरा गर' भनी चेतावनी दिएको थियो । पछि यसै विषय लिएर मागण्डिय परिव्राजक र भगवान्को छलफल भएको थियो । उपदेशपछि मागण्डिय परिव्राजक भिक्षु भएर अरहन्त पनि भएको थियो । तर भारद्वाज ब्राह्मणले भने भगवान् बुद्धबाट कुनै आध्यात्मिक फाइदा लिन सकेन ।

**मागन्दिय ब्राह्मण–** कुरुदेशको कम्मासदम्मवासी मागन्दिय ब्राह्मणले भगवान्लाई देखेर प्रसन्न भएर आफ्नी सुन्दरी छोरीको लागि वर पाइयो भनेर स्वास्नी छोरीलाई ल्याएर कन्यादान गर्न खोजेको थियो । भगवान् बुद्धले सुन्दरताको आलोचना गर्दा छोरी मागन्दी भने क्रोधित भएर इबी लिएकी थिइन् भने भगवान्को उपदेश सुनेंर मागन्दिय र उसको स्वास्नी मागन्दी अनागामी भएका थिए ।

**लोहिच्च ब्राह्मण–** कोशल राज्यको सालवतिका गाउँवासी लोहिच्च ब्राह्मण राजा



Downloaded from http://www.dhamma.digital

प्रसेनजितको सम्मानित पुरोहितमध्येको एक थियो। तर एक स्वार्थी स्वभावको थियो। एक समय भगवान् सालवतिका पुग्नुहुँदा भगवान्लाई निमन्त्रणा दिन रोसिका नाउलाई बोलाउन पठाएको थियो । रोसिका नाउले पनि भगवान्लाई बोलाएर ल्याउँदा बाटोमा लोहिच्च ब्राह्मणको मिथ्याधारण बारे बताएर त्यसलाई निवारण गरिदिन अनुरोध गरेको थियो । भगवान्ले पनि भोजनपश्चात् उपदेश गर्नुभएर उसको मिथ्याधारणालाई नाश गरि दिनुभएको थियो। अन्तमा लोहिच्च ब्राह्मणले 'नरक प्रपातमा खस्नुबाट बचाइदिएको' भनी भगवान्को प्रशंसा गर्दै त्रिरत्नको शरणमा गएको थियो ।

**वर्षाकार ब्राह्मण-** राजगृहवासी वर्षाकार ब्राह्मण राजा अजातशत्रुको अमात्य थियो। भगवान्ले उसैको अगाडि सप्त अपरिहानीय धर्मको उपदेश सुनाउँनुभएको थियो। यो उपदेश सुनेंर उसैको चलाखीले गर्दा वैशालीमा फुट ल्याएर अजातशत्रुलाई वैशालीमाथि विजय प्राप्त गराएको थियो । तर ऊ त्रिरत्नको शरणमा भने गएको थिएन। एक सुन्दर युवकलाई आफ्नी छोरी दिन खोज्दा त्यो युवकले विवाह नगरी श्रामणेर भएको थियो। पछि एक गलत कारणले चोरीको आरोपमा त्यस श्रामणेरलाई ल्याई छोरी दिंदा स्वीकार नगरेको रिसले निर्दोष श्रामणेरलाई मृत्युदण्ड दिइएको थियो। एक दिन आयुष्मान् माहाकात्यायनलाई 'वाँदरजस्तै छ' भनेकोले भगवान् बुद्धले 'माफी नमागेमा बाँदर भएर जन्मनुपर्नेछ' भन्नुभएको थियो । तर उसले माफी मागेनन् ।

**संगारव ब्राह्मण-** राजगृहवासी एक जीर्णोद्धार व्यवसाय गर्ने यस ब्राह्मणले भगवान्संग समय समयमा छलफल गर्ने गर्दथे। उस्ले त्रिरत्नको शरण जानेबाहेक अन्य ज्ञान लाभ गर्न सेकेको थिएन।

**शालावासी ब्राह्मणहरू-** कोशल राज्यको शाला गाउँका ब्राह्मणहरू आफ्नो गाउँमा भगवान् बुद्ध आउनुभएको थाहा पाएर भेट्न गएका थिए र स्वर्ग नर्क विषयमा प्रश्न गरेका थिए। अर्कोपल्ट जानुहुँदा भगवान्ले 'आफ्नो चित्त प्रसन्न हुने कुनै आचार्य पाएका छौ के ?' भनेर प्रश्न गर्नभएको थियो। 'पाएका छैनौं' भनेपछि अपर्णक धर्महरूको उपदेश दिनुभएको थियो। अन्तमा त्रिरत्नको शरण गएर उपासक भएको थियो।

**सिखामोग्गल्लान ब्राह्मण-** टुप्पी राख्ने र मोग्गल्लान गोत्रको भएकोले सिखा मोग्गल्लान भनिएको त्यस ब्राह्मणले एक दिन सोणकायन ब्राह्मणले भगवान् बुद्धको कर्म सिद्धान्त बारे बताउँदा भगवान् बुद्धले चारप्रकारका कर्म बारे उपदेश दिनुभएको थियो।

**सुद्धिक भारद्वाज ब्राह्मण-** त्रिवेद ब्राह्मणबाहेक अन्य शुद्ध हुन सक्दैन भन्ने विश्वास भएको यस ब्राह्मणलाई भगवान्ले सबै वर्णका मानिसहरू आत्मसंयमद्वारा शुद्धि



Downloaded from http://www.dhamma.digital

हुनसक्छ भन्नुभएको थियो । उपदेश सुनेंर प्रसन्नताले गर्दा भिक्षु भएर अरहन्त पनि भएको थियो ।

## बुद्धकालीन राजपरिवारहरू

बुद्धकालीन राजपरिवारका विभिन्न सदस्यमध्ये यस ग्रन्थमा उल्लेख नभएकामध्येका केही संक्षिप्त परिचय दिइएको छ । जस्तै-

**अभय लिच्छवी-** वैशालीवासी अभय लिच्छवी निर्ग्रन्थ नाथपुत्रको उपासक थियो । एक दिन पण्डित कुमार लिच्छवीसंग आयुष्मान् आनन्द भेट्न गएको थियो । भेटेर आफ्ना शास्ताको सर्वज्ञता गुण बताउँदै तपश्याद्वारा कर्मक्षय गर्ने सिद्धान्त बताउँदै 'भगवान्ले कर्मक्षय बारे के बताउनुहुन्छ ?' भनी सोधेको थियो । आयुष्मान् आनन्दले 'भगवान्ले कर्मक्षय गर्नको लागि शील, समाधि र प्रज्ञा मार्ग बताउनुभएको छ' भनी उहाँले बताउनुभएको थियो ।

**उग्गराज महामात्य-** कोशल राज्यको महामात्य उग्गराज एकदिन भगवान्काहाँ गएर मिगार श्रेष्ठीको सम्पत्ति बारे 'सुनैं सुनं छ' भनेर प्रशंसा गरेको थियो । भगवान्ले ' सुनंको सम्पत्तिभन्दा सप्त आर्यधन श्रेष्ठ हुन्छ' भनी भन्नुभएको थियो ।

**जयसेन राजकुमार-** राजा बिम्बिसारको औरस पुत्र आयुष्मान् भूमिजको भान्जा, जयसेन राजकुमार एक दिन अचिरवत श्रमणोद्देशकाहाँ गएर छलफल गरेको थियो । छलफलपछि अचिरवतले सबै कुरा भगवान्लाई सुनाएको थियो, जस बारे भगवान्ले अचिरवतलाई राम्ररी सम्झाउनुभएको थियो ।

**तरुण महामात्य-** भगवान् बुद्धप्रति अत्यन्त श्रद्धालु तरुण महामात्यले बुद्धसहित साढे बाह्रसय भिक्षुलाई भोजनको निमन्त्रणा गरेको थियो । त्यसदिन बिहानै भिक्षुहरूले अरुको दानलाई स्वीकार गरी सकेका थिए, त्यसैले उनीहरूले त्यहाँ भोजन ग्रहण गरेनन् । यसकारणले उनी अप्रसन्न भएको थियो ।

**नन्दक लिच्छवी-** वैशालीका लिच्छवीहरूको महामात्य नन्दक लिच्छवी एकदिन भगवान् बुद्ध कुटागार शालामा विहार गर्नुहुँदा भगवाने् उसलाई 'श्रोतापन्न पुरुषमा चार गुण हुन्छन'् भनेर बताउनुभएको थियो । त्यसै समयमा एक मानिस आएर नुहाउने समय भएको सूचना दिन आयो । तब उसले 'बाहिरी नुहाउनुभन्दा भित्री नुहाउनु नै उत्तम हुन्छ' भनेको थियो ।



Downloaded from http://www.dhamma.digital

**पायासि राजा-** कोशल राज्यको सेतव्यवासी पायसी राजा मिथ्यादृष्टिक थियो। उसले पुनर्जन्म हुन्छ भन्ने कुरामा विश्वास गर्दैनथियो। एक दिन आयुष्मान् कुमार काश्यप भिक्षुसंघसहित चारिका गर्दै सेतव्य पुग्नुहुँदा पुनर्जन्म विषयमा छलफल भएको थियो। उहाँको धर्मदेशना सुनेंर उसको मिथ्यादृष्टि हटेको थियो।

**भद्दिय लिच्छवी-** वैशालीवासी भद्दिय लिच्छवी एकदिन कुटागार शालामा बसिरहनुभएको भगवान्लाई भेटेर 'तपाइ जादूगरजस्तै अरुलाई मोहित पार्ने हुनुहुन्छ। भनेको के सत्य हो ?' भनेर सोधेको थियो। भगवान्ले 'कसैले भन्दैमा वा मैले भन्दैमा यो सत्य हो भनी विश्वास गर्नुहुँदैन' भनी भगवान्ले भन्नुहुँदा प्रसन्न भएर त्रिरत्नको शरणमा गएको थियो। तब भगवान्ले 'भद्दिय के मैले तिमीलाई मेरो शरणमा पर, मेरो शिष्य बन भनेको छु ?' भनेर सोध्नुहुँदा 'छैन' भनेर जवाफ दिएको थियो। यसै छलफलको क्रममा उपदेश सुनेंर श्रोतापन्न भएको थियो।

**वड्ढ लिच्छवी-** वैशालीवासी वड्ढ लिच्छवी एक अनन्य भक्त भएर दानादि पुण्य गर्थ्यो। उनी ६ वर्गीय भिक्षुमध्येका मेत्तिय र भुम्मिज भिक्षुहरूप्रति विश्वासी थिए। एक दिन यिनै भिक्षुहरूको विश्वासमा श्रामणेर अवस्थामा नै अरहन्त हुनुभएको आयुष्मान् दर्भमल्लपुत्र माथि निराधार दोषारोपण लगाएको थियो। यसको परिणामस्वरूप भिक्षुसंघले उसको दान अस्वीकार गर्ने निर्णय लिएको थियो। यसकारण उसमा धेरै पश्चाताप भएको थियो। यही कारणले ऊ पछि भिक्षु भएको थियो।

**वप्प शाक्य-** कपिलवस्तुवासी वप्प शाक्य निर्ग्रन्थ नाथपुत्रको शिष्य थियो। एक दिन आयुष्मान् मौद्गल्यायनसंग कुराकानी गरिरहेको समयमा भगवान् बुद्ध आइपुग्नुहुँदा भगवान्ले उसलाई उपदेश दिनुभएको थियो। यसै उपदेश सुनेंर श्रोतापन्न भएको थियो।



Downloaded from http://www.dhamma.digital

# बुद्धकालीन गृहस्थीहरू

बुद्धकालीन अवस्थाका गृहस्थमध्ये यस ग्रन्थमा उल्लेख नभएका गृहस्थीहरूका केही संक्षिप्त परिचय दिइएको छ । जस्तै-

**अस्सारोह गामणि-** गाउँको मुखिया भएकोले गामणि भनिएको हो । भगवान् बुद्ध एक दिन राजगृहको कलन्दक निवापमा विहार गर्नुहुँदा अस्सारोह गामणि आएर आफ्ना आचार्य मतअनुसार भन्यो 'जो युद्धमा मर्छ ऊ स्वर्ग जान्छ ।' अस्सारोह गामणि एक घोडसवार थिए र घोडसवारीहरू युद्धमा जान यसै मिथ्यादृष्टिले प्रेरित हुन्थे । जब भगवान् बुद्धले 'जबसम्म यस्तो मिथ्याधारणा छोड्दैन तबसम्म नरक वा पशुपंक्षी योनिमा जन्म हुन्छ' भन्नुभएको थियो । यो सुनेंर पुराना आचार्यहरू नरक गए भन्ने सोचेर रुन थाले ।

**उदेन उपासक-** कोशलवासी उदेन उपासक अन्यन्त श्रद्धालु थियो । उसले संघको लागि एक विहार बनाएको थियो । दान दिनको लागि संघलाई निमन्त्रणा गर्दा, त्यस समयसम्म वर्षावास बस्दा बाहिर जानहुने नियम बनेको थिएन, त्यसैले भिक्षुहरू गएनन् । तब उनी खिन्न भएको थियो । यसै कारणबाट भगवान्ले वर्षावास अवधिमा विशेष कामको लागि सातदिनभित्रमा फर्किने गरी जान पाइने नियम बनाउनुभयो ।

**उपक मण्डिकापुत्र-** राजगृहवासी उपक पण्डिकापुत्र देवदत्त समर्थक थियो । जब भगवान्ले देवदत्तलाई 'नरकगामी' भन्नुभएको थियो तब ऊ भगवान्संग 'अरुलाई निन्दा गर्नु राम्रो होइन' भनी वाद गर्न आएको थियो, जबकि ऊ आफै पनि अरुको निन्दा गर्दथ्यो । भगवान्संग भेट हुँदा भगवान्को कुरा सुनेंर नाजवाफ भएको थियो ।

**कल्याणभत्तिक गृहपति-** राजगृहवासी एक श्रद्धालु उपासक सुन्दर, प्रणीत भोजन दान गर्ने हुनाले नै उसको नाम कल्याणभत्तिक रहन गएको थियो । त्रिरत्नप्रति श्रद्धा राख्दै प्रत्येक दिन चारजना भिक्षुहरूलाई भोजन दान गर्दथ्यो । भोजन दान गर्दा 'पुग्यो पुग्यो' नभनुञ्जेलसम्म दान गरिरहन्थ्यो ।

एकदिन भोजनको पालामा मेत्तिय्य र भुम्मिजक भिक्षुहरूको पालो पऱ्यो । 'यस्ता दुःशीलहरूको पालो पऱ्यो' भनेर भोजनमा आएका ती भिक्षुहरूलाई कनिकाको भात, त्यो पनि छिंडिमा राखेर र दासीबाट खुवाएको थियो । यो देखेर 'यो सबै दर्भमल्लपुत्रको काम हो' भनेर यी दुइ भिक्षुहरूले अरहन्त भएको दर्भमल्लपुत्रलाई भिक्षुणी मेन्तियाको सहयोग लिएर 'भिक्षुणी मेन्तियालाई दूषित गऱ्यो' भनेर मैथुन पाराजिकको दोष लगाएको थियो ।



Downloaded from http://www.dhamma.digital

**केवट्ट गृहपति–** भगवान् बुद्धप्रति अनन्य भक्त भएको कारणले बुद्ध धर्मलाई अझ बढी फैलाउन एकदिन भगवान् बुद्धलाई 'समय समयमा ऋद्धिवान भिक्षुद्वारा ऋद्धि प्रातिहार्य देखाएमा मानिसहरू बुद्धधर्ममा अझ प्रभावित हुने थियो' भनेर सल्लाह तथा अनुरोध गरेको थियो । तर यस अनुरोधलाई भगवान् बुद्धले मान्नुभएन ।

**घोषित गृहपति–** वेश्याको कोखमा जन्मिंदा छोरा भएको कारणले फोहर फ्याल्ने ठाउँमा फ्यालेको देखेर एक सन्तानहीन श्रेष्ठीले लगेर पाल्न लगेको थियो । तर उसकी स्वास्नीले पनि छोरा नै जन्माइन् । एकदिन ज्योतिषअनुसार यही बच्चा पछि गएर ठूलो श्रेष्ठी हुने थाहा पाएर आफ्नो छोरालाई श्रेष्ठी बनाउने इच्छाले समय समयमा उसलाई मार्ने कोशिस गरेको थियो । अन्तमा मार्ने कोशिस गर्दा भावी स्वास्नीले उसप्रति प्रेम गरेर उसको ज्यान बचाउनुको साथै विवाह पनि गरेर श्रेष्ठीको सारा सम्पत्ति पनि प्राप्त गराइदिएकी थिइन् । त्यसपछि ऊ एक ठूलो श्रेष्ठी भएको थियो । भगवान् बुद्धप्रति अनन्य भक्त घोषित गृहपतिले एक दानशाला खोलेर नित्य दान गर्ने गर्दथ्यो । घोषित गृहपतिको मितको मृत्यु भएपछि उसको छोरी सामावतीलाई उसैले पालेको थियो, जसको विवाह राजा उदयनसंग विवाह भएको थियो ।

**चण्ड गामणि–** चण्ड स्वभाव भएकोले उसलाई चण्ड गामणि भनिन्थ्यो । ऊ एक दिन जेतवन विहारमा आएर भगवान् बुद्धसंग चण्ड र सुशील्य बारे प्रश्न गरेको थियो । 'जस्ले कोप गर्छ र गराउँछ उसलाई चण्ड र जसले कोप गर्दैन र गराउँदैन उसलाई सुशील्य भनिन्छ' भनेर भगवान् बुद्धले जवाफ दिनुभएको थियो ।

**तालपुट नटगामणि–** तालको फलजस्तै सुन्दर वर्ण भएकोले तालपुट र नर्तकीको कोखमा जन्मेर नृत्य गरी आजीविका गर्ने हुनाले नटगामणि भनिन्थ्यो । उसको पाँचसय महिला सेविका र पाँचसय स्वास्नी थिए । नृत्य शिल्पमा अति नै चतुर भएकोले उसको ख्याति बढेको थियो । एक दिन उसले भगवान्लाई भेटेर प्रश्न गर्दा जवाफ सुनेंर प्रसन्नताले प्रव्रजित भइएर अरहत पनि भएको थियो ।

**दशम गृहपति–** अट्ठकनगरवासी दशम गृहपति एक दिन पाटलिपुत्र आउँदा आयुष्मान् आनन्दसंग भेट गरी 'भगवान्ले यस्तो कुनै धर्म बताउनुभएको छ जसद्वारा विमुक्त हुन सकियोस् ?' भनी सोधेको थियो । उहाँले 'छ' भनी धेरै धर्महरू बताउनभएको थियो, जसको प्रभावले प्रसन्न भएर आयुष्मान् आनन्दसहित भिक्षुसंघलाई भोजन गराएर उहाँको लागि एउटा विहार पनि बनाइदिएको थियो ।

**दारुकमीमक गृहपति–** दाउराको व्यापारी दारुकमीमक गृहपतिले सबै भिक्षुहरू अरहतमार्गमा लागेका छन् भन्ने विश्वासले पाँचसय भिक्षुहरूलाई भोजन गराउँथ्यो ।



Downloaded from http://www.dhamma.digital

भगवान्‌ले 'तिमीजस्ता गृहस्थीले को अरहन्त र को होइन भनेर छुट्याउन सक्दैन । व्यक्तिगत दानभन्दा संघमा दिएको दानको बढी फल पाइन्छ भनेर सम्झाउनुभएको थियो ।

**दीघजाणु कोलियपुत्र-** दीर्घजाणु कोलियपुत्र कक्करपत्तवासी थिए । चारिकामा आउनुहुँदा उसले भगवान्‌लाई इहलौकिक र परलौकिक हितसुख हुने उपदेश सुनाउनको लागि अनुरोध गरेको थियो । भगवान्‌ले पनि चारसम्पदा विषयमा उपदेश दिनुभएको थियो ।

**धम्मदिन्न उपासक-** वाराणसीवासी यस उपासकले इसिपतन मिगदायमा भगवान् विहार गर्नुहुँदा भगवान्‌लाई उपदेश दिन अनुरोध गरेको थियो । भगवान्‌ले पनि श्रोतापन्नको चार अंग हुन्छन् भनी भन्नुहुँदा ती अंगहरू आफूमा भएको कुरा बताएको थियो । ५०० उपासकहरूको परिषद हुने ६ उपासकमध्ये उनी पनि एक थियो ।

**धम्मिक उपासक-** श्रावस्तीवासी यो उपासक धार्मिक, त्रिरत्न शरणसम्पन्न, शीलसम्पन्न, बहुश्रुत तथा त्रिपिटकधारी अनागामी थिए । उनले अभिज्ञा पनि प्राप्त गरेका थिए । शैक्षभूमिमा बसेर पनि पटिसम्भिदा ज्ञान लाभ गरेका थिए । पाँचसय उपासकको परिषद भएको उपासकमध्ये उनी पनि एक थिए ।

**नन्दिय शाक्य-** कपिलवस्तुवासी नन्दिय शाक्य भगवान् बुद्ध कपिलवस्तु आउनुहुँदा बारबार श्रोतापन्न आदि विषयमा छलफल गरिरहन्थ्यो । एक पल्ट श्रावस्तीसम्म पुगेर पनि तीन महिनासम्म भगवान्‌को सत्संगत गरेको थियो ।

**पञ्चंग थपति (स्थापित)-** श्रावस्तीवासी पञ्चंग थपति धर्म छलफल गर्नमा रुचि लिने भएकोले भिक्षुहरूकाहाँ गएर भगवान्‌द्वारा प्रतिपादित धर्म विषयमा छलफल गरिरहन्थ्यो । एक दिन उग्गाहमान परिव्राजककाहाँ जाँदा उसलाई शिष्य बनाउने उद्देश्यले चार कारणले मानिसलाई सम्पन्न कुशल भनिन्छ भनेर उपदेश दिएको थियो । पञ्चंग थपति भने चुप लागी पछि भगवान्‌लाई सबै कुरा बताएको थियो । तब भगवान्‌ले सहीरूपमा कसरी मानिसलाई सम्पन्न कुशल भनिन्छ त्यस बारे बताउनुभएको थियो । भिक्षुहरूलाई घरमा भोजन बोलाएर पनि धर्म छलफल गर्ने उसको बानी थियो ।

**पाटलि गामणि-** कोलिय जनपदवासी पाटलिय गामणिले भगवान् बुद्धलाई भेटेर 'के तपाइ माया जान्ने मायावी हुनुहुन्छ ?' भनेर साधेको थियो । भगवान् बुद्धले माया त जान्दछु तर मायावी होइन भनेर कारण र उपमासहित सम्झाउनुभएको थियो । श्रद्धालु भएको कारणले उसले आफ्नो घरछेउ एकजना मात्र बस्नुहुने आवासथ बनाएको थियो । त्यस आवासथमा बस्नेलाई यथासक्य आतिथ्य सत्कार गर्दथ्यो ।

**पुण्ण कोलियपुत्र-** कोलियवासी पुण्ण उसको एक साथी नांगा साधु सेनियसहित भगवान्‌लाई भेट्न आएको थियो । त्यस समय उसले गोव्रत र उसको नांगो साधु साथी



Downloaded from http://www.dhamma.digital

सेनियले कुकुरव्रत लिइरहेको थियो । त्यसैले 'गोव्रत र कुकुरव्रत लिएर के फल पाइन्छ ?' भनेर सोधेको थियो । भगवान्‌ले 'जबसम्म यो मिथ्याधारणा छोड्दैन तबसम्म या नरक योनि या पशु योनि प्राप्त हुनेछ' भन्नुभएको थियो । यो सुनेर उनीहरू रुएका थिए । पछि सेनिय साधु प्रव्रजित भएर अरहन्त पनि भयो भने पुण्ण कोलियपुत्र त्रिरत्नको शरण गएर उपासक भइबसे ।

**पेस्स माहुतेपुत्र–** चम्पा नगरको गग्गरा पुष्करिणीमा कन्दरक परिव्राजकसहित पेस्स माहुतेपुत्रले भगवान् बुद्धलाई भेट गरी शान्त भिक्षुसंघको प्रशंसा गरेको थियो । साथै मानिसहरू टेढो र पशुहरू सोझा हुन्छन् पनि भनेको थियो । त्यससमय भगवान् बुद्धले उपदेश सुनाउँदा बीचमै पेस्स माहुतेपुत्र उठेर गएको थियो । पछि भगवान् बुद्धले 'यो पेस्स माहुतेपुत्र विद्वान छ, यदि ऊ यहाँ बसेर धर्मदेशना सुनेको भए अरहन्त हुनसक्ने थियो' भनेर उसको प्रशंसा गर्नुभएको थियो ।

**वेलट्ठ कात्यायन–** राजगृहवासी वेलट्ठ कात्यायन सख्खरको व्यापारी थियो । एक दिन भगवान् बुद्ध अन्धकविन्दबाट राजगृह जाँदै गर्नुभएको बेला वेलट्ठ कात्यायनले भिक्षुसंघसहित भगवान्‌लाई सख्खर दान गरेको थियो । त्यसै समयमा भगवान्‌को आनुपूर्विकथा सुनेर मार्गफल प्राप्त गरेको थियो ।

**भद्रक गामणि–** मल्ल जनपदको उरुवेलकप्पवासी भद्रक गामणि चिरवासीको बाबा थियो । एक दिन भगवान्‌लाई भेटेर 'दुक्ख समुदय र निरोधको उपदेश दिन अनुरोध गरेपछि भगवान्‌ले दिनुभएको उपदेश सुनेर दुक्खको मूलकारण छन्द हो भनी जानेर भगवान्‌को प्रशंसा गरेको थियो ।

**मानदिन्न गृहपति–** राजगृहवासी मानदिन्न गृहपति अनागामी भइसकेको थियो । एक दिन ऊ विरामी हुँदा आयुष्मान् आनन्दलाई बोलाउन पठायो । उहाँ आउनुभएर भलाकुसारी गर्दा 'विरामी भए तापनि चार सतिपट्ठान भावनालाई नछोडेको र आफूमा पाँच अधोभागीय संयोजनहरू नाश भइसकेको' कुरा बताएको थियो ।

**वासेट्ठ उपासक–** वैशालीवासी वासेट्ठ उपासक आर्यशीसम्पन्न विशिष्ट उपासकमध्येका एक हुन् । एक दिन महावन कुटागार शालामा भगवान् बुद्धले उसलाई उपोशथ व्रतको उपदेश दिंदा 'यो उपोशथ व्रत सबैले पालन गरे सबैको कल्याण हुनेथियो' भनेर भनेको थियो । यसमा सही थाप्दै भगवान्‌ले भन्नुभयो 'मनुष्यको मात्र होइन देवताहरूको पनि भलाई हुनेथियो ।'



Downloaded from http://www.dhamma.digital

# बुद्धकालीन महिलाहरु

बुद्धकालीन अवस्थाका गृहस्थमध्ये यस ग्रन्थमा उल्लेख नभएका महिलारूका केही संक्षिप्त परिचय दिइएको छ । जस्तै-

**काणा उपासिका-** श्रावस्तीमा विवाहको लागि दिइसकेकी एक सुन्दरी युवती काणालाई लोग्नेको घरमा पठाउन काणमाताले कोसेली स्वरूप रोटी पकाउन थालिन् । त्यसै समय एक भिक्षु भिक्षाको लागि आउँदा रोटी दान गरिपठाइन् । रोटी लगेर त्यस भिक्षुले अरु भिक्षुलाई खुवाए । रोटी मिठो भएकोले अन्य भिक्षुहरू त्यहीं भिक्षा माग्न गए । भिक्षा दिंदादिदै रोटी सकियो । त्यस दिन लोग्नेकाहाँ पठाउन सकिनन् छोरीलाई । त्यसै गरी फेरि फेरि रोटी पोल्दा त्यसरी नै घटना घट्न गयो र समयमा नपठाएको निहुँमा लोग्ने हुनेले अर्की विवाह गऱ्यो । त्यसैले भिक्षुहरूको कारणले आफ्नो जीवन नाश भयो भनेर काणाले भिक्षुहरूलाई गाली गर्दथिन् । यही कारणले भगवान् बुद्ध काणमाताको घरमा गएर 'भिक्षुहरूले नदिइकन लिएर कि दिएर रोटी लगेको ?' भनी सोध्नुभयो । काणाले 'दिएको हुनाले लगेको' भनी जवाफ दिए पछि 'त्यसो भए भिक्षुहरूको कुनै दोष छैन' भन्नुभएर धर्मदेशना गर्नुहुँदा काणा श्रोतापन्न भइन् । जब यो कुरा थाहा पायो तब राजा प्रसेनजित खुसी भएर काणालाई छोरी बनाइराखे र एक मन्त्रीसंग विवाह गराइदियो ।

**चुन्दी राजकुमारी-** राजा बिम्बिसारकी छोरी चुन्दी राजकुमारी आफ्नो दाइ चुन्द राजकुमारसंग धर्म छलफल गरिरहन्थिन् र नबुझेको विषयमा वेलुवनमा गएर भगवान् बुद्धसंग सोध्दथिन् । राजा बिम्बिसारले उसको लागि ५०० रथ दिएको थियो । यसरी ५०० रथ पाउनेहरू विशाखा महाउपासिका, राजा प्रसेनजितकी छोरी सुमना पनि थिइन् ।

**चूलसुभद्रा-** अनाथपिण्डिककी छोरी चूलसुभद्राको व्यवहार राम्रो देखेर अनाथपिपण्डिकको साथीले बुहारी बनाएको थियो । तर बौद्ध उपासक नभए पनि भगवान् बुद्धको सल्लाह अनुसार अनाथपिण्डिकले पनि छोरीलाई विवाह गरिपठाएको थियो । विवाह हुनअघि भगवान् बुद्धले बुहारीले पालन गर्नुपर्ने दशशिक्षाको उपदेश दिनुभएको थियो । विवाहपश्चात् चूलसुभद्राले भगवान् बुद्ध र श्रावकहरूको प्रशंसा गर्दा ससुरा हुनेले ६ योजन टाढासम्म आइपुग्न सक्दैन भनेर भोलिको लागि भोजन बोलाएर हाँक दिएको थियो । चूलसुभद्राले पनि आफ्नो श्रद्धाको बलमा निमन्त्रणा स्वरूप एउटा फूल फ्यालेर पठाउँदा भगवान् बुद्धलाई प्राप्त भएको थियो र भोलिपल्ट समयअनुसार भोजनको लागि पुग्नुभएको



Downloaded from http://www.dhamma.digital

थियो । विभिन्न कारणले प्रभावित भएर ससुरा त्रिरत्नको शरणमा गएको थियो ।

**बोज्भा उपासिका-** श्रावस्तीवासी बोज्भा उपासिका जेतवन विहार गएर भगवान्‌को दर्शन गरिरहने उपासिका थिइन् । यस्तै भेट गर्ने समयमा एक दिन भगवान् बुद्धले उसलाई उपोशथ व्रत बारे बताउनुभएको थियो ।

**रानी मल्लिका देवी -** रानी मल्लिकाको नाम राजा प्रसेनजितसंग विशेषरूपमा जोडिएर आउँछ । किनकि यिनैको कारणले राजा प्रसेनजित भगवान्‌को सम्पर्कमा आएको थियो । उनी मालाकारकी छोरी थिइन् र एकपल्ट युद्धमा गएर आएको राजा प्रसेनजितलाई आफ्नो बगैंचामा आउँदा आफ्नो काखमा राखेर आराम गराएकी थिइन् । यसै गुण र विवेकको कारणले राजाले विवाह गरेको थियो । एक अन्यन्त श्रद्धालु उपासिका मल्लिकाले प्रत्येक विषयमा विवेकले काम गर्थिन् । उनैले राजा प्रसेनजितलाई भनेर असदृश दान गरेकी थिइन् भने एक पल्ट गल्तीले बलि हिंसा गर्न लागेको राजालाई सम्भ्काएर बलियज्ञ रोकेकी थिइन् । एक समय एउटा सानो विषय लिएर राजालाई ढाँटेको कारणले मृत्युकालमा त्यही कुरा सम्भना आएर सात दिनको लागि नरक भोग गर्नुपरको भनिएको छ । रानी मल्लिका राजा प्रसेनजितकी अति नै मनपरेकी रानी थिइन् ।

**मल्लिका उपासिका-** कुशीनारावासी मल्लिका उपासिकाको विवाह बन्धुल सेनापतिसंग भएको थियो । भगवान् बुद्धप्रति श्रद्धालु उपासिकाको भने धेरै समयसम्म बच्चा भएको थिएन । त्यसै कारणले एक दिन लोग्नेले माइत पठाउँदा निराश भएर भगवान्‌लाई भेटेर मात्र माइत जान्छु भनी भेट्न जाँदा भगवान् बुद्धले फिर्ता पठाउनुभएको थियो । त्यसपछि प्रत्येक पल्ट जमुल्याहा छोरा जन्माउँदै ३२ जना छोराहरू जन्माएकी थिइन् । यी सबै छोराहरू पराक्रममा कोही पनि कम थिएनन् । त्यसैले बाबासरह यिनीहरूलाई पनि राजा प्रसेनजितले काम दिइराखेको थियो । तर उनीहरूको कामप्रति ईर्ष्या गर्नेहरूको चुक्लीको कारणले राजा प्रसेनजितले बाबा छोराहरू सबैलाई धोखा दिएर मारेको थियो । उनीहरूको मृत्युको खबर आउँदा मल्लिका उपासिका एकरति पनि विचलित भएकी थिइनन् । बरु बुहारीहरूलाई सम्भ्काएर माइति पठाइन् र आफू पनि माइति कुशीनारा फर्केकी थिइन् । विशाखाजस्तै उसंग पनि महालता प्रसाधन थियो ।

**रोहिणी शाक्य-** आयुष्मान् अनिरुद्धकी बहिनी रोहिणी पहिले सुन्दरी भए पनि पछि अनुहारमा रोग लागेर कुरूपजस्ती भएकी थिइन् । आफ्नो दाजुको सल्लाहले एक विहार बनाएर भिक्षुसंघलाई दान गर्दा भगवान् बुद्धले पूर्वजन्मको ईर्ष्याको कारणले भएको हो भनी बताउनुभएको थियो ।

**वेलुकण्टकी नन्दमाता-** दक्षिणागिरिको वेलुकण्टकवासी नन्दमाता सानै उमेरमा



Downloaded from http://www.dhamma.digital

विवाह भएकी पतिव्रता उपासिका थिइन् । त्रिरत्नको शरणमा गएकी त्यस उपासिकाले तुरुन्त ध्यान बस्न सक्ने र सम्यक् सम्बुद्धबाट प्रशंसित थिइन् । उसको प्रशंसा गर्दै भगवान् बुद्धले भन्नुभएको थियो 'प्रत्येक महिलाले म वेलुकण्टकी नन्दमाताजस्तै हुन सकुं भनेर कामना गर्नुपर्छ वा प्रत्येक आमा बाबाले वेलुकण्टकी नन्दमाताजस्तै छोरी होस् भनेर कामना गर्नुपर्छ ।' उसमा कतिसम्म धैर्य थियो भन्ने कुरा आफ्नै अगाडि छोराको हत्या गर्दा र लोग्नेको मृत्युपछि यक्ष भएर जन्मियो भनी सुन्दा मन एकरति पनि विचलित गरेकी थिइनन् । अनागामी भइसकेकी त्यस उपासिकाले पारायण सूत्र आदि गाथाहरू पाठ एकस्वरले गर्ने गर्थिन् जसको प्रशंसा वैश्रवण चातुमहाराजिक देवताले गरेको थियो ।

**श्रद्धा उपासिका–** श्रावस्तीवासी श्रद्धा उपासिका नामको साथै अन्धश्रद्धालु थिइन् । ठीक वा बेठीक भनेर सोच्न सक्दिन थिइन् । उसको एक अनौठो विश्वास थियो कि 'दानमा सबैभन्दा ठूलो यौनसम्बन्ध दान हो ।' यसै विश्वासले भिक्षुहरूलाई यौनसम्बन्ध राख्नको लाथि निमन्त्रणा गर्थिन् । एक दिन एक भिक्षुलाई त्यसै गरी अनुरोध गर्दा भिक्षुले स्वीकार गरेन । तब उसले 'तिघ्रा सुमसुम्याउने आदि काम मात्र गर्छु' भन्दा त्यस कार्यमा त अपराध हुँदैन होला भनेर भिक्षुले पनि स्वीकार गरेको थियो । यस्तै श्रद्धा भएकी सुप्पब्भा उपासिका पनि थिइन् ।

**सुजाता उपासिका–** विशाखा महाउपासिकाकी बहिनी भएको नाताले अनाथपिण्डिकले आफ्नी बुहारी बनाएको थियो । तर विशाखाजस्तै शान्त स्वभाव नभएकोले दिक्क मान्ने गर्दथ्यो । यही कुरा भगवान्लाई बताएपछि एक दिन भोजनपछि 'हत्यारीनी, चोरनी, मालिक्नी, आमा, बहिनी, साथी, दासी गरी सात प्रकारका स्वास्नीहरूमा तिमी कस्ती स्वास्नी हौ ?' भनी सोध्नुहुँदा आफ्नो गल्ती स्वीकार गर्दै 'दासी स्वास्नीसरह बस्नेछु' भनेकी थिइन् ।

**सुमना राजकुमारी–** राजा प्रसेनजितकी छोरी सुमनाको जन्म भएको सयम सुमन फूल बर्सेकोले उसको नाम सुमना राखिएको थियो । अनाथपिण्डिकले जेतवन विहार बनाएर भिक्षुसंघलाई दान दिने समयमा भगवान्को स्वागत गर्नको लागि राजा प्रसेनजितलाई ५०० सखीसहित सात वर्षिय सुमना राजकुमारीलाई स्वागतको लागि पठाउन अनुरोध गरेको थियो । स्वागत कालमा भगवान्को उपदेश सुनेंर आफ्ना सखीसहित सुमना श्रोतापन्न भएकी थिइन् ।

**सुन्दरी परिव्राजिका–** भगवान्को लाभसत्कारदेखि केही अन्य सम्प्रदायीहरू ईर्ष्यालु भएका थिए । तब उहाँको लाभसत्कारलाई कसरी नाश गर्ने ? भनी सोचेर एक समय एक समूहले अति नै सुन्दरी भएकी सुन्दरी परिव्राजिकालाई हाथमा लिएर षडयन्त्र गऱ्यो ।



Downloaded from http://www.dhamma.digital

षडयन्त्रअनुसार सुन्दरी परिव्राजिकालाई समय समयमा जेतवन विहारमा पठाउने गऱ्यो। केही दिनपछि सुन्दरी परिव्राजिकालाई मारेर जेतवन विहारभित्र एक छेउमा गाडिदियो। उनीहरूले नै राजा प्रसेनजितकाहाँ गएर सुन्दरी परिव्राजिका हराएकी र जेतवन विहारमा शंका लागेको कुरा सुनांयो। राजाले पनि खोज्न पठाउँदा गाडेको लाश फेला पाऱ्यो। तब यस घटनाले भगवान् बुद्ध र भिक्षुसंघको ठूलो अपमान भयो। तब भगवान् बुद्धले 'गरेर पनि ढाँट्ने र नीचकाम गर्नेहरू एकसमान भएर नर्क पुग्छन्' भनी भन्न लगाउनुभयो। तब मात्र यो घृणित काम भिक्षुहरूले गरेका होइनन् भनेर मानिसहरूले विश्वास गरे। तब यो काम कस्ले गराएको होला ? भनी बुझ्न राजाले गुप्तचर छाडिरहेको समयमा एकजना रक्सीले मात्तिएको बेला आफ्नै धुनमा बक्दै गरेको आधारमा हत्यारालाई पक्रेर ल्याएर सबै वृतान्त उदाङ्ग भयो। तब ती हत्या गर्न लगाउने अन्य सम्प्रदायीहरूको मुखबाट नै त्यो काम भगवान् बुद्धबाट नभएको वास्तवमा हामीले नै योजनाबद्ध तवरमा गराएका हौं भन्न लगाउँदै बजार परिक्रमा गराउन लगाइयो।

**सूचिमुखी परिव्राजिका-** बोल्दा सियोजस्तै घोंचेर बोल्ने आदत भएको परिव्राजिकालाई सूचिमुखी परिव्राजिका भनिन्थ्यो। एक दिन आयुष्मान् सारिपुत्र एक ठाउँमा बस्नुभएर भोजन गरिरहनुभएको समयमा गएर वादारोपण गर्ने उद्देश्यले 'श्रमण किन तलतिर हेरेर खाँदैछौ ?' भनेर सोध्दा 'खाएको छैन' भनेर जवाफ दिनुभएको थियो। तब माथितिर हेरेर, चारैतिर हेरेर विभिन्नादि प्रश्न गर्दा 'खाएको छुइन' मात्र जवाफ दिनुभयो। अन्तमा 'कसरी खान्छौ ?' भनी सोध्दा तलतिर खानुको अर्थ आदि गलत खाने तरिकासहित धर्मदेशना दिनुहुँदा सूचिमुखी परिव्राजिका प्रसन्न भएकी थिइन्। त्यसपछि जोसुकै भिक्षुहरू भिक्षाटनमा आउँदा 'भिक्षुहरूलाई दान देऊ' भनेर अरुलाई भन्ने गर्दथिइन्।

(बुद्धकालीन परिव्राजक, ब्रह्मादिदेव, ब्राह्मण, राजपरिवार, गृहस्थी, महिलाहरूका बारे विस्तृत अध्ययनगर्न चाहने पाठकहरूले आचार्य भिक्षु अमृतानन्दद्वारा रचित बुद्धकालीन ग्रन्थमाला अध्ययन गर्न सकिनेछ।)



Downloaded from http://www.dhamma.digital

***सन्दर्भ ग्रन्थहरुः***

- बुद्धचर्या, राहुल सांकृत्यायन, भारतीय बौद्ध समिति, १९९५
- बौद्ध कथा, रघुनाथ सिं, भारत
- दीघनिकाय, दुण्ड बहादुर वज्राचार्य, वीरपूर्ण संग्रहालय, ललितपुर
- मज्झिमनिकाय, दुण्ड बहादुर वज्राचार्य, वीरपूर्ण संग्रहालय, ललितपुर
- संयुत्तनिकाय, दुण्ड बहादुर वज्राचार्य, वीरपूर्ण संग्रहालय, ललितपुर
- संयुक्त निकाय, जगदीश काश्यप, भिक्षु धर्मरक्षित, महाबोधि सभा
- बुद्धकालीन राजपरिवार, आचार्य भिक्षु अमृतानन्द, आनन्दकुटी विहार गुठी
- बुद्धकालीन ब्राह्मण, आचार्य भिक्षु अमृतानन्द, आनन्दकुटी विहार गुठी
- बुद्धकालीन ब्रह्मादिदेव, आचार्य भिक्षु अमृतानन्द, आनन्दकुटी विहार गुठी
- बुद्धकालीन परिव्राजक, आचार्य भिक्षु अमृतानन्द, आनन्दकुटी विहार गुठी
- बुद्धकालीन गृहस्थीहरू, आचार्य भिक्षु अमृतानन्द, आनन्दकुटी विहार गुठी
- बुद्धकालीन महिलाहरू, आचार्य भिक्षु अमृतानन्द, आनन्दकुटी विहार गुठी
-पुरातत्वको परिचय, प्रा.पेशल दहाल, सोमप्रसाद खतिवडा, एम.के.पब्लिशर्स
-जगमोहन बर्म्माले १९७६ मा हिन्दीमा अनुदित चीनी यात्री फाहियानको यात्रा विवरण ग्रन्थ
-आनन्द भूमि : वर्ष २९, अंक ६ तथा वर्ष ३० अंक ८
- मधुपर्क, वर्ष ९, अङ्क ४/५, गोरखा पत्र संस्थान, २०३३
- परियत्ति द्वितीय प्रवेश शिक्षा-३ नेपाली, कोण्डन्य, नेपाल बौद्ध परियत्ति शिक्षा
-An Archeological Remains of Kapilvastu, Lumbini and Devadaha, Babu Krishna Rijal
- Lumbini, Kapilvastu and Devadaha, Bhuvan Lal Pradhan, Royal Nepal Academy
- A Report on a tour of Exploration of the Antiquities of Kapilvastu, Babu P.C. Mukharji, 1969
- An Archeology remains of Kapilvastu, Lumbini and Devadaha, Babu Krishna Rijal
- Lumbini, Kapilvastu and Devadaha, Bhuvan Lal Pradhan, Royal Nepal Academy



Downloaded from http://www.dhamma.digital

# DEDICATION OF MERIT

May the merit and virtue
accrued from this work
adorn Amitabha Buddha's Pure Land,
repay the four great kindnesses above,
and relieve the suffering of
those on the three paths below.

May those who see or hear of these efforts
generate Bodhi-mind,
spend their lives devoted to the Buddha Dharma,
and finally be reborn together in
the Land of Ultimate Bliss.
Homage to Amita Buddha!

**NAMO AMITABHA**

**南無阿彌陀佛**

《尼泊爾文：佛陀－開悟的覺者》

財團法人佛陀教育基金會 印贈

台北市杭州南路一段五十五號十一樓

Printed and donated for free distribution by

**The Corporate Body of the Buddha Educational Foundation**

11F., 55 Hang Chow South Road Sec 1, Taipei, Taiwan, R.O.C.

Tel: 886-2-23951198 , Fax: 886-2-23913415

Email: overseas@budaedu.org

Website:http://www.budaedu.org

**This book is strictly for free distribution, it is not for sale.**

Printed in Taiwan

10,000 copies; Jul 2004

NE019-3841

Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital